राजस्थानी साहित्यको इतिहास

अस्तरमा छापिएको मूर्तिकलाको प्रतिरूप यो दृश्य राजा शुद्धोधनको महलको हो, जसमा तीनजना भविष्यवक्ताहरूले भगवान बुद्धकी आमा, रानी मायाको सपनाको अर्थको व्याख्या गरिरहेछन् । मनिपट्टि मूंशी जी बसेका छन् अनि उनी व्याख्याको दस्तावेज लेखिरहेछन् । सम्भवत: भारतमा लेखन-कलाको यो सबैभन्दा पुरानो अनि चित्रांकित अभिलेख हो।

नागार्जुनकोण्डा, दोस्रो शताब्दी (ईस्वी)
सौजन्य : राष्ट्रीय संग्रहालय, नयाँ दिल्ली

राजस्थानी साहित्यको इतिहास

लेखक
हीरालाल माहेश्वरी

अनुवादिका
कमला सांकृत्यायन

साहित्य अकादेमी

Rajasthani Sahityako Itihas : Nepali translation by Kamala Sankrityayan of Hiralal Maheshwari's History of Rajasthani Literature in English. Sahitya Akademi, New Delhi (1987), Rs. 50.

© साहित्य अकादेमी

प्रथम संस्करण : 1987

साहित्य अकादेमी

प्रधान कार्यालय

रवीन्द्र भवन, 35, फ़ीरोजशाह मार्ग, नयी दिल्ली 110 001

क्षेत्रीय कार्यालय

ब्लाक V-बी, रवीन्द्र सरोवर स्टेडियम, कलकत्ता 700 029

29, एलडाम्स रोड, तेनामपेट, मद्रास 600 018

172, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग, दादर, बम्बई 400 014

मूल्य

पचास रुपियाँ

मुद्रक

भारती प्रिण्टर्स

दिल्ली 110 032

विषय-सूची

भूमिका	7
विषय प्रवेश	9
प्राचीनकाल	28
मध्यकालीन युग	55
लोक साहित्य	195
आधुनिक काल	202
सन्दर्भ-ग्रन्थ-सूची	254

भूमिका

प्रस्तुत पुस्तकका आगामी पृष्ठहरूमा राजस्थानी साहित्यको 11रौं शताब्दी-देखि 1979 सम्मको अर्थात् जब राजस्थानीले बोलीको स्वरूप प्राप्त गर्‍यो र जब यसले आफुलाई एउटा समृद्ध र उन्नत साहित्य भएको घोषणा गर्न सक्यो, तब सम्मको अध्ययन प्रस्तुत गर्ने चेष्टा गरिएको छ।

राजस्थानी साहित्य विराट र विविध छ। यसको सम्पदा अधिकांश पाण्डुलिपिहरूको रूपमा छ जसलाई राजस्थानभरि मात्र होइन, तर देशका अन्य प्रान्तहरुमा पनि फैलिएका व्यक्तिहरू तथा संस्थाहरूले आदरित तथा सुरक्षित राखेका छन्। यिनमा धेरै पाण्डुलिपिहरू र व्यक्तिहरू-द्वारा प्रकाशित गरिएका पुस्तकहरू सजिलो संग प्राप्त हुन सक्तैन। ती सामग्रीहरू प्राप्त गर्ने तथा अध्ययन गर्ने कार्य फलप्रद भएता पनि उति सजिलो छैन।

आधुनिक लेखकहरूले एउटा बेग्लै समस्या खड़ा गरेका छन्। तिनीहरूका कृतिहरू विभिन्न पत्रिकाहरू तथा व्यक्तिगत प्रकाशनहरूको अन्तर्गत छरिएका छन्। तिनमा धेरै लेखकहरू अझै पनि रचनात्मक रूपले सक्रिय छन् र तिनीहरूको मूल्यांकन मात्र स्थूल रूपले हुन सक्छ। तिनीहरूसंग व्यक्तिगत रूपले विवेचना गर्न भन्दा, मैले तिनीहरूलाई भिन्न-भिन्न साहित्यिक प्रवृत्तिहरू अन्तर्गत मूल्यांकन गर्ने निश्चय गरेको छु। तिनीहरूलाई चित्रित गर्दै, व्यक्तिगत लेखक वा तिनीहरूका कृतिहरूको सन्दर्भ दिंदै मैले विवेचना गर्ने चेष्टा गरेको छु, र यसैकारण केही पुनरावृत्तिहरू हटाउन सकिएन।

अंग्रेजीमा यो इतिहास प्रथम प्रयास हो। यसमा प्रथमतः अ-राजस्थानी पाठकहरूको सामु राजस्थानको सांस्कृतिक परम्परा र राजस्थानी साहित्यको सम्पदा बारे केही विचारहरू प्रस्तुत गर्न खोजिएको छ। यस कार्यलाई सफल बनाउनमा अनुवादहरू पनि गर्न आवश्यक परेको छ। कुनै व्यक्ति जसले कुनै बेला एउटा भाषालाई अर्को भाषामा अनुवादको प्रयत्न गर्दा, साहित्य सौन्दर्य-बारे सुनाउन खोज्दा, जटिल सम्बन्धहरू र उच्चारणहरूलाई एउटा देखि अर्को भाषामा परिवर्तन गर्दा अवश्य धेरैं-धेरैं कठिनाईहरूको अनुभव गरेका छन्। यो कार्य नितान्त असम्भव देखिन्छ। म आशा गर्दछु, यस विश्वासको साथमा कि मानवीय भावनाहरू जो विश्वजनीन हुन्छन्, ती यसमा जीवित रहेका छन् र राजस्थानी साहित्यको यस समृद्ध-सौन्दर्य प्रति कमभन्दा-कम एक पटक अवश्य हेर्ने छन् र प्रबुद्ध पाठकहरुको जिज्ञासा जगाइदिने छन्। यदि यो कुरो हुन गयो भने, म आफ्नो यस परिश्रमलाई सफल ठान्ने छु।

अंग्रेजी पुस्तकमा नामहरू विशेष भेद-निर्देशक चिह्नसहित लेखिएका छन्। लिप्यन्तरणको तालिका पनि आरम्भमा दिइएको छ। ईस्वी शताब्दीसित सम्बन्धित सबै तिथिहरूलाई 57 वर्ष जोड़ेर, सामान्य नियम अनुसार, विक्रम सम्बतमा बदलिएका छौं। भारतीय शब्दहरूको सूची पुस्तकको अन्तमा दिइएको छ।

म साहित्य अकादमी, नयां दिल्ली-प्रति ऋणी छु जसले मलाई विश्वास सहित यो कार्य सुम्पिदिएको थियो। यदि राजस्थान विश्वविद्यालय द्वारा शैक्षिक छुट्टीको अनुदान नदिइएको भए यो कार्य सफलतापूर्वक गर्न सकिने थिएन, र म विश्वविद्यालयका उपकुलपति र सिन्डीकेट प्रति कृतज्ञ छु। राजस्थान साहित्य अकादमीका भूतपूर्व अध्यक्ष श्री विष्णुदत्त शर्माप्रति पनि म आभारी छु-यस पुस्तकको पाण्डुलिपि पढ़िदिएकोमा र उनका बहुमूल्य सुझावहरूका निमित्त। तर उनी कुनै पनि रूपले यस इतिहासमा अभिव्यक्त मतहरूको लागि उत्तरदायी छैनन्। कलकत्ताका श्री रामकृष्ण नेवटियाले बड़ो कृपापूर्वक आफ्नोमा भएको पाण्डुलिपि बारे अध्ययन गर्ने अवसर दिएकोमा म उनीप्रति पनि कृतज्ञता प्रकट गर्दछु, किनकि यस पाण्डुलिपिको एउटा प्रतिमात्र उपलब्ध थियो। म श्री रावत सारस्वत र डा. बी. एम. जवालियाप्रति तिनीहरूको बहुमूल्य सहयोगको लागि आभारी छु। मेरो धन्यवाद यी सबैलाई टक्राउँद छु—श्री एन. के. बहेरी, श्री आर. डी. सोमानी, श्री टी. आर. मन्त्रु, श्री एन. जी. शारदा, श्री डी. एन. जाजू, श्री आर. के. राठी, डा. आर. के. गोरा, श्री रतनशाह, डा. के. सी. कसालीवाल, श्री के. सी. केसन, श्री के. एस. तिवारी-प्रति जसले मलाई यस कार्यमा बहुमूल्य सहयोग दिए। पाण्डुलिपिको प्रतिलिपि बनाइदिएकोमा म नीलकण्ठ पिल्लई र श्री आ. सी. कलानी प्रति पनि कृतज्ञ छु। म श्री एम. एम. आर. जामी, अंग्रेजी विभाग, राजस्थान विश्वविद्यालय,-लाई धन्यवाद दिनमा शब्दको अभाव अनुभव गर्दछु। उनले यस पुस्तकको पाण्डुलिपि हेरिदिएर मलाई साह्रै गुण लगाएका छन्। उनको गम्भीर सुझाउहरू, चुनिएका टिप्पणीहरू र उनको अथक परिश्रमको लागि म कृतज्ञ छु। उनको दीर्घ तथा धैर्ययुक्त सहायताले मात्र मैले यो कार्य पूरा गर्न सकें। श्रीमती भगवतीदेवी माहेश्वरी-प्रति कृतज्ञता ज्ञापन गर्ने मेरामा कुनै शब्द नै छैन जसको समक्ष तथा सहयोगले यस कार्यलाई पूरा गर्नमा मलाई बल प्रदान गर्‍यो।

—हीरालाल माहेश्वरी

बी-174 ए, राजेन्द्र मार्ग
बापू नगर, जयपुर
15 मई, 1980

अध्याय : 1

विषय प्रवेश

भूमि एवं भाषा

राजस्थान भन्नाले हामीलाई पूर्णतः वीरता तथा स्वाधीनताका गौरवपूर्ण परम्पराहरूको सम्झना गराइदिन्छ। यो वीरनायक, सती नारीहरू एवं सन्तहरूको भूमि हुनाको साथै यो भारतवर्षको कला र संस्कृति औ वास्तुशिल्पको एउटा महत्वपूर्ण केन्द्र पनि रहेको छ। यसको साहित्य पनि महत्वपूर्ण, विविध, जीवन्त एवं सुविस्तृत तथा सम्पन्न छ, जसको अटूट परम्परा विगत एक हजार वर्ष देखि अविछिन्न रहिआएको छ। यस परम्पराको सर्वेक्षण गर्ने एउटा संक्षिप्त प्रयास यी आगामी पृष्ठहरूमा गरिएको छ।

राजस्थान : यसको संरचना

अतीतकालमा वर्तमान राजस्थानका संगठित क्षेत्रहरू भिन्न-भिन्न नाँउले परिचित थिए। दीर्घकालभित्र यी क्षेत्रहरूमा शासन गर्ने शासकहरूमा परिवर्तन भइरहेकोले गर्दा यी बेग्ला-बेग्लै राज्यहरूका सीमानाहरू पनि बदलिए। यी राज्य-हरूको उत्तरी भाग जांगलको नाँउले, पूर्वीय भाग मत्स्य, दक्षिणी भाग मेडपाल बागड़, प्रागवाट, मालव र गुजराटको नाँउले, पश्चिमी भाग चाँहि अरबुड र सपादलक्षको नांउले प्रसिद्ध थिए। यस्तो लाग्द छ कि यस राज्यको लागि 'राजपूताना' नाम चाँहि पहिलो पटक सन् 1800 ई. मा जर्ज टोमस द्वारा उनको पुस्तक 'मिलिटेरी मेमोइर्स' मा प्रयोग गरिएको थियो। यसको मुख्य कारण यही थियो कि यी राज्यहरूमा राजपूत राजाहरूले राज्य गर्थे। सन् 1829 मा, कर्नेल टडले आफ्नो बहुचर्चित पुस्तक 'एनल्स एण्ड एन्टीक्वीटिव अफ राजस्थान' मा यस राज्यको लागि 'राजस्थान' शब्दको प्रयोग गरे, किनकि यो राज्य स-साना रिया-सतहरूद्वारा निर्मित भएको थियो। यस पछि यी दुवै नामहरू यस क्षेत्रको लागि संज्ञाको रूपमा प्रयुक्त हुँदै आएका छन्। पछि 'राजस्थान' नाँउले लोकप्रियता प्राप्त गर्‍यो। यस नाँउलाई भारतीय राष्ट्रीय कांग्रेसले तथा स्वतंत्रता पछि भारत सरकारले पनि स्वीकार गर्‍यो। जे होस्, यहाँ यो कुरो पनि उल्लेखनीय छ कि अघि-अघि महनोट नैणसी (1610-1670 ई.) ले आफ्नो पुस्तक 'ख्यात' मा र रतनु वीरभाण (1688-1735 ई.) ले आफ्नो 'राजरूपक' मा राजधानीको निम्ति

यो नाँउ प्रयोग गरेका छन् ।

वर्तमान राजस्थान प्रदेश 21 वटा ठूला-सांना रियासतहरू र अजमेरको पूर्ववर्ती केन्द्र-शासित भाग 'सी' को क्षेत्रफलबाट संयोजित भएको छ । यी राज्यहरूको नाँउ यसप्रकार छ—(1) अलवर, (2) भरतपुर, (3) धौलपुर, (4) करोली, (5) बाँसवाड़ा, (6) बूंदी, (7) डूँगरपुर, (8) झालावाड़, (9) कोटा, (10) कुशलगढ़, (11) किसनगढ़, (12) लावा, (13) प्रतापगढ़, (14) शाहपुरा, (15) टोंक, (16) उदयपुर, (17) जयपुर, (18) जोधपुर, (19) बीकानेर, (20) जैसलमेर र (21) सिरोही ।

यी राज्यहरूको एकीकरण को प्रक्रिया एकै चोटी नभएर क्रम-क्रमद्वारा भएको हो । 28 फरवरी 1948 ई०मा प्रथम चारवटा रियासतहरूलाई मिलाएर मत्स्य राज्य स्थापित गरियो । अन्य 11 वटा (क्रमश: 5 देखि 15 सम्म का) राज्यहरूका भूभागहरूलाई राजस्थान संघको निर्माणको लागि 25 मार्च, 1948 मा संघटित गरियो ।

सन् 1948 को 15 अप्रेलको दिन उदयपुरले पनि राजस्थान युनियन (राजस्थान संघ) को निर्माणमा आफ्नो सहयोग दियो ।

त्यसपछि, 30 मार्च, 1949 को दिन जयवपुर, जोधपुर, बीकानेर र जैसलमेर रियासतहरू पनि यस संघमा अन्तर्मुक्त गराइए ।

यसको लगत्तै पछि 15 मई, 1949 को दिन 'मत्स्य युनियन'र 7 फरवरी, 1950 को दिन सिरोही रियासतलाई पनि यस संघमिश्र विलयन गरियो ।

अनि अंत्यमा 1956 ई०को 1 नभेम्बरको दिन अजमेर, आबू (बम्बई प्रदेशको एक भाग) र पूर्ववर्ती मध्यभारतको अन्तर्गत मन्दसौर जिला, भानपुरा तहसीलको शुन्नेल क्षेत्रलाई पनि संघमिश्र गामियो । यस प्रकार, वर्तमान राजस्थान प्रदेशको अस्तित्व सामुन्ने आयो । भौगोलिक दृष्टिले अरावली पर्वतश्रेणीले यस प्रदेशलाई दुई प्राकृतिक क्षेत्रहरूमा विभाजित गर्दछ, त्यो हो—उत्तर पश्चिमी क्षेत्र र दक्षिण-पूर्वीय क्षेत्र ।

राजस्थानी : मरुभाषा

साधारणत: कुनै पनि भाषाको नामकरण, क्षेत्र, प्रान्त तथा राज्यको नामको आधारमा गरिन्छ । कहिले-कहीं भाषाको नाम यसको मुख्य बोली अथवा यसको प्रयोग गर्ने मानिसहरूको आधारमा राखिएको हुन्छ, जुन चाँहि सबैद्वारा स्वीकृत भएको हुन्छ । यो तथ्य त स्पष्ट नै छ कि 'राजस्थानी' नाम नयाँ हो । यसको पुरानो र लोकप्रिय नांउ थियो—मरुभाषा, जुन 1587 मा गोपाल लाहोरीद्वारा उनको रस-विलासमा प्रयुक्त गरिएको थियो : यसलाई मरुभाषा पनि भनिएको छ । मंछ कविले आफ्नो 'रघुनाथ रूपक गीताण रो' मा मरुवाणी तथा मरुदेशीय भाषा

सूर्यमल्ल मिश्रणले आफ्नो 'वंश भास्कर'मा (अनि मरूभाषा : आसिया मोड़जीले आफ्नो 'पाबु प्रकाश' मा) प्रयोग गरेका थिए। सन् 778 (वि० सं० 835) मा कवि उद्योतन सूरी विरचित 'कुवलयमाला' मा, मरुप्रदेशका मानिसहरूको, तिनीहरूको बोलीका विशेषताहरू, अरूहरूको संग मिलान गरेर दिइएको छ। कुवलयमालाको एक पंक्तिमा यसरी भनिएको छ—'अप्पा टप्प माणि रे आह् पेच्छाई मारूए तत्तो (मरुप्रदेशका निवासीहरू अप्पा टप्पा भाषा बोल्दछन्।) यस बोलीको यो उदाहरण पूर्ववत् भएता पनि यो महत्वपूर्ण छ, तर यसबाट मरुभाषाको कुनै स्पष्ट स्वरूप निर्धारण गर्न सकिन्दैन।

राजस्थानी : उद्‌भव अनि विकास

भारतीय आर्यभाषाहरूको उद्‌भव अनि विकासक्रम यस प्रकार खोज्न सकिन्छ—(1) वैदिक अथवा 'छान्दस्'—संस्कृत (प्राचीन भारतीय आर्यभाषा—1500 ई० पूर्व देखि 500 ई० पू० सम्म) (2) प्राकृत—अपभ्रंश (मध्यकालीन भारतीय आर्यभाषा—500 ई० पू० देखि 1000 ई० सम्म) र (3) देशी भाषा राजस्थानीलाई मिलाएर (नव्य भारतीय आर्यभाषा 1000 ई० देखि यता—)। प्राकृतका छ: वटा प्रमुख स्वरूपहरू—जस्तै पालि, अर्द्धमागधी, शौरसेनी, महाराष्ट्री, मागधी र पैशाची—अन्तर्गत प्रथम दुइ भाषाहरू तुलनात्मक रूपले प्राचीन मानिएका छन्। बौद्ध र जैन धर्मशास्त्रहरू क्रमश: पालि अनि अर्द्धमागधी भाषामा लेखिएका थिए। यद्यपि प्राकृतको एउटा रूप नै भए पनि पालिलाई साधारणत: प्राकृत नाम दिइन्न। प्रत्येक विकसित भाषाका दुइवटा स्वरूप हुन्छन्—काव्यात्मक बोली एवं प्रचलित वा लौकिक बोली। प्रचलित वा लौकिक बोलीको आधारमा नै भाषाको विकास हुन्छ। यो कुरा ती सबै भारतीय आर्यभाषामा मानिएका प्रत्येक क्रम अनुसार—घटित भयो होला, यद्यपि यसको प्रमाण अझ पनि प्राप्त भएको छैन। प्राकृत भाषाहरूको कालावधि मोटामोटी तवरले 500 ई० पू० देखि 500 ई० भित्र तोकिएको छ। प्रत्येक प्राकृतको कमभन्दा कम पनि एउटा रूप ता थियो नै, जो यसको अधिको विकासको एउटा चिह्न हो।

प्राकृत-अपभ्रंश : राजस्थानी

ऐतिहासिक दृष्टिले, राजस्थानी भाषाको उद्‌भवको सूत्रलाई शौरसेनी प्राकृतसंग जोड़न सकिन्छ। यो साधारणतया मथुरा क्षेत्रको भाषा थियो औ यो पश्चिममा गुजरात र सौराष्ट्रसम्म फैलिएको थियो। यस पश्चिमी स्वरूपमा केही वैचित्र्य देखाह पर्‌यो—जस्तै आद्याक्षर (आद्य वर्ण) को उच्चारण (ध्वनि) ब (द्वारका—बारका), द्वे-बे, भयो, 'दा' 'च्छ' वा 'छ' मा बदलिन्छ। यस प्रकार क्षुद्र को छुद्य (चुद्द) रूप हुन्छ। तर पूर्वीय स्वरूपमा यो 'क्ख' वा 'ख' (खुद्द)

हुन जान्छ। संस्कृतको 'ड्' को 'अ' हुन्छ। पूर्वीय स्वरूपमा यो 'इ' मा बदलिन्छ, 'स्त' को यस स्वरूपमा 'स्त' नै रहन्छ, तर पूर्वीया स्वरूपमा यो 'त्थ' हुन जान्छ।

शौरसेनी प्राकृतबाट अपभ्रंशका दुइवटा प्रमुख स्वरूपहरूको विकास भयो, ती हुन्—पूर्वीय स्वरूप वा मध्यदेशीय जसलाई शौरसेनी भनियो, र पश्चिमी स्वरूप जसलाई 'गुर्जर' वा 'गुर्जरी' भनियो। यो कुरो प्रायः अधिकांश विद्वानहरू-द्वारा स्वीकार गरिएको छ कि अपभ्रंशको प्राचीनतम विशेषताहरूको उद्घाटन पहिले-पहिले पश्चिमी क्षेत्रहरूमा भएको थियो जसलाई हामी 'गुर्जर अपभ्रंश' भन्न सक्छौं। प्राचीन राजस्थानी भाषा यसै गुर्जर अपभ्रंशबाट विकसित भएको हो र खड़ी बोली, बांगरू, ब्रज, कन्नौजी औ बुन्देली भाषाहरूको विकास चाँहि शौरसेनी अपभ्रंशबाट भएको हो।

अपभ्रंश साहित्य, जुन अहिले उपलब्ध छन्, तीन भागमा विभाजित गरिएका छन्—पूर्वीय, उत्तरी औ पश्चिमी। अपभ्रंशको पूर्वीय स्वरूप बौद्ध धर्मको वज्रयानी सम्प्रदायका सिद्धहरूका कृतिहरूमा देखन सकिन्छ 'महानय प्रकाश'ले उत्तरी अपभ्रंशको नमूना प्रस्तुत गर्दछ। यी दुइ स्वरूपहरू भएका कृतिहरूको संख्या अति अल्प छ। यसका अधिकांश साहित्य पूर्वीय अपभ्रंश भाषामा छन्। केही अपवाद स्वरूप, पूर्वीय अपभ्रंशका लगभग जम्मै महत्वपूर्ण लेखकहरू प्रायः सबै जैन थिए, जसको नाँउ—स्वयम्भू, पुष्पदन्त, धनपाल, मुनि कनकागर, धवल, राइधु, यशकीर्ति, नयनन्दी, घाहल, श्रीधर, हरिभद्र तथा अन्य कतिपय कविहरू। भाषातत्वको दृष्टिले जैन अपभ्रंश साहित्यको अहिलेसम्म विस्तृत अध्ययन भएको छैन।

अपभ्रंशका उल्लिखित तीनैवटा स्वरूपहरूमा समान विशेषताहरू पाइन्छन्। यसभन्दा बढ़ी स्थानीय बोलीहरूका केही विशेषताहरू पनि लक्ष्य गरिएका छन्। वस्तुतः अपभ्रंशको सामान्य स्वरूप पश्चिमी अपभ्रंशमाथि आधारित थियो। जसले पनि अपभ्रंश भाषामा लेखे, तिनीहरूले यस विशेष स्वरूपलाई नै ध्यानमा राखेर लेखेका छन्। हेमचन्द्र, रचित 'सनतकुमार चरिउ' का दोहाहरूको भाषा, 'कुमारपाल प्रतिबोध' मा प्राप्य पदहरू र अन्य कृतिहरूको भाषालाई 'गुर्जर अपभ्रंश' भनिएको छ। पश्चिमी अपभ्रंशका सबै विशेषताहरू 'गुर्जर अपभ्रंश' मा पनि पाइन्छन्। गुर्जर अपभ्रंशबाट पुरानो राजस्थानी (मरू गुर्जर) को विकास भएको छ जसमा तत्कालीन लोकप्रिय स्थानीय बोलीका केही तत्वहरू पनि पाइन्छन्। भाषाशास्त्रको दृष्टिकोणले, अपभ्रंश काल 500 ई० देखि 1000 ई० सम्म तोकिएको छ यद्यपि काव्यभाषाको रूपमा यो 13रौं शताब्दी सम्म पनि चलिरह्यो। देसी अथवा 'पुरानो राजस्थानी' का तत्वहरू 11 रौं र 12रौं शताब्दीका केही रचनाहरूमा देखिएका छन्। 'सक्का उरिया महावीर उत्सव' जसको रचना धनपालले (10रौं र 11सौं शताब्दीको पूर्वार्द्धमा) गरेका थिए, अनि 12रौं शताब्दी-

मा पल्लू द्वारा रचित 'श्री श्रीजिनदत्त सूरि स्तुति' लाई पनि उदाहरणको निमित्त अवलोकन गर्न सकिन्छ।

प्राचीन राजस्थानी : केही उल्लेखनीय विशेषताहरू

गुर्जर अपभ्रंशदेखि देसी अथवा प्राचीन राजस्थानीको व्युत्पत्तिको संकेत निम्नलिखित विशेषताहरूले गर्दछन् :

1. एक द्वि 'व्यजन' सरल गरिएको छ अनि त्यस पछिको स्वर दीर्घ हुन जान्छ, जस्तै अपभ्रंश—कम्म, देसी—काम।

2. विश्लेषणात्मक स्वरूपतिर विकास। संस्कृत, प्राकृत र अपभ्रंश भाषाहरूको संश्लेषणात्मक श्रेणीभित्र पर्दछन्।

3. संस्कृत तत्सम् शब्दहरूसंग प्राकृत र अपभ्रंशका तद्भव शब्दहरूको प्रयोग।

4. सहायक क्रियाको वर्तमान कालमा प्रयोग, जस्तै—चाइ।

5. संस्कृतबाट तद्भव शब्दहरूको निर्माण। पुराना तद्भव जस्तै कज्ज—काज संग नयाँ तद्भव 'कारज' पनि प्रयोगमा आएको छ।

6. यौगिक क्रियाहरू र कालहरूको विकास।

7. विभक्ति प्रत्ययलाई छोड्दिनु र केही पछिका प्रभेदहरूको दुवै वचनहरूमा प्रयोग, जस्तै—नाउ, राउ, साउण, मैण इत्यादि।

8. अपभ्रंशको अनुस्वारको स्थानमा अनुनासिकको प्रयोग र पछिल्लो स्वरलाई दीर्घ बनाइनु, जस्तै—पण्च, पाण्च,

यी प्रवृत्तिहरू 11रौं शताब्दी पुग-न-पुग 1050 ई० मा आरम्भ हुन थालेको हो जब कि प्राचीन राजस्थानीको अस्तित्वले आफनो रूप लियो जुन चांहि वर्तमान सर्वेक्षणको प्रारम्भिक बिन्दु हो।

मरु गुर्जर : राजस्थानीदेखि भिन्नता

यसप्रकार, देशको पश्चिमी भागमा वर्तमान राजस्थान र गुजरात राज्यहरू समेतमा लोकप्रिय गुर्जर अपभ्रंशको प्रवाहदेखि प्रारम्भिक राजस्थानी भाषा विकसित भयो र यसले एघारौं शताब्दीभित्र एउटा विशेष भाषाको स्वरूप लिन शुरू गरेको थियो। प्रारंभिक राजस्थानी र गुजरातीमा करीब 1450ई० सम्म समानता थियो। भिन्नता यसपछि आरम्भ भयो। यस समान भाषालाई अनेक नामहरू जस्तै 'मरु-सोरठ' प्राचीन पश्चिमी राजस्थानी, प्राचीन गुजराती, प्राचीन राजस्थानी अनि 'मरु गुर्जर' प्रदान गरिए। यी मध्ये अन्तिम नाम 'मरु गुर्जर' नै अधिक उपयुक्त भएको छ। प्राथमिक काल (1050-1450)-को साहित्य यस प्रकार यी दुवै भाषाहरू—गुजराती र राजस्थानी—को समान दायभाग हो।

पन्ध्रौं शताब्दीको पूर्वार्द्धतिर, यी दुवै भाषाहरूले आ-आफ्नो स्वतंत्र वृद्धि गरे र फलस्वरूप वर्तमान राजस्थानीको अस्तित्व बन्यो। यसमा प्राचीन राजस्थानीदेखि निम्नलिखित तत्वहरूमा भिन्नता देखिन्छ :

(क) दुइवटा नयाँ स्वरहरू—आइ (ऐ) र आउ (औ) को उत्पत्ति यी संस्कृत मिश्रस्वर, संयुक्त स्वर (dipthong) देखि जस्तै आ+इ अनि आ+उ, देखि भिन्नै थिए।

(ख) शुद्ध वर्णविन्यासमा आइ र आउ (ऐ र औ) को सट्टामा आ+इ र आ+उ को प्रयोग। आ+इ र आ+उ को प्रयोग प्राचीन राजस्थानी भाषाको सामान्य प्रवृत्ति थियो। पन्ध्रौं शताब्दीको आरम्भदेखि तिनको स्थानमा ऐ र औ को प्रयोग हुन थाल्यो।

(ग) उच्चारण गर्दा शब्दमा अन्तिम आ, इ स्वरको लोप।

(घ) नपुंसक लिंगलाई छोड़ियो किम्बा यसलाई पुल्लिंगमा मिलाइयो।

यस प्रकार, भाषातात्विक दृष्टिकोणबाट हेर्दा, मध्यकालीन राजस्थानीको काल 1450 ई० तिर आइपुग्द छ।

लोक भाषाहरू-बारे प्रमाण (सन्दर्भ)

राजस्थानका विभिन्न भागहरूमा र यसका समीपवर्ती क्षेत्रहरूमा प्राप्त भएका लोकभाषाका नमूनाहरूलाई पुराना पाण्डुलिपिहरूमा अनेक फुटकर रचनाहरूमा संग्रह गरिएको छ। एउटा यस्तै गद्य रचनामा गुर्जरी, मालवी, मराठी र पूर्वीय भाषाका उदाहरणहरू पाइएका छन् ('राजस्थानी', पृष्ठ 111, नम्बर-3, जनवरी 1940 ई०, कलकत्ता)। गुजरातीको 'नवबोली' मा गुजराती घटाइची, जैसलमेरी, मुल्तानी, उत्तरादी, पूरबी, तैलंगी, डिल्लण अनि खुरासानीमा कविताहरू पाइएका छन्। 'आठ देस री गुर्जरी'मा पंजाबी, ब्रज, मेवाती, लाहौरी, मारवाड़ी, ढुण्ढाडी, काबली औ बागड़ीका पद्यहरू उपलब्ध छन्। 'राजस्थानी भारती' (नवम्बर 3-4, भाग-3, जुलाई 1953 ई०, बीकानेर)-मा तीनवटा अरु रचनाहरू प्रकाशित भएका छन्। ती मध्ये एउटामा पंजाबी, मुल्तानी, दक्षिणी गुजराती, पूरबी र मारवाड़ीमा सवैयाहरू पाइएका छन्। दोस्रोमा ढुण्ढाडी, मारवाड़ी, गुजराती, गोधवाडी, पंजाबी, हाड़ौती, दक्षिणी औ चौबोलीका उदाहरणहरू पाइन्छन्। पंजाबी, पूरबी, गुजराती अनि मारवाड़ीमा सवैया छन्दको एक-एक पंक्ति पाइन्छ। यो सामग्री विभिन्न बोलीहरू, विशेष गरेर 'राजस्थानी'को अध्ययनको लागि महत्वपूर्ण छ।

डिंगल मरुभाषा

'मरुभाषा'-लाई 'डिंगल' पनि भनिन्छ। यी दुवै भाषाहरूलाई 19सौं शताब्दीको अन्तसम्म एउटै भाषा भनेर व्यवहार गरिन्थ्यो। वर्तमान शताब्दीको आरम्भ-

मा हरप्रसाद शास्त्रीद्वारा लिखित बार्डिक क्रोनिकल्सको पाण्डुलिपिको खोज अभियानको प्रारम्भिक विवरण "Preliminary Report on the operation in Searce of Mss. of Bordic Chronicles" को 1913 ई०मा प्रकाशन भएपछि डिंगल (र पिंगल) शब्द बारे अनि यसको अर्थ र मूल बारे डा० टेसीटोरी अनि अन्य विद्वान्हरूले धेरै अनुसन्धान गरे, तर यसको कुनै निश्चित परिणाम फेला परेन। यहाँ हामीले त्यस विवादमा पर्ने केही आवश्यकता छैन किन कि यो व्यर्थ हुनेछ। हामीले यहाँ 'डिंगल' लाई यस भाषाद्वारा प्रदत्त सामग्रीको आधारमा राम्ररी बुझ्ने चेष्टा गर्ने पर्छ। हामी भन्दछौं कि डिंगल मरुभाषा साहित्यको काव्यात्मक बोली र जनताको भाषाको पर्यायवाची हो। डिंगल र पिंगलको भाषिक सम्बन्धबारे प्राचीनतम उल्लेख वस्तुत: एकजना सन्त कवि सुरजनदास पुनिया (1583-1691 ई०)-द्वारा रचित एउटा छप्पय छन्दमा प्राप्त हुन्छ जुन रचना 1640 ई० अथवा यसभन्दा केही अघि रचिएको थियो।

उपर्युक्त दृष्टिकोणहरू बाट हामीले अन्यत्र प्रचारित गद्य (Prosody) हरू बारे अनेक पुस्तकहरूबाट नोट लिन सक्छौं। तिनले डिंगलगीत अनि तिनका आवश्यक तत्वहरूको व्याख्या गर्दछन् अन्य सामग्रीहरू बाहेक। डिंगल गीतहरू र तिनका छन्दबद्ध स्वरूपलाई मरुभाषा (अर्को शब्दमा मारवाड़ी भाषा, मरुभूमि भाषा इत्यादि) छन्दहरूमा समान रूपले व्यवहार गरिएको छ। यस तथ्यबाट पनि यो विचार स्थापित हुन जान्छ कि मरुभाषा र डिंगल एउटै वा एक समान हुन्।

आफ्ना भाषाहरू-बारे डिंगल वा मरुभाषाका प्राचीन लेखकहरूका कथनहरूले माथिको दृष्टिकोणलाई अझ सुदृढ़ बनाइदिन्छन्। उनीहरूको भनाइअनुसार— 'यस भूमिको बोलीचालीको भाषालाई पनि डिंगल नै भनिथ्यो।' यहाँ दुइवटा उदाहरणहरू दिन पर्याप्त हुने छ। 'पदम' भगतले एउटा आख्यान काव्य 'रुक्मणी मंगल' वा 'हरजीको ब्यानवालो' नाम गरेर पन्ध्रौं शताब्दीको अन्तमा रचेका थिए। यो सामान्य बोलीचालीको भाषामा लेखिएको छ। यसको प्राचीनतम पाण्डुलिपि 1612 ई० (विक्रम संवत् 1669) तिर लेखिएको हो भनेर तोकिएको छ। पछिल्ला पाण्डुलिपिहरू-मध्ये एउटाको अन्तिम पृष्ठमा दिइएको एउटा दोहाले भन्दछ—"मेरो कविताको भाषा डिंगल हो, मलाई व्याकरणको ज्ञान छैन। यसकारण यसले कुनै छन्द वा अविच्छिन्नता जान्दैन। यसमा मात्र ईश्वरीय चिन्तन छ।"

चारण कवि सन्तस्वरूपदासले 1823-1864 सालको अवधिमा रचिएको आफ्नो रचना 'पाण्डव यशेन्दु चन्द्रिका'मा भनेका छन्—

"मेरो भाषा मिश्रित भाषा हो। यसमा पिंगल, डिंगल अनि संस्कृत मिस्सिएका छन् जसलाई सबैले बुझ्न सक्छन्। म ठूला कविहरू समक्ष यसको निम्ति क्षमा

चाहन्छु ।"

पिंगल

साधारणतः पिंगलको अर्थ हुन्छ छन्दशास्त्र, तर राजस्थानमा यो शब्द भाषाको लागि पनि उपयोग गरिएको छ । राजस्थानी मिश्रित ब्रजभाषालाई पनि पिंगल भनिएको छ । मरुभाषाका पद्यहरूको वाक्य-विन्यास र लेखन-शैली पिंगलमा पनि स्वीकार गरिएको छ, तर यसको व्याकरणको स्वरूप चाँहि ब्रजभाषा अथवा यसको समान भाषाको जस्तो छ । यस प्रकार, एक तिर यो शुद्ध ब्रजभाषा भन्दा भिन्दै छ र अर्कोतिर डिंगल वा राजस्थानी भन्दा भिन्दै छ । पिंगलको शब्दावलीमा पनि राजस्थानीका प्रचलित शब्दहरू परेका छन् । उदाहरणको लागि—'कड़' शब्द : (संस्कृतको 'कवि' बाट)—को अर्थ राजस्थानीमा कम्मर हुन्छ । यहाँ 'ड़' 'र' मा परिणत हुन्छ यो परिवर्तन भए पछि पिंगलमा 'कर' शब्द बनियो । साधारणतः 'कर'को अर्थ हुन्छ हात, तर यहाँ पिंगलमा यसको अर्थ 'कम्मर' नै हुन्छ । यी अपवादहरू बाहेक वस्तुतः पिंगल कवित्वको भाषामात्र हुन गएको छ ।

पिंगल पद्यहरूको स्वरूप

पिंगल पद्य साहित्यमा निम्नलिखित तथ्यहरू द्रष्टव्य छन् : यसको व्याकरण-सम्बन्धी स्वरूप ब्रजभाषाको जस्तै छ, उक्ति (वाक्शैली) को रूप पनि शुद्ध साहित्यिक छ । 'पृथ्वीराज रासो', 'शत्रुसाल रासो', (राव डुंगरसी रचित), कुम्भकरण रचित 'रतन रासो', नल्लसिंह भाट द्वारा रचित 'विजयपाल रासो', मान कवि-रचित 'राजविलास', दयालदासको 'राणा रासो', सूर्यमल्ल मिश्र रचित 'वंश भास्कर', (यसको अधिकांश भाग) इत्यादि सबै पिंगल भाषामा छन् । यिनमा वर्णनात्मक कविताहरू छन् र यी कृतिहरू यस आलोच्य अध्ययनको क्षेत्रदेखि बाहिरको विषय हुन जान्छन् ।

पिंगलको अर्को स्वरूप प्रायः राजस्थानको सन्तकाव्यमा देखिन्छ । यी सन्तहरूले आफ्ना भावना एवं विचारहरू सरल भाषामा व्यक्त गरेका छन् जसभित्र उनीहरूले यात्रा गरेका क्षेत्रहरूका प्रचलित बोलीका शब्दहरू पनि प्रायः टिपेका छन् । यसको उद्देश्य उनीहरूको मतहरूलाई व्यापकरूपमा प्रचार गर्नु र जनतालाई ज्ञान दिनु थियो । यस प्रकारका पद्यहरूको व्याकरण-विन्यास पनि राजस्थानी माथि नै आधारित छन् । यी मध्येका धेरै पद्यहरू राजस्थानमा मात्रै लोकप्रिय भएनन्, अन्न अरु क्षेत्रहरूलाई पनि प्रभावित पारेका छन् । सन्तकाव्यको परम्परा अहिले पनि लुप्त भएको छैन । सन्त पीपाका पद अनि साखीहरू यस ढाँचाका प्राचीन काव्यहरू हुन् । यी सबै कारणहरूले गर्दा हामीले यस आलोच्य कृतिमा सन्तकाव्यहरूको उदाहरणहरूबाट पनि केही तथ्यहरू लिएका छौं ।

अर्को किसिमका प्रचलित काव्यहरूमा राजस्थानी र खड़ी बोलीको मिश्रण पनि पाइएको छ। यस्ता प्रकारका काव्यहरूको व्याकरण-विन्यास कहिले राजस्थानी प्रति झुकेको हुन्छ औ कहिले खड़ीबोलीतिर। कहिले काँही पंजाबीको किञ्चित् आभास पनि यस्ता काव्यहरूमा देखा पर्छन्।

खड़ी बोलीको व्यापक एवं शीघ्र प्रचारको लागि मुख्यत: दुइ तथ्यहरू उत्तरदायी छन्—मुस्लिम शासनको उच्चता एवं विस्तार र नाथ-सिद्धहरूको सम्प्रदायको आवश्यकता र स्थापना, जसले देशभरि नाथ-सम्प्रदायको प्रचार-प्रसारको नेतृत्व गर्‍यो। दोस्रो, खड़ी बोलीप्रति एउटा संवेग यी सन्त कविहरू द्वारा नै दिइएको थियो, जसले नाथ-शैली र वाक्य-विन्यासको अनुसरण गरेका थिए।

खड़ी बोली वा खड़ी बोलीको प्रयोग, पंजाबीको किंचित् आभाससित, प्राय: नै केही छन्दहरूमा पाइन्छन्, जस्तै 'निसाणी', 'झूलणा' अनि 'चन्द्रायणमा' छन्। बादरवादी (विरमायण) को निसाणी, सन्धुमाला ('महाराजा रायसिंघजी रा, अकबर पातशाहजी रा, दीवान प्रतापसिंघजी रा इत्यादि) को झूलणा, केशवदास गोदाराको चन्द्रायण, वजिन्द इत्यादि मात्र केही उदाहरणहरू हुन्। अनेक पद्य एवं गद्य लेखकहरूमा मुसलमान तथा नाथ-योगीहरूले खड़ी बोलीको पनि प्रयोग गरेका छन्। काजी महमूद प्राचीन मुसलमान सन्तकविहरू मध्येका एकजना कवि हुन् जसका पदहरूमा यस प्रकारको भाषाको नमूना देख्न सकिन्छ। कतिपय नाथ-सिद्धहरूका कविताहरूले जसमा चर्पटनाथ, पृथ्वीनाथ पनि छन्—खड़ी बोलीको प्रयोग गर्ने प्रवृत्ति देखाएका छन्।

प्रमुख प्रवृत्ति : चारण काव्य

प्राचीन वा मध्यकालीन राजस्थानी काव्यहरू, 19सौं शताब्दी सम्म, पाँचवटा विशेष प्रवाहमा प्रवाहित भएका छन् : (1) जैन, (2) चारण, (3) आख्यान, (4) सन्त र (5) लौकिक, व्यक्तिगत प्रेम पनि सामेल छ। 'चारण शैली'का कविताहरू र आख्यान काव्यको यहाँ उल्लेख गर्न आवश्यक छ।

राजपूतहरू संगको परम्परागत सम्बन्धले गर्दा, वीरपूजाका भावनाहरू, मध्यकालीन सामाजिक ढाँचामा स्थान एवं कार्यप्रणालीले गर्दा, केही जातिहरू, विशेष गरेर चारणहरू यस प्रकारका काव्य (चारणकाव्य) संग अधिक सम्बन्धित थिए। मोतिसार, भाट, राव, ढाढी आदि ब्राह्मण राजपूत,, महाजन आदि अन्य जातिहरूले पनि यसमा उल्लेखनीय योगदान गरेका छन्। चारण र भाट माँझ अधिक व्यवसाय सम्बन्धी प्रतिद्वंद्विताको ध्वनि प्राचीन साहित्यमा गुंजायमान भएको छ। आ-आफ्ना रचनाहरूमा, अधिकांश चारणहरूले मरुभाषा वा डिंगलको प्रयोग गरेका छन् भने देखि भाटहरूले चाँहि पिंगलको प्रयोग गरेका छन्। तर, सत्रौं शताब्दीदेखि यस प्रवृत्तिमा परिवर्तन आयो। अनेक चारणहरूले पिंगल भाषामा काव्य-

रचना गरे औ 'भाट र राउहरूले' डिंगलमा गरेका छन् ।

इतिहासमा चारण र राजपूतहरूमाझको सम्बन्ध अत्यन्त गहिरो थियो। चारण कविहरूले आफ्नो वीर नायकलाई रणभूमिमा पनि साथ दिने गर्थे। अनेक समयसम्म तिनीहरूले युद्धमा पनि भाग लिने गरेका थिए। तिनीहरू यी लँड़ाईका मात्र साक्षी हुँदैन थिए, अझ राजपूत जीवनको निर्माण गर्ने अन्य कतिपय घटनाहरूका पनि प्रायः साक्षी हुन्थे। यस प्रकारका घटनाहरू बारे लेखिएका काव्यहरूमा काव्यात्मक अतिशयोक्तिहरू बाहेक अन्य दुइ मुख्य तत्वहरू पनि छन्, त्यो हो—मूलभूत ऐतिहासिक सत्य र विस्तारपूर्ण यथार्थ एवं चित्रात्मक विवरणहरू, विशेषतः नायकको वीरतापूर्ण कार्य र लँड़ाईको विवरण। चारण काव्यको समानान्तर अरु कुनै काव्य छैन। यसै कारणले विद्वान्हरूद्वारा यसलाई सटीक महत्व दिइएको छ।

चारणकाव्य दुइ रूपमा छ : 'वर्णनात्मक र मुक्तक वा फुटकर'। यी दुइ शैलीमा बढ़ी विवरणात्मक छ। प्रथम किसिमको काव्यलाई विभिन्न नामहरू दिइएको छ, जस्तै—रास, रासउ? 'रासो, रूपक, प्रकाश छन्द, विलास, प्रबन्ध, आयन, सम्वाद' इत्यादि। यी काव्यहरूलाई यिनमा प्रयुक्त छन्दहरूको अनुसार पनि नामकरण गरिएको छ, जस्तै—कवित्त, कुण्डलिया, झूलणा, निसाणी, झमाल—बेलि आदि।

स्फूट कविताहरू विभिन्न प्रकारका छन्दहरूमा लेखिएका छन्।

चारण काव्यमा केही विशेष छन्दहरू बढ़ी मात्रामा प्रयोग गरिएका छन्। यिनमा मुख्य छन्—गीत (डिंगल गीत), दोहा, छप्पय, निसाणी इत्यादि।

गीत वस्तुतः चारण कविहरू कै आविष्कार हो जस्तो देखिन्छ। यो राजस्थानी काव्यको एउटा अद्वितीय स्वरूप हो। यदि अप्रभ्रंशकालको निम्ति दोहा ज्यादै प्रचलित छन्द थियो भने राजस्थानीको लागि गीत थियो। काव्यहरूको अध्ययन गर्दा हामीलाई ज्ञात हुन्छ—यी गीतहरू 20 प्रकारका छन्, तर यी जम्मैका नमूनाहरू उपलब्ध छैनन्। छन्दशास्त्र अनुसार मूलपाठमा सूत्रमा यी गीतहरू 72 देखि 91 सम्म किसिमका छन्। गीत एउटा सानो कविता जस्तै हुन्छ। यसलाई गाएर होइन तर एउटा विचित्र शैलीमा माथिसम्म उठेको तीखो स्वरले यसको पाठ गरिन्छ। यस्ता हज्जारौं गीतहरू ऐतिहासिक घटनाहरूको सम्बन्धमा लेखिएका छन्। यी गीतहरूमा प्रसिद्ध र अप्रसिद्ध नायकहरू अनि घटनाहरू-बारे वर्णन गरिएको छ। अनेक गीतहरू तत्कालीन वा समकालीन रचनाहरू हुन्। यस्ता रचनाहरूलाई 'साख री कविता' वा साक्ष्य (प्रमाण) को कविता भनिन्छ। गीतहरूले नायकको सम्पूर्ण जीवनलाई स्पर्श गर्दछन्। गीतमा विचार अनुभूति, संवेग, वा वृत्तान्त सम्बन्धी एउटै तत्व जम्मै पदहरूमा आवृत्ति गरिएको छ, तर शैलीको वैषम्य र शिल्पकारिताले गर्दा यी मात्र पुनरावृत्ति भएका जस्ता देखिन्छन्।

गीत-रचनाको निम्ति छन्द शास्त्रीय नियमहरू हुन्छन्। ती हुन् 'जथा (काव्य रचनाको एक विशेष पद्धति), यसमा 18 किसिमका जथा हुन्छन्—वयाण सगाई अनुप्रास, जसको दृढ़ अनुसरण गरिन्छ र 'यहाँ वयाण सगाई' का कैयन् रूप पाइन्छः अनि उक्ति (कथन जसको मूल चाँहि वक्ता, श्रोता र विषय हुन्छ) एउटा कविता रचनाले दोषहरू (त्रुटिहरू) लाई पन्साउनु पर्दछ जुन चाँहि चारण छन्दशास्त्र-को लागि विचित्र हुन्छ र यहाँ यस्ता 11 प्रकारका दोषहरू छन्। यस बाहेक चारण काव्यमा 22 प्रकारका छप्पय, 12 प्रकारका निसाणी तथा 23 प्रकारका दोहा छन्दहरू छन्।

आख्यान काव्य

आख्यान काव्य मध्यकालीन राजस्थानी काव्यको एउटा अर्को महत्वपूर्ण अंग हो। यस्ता काव्यहरूले मध्यकालको हिन्दू समाजलाई उल्लेखनीय सांस्कृतिक सेवा प्रदान गरेका थिए। यसका मुख्य विषयहरू महाकाव्यहरू, पुराणहरू तथा अन्य कथाहरू वा घटनाहरूबाट लिइएका हुनाले अत्यन्त प्रचलित छन्। कथालाई उच्च काव्यात्मक शैलीमा भन्ने प्रयत्न गरिएको छ जसले जनतालाई आकर्षित गर्न सकोस्। यो काव्य प्रचलित संगीतको धुनमा गाइन्थ्यो र यसको प्रभावशाली उद्देश्य पनि संगीत नै थियो। यसमा नाटकीय तत्वहरू पनि बड़ो कुशलतापूर्वक मिलाइएको छ। संवाद-हरू संक्षिप्त, अर्थपूर्ण र प्रभावी छन्। विवरणहरू सटीक, विस्तृत र मनोहारी छन्। यसमा प्रयोग गरिएको भाषा आवश्यक रूपले सरल र प्रवाहपूर्ण छ। यस प्रकार आख्यान काव्य सजिलैसंग कण्ठस्थ गर्न सकिन्छ र व्यापक लोकप्रियताको-लागि घरि-घरि पाठ गर्न सकिन्छ। परम्परागत रूपले आख्यान काव्यको सम्बन्ध धार्मिक विधि-विधानसित छ। आख्यान काव्यको प्रचार-प्रसारको लागि यो एउटा लाभदायक अंग हुन गएको थियो। यसको उद्देश्य लोकप्रिय मनोरंजन हो, तर परोक्षरूपले, विशाल धार्मिक एवं सांस्कृतिक परम्पराहरू, आदर्शहरू, विचारहरू, अनि मूल्यहरू पनि यसमा समर्पित छन्। आख्यानहरू प्रायः रात्रि-जागरणमा गाइन्छन् अथवा पाठ गरिन्छ। यी मध्येका अधिकांश काव्यलाई खुल्ला रंगमंचमा सजिलैसंग खेल्न पनि सकिंछ। आख्यानहरू धेरै जस्तो छोटा हुन्छन् जस्तो कि मेहो-जी-द्वारा रचित 'रामायण', पदम भगतको 'रुक्मिणी मंगल', तर लामा आख्यान-हरू जस्तो कि ढेलजी को 'कथा अहमानी' पनि लेखिएको छ।

राजस्थानी : स्वरूप, शाखा एवं काव्यात्मक एकरूपता

पन्ध्रौं शताब्दीको पूर्वार्द्धतिर राजस्थानीका दुइ रूपका लक्षणहरू—पश्चिमी र पूर्वीय—देखा परेका छन्। पूर्वीय स्वरूपको विशेषता हो—सम्बन्ध कारकको विभक्ति काउ, जस्तो कि 'अकलदास खिम्ची री वचनिका'।

यहाँ राजस्थानीका पाँचवटा शाखाहरू छन्—

1. **मारवाड़ी**—मेवाड़ी जुन चाँहि पुराना सामन्ती राज्य जोधपुर, बीकानेर, जैसलमेर, उदयपुर, सिरोही, जयपुरको शेखावटी क्षेत्र, किशनगढ़को केही भू-भाग र अजमेर, मारवाड़, श्रीगंगानगर जिल्लाको वरिपरि पंजाब र हरियाणाको केही भागहरूमा बोलिन्छ, तर केही रूपान्तरसित।

2. **जयपुरी**—हाड़ौती, पुरानो जयपुर रियासत (शेखावटी बाहेक), लावा, टोंक, किशनगढ़ र अजमेर—मरवाड़ाको केही भूभाग र बूँदी-कोटा अनि झाला-वाड़ लगायत हाड़ौती क्षेत्रको प्रचलित बोली।

3. **मेवाती**—अहीरवाती, पुरानो भरतपुर राज्य, अलवर, हरियाणामा गुड़गाँवका र उत्तरप्रदेशमा मथुराका केही भागहरूमा बोलिन्छ। यसले ब्रजभाषा र हरियाणी भाषाको अल्प छाप पनि लिएको छ।

4. '**मालवी**'मा मारवाड़ी र जयपुरी हाड़ौतीका विशेषताहरू पनि छन् र यो बोली मध्य प्रदेशको मालवा क्षेत्रमा बोलिन्छ। यसमा गुजरातीको साथै मराठी र बुन्देलीको पनि केही हलुको छाप परेको देखिन्छ।

5. **भीली वा वागड़ी**—डूंगपुर रियासत, बाँसवाड़ा र मेवाड़का केही भाग-हरूमा यो बोली प्रचलित छ। यसमा पनि गुजरातीको अल्प प्रभाव परेको देखिन्छ।

यस बाहेक, बन्जारी व गुजरी, जुन देशका विभिन्न भागहरूमा बोलिन्छ, राजस्थानी संग केही तादात्म्य छ, जस्तो कि—धेरै जसो बन्जारी र गूजरहरू मूलतः राजस्थानका बासिन्दा थिए। नेपाली र दक्षिणी हिन्दी पनि राजस्थानी भाषासंग सुदूर रूपले सम्बन्धित छन्।

भरतपुर, धौलपुर र करोली रियासतहरूका क्षेत्रको बोली पनि अधिकतर ब्रजभाषासित प्रभावित छ।

बोलीको अर्को प्रभेद जसलाई उत्तरार्द्धी (उत्तरसित सम्बन्धित) वा गंगानगरी पनि भन्न सकिन्छ, श्रीगंगानगर जिल्ला र हरियाणा तथा पंजाबका सीमावर्ती क्षेत्र-हरूमा दृष्टिगोचर हुन्छ। यसको स्वरोच्चारण र महाप्राण उच्चारणमा, हरियाणी र केही मात्रामा पंजाबीसंग सम्बन्ध देखिन्छ। अन्तर पनि सम्बन्ध कारकको प्रयो-गमा रहेको छ जुन गो, गा, गी बनेको छ। यसको विकासको तीव्र गति रहेको छ, कारण मानिसहरूको छिमेकी क्षेत्रहरूदेखि नयाँ अस्थायी बँसाई-सराई जो गंग बाँधको निर्माणले पैदा गराइदियो र पछि चाँहि 1947 मा देशको विभाजनको फलस्वरूप वर्तमान पाकिस्तानी पंजाबबाट मानिसहरूको निष्कासनको कारणले भएको हो। यिनको बोलीमा मिश्रण पनि विभिन्न थरिका मानिसहरूसंग साधारण भेटघाटको परिणामद्वारा पनि हुन्छ।

स्वरोच्चारण र बोलचालको प्रयोगमा, केही अन्तर, नाना कारकको अन्त र भविष्यत्कालको क्रिया इत्यादि बाहेक, त्यहाँ उपरिलिखित जम्मै शाखाहरूका

व्याकरणको रूप समान हुन्छ।

यी समस्त शाखाहरू मध्ये, मारवाड़ीको प्राचीनतम, सुसमृद्ध र विभिन्न तथा अटूट साहित्यिक परम्परा छ। यसले काव्यमय बोलीको रूप र आदर्श केन्द्रीय भाषाको स्थान प्राप्त गरेको थियो। यसले आफ्नो यो स्थान 500 वर्ष सम्म, उन्नाइसौं शताब्दीसम्म कायम राख्यो। सबै क्षेत्रका कवि एवं लेखकहरूले यसको मानकीकरण, विस्तृत मान्यता र अभ्यर्थनाको लागि सेवा गरे। शैलीको अतिरिक्त, बूँदीका सूर्यमल्ल मिस्रण, जैसलमेरका संग्राम (किरत-लिछमी री सम्वाद), अलवर (गाँव सतावत)-का रामनाथ कविया, सिरोही (गाँव पेशवा)-का ओपाआढ़ा र बीकानेर (गाँउ बोबासर, सुजानगढ़)-का शंकरदान, समाउर (सामोर)-का काव्य-हरूको भाषामा कुनै अन्तर छैन। वात, ख्यात र अन्य गद्यलेखनमा पनि यो मानकी-करण समानरूपले विशिष्ट छ। यहाँ यो उल्लेखनीय छ कि यी कविहरूको आवि-र्भाव 19 सौं शताब्दी अन्तर्गत भएको थियो।

लिपि

राजस्थानी भाषाको लिपि देवनागरी हो जसलाई साधारण मानिसहरूले शास्त्रीय लिपि पनि भन्दछन्। व्यावसायिक वर्गले यस लिपिलाई अलिक बेग्लै प्रकारले अक्षरहरूका सिरमा रेखा नकोरी र स्वर-चिह्न नदिइकन लेख्छन्। तिनीहरूले देसी हिसाब (बहीखाता) लेखौट हुण्डी आदिमा पनि यस्तै प्रकारको अक्षरको व्यवहार गर्छन्। यस आलेख-शैलीलाई महाजनी, बनियावटी वा वाणिका भनिन्छ र यसको वर्णलाई मोडिया वा मुंडिया भनिन्छ। यसले प्रयत्न, समय र कामको किफायती गराउँछ एक किसिमको शीघ्रलिपिको जस्तै, तर यसले मूल पढ्नतिर पनि लैजान सक्छ। शासकीय कार्यालयहरूमा नागरी अक्षर लेखन शैलीले काम-दारीको उपाधि प्राप्त गरेको थियो। जैनहरूले पनि आफ्नो पाण्डुलिपि लेखनमा आफ्नै लेखौटको आविष्कार गरेका छन्।

राजस्थानी भाषाका केही विशेषता : तल दिइन्छन्—

(1) 'ल' अनि 'ळ' को ध्वनि भिन्दै हुन्छ। यदि 'ल' लाई 'ळ' को झैं उच्चारण गरौं वा यसको उल्टा गर्‍यो भनो यसको अर्थ भिन्दै हुन जान्छ। उदाहरण को लागि—

ल	ळ
गाल (गाला)	गाळ (एउटा गाली)
चंचल (अस्थिर)	चंचळ (घोड़ा)
कुल (सम्पूर्ण)	कुळ (परिवार, वंशावली)
काल (समय)	काळ (मृत्यु)
खाल (चमड़ा, छाला)	खाळ (खोला, सानो नदी)
सुल (सरल)	सुळ (सींग)

(2) 'व' लाई दुइ किसिमले लेखिन्छ। पहिला मा 'व' नागरी अक्षरमा संधै लेखिने ढँगले लेखिन्छ र अर्कोमा तल्लो पट्टि एउटा बिन्दी लगाएर, जस्तै 'व़'। यस नियमलाई प्राचीन पाण्डुलिपिहरूमा पूरा-पूरा अनुसरण गरिएको छ। यसका दुइ भिन्न ध्वनिहरू छन्—'व' एउटा दंत्योष्ठ र 'व़' एउटा द्योष्ठी (दुवै ओंठाले निर्मित) हुने ध्वनि हो र यी दुवै रोमन अक्षरको क्रमश: 'V' र 'W' संग सजातीय छन्। यिनको प्रयोगले भिन्न-भिन्न अर्थ प्रस्तुत गर्दछन्। जस्तै—

व	व़
वचियो (बाँचियो)	व़ाचियो (बच्चा)
वास (सुगन्ध)	व़ास (निवास)
वाल (मोड़ घुम्ती)	व़ाल (जल्नु अथवा हुनु)

व (V), व़ (W) र ब (B) को अभेदकारी प्रयोगले कहिलेकांही अर्थको अनर्थ गरिदिन्छ।

(3) ड (D) र ड़ (Ḍ) पनि दुइ भिन्न ध्वनि भएका अक्षर हुन्। हिन्दीमा यिनलाई बेग्ला-बेग्लै स्थानमा प्रयोग गरिन्छ। राजस्थानीमा तिनलाई एउटै ठाँउमा प्रयोग गर्न सकिन्छ, तर दुवै स्थानमा अर्थ बेग्लै हुन्छ। जस्तै—

ड (D)	ड़ (Ḍ)
मोडो (केश नभएको सिर)	मोड़ो (दैलो वा ढोका)
नाडी (सानो खोला)	नाड़ी (नाड़ी)
पाडो (भैंसीको पाठो)	पाड़ो (निर्मूल गर्नु, निकाल्नु)

4—यहाँ अनेक एकनामीहरू पनि छन्। उच्चारणमा दीर्घताले यसको अर्थ पनि बदलन्छ। यसका केही उदाहरणहरू तल दिइन्छन्—

सामान्य उच्चारण	दीर्घ उच्चारण
नानो (माता तर्फको बाजे, पितामह)	नाऽनो (सानो)
कद (लम्बाई)	कऽद (कद)
नार (स्त्री)	नाऽर (बाघ: नाहर)
कोड़ (पसन्द, आकर्षण)	कोऽढ़ (कोढ़ को बिमारी)
सारो (समग्र)	साऽरो (सहायता)

5—तीन प्रकार को 'श', 'ष', 'स' राजस्थानीमा प्रयोग हुंदैनन्। 'स' लाई 'श', को लागि पनि व्यवहार गरिन्छ, तर उच्चारणमा ध्वनिमा अन्तरको पालन गरिन्छ। 'ख' लाई 'ष' को स्थानमा पनि व्यवहार गरिन्छ।

'ऋ', 'लृ', 'ढ़' अनि 'अ:' हरू व्यवहृत हुंदैनन्।

लघुस्वरहरू 'अ', 'ए', अनि 'ओ' को र 'अ', 'इ' शब्दको बीच मा 'य' अनि 'व' को वृद्धि गर्न (शब्दको अगाड़ि स्वर जोडनु) इत्यादि काव्यको सामान्य रूप

हो। प्रत्यय 'वत' 'आउत' र 'ओत'-लाई जनजाति, परिवार श्रेणी वा नस्ल बनाउनलाई प्रयोग गरिन्छ। विधावत को अर्थ हुन्छ—'बिदाको परिवारको परम्परामा', 'कान्धलोत' को अर्थ कान्धलको छोरो साथै कान्धलको पारिवारिक वंश पनि हुन्छ।

क, ज, त, म, र, स, औ ह् अक्षरहरूको विशेष प्रसंगमा मात्रै अव्यय रूपमा प्रयोग हुन्छ। शब्दको बीचमा वा अन्तमा एउटा महाप्राण (ह् को ध्वनि)ले उच्चारणमा आद्याक्षर (ध्वनि) माथि असर पर्दछ, जस्तै—जोध=जोदः, 'ह्' कार ले अन्य ध्वनिहरूको उच्चारणिक प्रभावमा एउटा महत्वपूर्ण भूमिका खेल्दछ।

राजस्थानीमा शब्द जोड़ीको प्रयोग अति सामान्य छ। यिनलाई अनेक प्रकारले अनेक रूपमा प्रयोग गरिन्छ।

ऐतिहासिक पृष्ठभूमि

एघारौं शताब्दीको प्रारम्भमा, शक्तिशाली प्रतिहार साम्राज्यको पतन भइरहेथ्यो र यसका अन्तिम राजा कन्नौजका राज्यपालको 1018 ई०मा मुहम्मद गजनीको हातबाट पराजय भए पछि यसको शक्ति पूर्णतः छरियो। प्रतिहारहरूको मूल थलो गुर्जर वा गुर्जरडस थियो जसको मिलमाई (मिनमाल) र जालोर चाँहि केन्द्र, थिए। मिहिरभोज, जसले 'आदिवराही आदित्य'को उपाधि प्राप्त गरेको थिए, नवम् शताब्दीको उत्तरार्द्धमा यस राजवंशका एक महानतम शासक भए। गुर्जर भन्ने शब्द भौगोलिक क्षेत्रको अभिप्रेत हो न कि कुनै जाति वंश वा जनजातिको। जब गुर्जरडसहरू चालुक्यको प्रतापभित्र आए, तिनीहरूलाई पनि त्यही नाँउले बोलाइयो। गुर्जडहरूमा तिन्ताक अहिलेको गुजरात मात्रै थिएन, अझ यसमा राजस्थानको विशाल भूभाग र तत्कालीन जोधपुर रियासत पनि गाभिएको थियो। राजस्थानमा 1000 देखि 1200 ई० सम्म, अनेक राजपूत-वंश हरूले आफ्नो उच्चताको लागि संघर्ष गरे। यिनीहरू मध्येका प्रमुख थिए—अन्हिलपुर पाटलका चालुक्यहरू, मालबाका परमारहरू र शाकम्भरीका चौहाणहरू।

सन् 941 ई०मा मूलराज चालुक्यले गुजरातको राज्यमाथि कब्जा गरे र यसलाई निकै विस्तारित पनि गरे। यस राजवंशमा कतिपय अति वीर र बुद्धिमान राजाहरू भए। यिनीहरू मध्ये, भीमदेवले नाड़ौल र आबुमाथि विजय प्राप्त गरे। वास्तुकला एवं साहित्यको समृद्धि प्रचुरमात्रामा चालुक्य राजाहरू, विशेष गरेर सिद्धराज जयसिंह र कुमारपालको राज्यकालमा भएको थियो। यी राजाहरूको सम्बन्धमा तथ्यहरू अनेक अपभ्रंश र मरु-गुर्जर पद्यहरूमा प्राप्त हुन्छन्।

गुजरातलाई अलाउद्दीन खिलजीले 1290 ई०मा दिल्ली सल्तनतसंग जोड़िदिएको थियो। तत्पश्चात् दिल्लीको मुस्लिम सल्तनतले मुस्लिम गभर्नरहरूलाई नियुक्त गर्न थाल्यो। सन् 1391 ई०मा मुहम्मद तुगलकद्वारा जाफरखानलाई

गभर्नर नियुक्त गरियो। उसले 1401 ई०मा स्वाधीनता प्राप्त गर्‍यो। श्रीधर व्यासले आफ्नो काव्य 'रणमलचन्द' मा इडारका राव रणमल राठौरमाथि जाफरले गरेको आक्रमण र लंड़ाईको वर्णन गरेका छन्। यस लँड़ाईको फलस्वरूप जाफरखाँ को उत्तराधिकारी र एक योग्य शासकको 1442 ई०मा मृत्यु भएको थियो। अह्मदशाह को उत्तराधिकारी मुहम्मदशाह भयो जसले 1457 सम्म शासन गरेको थियो।

आफ्नो शक्तिको लागि परमारहरूको कोशिश आरम्भिक कालमा त्यति सफल हुन सकेन। तर चालुक्यहरूले तिनीहरूको शक्तिको वृद्धिसंग प्रतिस्पर्धा गर्न पर्‍यो। मुंज परमारले मूलराजलाई पराजित गरे। परमारहरू मध्ये, भोज एक जना महानतम राजा भए। उनको साम्राज्य अन्तर्गत राजस्थानको चित्तौड़, बाँसवाड़ा र डुंगरपुर क्षेत्रहरू थिए। उनको मृत्युपछि, उनका उत्तराधिकारीहरूले तेह्रौं शताब्दी को अन्तसम्म राजस्थानका केही भूभागमा शासन गरिरहे। राजा मुंज तथा मृणालवती सम्बन्धित अपभ्रंशका पद्यहरू प्रसिद्ध छन्। राजा भोजकी पुत्री राजमती 'बीसलदेव रासो' की नायिका हुन्।

शाकंभरीका चौहानहरू दसौं शताब्दीको प्रायः अन्ततिर प्रतिहार शासनदेखि स्वतंत्र भए। चौहाण विग्रहराज द्वितीय र चालुक्य मूलराजका बीच दीर्घ संघर्ष थियो जुन उनीहरूका उत्तराधिकारीहरूको शासनकाल-सम्म चलिरह्यो। सबैभन्दा गौरवशाली चौहाण राजा थिए पृथ्वीराज तृतीय जो सोमेश्वरका पुत्र थिए। उनले अनेक शासकहरूलाई पराजित गर्दै अन्तमा 1191 ई०मा मुहम्मद गोरीलाई पनि तराइणको युद्धमा पराजित गरिदिए। तर अर्को साल गोरीले पृथ्वीराजलाई पराजित गरेर लड़ाईमा मारिदियो। गोरीले त्यस पछि पृथ्वीराजका छोरा गोविन्दराजलाई भेटी चढ़ाए पछि अजमेरको राजगद्दीमा बसायो। पृथ्वीराजका भाई हरिराजले गोविन्दराजलाई खेदेर अजमेरमाथि कब्जा गरे, र केही समयसम्म शासन पनि गरे। तर पछि 1194 मा कन्नौजका राजा जयचन्दको पतन भएपछि मुसलमानहरूले हरिराजलाई पक्राउ गरेर मारे। यस प्रकार शाकम्भरी वा सपादलक्ष राज्यको अन्त भयो। राजा पृथ्वीराज सुपरिचित भए र प्रसिद्ध वर्णात्मक काव्य 'पृथ्वीराज रासो' का नायक हुन गए।

अर्को चौहाण राज्य जालोरको त्यो राज्य थियो जसको स्थापना कीर्तिपालले 1178 ई० मा गरेका थिए। उनका वंशजहरूको वीरताको उत्तम लेखाजोखा भएको छ। सन् 1298 मा, जब अलाउद्दीन खिलजीले यस का शासक कांहृणदेवसंग गुजरात विजय गर्न र सोमनाथ नष्ट गर्नको निम्ति उनको राज्यबाट कवायद गर्ने अनुमति माँग्यो, उनले कठोरतासित अस्वीकार गरे। यसको परिणामस्वरूप एउटा लँड़ाई शुरू भयो जुन चाँहि धेरै वर्ष सम्म चलि रह्यो। खिलजीको सेनाले सिवाणालाई 1310 सालमा कब्जा गर्‍यो, र अन्तमा 1314 ई०मा जालोर माथि

अधिकार गर्‍यो । कांह्ड़देव लँड़ाईमा मारिए । 'कांह्ड़दे-प्रबन्ध' नामक आख्यान-काव्यमा यी घटनाहरूको वर्णन गरिएको छ ।

पृथ्वीराज तृतीय रन्थम्भौरका चौहाणवंशका संस्थापक थिए, यिनका छोरा गोविन्दराज दिल्ली सल्तनतका करद सामन्त(जागीरदार) थिए । जयसिंहका छोरा हम्मीरसिंह जो 1283 ई. मा सिंहासनारूढ़ भएका थिए, आफ्ना सबै पुर्खाहरू मध्ये अत्यधिक शक्तिशाली र प्रतिभाशाली राजा थिए । किल्लाको रक्षा गर्नु र प्रतिज्ञा-वचनको पालन गर्नको निम्ति उनले दुइजना मंगोल-भाई हरूलाई शरण दिए । उनले अलाउद्दीनको विरुद्धमा लँड़ाई गरे 1301 ई० मा, र रणभूमिमा नै उनले वीरगति प्राप्त गरे । उनको साहसको सम्मान गर्नलाई अनेक फुटकर र वर्णनात्मक (आख्यान) काव्यहरू रचिएकाछन् । कान्ह्ड़देव र हम्मीरका नांउ राजपूत वीरताको प्रतीकको रूपमा मध्यकालीन राजस्थानी कवितामा स्थापित भएका छन् ।

राजस्थानले प्रथम गजनवी र त्यसपछि गोरीको हातबाट धेरै कष्ट सहन गर्न पर्‍यो । गोगाजी चौहाण, जो पछि लोक-देवता भए, महमूद गजनवीका समकालीन थिए । 1200 ई. तिर, राजस्थानमा नागौर र अजमेर राज्यहरू मुस्लिम शासनको अधीनमा आए । अलाउद्दीन खिलजीको समयमा मुस्लिम साम्राज्यवाद विस्तार-विस्तार झन ताजा भएर फैलिन्दै गयो जसले मेवाड़, सिवाण, जालौर, जैसलमेर र रणथम्भौर माथि कब्जा गर्‍यो । पछि, राजपूतहरू, विशेष गरेर मेवाड़का शासक-हरूले यी आक्रमणकारीहरूको विरुद्धमा संघर्ष शुरू गरे र यो आउने अनेक शताब्दी-हरू सम्म जारी रह्यो ।

मेवाड़का गुहिलाहरूले 1200 साल देखि उता एउटा महत्वपूर्ण भूमिका खेल्न शुरू गरे । जयन्तसिंह जसले 1213 ई० मा शासन गरे, आफ्नो राज्यलाई विभिन्न दिशातिर फैल्याए । उनका नाती समरसिंहले रणथम्भौरका हम्मीर र खिलजी-हरूको आक्रमणहरूको सामना गर्न पर्‍यो । उनी 1302 ई० मा मरे । उनका पुत्र रतनसिंहले अलाउद्दीन खिलजी संग बड़ो वीरतासहित युद्ध गरे र 1303 ई० मा उनी मारिए । पद्मिनी, जसको नाउँ राजस्थानी साहित्यमा सौन्दर्य एवं शालीनताको पर्याय बन्न गएको छ, यिनै रतनसिंह की पत्नी थिइन् । पद्मिनी-उपाख्यान अनेक काव्यरचनाहरूको विषय बनको छ । पछि-पछि, सिसोदाका लक्ष्मणसिंहका छोरा अजयसिंहले शक्ति प्राप्त गरे । उनका भतीजा हम्मीरले चित्तौड़माथि 1330 ई. मा अधिकार गरे । उनी एकजना साहसिक शासक थिए र दिल्लीको साम्राज्यवादी शक्तिको विरुद्धमा यिनले लँड़ाई गरे । मेवाड़ले आफ्नो गौरवशाली पद यिनकै समयमा प्राप्त गरेको हो । उनी पछि उनका छोरा 'खेतसी' 1364 ई० मा शासक भए । खेतसीले पनि अनेक लँड़ाईहरू लड़नु पर्‍यो । यी लँड़ाईहरू मध्ये एउटा लँड़ाई बूँदी का हाँड़ाको विरुद्धमा थियो जसको बारेमा 'असलो वाणियो द्वारा-रचित

डिंगल गीतहरूमा वर्णन गरिएको छ। यिनका छोरा राणा लाखाको विवाह राव रणमल राठौरकी बहिनी हंसाबाईसंग भएको थियो। राव रणमल मण्डोवरका राव चुण्डाका पुत्र थिए। यो बिहे यस शर्तमा भएको थियो कि राणालाखाकी प्रथम पत्नीबाट जन्मेको छोरा युवराज चुण्डा (हंसाको पुत्र जन्मिएता पनि) राजगद्दीको वास्तविक हकदार हुने छ। पछि हंसाको गर्भबाट 'मोकल' नामक पुत्र जन्मियो जसको समयमा मेवाड़मा राठौरहरूले हुकुम चलाए। मोकल 1419-20 ई०मा राजगद्दीमाथि विराजमान भए। यिनकी छोरी पुहबाईको जसलाई लालन पनि भनिन्थ्यो, बिहे गाग्रनगढ़का खिची अचलदाससंग भएको थियो। खिचीको मृत्यु मांडूका होसंगशाह गोरीको विरुद्ध लँड़ाई गर्दा 1427 ई० (1480 वि० सं०) मा भयो। यस घटनाको वर्णन गाडण शिवदास रचित 'अचलदास खिची री वचनिका' मा गरिएको छ। चुण्डा माण्डूतिर लागे, मोकलको मृत्यु सासा र मेरा द्वारा 1433 ई०मा धोखासहित अचानक गरिएको आक्रमणमा भयो। राव रणमलले यसको बदला यी हत्याराहरूको हत्या गरेर लिए। कुम्भ, जो पछि मेवाड़का अत्यन्त गौरवशाली शासक भए, आफ्नो पिता मोकल पछि 1438 ई० मा राजगद्दीमा विराजमान भए। उनको शासनकालमा वास्तुकला औ साहित्य नयाँ उत्कर्षमा आइपुगे। उनी स्वयं एक महान विद्वान् थिए। राव रणमल्लमाथि, जब उनी राती सुतिरहेका थिए, आक्रमण गरियो र 1438 ई०मा चित्तौड़को किल्लामा उनी मारिए। यो खबर सुनेर उनका पुत्र जोधाले जो त्यस बेला किल्लाको बाहिर पहाड़ी तराईमा निवास गरिरहेका थिए, मारवाड़मा गएर शरण लिए।

प्राचीनकाल प्रायः राणा कुम्भको शासनकालको बीचमा समाप्त हुन्छ। रण-मल्ल, उनका पुत्र जोधा, राणा मोकल र राणा कुम्भ बारे अनेक काव्यहरू समका-लीन कविहरूले रचना गरे। तिनीहरू मध्येका हुन् गाडण पसायत, खिड़िया चामण तथा अन्य।

जैसलमेरमाथि भाटीहरूको शासन रह्यो।

अझ एउटा महत्वपूर्ण राजवंश मारवाड़का राठौरहरूको थियो जसले 13 रौं शताब्दीको अन्ततिर को इतिहासमा एउटा उल्लेखनीय भूमिका खेल्न शुरू गर्‍यो। सिहा 1235 ई० तिर मारवाड़मा पसे र 1273 ई०मा तिनको मृत्यु भयो। उनी पालि भाषाका पण्डित थिए। उनी पछि आस्थान शासक भए जसले गुहिलाहरूको हातबाट खेड़ राज्य खोसे र त्यसमाथि अधिकार जमाए। यिनका पुत्र धुहड़ले देवी चक्रेश्वरी (नागसेणी जी) को प्रतिमा प्रतिष्ठित गरे जुन प्रतिमा चाँहि एकजना ब्राह्मणले कन्नौजको नागणा नामक गाँउबाट ल्याएका थिए। 1309 ई०मा उनको मृत्यु पछि राजपाल,कणपाल, जालणसी, छाडा, टिड़ाहरू एकको पछि एक गर्दै शासक भए। यिनीहरूको बारेमा थोरै नै ज्ञात छ। टिड़ाका छोरा सलखाका चारजना छोराहरू थिए—मल्लिनाथ, जैतमल, विरम र सोभित। मल्लिनाथ 1374 ई०

मा माहेबाका स्वामी भए, जसको मुख्य पीठस्थान (राजधानी) मिरडकोट थियो। विरम चाँहि 1383 ई०मा जोटियाँहरूसंगको लँड़ाईमा मारिए। उनका पुत्र चुंडाले 1394 ई०मा मण्डोवरमाथि कब्जा गरे र अर्का छोरा गोगा जोहियाहरू संगको एउटा लँड़ाईमा मारिए। चुण्डाको पनि ओड़िन्तका भाटी र मोहिलहरूसंग लँड़ाई गर्दा मृत्यु भयो। उनका सबै 14 जना छोराहरू राव को नामले पुकारिए जसमा रणमल्ल ज्येष्ठ पुत्र थिए।

राव छाडा, टिड़ा अनि त्रिभुवनसीमाथि केही अज्ञात कविहरूद्वारा रचित डिंगल गीतहरू उपलब्ध छन् जसमा तिनीहरूको वीरताको वर्णन गरिएको छ। बादर ढाढीले आफ्नो 'विरमायण' मा मल्लिनाथ, विरम तथा अन्य शासकहरूको विस्तृत उल्लेख गरेका छन्। चारण काव्यहरूमा यो चाँहि प्रथम र प्राचीनतम आख्यानक काव्य हो जसमा प्राचीन राठौर र जोहियाहरूको वर्णन गरिएको छ। रणमल्ल, जोधा तथा तिनीहरूसित सम्बन्धित आख्यान हरूलाई अनेक ज्ञात एवं अज्ञात कविहरूले वर्णन गरेका छन्। प्राचीन चारण काव्यका बहुलांश भाग राठौड़-हरूबारे लेखिएको छ।

अध्याय : 2

प्राचीनकाल

(1050 ई०—1450 ई०)

राजस्थानी साहित्यको इतिहासलाई निम्नलिखित कालखण्डहरूमा विभाजित गर्न सकिन्छ :

1. प्राचीनकाल—1050 ई० देखि 1450 ई० सम्म।
2. मध्यकाल—1450 ई० देखि 1850 ई० सम्म।
3. आधुनिककाल—1850 ई० देखि अहिले सम्म, उपविभाजित भएका छन् :
   (अ) 850-57 ई० देखि 1947-50 ई० सम्म, अनि (ब) त्यस पछिको समय।

यस प्राचीनकालको साहित्यलाई स्थूल रूपले निम्नलिखित रूपमा वर्गीकरण गर्न सकिन्छ—

1. जैन काव्य
2. लौकिक प्रेम काव्य—(अ) ज्ञात, अनि (आ) अज्ञात कविहरू-द्वारा।
3. चारण काव्य, जो यस प्रकार अविभाजित गरिएका छन्—
   (अ) ऐतिहासिक एवं वीर-काव्य जसमा 'मरसिया' र 'उद्बोधन' इत्यादि छ।
   (आ) पौराणिक एवं धार्मिक-काव्य जसमा नीतिकाव्य पनि छ।
4. आख्यान काव्य
5. सन्त (आध्यात्मिक) काव्य—दुइ श्रेणीका रचनाकारहरू-द्वारा रचित।
   (अ) विभिन्न सम्प्रदायहरूका प्रस्तोता एवं अनुयायीहरू।
   (आ) धर्म वा सम्प्रदायको कुनै परम्परागत बन्धनबाट मुक्त।
6. छन्दशास्त्र, अलंकारशास्त्र एवं शब्दकोश, शब्दशक्ति।
7. मध्यकालीन गद्य-साहित्य
8. लोक-साहित्य
9. पद्य अनि गद्य (आधुनिक), पद्यको उपविभाजन :
   (अ) परम्परागत र
   (आ) परिवर्तित समय र कालसित प्रभावित काव्य।

माथि दिइएका प्रवाहहरूमा प्रत्येकले आफ्नै शैलीको निर्देश गर्दछ जो यसको

विषय र भाषाद्वारा प्रमाणित छन्। यद्यपि साहित्यिक प्रवाह एउटा सतत प्रवाह हो र विभिन्न कालखण्डमा यसको विभाजन न त विषयवस्तु न भाषाको निम्ति उपयुक्त हुन्छ, तथापि यी विभाजनहरू अध्ययनको सुबिधाको दृष्टिले गरिएको हो, जसमा एक विशेष कालखण्डको साहित्यिक परिपाटीका समुन्नत विशेषताहरू दृष्टिगोचर हुन्छन्।

सन् 1050 ई० देखि, प्राय: एक शताब्दीभित्र त्यस-भन्दा बढ़ी समय-सम्म, मात्र विविध विषयका पद्यहरू नै मरुगुर्जर भाषामा रचिएका थिए। तर बाह्रौं शताब्दीको उत्तरार्द्धपछि, व्यक्तिगत कृतिहरू चाहे आकारमा सानै भएता पनि, बहुमात्रामा उपलब्ध छन्। यी मुख्यत: जैन कृतिहरू हुन्। वज्रसेन सूरि विरचित 'भारतेश्वर बहुबली धारे' लाई, जसको रचना 1618 ई० मा भएको थियो, अहिले-सम्म प्राप्त मरुगुर्जरको प्रथम कृति भनेर मान्न सकिन्छ। त्यस पछि शालिभद्रसूरि-द्वारा 1186 ई० मा रचित 'भारतेश्वर बाहुबली रास' आउँदछ। मरुगुर्जर काव्यमा अपभ्रंशको प्रभाव बाह्रौं शताब्दीको अन्तसम्म अभिव्यक्त भएको छ। मरु अर्थात् राजस्थानीको गुर्जर अर्थात् गुजरातीदेखि भाषिक अन्तरको अतिरिक्त प्राचीन एवं मध्यकालीन भाषामाझ एउटा सीमारेखा साहित्यिक दृष्टिकोण राखेर कोर्न सकिन्छ। प्राचीनकालमा धर्म सम्बन्धी कृतिहरू तथा जैन अनि चारण-शैलीका कृतिहरू प्राप्त भएका छन्। तर मध्यकालको प्रारम्भदेखि दुइवटा नयाँ धाराहरू 'आख्यान काव्यको र संत (भक्ति) काव्यको, देखा पर्दछन्, जुन पछि पल्लवित र पुष्पित भएका छन्। 'कथा अहमनी' लाई आख्यान काव्य मध्येको प्रथम कृति भन्न सकिन्छ र जाम्भोजी (1451-1536 ई०) चाँहि राजस्थानी सन्तकाव्यमा, प्रारम्भिक तत्व थिए।

मध्यकाल चारण-शैलीमा विपुल कृतिहरूको समृद्ध-काल हो। यस शैलीका कृतिहरूले त्यस पछि लगातार लोकप्रियता प्राप्त गरिरहेका छन्। 'वचनिका अचलदास खिची री' यस युगको प्रथम महत्वपूर्ण चारण-कृति हो। हामीले यसमा एउटा भव्य गद्यको प्रथम उदाहरण पनि पाउन सक्छौं। देवीकरणीजी र पाँच पीरहरूको आवश्यकताले, उपासना र श्रद्धाको लोकप्रिय विषयको रूपमा, समाज र तत्कालीन साहित्यलाई विशेष गरेर लोक-साहित्यलाई एउटा गति दियो। यी जम्मै तत्वहरूले यस विभाजन प्रति न्याय दिन्छन्। 1450 ई० देखि 1650 ई० सम्म उत्पादित गरिएको साहित्य प्रत्येक क्षेत्रमा अति उत्तमताको नयाँ उत्कर्षसम्म पुग्न गयो।

आधुनिक कालको प्रारम्भ ब्रिटिश शासन तथा देशमा यसको सम्बन्ध र प्रभावसित नै हुन्छ। यस सम्बन्धको कारणले र पाश्चात्य शिक्षा, विज्ञान तथा तकनीकी ज्ञानको प्रसारको माध्यमले बाहिरी दुनियाँसंग व्यापक सम्पर्क हुँदा, परम्परागत मूल्य, दृष्टिकोण तथा विचारतत्वहरू शीघ्र परिवर्तित हुन लागे। यी

परिवर्तनहरू, ब्रिटिश शासन प्रति उग्रता एवं विरोधको संकेतको साथै 1850 ई०-को छेउछाउको कालको राजस्थानी काव्यमा प्रतिभासित भएका छन् औ यसैले आधुनिककालको आरम्भको सूचना दिन्छ ।

जैन काव्य

जैन साहित्यको प्रभावशाली संकेत चिह्न हो यसको धार्मिकता । अध्ययन गर्दा हामीलाई ज्ञात हुन्छ कि यस युगमा जैन धर्म विभिन्न सम्प्रदायहरूमा प्रवृत्त भइरहेको थियो । धार्मिक सूत्रहरूका भिन्न-भिन्न व्याख्याहरूले गर्दा विभिन्न सम्प्रदायहरूको जन्म भयो । श्वेताम्बर अनि दिगम्बर सम्प्रदाय 79 ई० वा 82 ई० मा विभक्त भए । कालान्तरमा अझ यी सम्प्रदायहरू अनेक उपसम्प्रदायहरूमा विभाजित हुँदै गए । यो उपविभाजन मूर्ति-पूजा गर्ने वा नगर्नेका आधारमा भएको हो । मूर्तिपूजकहरूको सम्प्रदाय फेरि ससाना उपसम्प्रदायहरूमा विभाजित भए ।

यी दुवै सम्प्रदायका साधुहरूलाई निर्ग्रंथ भनियो । तिनीहरूले प्रायः निरन्तर घुमिरहनु पर्थ्यो र तिनीहरूले कुनै स्थायी वा अर्द्धस्थायी घर अनुयायी वा सम्पत्ति राख्न पाउँदैन थिए । निर्ग्रन्थको अर्थ हो बिना कुनै अधिकार वा दुनियाको वस्तुप्रति कुनै प्रकारको आकर्षण नहुनु । वैराग्य (संन्यास) स्व-आत्मोत्सर्ग, संयम तथा ब्रह्मचर्य एकजना जैन साधुको विशेष गुण मानिएको थियो । तर 355 ई० वा त्यो भन्दा पनि अघि चैत्यवासीको अभ्यास आरम्भ भयो । चित्तौड़का हरिभद्रसूरि (700-770 ई०) ले एक विद्वान् पंडित र आचार्य चैत्यवासी को रहन-सहनमा अनेक भ्रष्ट आचरण र शिथिलताहरू खोजेर निकाले औ यस प्रकारको भ्रष्ट आचरणको निम्ति आफ्नो शक्तिशाली आवाज उठाएका थिए । उनी जैन जगत्को विचारलाई प्रभावित बनाउन र तिनको ध्यान आकर्षित गर्नमा सफल भएका थिए । उनका शिष्य उद्योतनसूरि जसले 'कुवबलयमाला' 778 ई० मा लेखेका थिए र सिद्धार्थ सूरिले यस उपदेशलाई जनतासम्म आफ्नै ढंगले पुर्‍याउने चेष्टा गरेका थिए । यो भनिन्छ कि उद्योतनसूरिले साथ-साथै आफ्ना शिष्यहरू मध्ये 84 जनालाई सामूहिक ढंगले आचार्यको उपाधि पनि प्रदान गरेका थिए । यिनै आचार्यहरू द्वारा 84 वटा 'गच्छा' स्थापित गरिएका थिए । तर यो संख्या मात्र रूढ़िगत देखिन्छ । यी 'गच्छाहरू' भिन्न-भिन्न समयमा निर्मित भएका थिए, तर कुनै एकै साथ अथवा एकै समयमा भएको थिएन । तिनीहरूको दुष्प्रक्रिया प्रति एउटा नष्ट-भ्रष्ट गरिदिने आघात पुर्‍याउने काम जिनेश्वरसूरिमाथि छोड़ियो । सन् 957 ई० मा, यिनले दुर्लभराजको दरबारमा धार्मिक शास्त्रार्थको समयमा यी चैत्यवासीहरूको बुद्धिलाई पराजित गरिदिए औ यस प्रकार विधिमार्ग अथवा समविज्ञ (जसलाई यो नाम पनि दिइथ्यो)—ले स्वीकृति प्राप्त गर्‍यो । जिनेश्वरसूरिको समयमा उनका अनुयायीहरूले 'खर्तर' को उपाधि प्राप्त गरे । त्यस बेलादेखि यो 'खर्तर

गच्छा' राजस्थानको पश्चिमी र उत्तरी क्षेत्रमा निकै लोकप्रिय भयो। यस 'गच्छा' का आचार्यहरूले तथा अनुयायीहरूले राजस्थानी साहित्यमा मूल्यवान् सेवा प्रदान गरेका छन्। आधुनिक कालमा, श्वेताम्बर पंथका 'यति' वा (श्रीपूज्य) हरू तथा दिगम्बर पन्थका 'भट्टारक' हरूलाई 'मठवासी' भनिन्छ र यी सबैलाई 'चैत्यवासी' भनि जानिएको छ।

सन् 1451 ई० मा, 'लोंका शाहले', जसले अहमदाबादमा पुस्तकहरूको प्रतिलिपिद्वारा आफ्नो जीविका अर्जन गर्थे, एउटा नयाँ पन्थको आयोजना गरे जसलाई 'लोंक' भनियो। उनको यो पन्थ श्वेताम्बर सम्प्रदायको थियो र यो मूर्तिपूजाको विरुद्ध थियो। लोंका शाहको परम्परामा, लावजी मुनिले 1652 ई० मा 'ढुंढिया' सम्प्रदायको स्थापना गरे। यसलाई अचेल 'स्थानक वासी' सम्प्रदायको रूपमा चिनिन्छ। कालान्तरमा, धर्मदासजी यस पंथ का आचार्य भए। उनको मृत्युपछि उनका केही अनुयायीहरू 22 वटा शाखाहरूमा विभक्त भए औ त्यसपछि तिनीहरूको वंशलाई 'बाइस टोला' नाम दिइयो। यो नाम यति प्रसिद्ध भयो कि 'ढुंढिया पन्थ' पनि यसै नाम द्वारा चिनिन थाल्यो। जे होस्, 'स्थानकवासी' नाम चाँहि ज्यादै प्रचलित भएको छ।

तेरापंथी मूलत: स्थानकवासी सम्प्रदायबाट आएका थिए। आचार्य धर्मदासजीका एकजना शिष्य धन्नोंजी थिए, जसको परम्परामा रघुनाथजी आचार्य भए। तेरापन्थी सम्प्रदायका संस्थापक आचार्य भीखणजीले रघुनाथजी बाटनै दीक्षा लिएका थिए। यो सम्प्रदाय र दिगम्बरहरूको तेरापन्थी सम्प्रदाय बेग्ला-बेग्लै हुन्। आगमहरूसंग तुलना गर्दा स्थानकवासीहरूको आचरण र विचारमा धेरै नै विषमता छ भन्ने तथ्य भीखणजीलाई ज्ञात भएको थियो। यी विषमताहरूलाई हटाउनका निम्ति उनले 1760 ई० मा तेरापन्थी सम्प्रदायको स्थापना गरे। जैन-दर्शन एवं राजस्थानी-साहित्य प्रति यिनको देन अत्यन्त बहुमूल्य छ। यस सम्प्रदायका अन्य आचार्यहरूले पनि साहित्यप्रति धेरै योगदान गरेका छन्।

विभिन्न गच्छाका श्वेताम्बर लेखकहरूको साहित्य-साहित्य-मध्ये तेरापन्थी सम्प्रदाय र यति (नति)-हरू, प्राय: जम्मै राजस्थानीमा छ। तो साहित्य अधिक प्रचलित भए र राजस्थानको पश्चिमी, दक्षिणी र उत्तरी क्षेत्रहरू तथा गुजरात मा यसले आधिपत्य जमायो। दिगम्बरहरू राजस्थानको पूर्वीय, दक्षिणी र दक्षिण-पश्चिम क्षेत्रहरूमा फैलिए।

राजस्थान र गुजरातका जैन साधुहरू सदैव एक-अर्काका क्षेत्रमा आवत-जावत गर्ने गर्थे। यसप्रकार यिनीहरूले यी दुवै क्षेत्रमा सांस्कृतिक, भाषिक एवं विचारात्मक एकरूपताको सृष्टि गरे जुन चाँहि दीर्घकाल सम्म जीवित रह्यो।

यस एकरूपताले गर्दा, (1) पन्ध्रौं शताब्दी अन्तर्गत वा उत्तरार्द्धमा अनेक जैन साधुहरूद्वारा लिखित साहित्यलाई गुजराती र राजस्थानी दुवै भाषाका विद्वान्-

हरूले उनीहरूको आफ्नो साहित्य भनेर दाबी गरेका छन् ।

जैन समुदायमा 'संघ' र 'गण' को अस्तित्वले यो बताउँछ कि प्राचीनकालमा यो समुदाय सांस्कृतिक रूपले उत्तम ढंगले नियोजित थियो । दिगम्बर सम्प्रदायका केही संघहरू राजस्थानमा समय-समयमा मात्रै प्रचलित भएका थिए । ती माथुर, काष्ठ र मूलसंघ हरू थिए। तेह्रौं शताब्दीको उत्तरार्द्ध देखि राजस्थान केही भूभाग-हरूमा केही जैन मुनिहरूले धर्माचार्य महन्तको स्थान ग्रहण गरे र धार्मिक महिला-हरूमा उच्चतम सत्ताधिकार प्राप्त गरे । यिनीहरूलाई 'भट्टारक' भनियो । मूलसंघ र बलाधिकृत गणका भट्टारक प्रभाचन्द्र (1257-1351 ई०)को मुख्य गद्दी अजमेर मा थियो । उनका शिष्य भट्टारक पद्मनंदी (1328-93ई०) राजस्थान र गुजरात-मा अधिक प्रसिद्ध भए । पद्मनंदी तथा अन्य भट्टारकहरूको पन्थको परम्पराले झण्डै अठारौं शताब्दीको पूर्वार्द्धसम्म प्रभुत्व र श्रद्धा प्राप्त गर्‍यो । कालान्तरमा, अश्लीलता, खुल्ला व्यवहार एवं आचरण तथा धार्मिक कृत्यहरूमा विकृतिको कारणले भट्टारकवादको तीव्र विरोध हुन थाल्यो । पहिलो उग्र विरोध आगरामा बनारसीदास (1586-1643ई०)द्वारा गरियो । त्यसपछि उनको प्रभावमा, जयपुर-को नजीकै सांगानेरमा भट्टारक नरेन्द्रकीर्ति (1646 ई०) को समयमा अमरचन्द गोदिका र जोधराज गोदिका द्वारा विरोध गरियो । यी विरोधीहरू बेग्लै मतका अधीन थिए जसलाई मूर्तिपूजक दिगम्बर सम्प्रदायको तेरापन्थी मत भनिथ्यो । अठारौं शताब्दीमा प्रसिद्ध विद्वान् टोडरमल (1719-20 - 1767 ई०) यस सम्प्रदायका एक महानतम भाष्यकार भए । उनको 'मोक्षमार्ग प्रकाशक', जुन अध्यात्ममाथि सुन्दरतम कृति हुनुको साथै ढुँढाडी गद्यको एउटा सुदृढ़ प्रमाण पनि हो । टोडरमलका छोरा गुमानीरामले त्यसै शताब्दीमा 'गुमान पन्थ' को स्थापना गरे । भट्टारकहरूका पक्षधरहरूले आफैलाई 'बिसपन्थी सम्प्रदाय' अन्तर्गत समावेश गरे र यो कुरो जोड़सित घोषणा गरे—अबदेखि तिनीहरू तेरापन्थीहरू-भन्दा पनि ठूला र उच्च भए । पछि, गुमानपन्थ र बिसपन्थमांझ एउटा समझौता ल्याउनलाई पनि प्रयत्न गरियो । यसको परिणामस्वरूप—'तोतापन्थी' वा 'साढीपन्थी' को उत्कर्ष हुन गयो । यहाँ यो उल्लेखनीय छ कि दिगम्बरहरू अन्तर्गत यो मूर्तिपूजक सम्प्रदायमा तात्विक दृष्टिले केही पनि अन्तर छैन । दिगम्बरहरूमा अमूर्तिपूजक सम्प्रदायलाई पनि 'तेरापन्थी' सम्प्रदाय भनिन्छ । यो सम्प्रदाय तारण स्वामी (1448-1515 ई०) द्वारा स्थापित भएको थियो । उनको कुनै साहित्यिक कृति राजस्थानीमा छैन ।

दिगम्बर जैन लेखकका कृतिहरू मुख्यतः हिन्दीमा छन् । तर अनेक भट्टारकहरू र केही अरु लेखकहरूले पनि राजस्थानी र राजस्थानी-मिश्रित हिन्दीमा साहि-त्यिक योगदान गरेका छन् ।

जैन आगमहरूमा चारवटा 'अनुयोग' को उल्लेख गरिएको छ । ती हुन्—

(1) प्रथमानुयोग, (2) करणानुयोग, (3) चरणानुयोग, र (4) द्रव्यानुयोग।

प्रथमानुयोगमा सदाचारी तथा धार्मिक पुरुष-स्त्रीहरूको जीवनकथा र आचरण बारे साथै नियमित र प्रतिकूल परिस्थितिहरूमा धार्मिक नियमहरू प्रति तिनीहरूको निष्ठाको वर्णन गरिएको छ। ज्योतिर्विज्ञान र गणित विज्ञानहरू पनि करणानुयोगमा समावेश गरिएका छन्। धार्मिक नियम, सदाचारका नियम एवं आचरण सम्बन्धी मूलसिद्धांतहरू बारे चरणानुयोग अन्तर्गत विचार गरिएको छ। आध्यात्मिकताका सिद्धांतहरूको भाष्य द्रव्यानुयोग भित्र आउँछन्।

यी चार अनुयोगहरूमा, धार्मिक व्यक्तिहरूको जीवनकथा र विवरणहरू प्रथम अनुयोग धर्मकथानुयोग भित्र आएकाछन्, यसैले यो जैन साहित्यको विशाल भण्डारको विषय-वस्तु बनेको छ। कथाहरूको माध्यमले मूल विचारहरूलाई अपढ़ वा अल्पपठित जनतासम्म पुर्‍याउन सजिलो पर्दछ। यस्ता धार्मिक व्यक्तिहरू 63 जना 'शलाका पुरुष' तथा अन्य स्त्री-पुरुषहरू छन्। 'शलाका पुरुष' हरू विशिष्ट गुण र गणना भएका व्यक्तिहरू हुन्छन्। यी शलाका पुरुषहरूको जीवन-इतिहास, आचरण तथा चरित्रबारे जैन-पुराणहरूमा वर्णन गरिएको छ। तिनीहरू 24 तीर्थंकरहरू, 12 चक्रवर्तीहरू, 9 बलदेवहरू, 9 वासुदेबहरू र 9 प्रतिवासुदेवहरू हुन्। यिनीहरू बाहेक पनि अन्य आध्यात्मिक, धार्मिक र सदाचारी व्यक्तिहरू जस्तो कि स्थूलिभद्र, जम्बूस्वामी, सुदर्शन, गज सुकुमाल श्रेणिक, श्रीपाल, धन्ना, आषाढ़भूति, बल्कलचिरि आदि व्यक्तिहरू, अनि जैन-जगतका प्रसिद्ध 16 जना सतीहरूको जीवनकथा र कृतित्व बारे पनि वर्णन गरिएको छ। यी व्यक्तिहरूसित सम्बन्धित कथाहरू जैन कविहरूद्वारा सरल भाषामा विस्तार-सहित वर्णन गरिएको छ। जैन कविहरूले आफ्ना पौराणिक स्रोतहरूलाई न त उल्लंघन गर्छन् न असहमत हुन्छन्। यो वर्णन कतै-कतै सदाचारी तथा धार्मिक भावनाहरू द्वारा ठिम्याउन सकिन्छ। यी कविहरूले सरल अनि प्रचलित भाषाको प्रयोग गरे तर परम्परागत शैलीको ढाँचालाई भिन्दै राखेर लेखे।

जैन साहित्य गद्य-पद्य दुवैमा उपलब्ध छन्। गद्य दुइ प्रकार का छन्— (1) मौलिक र, (2) भाष्य, टीका औ यस्तै अरु। पद्यलाई चारवटा शीर्षकमा बांड्न सकिन्छ :

1. **चरित्र-काव्य का अथवा कथा-काव्य**—उपरिलिखित विशिष्ट व्यक्तिहरूको चरित्र तथा जीवनीहरूको यस्ता पद्यमा वर्णन भएको छ। यी रचनाहरूको अनेक नामकरण गरिएको छ, जस्तै—रास, चौपाई, ढाळ, पंवाड़ो, सन्धि, चरचरी, प्रबन्ध, चरित, आख्यानक, कथा इत्यादि।

2. **उत्सव काव्य**—यी पद्यहरू विशेष अवसर र उत्सवसंग सम्बन्धित छन्। यिनलाई फागु, धमाळ, बारहमासी, विवाहलो, धवल, मंगल इत्यादि भनिन्छ।

3. **नीति-काव्य**—यी पद्यहरूमा सदाचरण तथा नीति उपदेशबारे विचार

गरिएको छ र यिनका नामहरू यसरी दिइएका छन्—संवाद, कक्का, मात्रिका, बावनी, छत्तीसी, कुलक, हिमाली इत्यादि।

4. **स्तुति काव्य**—यी पद्यहरू तीर्थंकर, आध्यात्मिक व्यक्तिहरू तथा पवित्र स्थानहरूको प्रशंसामा लेखिएका छन् र यसैले यिनलाई स्तुति, स्तवन, सज्झय, विनती, नमस्कार, बिसी, चौबिसी इत्यादि नाम भनिएको छ।

यी जैन कविहरूको मुख्य ध्येय आध्यात्मिक र धार्मिक थियो। साथै मनुष्य-हरूको चारित्रिक वा नैतिक पुनरुत्थान गर्नु पनि यसको लक्ष्य थियो। तिनीहरूको वर्णनको अन्तमा एउटा उपदेश निर्वेद अथवा सांसारिक वस्तुहरूप्रति अश्रद्धाको भावना राखिएको हुन्छ। यसकारण तिनीहरूको रचनामा प्रभावशाली रस हुन्छ—शान्त रस। रचनामा यत्र-तत्र शृंगार र करुण रसहरू पनि पाइन्छन् तर तिनी-हरूको पूर्णतः आत्मसात् भएको कहीं देखिन्न। वस्तुतः यस प्रवृत्ति को अतिमात्राको अपवाद यहाँ छ, तर अल्प मात्रामा।

राजस्थानी भाषाको उत्पत्ति र विकासको सन्दर्भमा जैन साहित्यको अत्यधिक मूल्य छ, किनकि यो अति प्राचीनकाल देखि वर्तमान शताब्दीसम्म प्रायः निरन्तर उपलब्ध छ। यदि एघारौं देखि चौधौं शताब्दी सम्मको साहित्य-लेखन गर्नु हो भने हामीले यसै जैन साहित्यमाथि निर्भर रहनु पर्दछ। किनभने यी बाहेक अरु कुनै प्रामाणिक सामग्री उपलब्ध छैन। यसकारण हामीले विशेष ध्यान भाषाको अध्ययन-को लागि दिन पर्छ किन कि जैन कविहरूले परम्परागत शैलीलाई सुरक्षित राखेका छन्, तर यसो गर्दा शब्दको रूप केही मात्रामा बदलिएका छन्।

कतिपय जैन कविहरूले ऐतिहासिक, अर्द्धऐतिहासिक, धार्मिक तथा यस्तै अन्य विषयहरूमा पनि प्रभावशाली पद्यहरूको रचना गरेका छन्।

राजस्थानी जैन साहित्यले अपभ्रंश जैन साहित्यका वस्तुत जम्मै विशेषताहरू उत्तराधिकारको रूपमा प्राप्त गरेको छ।

वज्रसेनसूरि विरचित 'भारतेश्वर बाहुबली', मरु-गुर्जर भाषामा लेखिएको प्राचीनतम जैन कृति हो, जसको रचना 1168 ई. को छेउछाउतिर भएको थियो। यसमा 48 श्लोकका साना कविताहरू छन् जसमा भारत र बाहुबली माँझ लँड़ाईको वर्णन गरिएको छ र यो मन्दिर संगीत(भजन)को रूपमा लेखिएको जस्तो लाग्दछ। यस कृतिमा निम्नलिखित कथाहरूलाई पद्यात्मक रूपमा लेखिएको छ। ती कथाहरू हुन्—प्रथम तीर्थंकर ऋषभदेवका एक सय छोराहरू थिए। आफ्नो जीवनको अंतिम चरणतिर ऋषभदेवले आफ्नो राज्यलाई आफ्ना छोराहरूमा विभाजित गरिदिए र स्वयं संन्यासी भए। आफुले पाएको अंशमा असन्तुष्ट भएर जेठा छोरा भरतले चक्रवर्ती हुने प्रयत्न गर्‍यो र अरु 98 अंशहरूलाई खोस्यो, बाहुबलीको अंश छोड़ेर किनकि बाहुबलीले खुल्ला रूपले उसको विरोध गर्‍यो। भारतले बाहुबलीमाथि आक्रमण चलायो तर उसलाई परास्त गर्न सकेन। उसले बाहुबलीलाई मार्नको

लागि चक्रको प्रयोग गऱ्यो, तर यो एउटै वंशको मान्छेको निम्ति प्रभावशाली भएन। हातै-हातको युद्ध गर्दा बाहुबलीले भारतको प्रहार सहनु पऱ्यो, तर ठूला दाज्युसंग प्रत्याक्रमण गर्न उसले अस्वीकार गऱ्यो। विरक्तिको आवेशमा उ एउटा संन्यासी भएर साधना गर्न थाल्यो। उसले आफ्ना अरु सबै मनोवेगहरूको दमन गर्न सक्यो, अहंकार बाहेक जुन चाँहि ऋषभदेवका उपदेशहरूको कारणले विलुप्त भईसकेको थियो। उसले 'शाश्वत' 'मुक्ति' अर्थात् 'कैवल्य' प्राप्त गऱ्यो। भारतले पनि देशमा शासन गर्दैगरे तापनि आत्मानुभूतिको स्थितिमा (साधनामा) पुग्न सक्यो।

तर यसकालमा एउटा अझ शक्तिशाली र आकर्षक काव्य-कृति यसै विषयमा लेखिएको छ जसको नाम हो—'भारतेश्वर बाहुबली रास'। यसको रचना शालिभद्रसूरि द्वारा 1184 ई. मा भएको थियो। यो 203 वटा श्लोकहरू भएको काव्य हो र यसले जैन साहित्यमा मात्र होइन तर प्राचीन युगमा वीररसका काव्यहरूमा शब्द-विन्यासको दृष्टिले पनि यसले सर्वोपरि स्थान प्राप्त गरेको छ। यसमा भाषाको प्रवाह र काव्यात्मक लालित्य पनि यथेष्ठ छ। यस काव्य कृतिमा लँड़ाई तथा कूटनीतिको यथार्थ विवरणको साथै बहुबलीको बुद्धि र हृदयको मनोवैज्ञानिक विश्लेषण पनि गरिएको छ। यसमा अभिव्यक्तिको विलक्षणता पनि उल्लेखनीय छ। आफ्नो गुप्तचर समक्ष भारतको चक्रवर्तीवाद को उपहास गर्दै बहुबली भन्छन्—

"भारतेश्वरको त कुरा नै छोड़िदिउँ, देवता र दैत्यहरू पनि लँड़ाईमा मेरो सामना गर्न सक्तैनन्। यदि उ आफुलाई चक्रवर्ती (चक्रलाई पल्टाउने वा घुमाउने) ठान्दछ भने मेरो नगरका कुम्हालेहरूले पनि त्यही उपलब्धि प्राप्त गर्न सक्नेछन्।"

शालिभद्रसूरिको अर्को रचना हो—'बुद्धिरास' जसमा 63 श्लोकहरू छन्। यसमा सामान्य जनताको लाभको लागि उत्तम उक्तिहरू र सदुपदेशहरूको संग्रह भएको छ। यस रासकको शैलीको परवर्ती अनेक काव्य-कृतिहरूमा अनुकरण गरिएको छ, जस्तै 'सार सिखायण रास' 'हितशिक्षा रास' इत्यादिमा। एउटा श्लोकले यो उपदेश दिन्छ, 'गहिरो पानी वा खाली घर मित्र' प्रवेश नगर। कुलीनता सहित स्पष्टवादी नबन र चौराहामा स्त्रीहरूसंग नबाझ।"

बाह्रौं शताब्दीमा आसिगले 35 श्लोक भएको 'जीवदया रास' नामक पुस्तकको रचना गरे। यसै कालमा उनले 'चन्दनबाला रास' (35 श्लोक को) र 'कृपाण गृणी संवाद' (9 श्लोक)-को पनि रचना गरेका थिए। पहिलो काव्यमा धर्मको अनुसरण गर्ने आवश्यकता र प्राणिमामाथि दयाको महत्व र प्रभावलाई अधिक दर्शाएका छन्। दोस्रो कृतिमा, स्वामी महावीरलाई भिक्षाको रूपमा भोजन

दिइएको घटनाको वर्णन गरिएको छ। तेस्रोमा चाँहि पति-पत्नीमाँझ पैसाको उत्तम ढंगले खर्च गर्ने विषयमा वार्तालाप छ।

हामीले तेह्रौं शताब्दीदेखि यता विभिन्न प्रकारका अनेक रचनाहरू पाउँदछौं। यहाँ हामी केही चुनिएका कृतिहरू बारे मात्र उल्लेख गर्न छौं।

'जंबुस्वामी चरिय' (41 श्लोक), यो पुस्तक महेन्द्रपाल सूरिका धर्म नामक शिष्यले 1209 ई०मा लेखेका थिए। यो अनेक काव्यहरूमा चर्चित भएका जम्बु-स्वामीको अत्यन्त मर्मस्पर्शी कथामाथि आधारित छ। उनी मगधको तत्कालीन राजधानी राजगृहका एक धनाढ्य व्यक्ति ऋषभदत्त का पुत्र थिए। आफ्नो विहेको पहिलो रात उनले आफ्ना आठजना पत्नीहरूलाई धर्मानुशासनको आदेश प्रदान गरे। तर यो कुरा प्रभव नामक एउटा चोरले पनि सुन्यो जो त्यस बेला आफ्ना 500 साथीहरू-सहित त्यस घरमा चोरी गर्न पसेको थियो। अर्को प्रातः काल जम्बुको धर्मानुशासन तथा वैराग्य स्वीकार गर्ने तिनीहरूको प्रस्ताव बारे समाचार सुनेर जम्बुका माता-पिता र सोलह जना सम्धी-समधिनीले पनि दीक्षा लिने निश्चय गरे। यस प्रकार 520 जना मानिसहरू सहित उनले भगवान महावीरका शिष्य-सुधर्मद्वारा संन्यासीको रूपमा दीक्षा ग्रहण गरे। यस 'चरिय'-मा यो कथा संक्षेपमा वर्णन गरिएको छ।

पल्हनका दुइवटा कृतिहरू नेमि बारहमाषा (16 श्लोकहरू) र 'आबु रास' (51 श्लोकहरू) जुन 1253 मा लेखिएका थिए अहिले उपलब्ध छन्। जैन कवि-हरूमा नेमिनाथ र राजिमती 'राजुल' को कथावस्तु निकै लोकप्रिय भएको थियो। 22वाँ तीर्थंकर नेमिनाथ महाराजा समुद्रविजयका पुत्र र श्रीकृष्णका भतीजभाई थिए। उनको विहे उग्रसेनकी पुत्री राजिमतीसंग हुने निश्चय भएको थियो। जब बिहेको बरियाँत उग्रसेनको महलमा आइपुग्यो, नेमिनाथले आफ्नो बिहेमा जन्ती-लाई खुवाउन भनी ल्याएका पालतू पशुहरू र चराहरूको करुण क्रन्दन सुने। जब उनले यी निर्धा प्राणीहरूमाथि हुने क्रूरतापूर्ण आघात बारे सोचे उनको मन करुणाले अभिभूत भयो र उनी संसारत्यागी भएर आत्मिक सनातन शान्तिको खोजीमा गिरनार आइपुगे। राजिमती यो खबर सुनेर हतबुद्धि भइन्। तर तिनले पनि त्यही मार्गको अनुसरण गर्ने निश्चय गरिन् र तिनले नेमिनाथबाट आत्मत्याग-स्वानु-भूतिको लागि दीक्षा लिइन्। राजिमतीको भावुकता तथा कोमल अनुभूतिहरूको चित्रण गर्नलाई, यस विषय-वस्तुमा रचिएका कविताहरू स्थल-स्थलमा अत्यन्त मर्मस्पर्शी भएका छन्। उल्लिखित काव्य मरुगुर्जर भाषाको सर्वप्रथम 'बारहमासा' कविता हो। राजिमतीले नेमिनाथलाई फेरि कहिल्यै भेट्न् सकिनन्, साउन महिना-देखि शुरू भएको वर्षको प्रत्येक महिनामा उनको वियोग-वेदनाको वर्णन गरिएको छ। अन्य 'बारहमासा'-हरु भन्दा बेग्लै किसिमले यसको अन्तमा नायिकाले संन्यासधर्मको दीक्षा लिएको देखाइएको छ।

'आबु रास' मा मन्त्रीहरू विमल र वस्तुपाल तथा तेजपाल द्वारा आबु पर्वतमा मन्दिरहरूको निर्माण गरिएको विषयमा लेखिएको छ ।

लक्ष्मीतिलक गणी रचित 'शान्तिनाथदेव रास' प्रायः 1256 ई०मा लेखिएको थियो । यसमा जैनहरूको 16रौं तीर्थंकर शान्तिनाथको जीवनको संक्षिप्त वर्णन गरिएको छ र साथै यस कृतिमा जिनपति सूरि द्वारा 1201 ई०मा खेडको मन्दिरमा र 1256 मा जालोरको मन्दिरमा भगवानको मूर्तिको प्रतिस्थापना गरिएबारे पनि विवरण पाइन्छ । यस कारण यस कृतिले केही ऐतिहासिक तथ्यहरूको पनि उद्‌घाटन गर्दछ ।

सोममूर्तिका चारवटा रचनाहरू, जो प्रायः 1274 ई०मा लेखिएका थिए, उल्लेखनीय छन् विशेष गरेर काव्यकलाको दृष्टिकोणले । ती कृतिहरू हुन्—(1) 'जिनेश्वर सूरि विवाह वर्णन रास', (2) 'जिनप्रबोध सूरि चरचरी', (3) 'गुरावली रेलुआ', र (4) जिनप्रबोध सूरि बोलिका' । यिनमा पहिलो कृति रूपक हो जसमा जिनेश्वर सूरिको संयमश्रीसंग विवाह, उनले लिएको संन्यास-दीक्षा र खेड़मा एउटा शिष्य हुनलाई उनको कार्य बारे वर्णन गरिएको छ ।

रत्नसूरिका शिष्य उदयधर्मद्वारा रचित 'उवाएशमल कहाणय छप्पय' एउटा उपदेशात्मक कृति हो जुन चांहि 81 छप्पय छन्दमा लेखिएको छ ।

राल्ह वा राजस्थानका जिनदत्तसूरिले 1290 ई०मा 553 वटा श्लोकहरूको रचना गरेका थिए, जसमा सेठ जिनदत्तको जीवनीको वर्णन गरिएको छ र यो जैन समुदायमा प्रत्यन्त प्रचलित भएको छ । यस कृतिको भाषा हिन्दी मिश्रित राजस्थानी हो जसमा अपभ्रंशको पनि अल्प छाप परेको छ । यो एउटा वर्णनात्मक र प्रेममय जैन काव्य हो । अर्को प्रचलित काव्य 'प्रद्युम्न चरित' यसै प्रकारको छ जसमा 701 श्लोकहरू छन् र यो सधारू कविद्वारा 1354 ई०मा लेखिएको थियो । यसमा प्रद्युम्नको जीवन-कथाको वर्णन गरिएको छ । यसको भाषा हिन्दी हो जसमा राजस्थानी र अपभ्रंशको पनि केही मात्रामा मिश्रण भएको छ ।

अमदेव सुरिको 'समरा रास' मा 105 श्लोकहरू छन् जुन 11 वटा भाषा (अध्याय) मा विभक्त छ् । यो एउटा महत्वपूर्ण काव्य-कृति हो । यसमा समरसिंहको नेतृत्वमा संघपति देसल र तिनका अनुयायीहरू द्वारा गरिएको शत्रुंजयको तीर्थ-यात्राको विशद वर्णन गरिएको छ । यस काव्यमा पनि त्यस कालका प्रचलित छन्दहरूको प्रयोग गरिएको छ । यस कृतिले त्यस यात्रासंग सम्बन्धित केही विस्तृत ऐतिहासिक र भौगोलिक सूचनाहरू उपलब्ध गराउँछ ।

जिन पद्‌मसूरि को 'थुलिभद्द फाग' जुन 1353 ई०मा रचिएको थियो, स्थूलिभद्रको जीवनमा भएका भयंकर घटनाहरूमाथि आधारित छ ।

स्थूलिभद्र मगधका नौवां राजा नन्दका ब्राह्मण मंत्री (आमात्य) शकटार (शकडल)-का पुत्र थिए । यिनी कोश्या नाम गरेको एउटी सुन्दरी वारवधूको प्रेममा

आसक्त भए र रागरंगमा तिनले 12 वर्ष त्यस स्त्रीसंग बिताए। त्यही समयमा, राजकीय षड्यन्त्रमा उनको निर्दोष पिताले आफ्नो ज्यान गुमाउन पऱ्यो र पुत्रले आफ्नो मरणासन्न पिताको अंतिम दर्शन गर्न पनि पाएनन्। तिनी जीवनको अस्थिरता, दुनियाको वैभवप्रति चिन्तन गर्न थाले र उनले संसारत्यागी बन्ने निश्चय गरे। उनले आचार्य सम्भूतिविजयबाट दीक्षा ग्रहण गरे। आफ्नो स्व-नियंत्रण संयमको परीक्षा लिन उनले आफ्नी प्रेयसी कोश्याको घरमा चतुर्मास व्यतीत गरे। त्यहाँ त्यस नारीले उनलाई आकर्षित गर्न अनेक प्रकारका सम्भव तरीकाहरूले कोशिश गरी, तर उ सफल हुन सकिन। उनले आफ्ना सबै आवेग-हरूमाथि दमन गरिसकेका थिए। अन्तमा त्यस नारीले पनि उनैको पथको अनुसरण गरी।

अहिलेसम्म प्राप्त भएका 'फागु' हरूमा यो प्रथम 'फागु' हो। यसलाई 'फागु' यसै कारण भनिन्छ किनकि यसमा फागुन महिनासित सम्बन्धित चित्रमय वर्णन गरिएको छ। तर यसमा वर्षा ऋतुको वर्णन गरिएको छ। अन्य काव्य कृतिहरूमा झैं, यसमा वसन्तको पनि वर्णन गरिएको छैन। 27 वटा श्लोकहरू भएको एउटा सानो काव्य जसलाई सात अध्याय (भाषा) हरूमा बाँडिएको छ, यो गीत गाउनका निम्ति लेखिएको हो। यसको वाक्य-विन्यास पनि अनुप्रासहरूले भरिएका छन्। वर्षाकालको पृष्ठभूमिमा, कोश्याको आसक्तिपूर्ण भावभंगिमाको विवरण बड़ो स्वाभाविक र आकर्षक भएको छ। अन्य काव्यहरूमा जस्तै यो पनि नायक-द्वारा संसार त्याग गरेको घटनासंग अन्त हुन्छ।

शालिभद्रसूरि (पूर्णिमा गच्छा का) को 'पंचपाण्डव चरित रासु' 1353 ई. मा रचिएको थियो र यो 15 ठावणीहरूमा विभाजित गरिएका 795 श्लोकहरूको विशाल वर्णनात्मक काव्यकृति हो। यसमा महाभारत कथाको आधार लिएर पांडव-हरूको कथा भनिएको छ, तर यसले जैन परम्पराको अनुसरण गरेको छ। यस कृतिको अन्तमा, नेमि मुनिका उपदेशहरूको प्रभावले गर्दा पाण्डवहरूले जैन धर्म स्वीकार गर्छन्।

सन् 1355 ई. मा रचित उपाध्याय विनयप्रभको 'गौतम स्वामी रास' एउटा काव्यात्मक सौन्दर्य भएको कृति हो र यसमा अत्यन्त लोकप्रिय भएको कुरो चाँहि हो—जैन श्रावकहरू द्वारा यो प्रतिदिन पाठ गरिने काव्य हो। यो प्रायः अलंकार-पूर्ण छ र यसमा दिइएका छंदहरू पनि गायनको लागि उपयुक्त छन्।

शालिसूरिको 'विराट पर्व' पनि जुन 1421 ई. मा रचिएको थियो, एउटा अर्को लामो पौराणिक वर्णन भएको काव्य हो जसमा 183 श्लोकहरू छन्। यसमा कविले महाभारतको 'विराट पर्व'को कथालाई आफ्नै शैलीमा वर्णन गरेका छन्। सम्पूर्ण काव्यमा संस्कृतको वार्णिक छन्दको प्रयोग भएको छ जुन मरुगुर्जरको काव्या-त्मक रचनाहरूमा एउटा दुर्लभ स्वरूप भएको छ।

राजशेखरसूरि आफ्नो विद्वत्ताको लागि प्रसिद्ध भए। संस्कृतमा लेखिएको उनको 'प्रबन्ध कोश' 1348 ई.मा लेखिएको थियो, जुन चाँहि मध्यकालीन हिन्दू इतिहासको लागि एउटा स्रोत सामग्री हुन गएको छ। उनले आफ्नो श्रेयको लागि दुइवटा बड़ो प्रचलित काव्यहरू—'नेमिनाथ फागु' र 'त्रिभुवन दीपक प्रबन्ध' लेखेका छन्। मरु-गुर्जरमा रचित 'नेमिनाथ फागु' 27 वटा श्लोक भएको काव्य-कृतिमा माथि उल्लिखत नेमिनाथको विषयमा लेखिएको छ। वसन्त ऋतु को वर्णन, राजिमतीको सौन्दर्य र उनको प्रेमासक्तिको एवं उनको वियोगको वर्णन अत्यन्त आकर्षक छ। जिनपद्मसूरिको 'ठुलिभद्र फाग' तथा यस्तै अरु केही कृतिहरूको प्रभाव यसमा देखिन्छ। 'प्रबन्ध' लयात्मक शैलीमा लेखिएको विशद वर्णनात्मक काव्य हो। यो एउटा रूपक पनि हो र मरुगुर्जरमा यस किसिमको यो एकमात्र कृति हो। यस काव्यमा भिन्न-भिन्न तत्वहरू प्रस्तुत गरिएको छ जस्तै विभिन्न मानवीय चरित्रहरू औ साथै राम्रा चरित्रहरूको नराम्राहरूमाथि विजय भएको पनि देखाइएको छ। सर्वोच्च आत्मालाई एउटा सुन्दरी नारी (माया) द्वारा फदामा बाँधिएर शरीररूपी नगर (कायानगरी) मा बन्दी बनाइयो। उसको मन्त्री मन (मनुष्य) पूर्णतः शक्तिशाली बन्यो। उसले दुइवटी नारीहरू, आसक्ति (प्रवृत्ति) र मुक्ति (निवृत्ति) संग बिहे गर्‍यो र तिनीहरूको क्रमशः दुइ छोराहरू मोह र विवेक जन्मिए। मोहले कायानगरमाथि कब्जा गर्‍यो तर उसका सौतेला भाई विवेकले आफ्ना दुइवटी पत्नीहरू-संयमश्री र सुमतिको सहायताले उसलाई पराजित गर्‍यो र सर्वोच्च आत्मालाई सिंहासनमाथि पुनः बसायो। यस काव्यमा गद्य पनि यत्र-तत्र छरिएका छन्।

हीरानन्द सूरि, महोपाध्याय जयसागर अनि देपाल प्राचीन युगका केही अरु प्रसिद्ध कविहरू भएका छन्।

यस प्रकारको साहित्यमा हामीले जैन अध्यात्मवादको धर्म, नीति औ उपदेश-का तत्वहरूको उल्लेखनीय मिश्रण पाउँदछौं। जब काव्यात्मक दृष्टिकोणले हामी यस साहित्यको मूल्यांकन गर्दछौं, हामीले यी कविहरूको वास्तविक उद्देश्य तथा जीवनप्रतिको व्यवहारलाई पनि मनमा राख्न पर्दछ। तिनीहरूको आफ्नै पाराले, तिनीहरूले मनुष्य र समाजलाई आध्यात्मिक दृष्टिले सुधार्ने कोशिश गरेका छन्। यी जैन कृतिहरूमा एउटा धार्मिक वातावरण व्याप्त भएको छ। यत्र-तत्र पद्यात्मक लोककथाहरू तथा अन्य कथाहरू प्रकृतिको, सौन्दर्यको शृंगारको वर्णन तथा केही अन्य विशेष स्थितिहरूको आकर्षक वर्णनहरू पनि दर्शनीय छन्। नेमिनाथ-राजमती, स्थूलिभद्र-कोश्या, जम्बुस्वामी इत्यादि कामविषयमा लेखिएका रचनाहरू तुलना-त्मक दृष्टिले अत्यन्त मनोहारी छन्, किनकि तिनमा कोमल मानवानुभूति पनि गाँसिएका छन्। पछिल्ला अनेक काव्यहरू अघिका काव्यहरूको केही विशेष विषयमा अनुकरणहरू हुन्। यस्ता काव्यहरूले आधुनिक पाठकहरूलाई आकृष्ट

गर्नमा असफल भएका छन्, किनकि यी एउटै किसिमका एकरस खालका काव्यहरू हुन् । यी बाहेक अन्य रचनाहरू अहिलेसम्म पनि त्यति कै आकर्षक छन् जुन बेला ती रचिएका थिए । कविहरूले अनेक प्रकारका काव्यात्मक रूप र उद्देश्यहरूको प्रयोग गरेका छन् ।

जैनहरूले विद्याको जगतमा ठूलो सेवा प्रस्तुत गरेका छन् । यिनीहरूले जैन साहित्य र संस्कृति का सामग्रीहरू सुरक्षित राखेर मात्र सेवा गरेनन्, तर समग्र देशको संस्कृति र साहित्यको निम्ति पनि यिनीहरूले योगदान पुर्‍याएका छन् । तिनीहरूले सरल भाषामा काव्यात्मक रूप दिएर अनेक लोककथाहरूको परम्परा-लाई जीवित राखेका छन् । तिनीहरूका प्रबन्ध पुस्तकहरूमा एकात्म्य लौकिक-प्रेम र चारण-शैलीका श्लोकहरूको प्राचीन उदाहरणहरू उपलब्ध छन् ।

लौकिक प्रेम काव्य

आचार्य हेमचन्द्रको 'व्याकरण' र 'प्रबन्ध' पुस्तकहरूमा प्रभाचन्द्रसूरिको 'प्रभा-वक चरित' (1277 ई०) मेरुतुंगको 'प्रबन्ध चिन्तामणि' (1304 ई०), राजशेखर सूरिको 'प्रबन्ध कोश (1348ई०), 'शुभश्री' (1442ई०)का 'कुमारपाल प्रतिबोध 'उपदेश सप्तति' तथा 'विक्रम-चरित' जस्ता साहित्यिक झांकीहरूको संग्रह-जस्ता कृतिहरूमा धेरै यस्ता फुटकल पदहरू पाइन्छन् जसको भाषा सरल अपभ्रंश वा अपभ्रंश मिश्रित 'देशी भाषा' वा 'मरु-गुर्जर' छ । यस्ता कृतिहरू मुख्य रूपले बाह्रौं शताब्दीदेखि सो ह्नौं शताब्दीको पूर्वार्द्ध भित्र रचना गरिएका थिए । यिनका विषयवस्तुहरू पनि विविध थरिका छन् । प्रेम औ वियोगको संवेग, संताप, वीरता, कामानुभूति, वीर नारीहरूको अभिमान र गौरव, नीतिज्ञता, ऐतिहासिक तथ्य र व्यक्तिहरू, लोकप्रिय कथन तथा वस्तुपरक विवरणहरू पर्याप्त मात्रामा छन् । ती कृतिहरू रूपकको साथै धार्मिक पनि छन् । कतिपय पदहरू त माथि उल्लिखित एकभन्दा बढ़ी कृतिहरूमा पनि उद्धृत गरिकाए छन्, कारण हो यिनको लोकप्रियता र आकर्षक कथन । यी कृतिहरूमा केही राजस्थानी रूपमा विकसित भएका कथा-कृतिहरू अहिले पनि राजस्थानमा उतिकै लोकप्रिय छन् । कतिपय कथालाई संक्षिप्त रूपमा पनि लिइएको छ र पछिका राजस्थानी कविहरूले यसलाई नयाँ रूप पनि दिएका छन् । यस कुरोले यस्ता काव्यहरूको दीर्घ परम्परा र जनप्रियता देखाउँछ । हेमचन्द्रको व्याकरण पुस्तकबाट दुइवटा उदाहरणहरू यहाँ तल दिइन्छ :

'कागलाई उड़ाउन पनि जब उ निहुरिएकी थिई, त्यस स्त्रीले अकस्मात् आफ्नो पतिलाई देखी जो धेरै समयदेखि उ देखि टाढ़ो परदेश गएको थियो । त्यस स्त्रीका हातबाट आधा जति बाँईहरू भूइँमा खसे जो पति-वियोगको कारणले दुर्बल भएको हुनाले खकुलो भएका थिए । शेष चुराहरू चाँहि अचानकको खुशीले

चीत्कार गर्दा आफैं फुटे, आफ्नो पतिलाई देख्दा उसको मनमा अपार खुशी उत्पन्न भयो। (352/1)। यो दोहा राजस्थानीमा औधि प्रचलित छ। तेस्रो भागको अर्थमा मात्र अलिकति भिन्नता छ, जस्तै आधा जति बाँईहरू कागको चिच्रोमा खसे। अर्को पद्य छ (338/1)। ती मानिसहरू जसले आफ्ना राम्रा गुणहरू लुकाउँछन् र अरुको सानो गुणको पनि उल्लेख गर्दछन् तिनीहरू निश्चय नै महान् हुन्छन्। यस्तै महानताको लागि म आफुलाई बलिदान गर्न पनि तत्पर छु।'

यी बाहेक, काव्यहरू जसलाई 'बारह मासा' (12 महीना), षटऋतु (6 ऋतु) अनि फागु (वसन्त ऋतु बारे) भनिन्छ, पनि रचिएका थिए। विक्रमादित्य, भोज, हंसराज, वच्छराज विद्याविलास, सद्यवत्स, अम्बड इत्यादि विषयका लोककथा-हरू पनि धेरै-धेरै कविहरूले रचेका थिए। यहाँ हामी केही महत्वपूर्ण कृतिहरूमाथि विचार विमर्श गर्दछौं।

नरपतिनाल्ह रचित 'बीसलदेव रासो' का तीन बेग्ला-बेग्लै संस्करणहरू प्रकाशित भएका छन्। यस रचनाको मितिबारे विवाद छ, तर हामी यसलाई अनुमानसंग चौधौं शताब्दीको पूर्वार्द्धतिर भएको हो भन्दछौं। यसको कथा सामान्य छ। राजा भोज परमारकी पुत्री राजमतीको बिहे अजमेरका बीसल-देवसंग भएको थियो। प्रथम भेंटमा नै एउटा असाधारण घटना घटित भयो। बीसलदेवले बड़ो अभिमानसित यो घोषणा गरे कि उ-जस्तो राजा अरु कोही छैन। यस कथनको विरोध गर्दै राजमतीले टिप्पणी गरिन् कि उनी-जस्ता राजा अरु पनि धेरै छन्। ती मध्ये एक जना उड़िसामा छन्, जसको राज्यमा खानिबाट हीरा उत्पन्न हुन्छन् जबकि उनको (बीसलदेव) सांभर झीलले खाली नून मात्र पैदा गर्छ। बीसलदेवले आफुलाई लज्जित र अपमानित भएको अनुभव गर्छन् र बिन्ती गरे कि उनी उड़िसा गएर त्यहां हीरा जम्मा गर्नका निम्ति 12 वर्ष सम्म बस्नेछन्। राजालाई फर्काएर ल्याउने रानीका जम्मै प्रयत्नहरू विफल भए। अन्तमा, यस 12 वर्षको अवधि पछि राजमतीले एकजना पुरोहितलाई राजालाई फर्काइ ल्याउन भनेर पठाइन्। राजा फर्केर आए।

यो एउटा शृंगारिक वर्णनयुक्त काव्य हो जसमा गायनको निम्ति पदहरू छन्। विरह-अवस्थाको दुःखको अभिव्यक्ति यसमा 'बारहमासा' अन्तर्गत गरिएको छ, जुन कार्तिक (अक्तूबर-नवेम्बर) देखि आरम्भ हुन्छ। यो अत्यन्त मर्मस्पर्शी वर्णन छ। कृतिमा राजमती जस्तो एक अविस्मरणीय चरित्र दिइएको छ। यिनी बोलीमा तीखी र स्वभावमा स्वच्छन्द देखिन्छिन्। उनले झूटो दम्भ र देखावालाई टेकुआ दिन्नन्, तर साथै तिनमा प्रेम सम्बन्धी स्त्रियोचित कमजोरी पनि छ। उनका कोमल भावनाहरूलाई अनेक प्रकारले अभिव्यक्ति दिइएको छ। जब बीसलदेव जानलाई तयार हुन्छन्, रानी भन्छिन्—'हे स्वामी, दुइवटा दुःखले

मलाई प्रत्येक बिहानी सताउँछन् । एउटा, यो मेरो आलस्यपूर्ण यौवन जसले मलाई मृत्युतर्फ लैजाने छ र अर्को, मैले बाँझी (अपुताली)-को उपाधि पाएको दुःख। (42, 6, गुप्तको संस्करण) ।

'वसन्त विलास फागु'-ले अनेक विद्वान्हरूको ध्यान आकर्षित गरेको छ । र यसका कतिपय संस्करणहरू छापिएका छन् । यस काव्यका दुइवटा संशोधित संस्करणहरू—सानो र ठूलो जसमा क्रमशः 52 र 84 वा 86 दोहाहरू छन्—उपलब्ध छन् । यसको लोकप्रियता र क्षेपकहरूको कारणले, यो काव्य पूर्णतः लौकिक हो र जुन चाँहि गायनको निमित्त लेखिएको हो । प्रत्येक दोहापछि संस्कृत वा प्राकृतको श्लोक त्यही भावुकताको चित्रण गर्ने खालका दिइएका छन् । यी श्लोकहरू 'नैषधीय चरित,' 'शिशुपालबध,' 'कुमार संभव', 'शाकुन्तल', 'अमरू शतक', 'कर्पूरमंजरि,' 'प्रबोध चन्द्रोदय', 'सुभाषितावली', 'सारंगधर पद्धति,' 'सदुक्तिकर्णामृत' इत्यादिबाट लिइएका छन् । यी दुइवटा संशोधित संस्करणमा एउटा मात्र प्रामाणिक हुन सक्छ । यसका रचयिता अज्ञात छन् तर निश्चय नै उनी जैन कवि थिएनन्, किनकि यस विवरणमा जैन-दर्शन र धर्मको कतै पनि छाँया परेको छैन । यसै कारण यो शुद्ध रूपले लौकिक काव्य हो । यसको रचना प्रायः 1350 ई. तिर भएको थियो । यसको रचनामा एउटा अंतर्यामिक अर्थात् पंक्ति भित्रको अनुप्रास र अन्त्यानुप्रासः छ जुन संगीतको प्रभावको लागि राखिएको हुनु पर्छ । वसन्त ऋतु र यसको शृंगारी क्रीड़ाहरू कामदेवको पूर्ण अधिकार र प्रभाव, वियोगको मर्मान्तिक कष्ट, स्वामी र स्त्रीको पुनर्मिलन, र नारीको शारीरिक सौन्दर्यबारे बड़ो भावुकता सहित वर्णन गरिएको छ । वसन्त ऋतु र यसको शृंगारिक-सुख प्राप्ति नै यस काव्यका प्रधान भावनाहरू हुन् । यिनको वर्णन मधुर एवं सहज शैलीमा भएको छ । एउटा दोहाको भाव यस प्रकार छ :

"दुवै उन्नत उरोजहरूले असल योद्धाहरू झैं लँड़ाईमा समर्पण गरेनन् । यद्यपि यस शृंगारी लँड़ाईमा स्वामी विनम्र प्रतियोगी छन् योद्धाहरूले आपना लौहवस्त्र अर्थात् उरोजको आवरणलाई फ्याँकिदिए ।"

'शृंगारशतक' एउटा अज्ञात कविको 105 श्लोक भएको रचना हो, जसको रचना प्रायः 1350 ई. तिर भएको हुनु पर्छ । यो पनि एउटा शृंगारिक काव्य हो, जुन सामान्य नायिकाको विवरणबाट आरम्भ हुन्छ र त्यस पछि वसन्त ऋतुदेखि आरम्भ गरेर छ वटा ऋतुहरूको सविस्तार चित्रण गरिएको छ । वियोगको भोगाई र पीड़ा तथा संयोगको शृंगारिक सुख, वर्षको छ ऋतुहरू अन्तर्गत प्रकृतिको बदलँदै जाने मनोदशा र विशेषताहरू समेत यसमा रसपूर्ण भाषामा अभिव्यक्त गरिएको छ । यसको मुख्य विषय 'वसन्त-विलास फागु' संग कमबेसी मिल्न जान्छ ।

कविले यसमा विभिन्न वार्णिक छन्दहरूको प्रयोग गरेका छन्।

'हंसराज वच्छराज चौपाई' मरुगुर्जर भाषाको सबैभन्दा पुरानो पद्यात्मक लोककथा हो, जसको रचना जैन कवि विजयभद्र द्वारा 1354 ई. मा भएको थियो।

यस दन्त्यकथामाथि आधारित अझ प्रचलित काव्य हो 'हंसावली', जसको रचना एकजना ब्राह्मण कवि आसाइतले 1370 ई. मा गरेका थिए। यसमा मुख्यत: चौपाई र दोहा छन्द का कुल 438 पद्यहरू छन् र यो चार भागमा विभाजित छ। पाहिठाणका राजा नरवाहनले पाटणका राजा सनकभ्रमकी छोरी हंसावलीलाई सपनामा देखे। उसको बारेमा यो प्रसिद्ध कुरो थियो कि उ शुरूदेखि पुरुषहरूप्रति नितान्त घृणा गर्ने स्त्री हो, तर कुनै प्रकारले पनि नरवाहनका मन्त्री मनकेसरले आफ्नो राजाको बिहे यस स्त्रीसंग गराउनमा सफल भए। यिनीहरूका दुइ भाई छोराहरू बच्छराज र हंसराज जन्मे। एक पल्ट युवक हंसराजले कामोन्मत्त प्रमुख रानी लीलावतीको वासनायुक्त प्रस्तावलाई अस्वीकार गरिदिए। फलस्वरूप त्यो असंतुष्ट रानी अत्यन्त क्रुद्ध भई र त्यसले यी दुवै भाईहरूलाई मृत्युदण्ड दिलाउने षड्यन्त्र रची। जतिनै गरे ता पनि सजाय-अनुसार ती भाईहरूको हत्या गरिएन, तर ती दुवैलाई लगेर जंगलमा छोड़िदिए जहाँ तिनीहरूले अकथनीय कष्ट सहन गर्न पऱ्यो। बच्छराजले राजा सनकभ्रमकी छोरी चित्रलेखा-संग प्रेम गर्न थाल्यो र अनेक साहसिक यात्राहरू पछि उसंग बिहे गर्न सफल भयो। त्यसलाई उसको शत्रु पुष्पदन्तले छल गरेर समुद्रमा फ्यांकिदियो, तर उसलाई बचाइयो। हंसराजले मानो भाग्यले गर्दा होला, कान्तिनगरको राज्य प्राप्त गऱ्यो जुन चाँहि पहिले एउटा यस्तो राजाको राज्य थियो जो सन्तानहीन नै मरेको थियो। त्यहाँ नै बच्छराजको हंसराजसंग मिलन भयो।

यो काव्यकृति, यसको उद्देश्य, भाषा, प्राचीन ऐतिहासिकता र तत्कालीन समाजको चित्रणको लागि महत्वपूर्ण छ। यसको काव्यगत मूल्य त्यति अधिक छैन। यसमा प्रमुख रस श्रृंगार र अद्‌भुत छन्।

'सदय वत्स वीर प्रबन्ध' 730 श्लोक भएको एउटा कथात्मक काव्य हो, जसको रचना भीम कविद्वारा 1409 ई. तिर भएको थियो। सदयवत्स र सावलिंगाको किम्बदन्ती राजस्थान, गुजरात र छिमेकी भू-भागमा प्रचलित रहेको थियो। यस कथाको उल्लेख अब्दुल रहमानको 'संदेशरासक' र जायसीको 'पद्मावत'-मा पनि भएको छ। यस कथाका विभिन्न संशोधित संस्करणहरू गुजराती र राजस्थानीमा पाइन्छन्। ती मुख्यत: दुइ रूपमा छन्—पद्य तथा पद्यमिश्रित गद्यमा। पछिका राजस्थानी संस्करणहरू चाँहि प्राय: मिश्रित रूपमा छन् र यस कथाकी नायिका सावलिंगालाई एकजना प्रेमिकाको रूपमा चित्रित गरिएको छ, तर प्रस्तुत काव्यमा एउटी पत्नीको रूपमा चित्रण गरिएको छ। यी काव्यहरू पनि वीरता-

भन्दा अधिक श्रृंगारिक देखिन्छन् । यो प्रबन्ध यस लोककथामा आधारित प्रथम प्रबन्ध हो । सदयवत्स उज्जैनका राजा प्रभुवत्सका पुत्र थिए । प्रतिष्ठानका राजा शालिवाहनकी पुत्री सावलिंगाले स्वयम्वरमा उनलाई आफ्नो पतिको रूपमा चुनाव गरेकी थिइन् । एक पल्ट सदयवत्सले एउटी गर्भवती ब्राह्मण स्त्रीलाई जयगण नामक राजाको पगला हात्तीबाट बचाएको थियो । यस कुराले राजा यति प्रसन्न भए कि उनले सदयवत्सलाई आफ्नो राज्यको उत्तराधिकारी बनाउने निश्चय गरे । तर, पछि राज्यको मन्त्रीले राजाको कानमा जहर हालीदियो । यसकारण सदयवत्सलाई देश निकालाको सजाय दिइयो । सावलिंगा पनि उनको साथमा गइन् । यस घटना-पछि कविले सदयवत्सका साहसिक यात्राहरू तथा चमत्कारिक कार्यहरूको कथा-त्मक वर्णन गरेका छन् । कहीं-कहीं यसभित्र चाखलाग्दा कथाहरूपनि बुनिएका छन् । अन्तमा, सदयवत्सलाई आफ्ना पिताद्वारा सिंहासनमा बसाइयो ।

जस्तो कि यस किताबको शीर्षकले भन्छ, यस काव्यमा सदयवत्सको वीरता-का कार्यहरूको वर्णन गरिएको छ । यस प्रकारको वीरतापूर्ण कार्यमा उ आफ्नो प्रेममय भद्रतापूर्ण स्वभावद्वारा प्रेरित भएको देखाइएको छ । कविले आरम्भमा प्रगट गरेका छन्—'यस कथालाई उनी नौ वटा रसमा भन्नेछन्', तर यसमा मुख्य रस वीररस छ जसको अनुसरण श्रृंगार र अद्भुतले गरेको छ । मूलत: यो लोक-कथा एउटा प्रेमकथा हो र यसमा साहसिक कार्यहरूलाई सहायक घटनाहरूको रूपमा दिइएको छ । यसको भाषा मरुगुर्जर छ जहाँ कतै-कतै अपभ्रंशको छाप पनि पर्न गएको छ । काव्यगत सौन्दर्यको उद्देश्य, भाषा तथा तत्कालीन समाजको चित्रण-को दृष्टिले हेर्दा यस कृतिको यसकालका प्रमुख काव्यहरूमा स्थान छ । जब यसको रचना भएको थियो, हामीलाई लाग्दछ कि त्यस बेला सामन्त राजाहरूमा बहु-पत्नीत्व एउटा स्वीकृत सामाजिक चलन थियो । राजाहरूको पथप्रदर्शन उनको आफ्नो न्याय-विवेक-भन्दा उनका मन्त्रीहरूको परामर्शद्वारा हुन्थ्यो ।

एउटा एकान्त जंगलमा, सावलिंगालाई साह्रै नै तिर्खा लाग्छ, तर तिनले आफ्नो आवश्यकतालाई सीधा रूपमा प्रकट गर्दिनन् । तिनले भनिन्—

"हे स्वामी, जंगलमा मृगहरूले आफुलाई जलबिना कसरी जीवित राख्छन्: ? उति नै बेला उत्तर आउँछ—तिनीहरू प्रेमको जल पिउँदछन् जसद्वारा प्रेमपूर्ण आँखाका तलाउहरू भरिएका छन् ।"

बाटोमा, जब तिनीहरू एक जोड़ी मृगहरूलाई देख्छन्, सावलिंगाले सोधिन्—

"यिनीहरूलाई शिकारीले मारेको जस्तो देखिन्न, कारण यिनीहरूको शरीरबाट रगत बगेको छैन् । न त काँड़ नै देखिन्छ, भन हे सुदा, तिनीहरू कसरी मरे होलान् ।

र उसको उत्तर थियो—दुवैले आफ्नो तिर्खा मेटाउन पर्याप्त पानी पाएनन्, एउटा-ले अर्कोलाई पानी पिउन दियो तर अर्कोले दिएन। यस प्रकार दुइजनामा कुनैले पनि पानी पिएनन्। त्यही समयमा पानी पनि सुकिहाल्यो र यस प्रकार तिनीहरू मरे।"

'मलयसुन्दरी कथा' 1421 ई० तिर रचिएको थियो जसका कवि थिए माणिक्यसुन्दर सूरि। यिनले 'पृथ्वीचन्द वागविलास' को पनि रचना गरेका थिए। यसमा चन्द्रावतीका राजा वीरधवलकी पुत्री राजकुमारी मलयसुन्दरी र प्रथ-विष्ठानपुरका राजा सूरजपालका पुत्र महाबल-माँझको प्रेमको कथा छ। महाबलले राजकुमारीलाई झ्यालमा बसिरहेको देखे। देखेर दुवै एक अर्कोको प्रेममा डुबे र पछि बिहे पनि गरे। तिनीहरूले भयंकर अपशकुनहरूको सामना गर्न पर्‍यो, र वीरता, परिश्रम एवं सहनशीलताद्वारा यी विपत्तिहरूमा सफलता पाए। यस काव्यमा अनेक चमत्कारिक घटनाहरू दिइएका छन्। यो प्रेमको विषय पद्यात्मक कथा हो र जैन कविहरूमा यो अत्यन्त प्रचलित रहेको छ। यस्ता काव्यात्मक कथा-हरूमा कविहरूले केही धार्मिक छाप पनि लगाएका छन्।

'**विद्याविलास पंवाड़ो**' नामक काव्यका रचनाकार हीरानन्द सूरि हुन्। यस काव्यमा 189 श्लोकहरू छन् र यसको रचना 1428 ई० मा भएको हो। यसको कथाको आधार हो विनयचन्द्र रचित संस्कृतको 'मल्लिनाथ काव्य'। कविले यस-बाट मूर्खचट र विनयचटको कथा लिएका छन्। एकजना धनी व्यापारी धनवाह्-को चौथो छोरो धनसागर घरबाट निस्कन्छ यसो भन्दै कि उ उज्जैनको राजा हुनेछ। उ श्रीपुरमा आएर पाठशालामा भर्ना हुन्छ जहाँ राजकुमारी सोहागसुन्दरी र मन्त्रीका छोरा लच्छीनिवास पनि पढ़दै थिए। धनसागर मूर्ख थियो तर साथै विनम्र पनि र यसै कारण उसको उपनाम राखियो मूर्खचट। पछि यही नाम विनय-चट भयो। राजकुमारीको लच्छीनिवाससंग बिहे गर्ने इच्छा थियो, तर उसले यो कुरो मन पराएन, र उसको सट्टामा राजकुमारीको बिहे विनयचट संग गरिदिने इच्छा प्रकट गर्‍यो। लक्ष्मीनिवासले राजकुमारीसंग भेट गर्नलाई एउटा संकेत स्थल पक्का गर्दछ। त्यस तोकिएको ठाउँमा आइपुगे पछि राजकुमारीको विनय-चटसंग छलपूर्वक बिहे हुन्छ। विवाहपछि ऊँटमा चढ़ेर यो जोड़ी उज्जैन तर्फ लाग्यो र त्यहाँ दिनको उज्यालो भएपछि राजकुमारीले बड़ो असन्तोष र दुःखको साथमा देखिन् कि जुन मानिससंग तिनको बिहे भयो उ विनयचट थियो। विनयचट जसले पहिले नै विद्याकी देवी सरस्वतीको आशीर्वाद पाएको थियो, अब एकजना उच्च कोटिको विद्वान् भयो अनि उसले विद्याविलासको नाम प्राप्त गर्‍यो। पछि अनेक साहसिक घटनाहरूको सामना गरेर उ उज्जैनको राजा बन्यो।

पूर्वजन्मको ज्ञान जैनकविहरूको एउटा प्रिय विषय रहेको छ। यस ज्ञानको

पनि यहाँ उपयोग गरिएको छ। कविता गायनको लागि लेखिएको हो र यसमा संगीतका राग र रागिनीको पनि उल्लेख र संकेत गरिएको छ। यस काव्यमा अर्को महत्वपूर्ण तत्व के छ भनेदेखि यसमा राजदरबार, व्यापार र वाणिज्य, स्त्रीहरूमा शत्रुता र स्वागतको तरीका इत्यादि बारे पनि वर्णन गरिएको छ।

हीरभाटले पन्ध्रौं शताब्दीमा को पूर्वार्द्धमा 'मानकुतूहल' वा 'मानवती-विनयवती प्रबन्ध' को रचना गरे। यसमा इडारका राव गाइपाकी पत्नी विलालकुँवरी वा मानकुँवरीको दर्पअहंकारको प्रत्युत्तरको रूप दिइएको छ। विलालकुँवरी वा विनयवती दुवै डूँगरपुरका राजाका छोरीहरू थिए। यिनीहरूको विवाह टोडाका क्रमशः राव गाइपा र नाथराजसंग भएको थियो। अफीमसेवी नाथराज संधै नशामा रहन्थ्यो। यसकारण लालकुँवरीले कुनै प्रकारले राव संग भाग्ने प्रबन्ध गरिन्। विलालकुँवरीले आफ्नी बहिनीलाई सौताको रूपमा पाएर ईर्ष्या गर्थी। उ साह्रै नै घमण्डी थिई। यस कारण उसले आफ्नो पतिको जीवन कष्टपूर्ण बनाइदिई। एक पल्ट कवि हीर भाट रावकहाँ भिक्षा प्राप्त गर्न भनी आए। तिनलाई रावको दुखमय जीवनको कारण ज्ञात भयो र आफ्ना 114 श्लोकहरू द्वारा विलालकुँवरी र राव-माँझ समझौता ल्याउने चेष्टा गरे। यी पदहरू माथि उल्लिखित शीर्षक अन्तर्गत छन्। यसको भाषा अपभ्रंश मिश्रित राजस्थानी छ। यसको एउटा पदको भावार्थ यस प्रकार छ :

"लालकुँवरीले रावसंग विलालकुँवरीकहाँ जाने आग्रह गरी। उनले उत्तर दिए : हे सुन्दरी उ साह्रै नै मानवती (घमण्डी) छे औ मेरो हृदयले उसको मानको रसास्वादन गर्न सक्तैन। जुन सुनको 'कुण्डलले कानमा घाव बनाइदिन्छ त्यो किन लगाउनु ?"

मायण भट्ट (वा मायण बम्भ) द्वारा रचित प्रायः 40 वटा शृंगारिक पद्यहरू फुटकर कवित्त छन्दमा 'मायण छन्द'-को शीर्षक लिएको एउटा विचित्र कृति हो, जो हस्तलिखित ग्रन्थहरूमा उपलब्ध छ। यस कृतिमा प्रेमिकाको शारीरिक सौन्दर्य र शृंगारी भावनाहरू आचरण र क्रीड़ाहरूको बड़ो आकर्षक ढंगले वर्णन गरिएको छ। यसको वाक्य-विन्यास पनि 'वसन्त विलास' को जस्तै मधुर र कोमल छ। यस कवित्तको लोकप्रियता यस तथ्यद्वारा प्रमाणित भएको छ कि अर्का जैन कवि लावण्यको कृतिमा पनि यसका पद्यहरूको निकट प्रभाव परेको छ। यी पद्यहरूको छायाँ गुजराती कवि सामल-द्वारा अठारौं शताब्दीको शुरूमा रचिएको 'नन्द बत्तीसी'-मा पनि पर्न गएको छ। यसकारण मायण भट्टको यस रचनाको काल पन्ध्रौं शताब्दीको पूर्वार्द्धतिर भएको होला भनेर हामी तोक्न सक्छौं।

मायण भट्टले आफ्ना कवित्त छन्दमा बढ़ी संख्यामा रचेका पद्यहरूको कारण

प्रसिद्धि पाए। यसको परिणाम हुन गयो रणधवललाई बाध्य गराउनु, उसको एउटा अनुरोध तोड़नलाई जुन उनले पहिले गरेका थिए। यो अनुरोध थियो—उनले कुनै भाटलाई भिक्षा दिने छैनन्। यस घटनाको वर्णन राजस्थानी कथा 'रणधवल री बात'-मा पनि गरिएको छ, जसमा कविका केही पदहरू पनि अन्तर्भुक्त गरिएका छन्। गणपति कायस्थ रचित 'माधवनल कामकन्दला'-मा 'मायण पुराण'-को पनि उल्लेख गरिएको छ। तर जबसम्म कुनै तथ्यहरूबाट यो पुराण र अन्य प्रमाणहरू उपलब्ध छन् यसको रचनाकार मायण नै हुन् भन्ने पक्का गरी भन्न सकिन्दैन।

यद्यपि घाघ र भड्डरिका कतिपय कथन र सम्वादहरू विशेष गरेर मौसम बारे भविष्यवाणीसंग सम्बन्धित छन्, यस कविताको समालोचना अन्तर्गत आउँदैन कविताको खास अर्थमा। ती नामहरू 'मेघकाल भड्डरि', 'डाक भड्डरि' र यस्तै अरु विभिन्न नामहरू अन्तर्गत बड़ो लोकप्रिय छन्। यसमा पन्ध्रौं शताब्दीको पूर्वार्द्धका आदर्श अक्षरहरू अहिले पनि उपलब्ध छन्। यसको भाषा राजस्थानी मिश्रित अपभ्रंश छ। अन्तमा यो भन्न सकिन्छ कि यसका मूल कथन सूक्तिहरू एघारौं र तेह्रौं शताब्दीको बीचमा रचिएका थिए। एउटा पदले यसो भन्छ :

"एउटा बादल जसको रंग परेवाको प्वाँख जस्तै देखिन्छ र एउटी विधवा आईमाई जसले आफ्ना आँखाहरूलाई गाजलले सजाउंछे, निश्चय नै त्यो बर्सिन्छ र पुनर्विवाह गर्छे।"

चारण काव्य

एघारौं देखि चौध्रौं शताब्दीसम्म चारण-शैलीका काव्यहरू फुटकर पद्यहरूको रूपमा उपलब्ध भएका छन्, जसबारे हेमचन्द्रको 'व्याकरण' तथा 'प्रबन्ध' हरूमा उल्लेख गरिएको छ। यी काव्यहरू प्राय: पश्चिमी अपभ्रंशमा लेखिएका छन् तर कवितामा चाँहि अपभ्रंशको छाप परेको तत्कालीन विकसित राजस्थानी जस्तै छ। यस किसिमका पद्यहरूमा स्तुतिपूर्ण ऐतिहासिक र वीरतापूर्ण तथा शृंगारका अनुभूतिहरू मौलिक विवरणहरू, आचार र धार्मिक विषयहरूमाथि विचार गरिएको छ। यस प्रकारले कविता निम्नलिखित प्रकारका पदहरूद्वारा पहिले उल्लिखित भएका छन्।

यी ज्ञात वा अज्ञात चारणहरू र भाटहरूको अभिव्यक्ति हुन, र केही चारणहरूको नाम धुमण, रामचन्द्र, गागिल र हट्टी प्रविष्ट आदि छन्। रामचन्द्र चारणको पुरातन प्रबन्धको एउटा दोहाबाट भन्न सकिन्छ :

"हे सुन्दरी नारी, आज कायरहरू दुश्मनको भव्यता बारे तथा आफ्नो लघुत्व

बारे चिन्तित हुन्छन् । एउटा एकलो शक्तिशाली ताराले आकाश चम्काइदिन्छ न कि असंख्य ताराहरूले ?"

'कुमारपाल प्रतिबोध'-मा यो दोहा पाइएको छ, जसमा लज्जालु (भीरु) रुक्मिणीलाई कृष्णको आश्वासन बारे चित्रण गरिएको छ । हेमचन्द्रको व्याकरण-मा यो दोहा अलिकति अन्तरसित पाइन्छ । यी दुवै दोहाहरूमा कविको नाम दिइ-एको छैन । अरु धेरै दोहाहरूमा पनि कविको नाम अज्ञात छ । यसकारण यो ठोकेर भन्न सकिन्दैन कि यिनमा कति चाँहि दोहाहरू चारण कविहरूद्वारा रचिएका हुन्, यद्यपि तिनमा चारण-काव्य-प्रतिभाका परिचित विशेषताहरू स्पष्ट रूपले लिइएका छन् । यी विशेषताहरू हुन्— प्रेम तथा वीर भावनाको साथै करुणाको मिश्रण । केही पद्यहरूमा शृंगारको सूक्ष्म स्पर्श पनि दिइएको छ । हेमचन्द्रको व्याकरणमा एउटा यस्तो दोहा पनि छ जसको भावार्थ यस प्रकार छ :

"यदि शत्रुहरूलाई रणभूमिबाट खेदिपठायौं भने यो निश्चय नै मेरा पतिको वीरता द्वारा भएको हो । यदि हाम्रो पट्टि यो भाग्ने बाटो छ भने यो तब मात्र सम्भव हुन्छ जब मेरा पतिले मृत्युलाई अंगालेका हुन्छन् ।" (37912)

यस शैलीका कविहरूद्वारा वीरताका भावनाहरू अभिव्यक्त भएका छन् र परम्पराको विवरण पनि प्रचुर मात्रामा दिइएको छ । सिंह, जंगली शूकर, हात्ती, गोरू, गरुड़ अनि कोब्रा साँपहरूलाई क्रमशः दृढ़ता, भयानकता, कठोरता, शौर्य, द्रुतगति, आक्रमण र क्रोधका प्रतीकको रूपमा प्रयोग गरिएको छ । यहाँ व्याकरण बाट पुनः एउटा दोहाको भावार्थ दिइन्छ :

"गोरूको मालिकले गाड़ामा आफ्नो भारी राख्न असमर्थ भएर त्यो गह्रौं भारी आफैं बोक्छ । त्यस विश्वासी गोरू कराउँछ र इच्छा गर्छ कि उसको शरीर काटेर दुइवटा गोरू बनाउन पाए मालिकलाई केही आराम त हुने थियो ।" (34012)

दुइजना चारण कविहरू, आनन्द र कर्मानन्दले एकैसंग यस प्रकारले रचना गरेका छन् कि दोहाको प्रथम पंक्ति एउटाले रच्यो जसमा प्रश्न हुन्छ र दोस्रो पंक्ति अर्को कविले उत्तरको रूपमा रचेको हुन्छ । व्याकरणमा यस्तो प्रकारको दोहा पाइन्छ, जसमा आनन्द नाम पनि छ (40113) । मुनि कर्मानन्दलाई 'राम रासउ'मा श्रद्धासहित स्मरण गरिन्छ । यो पुस्तक 1593 ई० तिर माधवदास दुध-वाड़ियाले रचेका थिए । कर्मानन्द—रचित एउटा 'डिंगल भक्ति गीत' पनि प्राप्त

भएको छ। तर यो निश्चित छैन कि यी दुवै कर्मानन्दहरू एउटै हुन, सम्भवतः तिनीहरू होइनन्।

यहाँ सोरठका दुइजना चारण कविहरूको उल्लेख पाइन्छ जो 'दुहा विद्या' (अपभ्रंश कविता) प्रतियोगितामा भाग लिन अणहिलपुर, पाटण आएका थिए। प्रतियोगितामा न्याय गर्ने जिम्मेवारी हेमचन्द्रमाथि थियो। प्रत्येक कविको एक-एक दोहा 'प्रबन्ध चिन्तामणि'-मा दिइएको छ। लाल (वा हाल) भट्टले रुद्रमहालयका भौगोलिक विवरण दिएका छन्, जसको निर्माण सिद्धपुरमा सिद्धराज जयसिंहले गरेका थिए। वर्णन 10 वटा फुटकर पद्यहरूमा, 9 वटा कवित्त र एउटा दोहा-मा, गरिएको छ। यी पद्यहरू ऐतिहासिक महत्वका छन्।

यस कालका अन्य ज्ञात डिंगल कविहरूमा, अचलो वाणियो र हरसुर रोहड़ियो-को, ऐतिहासिकताको दृष्टिले उल्लेख गर्न आवश्यक छ। अचलोका गीतहरू मेवाड़का राणा खेतसी (1364-1382 ई०) को बारेमा छन् र यसमा बूँदीका हाड़ा लालसिंहसंग उनको युद्धको वर्णन गरिएको छ। हरसुरले राव विक्रमको, जोहिया देपाललाई मारे पछि (1383 ई०मा) मृत्यु भएको वर्णन गरेका छन्। यी कविहरूलाई चौधौं शताब्दीको उत्तरार्द्धको समयको मान्न सकिन्छ।

यसकालको महत्ताका प्राचीनतम कवि श्रीधर व्यास भए, जसले चारण काव्यको दुइवटा विशेष प्रकार—ऐतिहासिक अनि वीरतापूर्ण, र पौराणिक र धार्मिक—विषय का काव्य लेखेर योगदान गरे। उनका काव्यहरू हुन्—'रणमलछन्द' (70 वटा श्लोकहरू), 'सप्तशती रा छन्द' (120 वटा श्लोकहरू) अनि 'कवित्त भागवत' (वा भागवत दशम स्कन्ध, 127 पदहरू र अपूर्ण)।

'रणमल्ल छन्द' एउटा ऐतिहासिक काव्य हो। यसले वीर चरित्रहरूको चित्रण गरेको छ र ईडारका राव रणमल्ल राठौरको गुजरातका राज्यपाल जाफरखानसंग लँड़ाईको वर्णन गरेको छ, जब जाफरखानले 1398 ई० मा ईडारमाथि आक्रमण गरेको थियो। यो काव्य 1400 ई० मा रचिएको थियो। यसका अनुप्रासयुक्त र लययुक्त वाक्य-विन्यास तथा लँड़ाईको विस्तृत विवरणले यसलाई उत्कृष्ट काव्यको रूप दिएको छ। यस लँड़ाईको कारण राजनीतिक मात्र नभएर धार्मिक र चरित्र-सम्बन्धी पनि थियो, यसकारण यहाँ भनिएको छ :

"ईडारको तराईमा राजाको शक्तिशाली मुस्लिम सेनाको आगमनको खबर सुनेर, कामध्वज राठौर, ब्राह्मण, गाई, स्त्री र बच्चाहरूको रक्षा गर्ने भनि खड़ा भए।" (55)

यस काव्यमा फारसी र अरबीका केही शब्दहरू पनि प्रयुक्त गरिएका छन्। वस्तुतः युद्धको वर्णन गर्दा र मुसलमानहरू-संग सम्वाद बोल्दा यस्ता शब्दहरू-

को प्रयोग गर्नु यस काव्यको सामान्य प्रवृत्ति रहेको छ। यसमा प्रथम 10 वटा पद्यहरू संस्कृतको आर्या छन्दमा छ र शेषमा अरु वार्णिक र मात्रिक छन्दको प्रयोग पनि भएको छ। यसको भाषाले प्राचीनकालमा कविताको यस शैली-को कविताको नमूनाको रूपमा प्रतिनिधित्व गर्दछ। लँड़ाईको वर्णन गर्दै कवि भन्छन्—

"मुसलमानी सेनामा, योद्धाहरूले आफ्नो भुजाद्वारा झन्झन् शब्द गरिरहेका थिए। रणमल्ल आफ्नो भाला चमकाउँदै लँड़ाई गर्न कुदे। लँड़ाईमा उनको हति-यारहरूको शब्द सुनेर शत्रुहरूले लूट-पाट गर्न बिर्से, यहाँ सम्म कि खान पनि बिर्से। उनीहरूले बाँदर जस्तै देखिने तिनका नेतालाई निर्भीकता र साहससहित पक्राउ गरे।" (45)।

"उनको उन्नत दीप्त अनुहारमा घुमावदार जुँघा थियो र मुसलमानहरू प्रति चिर शत्रुता लिएको थियो। क्रुद्ध रणमल्ल हातमा तलवार लिएर मृत्यु देवता झैं देखाइ परे।" (64)।

'सप्तशती' एउटा वीरकाव्य हो जो 'मार्कण्डेय पुराण'को अंश 'दुर्गा सप्तशती' माथि आधारित छ र यसो हुनाले यसको विषयवस्तुमा मौलिकता छैन। तर यसको प्राचीनता, भाषा, शैली र परम्पराको दृष्टिले हेर्दा यो एउटा महत्वपूर्ण कृति ठहरिन्छ। यसका कविले कथामा जस्तै अनेक प्रकारका विवरणहरू दिनमा अधिक चाख लिन्छन्, कहानी यसमा सूक्ष्म ढंगले जोड़िएको छ। यही विशेषता र संस्कृत-को वाक्य-विन्यासको लागि रुझान पृथ्वीराज राठौर रचित 'बेलिक्रीसन-रुक्मणी री' नामक पछिको काव्यमा पनि द्रष्टव्य छ। 'सप्तशती'-को भाषा र छन्द-योजना 'रणमल्ल छन्द' मा भएकै जस्तो छ।

'कवित्त भागवत' चाँहि 'भागवत पुराण' को दशम् स्कन्धको कथामाथि आधा-रित छ।

यी काव्यहरू चारण-शैलीमा लेखिएका पौराणिक काव्यहरूका प्राचीन नमूना-हरू हुन्।

बादर वा बहादर, नामक एकजना मुस्लिम ढाढीद्वारा रचित 'वीरमायण' काव्य पन्ध्रौं शताब्दीको पूर्वार्द्ध तिर लेखिएको थियो। यसमा निसाणी र दोहा छन्दको प्रयोग गरिएको छ। यस काव्यमा प्राचीन राठौर प्रमुखहरू तथा जोहिया-हरू सित सम्बन्धित अनेक युद्ध र घटनाहरूको वर्णन गरिएको छ। यी राठौरहरू हुन्—जैतमल, मल्लिनाथ, वीरमदेव (सबै राव सलखाका पुत्रहरू), मल्लिनाथको पुत्र जगमल, वीरमदेवका पुत्रहरू चुण्डा र गोगा। जोहियाहरूमा हुन्—वंशको मुखिया, दला, उसका भाईहरू मधु, जसा, देपाल र अन्य सम्वन्धीहरू। यसमा

वर्णन गरिएका घटनाहरूको काल चाँहि 1374 ई० भन्दा अलिक अघिको हो, जब मल्लिनाथ महेबा र खेड़ाका 1402 ई०मा शासक थिए, जब गोगाको हत्या जोहिया हरू द्वारा भएको थियो। यी घटनाहरूका स्थल हुन्—बाड़मेर, माण्डु, सहवान वा जोहियावाटी (सूरतगढ़) श्रीगंगानगर, अनूपगढ़ (बहावलपुर पाकिस्तान) लाड़नुं, फलौदी, मन्दौर आदि। उल्लिखित घटनाहरूको अन्तमा स्वयं कवि पनि उपस्थित थिए, यो कुरो 'नैणसी री ख्यात' द्वारा पनि प्रमाणित हुन्छ। यस 'ख्यात' मा 'गोगाजी री वार्ता' को अन्तर्गत नैनसिंहले दुइ पंक्तिहरू उद्धृत गरेका छन्, जुन त्यहाँ उपस्थित एकजना ढाढीले घोड़ाहरू बारे उद्‌गार प्रकट गरेको थियो। यही कुरो यस काव्य को निसाणीमा पनि अन्तर्भुक्त गरिएको छ।

यो काव्य राठौर इतिहासको एउटा महत्वपूर्ण स्रोत ग्रन्थ हो र चौधौं शताब्दी-मा राठौरहरूको उत्कर्ष र व्यापकता तथा जोहियाहरूको पतनको विवरण पनि यसमा दिइएको छ। यहाँ राजपूत सामन्ती समाज आफ्नो जम्मै महानता र कम-जोरीहरू सहित प्रकट भएका छन्। यस विषयमा यही एकमात्र कथात्मक काव्य-कृति हो। यसमा आफ्नो अस्तित्वको लागि संघर्ष, कुलवैर, थातीलाई बोकेर लैजानु, सम्मान औ प्रतिष्ठा, लँड़ाईमा प्राय: व्यस्त रहनु र महत्वाकांक्षी सरदार-हरूका करतूतहरू-बारे चित्रण गरिएको छ।

यस काव्यमा प्रधान घटनाहरू चाँहि वीरम अनि जोहियाहरूको कर्मको वरि-परि घुमिरहेका छन। र यी कारण र प्रभावको शृंखलासंग गाँसिएको छ। ती विस्तारै खुल्दै जान्छन् र कविले तिनको बारेमा एउटा सजीव शृंखलाबद्ध ढंगले वर्णन गरेका छन्। वीरमदेव, उसकी पत्नी माँगलियाणी, जगमाल, गोगा औ जोहिया दला यस्ता पात्रहरू छन् जसले निकै ध्यान आर्कषित गराउँछन्। तिनी-हरूको आफ्नै वैयक्तिक गुणहरू छन्। यिनको चरित्र-चित्रणमा कविलेमा अति-शयोक्तिले काम लिएका छन्। यो काव्य वीरताका अनुभूतिहरूले परिपूर्ण छ। यस कारण यो यति लोकप्रिय भयो कि पछि-पछि त यसका कतिपय पंक्तिहरू लोकोक्ति (उखान) हुन गए। यी पंक्तिहरू पछिका अनेक वातहरू (कथाहरू) मा लिइएका छन्। यस बाहेक 'झूलणा महाराज जयसिंघ जी रा' (1533-1623 ई० रचित) कविताहरूमा पनि यी पंक्तिहरू आएका छन्। यसकाव्यको बढ्दो लोकप्रियताले गर्दा कालान्तरमा यसको भाषामा केही अन्तर देखिन थाल्यो। यसको भाषा पंजाबी र खड़ी बोलीको सूक्ष्म छाप परेको राजस्थानी भाषा छ। प्रणयका केही पंक्तिहरू-को भावार्थ यस प्रकार छन्:

"पराक्रमी जगमालले गिन्डोलीलाई लत्याएर आफ्नो निकटमा राखे। अब उ जीवित अवस्थामा उदेखि अलग हुने छैन। जबसम्म उनी जीवित छन् कसले उसलाई खोसेर लैजान सक्छ?"

"जगमालको माला चारैतिर चम्किरहेको देखिन्छ अनि उनको ढाल पनि सबतिर देखिन्छ। त्यस बारे बेगमले खानसित सोधिन्—कि जगमाल त्यहाँ मात्र छ कि धेरै संख्यामा छ?"

"यस्ता पुत्रहरूलाई किन जन्माउनु जसले मात्र भूमिहरू गुमाउँछन् र आफुलाई जीवित राख्छन्? तिनका माताहरूले यस्ता पुत्रहरूलाई कायरको रूपमा हुर्काउनु भन्दा त यिनलाई विष दिन मनपराउने थिए।"

"रणक्षेत्रमा योद्धाहरूको शव र तिनीहरूको मृत घोड़ाहरू चारै तिर यसरी छरिएका छन् कि मानौं बंजाराहरूले खेतमा डेरा लगाएर बसेकाथिए र अब छोड़ेर गएका हुन्।"

चारण गाडण शिवदास-द्वारा रचित 'अचलदास खीची री वचनिका' तुकान्त गद्य र पद्यमा लेखिएको एउटा सानो वर्णनात्मक कृति हो। पद्य र गद्य-योजनाको संख्या 119 छ। यो कृति भाषा, साहित्यिक परम्परा, प्राचीनता अनि इतिहासको दृष्टिले निकै महत्वपूर्ण छ। यसमा माण्डुको सुलतान होशंग घोरी द्वारा गाग्रोनगढ़का भोजका छोरा अचलदास खीची-माथि गरेको आक्रमण, आक्रमण पछि घोरीहरूसंग खीचीको मृत्यु पर्यन्तको लँड़ाई र किल्लाभित्र वीर नारीहरू-द्वारा गरिएको जौहर-बारे वर्णन गरिएको छ। यो आक्रमण 1423 ई०मा भएको थियो। कविले जो अचलदासका समकालीन र सम्भवत: उनका दरबारी कविथिए, घटनाहरूको केही समय पछि 1430-35 ई०को छेउछाउतिर यसको रचना गरेको हुनु पर्छ। यो कुरो यसका पंक्तिहरूबाट प्रमाणित हुन्छ। हामी यस निष्कर्षमा अरु तथ्यहरूबाट पनि पुगेका छौं। यसको मूल रूपमा 1574 ई० रचनाकाल दिइएको छ। (पाण्डुलिपि संख्या 99, अनूप संस्कृत लाइब्रेरी, बीकानेर) यस पाण्डुलिपिको सशोधित संस्करणमा पाठविषयक आलोचना गर्दा हामी पाउँदछौं कि (1) गद्यांशको एक सेटमा 'अस्त्रीजन सहस चालीसको संघात आइ समप्राप्तौ हुवौ'···ती बाई पुहुयाई राणन मोकल की सारधुगोत सवासिणी तउ वाई ऊदी 'पंक्ति एक भन्दा धेरै पल्ट प्रयोग गरिएको छ (संख्या 64, 65 र 80मा) जुन मध्ये एउटा चाँहि यस संग अप्रासंगिक छ। (2) छन्दहरू र तिनको संख्याहरू बारे केही निर्देशहरू अनावश्यक छन्, (3) सम्बन्धित स्रोतहरू बारे केही पंक्तिहरू अर्थहीन देखिन्छन्। यिनले के देखाउँछन् भनदेखि वर्तमान पाण्डुलिपिसम्म आइपुग्नको लागि त्यहाँ पाठविषयक विकासका कम-भन्दा-कम दुइ खुट्टीहरू अवश्य थिए होलान्। यसको लोकप्रियताको हिसाब गर्दा र प्रत्येक खुट्टीलाई औसत 50 वर्ष निर्धारित गर्दा, हामी 1474 ई०-मा आइपुग्छौं, जबकि प्रथम सम्प्रेषित पाठ्य-पंक्तिहरू कदाचित् मूल प्रतिबाट अंकित गरिएको थियो। यसकारण हामी अन्तमा भन्छौं कि यो कृति अझ पहिले रचिएको थियो अर्थात 1430-35 ई०को छेउछाउतिर।

लँडाईमा मर्ने निश्चय गरेपछि, अचलदासले आफ्नो वंशको रक्षाको लागि किल्लादेखि भागेर बदला लिने र किल्लामाथि फेरि अधिकार गर्नका निम्ति आफ्नो छोरा पाल्हणसीलाई भाग्ने अनुरोध गरे। पाल्हणको विदाईपछि वातावरणलाई करुणाको भावनाले अभिभूत गरिएको छ। आँखामा धेरै आँसुहरू भरिन्छन्। नारीहरू जो 'हरि-हरि' औ 'किसन-किसन' भन्दै अग्निमा हाम फाल्छन्, र अचलदास आफ्ना योद्धाहरूसहित मृत्यु पर्यन्त लँडाई गर्छन्। सुलतानको सेना र जौहरको वर्णनले यस काव्यलाई प्रभावशाली बनाएको छ।

चरित्र-चित्रणमा, भावनाका गहिरथाई र उत्कर्षको आधिक्य छ। साहित्यको साहित्यिक अलंकरण यसमा उति उल्लेखनीय छैन। राजपूतहरूको कार्य, स्वाधीनता-सम्मान र प्रतिष्ठा प्रति तिनीहरूको प्रेम द्वारा प्रेरित छ। यी कुराहरूलाई कविले एउटा रूपक सम्बन्धी भनाई द्वारा प्रस्तुत गरेका छन्:

"जब बाघ र हात्ती त्यही जंगलमा बसोबास गर्दछन् भने देखि, तिमीहरूमा यति भिन्नता किन? बाघले एक पैसा पनि ल्याउँदैन, तर हात्तीको लाखौं रूपियाँमा बिक्री हुन्छ। हात्तीको गर्दनलाई फलामको साँगलोले बाँध्न सकिन्छ र यसलाई कुनै पनि स्थानमा लैजान सकिन्छ। यदि बाघले पनि यस प्रकारको बन्दी अवस्था धैर्यपूर्वक सहन गरेदेखि यसले पनि लाखौं रूपियाँको कमाई गराउने थियो।"...

भाषिक दृष्टिले हेर्दा यो कृति अझ महत्वपूर्ण ठहर्दछ। डिंगलको पुरानो र नयाँ रूपमा विभाजन र तिनलाई 1600 ई० मा निर्धारित गर्दा (तिथि डा० टेस्सीटोरीद्वारा प्रस्तावित र अन्य विद्वान्हरूद्वारा स्वीकृत), आफै-आफ यसले खण्डन गर्दछ। यो अपभ्रंशको प्रभावदेखि पनि मुक्त छ। यो कथन कि गुजराती र राजस्थानी यसै कालमा छुट्टिए, यस कृति द्वारा निस्सन्देह प्रमाणित भएको छ। चारण कविद्वारा रचित यो प्रथम प्रामाणिक वर्णनात्मक काव्य हो जसमा गद्यका पनि केही नमूनाहरू छन्।

यसको ऐतिहासिक महत्वबारे पनि यहाँ उल्लेखनीय छ। चित्तौड़का राणा मोकलको जन्मतिथि, केही विशेष सेनानायकहरूको परिचय इत्यादि बाट यो थाहा लाग्द छ कि यो कृति तत्कालै लेखिएको थियो जब कि यी घटनाहरू घटित भएका थिए। यो वचनिका चारण काव्यमा एक माइलखुट्टी हो, यस कृतिको सृजन र यसमा वर्णित वृतान्तहरू प्रायः जम्मै समकालीन थिए।

जहाँ सम्म चारण-शैलीमा पौराणिक र धार्मिक कविताहरूको प्रश्न छ, श्रीधर व्यासका दुइ रचनाहरू मात्र उपलब्ध छन् जुन प्राचीनकालमा लेखिएका छन्।

यस शैली बाहेक हामी यहाँ जाँखों मणियार रचित 'हरिश्चन्द्र पुराण' को पनि उल्लेख गर्न सक्छौं। यसको रचना 1396 ई०-मा भएको थियो। यो महाराज हरिश्चन्द्र सम्बन्धी पौराणिक कथामा आधारित एउटा वर्णनात्मक काव्य हो। तर यसको भाषा पुरानो हिन्दी छ जसमा अपभ्रंश रूपको अवशेष र मरु-गुर्जरको हल्का मिश्रण पनि छ। कविले यसलाई 'पायड़ो' अर्थात 'पँवाड़ो' नाम दिएका छन्।

अध्याय : 3

मध्यकालीन युग
(1450-1850 ई०)

स्वरूप एवं लक्षण

प्राचीन युगमा चित्तौड़का गहिलोत औ सिसोदिया शासकहरूले तथा अजमेर र नागोरका मुस्लिम सैनिक शिविरले राजस्थानको इतिहासलाई अत्यधिक प्रभावित पारेको थियो। मध्यकालीन युगमा (1450-1850 ई०) राजस्थानको इतिहासलाई अझ प्रभावित पार्ने यस्ता अरु कतिपय कारणहरू पनि थिए, जस्तै— अन्य केही राजपूत वंशहरूले सिर उठाउनु, मुगल साम्राज्यको स्थापना र अकबरका नीतिहरू, ब्रिटिश शासन र राजस्थानका सामन्ती शासकहरूद्वारा त्यससित सन्धिमा हस्ताक्षर गर्नु, इत्यादि।

शक्ति प्राप्त गर्ने राजपूत वंशहरूमा—उच्च थिए—मारवाड़का राठौड़हरू। राठौड़हरूको उत्कर्ष चौधौं शताब्दीको अन्ततिर शुरू भएको थियो। 1394 ई०-मा, चूण्डाले मन्डोवरमाथि अधिकार जमाए। तर उनले र उनका उत्तराधिकारी-हरूले आफ्नो राज्यको एकीकरण गर्न र त्यसलाई बलियो बनाउन सकेनन्। यो काम चाँहि राव जोधामाथि छोड़ियो, जसको 1458 ई० मा मन्डोवरमा राज्याभिषेक भएको थियो। अर्को वर्ष, उनले यसै स्थानको छेउमा जोधपुरको किल्ला र शहरको निर्माण गरे। उनका यशस्वी पुत्र राव बीकाले आफ्नो लागि राजस्थानको उत्तरी भागमा एउटा अर्को राज्य बलपूर्वक प्राप्त गरे। यिनले नै बीकानेरको किल्ला र शहरको निर्माण क्रमश: 1485 ई० र 1488 ई० मा गरे। जोधाका अरु छोराहरू, दूदा र नरसिंह मेड़ता गए र यसका चारै पट्टि का 360 वटा गाउँहरूमाथि आफ्नो आधिपत्य स्थापित गरे। अकबरको समयमा उत्कर्षमा आउने अर्को कुल थियो आमेरका कछवाहाहरूको जब कि भारमलले आफ्नी छोरी-को बिहे सम्राटसंग 1562 ई० मा गरिदिए। उनका उत्तराधिकारीहरूले मुगल सल्तनतमा उच्च पदहरू प्राप्त गरे। पछि, मुहब्बतसिंहका भाई प्रतापसिंहले 1775 ई० मा अलवर राज्यको स्थापना गरे। यी नरूका वंशज थिए, यसैकारण कछवाहाहरूको यस शाखालाई नरुवंश मानियो।

राव देवाले, जो चौहान वंशका हाड़शाखाका थिए, 1343 ई० मा बूँदी राज्यको स्थापना गरेका थिए। कोटा पहिले बूँदी राज्यकै एउटा भाग थियो, तर

1631 ई० मा सम्राट शाहजहाँद्वारा माधोसिंहलाई कोटाको बेग्लै शासकको रूप-मा स्वीकार गरियो।

'सिरोही' चौहानहरूको नै वेदाड़ा शाखाका थिए। समरसिंह (1182-1185 ई०)को बारेमा मनिन्छ कि उनी नै सिरोही चौहानहरूका पूर्व पुरुष थिए। भारतपुर राज्य, जसको अस्तित्व 1715 ई० मा कायम भयो, जाटहरूको थियो। भाटीहरूले जैसलमेरमाथि शासन गरे।

डूँगरसिंहले, जो मुहिल राजवंशका मचुण्डका पुत्र थिए, 1350 ई० मा डूँगरपुर राज्य को स्थापना गरे। उनैका वंशज महरवाल उदयसिंहले यस राज्य-लाई 1514 ई०मा डूँगरपुर र बाँसवाड़ामा विभाजित गरे र यी दुवै क्रमशः आफ्ना छोराहरू पृथ्वीराज र जगमाललाई दिए।

अनेक कारणहरूले राजस्थानका विभिन्न राज्यहरूका सीमानाहरूमा परिवर्तन भइरह्यो। नयाँ राज्यहरू बलपूर्वक प्राप्त गरिए र यी राज्यहरूको स्वीकृति ब्रिटिशहरू लगायत केन्द्रीय शासन द्वारा प्रदान गरियो। यहाँ अनेक वीरहरू भए जसले राजस्थान र भारतको इतिहासमा समय-समयमा निर्णायक शक्तिको भूमिका खेलेका थिए। केन्द्रीय शासनमा परिवर्तन भएको हुनाले पनि राजस्थान-का यी विभिन्न राज्यहरूमाथि पनि धेरै प्रभाव परेको हो।

बाबर र राणा साँगामांझ 1526 ई० मा भएको खानवाको लँड़ाईले देशको विशेषतः राजस्थानको भाग्यको फैसला गरिदियो। राजपूत महासंघले यस लँड़ाई-मा ठूलो हानि खप्नु परयो र यो छरपस्ट पनि भयो। अकबरको नीति र व्यवहार-कुशलताले गर्दा मेवाड़ बाहेक जम्मै राज्यहरू विस्तारै भिन्न-भिन्न रूपमा उनको कब्जामा आए। यहाँ यो भनी रहन आवश्यक नपर्ला कि यी राज्यहरूका शासक-हरू तथा वीरहरू मुगल साम्राज्यका निम्ति सहायक स्तम्भ थिए।

मुगल साम्राज्यको पूर्णतः पतन भए पछि, अठारौं शताब्दीको उत्तरार्द्धको काल चाँहि राजस्थानमाथि मराठा-आधिपत्यको काल थियो। जैसलमेर र बीकानेर राज्य बाहेक, राजस्थानका शेष जम्मै राज्यहरूमाथि मराठाहरूको आधिपत्य थियो। एकता र राजनैतिक दूरदर्शिताको अभाव, भित्री तनाव र झगड़ाहरू, ईर्ष्या र द्वेषको कारणले गर्दा, राजपूत शासकहरूले मराठाहरूको लूटपाट र तिनीहरूको पैसाको लागि बरागर माँगको सामु आत्मसमर्पण गर्न परयो जब भारतमा ब्रिटिश शासन स्थापित भयो, राजस्थानका यी शासकहरूले आफ्नो सुरक्षा र हिफाजितको विचार गरेर अंग्रेजी सरकारसंग सन्धि गर्नसम्म तयार भए। अनि 1818 ई० तिर, सिरोही बाहेक राजस्थान का अरु जम्मै रियासतहरूले तिनीहरूसंग सन्धि गर्न सामेल भए। यस प्रकार 1819 ई० देखि 1947 ई० सम्म, भारत स्वाधीन हुने बेला सम्म, यी रियासतहरूमाथि ब्रिटिशहरूको राजनीतिक वर्चस्व रह्यो। ब्रिटिश शासनले यी रियासतहरूमा शक्तिको लागि आफ्ना अनुकूल

प्रतियोगीहरूको पक्ष लियो र सैनिक सहायता पनि दियो। यसरी, जब 1857 ई०-को गदर भयो, यी शासकहरू ब्रिटिश शासनको पक्षमा थिए, यद्यपि अनेक स-साना जागीरदारहरूले यस विद्रोहमा सक्रिय सहयोग दिएका थिए।

त्यसकालमा पनि अनेक प्रतिभाशाली समकालीन चारणहरू र अन्य कविहरू भए जसले वीरहरू, तिनीहरूको वीरतापूर्ण कार्यहरूलाई आफ्नो काव्यद्वारा अमर बनाइदिए। तिनीहरूको कार्यको ऐतिहासिक मूल्यमा कुनै प्रकारको विवाद छैन। यस्ता साहित्यिक रचनाहरू चारण-शैलीका ऐतिहासिक र वीरकाव्य अन्तर्गत आउँदछन्। यस प्रकारका काव्यको मूल तत्व चाँहि हो, कसैले आफ्नै क्षेत्रको रक्षा वा तिनीहरूको शरणमा आउँनेहरूको सम्पदाको रक्षा गर्नमा देखाएको वीरता। कविहरूले यस यथार्थ विषयको अतिशयोक्तिपूर्ण वर्णन गरेका छन्। साथै कायरता तथा अत्याचारको पनि बड़ो कठोरतासंग निन्दा गरेका छन्। अपयश र उपहास विषयक यस्ता कविताहरूलाई 'विसहर' भनिन्छ। यस प्रकारको प्रवृत्ति पौराणिक र धार्मिक विषयका अन्य कविताहरूमा पनि पाइन्छ। नृसिंह, राम औ कृष्णद्वारा वीरताका कार्यहरू, सुरक्षा र मुक्तिको लागि आश्वासन इत्यादि यस प्रकारका काव्यको प्रमुख विषय बनेका छन्।

'नीति' वा 'आचार', 'उद्देश्य' वा 'सद्व्यवहार' अनि 'व्यवहारकुशलता' सम्बन्धी कविताहरू पनि देखिएका छन्। तर यी नीतिका कविताहरू यसै विषयमा संस्कृतका कृतिहरूको अनुकरण होइनन्। यो त लोक-आचार शास्त्र हो जसलाई तिनीहरूले काव्यको रूपमा प्रस्तुत गरेका छन् 'राजियाई रा सोरठा' यस्ता काव्य-हरूको सूचीमा सर्वोपरि छ।

भक्ति (सन्त) काव्य

राजा, धर्म र परम्परा यी तीनवटा महत्वपूर्ण विषयहरू थिए जसले मध्ययुग-मा राजस्थानका जनताको जीवन-मूल्यलाई विस्तृत रूप दियो। धैर्य, सहिष्णुता एवं श्रद्धा-भक्तिप्रति स्थिरता तिन्ताकका सामान्य मानिसहरूको विशेषता थियो। धार्मिक विषयहरूमा पनि राजपूत शासकहरू उदार र सहिष्णु थिए र तिनीहरूको व्यवहारले पनि त्यस झल्लरलाई बड़ो प्रेमपूर्वक स्पर्श गरेको थियो जसलाई आज हामी धर्मनिरपेक्ष वा सम्प्रदायमुक्त मन्दछौं। तिनले अन्य धर्मावलम्बीहरूको सुरक्षा गरे, तिनीहरूलाई संरक्षण पनि दिए। एउटा उद्धारकर्ता, एउटा शहीद र एउटा नायक वा सन्तको भूमिका पछि एक किसिमको व्यक्तिपूजा वा धर्मसम्प्रदायको रूपमा विकसित भयो। अनेक यस्ता व्यक्तिहरूलाई लौकिक देवताहरूको रूपमा उच्च स्थान दिइयो, तर तिनीहरूले निवास गरेका केन्द्र स्थलहरू पनि तीर्थस्थान बनिए। यस्ता पाँच जना वीरहरूमा, करणीजी र तेजोजीलाई यस्तै दिव्यरूप प्राप्त व्यक्तिहरूको रूपमा वर्णना गर्न सकिन्छ।

भौगोलिक तत्वहरूको कारणले र माथि भनिएका कारणहरूले गर्दा, पछि अनेक धार्मिक सम्प्रदायहरू अस्तित्वमा आए र पछि ती उत्कर्षमा पुगेर समृद्ध पनि भए। यी सम्प्रदायहरूका संस्थापक क्रमशः आफ्नै सन्तहरू थिए जसका परम्पराहरू अहिलेसम्म पनि बाँचिरहेका छन्। यी सन्तहरू, आफ्ना-आफ्ना आस्थाहरूका सिद्धान्तहरूको प्रचार गरिरहेका थिए। यस प्रक्रियामा काव्यलाई तिनीहरूले समृद्ध बनाए।

नाथ-सम्प्रदायको प्रभावको परिधि गहिरो र साथै व्यापक पनि थियो। यी सन्तहरूका केन्द्र स्थानहरू अझै पनि व्यापक र अस्तित्वमा छन्। यिनका अनेक काव्यहरू प्रचलित भएका छन् र गोरख, चर्पट तथा पुराना समयका अन्य नाथ-पन्थीहरूको नाउँले पनि प्रसिद्ध छन्। तिनीहरूको भाषा प्रायः राजस्थानी मिश्रित खड़ी बोली छ। यो निश्चित छ कि तीमध्ये अनेक रचनाहरू ती कविताहरूको होइन जसका नाउँमा ती प्रचलित छन्। हामीले यस पुस्तकको 'सन्त-काव्य' नामक अध्यायमा तीमाथि विचार-विमर्श गर्ने अवसर पाउने छौं।

अनेक सन्तहरूले हठयोग र यसको प्रक्रिया बारे चर्चा गरेका छन्। यस बाहेक कुनै-न-कुनै रूपमा योग पनि ल्याउने कुरो सन्त-काव्यमा सामान्य देखिन्छ। केही अपवाद बाहेक, ईश्वरका दशावतारहरूलाई ठूला सन्तहरूमा कतिका काव्यहरूमा लोकप्रिय बनाइएको छ। नामदेव (1200-1350 ई०) चाँहि प्रथम सन्त-कवि भएका छन् र उनले आरम्भ गरेको प्रवृत्ति राजस्थान र भारतका अन्य भूभाग-हरूमा चाँड़ै नै व्यापक रूपले फैलियो। हामीले राजस्थानका सन्तकाव्यको भाषा-बारे अघि नै केही भनिसकेका छौं। यिनमा भाषाका तीनवटा स्वरूपहरू—ब्रज, पिंगल र राजस्थानी—को ज्यादै प्रयोग गरिएको छ। केही काव्यहरू राजस्थानी-मिश्रित खड़ी बोलीमा पनि लेखिएका छन्। हामी पिंगलका ती काव्यहरू-बारे पनि विचार गर्ने छौं जो राजस्थानी र राजस्थानी-मिश्रित खड़ीबोली तर्फ ढल्किएका छन्।

'सन्तकाव्य' तिनीहरूको उपजनी हो जो कुनै न कुनै सम्प्रदायसंग सम्बन्धित थिए अनि कतिजना चाँहि कुनै सम्प्रदायसंग सम्बन्धित थिएनन्। ती स्वैच्छिक कविहरू थिए जस्तै मीराँ, दीन-दरवेश तथा अरुहरू। यी दुइवटा श्रेणीहरूबाट प्रवाहित भएका काव्यहरूमा केही विचारभेद अवश्य देखिन्छ।

कुनै-कुनै सम्प्रदायहरूले ईश्वरका अवतारहरूमाथि विश्वास गर्थे तर मूर्तिपूजा-माथि चाँहि होइन। कुनै-कुनै सम्प्रदायले कुनै मतमा पनि विश्वास गर्दैन थिए तर एकमात्र सर्वशक्तिमान ब्रह्ममाथि विश्वास गर्थे। कतिले चाँहि मूर्तिपूजा र अवतार दुवै प्रति आस्था राख्थे।

काव्यका विषयवस्तु एकै जस्तो भएता पनि वस्तुतः तिनमा अन्तर भेद छन्, यो स्वाभाविक कुरो हो। तिनीहरू जसले ईश्वरका अवतारमाथि विश्वास गर्थे,

तिनिहरूको अभिव्यक्तिको निम्ति व्यापक क्षेत्र थियो। दैवी अवतारका विभिन्न लीलाहरू ले पनि यस प्रकारका विषयवस्तुहरूको रूप लिए।

आख्यान काव्यहरू पनि मध्ययुगमा लगातार देखा परिरहे। जैन कविहरूले पनि उनीहरूको पारम्परिक विषयहरूमाथि काव्यरचना गरे। तिनीहरूले त्यस युगमा केही विशिष्ट ऐतिहासिक काव्यहरू पनि दिए, साथै धर्मनिरपेक्ष प्रेम वृतान्त-हरू पनि जसमा धार्मिकताको अल्प प्रभाव छ। तिनीहरूले ज्ञानका अन्य विषय-हरूमा पनि उपयोगी सेवा प्रदान गरेका छन्। धर्मनिरपेक्ष प्रेमवृतान्त बारे अनेक काव्यहरू यसैकालअन्तर्गत रचिएका थिए।

चारण काव्य

ऐतिहासिक र वीर काव्य

गाडण पसायत, खिडिया चानन र सिन्ध्यात्मक चाउभुजा प्राचीन कविहरू भए जो राठौड़ राव रणमल्ल औ मारवाड़का जोधाका समकालीन थिए। यी तीनै जनाले कमभन्दा-कम एउटा समान घटनाबारे काव्यरचना गरेका छन्। त्यो हो: चित्तौड़मा 1438 ई०मा रणमल्लको मृत्यु।

गाडण पसायत (1400 ई०—1487-88 ई०) का निम्नलिखित कृतिहरू उपलब्ध छन्।

(1) 'कवित्त राव रणमल्ल', 'चुण्डाई राइ वाइर माइन भाटियान नाइ मारिया, ताइ समाइ रा, (5 श्लोकहरू), (2) कवित्त राव रणमल्ल, नागौर रा धाणी पेरोज नाइ मारिया ताइ समाइ रा (7 श्लोकहरू), (3) कवित्त राणा मोकल मुआन री खबर आयान रा (5 श्लोक), (4) राव रणमल रो रूपक (71 श्लोकहरू) र (5) गुण जोधायण (75 श्लोकहरू)।

माथिका प्रथम तीन कविताहरू फुटकल कविताहरू हुन र यसमा आफ्ना पिता चुण्डाको मृत्युको लागि भाटीहरूसंग रणमल्लले बदला लिएको, मोकलद्वारा आक्रमण गरिँदा उसले नागरिको फीरोज खांनलाई मारेको, र राणा मोकलका हत्याराहरू चाचा (सासा) र मेरालाई हत्या गर्ने शपथ लिएको इत्यादिको बारेमा वर्णन गरिएको छ।

'राव रणमल्ल रो रूपक' औ 'गुण जोधायण' दुवै वर्णनात्मक काव्य हुन् र यिनमा राव रणमल्ल तथा राव जोधासिंहसित सम्बद्ध क्रमशः वीरतापूर्ण कार्यहरू र महत्वपूर्ण घटनाहरूको वर्णन गरिएको छ। यी जम्मै काव्यहरूको धेरै ऐति-हासिक मूल्य पनि छ।

'कवित्त राणा मोकल मुआन री खबर आयान रा' मा रणमल्लले यी शब्द-हरूमा शपथ ग्रहण गर्छन्:

"यदि तिनीहरू (चाचा : सासा र मेरा) माथि आकाशमा पुगे भने पनि म तिनीहरूलाई तल खसालिदिने छु। यदि तिनीहरू धरतीकोमनि पुगेभने पनि तिनीहरूलाई म खनेर माथि निकाल्ने छु। तिनीहरू जता गए पनि म तिनलाई पक्रने छु। त्यो कृतघ्न चाचा कसरी ज्यूँदो रहन सक्छ? मेरा विरुद्ध लँड़ाई गर्दा वीरमका सन्तानहरू, यहाँ सम्म कि 52 जना वीरहरूले पनि त्यसको रक्षा गर्न सकेनन्। यस प्रकार रणमल्लले मोकलका दुइजना हत्याराहरूलाई तिनीहरू जहाँ भए पनि हत्या गरिदिने प्रण लियो।"

अनि इतिहासले पनि बताउँदछ कि उनले तिनीहरूको 1438 ई०मा हत्या गरेर मात्र विश्राम लिए।

'पसायत' एकजना लोकप्रिय कवि थिए भन्ने कुरो यस तथ्यद्वारा पनि प्रमाणित हुन्छ—नैणसीले आफ्नो 'ख्यात' मा आफ्नो वृत्तान्तलाई सुदृढ़ बनाउन पसायतका पदहरू पनि उद्धृत गरेका छन्।

मारवाड़को गाँउ पाचड़ीका खिड़िया चाणन लुम्बाटका छोरा थिए र आफ्नो समयका उनी एक प्रसिद्ध र आदरणीय कवि थिए। राणा मोकल र राव जोधाले उनलाई क्रमशः दुइ र चारवाटा गाँउहरू जागीरमा प्रदान गरेका थिए। बीकानेर राज्यका संस्थापक राव बीकाले उनलाई एक लाख पसाव प्रदान गरेका थिए। खिड़िया चानणले नै राणा लाखाको बिहे राव रणमल्लकी बहिनी हंसाबाईसंग हुने पक्का गरिदिएका थिए। उनैले राव रणमल्लको मृतशरीरको अन्त्येष्टि-क्रिया सम्पन्न गरे औ उनको अस्थि गंगामा विसर्जित गरिदिए। उनीद्वारा रचित निम्न-लिखित केही स्फूट पद्यहरू उपलब्ध छन्—(1) 'दूहा रा रणमल्ल रा' (20 दोहा), (2) 'दूहा राव रणधीर रा' (14 दोहा), (3) 'दूहा सत्ता भाटी रा' (6), (4) भीमोटोन के सोरठे (10), (5) 'गीत' ('डिंगलमा', 1) र (6) 'माताजी रा छन्द'।

राव रणमल्लसंगै उनका भाई रणधीर र उनका सहयोगी जैसलमेर का सत्ता भाटी पनि 1438 ई० मा लँड़ाई गर्दा-गर्दै मारिए। उपरोक्त प्रथम तीन काव्य-हरूमा तिनीहरूको वीरतापूर्ण कार्य, र कसरी तिनीहरू त्यस रणभूमिमा मरे, त्यसबारे वर्णन गरिएको छ। चौथो काव्यले भीमोर राठौड़ साथै वेरसलको लँड़ाईको चित्रण गर्दछ। 'गीत'-ले अजमेरको मल्लू खाँ माथि राव बीकाद्वारा आक्रमण गरेको बारे वर्णन गर्दछ। 'माताजी रा छन्द' देवीको उत्सवमा गाउनलाई रचिएको हो।

'राव रणमल्ल रा दूहा' जसको उल्लेख खिड़िया जग्गाको 'वचनिका' मा पनि गरिएको छ, सम्भवतः खिड़िया चानण द्वारा नै रचिएको थियो। मर्ने बेलामा सत्ता भाटीले भन्छ :

"रणमल्ललाई मेवाड़ले धोखा दियो। तर यसको के कुरा गर्नु र? म एक्लैले नै तिनीहरूको आक्रमणको सामना गर्ने छु। अन्यथा मेरो माड़ (जैसलमेर) लज्जित हुने छ। यस्तो कुरा मर्न लागेको सत्ताले भन्छ।"

"हे सत्ता, तिमीले तलवार (परिवारको सम्मान) शत्रुहरूमाथि फ्याँकि दियौ', तिम्रो वचन तलवारको धार जस्तो तीखो थियो लँड़ाई मा।"

यस्तै प्रकारले, सिन्ढायक चौभुजाले रणमल्ल बारे 'डिंगल गीत'-मा लेखेका छन्:

"एउटा अभूतपूर्व नौलो कुरा सुनिएको छ। लँड़ाईमा वीरहरू रातैदिन मर्दछन्। तिनीहरू जब जागेका हुन्छन्, आफ्नो तलवार निकाल्छन्। तर, शत्रुलाई मार्नको लागि, तिमी रणमल्लले सुतेका बेलामा नै यस तलवारलाई काममा ल्याउ (चलाउ)।

'यद्यपि रणमल्ललाई सुतेका बेलामा पलँगसंग बाँधिदिए र त्यसपछि उनीमाथि आक्रमण गरे, त्यस अवस्थामा पनि उनले धेरै मानिसहरूलाई खतम गरेर मात्रै मरे।"

पद्मनाभ नामक एक जना ब्राह्मणले 1453 ई० मा 'कान्हड़ दे प्रबन्ध' को रचना गरे। यो कुरो त्यसमा गरिएका घटनाहरूको 141 वर्ष पछि लेखिएको हो। यो रचना कविले आफ्ना आश्रयदाता संरक्षक जालोरका अदायराजको इच्छाको उत्तरमा लेखेका थिए, जुन 'कान्हड़ दे'-का पूर्व पाँचौं पिढ़ीमा थिए। यो एउटा वृतान्त काव्य हो जुन धर्मशास्त्र (महाकाव्य) को शैलीमा लेखिएको छ। यसमा जालोरका सोनगिरा शाखाका चौहाण कान्हड़ दे र उनका तीन भतीजा समियाणाका सान्तलमाथि अलाउद्दीन खिलजीले गरेका कतिपय आक्रमणहरूको वर्णन गरिएको छ। यो ग्रन्थ चार भागमा बाँड़िएको छ र यसमा झण्डै एक हजार पदहरू छन्, यद्यपि कविले यसको संख्या 1110 बताएका छन्। यो काव्य सम्मान, स्वतंत्रता र देशप्रेम, धर्म संस्कृति र आदर्शको सुरक्षा, वचनको पालनगर्नु, उच्च मानवीय आदर्शहरू र मध्ययुगका राजपूत वीरहरूको परोपकारी कार्यहरू-बारे एउटा कथा हो। आक्रमणकारीहरूको क्रूरता र कठोरता तथा कुनै-न-कुनै प्रकारले पनि विजय प्राप्त गर्ने तिनीहरूको प्रयत्न, यहाँ विरोधाभास सहित वर्णन गरिएको छ। यसमा बड़ो अपशोचसहित विवरण दिइएको छ कि कसरी व्यक्तिगत स्वार्थको साधारण संघर्षले गर्दा समृद्ध राज्यहरू ध्वंस भए। हामीले यस काव्यद्वारा यो जान्न पाउँदछौं कि राजपूतहरूले एउटा राम्रो योजनाबद्ध ढंग ले लँड़ाई गरेनन्। यो काव्य अत्यन्त ऐतिहासिक महत्व भएको वीरकाव्य हो। यसमा सामाजिक रीति-

रिवाज, प्रचलित विश्वासहरू, नगरहरू, सेना, लँड़ाई र यसको पछिको दुष्प्रभाव इत्यादिको बारेमा एउटा चित्रात्मक र ओजपूर्ण शैलीमा वर्णन गरिएको छ। पात्रहरूको चरित्र-चित्रण, विशेषगरि कान्हड़ दे, वीरम अनि फीरोजाको चित्रण ओजपूर्ण छ। साथै यसमा मानवका आन्तरिक गुणहरू, अनुभूतिहरू तथा दुर्बलता-हरूको पनि मर्मस्पर्शी चित्रण भएको छ। यस काव्यमा दिइएका स्वतंत्रताको निम्ति वीरहरूको बलिदान, उच्च आदर्शहरू र भव्य परम्पराहरू प्रति हामी गर्व गर्दछौं र साथै ती राज्यहरू ध्वंस भएको अत्यन्त करुणामिश्रित वेदनाहरू पनि यसमा निहित छन्। कविले यस भावलाई बड़ो प्रभावशाली ढंगले चित्रण गरेका छन्।

यसको भाषा ले राजस्थानीको पुरानो रूप अ, इ र अ, उ देखाउँछ, यद्यपि पन्ध्रौं शताब्दीको आरम्भमा यिनका नयाँ रूपहरू ऐ र औ पनि उति दुर्लभ थिएनन्। यो सायद जैन-प्रभावले गर्दा भएको हो जसको यसकारण पनि प्रमाण छ जब फीरोजाले आफ्नो पूर्वजन्मको बारेमा मात्र होइन अझ भविष्यबारे पनि भन्छे। पुनर्जन्मको यो सिद्धांत जैन काव्यहरूमा प्रचलित छ। यस काव्यको अन्त करुणाको स्पर्श द्वारा हुन्छ, जब फीरोजा वीरमलाई आफ्नो अर्को जन्ममा पतिरूपमा प्राप्त गर्नको लागि सती हुन्छे।

पन्ध्रौं शताब्दीको उत्तरार्द्ध र सोह्रौं शताब्दीको पूर्वार्द्धतिरका केही चारण कविहरू थिए—खंगार, मेहडू, बिठूसूरा, बारहट हरिसूर, बारहट चौदह, लालजी मेहडू, चारण हरिदास केसरिया र सोदा बारहट जमनाजी। यिनीहरूले आफ्ना समकालीन राजाहरू र सरदारहरू-बारे, तिनीहरूको वीरतापूर्ण कार्यहरू-बारे फुटकल डिंगल गीतहरूको रचना गरेका छन्। यिनमा अधिकांश जोधपुर र बीका-नेर का राठौड़हरू तथा मेवाड़का शासकहरू पनि छन्। जमनाजी बारहट रचित डिंगल गीतका केही पंक्तिहरूको भावार्थ तल दिइन्छ जसले राणासांगालाई खानवाको लँडाईमा उनको पराजय भएपछि सान्त्वना दिन्छन् :

"किन खिन्नता अनुभव गर्छौ ? जरासन्धभन्दा पहिले कृष्ण पनि अनेक पल्ट रणभूमिबाट भागेका थिए। तर अन्तमा, तिनले त्यसलाई मार्ने अवसर पाए। द्रौपदीलाई अत्यन्त दुःखको अवस्थामा देखेर हस्तिनापुरमा अर्जुनले एक पल्ट आफुलाई त्यहाँ बाट हटाएका थिए। यो कुरो सबैलाई थाहै छ कि दुर्योधनले पछि के गर्‍यो र अर्जुनले कौरवहरू प्रति के गरेका थिए ? एक पल्ट रावणले सीताको हरण गर्‍यो, तर समुद्रमाथि एउटा सेतुको निर्माण गरेपछि रामले के गरे ? आफ्नो पराजयमा तिमी किन हताश हुन्छौ ? हे सांगा, तिमी ता शत्रुहरूको निम्ति शैयाका काँड़ा हौ।"

'कान्हड़ दे' को शैलीको अनुकरण गर्दै, भान्डाउ व्यासले 1481 ई०मा 'हमीरायण' को रचना गरे जसमा इतिवृत्तात्मक शैलीमा लेखिएका 320 वटा श्लोकहरू छन् र जसमा चौपाई, दोहा गरहा, वस्तु, छप्पय र पहाड़ी छंदहरूको प्रयोग गरिएको छ। उक्त दुवै काव्यहरूमा कतिपय विषयहरूमा समानता देखिन्छ। प्रसिद्ध चौहान वीर, रणथम्भौरको हमीर र अलाउद्दीन खिलजीसंग भएको लँड़ाईहरू बारे यसमा पनि वर्णन गरिएको छ। यसो भएको जरूरी कारण थियो—दुइजना मंगोल मीरहरूलाई, जसलाई उनले शरण दिएका थिए, उनको हातमा सुम्पिदिनमा हम्मीरको अस्वीकृति। आफ्ना साथीहरू रणमल र रामपालले धोका दिदा विजयको अलिकति पनि आशा रहेन। उनका स्त्रीहरूले जौहर व्रत (आत्म-ज्वलन) पालन गरे, योद्धाहरू लँड़ाई गर्दै मरे र हम्मीर ले आफ्नो शिर आफ्नै हातले काटे। यस कथाले उस बेला तीव्र मोड़ लिन्छ जब रणमल र रामपालले आफ्ना साथीहरू सहित शत्रुहरूको शिविरमा गएर लँड़ाई गर्छन्। यस कथालाई उक्त काव्यका 240 श्लोकहरू भिन्न राखेका छन् र यो अंश चाँहि काव्यात्मक सौन्दर्यको दृष्टिले उत्तम छ। पात्रहरूको चित्रांकनमा एउटा उल्लेखनीय आन्तरिकता देखिन्छ। हम्मीरको क्षोभ, हम्मीरप्रति ती दुइ मीरहरूको समर्पण र स्वामिभक्ति, जाज र वीरमद्वारा साहसिक ओजपूर्ण भाषणहरू, जोहर तथा यसका साथीहरू, नाल्हभाटले चलाकीसंग बदला लिएको इत्यादि तथ्यहरूलाई विशदरूपले हृदयस्पर्शी शैलीमा वर्णन गरिएको छ। किल्लाको भित्री जीवनको एक झलको पनि देखाइएको छ। मानवीय अनुभूतिहरूको चित्रण, पाठ्यमा दिइए अनुसार उद्घाटित गरिएका छन् जुन बड़ो उत्तम छन्।

यहाँ लँड़ाई-तर्फ प्रस्थान गर्दा हुँदीको एउटा झलको यस प्रकार छ :

"किल्ला र त्यसभित्र बसोबास गर्ने व्यक्तिहरूको प्रेमलाई एकतिर पन्साएर, हम्मीर एउटा जंघी घोड़ामाथि सवारी भए। उनले आफ्नो सानो भाई वीरमलाई जो शिष्टाचारको लागि कहिल्यै पनि पैदल हिड़ेका थिएनन्, आज खुट्टामा उभिएर रणमा लँड़ाई गर्दैछन्। यो दृश्य देखेर आफ्नो मन साह्रै, अभिभूत हुँदा हम्मीरले सोचे—'म किन जंगीघोड़ामा चढ़नु जबकि मेरा भाई खुट्टामा उभिएर नै लँड़ाई गरिरहेछन्। रावले जंगीघोड़ा छोड़ि दिए औ उभिएर लँड़ाई गर्न थाले। उनका खुट्टाहरू ढुंगामा ठोक्किएर रगतैरगतमा मुछिए।"

कविले वीरहरूको लागि जीवन बाँच्ने तरीकाको अत्यधिक प्रशंसा गर्छन् :

"जसकोमा धन छ उनीहरूले यसको उपभोग गर्नु पर्छ अथवा राम्रा कामहरूमा यसलाई खर्च गर्न पर्छ। धनले तिमीलाई कैदी नबनाओस् किन कि न त यो

शाश्वत छ, न नष्ट हुन देखि नै बाँचेको छ।"

कान्हड़ दे ले धनीहरूको सहयोग पाएका थिए तर धनाढ्यहरूको चरित्र-दौर्बल्यको बारेमा भन्न कविले छोड़ेनन्, कारण तिनीहरूको कारणले नै हम्मीरको पतन भएको थियो।

'हम्मीरायण' पनि हम्मीरको बारेमा प्राचीन वृत्तान्तहरू भएको हुनाले एउटा महत्वपूर्ण कृति भएको छ। यसमा दिइएका अनेक कविताहरू हम्मीर बारे लेखिए-का छन्।

सन् 1534 ई० देखि 1541 ई० सम्म, तीनवटा उल्लेखनीय वर्णनात्मक काव्य-हरू लेखिए, जुन (1534 ई०) मा बाबरको छोरा तथा लाहौरको कामरानद्वारा बीकानेरका राव जैतसीमाथि हमला गरिएको र रावका हातबाट कामरानको पराजय भएबारे वर्णन गरिएको छ। यी घटनाहरूलाई तीन जना समकालीन कवि-हरूले काव्यको रूप दिएका छन्। यिनमा एकजना हुन्—बिठू सूजो र अरु दुइजना अज्ञातनाम छन्।

'राव जैतसी रो पाघड़ी छन्द' को जसमा 401 श्लोकहरू छन्, रचना बिठू सूजोद्वारा गरिएको थियो। सूजो नागराजका छोरा र राव बीका एवं राव लूण-करणका समकालीन थिए। राव जैतसीले ती कविलाई खिलेरियो नामक गाँउ पनि जागीरमा दिएका थिए। कविले पहिले दाव रावका पुर्खाहरू-चुण्डा, रणमल, जोधा र लूणकरणका उपलब्धिहरूबारे वर्णन गरेका छन्, र जैतसीको बारेमा पनि चर्चा गरेका छन्। भाटनेरमाथि विजय गरेर कामरान बीकानेरको बाहिरी भागमा आइपुग्यो। रावजीले आफ्ना विश्वसनीय सैनिक साथीहरूलाई भित्रै राखेर आफुले किल्ला छोड़े राम्रो तयारी गरेर शत्रुहरूमाथि आक्रमण गर्नका निम्ति। उनी तथा उनका केही विशेष सैनिक योद्धाहरू आ-आफ्ना जंगीघोड़ामाथि सवारी भए र मध्य रातमा शत्रुहरूमाथि आक्रमण गरे। मुगलहरूले यस आक्रमणको सामना गर्न सकेनन् र तिनीहरू रणभूमि छोड़ेर भागे। राव विजयी भए।

''राव जैतसी छन्द' अथवा 'राव जैतसी रो पाघड़ी छन्द' (485 श्लोकहरू) को रचना एक अज्ञातनामा कविले गरेका हुन्। यो काव्य राव चुण्डाका बाजे राव सलाखाबाट शुरू हुन्छ अनि सलाखा, वीरम र गोगासित सम्बन्धित वृत्तान्तहरू यसमा दिइएका छन्। अरु सबै वर्णनहरू अब सूजोको काव्यसंग मिल्ने खालको वा त्यसको पूरकको रूपमा छन्। दुइ काव्यहरू आफै-आफ स्वतंत्र छन्। यी दुबै काव्य-हरूको अत्यधिक ऐतिहासिक मूल्य छ। यी काव्यहरूले बीकानेरका प्राचीन शासक-हरू र तिनका पूर्वजहरू बारे विश्वसनीय सूचनाहरू प्रदान गर्छन्। वीरमायण अनि गाडण पसायतका कतिपय रचनाहरूमा दिइएका प्रासंगिक वृत्तान्तहरू यी काव्यहरूमा दिइएका वृत्तान्तसंग जोड्यौं भने, हामीले राठौड़हरू बारे, तिनीहरूको

र अन्य कतिपय राजवंशहरूको उत्कर्षबारे तथा राजस्थानको इतिहासमा भएका घटनाहरू बारे प्रामाणिक सूचनाहरू पाउँदछौं। यी दुवै ग्रन्थहरू समान काव्यात्मक मूल्य भएका छन्। यसमा लँड़ाईको डरलाग्दो विवरण दिइएको छ। राव जैतसी-आक्रमणको विवरणभन्दा अघि, दुवै कविहरूले वीर योद्धाहरू तथा क्रमशः तिनी-हरूका जंगी घोड़ाहरू बारे वर्णन गर्नमा 109 पद्यहरू खर्च गरेका छन्। दुवै काव्यमा सूजोको काव्यमा पदसंख्या 244 देखि 352 सम्म र अज्ञातनामा कविको 320 देखि 428 सम्म छ। यी पद्यहरू इतिहासको निमित्त महत्वपूर्ण छन् होला, तर काव्यात्मक दृष्टिले हेर्दा यी उति महत्वका छैनन् र निश्चय नै एकरसतापूर्ण पनि छन्।

यस प्रवृत्तिका विशाल वर्णनात्मक काव्यहरूमा, काव्यका नायकका पुर्खाहरू-को एउटा विरवण दिने परम्परा देखिन्छ। यो, जुन चाँहि सर्वप्रथम बारहट आसाको 'रावल माला रो गुण' मा संक्षेपमा पाइएको छ, यी काव्यहरूमा कला परिपक्व रूपमा पुगेको देखिन्छ। यो याद राखिने कुरो हो कि सूजोको भन्दा भिन्नै, अज्ञातनामा कविले शब्दरूपहरू आ + इ को पुरानो शैलीको अनुसरण गरेका छन्।

तेस्रो काव्य 'जैतसी रासौ' ले, जुन पनि अज्ञातनामा कविद्वारा रचिएको हो, अन्य विवरणहरू छोड़ेर सेना, लँड़ाई र रावको विजयको वर्णन गर्दछ। यो काव्य पनि काव्यात्मक सौन्दर्यको दृष्टिले उतिकै महत्वपूर्ण छ।

राव जैतसीको विजयले अन्य समकालीन कविहरूलाई पनि आकृष्ट गरेको थियो। धेरैले यस घटनालाई आफ्ना फुटकल पद्यहरूमा विजयोत्सवको रूपमा वर्णन गरेका छन्। तिनीहरू मध्ये प्रसिद्ध कविहरू हुन्—गोरा शिवा र बिठू बाघजी।

गोराले राव जैतसीका पिता राव लूणकरणको बारेमा पनि कवित्त लेखेका छन्। उनका पदहरूले एकजना सच्चा राजपूत वीर योद्धाको व्यवहारको प्रति-निधित्व गर्दछन्। एउटा पद्यमा रावले, जो पछि नारनौलमा मुसलमानहरूसंग लँड़ाई गर्दा मारिए, भन्छन् :

"लंकामाथि अधिकार गरिराख्न भनेर विभीषण रामसंग मिल्यो। उसले रामसित आफ्नो इच्छानुसार जे-जस्तो गर्ने आग्रह गरयो। उसले करोड़ौं राक्षस (दैत्यहरू)को जीवन बलि चढ़ाएर आफुलाई बचायो। आफ्नो घरका भेदहरूको उद्घाटन गरेर उ (विभीषण) रावण लाई मार्नको कारण बन्यो। म त लड़ाका राजाहरूको परिवारसंग सम्बद्ध छु। म कुनै प्रकारले पनि ती शत्रुहरूका सेनासंग डराउँदिन।"

"म बीकाको पुत्र हुँ र विभीषणले जस्तो गरयो, त्यस्तो म गर्दिन। म त त्यसरी नै रणभूमिमा सीधा उभिइरहने छु जसरी महान कर्ण र राव रणमल एवं

जोधाका पुर्खाहरू उभिएका थिए। यदि म रणभूमि छोड़ेर भागें भने यसले मेरा महान पूर्वजहरूलाई लज्जा तर्फ लैजाने छ। संसारमा कोही पनि अमर छैन। मात्र सहायता, वीरता र सत्य अनि विनम्रता एउटा माछेको साक्षीको रूपमा जाने छ।"

बारहट आसा (1493-1593 ई०), भाद्रेस गाँउका गीधाका पुत्र त्यस युगका प्रख्यात कवि थिए र अनेक शासक राजाहरूसंग उनका राम्रो सम्बन्ध थियो। जोधपुरका राव मालदेव (1531-1562 ई०)ले जैसलमेरबाट आफ्नी रुष्ठ रानी उमादेलाई फकाएर फर्काइल्याउन भनि कविलाई पठाए। उमादे आफ्नो पतिसंग विवाहको प्रथम रात नै साह्रै खिन्न भएकी थिइन् किनकि उनले आफ्ना पति रावलाई आफ्नी सुसारे भारमलीसंग प्रेम गर्दैगरेको देखिन्। फर्कन्दाखेरि, आफ्नो प्रश्नको उत्तरमा कविबाट निम्नलिखित दोहा सुनेपछि उनी जैसलमेर फर्केर गइन्:

"हे उमा दे! यदि तिमी आफ्नो स्वाभिमानको रक्षा गर्न जान्दछयौ भने तिमीले आफ्नो पतिदेखि आफुलाई टाढ़ा राख्न पर्ने छ औ यदि तिमीलाई आफ्नो पति चाहिन्छ भने, तिमीले आफ्नो आत्माभिमान छोड़नु पर्नेछ। दुइवटा हात्तीहरू एउटै पशुशालामा एउटै कीलोमा बाँधिएर रहन सक्तैनन्।"

कविलाई जैसलमेरका रावले पनि भारमलीलाई ल्याउन भनि पठाए, जो कोटड़ाका बाघासंग पनि पट्टिएकी थिई। बाघाको सत्कारबाट प्रसन्न भएर कविले उनका घनिष्ट मित्र बनेर जुन कामको लागि आएका थिए, त्यसको चर्चा नै गरेनन्। उमा दे र बाघाको मृत्यु हुंदा, कविले हृदय-विदारक पदहरूको रचना गरे जुन चाँहि राजस्थानीमा साह्रै प्रसिद्ध छ। यी कविताहरूको भाव निम्नलिखित छन्:

"कौशल्याले दशरथको शवसंग चितामा साथ दिइनन्। ती जस्तै महान् नारीहरूले यस मांगलिक दिनमा प्रेम र भक्तिको अन्तिम कर्तव्यदेखि आफुलाई टाढ़ा राखे, किनकि आगोका ज्वालाहरूलाई अंगालो मार्न कसले सक्छ? तर मैले यस महान् मांगलिक दिनलाई कसरी बिर्सन सक्छु? उमा भन्छिन्।"

यहाँ बाघजी सम्बन्धी केही दूहाहरूको भावार्थ दिइन्छ:

"उनी, जसले अंगालो हाल्नालाई आफ्ना बाहुहरू पसारे र घोड़ाहरू दान दिए, ती आज घरको संघारदेखि अनुपस्थित छन्। बाघाविहीन कोठा आज एउटी

परित्यक्ता नारी जस्तै देखिन्छ।"

"के म उनको लागि पहाड़को शिखरमा चढ़ेर विलाप गरूँ? कि म आफै विक्षिप्त जस्तै हाँसु? म उनलाई तब मात्र विर्सन सक्छु जब मेरो शरीर उनको शवको चितामा प्रज्ज्वलित हुनेछ।"

"म राजमार्गमा एउटो झुप्रो बनाउने छु र प्रत्येक बटोहीलाई सोधनी गर्ने छु, तब सायद कसैले मेरा दिवंगत पुराना मित्र बाघाको सम्बन्धमा भन्ने छन्।"

"फूलहरू सायद ओइलिएलान्, तर बाघाको महिमाको सुवास सदा अटल रहने छ।"

बीठू मेहाले 16 रौं शताब्दीको उत्तरार्द्धतिर लेखे, जोधपुरका राव मालदेवले तिनलाई ग्राम खेडी जागीरमा दिए। बीठू मेहाका कृतिहरू हुन्—(1) 'गोगाजी रा रसावळा', (2) 'पाबुजी रा छन्द, (3) 'भाटी सोमसी रतनावत रो छन्द,' (4) 'करणीजी रा छन्द,' (5) 'कवित्त चौहान करनसी रा सांवलदास रा', (6) 'कुमपा मेहरा जोट' उपर कविता, (7) 'चान्दाजी री वेल।' गोगाजी, पाबूजी र भाटी सोमसी जस्ता वीरहरूले गाईहरूको रक्षा गर्नमा आफ्नो प्राण दिएका थिए। कविले यिनै वीरहरूका कार्य र गौरव बारे वर्णन गरेका छन्। यो कुरो उल्लेखनीय छ कि गोगाजी, पाबूजी र करणीजी जसलाई लौकिक या लोक-देवता मानिएको छ, यिनीहरू बारे कृतिहरू यसैकालमा रचिएका थिए। गोगाजी-को विषयवस्तु, आसाजी रचित 'गोगाजी री पैड़ी' बाट लिइएको छ जसलाई बीठू मेहाले पनि अनुसरण गरे र उनका एकजना समकालीन कवि बारहट नान्दनले 'चाहुवण गोगाजीरा छन्द' (संख्यामा 50 पद) मा पनि यही विषय लिएका छन्।

एउटा राजपूत वीरले गौरवशाली जीवनको नेतृत्व गर्छ र अन्ते गौरवशाली मृत्युको कामना गर्दछ। मेवाड़का सेनाद्वारा गरिएको आक्रमणको सामना गर्दै, डूँगरपुरका वीर करमसी चौहानले भन्छन्:

"कौरवका राजा दुर्योधन कहाँ उभिन्छ जो मृत्युको डरले पानीभित्र लुकेको छ। रावणको शौर्य कहाँ छ जब उसले आफ्नो प्राण बचाउनलाई सूर्यका किरण-हरूको पछाड़ि आफुलाई लुकायो? विक्रमादित्य कहाँ छन् जसले दीर्घ जीवनको लागि कागको माँसु खाए? र कन्नौजको राजा जयचन्द जसले रणभूमिबाट भागेर आफ्नो प्राण जोगाउन गंगामा हाम फाल्यो? यो कुरो हामीले जान्नु पर्छ कि ती राजाहरूले जसले यस्तो अवसरमा आफ्नो प्राण जोगाउने प्रयास गरे, तिनीहरू स्थायीरूपले कलंकित भए। यसकारण हामी आफ्नो मृत्युलाई गौरवशाली बनाउने छौं।"

वीरदास रोहड़ियो वा रंगरेलोवीठू (1520-1608 ई० लगभग) द्वारा रचित व्यंग्यात्मक कविताहरूले चारणकाव्यमा एउटा नयाँ भावभूमि तर्फ संकेत गरेका छन्। उनको 'जैसलमेर राजरू,' जसका मात्र केही पदहरू उपलब्ध छन्, र यस्तै अन्य पदहरू उल्लेखनीय छन्। उनको एउटा पदले भन्छ :

"महिषी रानी एउटा बोझाको पशु जस्तै छ। कुँवामा पानी भर्न जाँदा उसको कोही साथी हुँदैन। मुजूरहरू देश (जैसलमेर) भरि तिनीहरूको अनुपस्थितिले विशिष्ट भएका छन्। तर त्यहां जरख सेह र गोह् जस्ता प्राणीहरू प्रचुर संख्यामा छन्।"

तुलनामा 'गोढवाड' मा धेरै सौन्दर्य भएको यसरी वर्णन गरिएको छ :

"यदि जहाँको भूमि आँपका गहन वृक्षहरूले आच्छादित छ, नदीहरूमा मीठो जलले परिपूर्ण छ, कोयलीको मधुर स्वरले वातावरण गूंजित छ र मधुर संगीतले स्वागत गर्दछ भने, हे पथिक, तिमीले बुझिहाल कि त्यो भूमि चाँहि गोढवाड़को भूमि हो जहाँ तिमीले पाइला टेकेका छौ।"

डूढो आसियो अमरावत (1528-33 ई० देखि 1613 ई०) सिरोहीका राव सुरताणका प्रिय कवि थिए। अर्का कवि बारहट ईसरदास (1538-1618 ई०) थिए, र यी दुवै बड़ो प्रसिद्ध कवि भए किनकि तिनीहरूले लँड़ाई सित सम्बन्धित घटनाहरूलाई भन्दा वीरतालाई ज्यादै महत्व दिएका छन् जस्तो कि अन्य काव्यहरूमा पाइन्छन्। यी कविहरूले आफ्नो रचनामा गरेको वीरहरूको चरित्र-चित्रण स्वाभाविक र मौलिक छ। दुवै कविहरूले अन्योक्ति शैलीमा लेख्ने प्रयास गरेका छन्। यिनको काव्य वास्तवमा वर्णनात्मक होइन, विषयवस्तुले मात्र पृष्ठभूमि प्रदान गरेको छ।

डूढो आसियोले कुण्डलिया छन्दमा, मुगलसेनासंग लँड़ाई गर्दा 1588 ई०मा मारिएका कल्ला राय मलोटको बारेमा 21 वटा श्लोकहरू लेखेका छन्।

बारहट ईसरदासद्वारा रचित 'हाला आला रा' नामक पुस्तक 50 वटा श्लोक भएको र कुण्डलिया छन्दमा नै लेखेका छन्। यसमा हाळवाड़का झाला रायसिंह र ध्रोळका हाला जसाजी माँझको लँड़ाईको वर्णन गरेका छन्। वीरताको अभिव्यक्तिले चित्रित श्लोकको भावार्थ यहाँ उदाहरणस्वरूप दिइन्छ :

"मृगहरू आफ्ना लामा-लामा सींग समेत संघर्षदेखि भागे। जंगली शूकरहरूले आफ्नो सानु मुख लिएर शत्रुलाई घाइते बनाएर मारे। राजा जसवन्तसिंह

एउटा जंगली शूकर जस्तै छन्, जसले एकलै लँड़ाई गर्दै वैरीहरूको झुंडलाई नोक-सानी पुर्‍याए। उनी पाँच सय घोड़ामा सवार सैनिकहरूसंग एकलै युद्ध गर्छन। जसले लँड़ाईलाई जंगली शूकर जस्तै ठान्दछन् र जो लँडाईबाट मृग जस्तै भागेर जाँदैनन्, त्यस्ता वीरहरू संग उनले मैत्री गरेर युद्ध गर्छन्।"

यी दुवै कविहरूले आफ्ना समकालीन वीरहरू बारे लेखेका कविताहरू पनि उपलब्ध छन्। ईसरदासका भक्तिका कविताहरू चाँहि कुनै अरु नै विषयमा लेखिएका छन्। हालसालै, यो घोषणा गरिएको छ कि बारहट ईसरदासका 50 वटा कुण्डलियाहरूमध्ये 24 वटा चाँहि उनका काका बारहट आसाका रचनाहरू हुन्। जे होस, यस दृष्टिकोणलाई लिएर उपलब्ध सबै पाण्डुलिपिका सामग्रीको गहिरो किसिमले मूल्यांकन गर्न सकिंदैन।

सान्दुमाला अदावत (1533-1623 ई०तिर)-ले आफ्ना समकालीन राजाहरू, जसमा बीकानेरका राजा रायसिंह, जोधपुरका मोठा राजा 'उदयसिंह र उनका छोरा सूरसिंह-बाट अनेक जागीरहरू र अनुदान प्राप्त गरेका थिए। यिनलाई 'झुलाणा' छन्दका कविको रूपमा मान्यता दिइएको छ। यिनका कृतिहरू यस प्रकार छन्—(1) 'झुलाणा महाराजा रायसिंह रा' (298 पंक्ति), (2) 'झुलाणा अकबर पातशाहजी रा' (अकबरको गुजरात माथि विजय बारे 108 पंक्तिमा वर्णन), (3) 'झुलाणा दीवान प्रतापसिंघजी रा' (हल्दीघाटीको युद्धबारे मुख्य रूपले वर्णन 302 पंक्तिहरूमा), (4) 'झुलाणा अचल तिलोकदास रा' (अपूर्ण, 198 पंक्तिहरूमा) र (5) फुटकल कविताहरू—67 गीतहरू, निसाणी र कवित्तहरू—इत्यादि। यिनमा अनेक समकालीन र प्राचीन वीरहरू बारे लेखिएको छ।

यिनका कृतिहरूमा वीरहरूको लक्षण, उपलब्धि तथा कार्यहरूको बारेमा प्रवाहमय भाषामा वर्णन गरिएको छ। झुलाणाहरू वर्णनात्मक कविताहरू हुन् जसमा वर्तमानको चित्रण र भविष्यको बारेमा पूर्व कथन अर्थात् भविष्यवाणी छन्। कविले आफ्ना रचनामा ऐतिहासिक घटनाहरू को उल्लेख घरि-घरि गरेका छन्, जुन चाँहि अहिलेसम्म कुनै अन्य कविद्वारा उपमा अथवा निर्देशना अलंकार-को रूपमा उपयोग गरिएको थिएन, यहाँ यसबाट दुइवटा उदाहरण दिइन्छ :

"रायसिंहले चारैतिरका भूमिहरू र किल्लाहरूमाथि कब्जा गरे जस्तो कि अघि राव चुण्डाले गरेका थिए।" (झुलाणा महाराज रायसिंघजी रा)।

"राणाप्रतापले हिन्दूहरूका विलुप्त सम्मान पुनः प्रतिष्ठापित गरे, जसरी सूर्य-ले रात्रिको अंधकारबाट प्रकाशको पुनः उद्धार गर्दछ।" (झुलाणा प्रतापसिंघजी रा)।

दुरासा आढा (1538-1651 ई०)सान्दुमाला-भन्दा ज्यादै ख्यातिप्राप्त भए, र अनेक समसामयिक राजाहरू र सर्दारहरूबाट उपहार प्राप्त गरे। थिनलाई निम्नलिखित कृतिहरूका रचयिताको रूपमा श्रेय दिइएको छ :

(1) 'विरुद्ध छिहत्तरी' (राणा प्रताप बारे दोहाहरू), (2) 'दोहा सोलंकी वीरमदेवजी रा', (3) 'झुलाणा राव सुरताण रा', (4) 'मरसिया राव सुरताण रा', (5) 'झुलाणा राजा मानसिंघ कछवाहा रा', (6) 'झुलाणा रावत मे घा रा', (7) 'गीत राजी श्री रोहितासजी रो', (8) 'झुलाणा राव अमरसिंघ गजसिंघोत रा', (9) 'किरतार बावनी'। यी बाहेक थिनका अनेक फुटकल रचनाहरू पनि उपलब्ध छन् जुन राणा प्रताप, देवीदास जैतावत, हाथी गोपाल दासोत, नवाब मोहब्बत खान, तोग सुरताणोत भाटी भीम, भीम अमरसिंघोत, राव सुरताण इत्यादि-बारे निसाणी, दोहा-जस्ता छन्दहरूमा लेखिएका छन् । अझै थिनले तत्कालीन कतिपय वीरहरू र घटनाहरू बारे 120 वटा 'डिंगल गीतहरू'को पनि रचना गरेका छन्। ·

'विरुद छिहत्तरी' भित्रका जम्मै दोहाहरूमा राणाप्रतापको स्तुति-गान गरिएको छ। तर यसभित्रका कतिपय दोहाहरू यस्ता पनि छन् जो यी कविका जस्ता नभएर आढा दुरासा-द्वारा रचिएको भनि ठहरयाइको छ। यसको कारण हो—काव्यमा ऐतिहासिक घटनाहरूको कमी, र आरज कुळ, आरज भाण भारत-वर्ष इत्यादि चारण काव्यमा आएका पछिका शब्दविन्यासहरूको प्रयोग भएको हुनाले मानिएको छ।

यस्तो पनि देखिएको छ कि कविले 'सोलंकी वीरमदेव'मा भएको जस्तै झण्डै 30-35 दोहाहरू रचेका थिए र शेष पदहरू र शीर्षकहरू चाँहि क्षेपक अर्थात् पछिबाट जोड़िएका हुन्।

'किरतार बावनी' बाहेक अरु जम्मै काव्यहरूमा वीरहरूको कर्म, लक्षण तथा उपलब्धिहरूको वर्णन गरिएको छ।

यहाँ यो कुरो भन्न महत्त्वपूर्ण छ—यी कविले ती व्यक्तिहरूको सतुति गरेका छन् जसले आफ्ना प्रतिद्वन्द्वीहरूसंग मुकाबला गरे, जस्तै : राणा प्रताप र अकबर, राव सुरताण र जगमाल उदयसिंघोत, रायसिंह र चन्द्रसेन, वीरम-देव र मोहब्बत खान इत्यादि। यस प्रकारका कविताहरूले व्यक्ति र तिनी-हरूका गुणहरूलाई आदर्शरूपमा अभिव्यंजित गर्छन र कुनै मत वा विचारसंग केही वास्ता हुँदैन। दुर्भाग्यवश यो एउटा चारण-विशेषता हो र यसमा दुरासाजी पनि अपवाद छैनन्। जे होस्, यहाँ स्वीकृत वीरहरू र अरुहरू बारे पद्यहरूमा अलि-अलि भिन्नता देखिन्छ। कविले ती वीरहरूको प्रशंसा गरेका छन् जसले हिन्दू धर्म र हिन्दुस्तानको रक्षक भएर मोगलहरूको विरोध गरेका थिए, जब कि उनी अरु प्रति यो मान्यता दिँदैनन्। सिरोहीका 'राव सुरताण' बारे उनी भन्छन् :

"राम्रो र नराम्रो बारे जान्नु, योग्य र अयोग्यलाई छुट्याउनु, हिन्दू धर्मलाई उन्नत बनाउनु, र एउटा कविको मनलाई बुझ्न सक्नु, यी तिम्रोलागि वरदान हुन् ।"

उनले आफ्ना कवितामा वीरहरूको वैयक्तिक गुणहरूको चित्रण गर्छन् तर शत्रुहरूलाई सामूहिक ढंगले विरोध गर्ने कुनै संदेश दिएका छैनन् । उनले राजा-हरूलाई यस्तो गुण हुनु पर्छ भनि स्मरण दिलाएका छन् :

"तिमीहरू आफ्ना घोड़ाहरूलाई अधार्मिक लँडाईतिर नलैजाउ, दुनिया तिमीहरूमाथि हाँस्ने छ । भविष्यमा हावाको दिशा कता हुन्छ, कसैले पनि जानेको छैन । तर यो कुरो जान्न देउ कि न्याय गर्नलाई ईश्वर हामीमाथि छन् । तर उनले हेर्नेछन् कि अन्यायको हार हुनेछ र मात्र न्याय कै विजय हुने छ ।" (झुलाणा राव सुरताण रा) ।

सान्दूमालाले झैं, दुरासाजीले लँडाईहरू र वीरहरूका कर्महरूको विशद ब्यौरा प्रस्तुत गरेका छन् । यसो गर्दा हुँदी, रामायण, महाभारत अनि राजपूत-हरूको इतिहासबाट उपमाहरू आफ्ना भनाइलाई सुदृढ़ बनाउनका लागि प्रयोग गरेका छन् । नागौरका राव र राजा राव अमरसिंहको आगरामा सलावतखान-लाई मारेपछि पराजय भएको घटनाबारे कविले यसरी वर्णन गरेका छन्—

"यो दृश्य ता मानौं देवता र दैत्यहरू परस्परमा लँड़ाई गरिरहेको जस्तो थियो, अन्तरिक्षमा एक-अर्कामाथि झटारो हानेर । भीमले दुर्योधनको सेनाका हात्तीहरूलाई झटारो हानेर फ्याँके झैं, राक्षसहरूको क्रोधको परवाह नगरेर महान् बानर देवता (हनुमान)-ले अशोक वाटिकामा प्रवेश गरे झैं, रावणको लंका-मा हनुमानले आगो लगाए झैं, राव अमरसिंहले दिल्लीका शत्रुहरूसंग अन्तसम्म लँड़ाई गरे औ अन्तमा उनी रावणको लंकाको किल्लाको फाटक भूँईमा लड़े झैं लँड़ाईको मैदानमा लड़े ।"

चारण वीरकाव्य र ऐतिहासिक काव्यका जम्मै विशेषताहरू दुरासाजीका काव्यहरूमा पनि अभिव्यंजित भएका छन् । उनको वर्णनात्मक काव्य 'झुलाणा अमरसिंघजी रा' यस शैलीको एउटा शास्त्रीय उत्कृष्ट ग्रंथ हो ।

'किरतार बावनी'मा मानवजीवनको नराम्रो पक्षको चित्रण गरिएको छ । अनेक उदाहरणहरू दिँदै कविले जीवनप्रति एउटा यथार्थ दृष्टिकोण प्रस्तुत गरेका छन् । उनी भन्छन्—

"एउटा व्यापारी आफ्नी तरुणी र सुन्दरी दुलहीलाई छोडेर टाढ़ा जान्छ, एउटा योद्धाले लँड़ाईमा आफ्नो जीवनको बाजी लगाउँछ, एउटा गरीब मान्छेले टन्टलापूर्ण घामको ताप सहेर जंगलभित्र दाउराहरू बटुल्छ, के को लागि ? यी सबै बाँच्नैका निमित्त हो।"

तर किरतार बावनीका लेखक बारे केही सन्देह उत्पन्न हुन्छ।

दुरासा जी आफ्ना 'डिंगल गीतहरू' द्वारा अधिक लोकप्रिय भए।

आसिया करमसी खीन्स्वारोतले, जसका रचनाहरूलाई 1545-1563 ई० कालान्तर्गत राखिन्छ, आफ्नो काव्यको लागि मेवाड़का राणा उदयसिंहबाट उपहारस्वरूप ग्राम पसुण्डा प्राप्त गरे। यिनका कृतिहरू हुन्—'मरसिया राव रायसिंह सिरोही रा'। 'सूजावालेछो रा कवित्त' (61 श्लोक) औ केही डिंगल गीतहरू।

'सूजावालेछो रा कवित्त' एउटा वर्णनात्मक काव्य हो र सामन्तसिंहका पुत्र सूजा बालेछा नामक कमख्यातिप्राप्त वीरका तीन वटा लँड़ाईमा वीरता पूर्ण कार्य-हरूको चित्रण भएको एउटा महत्त्वपूर्ण कृति हो। यिनले राणा उदयसिंह र जोधपुरका राव मालदेवका निमित्त युद्ध गरेका थिए औ हरभाड़ाको लँड़ाईमा 1556 ई०मा उनी मारिए। यहाँ एउटा कवित्तको भावार्थ यस प्रकार छ :

"आफ्नो भूमि जीतेपछि सिंहासनमा विराजमान सूजा यस्ता देखिन्छन्, मानो एउटा सिंहले प्राकृतिक स्वर्ण वस्त्र (कवच) लगाएका छन् अथवा पलेटा भएको फणिधारी सर्प हो वा मानौं आगोमा घिउ हालिएको हो, वा सूर्य आफ्ना हज्जारौं किरणहरू फैलाउँदै समुद्रबाट झुल्किरहेछ, वा वीर हनुमान जसले विष्णुबाट वरदान प्राप्त गरेका छन्।"

सान्दूरामा धरमसियोत, 'उदयसिंघ री वेलि' का रचयिता थिए। बारहट अखो, भाणौत देवीदास 'जैतावत री वेलि' का रचयिता थिए। सन्ढायाच पूना औ जाडा मेहडू सौह्रौं शताब्दीको उत्तरार्द्ध र सत्रौं शताब्दीको आरम्भकालका उल्लेख-नीय कविहरू भए। पूना औ जाडाले स-साना वर्णनात्मक काव्यहरू लेखे। पूनाले 1574 ई० को कालिन्द्री (सिरोही) को लँड़ाई बारे 76 श्लोकहरूमा वर्णन गरे। जाडाले चाँहि 'साडूल पमार रो छन्द' (112 श्लोकमा) रावत मालदेवका छोरा सादूल परमारको वीरतापूर्ण कार्यहरूको वर्णन गरेका छन्। तत्कालीन काव्य परम्पराको अनुकरण गर्नका निमित्त, यी कविहरूले आफ्ना समकालीन वीरहरू र घटनाहरू बारे फुटकल कविताहरू पनि लेखे जसमा डिंगल गीतहरू पनि छन्।

'राठौड़ रतनसिंघा री वेलि' (72 श्लोक) संभवतः दूढो विसराल द्वारा

रचिएको हो र यो यस कालको अर्को उल्लेखनीय काव्य पनि हो। यसमा जैताराण-का रतनसिंह र शाह कुलीखानको सेनापतित्वमा मुगल सेनाको विरुद्धमा 1557 ई० को लँड़ाईको वर्णन गरिएको छ। यसको केही पछि नै यो काव्य रचिएको थियो। यस काव्यबारे एउटा उल्लेखनीय कुरो के छ भनेदेखि कविले लँड़ाई र विवाहको रूपकालंकार लक्षणको निर्वाह सम्पूर्ण काव्यभरि गरेका छन्। शत्रुहरूको सेना, दुलहीको भूमिका, तरुणी विषकन्या जस्ती देखाइएको छ र रतन-सिंह चाँहि दूल्हा बनाइएका छन्। तिनीहरूको विवाह र सहवास पनि साँगरूपक अलंकारमा वर्णन गरिएको छ। यस काव्यमा वीर-शृंगार र वीर-वीभत्स रसहरू-को परिपाक पनि देखिन्छ। यसको एउटा श्लोकले यसो भन्छ :

"वीरतापूर्ण अंत भएपछि रतनसिंहले स्वर्गमा राज्य गर्दैछन्, उनी अब परमात्मासंग छन्। यसकारण आशीर्वाद भन्न र तिनको लागि माँसभक्षी पक्षीहरू आकाशतर्फ उड़े। विवाहमा ब्राह्मणहरू तथा चारणहरू आदिलाई भोजन गराइयो र तिनीहरूले आफ्ना हात उठाएर आशीर्वाद दिए।"

सत्रौं शताब्दीका आरम्भिककालका अत्यन्त ख्यातिप्राप्त कवि हुन् केशोदास गाडण, जसका रचनाहरूलाई 1583 ई० र 1644 ई० को बीचको समयमा राख्न सकिन्छ। उनी ग्राम छिन्डियोका सदमल दूदावतका पुत्र थिए। उनका पितालाई यो गाँउ जोधपुरका राजा सूरसिंहले 1596 ई० मा प्रदान गरेका थिए। केशोदास जोधपुरका महाराजा गजसिंहका कृपापात्र थिए जसले उनलाई 1626ई०-मा ग्राम सोवाडाबारू (सोजत) प्रदान गरेका थिए। उनको यस लोकप्रियताको एकमात्र मुख्य कारण थियो उनको भक्ति काव्य—'निसाण विवेक बार'। यो र उनका अन्य काव्यहरू—'छंद महादेवजी रो' (वा शंकर छंद) तथा 'छंद श्री गोरक्ष-नाथ'को सम्बन्धमा अन्यत्र भनिएको छ। उनको 'राजगुण रूपक बन्ध', 'राव अमरसिंहजी रा दूहा', तथा फुटकल कविताहरू, कवित्त, दोहा अनि गीत हरूको यहाँ उल्लेख गरिने छ जुन अनेक समकालीन वीर व्यक्तिहरू बारे लेखिएका थिए।

प्राय: 1625 ई० तिर रचिएको 'गजगुण रूपक बन्ध' एउटा वर्णनात्मक काव्य हो जसमा 45 वटा विविध छन्दहरूमा रचिएका 1301 श्लोकहरू छन्। यसमा जोधपुरका महाराजा गजसिंह र भीम सिसोदियाको जो क्रमश: मुगल सेना-का जेनरल र विद्रोही शहजादा खुर्रमका सेनाका कम्यान्डर थिए, पटनाको छेउ हाजीपुरमा 1624 ई० मा भएको युद्ध बारे वर्णन गरिएको छ।

हाजीपुरको यो लँड़ाईको जसमा महाराजाको जीत भएको थियो, विशद रूप-ले वर्णन गरिएको छ। लँड़ाईको तयारी, सेना, यसको गति तथा आक्रमणहरू, यसका सैन्य-पंक्तिहरू, सेनाका दलहरू, कम्पनी, रणनीति तथा सेनाको कवायद,

लँड़ाईका भोका योद्धाहरू, रणभूमिको संघर्ष र रक्तमुछेल दृश्यहरूबारे कविले बड़ो ओजपूर्ण शैलीमा वर्णन गरेका छन्। यो काव्य यिनै विशद सैनिक विवरणहरूको निम्ति नै प्रसिद्ध छ र सांस्कृतिक दृष्टिले यसको शब्द-योजना, वाक्य-विन्यास महत्वपूर्ण छ। नाथपंथी योगीहरूको धार्मिक परिषद्‌का शब्दहरूमा फौजको आलंकारिक चित्रण र हठयोगका शब्दहरूको प्रयोग, यी सबै नयाँ हुन्। अरु जम्मै कविताहरू विविध व्यक्तिहरूको सम्मानमा लेखिएका स्तुति गीतहरू हुन्।

बारहट शंकर (1543-1623 ई०) र उनकी धर्मपत्नी पद्‌मा सान्दू, दल्ला आसिया (1553-1643 ई०) र उनकी धर्मपत्नी देपाण, सिन्धायाच गाइयो (टुड्‌कारो, बारहट लक्खा र उनका छोरा बारहट नरहरिदास) (1591-1676 ई०) आदि यस कालका अन्य उल्लेखनीय रचनाकारहरू थिए। हालैसम्म नरहरिदासको अवतार चरित्र, पिंगल र ब्रजमा लेखिएको पौराणिक वृत्तान्त काव्यको अध्ययन र ज्ञान चरणहरूमा अनिवार्य भनेर घोषित गरिएको थियो।

जोधपुर-स्थित ग्राम रूपावासका निवासी बारहट आईजान बारहट नरहरिदासका समकालीन थिए। उनका कविताहरू जसको शीर्षक 'कवित्त सोलंकी जीवराजजी रा' बारे सुनेर, रूपनार (किशनगढ़)-का ठाकुर जीवराजका विधवाहरूले ठाकुरको मृत्युको छ महीना बितिसके पछि, सती गए। कविले, मेवाड़का एकजना जागीरदार राठौड़ मोहकमसिंहको बारेमा पनि निन्दा गर्दै श्लोकहरू लेखेका छन्।

चातरा मोतिसार (1593-1678 ई०), जोगीदास कँवारिया (1613-1688 ई०), चारण भूधरदास पाल्हावत, कल्याणदास मेहडू (जाडावत) गाडण चोलो मेहावत (चाउधजी), हेम सामौर र आढा किसना (मृत्यु 1657 ई०), दूरसा आढाका छोरा—यी जम्मै चारण कविहरू सत्रौं शताब्दीका पूर्वार्द्धको कालसंग सम्बन्धित छन्। प्रायः यी सबैले आ-आफ्ना समकालीन राजाहरू र घटनाहरू बारे नै काव्यरचना गरेका छन्।

भूधरदासको 'सेखावातों राजवतों की वार' मा अमरसर (शेखावटी) का राव मनोहरदास र आमेरका राजा मानसिंह प्रथमकोमाँझ भएको लँड़ाईको वर्णन गरिएको छ। कल्याणदास रचित 'राव रतन री वेलि' मा चाँहि वाराणसीको नजीक चरणारद्रीको लँड़ाईको वर्णन गरिएको छ। यस लँड़ाईमा बूँदीका राव रतनसिंहले, सम्राट जहाँगीरका पक्षमा शहजादा खुर्रमको विद्रोहलाई दमन गर्नका निम्ति लड़ेका थिए। वर्षाका पर्यायवाची शब्दहरूमा लँड़ाईको आलंकारिक वर्णन बड़ो अद्‌भुत छ। चोलो रचित 'सूरसिंघजी रो वेलि' चाँहि बीकानेरका महाराजा सूरसिंहको प्रशंसामा लेखिएको छ। हेम समौरको गुण भाखा चरित्रमा जोधपुरका महाराजा गजसिंहको हाजीपुर (पटना)-मा भीम सिसोदियासंगको युद्ध र विजयको वर्णन भएको छ। 'हेमी नाममला' नामक एउटा शब्दकोश उनले नै श्लोकहरूमा रचेका

थिए भन्ने विश्वास गरिएको छ। तर यो उपलब्ध छैन। निम्नलिखित काव्य आढा किसनाको हो भनिएको छ :

'निसाणी महेस दलपतोत री', 'निसाणी रतन महेसदासौत री', 'निसाणी साहजहाँ पातसाह री', 'राणा जगतसिंह री वेलि', 'भारवडी महाराजा गजसिंह री', 'गजरूपक', 'झुलाणा महाराव राजसिंह सिरोही' तथा समकालीन राजाहरू बारे केही फुटकल डिंगल गीतहरू।

'वेलि' को बारेमा जो एउटा पौराणिक किसिमको काव्य हो अघिनै भनिएको छ। अरु जम्मै काव्यहरूले तिनका राजा (नायक) हरूका साहसपूर्ण कार्यहरू र उपलब्धिहरूबारे वर्णन गरेका छन्। अर्को लामो र वर्णनात्मक काव्य 'विन्हाई रासौ' उक्त जम्मै काव्यहरूमा उत्तम रचना छ। यस काव्यमा शाहजहाँका विद्रोही छोराहरू मुराद, औरंगजेब र शाह सूजाद्वारा धरभाट (उज्जैन)-मा, धौलपुर (सामुगढ़)-मा र बनारस (बहादुरपुर) मा गरेका तीनवटा लड़ाईहरूबारे भौगोलिक विवरणहरू दिइएको छ, विशेषगरेर, गौड़-राजाहरूको कर्महरूलाई ज्यादै विशेषता दिइएको छ। युद्ध, योद्धाहरू र सम्बन्धित घटनाहरूबारे यसमा बड़ो ओजपूर्ण शैलीमा विशद वर्णन गरिएको छ। शेखावटीका केही वीरहरू र गौड़, हाड़ा र कछवाह वंशका अन्य केही वीर राजाहरू इतिहासको निमित्त नयाँ हुन्। अन्य काव्यहरूमा जसरी वर्णन गरिएको छ, यसमा पनि वीर राजहरूको निम्ति मृत्यु एउटा महान अवसर हो र युद्ध गर्नु चाँहि मुक्तिको एउटा अर्थ मार्ग हो, भन्ने कुरामा जोर दिइएको छ। 'वचनिका' र (दवावाइत)का गद्यांशको अतिरिक्त यसमा 20 छन्दहरूको प्रयोग गरिएको छ। 'गजगुण रूपक बाँधमा' झैं यसमा पनि एउटा वीरको तुलना गोरखसंग र सेनाको तुलना जोगीहरूको जमघटसंग गरिएको छ।

गिरधर आसिया (1633-1718 ई.)को 'सात रासौ' 943 वटा श्लोकहरू भएको एउटा लामो इतिवृत्तात्मक काव्य हो अनि यो एकमात्र काव्यकृति हो, जसमा शक्तिसिंह (राणा प्रतापको सानो भाई), उनका छोरा अचलसिंह र नाती नरहरिको वीरताको प्रशंसा गरिएको छ। यस काव्यको अनुसार, शक्तिसिंहले आफ्ना पिताको क्रोधको कारणले साम्राज्यवादी मुगलहरूको दरबारसंग मेल गरे। उनले चित्तौड़को राजा हुनलाई अकबरले राखेका प्रस्तावलाई स्वीकार गरेनन्। उनी अकबर द्वारा गरिने आसन आक्रमणको बारेमा जनतालाई सूचना दिन भनेर चित्तौड़ आए, तर तिनलाई किल्लाभित्र प्रवेश गर्ने अनुमति दिइएन। खमनौर (हल्दीघाटी)-को युद्धपछि, जब गोगुण्दा राजमहलभित्र नाच्दै गरेका भाँड़हरू र विदूषकहरूको भित्तिचित्रहरूमाथि मानसिंहले व्यंग्य गरे, शक्तिसिंह अत्यन्त क्रुद्ध भए र त्यहाँदेखि भैंसरोडगढ़ तर्फ हिंडे। यस प्रकार, ऐतिहासिक दृष्टिले पनि यो एउटा बहुमूल्य कृति हुन गएको छ।

उदयपुरको नजीकैको गाँउ चिकलबासका किसोरदास राव (भाट), लाई जुन

दासोजीका साना छोरा थिए, महाराजा जगतसिंह (1627-1652 ई०)ले आश्रय प्रदान गरेका थिए। उनका वर्णनात्मक काव्य 'राजाप्रकाश'मा जो 1658-59 ई० तिर रचिएको थियो, 377 श्लोकहरूमा 132 वटा रूपकहरू छन्। यसमा मुख्य रूपले महाराजा राजसिंहको मालपुरमाथि गरेको आक्रमण र लूटपाट तथा उनको उदयपुरमा स्वागतबारे वर्णन गरिएको छ। उनका पुर्खाहरूको वंशावली, उदयपुरको भव्य प्राकृतिक सौन्दर्य र 14 प्रकारका छन्दहरूको प्रयोगले काव्यको दुइ बटा तीन भाग ओगटेको छ। राणा प्रताप र मानसिंह, राणा अमरसिंह र जहाँगीरको वर्णन र राजसिंहको मालपुरामाथिको आक्रमणबारे अतिशयपूर्ण गरिएको वर्णनमा अतिशय लालित्य देखिन्छ। कविले राणा प्रतापको मानसिंहमाथि विजय र अमरसिंहको जहाँगीरमाथि विजयको पनि वर्णन गरेका छन्।

'राजप्रकाश'को सम्बन्धमा यो उल्लेखनीय कुरो छ कि यसको अन्तिम पंक्ति अर्थात् यसको एउटा रूपकको एक अंश अर्को रूपकको शुरूमा क्रमगत आवृत्ति गरिएको छ। यस प्रकारको शैलीको निर्वाह जम्मै रूपकहरूमा गरिएको छ जुन कविको एउटा दुर्लभ प्रयास र पर्याप्त कौतूहलको कुरो हो। कविले समरसिंहको वर्णनमा 'पृथ्वीराज रासो' को पनि उल्लेख गरेका छन्। 'रासो' मा यस प्रकारको परिपाटी पाइएको छ र श्लोकहरू जसले यस प्रकारको शैलीको अनुसरण गर्छन्, मूल ग्रंथको धेरै निकट देखिन्छन्। यसको लागि संकेत छ कि अन्तस्थ अर्थात् बीचमा पर्ने छन्दहरू चाँहि श्लेषात्मक हुन्छन्। 'पृथ्वीराज रासौ'-का रचयिता चन्दबरदाई पनि भाट जातिका थिए। पृथ्वीराज रासौको लेखन शैलीको उत्तमताले गर्दा नै कदाचित किसोरदास पनि यसको शैलीको अनुकरण गर्न प्रेरित भए होलान्। यदि यही कुरो हो भने देखि, हामीले रासौ का पंक्तिहरूको मौलिकताको मूल्यांकन गर्ने एउटा बलियो सूत्र त पाउँदछौं।

कवि खिडिया जग्गाद्वारा 1658 ई० तिर रचिएको 'वचनिका राठौड़ रतनसिंघजी महेसदासौत री', एउटा कलापूर्ण वर्णनात्मक काव्य छ। यसमा धरभाट (उज्जैन)को लँड़ाईको वर्णन गरिएको छ, जुन विद्रोही राजकुमार औरंगजेब र मुरादका एक साथ मिलेको फौज र जोधपुरका महाराजा जसवन्तसिंहद्वारा नेतृत्व गरिएको मुगल फौजमध्यको लँड़ाई थियो। साथ-साथै यसमा रतलामका राठौड़ रतनसिंहको पतन भएको पनि वर्णन छ जसले कम्याण्डर भागे पछि लँड़ाई गरेका थिए। कविले यस कृतिमा, सेना, सैनिक-योजना, योद्धाहरूको उल्लास, तिनीहरूको युद्धमा विजय र पराजय, राजपूत स्त्रीहरूद्वारा सती गएको विशद वर्णन गरेका छन्। दृष्टान्त तथा उपमा जस्ता अलंकारहरू एवं सुन्दर शब्द-विन्यासहरू यस काव्यका विशेषता हुन्। रणभूमिमा राठौड़हरूका कौरवहरू र पाण्डवहरू जस्तै राजकुमारहरू आए। राठौड़ले हरिनामको प्रयोग गरे र औरंगजेबका सेनाका मुसलमानहरूले 'रहमान' र 'अल्लाह' को नाम लिए। अर्को उच्चारण हुने शब्द-

हरूको प्रयोग जानेर नै गरिएको छ।

यो कुरो भनिएको छ र यो केही अंशमा ठीक पनि छ कि यस रचनाका कवि यस्ता काव्यहरू गाडण शिवदासको 'अचलदास खिची री वचनिका', आढा किसना प्रथमको 'राजरूपक', विठू सूजोको 'जैतसी री पाघड़ी छन्द' तथा अज्ञात लेखको 'जैतसी छन्द' बाट प्रभावित भएका देखिन्छन्। यो काव्य तथा केही दोहाहरूको उल्लेख, जुन कतिपय वीरहरूसंग सम्बन्धित छन् र जसमध्ये 17 जनाको नाम भनिएको छ, यी दोहाहरू गायनको निम्त लेखिएका छन्। यसले बताउँछ कि कवि सुपठित थिए। 'वचनिका' कलात्मक गद्यको एउटा सुन्दर नमूना हो।

जग्गाका भक्तिमय कवित्तहरूबारे अन्यत्र उल्लेख गरिएको छ।

हामीलाई यस्तो लाग्दछ कि उत्तराधिकारको निम्ति शाहजहाँका छोराहरूको लँड़ाईले धेरै कविहरूलाई आकृष्ट गरेका थिए। आढा किसना प्रथम, महेसदास राव र जग्गाका रचनाहरूलाई पनि अवलोकन गरिएको छ। यहाँ अझ दुइजना अन्य कविहरू पनि छन्। कविया लूणकरणले आफ्नो 'केसरीसिंघजी रा झुलाणा,' 'दोहा वा निसाणी' (176 पंक्तिहरू) 1663 ई० तिर रचेका थिए र यसमा बीकानेरका महाराजा करणीसिंहका पुत्र केसरीसिंहका वीरतापूर्ण कर्महरूको वर्णन गरेका छन्। चारवटा विशेष कामहरूमा, धरमात, धौलपुर और अजमेरका लँड़ाईहरू, जुन-लँड़ाईहरूमा एउटा चाँहि शाहजादा सूजाको विरुद्धमा थियो, जसमा उसले औरंगजेबको विश्वसनीय योद्धा भएर लड़ेको थियो। कविले दिल्लीका तत्कालीन बादशाहहरूको इतिहासक्रम दिएका छन्, चाहे जुनै वंशसित तिनीहरू सम्बन्धित भएता पनि तिनीहरूको उल्लेखगरेका छन्। तर यसमा कुनै खास राजघरानाको वर्णन छैन, जस्तो कि प्राय: अन्य रचनाहरूमा देखिन्छ।

अर्का कवि हुन् कुम्भकरण सन्दू जसले 1663 ई० र 1723 ई०को प्राय: मध्य तिर लेखेका थिए—'रतन रासौ','जयचन्द रासौ', 'महाराजा रायसिंघजी री सतियों रा कवित्त' (33 श्लोकहरू) र केही फुटकल पदहरू जसमा समकालीन वीरहरू-माथि दोहा र गीतहरू छन् 'रतन रासौ' ले धरमातको लँड़ाईको वर्णन गर्छ र यो पिंगलमा रचिएको छ। 'जयचन्द रासौ' अचेल उपलब्ध छैन। 'महाराजा रायसिंघजी रीं सातियों'का कवित्तमा 1676 ई० मा शोलापुरको निकट मेडमा नागौरका राठौड़ राव रायसिंहको मृत्युपछि, उनका स्त्रीहरूले सती गएको मर्म-स्पर्शी विवरण दिइएको छ।

गाडण वीरभाण ठाकरसीयोत र द्वारकादास दधवाड़िया यी दुइ अन्य कविहरू सत्रौं शताब्दीको उत्तरार्द्धतिरका थिए जसका कृतिहरू 'कुँवर श्री अनूपसिंघजी री वेलि' (1669 ई० भन्दा अधिको) र 'अनीतसिंघजी री दवावैत' (1715 ई० मा रचित) ले आफ्ना वीर राजाहरूको स्तुतिगान गरेका छन्।

यो भनिएको छ कि जोधपुरका महाराजा अभयसिंहले आफ्ना तीन जना

दरबारी कविहरू रतनु वीरभाण, मोजराजाउत (1688-1735 ई०) कविया करणीदान विजयराजाउत (1693-1783 ई०) र खिड़िया बखता लाई अहमेदाबादको लँड़ाईको वर्णन गर्न भनेर खटाए, जुन लँड़ाईमा उनले 1730 ई० मा गुजरातका राज्यपाल सरदार बुलन्दखानको विरुद्धमा युद्ध गरेका थिए। यस अनुसार, तिनले क्रमशः 'राजरूपक', 'सूरजप्रकास' औ 'अहमेदाबाद रा झगड़ा रा कवित्त' (165 को संख्यामा)-को रचना गरे।

'राजरूपक' र 'सूरजप्रकास' लामो वर्णनात्मक काव्यकृति हुन्। रूपक जो 45 प्रकास अर्थात् अध्यायहरूमा विभाजित छ र यसमा 3317 श्लोकहरू र 25 वचनिकाहरू (तुकान्त गद्यमा) छन्। कविको भनाइअनुसार, प्रकासका श्लोकहरूको संख्या साढ़े सात हजार अनुष्टुप दोहाको बराबरी छ। रूपकमा महाराजा जसवन्तसिंहलाई सेतरामद्वारा आफ्ना पूर्वजहरूको संक्षेपमा उल्लेख गराए पछि, महाराजा अजीतसिंह र अभयसिंहको विस्तृत ब्यौरा दिइएको छ। तर 'प्रकास' मा चाँहि यसमा दिइएका आधा जति रचना राठौड़ राजवंशको पौराणिक एवं ऐतिहासिक आधारको विवरणमा खर्च गरिएको छ। यसमा रामायणको युगदेखि अजीतसिंहको युग सम्मको वर्णन छ। यी दुवै काव्यहरूले एक साथ राठौड़ घराना, विशेष गरेर अजीतसिंह र अभयसिंहको उपयोगी विवरण प्रस्तुत गर्दछ। दरबारी कविहरू भएको हुनाले दुवैले यस्ता घटनाहरूको उल्लेख छोड़िदिएका छन्, जस्तो कि अजीतसिंहको कलंकित मृत्यु बारे। दुवै काव्यहरू वीरताका भावनाहरूले प्रभावी भएका छन् र वीर योद्धाहरू र लँड़ाईहरूको विवरण सहित अतिरंजित छन्। वस्तुतः चारण काव्यका ऐतिहासिक औ वीरत्वका स्वरूपहरूका जम्मै विशेषताहरू यी काव्यहरूमा पाइन्छन् जस्तो कि, वीरहरूको सूची, मृत्युपछि तिनीहरूले भिन्न-भिन्न स्वर्गिक स्थानहरूमा निवास गरेको, दिव्य युवतीहरूसंग तिनीहरूको विवाह, इत्यादि। मुख्य रस चाँहि शृंगारमिश्रित वीर तथा साथै वीभत्स, करुण र अद्भुत रसहरूको पनि स्थान-स्थानमा परिपाक छ। यो रूपक, अरुको तुलनामा अत्यन्त सरल भाषामा लेखिएको छ। रूपक र प्रकास यी दुवै काव्यहरू चारण-शैलीका शास्त्रीय कविताहरू हुन्। अझ भनौं, पछिलो चाँहि (प्रकास) स्वभावतः विश्वकोशको रूपमा छ।

कवि रतनु वीरभाणका अन्य कृतिहरू हुन्—'एकाक्षरी नाममाला' (एकै अक्षरको शब्दकोश) 'भागवत प्रकाश' (यसै नामको पुराणको दशम् स्कन्ध मा आधारित काव्य) र कतिपय वीर नायकहरूबारे फुटकल कविताहरू।

'सूरजप्रकाश' बाहेक करणीदानका प्रचलित काव्यहरू हुन्—'विड़दसिणगार' (138 श्लोकहरू), 'महरी मजेज' (123 श्लोकहरू), 'जैन जवार या जति रासौ' तथा फुटकल श्लोकहरू, दोहा र गीतहरू।

'अभय भूषण' र 'महाराजा संग्रामसिंह रा कवित्त' लाई उनकै रचना ठहर्या-

इएको छ, तर ती उपलब्ध छैनन् ।

'विड़द सिणगार'मा अहमदाबादमा गरिएका अभयसिंह र सरदार बुलंदखान-माँझको लँड़ाईको वर्णन अनेक शैलीमा गरिएको छ । 'महरी मजेज' शृंगारी भावहरू र अनियंत्रित प्रेमको काव्य हो । 'जती रासौ' मा कविले काठियावाड़मा जैन जतीहरूको पाखण्डहरूमाथि प्रहार गरेका छन् ।

सान्दू पृथ्वीराज (18रौं शताब्दी) द्वारा रचित 'अभयविलास' विविध प्रकार-का छन्दहरूमा लेखिएको वर्णनात्मक काव्य हो । यसमा पद्धरी, कवित्त, दोहा, भुजंगी' उधोर, संजुता, गाथा, त्रोटक, आरधनाराज, नाराज, मोतीदम, हणुफाल इत्यादि छन्दहरू परेका छन् । यस काव्यमा मुख्य रूपले जोधपुरका महाराजा-को जसले 1724 र 1749 ई०को बीचमा राज्य गरे, जीवन र लँड़ाईहरूको वर्णन गरिएको छ । साथै उनको वंशावली जयचन्ददेखि शुरू गरेर दिइएको छ । यसमा शिकार वसन्त, फाग आदिको सुन्दर विवरण प्रस्तुत गरिएको छ । कवि स्वयं महाराजाका समकालीन थिए । यो काव्य आफ्नो उच्च कोटिको शब्द-विन्यासले गर्दा प्रभावशाली छ र अभयसिंह अनि उनको समयको बारेमा यसले दिएको ब्यौरा-को लागि पनि महत्वपूर्ण छ । काव्यमा उल्लेख गरिएका प्रधान घटनाहरूका तिथि-हरूले यसलाई इतिहासको लागि एउटा मुख्य स्रोत बनाइदिएको छ ।

कवि करणीदानले झैं, सान्दु पृथ्वीराजले पनि धरमाट (उज्जैन)-को निर्णायक लँड़ाईबाट महाराणा जसवन्तसिंहको पलायन-बारे सत्यघटनादेखि आफ्नो आँखा चिम्लेर लेखेका छन् । राठौड़ राव महेस दासौतको पराजयको वर्णन गरेपछि, कवि-ले अन्य घटनाहरू बारे अत्यन्त संक्षेपमा भनेका छन् :

"राजा (जसवन्तसिंह) जोधपुरका किल्लामा फर्केर आए र औरंगजेब चाँहि अरु मानिसहरू-समेत दिल्ली पुग्यो । राजगद्दीका वास्तविक अधिकारी दाराले आफ्नो ज्यान जोगाउनलाई भाग्नु पर्‍यो र नियतिले दिल्लीको शासनको बागडोर औरंगजेबको हातमा सुम्पिदियो ।"

यस काव्यको पाण्डुलिपि दुर्भाग्यवश अपूर्ण छ । यसको पुष्पिका (प्राचीन पुस्तकहरूको अन्तमा दिइएको विवरण तिथि आदि)-बाट यो थाहा लाग्दछ कि सम्भवत: कविले स्वयं यसलाई पूर्ण गर्न सकेनन् ।

'वरसलपुर गढ़ विजय' वा 'सुजान रासौ'-को रचना कवि जोगीदासले 1712 ई० तिर गरेका थिए । यस कृतिमा बीकानेरका सुजानसिंह (1700-1746 ई०)-को वरसलपुरका भाटीहरूमाथि आक्रमणको वर्णन गरिएको छ । यो काव्य पनि इतिहासको दृष्टिले महत्वपूर्ण छ किनकि यस हमलाको उल्लेख अन्यत्र कहीं पाइँदैन ।

'राधाकृष्णजी रा दूहा' अनि 'वैद्यकसार' पनि जोगीदासका अन्य रचनाहरू हुन् ।

'माहव यस प्रकास' (1711-14 ई० तिररचित) काव्यमा, कवि मानसिंह आसियाले 1711 ई०को बन्धनवाड़ामा भएको लँड़ाईको वर्णन गरेका छन् । यसमा कानौड़ (मेवाड़)का रावत महाबसिंहले मुगलसेनाको सेनापति रणबाज खान मेवातीको विरुद्धमा लँड़ाई गरेर उसलाई मारेका पनि थिए ।

कवि पत्ताजी आसिया रचित 'सुरताण गुण वर्णन' (1715 ई०) ले बेडाला (मेवाड़) का रावत चौहान सुरताणसिंहका वीरकार्यहरूको वर्णन गरेको छ ।

मारवाड़मा ग्राम भडोलीका निवासी कवि हम्मीरदान रतनु (18रौं शताब्दी को पूर्वार्द्ध) लाई कच्छका महारावल देसलजी प्रथम (1717-1751 ई०) र उनका छोरा लखपतको आश्रय प्राप्त भएको थियो । भनिएको छ कि यिनी बहुश्रुत विद्वान थिए र यिनी 175 वटा पुस्तकहरूका लेखक पनि थिए । यी पुस्तकहरूमा 'शब्दकोश' र 'लोकोक्ति-संग्रह' लगायत अनेक विषयका पुस्तकहरू छन् । यिनको 'देसल जी री वचनिका' वीर रसको एउटा वर्णनात्मक काव्य हो जसमा देसलजी र गुजरातका राज्यपाल सार बुलन्दखानमाझको युद्धको वर्णन गरिएको छ । कविले गद्यमा तुकान्तको पनि प्रयोग गरेका छन् जस्तो कि अरु वचनिकाहरूमा पनि छन् । हम्मीरदान रतनुका अधिकांश कृतिहरू पाण्डुलिपिको रूपमा नैं छन् र यी सजिलोगरि प्राप्य छैनन् ।

पुरोहित आसकरण अनि पुरोहित सोभाचन्द, जसले 1718 ई० र 1747 ई० को बीचको समयमा लेखे, आफ्ना डिंगल गीतहरू र फुटकल श्लोकहरूको लागि प्रसिद्ध छन् र ती सबै रचनाहरू ऐतिहासिक महत्वका पनि छन् ।

आढ़ा पहाड़खानले 1723-1754 ई० को अवधिमा लेखे र उनको 'गोगाडे रूपक' पनि राठौड़-जोहिया बीचका मामलाहरूमाथि लेखिएको महत्वपूर्ण वर्णनात्मक काव्य हो । उपरोक्त मामला बादर ढाढीको 'वीरमायण'मा पनि उल्लिखित छ । यहाँ पाठकहरूको सहानुभूति सम्पूर्ण काव्यमा जोहिया दल्लाप्रति उत्पन्न हुन्छ ।

'गुणमाल शाहदेव करण री' (1733ई०)काव्य राव वेणा द्वारा रचिएको हो र 'गुण शिवचरित प्रकास' (1744 ई०) चाँहि नाथा द्वारा रचिएको हो । प्रथम काव्यमा शाहदेवकरण (महाराणा संग्रामसिंह द्वितीय : 1710-1733 ई०) का समयमा मेवाड़का मंत्रीको कार्यहरूको वर्णन गरिएको छ । दोस्रो काव्यमा दुइ वटा लँड़ाईहरूको वर्णन छ जसमा पहिलो चाँहि फतेहपुर (शेखावटी) को र अर्को ग्रग्राणा (अजमेर क्षेत्र) को । यी दुवै लँड़ाई सीकरका राव शिवसिंहले (1721-1748 ई०) लड़ेका थिए ।

बीकानेरका महाराजा गजसिंह (1776-1787 ई०) को जीवनकथाले धेरै

कविहरूलाई आकृष्ट गरेको थियो, विशेषगरि गाडण गोपीनाथ, सिन्ढायाच, फतेह्-राम अनि आसिया दानालाई, जसले क्रमशः 'ग्रन्थराज', 'महाराज गजसिंह रो रूपक' र 'विरुद प्रकास'-को रचना गरे।

'ग्रन्थराज' 18रौं शताब्दीको उत्तरार्द्धको एउटा वीरकाव्य हो। चारण परम्परागत काव्य, भाषामाथि अधिकार र छन्दमाथि प्रभुत्वबारे जुन गहिरो ज्ञान गाडणको थियो, तत्कालीन अन्य कविहरूमा पाउन असम्भव छ।

'इन्द्रसिंघ रूपक' 597 वटा श्लोक भएको एउटा वर्णनात्मक काव्य हो जसको रचना सगता सान्दू (18रौं शताब्दीको उत्तरार्द्ध)-ले गरेका थिए। यिनलाई खैर-वाका ठाकुर इन्द्रसिंह जोधाको आश्रय प्राप्त भएको थियो। यस काव्यमा लँड़ाईहरू (1730 ई०को प्रसिद्ध अहमदाबादको युद्ध लगायत)-को वर्णन गरिएको छ, जसमा जोधपुर सेनाका विश्वसनीय योद्धाहरूको रूपमा ठाकुर र उनका पूर्वजहरूले लड़ेका थिए।

'महाराजा स्री शिवसिंघजी रा कवित्त' चाँहि 1790 ई०को अघि नै रचिएको थियो र यसमा 192 श्लोकहरू छन्। यस काव्यमा ईडारका शासक राठौड़ शिव-सिंहको वीरतापूर्ण कार्यहरू, विशेषता र उपलब्धिहरूको वर्णन गरिएको छ। अनि साथै उनका पूर्वजहरूको वंशावली, मारवाड़का राव सिंहोजीदेखि लिएर त्यस पछिका राजाहरूको पनि वंशावली यसमा दिइएको छ। यो अधिक ऐतिहासिक महत्व भएको एउटा ओजपूर्ण काव्य हो। महाराजा अजीतसिंहका पाँच जना छोरा-हरूले भन्छन् :

"चारणको जीवन अर्थपूर्ण हुन्छ यदि उसले ईश्वरलाई प्रेम गर्छ भने, यस्तै गरेर भाटहरूको जीवन पनि यदि राजाहरू उसको स्वागतका लागि उठे भने, पंडितको पनि त्यस्तै हुन्छ यदि उसले भागवतको पाठ गर्छ भने, जोगीको जीवन पनि त्यस्तै हुन्छ यदि उसले मनको स्थिरता प्राप्त गरेको छ भने, राजपूतको जीवन पनि त्यस्तै हुन्छ यदि उसले तलवार चम्काउँछ र दान दिन्छ भने अनि राजघरानाका मनुष्यको जन्म अर्थपूर्ण हुन्छ यदि उसले अरुका भूमिहरू जीते भने।"

यस कृतिका रचयिताको बारेमा केही पत्तो छैन।

हुकुमचन्द खिडिया, जसले 1743 ई० र 1803 ई०को मध्यमा लेखे, विभिन्न राजाहरू र घटनाहरूबारे उनका डिंगल गीतहरूको कलात्मक वैशिष्ट्यको कारण-ले सुपरिचित भएका छन्। यी गीतहरू ओजपूर्ण र चित्रमय छन औ छन्द-शास्त्रको दृष्टिले पनि यी उत्तम छन्। यिनले निसाणी छन्दको प्रयोग गरेका छन्। यिनका गीतहरू कण्ठस्थ गर्ने एउटा परम्परा नै बन्न गएको छ।

बारहट उम्मेदराम, पाल्हावत (1743-1821 ई०) का अधिकांश काव्यहरू

जस्तै 'ब्रह्म कवच', 'वाणी भूषण', 'भाषा चाणक्य', 'भाषा राजनीति' अनि 'सत्योपदेश' ब्रजभाषामा लेखिएका छन्, तर उनको 'मरसिया' चाँहि राजस्थानीमा लेखिएको छ। यो पछिल्लो काव्य अलवरका रावराजा बख्तावरसिंहको 1814 ई० मा मृत्यु भएपछि रचिएको थियो। रानी मूसीको वेदनाको गहनता, रावराजाको स्मृतिको साथै, रानीद्वारा सती गएको इत्यादि घटनाहरू बारे बड़ो मर्मस्पर्शी वर्णन भएको छ :

"रानीले सोह्र शृंगार गरिन्। उनको केशराशि उन्मुक्त साँप जस्तै लहरिएका थिए। गलामा पहिरिएका मोतीका लड़ीहरू एक अर्कासंग ठोक्किइरहेका थिए। आफ्नो हातमा फूलको माला लिएर रानी शोभायमान गतिले हिंड़न थालिन् र मनुष्यको भीड़ले श्रद्धापूर्ण गम्भीर स्वरमा 'खमा, खमा' भनेर चीत्कार गरे। सती मूसीले रावराजाको मृतदेहसंगै मृत्युलाई अंगालिन्। सूर्यले पनि, प्रीति र आदरका भावनाहरू सहित, सतीको दर्शन गर्नलाई आफ्नो रथ रोके।"

रामदास लालस (1761-1825 ई०) ले 'भीमप्रकाश', 'करणी रूपक' र 'खिचियोंका इतिहास'-को रचना गरे। 'भीमप्रकाश'-मा मेवाड़का महाराजा भीमसिंहको प्रतापको वर्णन गरिएको छ। 'करणी रूपक'-ले देवी करणीजीको कथा भन्छ। 'इतिहास' चाँहि चौहान-जाति अन्तर्गत खिची शाखाको एउटा व्यवस्थित ब्यौरा हो।

मंच (1770-1835 ई०) चाँहि छन्दशास्त्र बारे आफ्नो पुस्तक 'रघुनाथ-*रूपकगीतान रो' को निम्ति प्रसिद्ध भएका छन्। उनको 'घाणेराव री गजल' मा* गोदवाडका घानेराव नगर र त्यहाँको राजनीतिक अवस्थाको चित्रण गरिएको छ।

'देव गुणप्रकाश' 536 वटा श्लोकहरू भएको एउटा वर्णनात्मक काव्य हो जसको रचना 1780 र 1795 ई० को बीचमा कवि चिमनजी ले गरेका थिए। यसमा ती लँड़ाईहरूको वर्णन गरिएको छ जुन सीकरका राव देवीसिंह (1763-1795 ई०) ले सिरोहीमा नजफकुली खानसंग र रवादूमा मुगल सेनापति मुर्तजाअलीसंग लड़ेका थिए। कविले यसमा रावका पूर्वजहरूको विवरण राजा कुन्तिलदेवदेखि शुरू गरेर दिएका छन्। यसमा फौज र लँड़ाईको विवरण ओजपूर्ण र मनोहारी भएको छ।

महादान मेहडू (1781-1843 ई०) आफ्ना 'डिंगल गीतहरू'-को निमित्त प्रख्यात भएका छन्। उनको 'महाराणा भीमसिंह रा झुलाणा'मा पिछोला (पेशोला) झील र महाराणाको विधिवत् शोभायात्राको वर्णन गरिएको छ।

'भीमविलास'-को रचना कवि आढा किसना द्वितीयले 'पिंगलमा' गरेका छन्। यो पनि महाराणा सम्बन्धी अर्को वृत्तान्त काव्य हो जसमा उनको वंशावली पनि

दिइएको छ ।

महादान बाईले आफ्नो 'सती सूजास' (1843 ई०) मा, रायसिंह देवाड़ा की पुत्री रानी देवाड़ी जोधपुरका महाराजा मानसिंहको 1845 ई० मा मृत्युमा अन्य स्त्रीहरू सहित कसरी सती गइन्, त्यसको विस्तारपूर्वक वर्णन गरेकी छन् ।

देशनकका वीठू भोमा, जसले 1828 ई० र 1848 ई०को बीचमा रचना गरेका थिए, बीकानेरका महाराजा रतनसिंह र उनका पुत्र सर्दारसिंहको सम्बन्धमा रचना लेखेका छन् । उनका कृतिहरू यस प्रकार छन् :

'कुँवर सर्दारसिंघजी रो विन्दाटाउ', 'महाराज सूरतसिंघजी रा मरसिया', 'महाराज रतनसिंघजी रो रूपक', 'महाराज कुँवर सर्दारसिंघजी रा कवित्त', 'रतन विलास', 'महाराज गणपतसिंघजी रा कवित्त' तथा केही फुटकल गीतहरू । यी सबै रचना प्रशस्तिवाची पद्यरचनाहरू हुन् । 'रतन विलास' चाँहि अरु सबैको तुलनामा एउटा उत्तम काव्य हो ।

कविया करणीदानका काव्यहरू सहित चारण काव्यको यो प्रवृत्ति 18रौं शताब्दीको अन्ततिर आफ्नो उत्कर्षमा पुगेको थियो, त्यसपछि यसमा अवनतिको युग आरम्भ हुन्छ ।

व्यक्तिहरू, घटनाहरू, योद्धाहरू, लँडाईहरू र त्यसको प्रभावको वर्णन गर्ने पद्धति, शब्द-विन्यास अथवा वाक्य-विन्यास र शैली इत्यादि रूढ़िवादी थिए । यो प्रवृत्ति जुन प्राचीनकाल देखि नै थियो, पछिका वर्णनहरूको निमित्त जड़ र दूषित एवं नीरस भए । राजनीतिक पृष्ठभूमिमा निरन्तर परिवर्तन, विप्लव र अस्थिरता भइरहेको हुनाले एउटै र समान विषयवस्तुहरू र शैलीसहितको परम्परागत प्रवृत्तिपछि धेरैदिनसम्म प्रभावी रहन सकेन । कवि बाँकीदासका काव्यमा उल्लेखनीय परिवर्तन भएको झामी प्रत्यक्ष देख्न सक्छौं र नयाँ युगको एउटा प्रतिध्वनि पनि सुन्न सक्छौं । उनी आधुनिक काव्य-साहित्यका अग्रगामी कवि हुन् ।

कविराजा बाँकीदास आसिया (1781-1833 ई०) जो जोधपुरका महाराजा मानसिंहका दरबारी कवि थिए, विद्वान् हुनाको साथ-साथै इतिहासज्ञ पनि थिए । उनको 'ख्यात' गद्यमा लेखिएका फुटकल ऐतिहासिक लेखहरूको संग्रह हो । उनका कृतिहरूमा 27 वटाको संग्रह तीन भागमा 'बाँकीदास ग्रन्थावली' शीर्षक लिएर प्रकाशित भएको थियो । उनका अन्य कृतिहरू हुन् : 'थळवाट बत्तीसी', 'ठाकुर रूपसिंह रायपुर री झमाळ', 'अन्योक्ति पंचाशिका' र विविध श्लोकहरू । प्रायः एक दर्जन अन्य कृतिहरू पनि यी कविले रचेका थिए भनिन्छ तर, ती कृतिहरू अहिले सम्म पाइएका छैनन् । उनी बहुविद् कवि थिए र प्राचीन कविहरू मध्ये राष्ट्रीय भावनाहरू अभिव्यक्त गर्ने प्राचीनतम कवि पनि यिनै भए ।

उनका कतिपय कविताहरूमा सामाजिक खराबीहरू र तिनको समाधान बारे विचार गरिएको छ । ती काव्यहरू कोही बेला व्यंग्यात्मक पनि हुन्छन् र तिनले

तत्कालीन सामाजिक खराबीहरूको भर्त्सना पनि गर्छन् । 'वैसाक वार्ता', 'मावडिया मिजान', 'कृपण दर्पण', 'चुगल मुख चपेटिका', 'वैस वार्ता', 'कुकवि बत्तीसी', 'विदुर बत्तीसी', 'कायर बावनी' इत्यादि यस्तै खालका काव्यहरू हुन् ।

उनले गरेका वीरहरूको सूक्ष्म चरित्र-चित्रण प्रेरणादायी र महत्त्वको छ । राजस्थानका जम्मै राजाहरू दुर्बल भएको र दोलायमान भएको तथा ब्रिटिशहरूको सामु समर्पण गर्न उत्सुक भएको वास्तविक रूपले आफ्नै आँखाले देखे र कवि बाँकीदासले सम्भवतः जनतालाई प्रेरित गर्न भनेर यस युक्तिबारे विचार गरेका थिए । यस प्रकारका काव्यहरू कुनै व्यक्तिविशेषलाई होइन तर समग्र वर्गलाई सम्बोधित गरेर लेखिएको छ, जसले वर्णनहरूको उत्तर दिन्छन् । काव्यमा यस प्रकारको प्रवृत्ति यति आकर्षक बन्यो कि एकजना महान कवि सूर्यमल, जसले बाँकीदासको अनुसरण गरे, यसलाई समान प्रभावको निम्ति ग्रहण गरे । उनका 'सूर छत्तीसी', 'सिंह छत्तीसी', 'वीर-विनोद', 'धवलपचीसी' इत्यादि यस्तै प्रकारका काव्यहरू हुन् ।

बाँकीदासका अन्य काव्यहरू—'भुरजाल भूषण', 'जेहन जसजाडख', 'सिद्धाव छत्तीसी', 'हमरोट छत्तीसी', 'थळवट बत्तीसी', सबै ऐतिहासिक काव्य हुन् र यिनमा नगरहरूको वर्णन भएका श्लोकहरू परेका छन् ।

'गंगा लहरी', 'झमाळ राधिका शिख-नख', 'मोहमर्दन' इत्यादि धार्मिक रचनाहरू हुन् । 'नीति मंजरी', 'संतोष बावनी', 'वचन-विवेक', 'अन्योक्ति पंचाशिका' इत्यादि विषयमा उपदेशात्मक छन् र यिनले सदाचरण बारे प्रचार गर्छन् ।

उनका केही काव्यहरूमा, बदलँदै गरेको राजनीतिक अवस्था बारे चेतावनीको उपदेश सुस्पष्ट देखिन्छ । 'चेतावनीका गीत'-का केही श्लोकहरूको अर्थ तल दिइन्छ :

"ब्रिटिशहरूले भूमिमाथि आक्रमण गरे औ मालिकहरूको शौर्य विध्वंस पारे । पहिले तिनीहरू शत्रुलाई आफ्नो भूमिमा अधिकार गर्न दिनुभन्दा अघि मर्नु मनपराउँथे । ब्रिटिशहरूले राज्य खोसेर लगे औ स्वामीहरू यसका मूक साक्षी भएर चुप्प लागेर बसे, उभिइरहे ।"

"तिनीहरूले आफ्ना बाहुहरूले शत्रुहरूसंग कसरी लँडाई गर्न पर्छ भन्ने कुरो पनि बिर्से र तिनीहरूले आफ्ना भूमिलाई अर्कोले हस्तान्तरण गरेको दुःखद दृश्य देखे, यस्तो रीतिले कि एउटा कायरले पनि आफ्नी पत्नीले अर्को घरजम गरेको चुपचाप शान्तिसंग सहन गर्दछ ।"

"छत्रपतिहरू र गढ़पतिहरूले यस दुःखद नियतिलाई उत्सुक भएर ग्रहण गरे औ तिनीहरूका आँखाको सामु तिनीहरूको भूमि हातबाट खोसियो, तर कुनैले पनि

यसको प्रतिरोध गरेनन् ।"

"यहाँ मृत्युलाई वरन गर्ने मात्र दुइवटा अवसर छन् : पहिलो, जब तिमीहरूको भूमि तिमीबाट खोसिन्छ औ अर्को, जब स्त्रीहरू सुरक्षाको लागि चिच्याउँछन् कि हिन्दू र मुसलमानहरूमा आफ्नो जमीन र स्त्रीहरूको सुरक्षा गर्नलाई अलिकतिपनि साहस बाँकी रहेको छैन ?"

यो कुरो प्रत्यक्ष छ कि बाँकीदास परम्परागत शैलीदेखि केही मात्रामा हटेका छन् । जब उनले काव्यरचना गरे त्यस समयदेखि राष्ट्रीयताको भावनाले जरा गाड्न शुरू गरेको थियो । त्यसपछि, हिन्दू होस् वा मुसलमान, सबै साहसीहरूको पुकार गरियो । बाँकीदासका रचनाहरू यसै कारण भारतको राष्ट्रीयतातिर मार्गको एउटा खुट्टी हुन गएको छ । अन्य केही कविहरूले जसमध्ये सूर्यमल मिश्रण, पनि छन्, यस आदर्शलाई अझ अगाडि बढ़ाएर लगे, तर आधुनिक युगको आरम्भमा शंकरदान सामौरले एउटा तूर्यनाद जस्तै राष्ट्रीयताको नारा दिएका छन् ।

पौराणिक एवं धार्मिक काव्य

यस वर्गका काव्यहरूमा एउटै स्वरूप छ—वीर र भक्तिरस, अथवा वीर, शृङ्गार र भक्ति रसको समन्वय । पृथ्वीराज राठौड़को 'वेलि' यस वर्गका काव्यहरूको एउटा उत्तम उदाहरण हो । बारहट ईसरदास र खिडिया जग्गा जस्ता अनेक कविहरूले चारण काव्यका दुवै प्रमुख प्रवृत्तिहरूप्रति बराबर देन दिएका छन् । यी प्रवृत्तिहरू हुन्—ऐतिहासिक र वीरता अथवा पौराणिक र धार्मिक । हामी यहाँ पौराणिक र धार्मिक काव्यहरूबारे विशेष विवरण दिन लागिरहेछौं ।

चारणहरूले आफ्नो मूल रूप शक्ति (देवी)-बाट खोजेर निकालेका छन् । तिनीहरूले आफ्नो जातिमा देवीका चौरासी असाधारण अवतारहरू निहित भएको कुरामाथि विश्वास गर्दछन् । आवड़जी, माहभय, चाळैराय र करणीजी केही यस्तै नामहरू हुन् । यी देवीहरूका विभिन्न अवतारहरूको स्तुति गर्दै केही रचनाहरू लेखिएका छन् । यस्ता कविहरूमा विशेष नाम करणीजीको छ । यी बाहेक मार्कण्डेय पुराणमा आधारित शक्तिका कथाहरू पनि काव्यमा लेखिएका छन् । वीर योद्धा शक्तिको उपासक हुन्छ र स्वभावतः शक्ति-उपासना राजस्थानमा प्रचलित भएको हो । यसरी नै, भगवान शिवबारे सती र पार्वतीसंग उनको दुइ विवाहका कथाहरू बारे काव्य-रचना गरिएका छन् ।

राम तथा कृष्ण-कथा-माथि अनेक आकर्षक र प्रभावी काव्यहरू लेखिए जसमा विशेष गरेर तिनीहरूको वीरतापूर्ण उद्धारक रूपहरूको काव्यमय वर्णन गरिएको छ जुन चाँहि यस काव्य-प्रवृत्तिको एउटा विशेषता हो । यिनमा केही अपवाद पनि छन्, जस्तै—सान्या झूला र बाँकीदासरचित राधाविषयक दुइवटा

स-साना काव्यहरू। 400 वर्षको यस युगभित्र लेखिएका अन्य दन्त्यकथात्मक चरित्रहरू जस्तै पाण्डवहरू, अभिमन्यु, प्रह्लाद र ईश्वरका दशावतारहरू पनि काव्यका विषयवस्तु भएका थिए। राजस्थानी काव्यमा ईश्वरका बीस अवतारहरूको उल्लेख कविया करणीदासले गरेका छन्, जुन एउटा अपवाद मात्र हो र यो भागवतको र ब्रजभाषा काव्यको पछिल्लो प्रभावको कारणले भएको जस्तो देखिन्छ। यसको अतिरिक्त, निर्गुण भक्तिमाथि केहीकाव्यहरू रचिएका छन्, जस्तै केसोदास गाडणको 'निसाणी विवेकवाद'। अन्य यस्ता केही काव्यहरू पनि छन्, जसमा ईश्वरको स्तुति गरिएको छ।

कवि श्रीधर व्यासद्वारा रचित 'सप्तसती रा छंद' र कवि खिडिया चानणरचित 'माताजी रा छंद' शक्तिको स्तुतिमा 15 रौं शताब्दीमा लेखिएका थिए। तेजोजी चारण र कान्होजी बारहट यस शताब्दीका अन्य प्रमुख कविहरू भए, जसले तत्कालीन सामाजिक खराबीहरूको निन्दा गर्दै भक्तिका पदहरू लेखेका थिए।

जयसिंहले, जो सम्भवतः ब्राह्मण कवि थिए, 16 रौं शताब्दीको आरम्भमा रचिएको आफ्नो 'हरि रासु' मा भगवानको प्रशंसा स्व-विश्लेषण र सन्तोषका निमित्त गरेका छन्। कविले भक्तिको अनुभूति सहित सरल भाषामा आफ्ना विचारहरू व्यक्त गरेका छन्।

अल्लूजी कविया (1468-1568 ई०-को छेउछाउ) राजस्थानका चारण भक्तकविहरूमा प्रख्यात छन्। उनका फुटकल पदहरू अधिकांश छप्पयमा छन् र संख्यामा यी पदहरू झण्डै 85 वटा जति छन् र केही डिंगल गीतहरू पनि उपलब्ध छन्। यिनमा राम, कृष्ण र गोरखनाथ, जाम्भोजी र अन्य सिद्धहरूको स्तुति-गान गरिएको छ। भावुकताको गहिराइ र भक्तिले यिनका छप्पयहरूलाई अधिक आकर्षक बनाइदिएको छ।

बारहट आसा (1493-1543 ई०) को 'गुण निरंजन प्राण' मा जसमा 45 पदहरू छन्। निर्गुण ब्रह्मको स्तुति र प्रतिष्ठाको वर्णन छ भने, उनका डिंगल गीतहरूमा सगुण ब्रह्मका लीलाहरूको बखान गरिएको छ। सगुण र निर्गुणको समन्वय, राम, कृष्ण र अल्लाहको ऐक्य, मुसलमानहरूको 'सलाम अलेक, अलेक सलाम'को नमस्कार र प्रणामसंग ऐक्य, जुन क्रमशः मुसलमानहरू र हिन्दू हरूको अभिवादनका शब्द हुन्। यी बाट आसियाको धार्मिक विचारहरूको स्पष्ट परिचय पाइन्छ। 'गुण निरंजन प्राण' मा उनी भन्छन्:

"हे अगोचर, परम तत्त्व, तिमी नै एकमात्र सत्य हौ, शेष जगत् मिथ्या हो। तिमीले एक्लै नै सृष्टि गर्छौ, पालन गर्छौ र ध्वंस गर्छौ।"

चुण्डोजी दधवाड़ियाले रचना गरेका कृतिहरू हुन्: 'निमन्धबन्ध' (33 पद-

हरू), 'गुणवाचक वेलि' (41 पदहरू), 'गुण भाकड़ी', 'रामलीला' र केही फुटकल पदहरू। तर आज पहिलेका दुइवटा कृतिहरू मात्र उपलब्ध छन्। यी दुवै काव्य-हरूले विभिन्न प्रकारले ईश्वरको स्तुतिगान गरेका छन्। दोस्रो कृति अंकशैलीमा छजुन 1।2 देखि शुरू भएर 21 सम्म पुग्दछ। यी काव्यहरू 1563 ई० र 1568 ई०-का बीचको अवधिमा रचिएका थिए।

चुण्डोजी र अल्लुजी कवियाा ती 14 जना चारण भक्तकविहरू मध्येका हुन्, जसको उल्लेख स्वामी नाभादासको भक्तमालामा गरिएको छ।

सन् 1540 ई० मा रचिएको सांखला करमसी रूणेकाको 'क्रुसनजी री वेलि'-मा, रुक्मणीको सौन्दर्यको प्रभावशाली उपमाहरू सहित बड़ो सुन्दर ढंगले वर्णन गरिएको छ। कविताको उपलब्ध पाठ्यग्रन्थमा मात्र 22 पदहरू छन् र यो अपूर्ण जस्तो देखिन्छ। यो एउटा उत्तम काव्य हो र कवि पृथिवीराज राठौड़को लागि आफ्ना वेलिमा प्रेरणाको स्रोत पनि हुन गएको जस्तो लाग्दछ।

यहाँ यसको एक पदको भावार्थ यसप्रकार छ :

"रुक्मिणीका कोमल पैतालाहरू जो रगतको प्रवाहले राता भएका छन्, उल्टा भएको कमलका फूल जस्ता देखिन्छन्। पाँवका नङ्राहरू ऐना जस्तै टल्किन्छन् अथवा कमलका फूलहरूमा चम्किने बत्तीहरूका पंक्ति झैं देखिन्छन्।"

'दुर्गा सत्तासी'को रचना एक जना जैन कवि कुशललाभ (1523-1600ई०)-ले गरेका थिए र यो मार्कण्डेय पुराणको 'दुर्गा सप्तशती'-माथि आधारित छ। यस कृतिमा दुर्गा सम्बन्धी कथाहरू सजिलो भाषामा दिइएका छन्।

हामीले कवि बारहट ईसरदास (1538-1618 ई०) रचित वीरकाव्य 'बलाण झालाण' रा 'कुण्डलिया' बारे पहिले नै विचार-विमर्श गरिसकेका छौं। चारणहरूको सम्प्रदायमा ईसरदासलाई ईश्वर झैं मानिएको छ। नाम ईसरा-पर-मेसरा भनेर प्रयोग गरिएको छ। यिनका महान कृतिहरू हुन्—'हरिरस', 'देवियाण', 'गुणवैराट', 'गुणनिन्दास्तुति', 'गुण भागवन्तहंस', 'गुण रासलीला', 'गुण बाललीला', 'गुण सभापर्व', 'गुण आगम' र 'गरुड़ पुराण'। बढ़ी मात्रामा लेखिएका डिंगल गीतहरू र पदहरूको अतिरिक्त यिनका लघुकाव्यहरू पनि छन्, यी हुन्—'दानलीला', 'छोटा हरिरस', 'आपण'; 'गंगावतरण', 'सामल रा दूहा' तथा 'कृष्ण ध्यान'।

ईसरदासका काव्यहरूमा धार्मिक उदारता, सुख तथा संयोजनका घटनाहरू र भावनाहरूलाई विशद चित्रण गरिएको छ। उनले एकमात्र सर्वशक्तिमान परमेश्वरको गुणगान गरेका छन् जो विभिन्न स्वरूप र विभिन्न प्रकार दृष्टिगोचर हुन्छ। उनको काव्य गुण-आगममा सिद्ध, संत औ नाथहरू र हुस्सैनलाई पौराणिक

भक्तहरूको रूपमा प्रस्तुत गरिएको छ। उनले भगवानसंग मुहम्मद साहबलाई पुत्र नदिएको र हुस्सैनको मृत्यु भएकोमा (गुण-निन्दा-स्तुतिमा) निन्दा गरेका छन्। उनको मनमा पुराण र कुरानप्रति बराबर आदर थियो, जुन उनको 'हरिरस' बाट प्रकट हुन्छ। हरिरस र देवीयाण पुस्तकलाई क्रमश: वैष्णव र शाक्तहरूको पाठ गर्ने पुस्तकको रूपमा स्वीकृत गरिएको छ। ईसरदास मूलत: भक्तकवि हुन् र उनको लागि भक्तिको अर्थ जन्म र मृत्युको बन्धनदेखि मुक्त हुनु हो। ईश्वरको स्तुतिपाठ गर्नु र उनको नामको बारम्बार जप गर्नु भक्तिको उत्तम रीति हो र उनका कविताहरूमा यसैलाई प्रमुखता दिइएको छ। गुण-निन्दा-स्तुतिमा, ईश्वर-का अनेक अवतारहरूका असंख्य लीलाहरूलाई व्यंग्यात्मक उपालम्भ र भर्त्सनाको साथै उल्लेख गरिएको छ। बालिप्रति बामनको धूर्तता र कृष्णद्वारा जामवन्तीको अपहरण, यी दुइ उदाहरणहरू पनि दिइएका छन्। यसले उनको भक्ति मात्र नदेखाएर क्रीड़ापूर्ण प्रेमको भावना पनि व्यक्त गर्दछ। हरिरसमा उनले कर्म र ब्रह्मा बारे दुइवटा मूलभूत प्रश्नहरू उठाएका छन्। प्रश्न हो—जीवित प्राणीको प्रथम उत्पत्ति भयो कि कर्मको ? जन्म-मरणको चक्र (बन्धन)-ले जीवित प्राणीलाई एकदम आरम्भदेखिनै पछ्याइरहेको छ र यो चाँहि पूर्वजन्मको कर्मको कारणले नै हो। यसकारण, यदि उ (मनुष्य) कर्म गर्नको लागि स्वतंत्र छैन भने किन उसले पीड़ा र वेदना सहन गर्न पर्छ ? अर्को तिर, धर्मशास्त्रहरूले यो घोषित गरेका छन् कि जीवित प्राणीमात्रले कर्म गर्न स्वतंत्र छ। यसकारण, कि त धर्मशास्त्र नभए कर्मको सिद्धान्त नै भूल हो।

ईसरदासले दोस्रो प्रश्न यसरी उठाउँछन् कि 'निराकार ब्रह्मबाट कसरी सृष्टि-को उत्पत्ति भयो र कसरी यस मूल तत्वको पालन गरियो ?' कविले पहिलो प्रश्न-को उत्तर यसो भनेर दिन्छन् कि आरम्भमा यहाँ एक पर ब्रह्ममात्र थिए र अरु कोही पनि थिएनन, न आत्मा नै थियो औ न कर्म नै। अर्को प्रश्नको सन्दर्भमा उनी 'नेति नेति' को ब्रह्म-मंत्रको अघि आफ्नो शिर निहुराउँछन्।

'वेलि क्रुसन रुकमणी री'को रचना राठौड़ पृथ्वीराज (1549-1600 ई०)ले 1580 ई० तिर गरेका थिए, जसमा 304 श्लोकहरू छन्। मुख्यत: भागवत पुराण मा आधारित यस ग्रंथमा कृष्ण र रुक्मिणीको विवाह बारे किम्वदन्तीको वर्णन गरिएको छ। कलात्मक भव्यता, भावनाको गहिरयाइ र विचारको उत्कर्षले यस काव्यलाई प्रसिद्ध बनाएको छ। यस प्रकारको काव्यमा यस रचनाको स्थान उच्च छ। कविले राजस्थानी काव्यका तीनवटा प्रवृत्तिहरूका मुख्य विशेषताहरूलाई सफलतापूर्वक मिलाइदिएका छन्। ती प्रवृत्तिहरू हुन्— लौकिक प्रेम-काव्य, ऐतिहासिक र वीरत्व-काव्य र संत (भक्ति) काव्य। प्रस्तुत वेलि मूलत: एउटा श्रृंगारिक प्रेम-काव्य हो जसको अन्त चाँहि भक्तिमा हुन्छ। यसमा दिइएको वीरताको चित्रण निकै दृढ़ छ र श्रृंगार रसको शुद्धता पनि छ। कविले यसमा

उत्तेजनापूर्ण श्रृंगारिक भावनाको मात्रै चित्रण गरेका छैनन्, अझ प्रसंग अनुसार जहाँ-जहाँ सम्भव थियो, आफ्नो कल्पनालाई अझै प्रज्वलित बनाएर यस प्रवृत्तिलाई अनुप्राणित गरेका छन्। श्रृंगारिक चित्रणलाई कोमलताको स्पर्शले भव्य बनाइदिएका छन्। रुक्मिणीका आन्तरिक भावनाहरू उनको बाह्य आचरणमा कोमलतासहित प्रतिबिम्बित भएका छन्। उपमाहरू सबै दृष्टिले पूर्ण, व्यंजनापूर्ण र चित्रमय छन्। कवि उपयुक्त शब्दहरूका चयनमा बड़ो सावधान देखिन्छन्। संस्कृत शब्द-हरूको प्रयोगमा उनी 'रणमल छन्द' को शैलीको अनुकरण गर्दछन्। उनको भाषा चाँहि साहित्यिक राजस्थानी छ। यस वेलिका रचना भएको देखि विद्वान्हरूमा वेलिको शैली निकै प्रचलित भएको देखिन्छ। उपरिलिखित वेलिका संस्कृत, व्रज, राजस्थानीमा एक दर्जन भन्दा बढ़ी संख्यामा भाष्यहरू मध्ययुगका विद्वान्हरूद्वारा लेखिएका थिए। आधुनिक युगमा यस वेलिका आधा दर्जनभन्दा बेसी संस्करणहरू प्रकाशित गरिएका छन्।

राठौड़ पृथ्वीराजले धेरै विविध विषयक श्लोकहरू, दोहा र गीतहरूको पनि रचना गरेका छन्। तिनमा रामकृष्ण, गंगा नदी र अनेक वीरहरूको प्रशंसाको गायन छ। तर वेलि चाँहि कविको चिरस्थायी गौरवको मूल आधार हो। यस वेलिबाट दुइवटा श्लोकहरूको भावार्थ यहाँ दिइन्छ :

"राजकुमारी रुक्मिणीका सखीहरू जो लज्जाशीलता, कुल एवं आयुमा एक समान छन्, कोमल तथा सुन्दर कमलका कोपिलाहरू झैं छन्। राजमहलको भूमिमा आफ्ना सखीहरूसंग खेल्दै गरेकी राजकुमारी निर्मल आकाशमा ताराहरू माँझको चन्द्रमा झैं देखिन्छिन्।"

"सूर्य डूब्ने साथै सूर्यका किरणहरू क्षीण हुँदै जान्छन्। आफ्ना बिछुड़ेका प्रेमीलाई पर्खिरहेकी प्रेमिकाका आँखाहरू, उड़दै गरेका पक्षीहरूका पखेटाहरू तथा कमलका फूलहरू पनि सूर्यास्तको साथ-साथै क्षीण र शिथिल हुँदै जान्छन्। यसरी नै प्रेमीको चाहना गर्ने सुन्दरी किशोरी रुक्मिणी पनि क्षीण (दुर्बल) भइन्।"

कविले बड़ो मार्मिक शब्दहरूमा संध्याको वर्णन गर्दै यसै प्रसंगमा रुक्मिणीका भावनाहरूको पनि चित्रण गर्छन्।

'महादेव पार्वती री वेलि'—यो पुस्तक 16 औं शताब्दीको उत्तरार्द्धतिर एक जना सम्भवतः ब्राह्मण कवि किसानौले रचेका थिए। यसमा 342 श्लोकहरू छन्। यो गंगावतरणको र शिवजीका सती र पार्वती संगको बिहे बारे कथात्मक काव्य हो। वर्णन विस्तृत र सुन्दर छ, विशेष गरेर शिवजीको विवाहसंग सम्बन्धित प्रसंगहरूको वर्णन। तर भावुकतापूर्ण वर्णन चाँहि तुलनामा कम छन्। कविको मुख्य उद्देश्य शिवजीको गुणको प्रशंसा गर्नु हो।

हामीले पहिले नै गाडण केसोदास (1553-1663 ई.) को चर्चा गरिसकेका छौं। उनका पौराणिक र धार्मिक विषयका काव्यहरू हुन्— 'निसाणी विवेकवर', 'छन्द महादेवजी रो,' र 'छन्द श्री गोरखनाथ।'

निसाणीको विषयवस्तु प्रधानतः शंकर-वेदान्त हो, यद्यपि यसमा भक्ति र योग साधनाबारे पनि विचार गरिएको छ। कविको सन्देश छ—स्व-लाई जान्नु र प्राणीमात्रलाई जन्म र मरणको बन्धनबाट मुक्त गराउनु। निसाणी धेरै नै प्रचलित रहेको छ र यसमा धार्मिक समन्वय प्रस्तुत गरिएका छन्। यसको भाषा राजस्थानी मिश्रित खड़ी बोली छ र यो सरल तथा मुहावरा भएको छ। यिनका अरु दुइवटा लघुकाव्यहरू हुन्—क्रमशः शिवजी र गोरखनाथका स्तुतिहरू। कवि निर्गुण ब्रह्म र नाथ-साधना तिर ज्यादै ढल्केका देखिन्छन्। उनको काव्य 'गजगुण रूपक बन्ध', जसको अघिबाटै उल्लेख गरिएको छ, नाथ-साधना बारे अन्यतम सामग्रीयुक्त ग्रन्थ हो।

'राम रासौ' को रचना माधोदास दधवड़िया (1553-1621 ई.) ले गरेका थिए। यिनी ग्रामवालुण्डाका निवासी चुण्डाका पुत्र थिए। यो रचना 1034 श्लोकहरू भएको कथात्मक काव्य हो। यसमा रामकथाको वर्णन गरिएको छ र यो प्रधान रूपले वाल्मीकि रामायणमाथि आधारित छ। कवि अध्यात्मरामायण, आनन्द रामायण, विचित्र रामायण (माधोदास रचित) र महाभारत एवं भागवत पुराणद्वारा पनि प्रभावित भएका देखिन्छन्। आफ्नो उक्त कृतिमा कविले रामलाई एउटा मुक्तिदाताको र नायकको रूपमा चित्रण गर्नमा जोड़ दिएका छन्। यस कथामा रामको मात्रै होइन अझ अन्य कतिपय पात्रहरूको वीरत्वको आदर्शपूर्ण प्रस्तुती पनि छ। जटायुलाई खिन्न देखाइएको छ किनकि जब उ जिउँदै थियो, त्यसै समय रावणले सीताहरण गर्‍यो। मर्न आँटेको बालिले रामको निन्दा गर्छ किनकि उसलाई छलपूर्वक रामले आघात गरे। हनुमानले सुरसालाई उनलाई भित्र जान देउ भन्ने बिन्ती गर्दैनन्, बरु उसलाई पराजित गरेर उनी लंकाभित्र प्रवेश गर्छन्। लक्ष्मण मूर्च्छा परेको खबर सुनेर रामले रावणलाई ललकार गर्छन्, तर रावण अन्धकारतिर भागेर जान्छ। यी कतिपय तथ्यहरू र अरु धेरै विषयहरूमा तुलसीदास र माधोदास दधवाड़ियामा अन्तर सांस्कृतिक दृष्टिले बड़ो महत्वको छ। तुलसीदासले रामको असन्तोष र खिन्नताको बढ़ी मात्रामा चित्रण गरेका छन्। यो निराशापूर्ण विचार तथा प्रवृत्ति चाँहि राजस्थानी कविहरूको स्वभावको विरुद्ध पर्न जान्छ, किनकि यिनीहरूका नायक अवकाशको क्षणमा शत्रुद्वारा प्रहार गर्दा अफसोस गर्न सक्छन्, तर शत्रुमाथि झट्टै त्यो भन्दा बलियो प्रहार पनि गरिहाल्छन्।

यस काव्यका स्थल-स्थलमा भाषा निकै सुन्दर हुन गएको छ अनि यसका भावभंगिमाको चित्रण यथार्थता र चित्रमय शैलीमा गरिएको छ। संवादहरू संक्षेप-

मा छन् र प्रवाह पनि सहज भएको छ। यी सबै नै स्वाभाविक हुन गएका छन्। यसमा मानवीय दुर्बलता र संवेदनशीलताको चित्रण पनि प्रसंगानुसार गरिएको छ। समुद्रको विस्तार देखेर प्रत्येक वानर सैनिकले अर्कोलाई हाम फालेर पार गर्ने कुरो सोधे। जटायुको मृत्युमा राम करुणाले अभिभूत हुन्छन्। कविले आफ्नो काव्यमा अनेक लौकिक विश्वासहरू र रीति-रिवाजहरूको पनि अनुसरण गरेका छन्।

यसमा एउटा अनियमित कालदोष पनि देखिन्छ। उदाहरणको लागि, कविले सुग्रीवलाई भन्न लगाएका छन् कि सेनाहरूले दशैं पछि लंकातिर प्रस्थान गर्नेछन्। उनले यहाँ यो बिर्सेका छन् कि दशैंको रिवाज त्यसबेला प्रचलनमा थिएन र यो रावणमाथि रामको विजय भएपछि प्रचलनमा आएको हो।

माधोदास दधवाड़ियाको 'निसाणी गजमोख' चाँहि भागवतमा भएको गजेन्द्र मोक्षको विषयबारे एउटा सानो वर्णनात्मक काव्य हो। उनको 'हडुमान गीत' चाँहि देवता हनुमानको स्तुतिमा लेखिएको छ।

यहाँ 'राम रासौ' बाट केही पक्तिहरूको भावार्थ दिइन्छ :

"मारिचको मृत्यु, लक्ष्मणप्रति सीताको कटुवचन—लक्ष्मण, म तिम्रो आशय जान्दछु, तिमीलाई भरतकी आमाले ह्राम्रोसंगमा जानु भनेकी हुन्। मेरा स्वामी सरल हृदयका छन्। उनी प्रत्येक व्यक्ति राम्रो हुन्छ भनेर विश्वास गर्छन्। उनको लागि प्रत्येक सेतो पदार्थ दूध हो।"

"सीता जता-जता जान्छिन्, त्यो मृग (मारिच) पनि उनको पछि-पछि जान्छ। घरिघरि यसले निहुरेर सीताका पाँवहरूको बिस्तारो स्पर्श गर्छ। उनको प्रत्येक पाइलामा त्यसले सीताप्रति गहिरो आकर्षण देखाउँछ र सीताको विश्वास अर्जित गरेर त्यस राक्षसले तिनलाई (सीतालाई) छक्याउने चेष्टा गर्छ।"

ग्राम लीलछाका साम्या झूला (1523-1623 ई० को छेउछाउ)—यिनी ईडारका राव कल्याणमलका प्रिय पात्र थिए। धेरै फुटकल कविताहरू लगायत यिनले यी कथात्मक काव्यहरूको रचना गरेका थिए, जस्तै—रुक्मिणी-हरण र 'नागदमण', जसमा क्रमशः कृष्ण औ रुक्मिणीको विवाहको कथा र कृष्णद्वारा जमुनामा कालियनागको दमन गर्नु, कुल्चेर त्यसको धूलोपीठो पारिदिनु बारे वर्णन गरिएको छ। 'अंगद-विष्टी' नामक कृतिमा अंगदको प्रयत्न र राम-रावण माझको लँड़ाईको वर्णन गरिएको छ। यिनको 'निसाणी राधिकाजी री' अपूर्ण कृतिमा राधा औ चन्द्रावतीसंग कृष्णको कुंजलीला बारे वर्णन छ। 'रणजंग' चाँहि राणा प्रताप र मुगल सैनिकहरूको बीचको लँड़ाई बारे, 'गुण वसन्त लीला' र 'रासलीला' पनि उनका रचनाहरू हुन्। उनले अझ अन्य कृतिहरूको पनि रचना गरेका छन् जसको नाम यस प्रकार छन्—'बारहमासा,' 'अंगद बडसालो' 'नाग-

दमण चौपाई', 'नागदमण छन्द', 'नागदमण कथा', र गुजराती भाषामा रासक्रीड़ा-माथि एउटा 'वात' (कथा वा वार्ता) इत्यादि । तर जबसम्म यी कृतिहरूका प्रामाणिक पाण्डुलिपिहरू पाइन्दैनन् तब सम्म यिनको प्रामाणिकताबारे केही भन्न सकिन्दैन ।

वर्णनात्मक काव्यहरूमा राम र कृष्णका भिन्न-भिन्न लीलाहरूको चित्रण गरिएको छ । रुक्मिणी हरण, अंगद-विष्टी र नागदमण प्रचलित एवं विशिष्ट काव्यहरू हुन् । प्रथम दुइ कृतिहरूलाई वीरकाव्य अन्तर्गत राख्न सकिन्छ र तेस्रो चाँहि एउटा वात्सल्य भाव भएको कृति हो । चित्रमय वर्णन र मन्त्रमुग्ध गराउने संवादहरू यी काव्यहरूका विशेषता हुन् । वर्णन प्राय: लँड़ाईका दृश्यहरूको, स्तुति-हरू र ईश्वर-अवतारका लीलाहरू समेतको गरिएको छ । यिनका संवाद परिहास-पूर्ण र वाक्चातुर्य भएका छन् । संवादको विषयमा सान्याजी एक जना अनुपम कलाकार हुन् । राधिका सम्बन्धी निसाणी कोमल अनुभूति भएको काव्य छ जुन त्यस युगको प्रथम काव्य हो । वास्तवमा राधाको विषयमा, त्यस युगमा दुइवटा काव्यहरू लेखिए । अर्को चाँहि हो 'झमाळ राधिकाजी रा नखशिख' जसका रचनाकार थिए बाँकीदास । त्यस कालका फुटकल पद्यहरू पनि प्राय: भक्ति-विषयक छन् ।

यहाँ 'नागदमण' बाट नागणी र कृष्णमाझको संवादका केही पंक्तिहरू दिइन्छन् :

"तिमी कहिले यहाँ आयौ र तिमीलाई केले यहाँ ल्यायो ? तिमीले आफ्ना पिताको घरको बाटो बिर्सिएका छौ र यसको सट्टामा नागको घरमा आइपुग्यौ ।"

"हे भद्र नागिणी, म जानेर नै यहाँ आएको छु र मैले बाटो बिर्सेको छुइन । मेरो गोली फर्काइ देउ यदि तिमी आफ्नो इज्जत बचाउन चाहान्छ्यौ भने ।"

"हे नागिणी, मेरा सुतिरहेका पतिलाई मैंले बाधा नदिनु र तिनलाई फर्काइ दिनु पर्छ भन्ने तिम्रा यी वचनहरू मेरा लागि कर्णकटु छन् ।

"कृष्ण, तिमी आफुलाई यस कालियनाग देखि बचाउ । नत्र भने तिम्रा पिता रुनेछन् र तिम्री आमालाई थाहा हुने छैन कि उनको छातीको दूध अब कसलाई खुवाउनु ?"

सूरजनदास पुनिया (1583-1691 ई०), जसले यस प्रवृत्ति अन्तर्गत धेरै योगदान गरेका छन्, विशेष रूपले छप्पय छंदका कविको रूपमा विदित छन् । यिनले अनेक विषयहरूमा, विशेष गरेर भक्ति विषयमा, प्राय: 400 जति छप्पय-हरूको रचना गरेका छन् । भावनाको गहनता र विचारको गूढ़ता यिनका काव्य-हरूका विशेषता हुन् । हामी यहाँ यिनका तीनवटा वर्णनात्मक काव्यहरू बारे

विवेचना गर्नें छौं ।

'कथा हरिगुण' (192 श्लोकहरू)-मा कविले ईश्वरको प्रशंसा अनेक प्रकारले गरेका छन् र केही मात्रामा यिनी ईसरदासको हरिरसको शैलीको अनुकरण गर्छन् ।

'कथा गजमोख' (69 श्लोकहरू)-ले ग्राहको मुट्ठीबाट गजको मुक्तिको कथा भन्दछ ।

'राम रासौ' (176 श्लोकहरू) मुख्यतः डिंगल गीतहरू र छप्पयछन्दमा रचिएको छ। यसले पनि रामको कथा भन्छ, जुन वनवासमा रामको सामु शूर्पणखा-द्वारा विवाह सम्बन्धी प्रस्ताव-देखि आरम्भ गरिएको छ। यही शूर्पणखा राम-रावण बीचको लँडाईको कारण बन्दछे। काव्यमा महत्वपूर्ण घटनाहरू र वीरतापूर्ण कार्यहरूको बड़ो ओजपूर्ण शैलीमा वर्णन गरिएको छ। काव्यमा दिइएका केही घटनाहरू असामान्य छन्। हनुमानले सीतालाई लंकामा खोज्न जाँदा उनले बिरालोको छद्मवेश धारण गर्छन्, लक्ष्मण दुइ पल्ट मूर्च्छित हुन्छन्, पहिलो पालो चाँहि महिरावणको मृत्युपछि पातालबाट वाराहीदेवीले पठाएको साँपको दशनले र दोस्रो पल्ट चाँहि रावण जब हार्न थाल्यो उसले लक्ष्मणमाथि प्रहार गरेकोले लक्ष्मण मूर्च्छित हुन्छन्। यसरी नै, लक्ष्मणलाई दुइ भिन्न-भिन्न समयमा भिन्न-भिन्न व्यक्तिहरूले होशमा ल्याउँछन्। पहिलो अवसरमा हनुमानले अमरजादी नामक पहाड़ उठाएर ल्याउँछन्, त्यस पहाड़माथि उनले वाराहीले शिवजीको नाम जप्दै गरेको भेटाउँछन्। अर्को पालामा रामले गहिरो निःश्वास लिंदा सीताले सुन्छिन् जसले सरजीत मंत्रको उच्चारण द्वारा लक्ष्मणलाई चैतन्य अवस्थामा ल्याउँछिन्।

वाराहीको प्रसंग मेहोजीको रामायणमा पनि पाइन्छ। वाराही 64 योगिनी-हरू मध्येकी एक हो। यस स्त्री जस-द्वारा महामुद्राको साधना सम्पन्न हुन्थ्यो, त्यसलाई योगिनी भनिथ्यो। वाराही वज्रयानी देवता हेरुककी शक्ति पनि हो। बौद्ध तंत्रहरूमा वाराहीको उपासना प्रचलित छ। यस्ता शब्दहरू, जस्तै—अवाजु-वाट, ओजुवाट, जसको अर्थ सरल, साधारण र सीधा मार्ग हुन्छ (जुन सिद्धकाव्य-हरूमा पनि प्रचलित छन्) सुरजानीद्वारा प्रयुक्त गरिएका छन्। उनी भन्दा अधिका जाम्भोजीले पनि यसै अर्थमा यी शब्दहरूको प्रयोग गरेका छन्। तिनले राजस्थानमा बौद्धसाधनाको अवशेषहरूको चिह्न बारे संकेत दिन्छन्। जे भए ता पनि, अहिले यस कुरोको अझै खोजी गर्न आवश्यक छ।

यहाँ 'राम रासौ'बाट एउटा पदको भावार्थ दिइन्छ :

"हे अंगद, तं जन्मले मात्र नीच होइनस् बुद्धिमा पनि तं कम्ती छस्। तं आज कसरी यत्रो कराएर बोल्न सक्छस्? तं आफ्नो ज्यान जोगाउनलाई यहाँ बाट

भागिस् भने असल हुने छ । तं कालो अनुहार भएको मूर्ख मान्छे, तेरो मालिकले तं-भन्दा राम्रो दूत पाउने छैन । तं दुर्मति भएको मान्छे, तं अलच्छिना मान्छे । तं-लाई लाज लाग्दैन कि तैंले आफ्नो धूर्तताले गर्दा राज्य पनि गुमाइस् । तैंले आफ्नै पिताको हत्यारासंग मित्रता गरिस् र त्यसको हातको सुगा भइस् । तंबाट अरु के आशा गर्न सकिन्छ ? खेलाड़ी र बांदरको बुद्धि हुंदैन र रोटीको एक टुक्राको लागि आफ्नो टाउको ठोक्काउँछन् ।"

'गुण गोविन्द'-को रचना कल्याणदास राय (भाट) ले 1643 ई०-मा गरेका थिए । कवि मेवाड़मा समेला गाँउका निवासी थिए । यस कृतिमा 32 वटा छन्द-हरूमा 191 वटा रूपकहरू छन् । वचनिकाको अतिरिक्त यो एउटा कथात्मक रचना हो जसमा दशावतारबारे विचार गरिएको छ । विशेषत: यसमा राम र कृष्णको जीवनलीलाको पनि वर्णन गरिएको छ । यस सन्दर्भमा यस किसिमको यो एकमात्र काव्य हो । भाषा र शैली प्रसंगानुसार परिवर्तित भएको छ । रामको कथामा लंकादहनको, लक्ष्मणको मूर्च्छा, हनुमानजीद्वारा संजीवनी बूटी ल्याउनु इत्यादि प्रसंगहरूको उल्लेख गरिएको छैन । यसरी नै, कृष्ण-कथामा रुक्मिणी र कृष्णको कथा-को (जुन राजस्थानी कविहरूमा अत्यन्त प्रचलित विषय रहेको छ), उल्लेख गरिएको छैन । काव्यमा, कलियुगको समापन र सत्ययुगको आरम्भमा मनुष्यले फारसी भाषाको अध्ययन छाड़िदिने छ र संस्कृतको अध्ययन तर्फ जानेछ भनी भविष्यवाणी गरिएको छ । यस कथावाट एउटा स्पष्ट तथ्य अंकित गर्न सकिन्छ कि जब कविले लेखे, त्यस बेला फारसीको अध्ययन प्रचलित थियो र उनी संस्कृतको लागि सम्मानीय स्थानको पुनरुद्धार गर्न बड़ो इच्छुक थिए ।

'रघुनाथ-चरित-नवरसवेलि'-को महेशदास राय (1644-1698 ई०) ले रचना गरेका थिए, जसमा 120 श्लोकहरू छन् । यसमा रामकथाको बालकाण्ड-सम्म, जनकपुरबाट विवाहका जन्तीहरूको वापसी र अयोध्यामा तिनीहरूको स्वागत गरिएकोसम्म वर्णन भएको छ । पुस्तकको शीर्षक 'नवरस'द्वारा यो देखिन्छ कि कविले कदाचित रामको कथालाई नौवटा रसहरूमा लेख्ने विचार गरेका थिए होलान् तर त्यो उनले पूरा गर्न सकेनन् । काव्यमा राजस्थानी र व्रजभाषाको उपयोग गरिएको छ । शत्रुघ्नलाई वाचालको रूपमा चित्रित गरिएको छ र तिनलाई परशुरामसंग तर्क गरेको पनि देखाइएको छ ।

रामकथासंग सम्बन्धित अर्को महत्वपूर्ण काव्य हो 'रघु रासौ (रुघ रासौ) जो 1668 ई० मा लेखिएको थियो । यसका रचनाकार चाँहि जोधपुरका ग्राम बाल-रावाका मुहता रुघनाथ थिए । दुर्भाग्यवश, उपलब्ध पांडुलिपिमा काव्यको मूलकथा अपूर्ण छ जस्तो कि आरम्भदेखि सीताहरणको कथाको अंश लुप्त छ । मूलपाठ शुरू हुँछ जटायु र रावणको बीच भएको द्वन्द्वसंग । यसमा समावेश गरिएका छन् रामको

राज्याभिषेक पछिका घटनाहरू, जस्तै सीताको वनवास, लव-जन्म र ऋषिद्वारा कुशबाट कुशको सृष्टि गर्नु र तिनीहरूको वीरोचित कार्यहरू आदि। कुम्भकर्णको छोरा भिडसाकुम्भले शिवजीबाट एउटा बल प्राप्त गर्छ। यस अनुसार कुनै पनि माताको गर्भबाट जन्मेको मान्छेले उसलाई मार्न सक्तैन र उसले विभीषणबाट लंका खोसिलियो। रामका सेनाहरू विभीषणको बचावको लागि आए अनि कुशले भिडसाकुम्भको हत्या गरिदिए। सीताको बच्चाबारे ऋषिबाट समाचार जानेर, रामले सीतालाई पुनः ग्रहण गरे र अयोध्याको राजसिंहासनको शासन गर्न लागे।

'रुक्मणी हरण' (206 श्लोकहरू सहित) को रचना कवि विठलदास द्वारा 1643 ई० र 1670 ई०को बीचमा भएको थियो। यस काव्यमा 24 वटा छन्दमा कृष्ण र रुक्मिणीको कथा भनिएको छ, तर प्रमुखता चाँहि कृष्णको चरित्रमाथि दिइएको छ। ऐतिहासिक तथा वीरकाव्यको शैलीमा लँडाईको विशद विवरण यसमा छ। कृष्णको महाप्रस्थान अघि द्वारकामा युद्धको तयारी, कृष्ण र शिशुपाल-को दुइजना दुलहाको रूपमा तुलना, द्वारकामा नाच र गायनद्वारा उत्सव मनाइनु केही नवीन विषयहरू छन्।

'श्री भवानीशंकर रो गुण शिवपुराण' (अपूर्ण) को रचना आहृदान गाडणले 17रौं शताब्दीको उत्तरार्द्धतिर गरेका थिए। यो काव्य शिवपुराणमाथि आधारित छ र शिवसंग सम्बन्धित सबै प्रचलित कथाहरूको वर्णन यसमा गरिएको छ। उपलब्ध पुस्तकमा कार्तिकेयको हातबाट तारकासुरको मृत्युसम्म पुगेर कथाको अन्त हुन्छ। शिवको पार्वतीसंगको विवाहको विवरण बड़ो सुन्दर ढंगले गरिएको छ। दुलहाको परिधान र उनको दललाई देखेर, एउटी साधारण माताझैं पार्वतीकी आमा मैना पनि छोरीको भविष्यप्रति चिन्तित हुन्छिन्। कविले तिनको चिन्ताको चित्रण बड़ो यथार्थ ढंगले गरेका छन्।

ह्रामीले कवि खिडिया जग्गाको 'वचनिका' बारे अघिबाट नै चर्चा गरिसकेका छौं। तिनले भक्तिरसपूर्ण अनेक छप्पयहरू पनि लेखेका छन् जस मध्ये 30 वटा चाँहि उपलब्ध छन्। यी छप्पयहरू तुलनामा सरल भाषामा लेखिएका छन् र यिनले कविको भक्तिको गहनता देखाउँछन्।

'पंखी पुराण' (गुण-पंखी.प्रमोद)-को रचना कवि केसरीसिंह जैतावत (1650-1750 ई०)-ले गरेका हुन्। यो कुंडलिया छन्दमा लेखिएका फुटकल पद-हरूको संग्रह हो। यी पदहरू मौखिक परम्पराको लागि प्रचलित भएका छन्, यस-कारण यिनको मूलपाठमा केही परिवर्तन पनि भयो होला र संख्यामा पनि केही कमबेसी भएको होला। पशु-पक्षी र वृक्ष इत्यादिको प्रयोगद्वारा संसारको मानवीय ज्ञान, वृद्धि र आचरणहरूबारे पनि भनिएको छ। एउटा विशेष चेतावनी यसमा दिइएको छ जसबाट भक्तिप्रति अनुभूतिहरू आन्दोलित भएका छन्। यो परिपाटी संतकाव्यको निम्ति पनि नयाँ देखिएको छ। एउटा पांडुलिपिमा 119 वटा

श्लोकहरू छन् जुन सबैभन्दा बढी संख्या हो। एउटा कुडलियाको अर्थ यहाँ दिइन्छ—

"वियोगको पीडाले गर्दा भालेले बिहानी पखमा बासेर के भन्छ ? होशियार, हे मूर्ख मानिस, रात बितिसक्यो र अब उठेर भगवानको स्मरण गर्ने यो समय हो। मंदिरका घंटीहरू बजिरहेछन र संकेत गर्दैछन् कि जीवनको प्रत्येक क्षण छोटिंदै जाँदै छ। तिमीले यस संसारबाट चाँड़ै प्रस्थान गर्नु पर्ने छ। विदाईको समय अब नजिकै आइपुग्यो भनेर तिमी बुझ। यसकारण भगवानको स्मरण गर, भालेले यो घोषणा गर्दछ—यसरी कवि केसोनाथ भन्दछन्।"

प्रचलित ऐतिहासिक रूपकहरूको प्रयोग गर्दै कविले मानिसहरूलाई प्रोत्साहित गर्छन्—

"मनुष्यले यो कुरो जान्नु पर्दछ कि एक दिन उसले मर्नै पर्छ किनकि यो शरीर नाशवान् हो। त्यसो भए सम्पत्ति किन जोगाएर राख्नु ? किन दानको रूपमा त्यो नदिनु ? प्रत्येकले जान्ने कै कुरो हो कि अजमेरका राजा विसलदेवद्वारा 20 करोड़ रुपियाँ मूल्यको सम्पत्तिलाई आनासागरको जलभित्र सुरक्षित राखिएको थियो, तर त्यो पानीमा नै डूब्यो।"

यस शैलीको अनुसरण 19 सौ शताब्दीका भक्तकवि ओपा आठाले पनि गरेका थिए।

हामीले करणीदास (1693-1783 ई०) का रचनाहरूबारे अघि नै विचार-विमर्श गरिसकेक, छौं। यिनले पनि आफ्नो 'सूरजप्रकाश'-मा रामको कथा वर्णन गरेका छन्। यिनले राठौड़हरूको पौराणिक वंशावलीसंग सूत्र जोड़ेका छन्, जस्तो कि विडन भन्छन्—उनले वाल्मीकिको अनुसरण गरेका छन् र एउटा अटूट अनुक्रममा कथा भनेका छन्।

पीरदान लालस (18 रौं शताब्दीको पूर्वार्द्ध) ले बारहट ईसरदास (1538-1618 ई०) लाई आफ्नो भावगुरूको रूपमा स्वीकार गरेका छन्। साथै उदारता, सहिष्णुता र समन्वय बारे उनका धार्मिक विचारहरूको पनि अनुसरण गरेका छन्। 'नारायण नेह', 'परमेश्वर पुराण', 'हिंगलाज रासौ', 'अलख आराध', 'अजपा जप', 'ज्ञानचरित', 'पतिग पहाड़' र केही 'डिंगल गीताहरू' उनका कृतिहरू हुन्। उनले एकमात्र ईश्वरको जयजयकार गर्छन्, जो ईश्वर स्वच्छ र निर्मल रूप देखिन्छ। उनले दशावतारमाथि विश्वास गरेको पनि देखिन्छ र सगुण ब्रह्मप्रति अधिक झुकाव पनि देखिन्छ। परमेश्वर पुराणमा उनले अत्यन्त श्रद्धापूर्वक धेरै

सन्तहरू, भरतहरू र महापुरुषहरूको पनि श्रद्धापूर्वक उल्लेख गरेका छन् जसले भिन्न धर्म र मतहरूको अनुसरण गरेका थिए। विभिन्न मतावलम्बी व्यक्तिहरूको अन्तिम उपदेशहरूको समन्वय गर्दै उनले जन्म र मृत्युको बन्धनदेखि मुक्त हुनलाई प्रार्थना गर्छन्, साथै यदि भावी जीवन कुनै छ भने त्यसको लागि भक्तिको वरदान पनि माँग्छन्। उनको भक्ति दास्यभावको छ। अवतारहरूको कारणको सन्दर्भमा उनले गीताको अनुसरण गरेका छन्।

जोधपुरका महाराजा अजीतसिंह (1678-1724 ई०) योद्धा हुनको अतिरिक्त एक उत्तम कवि पनि थिए र उनले 'गुणसार', 'भाव विरही', 'दुर्गापाठ भाषा' र 'गजउद्धार ग्रन्थ' (670 पदहरूमा) को रचना गरेका थिए। 'गुणसार' र भाव 'बिरही' काव्य चाँहि विभिन्न विषयहरू बारे लेखिएका श्लोकहरूको संग्रह हुन्। 'दुर्गापाठ भाषा', जुन अब उपलब्ध छैन, बारे पनि भनिएको छ कि यो पिंगलमा लेखिएको 'दुर्गा सप्तशती' को गद्यमा उल्था गरिएको हो।

'गज उद्धार' ग्रंथले भागवतमा आधारित गज र ग्राहको कथा सुनाउँछ जसमा कविको केही अल्प परिवर्तन पनि छ। प्रमुख विषयले काव्यको प्रायः आधा भाग ओगटेको छ। शेष रचनामा विषयान्तर छ जस्तो कि दशावतार, जगतको मूल तत्व, चौध लोकहरू इत्यादि।

'गज-उद्धार' ग्रन्थले यस विषयमा लेखिएका भक्ति रचनाहरूमा उच्च स्थान प्राप्त गरेको छ। यसको मुख्य कारण हो—यस कृतिको भगवान् कृष्णप्रति गहिरो आस्था र भावनाको गहनता, सम्बन्धहरूबारे यथार्थ दृष्टिकोण भएको छ। तल एउटा पदको भावार्थ दिइन्छ जसमा गजले आफ्नो बचावको लागि आउन ढीलो गर्दा ईश्वरको निन्दा गरेको छ, जुन व्यंग्य र आस्थाले भरिएको पनि छ :

"हे ईश्वर, तिमी प्रेम र लज्जारहित छौ। मेरो प्रसंगमा त तिमी सुस्त पनि छौ। हे माधव, जब मैंले तिम्रो सहायताको पुकारा गरें, तिमीले आफ्नो सम्मानको भावनालाई कहाँ हराएका थियौ? तिमीले प्रेम-स्नेह भनेको के हो कसरी जान्दछौ? किनकि तिम्रो न त पिता छन्, न माता छिन् न भाई न कुनै आत्मीयजन छन्। तिमी कुनै जाति वा वर्गका होइनौ, न तिमीलाई निर्देश गर्ने कोही छ, किनकि तिमी नै सर्वोपरि छौ। मानिसहरू आफ्नो फेटाको सम्मान जोगाउनलाई काम गर्छन् तर तिम्रो कुनै यस्तो दायित्व छैन, किनकि तिमी खाली मुजूरको प्वाँखले बनेको मुकुट मात्र धारण गर्छौ।"

हामी यहाँ महाराजा अजीतसिंह ले विचार गरेका विषयहरूलाई मोटामोटी रूपले यसरी गणना गर्न सक्छौं।

पौराणिक, जस अन्तर्गत देवी वा शक्तिबारे र उनको स्तुतिका कविताहरू,

धार्मिक र उपदेशात्मक जगतको विस्तार अनि ऐतिहासिक र असाम्प्रदायिक जस अन्तर्गत 'गुणसार' भित्र रहेको 'रत्नकंवर रतनावली की बात' छ ।

यद्यपि कविले भगवानको युगल स्वरूपको स्तुति गरेका छन् तर उनको अधिक झुकाव चाँहि शक्ति-तर्फ छ ।

'माताजी री वचनिका' को रचना एक जना जैन कवि, 18 रौ शताब्दी का पूर्वार्द्धका जाती जयचन्द नाम भएकाले गरेका छन् । यसमा 'दुर्गा सप्तशतीको' अनुसरणमा (पछिको) दुर्गाको कथा भनिएको छ जसमा अलि-अलि स्थानीय रंग पनि प्रदान गरिएको छ । यो एउटा वीरोचित काव्य हो जसमा घटनाहरूको सविस्तार विवरण दिइएको छ । विषयको अतिरिक्त पद-विन्यास, शब्द-रीति र परिपाटीको दृष्टिले यसले ऐतिहासिक वीरकाव्य परम्पराको अनुसरण गर्दछ । दुर्गा विषयक काव्यको यस परम्परामा यो एउटा सुन्दर काव्य हुन गएको छ । कविले यसमा प्रचलित राजनीतिक अवस्थाको व्यापक चित्रण गरेका छन्, जसमा उनले शुंभ-निशुम्भको सेनालाई म्लेच्छका सेनाको उपाधि दिएका छन् । कविले यसमा सातवटा वचनिकाहरूको उपभोग गरेका छन् र छन्दमा पनि विविधता छ ।

इतिहासमा वर्णन छ कि महाराजा जसवन्तसिंहको 1678 ई० मा मृत्यु भए-पछि, जोधपुरलाई बादशाह औरंगजेबका सैनिकहरूले लूटेका थिए र ध्वंस पारेका थिए । यति मात्र होइन, अराजकता र क्रूरताले हिंदू धार्मिक स्थलहरू र भवनहरूको पनि विनाश यस समय गरे । यो बड़ो उल्लेखनीय छ कि स्वर्गीय महाराजा जसवन्त-सिंहका एक पुत्र र जोधपुरका शासकले 'गज उद्धार ग्रन्थ' र एक अन्य जैन कविले 'माताजी री वचनिका' को रचना गरेका थिए ।

'गुण विजय ब्याह' मा प्रायः 250 श्लोकहरू त्रोटक छन्दमा रचिएका छन् । यसको रचना बारहट मुरलीदासले 1718 ई०मा गरेका थिए । यी कविले पनि कृष्ण र रुक्मिणीको कथा सुनाएका छन् र त्यसपछि भक्ति प्राप्त गर्ने आशा गर्द-छन् । यस कृतिको असामान्य तत्व यस काव्य अंतर्गत तल दिइएका केही घटनाहरू-द्वारा स्पष्ट हुने छ—

भीष्मले 'रुक्मैया' कहाँ एकजना संदेशवाहक पठाउनु, लँड़ाईको परिणाम-बारे खोजी गर्नु, आफ्ना पराजित पतिको बारेमा शिशुपालका पत्नीहरूको टिप्पणी, आफ्नो पराजय-पछि रुक्मैया र शिशुपालको मानसिक स्थिति आदि विषयहरू एक अनुक्रममा आएको छ र अत्यन्त व्यंग्यात्मक पाराले तिनको वर्णन गरिएको छ । रुक्मैया लज्जित भयो र उ जंगलमा लुक्न जान्छ मानौ उ शिकार खेल्न गएको हो । जसरी सियाल आफ्नो खोरभित्र लुक्छ, त्यसरी नै शिशुपाल पनि आफ्नो घरभित्र लुक्छ । यस प्रकार कविले दंत्यकथालाई एउटा नयाँ स्पर्श दिन्छन् । यसका केही पदहरूमा राठौड़ पृथ्वीराजको 'वेलि' को पनि केही छाप परेको देखिन्छ ।

'किसन किल्लोल' पनि यसै दंत्यकथामा आधारित अर्को रचना हो जसलाई

कवि आस ले 1730 ई० मा रचेका थिए । यो एउटा चाखलाग्दो कविता देखिन्छ । तर यसका शुरू र बीचका केही पन्नाहरू लुप्त भएका छन् ।

'गुण छमा प्रब'—महाभारतको 'सभा-पर्वमाथि आधारित यो एउटा वर्णनात्मक काव्य हो । कवि हरिदास लालसले अरुको भन्दा सरल भाषामा यस कृतिको रचना गरेका छन् । हरिदास भक्तकवि वरदान लालसका पुत्र थिए जसको बारेमा अघि नै चर्चा गरिएको छ र उनी 1750 ई० को समयमा मारवाड़को ग्राम जुढियामा थिए ।

'गुण रा मवार निसाणी'का रचयिता बारहट नरहरिदास सांवलोत (1723-1763 ई०) थिए । यिनले रामको कथा 209 निसाणीमा प्रवाहपूर्ण सरल भाषामा लेखेका छन् ।

कृपाराम खिडिया (1743-1833 ई०), सीकरका राव राजा देवीसिंहका प्रिय कवि थिए । यिनी नीति-विषयक आफ्ना दोहाहरूका निम्ति प्रसिद्ध भएका छन् । उनको ग्रन्थको नाम हो 'राजियाइ रा दोहा' (वा सोरठा) जो संख्यामा 165 वटा जति छन् । यी दोहाहरू कविका विश्वासी चाकर राजियालाई सम्बोधन गरेर लेखिएका छन् । यसकारण चाकरको नाम प्रत्येक दोहामा आउँदछ । सन्तानहीन हुनाले, राजिया आफ्नो वंशको निशानी मेटिन्छ भन्ने डरले सदैव अपशोचमा डूबेको हुन्थ्यो । यो कुरा बुझेर, कविले आफ्नो दोहामा राजियाको नाम अमर बनाइदिएका छन् । साधारण मानिसका लागि यी दोहाहरू राजियाको नाममा नाँद छन्, ती सबैमा केही प्रभावी शब्दहरूमा प्रचलित रूपक अलंकार र सरल भाषामा भएता पनि ज्ञानका कुराहरू भनिएका छन् । यसले कविलाई व्यापक ख्याति प्राप्त गराइदिएको छ, जहाँसम्म अन्य कुनै कवि पुग्न सकेका छैनन् ।

वर्तमान समयका कन्हैयालाल सेठिया लगायत धेरै कविहरूले यस शैलीमा दोहाहरू रचेका छन् । यहाँ कृपारामको रचनावाट केही उदाहरणहरू प्रस्तुत गरिन्छ—

"हे राजिया, समुद्र असंख्य मोतीहरूले भरिएको छ । तर यदि तिनलाई प्राप्त गर्ने प्रयत्न गरिएन भने, यो समुद्रको भूल हुने छैन ।"

"कालो र हेर्नमा नराम्रो कस्तूरीलाई तराजुमा माशा र तोला द्वारा ओजन गरिन्छ र यसले बढ़ी दाम कमाउँ छ । यसको उल्टा चीनीले जो रंगमा सेतो हुन्छ, मूल्यमा त्योसंग तुलना गर्न सक्तैन र यसलाई ढुँगाद्वारा ओजन गरिन्छ ।"

"कुनै लक्ष्य भएको मान्छेले आफ्नो लक्ष्यपूर्ण गर्ने प्रयास गर्दछ र अशुभको परवाह, चिन्ता गर्दैन, जस्तो कि बिरामी मानिस दवाईको तीतोपनले विचलित हुँदैन ।"

"बर्रा (कालो झींगा) जुका, माछा र भ्यागुता समान जलमा कमलफूलसंगै

रहन्छन्। तर ती कमलको सुगन्धिबारे अनजान छन्। खाली 'भ्रमर' वा प्रेमी मात्र हो जसले यसको रसको स्वादबारे जानेको हुन्छ।"

"भन, एउटा सजग र साँचो साथीले कुन चाँहि काम नगर्ला? यहाँसम्म कि भगवान कृष्णले पनि आफ्नै हातले अर्जुनका रथ हाँकेका थिए।"

'कवित्त चाळैराय', 'चाळकनेची', 'सवुत वर्णण' र केही विभिन्न पदहरू-सहित अलंकार बारे एउटा 'भाष्य', यी जम्मै कवि कृपारामका अन्य कृतिहरू हुन्।

ओपा आढा (1752-1843 ई० अन्दाजी) ग्राम पेशवा (सिरोही)-का चारण बख्ताँजीका छोरा थिए। यिनी एक सुपरिचित भक्तकवि हुन् र यिनले धेरै डिंगल गीतहरूको रचना पनि गरेका छन् भन्ने थाहा लागेको छ। तर तिनमा 20 वटा मात्र बाँचेका छन्। यी गीतहरूले भक्तिमार्ग देखाउँछन् र यी अत्यन्त प्रभावशाली छन्, साथै सरल अभिव्यक्ति र इतिहास एवं लोकजीवन बाट लिएको रूपकसहित परिपूर्ण छन्। ईश्वरको इच्छालाई सर्वशक्तिमान भनेर संकेत गर्दै उनले मुगल साम्राज्यको पतन र मराठा शक्तिको उत्कर्षका उदाहरणहरू दिन्छन्—

"दैवी नियतिको सिद्धान्तबारे कसैले पनि जानेको छैन। किनकि कहिले नावले गाड़ी बोक्छ, नावमाथि गाड़ी र गाड़ी माथि नाव हुन्छ। ईश्वरको लीला विचित्र छ। उनले दिल्लीको नाश गरेर डेक्कनलाई शक्तिमा ल्याए। सबै मानव प्रयत्नहरू असफल भए। ईश्वरको इच्छाले एक दिन औरंगजेबको सिंहासन तुरन्त डुबाइदिने छ र सताराको गद्दीलाई पार लगाइदिने छ।"

गीतका एक दोहा (दुइ) पंक्तिमा कवि भन्छन्—

"मानिसहरू जसले दान दिन्छन्, तिनीहरूको रक्षा हुँदछ र तिनीहरूले जसले आफ्नो धन लुकाएर राख्छन् त्यो एक दिन गुमाउने छ। वीसलदेवको सम्पत्ति 20 करोड़ रुपियाँको बराबर थियो र त्यो जुन पानी भित्र लुकाएर राखिएको थियो, यसै पानी भित्र त्यो लुप्त भयो।"

यस्ता गीतहरू भक्ति काव्यमा अद्वितीय छन्। कुनै पनि अन्य कविले खाली केही मात्रामा केसरीसिंह जैतावतलाई यस विषयमा ओपासंग तुलना गर्न सक्दैनन्: ओपा भन्छन्:

"यो शरीर नाशवान् हो। यसकारण मनुष्यले भगवान विष्णुको स्मरण गर्नु पर्छ। मीठो बोल्नु पर्छ र दान-पुण्य पनि गर्नु पर्छ। मानवजीवन, पहाड़बाट उत्रेको खोला झैं यता-उता छरिने छ।

मानव शक्तिले एउटा सानो अणु पनि हल्लाउन सक्तैन भने झन जीवन र मृत्यु त दैवी नियंत्रणको अधीन रहेको छ। मानिसले मैले अर्को मानिसलाई मारें भनेर घमण्ड गर्छन् तर तिनीहरूलाई थाहा छैन कि मानिस नियतिको हातको आज खेलौना मात्र हो।"

ओपा आढ़ा मध्यकालीन चारण-काव्यका पौराणिक र धार्मिक शाखाका अन्तिम महान् कवि हुन्।

आख्यान काव्य

संत-काव्यहरूको अतिरिक्त, आख्यान-काव्यहरूको आवश्यकता र संवृद्धि चाँहि मध्यकालीन राजस्थानी काव्यको एउटा उल्लेखनीय स्वरूप हुन गएको छ। त्यस कालमा अनेक आख्यान-काव्यहरू रचिएका छन्। यहा हामी केही महत्वपूर्ण प्रकाशित काव्यहरूबारे मात्र विवेचना गर्नें छौं।

'कथा अहमनी'-का रचयिता कवि ढेलजी (1433-1493 ई.) हुन्। यो कृति दोहा, चौपाई आदि छन्दहरूमा श्लोकबद्ध छ र यसमा धनाश्री, मारू, सोरठ, गवड़ी, धवल र आसा, आसाधाहड़ी जस्ता संगीतका रागहरूको संकेत पनि दिइएको छ। यस्तो लाग्दछ कि यो कृति गायनको निमित्त रचिएको हो। यो एकमात्र वृहत् वर्णनात्मक काव्य हो जसमा महाभारतका नायक वीर अभिमन्युको कथाबारे विचार गरिएको छ। कविताको दंत्यकथालाई धेरै प्रचलित विश्वासहरू, मान्यता-हरू र स्थानीय रंगको स्थूल प्रभाव सहित आकार दिइएको छ।

"भगवान कृष्णले दानव अहिलोचनलाई मारे, जसकी गर्भवती पत्नीले पछि अहिदानवलाई जन्म दिई। पिताको बदला चुकाउनलाई अहिदानवले कृष्णलाई रक्षाकवच भित्र नै कैद गर्ने योजना बनायो। तर कृष्णले अहिदानवलाई आफ्नो चातुर्यले परास्त गरिदिए। उनले त्यसलाई कालो झींगा बनाएर एउटा ताबिजभित्र बन्द गरिदिए।"

कृष्णकी बहिनी सुभद्राले कौतूहलवश त्यस ताबिजलाई खोलिदिइन्। तब त्यो कालो झींगा तिनको मुखबाट भएर तिनको गर्भभित्र पस्यो। सुभद्राको बिहेपछि अर्जुनसंग भयो। अहिदानव त कालो झींगा भएर अघिबाटै सुभद्राको गर्भभित्र पसिसकेको थियो, पछि त्यो अर्जुनको पुत्रको रूपमा अभिमन्यु भएर जन्मियो। बैराटमा अभिमन्युको उत्तरासंग बिहे, चक्रव्यूह-लँड़ाईमा लड़ने उनको निश्चय, उत्तरालाई हस्तिनापुर ल्याउनलाई उँटचालकहरू अर्थात् रैवाड़ीहरूको बैराटतर्फ यात्रा, बैराटमा पारिवारिक वेदना (यस कुरो प्रति), यस विपत्तिबाट बाँच्ने सुभद्रा-

का असफल प्रयासहरू, उनको र उत्तराको शोक, अभिमन्युको मृत्यु र अर्जुनको वापसी अनि त्यस पछिका घटनाहरू यस कृतिमा बड़ो प्रभावशाली ढंगले वर्णन गरिएको छ। यहाँ अन्ततिर यो पनि संकेत गरिएको छ कि अभिमन्युको मृत्यु कृष्ण स्वयंले चाहेका थिए, किनकि अभिमन्यु अहिदानव थिए अर्थात् कृष्णको शत्रुको अवतार थिए। यस काव्यमा एक किसमको घरेलू वातावरण पाइन्छ जहाँ एक प्रकारको असहायता सर्वत्र व्याप्त भएको देखिन्छ। यसमा सामान्य मानवीय भावनाहरू पनि अभिव्यक्त भएका छन्। काव्य प्राय संवादशैलीमा लेखिएको छ र भाषा र भाव तीतो, खरो, तीव्र र सठीक पनि छ। भविष्यवाणी, स्वप्न र तिनमा विश्वास, सामाजिक रीति-थिति र चाल-व्यवहार, विभिन्न पात्रहरूको संवेदनशीलता र वेषभूषाहरूको विवरण इत्यादि सरल र आकर्षक ढंगले प्रस्तुत गरिएका छन्।

वैराटमा उत्तराकी आमाले छोरीलाई लिन पठाएका रैवाड़ीहरूसंग यसरी सोधिन् :

"तिमीहरू भन, कुन्तीले के गरिन् ? उनले आफ्ना छोराहरू, पाँच पाण्डवहरूलाई त आफुसंगै राखिन् औ बालाखा नाती अभिमन्युलाई लँड़ाईमा चुनौती गर्ने आदेश दिइन् जब कि भीम, नहकुल र सहदेव चाँहि उभेर हेरिरहे। तिनीहरू साँच्चै कति साहसी रहेछन्। राजा युधिष्ठिरले पनि आफ्नो कलिलो नातीलाई लँड़ाईमा एक्लै जाने आदेश दिनु, अत्यन्त विचित्र कुरो हो उनीहरूबाट हामीले अलिकति पनि यस्तो व्यवहारको आशा गरेका थिएनौ, किनकि तिनीहरू एउटी निर्लज्ज माताको गर्भबाट जन्मेका हुन् जसले अविवाहित अवस्थामा नै कर्णलाई जन्म दिएकी थिइन्।"

जब रैवाड़ीहरूले विरोध गरे, तब तिनले भनिन् :

"हामीलाई आफ्नी छोरीप्रति गहिरो माया छ, तर हाय, यसको पनि सहायता गर्न हामी असमर्थ भइरहेछौं। हे पथिकहरू, तिमीहरूले कृपागरि यही भनिदेउ कि मैले जे-पनि भने ती सबै आमाको ममताको कमजोरीले भनेकी हुँ र तिमीहरूले यो कुरा पाण्डवहरूलाई नसुनाइदिनु है। हामीहरू त मानौ जुआड़ेहरू हौं जसले आफ्नो सर्वस्व हारेपछि चुपचाप उभिन्छ र त्यहाँबाट हिंड़िहाल्छ। हामी पनि यो अनुभव गर्दछौं कि मानौं हामीले आफ्नो जम्मै सम्पत्ति बाजीमा हार्‍यौ।"

जब कुन्तीले सुभद्रालाई शान्त गर्ने प्रयास गरिन् र लँड़ाईमा अभिमन्युलाई पठाउने अनुमति दिउँन् भनेर उनलाई बाध्य गरिन्, सुभद्रा भन्छिन्—

"हे मेरी सासु, यदि तिमीले मेरो भलाई चाहन्छ्यौ भने यहाँबाट जाउ अनि राजा (युधिष्ठिर)-द्वारा निश्चय गराउ कि उनी भीम-जस्ता योद्धालाई चाँहि घरमा राखेर एउटा निर्धो बालाखालाई लँड़ाईमा पठाउँदा के खुशी हुनेछन् ? अभिमन्युका पिता यस बेला लँड़ाईमा देवताहरूलाई सहायता गर्नभनि टाढ़ा देवभूमि गएका छन् र म आमालाई चाँहि आफ्नो बालक पुत्रको रक्षा गर्न भनेर एकलै छाड़िगएका छन्। यसकारण के यो उचित हुने छ कि यदि तिमी आफ्ना छोराहरूलाई घरैमा राखेर मेरो एकमात्र छोरोलाई मृत्युको सामना गर्न पठाउँछ्यौ ?"

'क्रिसनजी री व्यान्वालो' (वा रुक्मणी मंगल)-को रचना कवि पदम भगतले 1493 ई. र 1500 ई. को बीचतिर गरेका थिए। यो काव्य यति लोकप्रिय छ र राजस्थानको उत्तरी र पश्चिमी क्षेत्रका मानिसहरूले यसलाई यति आदर दिएका छन् कि यसलाई उनीहरूको (भागवत) भने पनि हुन्छ। यो 265 वटा श्लोकहरू भएको एउटा आख्यान-काव्य हो र यसमा श्लोकहरू संगीतका विभिन्न राग-रागिनीहरू, जस्तै मारू, रामगिरी, सोरठ केदारा, सिन्धुहंसा, धनाश्री; वेलौली र देवसाख इत्यादिमा गायन गर्ने उद्देश्यले लेखिएका छन्। पछिका केही पाण्डुलिपि-हरूमा काव्यको वृहत् संशोधन प्रस्तुत गरिएको छ। तर यसो भएको कारण चाँहि, कविको एउटै प्रकारका अन्य मुक्तक गीतहरू मूल काव्यमा जोड़िदिनु हो। यो एउटा भक्ति काव्य हो, जसमा कता-कता वीररसको पनि विवेचन छ र यसले कृष्ण औ रुक्मिणीको विवाहको वर्णन गरेको छ। कृष्णलाई सम्पूर्ण काव्यमा वीर नायक तथा उद्धारकर्ता रक्षकको रूपमा देखाइएको छ। रुक्मणीको अपहरण गर्ने उद्देश्यले, कृष्ण आफ्ना दाजु र सेना लिएर कुन्दनपुर-तर्फ लाग्छन्। अन्य कथाहरूमा देखाए झैं उनी एकलै जाँदैनन्। उनले रुक्मिणीलाई गुप्त रूपले हरण गरेर लैजाँदै-नन्, बरु उनलाई समातेर आफ्नो रथमा बसाउँछन् र शंखध्वनि-सहित आफ्नो साहसिक कार्यको घोषणा गर्दछन्। यस काव्यमा विवाहका प्रचलित रीतिहरू र परम्पराहरूको विस्तृत ब्यौरा दिइएको छ।

पदम भगतले आफ्नो कथामा धेरै गीतहरू पनि रचेका छन्। जसले सामूहिक रूपले सम्पूर्ण घटनाहरूको सुन्दर चित्र प्रस्तुत गर्दछन्। यो शैली पछि सूरसागरमा पनि पाइएको छ। केही गीतहरू जसमा रुक्मिणीको विरह-वर्णन गरिएको छ, मीराँबाईका गीतहरूको सम्झना गराउँछन्। यस प्रकार भक्तिपूर्ण आख्यानहरूको राज्यमा यस व्यान्बालोको स्थान उच्च छ।

यहा व्यान्बालोबाट ती पंक्तिहरूको भावार्थ दिइन्छ जसलाई स्त्रीहरूले विवाहको अनुष्ठानको बेलामा गाउने गर्दछन्—

"स्वागत छ हे कन्हैया, तर किन तिमीले महादेवलाई आफुसंग ल्याएनौ ? उनले

आक (भाँग) र धतूराको आस्वादन गर्छन् र नानीहरूलाई हँसाउँछन्। हे कन्हैया, तिम्रो विवाहको भोजमा हामीले अर्पण गरेको लपसी महादेवसंगै बसेर खाउ। तिम्री बहिनी सुभद्रा अर्जुनसंग भागेर गइन्, यो कुरो तिमी नबिर्स है र तिम्री फूपू कुन्तीले अविवाहित अवस्थामा नै कर्णलाई जन्म दिएकी थिइन्। तिम्रो भक्त पदम तिमीलाई यी सबै असंगत कुराहरू-समेत, आराधना गर्दछ, किनकि तिम्रो लागि ठूला-ठूला भक्तहरूको प्रार्थनाले तिम्रा निन्दाहरू पनि पवित्र बनाइदिन्छन्, यो तिमीले जानेकै कुरा हो।"

'रामायणका' रचयिता कवि मेहोजी (1483-1544 ई.) थिए जसले यसको रचना 1510 ई०मा गरेका थिए। यसमा दोहा र चौपाई छन्दमा बद्ध 261 वटा श्लोकहरू छन् र यसमा राम-कथाका विशिष्ट स्थलहरूको चर्चा गरिएको छ। यस रचनालाई रामकाव्य-परम्परामा प्राचीनतम काव्य पनि मानिएको छ। यो पनि संगीतको विभिन्न राग-रागिनीमाबद्ध गायनको निम्ति लेखिएको हो जसमा धनाश्री, रामगिरि, हंसा, मल्हार र जैतश्री रागहरू दिइएका छन्। यसमा दिइएको कथामा केही अन्तर-सहित रामचरित-बारे युगको प्रचलित परम्पराबाट लिइएको जस्तो देखिन्छ। मेहोजीले दुइजना नयाँ पात्रहरूको सृष्टि गरेका छन्, ती हुन्—भोज, रावणको एक विश्वसनीय साथी, र वाराही, रावणकी बहिनी जो चाँहि रामकथाका अन्य आख्यान-हरूमा कतै पनि पाइन्न।

स्वयंवरमा सीतालाई कुन मान्छेले बिहे गरेर लग्यो, त्यसबारे रावणले भोज-संग सोध्छ। भोज पंचमढ़ीमा आउँछ र बिरामी मान्छे भनेर बहाना गर्छ औ त्यहाँ एक रात बास बस्न भनेर सीताको अनुमति प्राप्त गर्छ। त्यसले सीताको व्यक्तित्व-को अध्ययन गर्छ र यस बारे रावणकहाँ गएर सुनाउँछ। त्यसले रावणलाई भन्छ—उनी (सीता) यस धरतीमा परम सुंदरी स्त्री हुन्। रावणले आफ्नी रानीहरू, विशेष गरेर पौराणिक कथाकी मन्दोदरिसंग सीताको सुन्दरता दाँज्न भोजलाई आदेश दिन्छ। भोजले आफ्नो वर्णन जारी राख्छ। त्यसपछि, रावणले सीताको हरण गर्ने निश्चय गर्छ र आफ्ना ज्योतिषीहरूसंग सरसल्लाह गरेपछि उ आफ्नो कामको लागि प्रस्थान गर्छ। वाराहीले आफ्नो पितृगृह लंकामा आफ्ना कुटुम्ब र बन्धु-बान्धवहरूको कुशलताबारे एक जना यात्रीसंग सोधपूछ गर्छे। त्यसै बेला उसले सुन्छे कि उसको दाजु रावणले सीताहरण गरेको कारणमा लंकामा युद्ध हुनेवाला छ। यात्रीले यस लँड़ाईको परिणाम पराजयमा हुने अड्कल बताउँछ।

काव्यात्मक कला र भाषा शैलीको उत्कृष्टताको दृष्टिले पनि यो काव्य महत्व-पूर्ण छ। कथाको अधिकांश भाग संवादशैलीमा छ र यसमा धेरै प्रचलित विश्वास-हरू र रीतिथितिहरूको चित्रण गरिएको छ। यसका प्रायः जम्मैनै पात्रहरूमा मानवीय संवेदनाको भावना सर्वोपरि छ।

यसमा रावणले भन्छ—"एउटा किल्लाको, गौरव त्यसका देवलमाथि निर्भर गर्दछ र देवलले चाँहि आफ्नो भित्तिचित्रमाथि निर्भर गर्दछ। मेरा सुन्दरी रानी-हरूसंग सीताको तुलना हुन सक्छ? सीताको बारेमा के तिमी प्रशंसा गर्छौ?" भोजले रावणलाई भन्छ—"तिम्रा चौसट्ठी हजार रानीहरूको तुलनामा सीता सुन्दरतामा धेरै बढ़ी छिन्, म सीताको सौन्दर्यको वर्णन कसरी गरूँ?"

वनवासमा छँदा, रामले रामसरोवर नाउँ गरेको एउटा कुवाँ खन्न लगाए। लक्ष्मणले यसका चारैतिर किनारी बनाए। पानी भर्न आएकी सीताजीले सुनको झारीमा पानी भरेर आफ्ना शिरमाथि राखिन् र हातमा एउटा डबका लिइन्। पानी ल्याएर तिनले जंगलमा चाँप-गुराँसका फूलहरूमा पानी हालिन्। यो दृश्य अहिले पनि राजस्थानको उत्तर-पश्चिम भागमा सामान्य, आकर्षक र प्रिय छ। सीताको हरण भएपछि राम अफसोस गर्दै लामो साँस फेर्छन् र लक्ष्मणले उनलाई सान्त्वना दिने प्रयत्न गर्छन्। हनुमानले आफ्नो सहज सहानुभूति-सहित घोषणा गर्छन्—'एउटी सीताको निम्ति हजुरले यति शोक किन गर्नु हुँदै छ? म हजुरका निम्ति बीसवटी सीता ल्याइदिन सक्छु।' राम भन्छन्—"हे हनुमान, तिमी बौलाहा भएछौ। सीता त हजारौंमा एउटी मात्र छिन्। तिमी कसरी उनी जस्ती 20 वटी ल्याइदिन सक्छौ? भन त, मेरा प्यारा साथी।"

"लंकाको अशोकवाटिकामा सीताले हनुमानद्वारा खसालेको औंठी पाउँछिन् र उनी कराउँछिन्—'यो औंठी यहाँ कसरी आयो? कि त रामको मृत्यु भयो होला अथवा उनको हत्या भयो होला किम्वा जम्मै एउटा सपना हो। नत्र भने यो औंठी यहाँ कसरी देखियो?' लुकेर बसेका हनुमान भन्छन्—'न त राम नै मरेका छन्, न कसैले उनको हत्या गरेको छ, न तपाँईले सपना देख्नु हुँदै छ। रामको यो औंठी त हनुमानद्वारा यहाँ ल्याइएको हो।"

निम्बार्क सम्प्रदायका परशुराम देवाचार्य (16रौं शताब्दी) ले 13 वटा लीला काव्यहरू लेखे, जसका नाम हुन्—'अमरबोध, नाम-निधि' इत्यादि। यद्यपि यी रचनाहरू आख्यान काव्यको शैलीमा छन्, यिनका बारेमा संतकाव्य शीर्षक अन्तर्गत अन्य लीलाकाव्यहरू-संग उल्लेख गरिने छ।

धेरै आख्यानक काव्य र मुक्तक रचनाहरू मध्ये, [1]केसोदास गोदारा (1573-1679 ई०) का चारवटा आख्यान काव्यहरू यहाँ उल्लेखनीय छन्। ती हुन्—'कथा भिन्न दुसासणी' (66 श्लोक) 'कथा सुरगारोहणी' (217 श्लोक), 'कथा बाहसोवणी' (550 श्लोक) र प्रह्लादचरित' (596 श्लोक)।

यी काव्यहरू शास्त्रीय संगीतका राग-रागिनीहरू, जस्तै—मारु, धनाश्री, केदारा, सोरठ, हंस, मल्हार, गवाड़ी, सिन्धु आदिमा गायनको निम्ति लेखिए र अधिकांश श्लोकहरू दोहा र चौपाई छन्दमा छन्। कथा 'भिन्न दुसासणी' मा

द्रौपदीको अपमान गरेकोमा भीमद्वारा दुशासनको हत्याको कथा भनिएको छ। 'कथा सुरगारोहणी'-मा राजा पाण्डुले नर्कमा जानु र पाण्डवहरूद्वारा उनको मुक्तिको लागि स्वर्णयज्ञ गरिएको कथा छ। 'प्रह्लादचिरतमा' भक्त प्रह्लादको कथा भनिएको छ।

यी जम्मै काव्यहरूमा कविले यिनको पौराणिक स्रोतहरूदेखि स-साना वर्णन-हरूबाट आफ्नो कथालाई अलग्ग राखेका छन्। उनले कथाका घटनाहरूलाई काव्य-रचनाको कालमा प्रचलित विश्वासहरू-संग मिलाइदिएका छन्।

केसोदास गोदाराका सबै कृतिहरूमा 'प्रह्लादचिरत' लाई यसको काव्यात्मक प्रतिभा र लोकप्रियताको दृष्टिले सर्वोपरि स्थान प्राप्त भएको छ। राजा जमघटले पशुहरूलाई नछुट्याइकन मार्ने गरेको थियो। यसलाई रोक्नको लागि सबै मृग-पशुहरूले उसकहाँ प्रतिदिन एउटा पशु पठाइदिने सल्लाह गरे। एउटा लँगड़ो मिरग-ले आफ्नो पालो आएपछि बाटोमा मादा मृगसंग प्रेम गर्‍यो र ती दुवै राजा कहाँ गए। राजाले ती दुवैलाई गहिरो प्रेममा डूबेको देखेर मृगलाई छोड़िदियो। हरिणी-ले जो गर्भवती थिई आफ्नो बच्चालाई 18 महीना सम्म जन्म दिइन। अत्यन्त पीड़ाले गर्दा उ त्यही बाटोमा बसी रही जहाँबाट शंकर र पार्वती गइरहेका थिए। पार्वतीले त्यस हरिणीलाई पीड़ामुक्त गरिदिउन् भनेर शंकरसंग बिन्ती गरिन्। भगवानबाट धेरै आशीर्वाद प्राप्त भए पछि, नयाँ बच्चाको जन्म भयो। त्यही थियो हिरण्यकशिपु।

कथाको शेषांश चाँहि प्रचलित कथाको जस्तै छ। मानवीय संवेदना, दुर्बलता, विषाद र प्रसन्नता सबै यस काव्यमा चित्रित गरिएका छन्। 'चिरत' बाट केही पंक्तिहरूको भावार्थ तल दिइन्छ—

"त्यो मृगी (हरिणी) बाटामा बसी जहाँबाट महादेव र पार्वती गइरहेका थिए, र त्यसले कराएर 'हरि-हरि' भनेर नाम जप्न थाली। यो देखेर पार्वतीले शंकरसित सोधिन्—'हे मेरा अन्तर्यामी स्वामी, सुन। यो गर्भवती मृगीले कहिले-सम्म यो पीड़ामय अवस्था खपिरहन्छे। कृपा गरेर यसलाई पीड़ामुक्त गराइदेउ। एउटी माता हुनाले म यसको पीड़ालाई राम्ररी अनुभव गर्दछु। शंकरले भने—'हे प्रिये, यदि त्यसको कर्म यस्तै छ भने त्यसले यस जीवनमा मात्र होइन, तर आउँदो जीवनमा पनि घोर व्यथाहरू सहन गर्न पर्ने छ।' क्रोधित भएर पार्वतीले भनिन्—"तिमी एउटा जोगी हौ र कानमा कुण्डल लगाएका छौ, शिरमा जटा धारण गरे-का छौ, तिमी नाँगै छौ र तिम्रोमा केही सम्पत्ति पनि छैन। यी जम्मै नहुने गृहस्थले लज्जित हुनु पर्ने कुरो हो। तिमी एउटा ऋषि हौ र जंगलमा बस्छौ। गोरुमाथि चढ़ेर तिमी भिक्षा माँग्न जान्छौ। तिमीले यी जम्मै वस्तुहरूलाई अरुको लागि गहना-अलंकार सम्झन्छौ जो कि अरुको लागि दुखदायक छन्। यस्तो मान्छेसंग

जसले न त कसैको कुरा सुन्छ न सल्लाह लिन्छ, न त केही गर्न तयार हुन्छ, घरेलु जीवन बिताउनु असम्भव छ।"

यसो भनेर पार्वतीले स्वामीलाई फकाइन्, तर सबै व्यर्थमा। तब तिनले स्वामीलाई धमकी दिइन्—"यदि यस्तो दृश्य देखेर पनि तिमी विचलित भएनौ-भने तिमी र म-बीचमा अबदेखि पति-पत्नीको सम्बन्ध रहने छैन।"

यस धमकीले काम गर्‍यो र स्वामी (भगवान शंकर)-ले त्यस मृगीलाई पीड़ा-मुक्त गरिदिए।

'कथा उषा-पुराण' (232 श्लोक भएको)-का रचयिता कवि सुरजनदास पुनिया (1583-1691 ई०) हुन्। यो रचना प्रचलित राग-रागिनीमा गायनको निमित्त लेखिएको हो र यसमा पौराणिक व्यक्तिहरू—उषा र अनिरुद्धको प्रेम-व्यापार र विवाहको वर्णन गरिएको छ। त्यो लँड़ाई जुन चाँहि प्रचलित पुराण-हरू अनुसार कृष्ण र शिवजीको बीच भएको थियो, यस काव्यमा भनिएको छ कि एक क्षत्रिय र एक जोगीको बीचमा भएको थियो।

ग्राम इनपालसर (चुरू) का सिणावा राजपूत कवि गोरधनजी 18रौं शताब्दीको जसनाथी परम्पराका थिए। उनको रचना 'गौर ब्यान्वालो' (121 श्लोक) गायन-को लागि नै लेखिएको हो र यसमा पौराणिक पंक्तिहरूको आधारमा शिव र पार्वतीको बिहेको कथा वर्णन गरिएको छ। कविले यहाँ सवाईनगरीका राजा सवाइराजको सानो कथा संग परिचय गराएका छन् जसले शिवको बदलेमा आफै पार्वतीसंग उनकी आमाको निमंत्रणमा विवाह गर्न चाहन्थे। अन्तमा सवाइराज मारियो र भगवान शिवले पार्वतीसंग विवाह गरे।

स्थानीय रंगले समृद्ध भएको यस आख्यानकाव्यले तत्कालीन प्रचलित लोक-रीतिहरू र परम्पराहरूको पनि चित्रण गरेको छ। पार्वतीकी आमा चन्द्रावतीको मानसिक प्रवृत्ति र केही घटनाहरूको वर्णन उल्लेखनीय छ।

'हरचन्द पुराण' र 'प्रह्लाद पुराण' का रचयिता कवि दूदोजी थिए जो 1673 ई० मा मरे। 'किसन ब्यान्वालो' का कवि रुस्तमजी 1718 ई० मा मरे। सरवण-जी (17रौं शताब्दी) रचित 'सीतापुराण' र 'हरकरित पुराण'हरू यस युगका अन्य उल्लेखनीय आख्यान काव्यहरू हुन्।

संत (भक्ति) काव्य

यस शीर्षक अन्तर्गत यहाँ, राजस्थानीको भक्तिको सगुण र निर्गुण शाखासित सम्बन्धित काव्यहरू-बारे विचार गरिने छ। रचनाहरू यति धेरै छन् कि जसको वर्गीकरण गर्न सकिदैन। तर जुन रचनाहरू भक्ति-विषयका छन् तिनको बारेमा पनि यहाँ विवेचन गरिने छ। संत-काव्य र आख्यान-काव्यको आविर्भाव र प्राधान्य

मध्ययुगको मुख्य विशेषता हुन् । राजस्थानी सन्तकाव्य जतिको समृद्ध छ त्यति नै लोकसाहित्यमा पनि छ । संतकाव्यका मुख्य विशेषताहरू यी हुन् कि यसले निर्गुण भक्ति बारे, जो सगुण भक्तितिर पनि ढल्केको छ, विचार गर्दछ, जुन चाँहि नाथ-साधनामा प्रचलित छन् ।

यस संत-काव्यको पृष्ठभूमि र कारणहरूलाई पाँचवटा मुख्य ऐतिहासिक तत्व-हरूले निर्माण गर्दछन् । ती तत्वहरू हुन्—

(1) नामदेव (1270-1350 ई०) तथा उनका हिन्दी काव्यहरू । उनी यस प्रकारको संतकाव्यका अग्रदूत थिए ।

(2) रामानन्द र उनका शिष्यहरू (1299-1410 ई०) को भक्ति-साधना ।

(3) 'नाथ-सम्प्रदाय' का योगीहरू, तिनको योग-साधना र साहित्य ।

(4) 'उपनिषद्, पुराण, रामायण, महाभारत, प्रस्थानत्रयी, स्मृति र शंकर-वेदान्तबाट' मुख्य रूपले लिइएका धार्मिक, सांस्कृतिक र दार्शनिक प्रसंगहरूसित सम्बन्ध राख्ने प्रचलित रीति-रिवाज र परम्पराहरू ।

(5) तत्कालीन रहेको सामाजिक र ऐतिहासिक अवस्था जसभित्र इस्लाम धर्मको आगमनको प्रतिक्रिया पनि छ ।

यस परम्परालाई समृद्ध तुल्याउने कविहरूलाई दुइ श्रेणीहरूमा विभक्त गर्न सकिन्छ—विभिन्न सम्प्रदायका प्रवर्तकहरू, प्रचारकहरू र अनुयायीहरू तथा तिनीहरू जो कुनै पनि धर्म र सम्प्रदायको परम्परागत बन्धनदेखि मुक्त थिए ।

विभिन्न संप्रदाय तथा तिनको काव्य

मध्ययुगमा राजस्थानमा अनेक धार्मिक सम्प्रदायहरू उद्भूत र समृद्ध भएका थिए । केही विशिष्ट सम्प्रदायहरू जसको साहित्य, संस्कृति र धर्ममत सम्बन्धी योगदानहरू उच्च कोटिका छन्, तिनको सूची तल दिइन्छ :

सम्प्रदायको नाम	**प्रवर्तक वा प्रचारक**	**पीठस्थान र राजस्थानका क्षेत्र**
1. नाथ	गोरखनाथ र अरु योगीहरू	राजस्थानको जम्मै क्षेत्रमा प्रचार
2. रसिक (रामभक्ति मा) (रामावत वैरागी)	अग्रदासजी	राइवासा (सीकर) जयपुर क्षेत्र

सम्प्रदायको नाम	प्रवर्तक वा प्रचारक	पीठस्थान र राजस्थानको क्षेत्र
3. विश्णोई	जाम्भोजी	पीपासार, मुकाम, सम्भराथाळ, जाम्भोळाव, जांगळ इत्यादि । उत्तर-पश्चिमी र दक्षिणी क्षेत्रहरू ।
4. जसनाथी	जसनाथजी	कटारियासार, उत्तर-पश्चिमी क्षेत्रहरू
5. निरंजनी	हरिदासजी	डिडवाना, नागौर, जोधपुर क्षेत्र
6. निम्बार्क	परशुरामदेवजी	सलेमाबाद, अजमेर, किशनगढ़, क्षेत्रहरू
7. दादू	दादूदयालजी	नरायणा, जयपुर, शेखावटी, क्षेत्रहरू
8. लालदासी वा लालपंथ	लालदासजी	नगला, रसगण, अलवर, भरतपुर क्षेत्र
9. चरणदासी वा सुक	चरणदासजी	दहरा, अलवर, जयपुर क्षेत्र,
10. गुडाड	सन्तदासजी	दाँतडा, भिलवाड़ा
11. रामस्नेही	रामचरणजी	शाहपुरा, भिलवाड़ा, उदयपुर क्षेत्र
12. रामस्नेही	दरियावजी	रेण, नागौर, जोधपुर क्षेत्र
13. रामस्नेही	हरिरामदासजी	सिन्थळ, बीकानेर क्षेत्र
14. रामस्नेही	रामदासजी	खेडापा, नागौर, जोधपुर क्षेत्र
15. अलखिया	लालगिरीजी	बीकानेर
16. आइपन्थ	जीजीदेवी (आइजी)	विलाड़ा, पाली र जोधपुर क्षेत्र

प्रत्येक सम्प्रदायबाट मात्र केही चुनिएका विशिष्ट संत-कविहरूको चर्चा गर्दै र तिनीहरूको साहित्यमा योगदान-बारे हामी यहाँ संक्षिप्त ब्यौरा प्रस्तुत गर्न लागिरहेका छौं ।

(1) नाथ सम्प्रदाय

यो विश्वास गरिएको छ कि भगवान शिव आदिनाथ हुन् र मूलतः नाथ-सम्प्रदाय शैव हो । गोरखनाथको आविर्भाव 11रौं शताब्दीमा भएको थियो भन्ने विश्वास गरिएको छ। उनले सबै विशिष्ट योग-सम्प्रदायहरूको स्थापना गरेका

थिए, तर उनको मुख्य जोर चाँहि हठयोग र कायसिद्धि अर्थात् शरीरको विकास-माथि थियो। नाथसाधनाको उद्देश्य जीवन-मुक्ति वा जीवित अवस्थामा शरीरदेखि मुक्ति प्राप्त गर्नु हो। यस प्रकारले यो साधनाको एउटा अलग्गै स्वरूप हो। गोरख-नाथको अघि उत्तर भारतमा योग र तन्त्रसाधनाको सुदृढ़ परम्परा थियो जुन हिन्दू, बौद्ध जैन र अन्य धर्मका अनुयायीहरूमा कुनै-न-कुनै रूपले प्रचलित थियो।

नाथ-पंथका योगीहरूलाई 12 वटा शाखाहरूमा विभाजित गरिएको छ, जसलाई बाह्रपंथ भनिन्छ। यस विनियम-बारे मुख्यः चारवटा मतहरू छन्। स्वीकार गरिने मत चाँहि यो देखिन्छ कि पहिले योगीहरूका अधिक-भन्दा-अधिक 30 वटा शाखा-हरू थिए, जसमा 18 चाँहि मूलतः शैव थिए र शेष 12 वटाले चाँहि गोरखनाथ-का उपदेशहरूको अनुसरण गर्ने निश्चय गरे। अठार शाखाका योगीहरू कालान्तर-मा अदृश्य भए। गोरखनाथको अनुसरण गर्नेहरू-मध्ये छ जना चाँहि यी अदृश्य अठारह् शाखाका आध्यात्मिक उत्तराधिकारीहरू भए। यसप्रकार, यी तथा गोरख-नाथका शेष छ शाखाहरूले नाथ योगीहरूको वर्तमान 12 शाखाहरूको स्थापना गरे। यिनको सूची तल दिइन्छ :

1. सत्यनाथी	2. रामनाथी	3. पाकलनाथी
4. पावपंथी	5. धर्मनाथी	6. मननाथी
7. कपिलानी	8. गंगानाथी	9. नाटेश्वरी
10. आइपंथी	11. वैराग्यपंथी	12. रावलपंथी

यी सूचीहरूमा भिन्न-भिन्न परम्परामा केही अन्तर हुन सक्छ, तर यी बाह्र-पंथको सिद्धान्त चाँहि अधिक विश्वसनीय छ। यो क्रम पनि स्वीकृत छ र पूर्ण कुम्भको समयमा बाह्र वर्ष पत्रदेवयात्राको रूपमा पालन गरिएको छ। यो यात्रा गोदावरी नदीको तटमा त्र्यम्बक तीर्थदेखि शुरू भएर 73 भन्दा बढ़ी केन्द्रहरूमा बिसाउँदै अन्तमा कद्रीमठमा आइपुग्छ। यो यात्रा-परम्परा कैयन् शताब्दी पुरानो हो र यसको प्राचीनता-बारे पर्याप्त संकेतहरू उपलब्ध छन्। यसरी नै, नौ-जना नाथहरू प्रसिद्ध छन्, तर तिनीहरूको सामान्य सूची र परम्परा-बारे तथ्य पाइएको छैन्। नाथहरूलाई सिद्ध पनि भनिन्छ। 'वर्णरत्नाकर' मा नाथहरू लगायत 76 जना सिद्धहरूको नामावली दिइएको छ। यसबाट हामीले जान्न सक्छौं कि नौ-नाथहरू 1328ई.मा, यस सम्प्रदायको संरचना-तिथि भन्दा अघि नै, प्रसिद्ध थिए। नोहार (श्रीगंगानगर—राजस्थान) को नाथमठमा 26 सितम्बर 1078 ई० को तिथि भएको एउटा उत्कीर्ण लेख जसले नाथहरू 11रौं शताब्दीमा प्रख्यात थिए भन्ने कुरोको प्रमाण दिन्छ। उपलब्ध सामग्रीहरूबाट यो पनि देखिन्छ कि माथि भनिएका नाथहरूको 12 पंथहरूमा संख्या 1, 4, 6, 7, 11 र 12 चाँहि तुलनात्मक दृष्टिले राजस्थानमा अधिक प्रचलित थिए। नौ नाथहरूमा गोरख, जलन्धर, गोपीचन्द भरथरी र चर्पट चाँहि सुपरिचित थिए। तिनीहरूबारे धेरै

सम्पर्क सामग्रीहरू राजस्थानको इतिहास र साहित्यमा उपलब्ध छन्। महत्वपूर्ण चाँहि के छ भनेदेखिन 15रौं र 16रौं शताब्दीमा नाथ-सम्प्रदाय राजस्थानमा अधिक प्रचलित थियो र यो मुसंस्थापित पनि थियो। नाथहरूको आसन र गद्दी पनि यहाँ चारैतिर फैलिएका थिए। सामान्य मानिसहरूले तिनीहरूलाई सम्मान र श्रद्धाको दृष्टिले हेर्थे। जाम्भोजी-जस्ता नयाँ उत्पन्न भएका सन्तहरूले नाथहरूको विरुद्धमा तीखो प्रतिक्रिया प्रकट गर्थे। उनीहरूले आलोचना गर्थे—नाथहरूको सामान्य जीवन देखि अलग्ग बस्नु, साधारण मानिसहरू प्रति विरक्ति, साधनाको दूषित र आचारभ्रष्ट तरीकाहरू उचित छैनन् भनेर।'

उपलब्ध नाथ-सम्प्रदायका कविहरूका रचनाहरू प्राचीन मानिएका छन् र तिनको भाषामा पनि राजस्थानीको छाप परेको स्पष्ट रूपले अवलोकन गर्न सकिन्छ तिनीहरूको स्वरूप चाँहि मूलतः खड़ीबोलीको भएको बुझिन्छ। जे होस्, यो निश्चयपूर्वक भन्न सकिंदैन कि यी कविताहरू वास्तवमा ती व्यक्तिहरूका रचना हुन्, जसलाई सबैले श्रद्धा गर्थे र तिनीहरूकै रचना हुन् भनेर आरोपित पनि गरिएका थिए। यो त पक्का कुरो छ कि अन्य कविहरूका केही कविताहरूलाई अरु कतिपय नाथहरूको कृति भनेर स्वीकार गरिएको छ। यसमा विभिन्न नाथहरूका वाणीहरूको पनि मिश्रण हुन गएको छ। यसको भाषा उति पुरानो छैन। यसको तात्पर्य यो हो कि तिनीहरू 16रौं शताब्दीभन्दा पुराना हुन सक्तैनन्। कतिपय नाथहरूका वाणीहरू आलोचनात्मक ढंगले सम्पादित सूत्रहरूको अहिले पनि प्रतीक्षा छ। यसकारण उचित सतर्कता यस कार्यमा अत्यन्त आवश्यक छ।

नाथ-सम्प्रदाय सम्बन्धी कविताहरूमा साधना, यसका प्रक्रियाहरू, सिद्धिको स्थिति, यसको दर्शन र उपदेश-बारे अधिक मात्रामा विचार गरिएको छ। तर अरु धेरै दृष्टिकोणबाट पनि यो महत्वपूर्ण छ।

नाथ-योगीहरू र तिनीहरूको साधनाले, वाक्य-विन्यास, मंत्र र शैलीले राजस्थानी साहित्यलाई विशेष गरेर संत-काव्यलाई केही मात्रामा प्रभावित पारेको छ। प्रायः प्रत्येक संत-काव्यमा हठयोग-साधनाबारे संकेत दिइएको छ वा वर्णन गरिएको छ। केही संतहरूले पनि नाथहरूको वाक्य-विन्यास र भाषा ग्रहण गरेका छन्, तर अलिक भिन्दै अर्थमा लिएका छन्।

गोरखनाथको अतिरिक्त, दुइजना अरु नाथहरू पनि उल्लेखनीय छन्। जलन्धरनाथ जसलाई जलन्धरीपा अथवा हाँडीपा पनि भन्दछन्, पावपंथका मूल संस्थापक मानिएको छ। यस पंथको मुखपीठ जालोरमा थियो। यो पंथ केही समयको लागि बौद्धधर्मको वज्रयान शाखासंग सम्बन्धित थियो। केही राजस्थानी काव्यमा बौद्ध-परम्पराको केही झल्को जस्तो कि वाराहीदेवीको अस्तित्व र सक्रियता, पाइएका छन्। मेहोजीको 'रामायण' तथा सुरजनजीको 'राम रासौ' यसका उदाहरण हुन्। यसको लागि कारण चाँहि जलन्धरनाथ र तिनको पंथसंग सम्पर्क

भएको हुनाले देखिन्छ ।

अर्का उल्लेखनीय नाथ-योगी हुन् चर्पटनाथ जो रज्जबको भनाइअनुसार, चारण स्त्रीको गर्भबाट जन्मेका थिए र यसो हुनाले उनलाई राजस्थानका भन्न सकिन्छ। यिनलाई 'रसायणसिद्धि'-को प्रचारको लागि श्रेय दिइएको छ। यिनी सबैभन्दा पुराना नाथ हुन् जसले नाथहरूको वेशभूषा र अनुहारको महत्वलाई तिरस्कार गरेका छन्। उनको बारेमा विडम्बना यो छ कि उनी आफैले आफ्ना कान चिरेका थिए र त्यसमा कुण्डल पनि लगाउँथे, औ यसै कारण उनलाई कनफटा नाथ (कानचिरेका जोगी) भनिन्थ्यो। नाथपंथ वा धर्ममा पसेर त्रुटिहरू र दुर्वृत्ति हरूको उन्मूलन गर्नु नै तिनका काव्यहरूको मूल स्वर थियो। यहाँ एउटा उदाहरण दिइन्छ :

"चर्पट भन्छन्—एउटा हाँस्ने योगी, एउटी शिथिल ऊँटनी, एउटा लज्जाशील कवि, एउटा विदूषक, एउटी वेश्या, दुष्टता तिर झुकेको मान्छे, एउटी निर्लज्ज स्त्री ती सबै नै सम्पूर्ण रूपले जरादेखि नै तिरस्कार गरिने हरू हुन्।"

गोरखनाथ तथा अन्य नाथहरूको भनाई-अनुसार, पूर्ण ब्रह्मचर्य नै जीवनको आदर्श हो। यहाँ गृहस्थहरू-प्रति यी नाथ-योगीहरूको व्यवहार उदारतादेखि टाढै हुन्छ। तिनीहरूले एउटा गृहस्थलाई काम र क्रोधको दासको रूपमा गणना गर्छन्। जब मान्छे एक पल्ट गृहस्थ बन्दछ, उ त्यसपछि ज्ञान सम्बन्धी चर्चा गर्ने योग्य रहँदैन। यस्तो बुझिन्छ कि देशी भाषामा नाथवाणीहरू 16रौं शताब्दीमा एकत्र भएका थिए। यिनको एकत्रीकरण गर्ने धेरै कारणहरूमा एउटा यो पनि थियो कि 16रौं शताब्दीको छेउछाउतिर, नाथ-सम्प्रदायको प्रचलित स्वरूपको नराम्रो पक्षको विरुद्धमा एउटा बलियो प्रतिक्रिया हुँदै थियो। यसकारण नाथहरूले यो अनुभव गरे कि तिनीहरूको धर्मग्रन्थलाई, स्वीकृत गुरुहरूको वाणीको रूपमा एकत्र गरेर आदर दिलाउनु पर्ने छ।

पृथ्वीनाथ (1450-1550 ई०—अनुमानतः) यस कालका सबैभन्दा प्रख्यात नाथ-कवि भए। उनका काव्यहरूको उत्कृष्टतामा पनि कुनै प्रकारको संदेह छैन्। हालैसम्म, उनका ग्रन्थहरूमा चारवटा मात्र—'साध परिख्या', 'निरंजन निर्वाण', 'भक्ति बैकुण्ठ जोग', र 'सबदी'—चाँहि सुपरिचित थिए। तर विभिन्न पाण्डुलिपि संग्रहहरूमा अनुसन्धानको परिणामस्वरूप, 25 वटा भन्दा बढी काव्यहरूमा अधिकांशले तिनीहरूको शीर्षकको अन्ततिर 'जोग ग्रन्थ' नाम लिएका छन्। तिमध्ये केही हुन्—'प्राण पच्चीसी', 'सिख सम्बोध', 'आत्म परचाई', 'ज्ञान पच्चीसी', 'भरमविध्धुर', 'तंत संग्राम', 'मन थम्ब शरीर साधना', 'मूल पदम महाज्ञान',

'सोलह कथा', 'सोलह तिथि' इत्यादि ।

पृथ्वीनाथको भाषाको स्वरूप चाँहि राजस्थानी मिश्रित वा कहिले कहीं ब्रज-मिश्रित खड़ी बोलीको छ। उनका काव्यले नाथ-सम्प्रदायका कतिपय पक्षहरू-माथि विचार गरेका छन्। महत्वपूर्ण तत्व चाँहि यो हो कि यी ग्रन्थहरूमा भक्तिप्रति पनि तिनको झुकावको पर्याप्त संकेत यसमा छन्। यसै कारण यसलाई जो नाथ-सम्प्रदायको घुम्तीको गोरेटो हो, पछि जननायक र अरुहरू-द्वारा अनुसरण गरियो। यसले नाथ-साधना भक्तिको प्रभाव स्पष्ट रूपले देखाउँछ। यहाँ उनको एउटा श्लोकको भावार्थ दिइन्छ :

"यो संसार काँड़ाहरूले भरिएको छ जसले बाहिरी भाग मात्रलाई चिरिदिन्छ र भित्री भागलाई घोचिदिन्छ। 'पृथ्वीनाथ भन्छन्'—ईश्वरीय भक्तिदेखि शून्य व्यक्तिहरू बबुलको रुखमा काँड़ादार हाँगाहरू जस्तै हुन्छन्।"

उनले केही विशुद्ध राजस्थानी शब्दहरूको बोलचालको अर्थमा प्रयोग गरेका छन्, जस्तै—पालो (पल्लवबाट)।

जोधपुरका महाराजा मानसिंह (1782-1843 ई०) कवि, विद्वान् र संगीतज्ञ थिए। यद्यपि उनका काव्यहरू विशद र विस्तृत छन्, नाथकाव्य र नाथ-सम्प्रदाय प्रति उनको योगदान अत्यन्त महत्वपूर्ण छ। यस पछि उनका गीतहरू र श्लोकहरू आउँदछन्, जसमा शृंगारिक भावनाहरूको चित्रण छ। यी दुवै प्रकारका काव्यहरू-को साहित्यिक मूल्य पनि छ। उनले प्रायः 60 वटा विभिन्न किसिमका, साना-ठूला कविताहरू रचेका थिए। उनको भाषामा चाँहि राजस्थानी, ब्रज, खड़ीबोली, पंजाबी अथवा यस-भन्दा अधिक भाषाहरूको मिश्रण गरिएका छन्। उनका कविताहरूले मुख्यतः तल दिइएका चार विषयहरूको निवारण गर्छन्। ती विषय-हरू यसप्रकार छन्—

(1) उनका काव्यहरूको लामो सूचीमा 31 वटा नाम छन् र तिनको विषय चाँहि नाथभक्ति नाथ-सम्प्रदाय र यसको दर्शन छ। कृतिहरूमा 'अनुभवमंजरी', 'सरूपण'रा दोहा', 'जलन्धर ज्ञानसागर' इत्यादि राजस्थानीमा छन् र शेष काव्य-हरू जस्तै 'जलन्धरनाथजी रो चरित्र ग्रन्थ', 'जलन्धर चन्द्रोदय', 'नाथ चरित', 'सिद्ध सम्प्रदाय ग्रंथ', 'सिद्ध मुक्ताफल', 'तेजमंजरी', 'पीचवाली', 'नाथ कीरतन', 'नाथ स्तोत्र', 'जलन्धरनाथ री निसाणी', 'नाथपद-पुष्पांजलि', 'षड्चक्रवर्णन' इत्यादि सबै ब्रजमिश्रित राजस्थानीमा लेखिएका छन्।

(2) उनका शृंगारिक कृतिहरू जस्तो कि 'दूहा संयोग शृंगार,' 'दूहा-वियोग शृंगार', 'शृंगार पद', 'राग-रत्नाकर', 'शृंगार शिरोमणि', 'नामवार्ता' ग्रन्थ (गद्यमा), राजस्थानी र ब्रजमिश्रित राजस्थानीमा छन्।

(3) प्रकृतिवर्णनसंग सम्बन्धित उनका कृतिहरू 'उद्यान वर्णन', 'षडऋतु वर्णन' चाँहि राजस्थानीमा लेखिएका छन् ।

(4) राम औ कृष्ण विषयमा लेखिएका उनका कृतिहरू जस्तै 'रामविलास, (अपूर्ण), 'कृष्ण विलास', र 'रसचन्द्रिका' ब्रजभाषामा छन् ।

उनका भक्ति सम्बन्धित र शृंगार विषयक पदहरूको संख्या पनि निकै ठूलो छ । यी पदहरू विभिन्न राग-रागिनीमा गायनको निम्ति लेखिएका हुन् । मारवाड़का मानिसहरूमा प्रचलित भएका गीतहरू उनैको नाममा जान्छन्, तर यसको प्रामाणिकता चाँहि एउटा विवादको विषय बनेको छ ।

'रतना हमीर री वार्ता' बचनिका शैलीमा लेखिएको एउटा सुविख्यात प्रेम-कथा हो । यसका रचनाकारको नामबारे पनि विवाद छ । कसैले यसलाई मानसिंह-को कृति भन्छन् भने कसैले उत्तमचन्द भण्डारीको भन्छन् । यदि यसका रचनाकार-बारे पक्का तवरले ठिम्याउनु हो भने धेरै खोजी गर्ने आवश्यकता छ ।

जोधपुरका वननाथ 19सौ शताब्दीका पूर्वार्द्धका प्रख्यात नाथ-सिद्ध कवि हुन् । उनका कृतिहरू—'अनुभवप्रकास' र 'परवाना' नाथ-परम्पराका काव्यहरूमा प्रसिद्ध भएका छन् । 'परवाना' को अलंकृत विवरण पृष्ठबाट थाहा लाग्दछ कि यो कविता 1851 ई० तिर रचिएको थियो । 'अनुभवप्रकास' गीतहरूले भरिएको छ जुन विशेष राग-रागिनीमा गाउनका निमित्त लेखिएको थियो । 'स्व' बारे ज्ञान नै उनको कविताको मुख्य तत्त्व हो । उनले काया-सिद्धि र हठयोग-सिद्धिको वर्णन प्रचलित रूपक अलंकारको प्रयोगद्वारा गरेका छन् । उनी सिद्धिप्राप्तिको लागि राम वा हरि-स्मरणमा विश्वास गर्छन् । यो भक्तिको प्रभाव हो । उनी सरल र प्रवाहपूर्ण राजस्थानी भाषाको प्रयोग गर्छन् । नवलनाथ, उत्तमनाथ र विवेकनाथ उनका परम्पराका उल्लेखनीय कविहरू हुन् । तर, तिनीहरू अधिक-भन्दा-अधिक शंकर-वेदान्ततिर ढल्केका छन् ।

(2) रसिक-सम्प्रदाय (रामभक्तिमा) र रामावत वैरागी

उत्तर भारतमा सामाजिक, धार्मिक र भक्तिको क्षेत्रमा प्रगतिवादी दर्शनको लागि स्वामी रामानन्द (1299-1410 ई०) प्रेरणाको स्रोत भए । ती व्यक्ति उनै हुन् जसले जाति र प्रतिष्ठाको कुनै भेदभाव नराखी प्रत्येक व्यक्तिका लागि धर्मको ढोका खोलिदिएका थिए । उनी भन्दा अघि रामभक्तिले कुनै एउटा सम्प्रदायको स्वरूप लिन सकेको थिएन । रामानन्दले स्वयं कुनै सम्प्रदायको स्थापना गरेनन्, तर पछि उनका परम्पराका व्यक्तिहरूद्वारा सम्प्रदायहरू स्थापित गरिए । उनी रामभक्तिका प्रथम आचार्य भए । रामभक्तिमा ज्ञान र कर्मलाई विशेष महत्त्व दिइँदैन । यसमा, भक्तहरूले ईश्वरका चरणमा पूर्ण रूपले समर्पण गर्नु नै पर्याप्त हुन्छ । ईश्वर जो पूर्णकृपालु पनि छ र मात्र प्रेमको प्रेमी छ । रामानन्दजी विशिष्टा-

द्वैतवादका अनुयायी थिए। उनको लागि भक्ति नै सबैभन्दा महत्त्वपूर्ण थियो न कि अध्यात्म, तत्त्व-ज्ञान वा दार्शनिक चिन्तन। उनका शिष्यहरूमा कतिपयको नाम छ—अनन्तानन्द, सुखानन्द आदि। पीपा र कबीरका नाउँहरू नाभादासको भक्त-मालमा उल्लेख गरिएको छ। यी सबै रामानन्दजीका नै शिष्य थिए भन्नमा अलिक सन्देह लाग्दछ।

अनन्तानन्दका आठजना विशिष्ट शिष्यहरूमा विशेष रूपले उल्लेखनीय छन्—कृष्णदास पायहारी, अग्रदास र करमचन्द। कृष्णदास राजस्थानका दाहिया ब्राह्मण थिए, जसले पहिलो पल्ट जयपुरको नजिकै गल्तामा रामानन्द सम्प्रदायको गद्दीको स्थापना गरे। उनको पुस्तक 'राजयोग' हेर्दा यो देखिन्छ कि उनी सांख्य-योग दर्शनका एक प्रचारक थिए। यो पीठ (गद्दी) अघिअघि कानचिरुवा नाथ योगीहरू-को नियन्त्रणमा थियो, तर कृष्णदासले आफ्नो योगसिद्धिको प्रदर्शन गरेर तिनी-हरूलाई बुद्धिले पराजित गरिदिए औ यस आसनमाथि आफ्नो अधिकार जमाए। उनको परम्पराभित्र किन योग-साधनाले प्रवेश गर्‍यो, त्यसको एउटा कारण यो पनि हो। उनका दुइ चेलाहरू किल्हदास र अग्रदास अझ बढ़ी प्रसिद्ध भएका थिए। किल्हदास रामभक्ति बाहेक योग-साधना तर्फ पनि ढल्किएका थिए र यसै कारण-ले गर्दा उनी गल्ता पीठका आचार्य बनाइएका थिए। रामानन्दको वैरागी परम्परा-मा गल्ता-परम्परालाई 'तपसी-शाखा' भनिएको छ। यस शाखाको प्रायः जस्तो साहित्य ब्रजभाषामा छ।

जे होस्, अग्रदासले सीकर (राजस्थान)-को नजिकै रैवासामा आफ्नो भिन्नै गद्दी स्थापित गरे। रामभक्तिमा मधुर भावको उपासनाका प्रस्तोता उनी नै थिए, र तिनले स्थापित गरेको सम्प्रदायलाई सार्वजनिकरूपले 'रसिक' भनिएको हो। राजस्थानमा आरम्भ गरिएको रसिक सम्प्रदायले अयोध्या, जनकपुर अनि चित्रकूट —यी राम र सीताका युगल स्वरूपसंग जोड़िएका स्थानहरूको यात्रा गर्‍यो र समृद्धि पनि प्राप्त गर्‍यो। यसले राजस्थानमा अधिक प्रसिद्धि कमाउन सकेन, किनकि यहाँ दिव्य ईश्वरका अवतारहरूको मर्यादा, नायकत्व र उद्धारकको स्वरूप नै सबैलाई मान्य छ।

रसिक सम्प्रदाय 17 रौं शताब्दीसम्म किंचित् रूपले रहन सक्यो। औरंगजेब-को मृत्यु पछि 18 रौं शताब्दीको आरम्भमा, यो फेरि समृद्ध हुन् थाल्यो। यस सम्प्रदायको साहित्य प्रायः ब्रज, अवधी र मैथिली मिश्रित अवधी भाषामा छ। तर 'सियासखी' (गोपालदास) र कृपाराम जस्ता केही कविहरूले राजस्थानी र ब्रजमिश्रित राजस्थानीमा पनि श्लोकहरूको रचना गरेका छन्। यस परम्परामा अन्तिम महत्त्वपूर्ण काव्य हो 'राम रस' जसको रचना रूपदेवीले 1861 ई०मा ब्रज-भाषामा गरेकी थिइन्।

सियासखी, बड़ागाँव (झुनझुनु) का एकजना गौड़ ब्राह्मण थिए। उनी 18 रौं

शताब्दीको पूर्वार्द्ध युगका कवि थिए। उनका मुक्तक पदहरू उपलब्ध छन्। तिनमा एउटाको भाव यस प्रकार छ :

"हे सीता, मेरी प्यारी, मेरो आग्रहमाथि ध्यान देउ, मेरो लागि तिमी बाहेक अरु कोही पनि निर्भर गर्ने योग्य छैन। मेरा व्यवहारहरूको नराम्रो पक्षतिर तिमी नहेर। तिमीले त आफ्नो महानतालाई हेर्नु परेको छ। मैले तिमीसंग व्यर्थै प्रार्थना गरें भन्ने कुरो अरु मानिसहरूले जान्न नपाउन्। हे अवधबिहारी (राम) की प्रेयसी, मलाई तिम्रो कक्षमा प्रवेश गर्न देउ। तिमी मेरो निम्ति सर्वस्व हौ र मेले अरु कसैलाई पनि हेर्नु छैन। सियासखी भन्छन्।"

कृपाराम 18 रौं शताब्दीको उत्तरार्द्धमा जीवित थिए। उनको एउटा श्लोक-ले यसो भन्छ :

"हे राघवजी, मेरा आँखाहरू तिम्रा अनुहारको एक झल्को हेर्नलाई व्याकुल छन्। यस कारण, आउ, मेरो अघि दर्शन देउ। मेरो हृदयको पुष्पवाटिकामा स्वागतका जूही फूलहरू उम्रने छन्। आउ हे, एउटा भँमरा-जस्तै ती फूलहरूको रसपान गर्न लाई। यो कृपानिवास, तिम्रा दर्शनको प्यासा छ। आउ, अनि मेरो पिपासा शान्त गराइदेउ।"

यी दुवै शाखाहरूका परम्परा खाली जयपुर क्षेत्र र राजस्थानको बाहिर प्रचलित रहे। यहाँ तिनको उल्लेखगर्नु यस अध्ययनको निम्ति प्रासंगिक हुने छ र साथसाथै रैंण, शाहपुरा (भिलवाड़ा), सिन्थल र खेडापाका चारवटा रामसनेही सम्प्रदायहरूको लागि पनि, जुन 18 रौं शताब्दीमा अस्तित्वमा आएका थिए। यिनले अनन्तानन्द (अनन्तदास)-का शिष्यहरू अग्रदास र करमचन्दसित तिनको परम्परागत सम्बन्ध जोड़िदिन्छन्।

अग्रदासको परम्परामा शान्तदास थिए जो एकजना ठूला निर्गुण सन्त कवि भए। यिनको गद्दी भिलवाड़ामा शाहपुराको नजिकैको दन्तडा स्थानमा थियो। उनले गुदाड वा गुदड़ी (फाटेका लुगाहरू) लाउने गर्थे, यसकारण यिनको पंथलाई गुदाड़-पंथ भन्न थालियो। रामस्नेही सम्प्रदायका शाहपुरा (भिलवाड़ा) शाखाका संस्थापक, रामचरणजीले उनका शिष्य कृपारामबाट 1751 ई०मा दीक्षा लिए। शान्तदासका अर्का शिष्य प्रेमदासले 1712 ई०मा दरियावजीलाई दीक्षा दिए जसले रैण (सागोर) शाखाको स्थापना गरेका थिए। प्रेमदास कृपारामका शिष्य थिए।

तेस्रो शाखा अर्थात् सिन्थलले आफ्नो परम्परागत सूत्र करमचन्दसंग जोड़ेको

थियो। उनका शिष्यहरूमा नौवाँ पिंढ़ीमा दुलचासर (बीकानेर)-का एकजना जयमलदास थिए। जयमलदास पहिले सगुण-भक्त थिए र भनिन्छ कि पछि उनी केही दैवी संकेतहरूको निर्वाह गर्नका निम्ति निर्गुण भक्तिमा दीक्षित भए। सिन्थल शाखाका संस्थापक हरिरामदास उनै द्वारा 1743 ई०मा दीक्षित भए, र 1763 ई०मा खेडापा गद्दीको स्थापना गरे। यसलाई सिन्थलकै एउटा शाखाको रूपमा गनिन्छ, तर यसको बेग्लै परम्परा छ। माथि भनिएका सम्बन्धहरूलाई स्पष्ट रूपमा बुझ्नको निमित्त हामी यहाँ रामानन्द देखि शिष्यहरूको शृंखला तल दिइरहे छौं : (तालिका पृ० 118मा)

माथिको तालिकाबाट यो स्पष्ट हुन जान्छ कि रामस्नेही सम्प्रदायका जम्मै शाखाहरू (रैंण, शाहपुरा, सिन्थल, खेडापा) बेग्ला-बेग्लै छन् र तिनीहरूका आफ्नै परम्पराहरू पनि छन्, तर जहाँसम्म साधना, भक्ति, आदर्श र दर्शनको सम्बन्ध छ, यिनमा भिन्नताभन्दा अधिक समानता छ। सर्वाधिक बल चाँहि रामस्मरण र भक्तिमाथि नै दिइएको छ। राम निर्गुण, निराकार हुन्। आरम्भमा यी सबै निर्गुण-भक्ति-सम्प्रदाय अन्तर्गत थिए, तर सगुण-भक्तिको प्रभाव पनि केही मात्रामा देखिन्थे। यी विभिन्न परम्पराहरूका धेरै जस्ता सन्तहरूको प्रह्लाद, ध्रुव, नारद आदिको भक्ति र उपासना-प्रति उच्च श्रद्धा रहेको छ। तर, अब यस पछि हामीले उपरिलिखित चारवटा परम्पराहरूबारे विवेचना गर्ने अवसर पाउँने छौं।

3. जम्भोजी विष्णोई सम्प्रदाय

जम्भोजी (1451-1536 ई०) एक पँवार राजपूत थिए। यिनको जन्म पीपासार (नागौर)-मा भएको थियो र यिनी लोहट र हंसा (केसर)का छोरा थिए। यिनी ब्रह्मचारी थिए र 34 वर्षको उमेरमा यिनले सदाको निम्ति गृहत्याग गरे। 1485 ई०मा यिनले विष्णोई-सम्प्रदायको स्थापना सम्भराथल नामक स्थानमा गरे, जुन स्थान चाँहि वर्तमान ग्राम भुंकम (नोखा, बीकानेर) को नजिकै एउटा बालुवा समेतको अग्लो पहाड़माथि छ। यो मत चाँहि उत्तर भारतको सर्वप्रथम सन्त-सम्प्रदाय हो। यिनी एकजना ठूला समन्वयवादी र धार्मिक परम्परा एवं संस्कृतिका रक्षक थिए। सिकन्दर लोदी पनि यिनको उपदेशबाट लाभान्वित भएको थियो। यिनले आफ्नो पंथमा हिन्दू र मुसलमान दुवैलाई प्रविष्ट गराएका थिए। यस सम्प्रदायले 29 वटा आश्रमहरूको निर्माण गर्‍यो। यिनले पुराना यज्ञ परम्पराको पनि उद्धार गरे। अग्निमा घिउ छर्केर हवन गर्नु, यिनको सबद र वाणीको पाठ गर्नु, प्रतिदिन बिहानै उठेर पाठ गर्नु उनको मतवादको शैली थियो। अन्य केही मतहरू हुन्—विष्णु-स्मरण, जीवित प्राणीमात्र प्रति दया (करुणा), अमावस्याको दिन उपवास राख्नु, काम र क्रोध जस्ता आवेगहरूलाई नियंत्रित गर्नु, सबै विषयहरूमा राम्ररी विचार गरेपछि मात्र बोल्नु, चोरीको प्रवृत्ति छोड्नु, दुर्वचन

(पृष्ठ 117 को तालिका)



1. कविको भनाइअनुसार, करमचन्द सुखानन्दका शिष्य थिए।
2. नारायणदास र प्रेमभुराको बीचमा प्रेमपक्षको नाम पनि दिइन्छ।
3. दामोदरदास र मोहनदासको बीचमा अझ एउटा नाम नारायणदास पनि दिइएको छ।
4. कविको भनाइअनुसार, प्रेमदास बालकदासका 'शिष्य थिए, जो स्वयं सन्तदासका शिष्य थिए।

बोल्नु, अनि झूठा बोल्नु र खण्डन-मण्डन गर्न इत्यादि छोड्नु तथा हरिया रुखहरूलाई कहिल्यै नकाट्नु। उनी भगवानका अवतारहरूमा विश्वास गर्छन्, तर मूर्तिपूजाको खण्डन गर्छन्। उनी जम्मै पवित्र ग्रन्थहरूमा गीताप्रति अधिक आकर्षित छन्। उनको वाणीमा एकेश्वरवाद (अद्वैतवाद) को स्वर प्रमुख छ। उनको कथनानुसार मनुष्यले उद्यमी त हुनै पर्छ र सम्पूर्ण आस्था औ विश्वास सहित, कुनै फलको आशा नगरीकन उसले कठिन कार्य गर्न पर्छ औ त्यो चाहे जस्तो सुकै स्थितिमा किन नहोस्। मनुष्यले अवरोधहरू हुँदा पनि पुण्यकार्यहरू सदैव गरिरहनु पर्छ औ यसको लागि उसको मनमा कुनै प्रकारको पश्चाताप वा अफसोसको भावना हुनु हुन्दैन। मानव जीवनको मुख्य ध्येय आत्मानुभूति गर्नु र जीवनमुक्ति प्राप्त गर्नु हो। उनी पुनर्जन्म र कर्ममाथि विश्वास गर्छन्। उनले अहंकार र पाखण्डदेखि सबैलाई सचेत गराएका छन्। उनका वाणीहरूमा जसलाई 'सबद वाणी' भनिएको छ, 123 शबदहरू छन्। वाणीको भाषा चाँहि शुद्ध सरल राजस्थानी छ जुन ग्रामीण लोकमा प्रचलित छ। उनी सगुणोन्मुख निर्गुण भक्तिका प्रवर्तक थिए। यहाँ उनका केही सबद दिइन्छ :

"गरिष्ठ भोजन सदाचारिता होइन, शरीर वस्तुतः मैलाले भरिएको छ। यसता भोजनले त शरीरलाई खाली मोटो र भारी बनाउँछ। मन पनि चंचल गराइदिन्छ। आयु महानताको प्रमाण होइन। वास्तवमा यो सांसारिकताको समुद्रभित्रको एउटा ठूलो माछा जस्तै हो, जो किनारामा पुग्नमा असफल हुन्छ। उच्च कुलको जन्मले मात्र भद्र मानिस हुँदैन। भद्र त त्यसलाई भन्छन्, जसले भद्र काम गर्दछ। गोरखनाथको दर्शनमात्रले कुनै व्यक्ति सिद्ध हुन सक्तैन। हृदयको पवित्रताले र कर्मले मात्र मुक्ति प्राप्त हुन्छ। कलियुग चाँहि छंदै छ जसको नाममा तिमीहरू सचेत छौ, यस कलियुगबाट सावधान होउ। सद्गुरुले तिमीहरू-लाई पुण्यको पथ देखाइ दिएका छन् र तिमीहरूलाई वेदको सारसंग पनि परिचय गराएका छन्।"

'विश्णोई परम्परामा' कतिपय ठूला-ठूला कविहरू भएका छन्। हामी तिनी-हरूमध्येका केही कविहरूबारे यहाँ उल्लेख गर्ने छौं। तेजोजी चारण (1423-1518 ई०), समसदीन (1433-1493 ई०), शिवदास (1443-1513 ई०), अमियदीन (1443-1513 ई०), कान्होजी बारहट (1443-1523 ई०), यी पुराना कविहरू हुन् जसले विविध विषयहरूमा स्फुट पदहरू लेखेका छन्।

उदोजी नैण (1448-1536 ई०)-ले आफ्नो आध्यात्मिक अनुभूतिहरू विस्तृत रूपले अभिव्यक्त गरेका छन्। उनको 'साखी', 'हरजस', 'कवित्त' एवं 'ग्रन्थ-चितवाणी' उपलब्ध छन्।

मिल्होजी (1532-1616 ई०)-ले यस सम्प्रदायलाई आफ्नो कर्म तथा

लेखनद्वारा समृद्ध बनाइदिए । उनका सातवटा कथाहरू ('धवा बन्ध', 'औतारपत', 'गुगालियाइकि', 'पुल्होजी कि', 'दौणपुर कि', 'जैसलमेर कि' औ 'मरद्वान कि') ले जाम्भोजीका जीवनका घटनाहरूको वर्णन गरेका छन् । 'कथा ज्ञानचारी', 'मक-अरवाड़ी विगतावली', 'विषण छत्तीसी', 'हरजस', 'साखी', 'छप्पय औ दूहामा' विविध विषयहरूबारे विवेचन गरिएको छ । यी कविताहरू अति भावुक अनुभूतिहरू सहित लेखिएका छन् र उनको गहिरो भक्ति पनि अभिव्यक्त गर्दछन् । 'सच अखाडी विगतावली' एउटा अद्वितीय कृति हो र साथ-साथै यसले अनेक शब्द र वाक्यहरूको सूची प्रस्तुत गर्दछ जुन चाँहि प्रायः मूल अर्थमा नै उपयोग गरिएका छन् । तर यी सबैको निम्ति रचनाकारले ठीक-ठीक अर्थहरू र सठीक उपयोगहरू बताएका छन् । उनको मुख्य उद्देश्य थियो—मानिसहरूलाई भाषणमा र सही अर्थमा सचेत गराउनु, जस्तो कि सत्यले मोक्षतिर लैजान्छ । यहाँ तल तीनवटा उदाहरणहरू दिइन्छन् :

बोलीचालीको अभिव्यक्ति	**सठीक उपयोग**
1. तई कितकई वरसायो मेह (तिमीले वर्षा कतातिर पायौ ?	तुण कित थो जाडो वथाउ मेह ? (तिमी कहा थियौ जब वर्षा हुन लाग्यो ?
2. कहल-वरसायो उमखल गाणी (मैले यताउता गाँउमा पानी परेको भेटें)	मेह महिन हुन्तो अण ठाड़ी (त्यस बेला, जब म यता थिएँ, त्यहाँ पानी पर्‍यो)
3. नदी वुही अइ (नदी बगिरेहेको थियो)	पाणि वुहाउ दयो (पानी बगिरहेको थियो)
4. पन्थ कित जायत ? (यो बाटो कहाँ जान्छ ?)	इण पन्थ जाइजइ किणी गाणी ? वा किस गाणीको पन्थ ? (यस बाटोले कुन गाँउतिर लैजान्छ ?)

साखी र हरजस चाँहि संगीतका विभिन्न धुनहरूमा गाउने उद्देश्यले रचिएका छन् ।

हामीले केसोदास गोदारा (1573-1679 ई०) का चारवटा आख्यान काव्य-हरू बारे अघि नै भनिसकेका छौं । आफ्ना गुरु विल्होजी झैं यिनले पनि जाम्भोजी-को जीवनीको वर्णन गर्ने सातवटा कथाहरू ('बाललीला', 'उदय अतली की', 'सइ सइ जोखनकी', 'मेड़ता की', 'इस्कन्दर की', 'जती तळवकी' र 'लोहा पाँगल की') लेखेका छन् । दुवै कविका यी कथा-काव्यहरू, सुरजनजीको रचना-सरह, एक अर्काको पूरक हुन् र जाम्भोजीको संक्षिप्त जीवनकथा बताउँछन् अनि यसको ऐतिहासिक मूल्य पनि छ । उनका अन्य काव्यहरूमा छन्—साखी (19), हरजस, कवित्त (81), सवैया (27), चन्द्रायण (85), दोहा (120), स्तुति 'अवतारकी', 'दस अवतार छन्द', यी जम्मै विभिन्न विषयहरूमा लेखिएका स्फुट पदहरूको

संग्रह हुन्। यिनको 'कथा मृगलेखा' एउटा इतिवृत्तात्मक काव्य हो र 'कथा विगतावली' ले चाँहि मुख्यतः विष्णु औ उनका अवतारहरूबारे वर्णन गरेको छ। विल्होजीको झैं यिनले पनि अशुद्ध रूपले प्रयोग गरिएका केही शब्दहरू र काव्यांश-हरू शुद्ध प्रयोग सहित दिएका छन्। यिनका कविताहरूले तत्कालीन समाजसंग सम्बन्धित, विशेषतः नाथ योगीहरूसंग, तिनीहरूको कर्म र तथाकथित साधनाहरू बारे सामग्री प्रदान गर्दछन्। संवाद, जुन चाँहि तिनका लागि प्रिय थिए, केही तीखो र प्रभावशाली छन्। 'हरजस' बाट केही पंक्तिहरूको भावार्थ तल दिइन्छ—

"तिमी ज्ञानको सम्बन्धमा धेरै-धेरै बोल्दछौ, तर तिमी आफै अंधकारमा छौ। तिमीले अरुहरूलाई धर्मको बाटो देखाउँछौ, तर तिमी आफै चाँहि मूर्ख हुन्छौ। तिमी अरुहरूलाई स्वर्गतिर लैजान्छु भनेर घोषणा गर्दछौ जब कि तिमी नर्कभन्दा राम्रो जग्गा पाउन सक्तैनौ। शस्त्रकारले लाखौं तलवारहरूको निर्माण गर्दछ, तर आफ्नो लागि एउटा पनि हुँदैन। मानिसले अरुलाई दूध र दही दिन्छु भनेर स्वाँग पार्दछ तर आफ्नो लागि उसले मात्र विष प्राप्त गर्दछ। केसोदास भन्छन्—तर आफ्नैं हात मा मशाल बोकिहिंड़ेका बेला आफै कुवाँ भित्र खस्यो भने उसले आफैलाई कसरी बचाउन सक्छ?"

सुरजनदासजी पुनिया (1583-1691 ई०) वियानसार नामक गाउँका एक-जना गम्भीर र संतगुण भएका कवि थिए। उनको 'राम रासो', 'गजमोख' तथा 'उषापुराणको' बारेमा हामीले पहिले नै आलोचना गरिसकेका छौं। उनको 'कथा-चेतन', 'चितावणी' र 'धर्मिय री' चाँहि उपदेशात्मक कविताहरू हुन्, जसमा पुनर्जन्मको चक्रबाट मुक्ति पाउनका निम्ति मानिसलाई उत्तम कर्म गर्ने आदेश दिइएको छ। 'कथा हरिगुण' चाँहि बारहट ईसरदासको 'हरिरस' जस्तै छ जसले हरिको गुणको वर्णन गर्दछ। 'कथा औतार' की औ 'कथा प्रसिद्ध' मा जाम्भोजीको कथा संक्षेपमा वर्णन गरिएको छ। 'ज्ञानमहातम' और 'ज्ञानतिलक' रूपक काव्य-हरू हुन् जो राजशेखरको 'त्रिभुवनदीपक प्रबन्ध' जस्तै छ। यसमा शरीरलाई एउटा किल्ला मानिएको छ र यसका विभिन्न अंगलाई मानव-स्वभावको रूपमा प्रस्तुत गरिएको छ। अन्तमा राम्रा अंगहरूले नराम्रा अंगहरूमाथि एकदिन विजय प्राप्त गर्नेछन्। 'भोगल-पुराण' मा भूगोल अथवा जगत्को, सृष्टिको र विनाश तथा दश अवतारहरूको संक्षिप्त विवरण दिइएको छ। अन्य काव्यहरू—जस्तो कि साखी, डिंगल गीत, हरजस, साखी अंग चेतन, दस अवतार दूहा, असमेधजिग रा दूहा, छन्द, कवित्त, कवित्त बावनी, सवैया, इत्यादि मा विभिन्न विषयहरूको बारे-मा विवेचना गरिएको छ।

उनको भाषा चाँहि सरल राजस्थानी छ। उनको काव्यमा मानवको चेतना-

लाई उत्कर्ष तिर लगेर माथिल्लो तह सम्म पुर्‍याउने चेष्टा गरिएको छ। संस्कृति, आदर्श, साधना अनि भाषाको दृष्टिकोणबाट यो अत्यन्त महत्वपूर्ण कृति छ। उनले शृंगारिक बाहेक राजस्थानी काव्यका अरु जम्मै प्रमुख प्रवृत्तिहरूप्रति आफ्नो योगदान प्रस्तुत गरेका छन्। उनले तत्कालीन प्रायः सबै प्रचलित छन्दहरूको प्रयोग गरेका छन् र उनी 17 रौं शताब्दीका प्रतिनिधि कवि भएका छन्। यहाँ उनको 'साखी' बाट केही पंक्तिहरू लिइन्छन् :

"पिता र माता, जो एउटा पक्षीका दुइवटा पखेटा जस्तै हुन्, एक दिन अदृश्य हुन्छन्, जसरी पींधमा छेंड भएको घड़ामा राखिएको अन्न विस्तारै अदृश्य हुन्छ। कसैले उनलाई रहीम भन्दछन् त कसैले राम। यी दुवै नाम एउटै सर्वशक्तिमान ईश्वरको लागि हो। त्यसो भए एउटैको लागि यी दुइवटा नाम किन? कवि, जसले अनेक प्रकारको छन्द र अनेक शैलीले कविता बनाउँछन्, यदि तिनीहरूले ईश्वरको स्तुतिगान गरेनन् भने आफ्नो शक्ति व्यर्थमा खर्च गर्छन्। यदि हामीले आफ्नो जीवन संतहरूको संगतिमा र भगवानको भक्तिमा लगाएनौ भने यो जीवन व्यर्थमा जाने छ। सुरजन भन्छन्—तिनीहरू मात्रै जीवित रहन सक्छन् जसले भगवान को भक्ति गर्दछन्।"

हरजी वणियाल (1688-1770 ई०) को 'साखी'ले मानवमन, यसको स्वभाव र चांचल्य बारे विवेचन गर्दछ र यो निकै नै प्रभावशाली पनि छ। कवि भन्छन्—

"हे साधु, मानिसको मनका धेरै नराम्रा बानीहरू छन्। तिमी यसको भनाइ-तिर नलाग। यो मन अत्यन्त चलाख हुन्छ। तिमीले यसको चारैपट्टि बार लगाएर यसलाई बचाउ। यस भागिहिंड़ने मनलाई बोलाउ, यसलाई हालले समात र यसलाई तिम्रो 'स्व' को किल्लाभित्र बन्द गरेर राख। चारैतिर रक्षकहरूलाई तैनात गर किनकि यो मन अत्यन्त चतुर हुन्छ र भाग्ने अनेक उपायहरू यसले जानेको छ, र यो हावाको झोंका जस्तै फुर्र उड़े र जान पनि सक्छ।"

परमानन्दजी (1693-1788 ई०) 18 रौं शताब्दीका महान संत कविहरू-मध्येका एक थिए। यिनका कविताहरू जम्मा 836 दोहा र 30 वटा कविताहरू 104 प्रसंगमा लेखिएका छन्। ती विषयहरू वा प्रसंगहरूमा केही हुन्—गुरु, साधु, चेतावनी, नामस्मरण, विरह, विनती, कर्म इत्यादि। उनको 'हरजस', 'साखी' र 'विसन अस्तोग' पनि छन्। उनका प्रसंगहरूमा कविको अनुभव र सहानुभूति अनि दर्शन तथा सदाचारिताको चित्रण सरल राजस्थानी भाषामा गरिएको छ। उनका उपमाहरू निकै प्रभावशाली छन्। यहाँ उनका केही पंक्तिहरूको भावार्थ दिइन्छ—

"एक व्यक्तिले अर्को व्यक्तिलाई उसका राम्रा गुणहरू, सुन्दरता र निस्वार्थताको लागि सताउँछ। साँचो प्रेम त्यो हो जुन यी दुइमा कुनैमाथि पनि आधारित हुँदैन।"

"आफ्नो बड़ीबड़ाई गर्नु र अर्काको निन्दा गर्नुतिर तिमी नलाग। प्रत्येक माताले आफ्नो बच्चाको प्रशंसा नै गर्छन् तर यस्तो गुण-बखान माथि कसले विश्वास गर्न सक्छ र?"

"आफ्नो सामर्थ्य अनुसार दान दिनमा तिमी ढीलो नगर र आफ्नो सम्पूर्ण हृदयले ईश्वरको प्रशंसा गर्नमा तिमी ढीलो नगर। यो जीवन फलामको तातो टुक्राबाट ताप उड़े नै फुंग उड़ेर जान्छ।"

हरचन्दजी ढुकिया (1718-1803 ई०) र ऊदोजी अडिग (1761-1816 ई०) ले पौराणिक विषयमा प्रह्लादको कथा जस्तै, कथात्मक कविता लेख्ने प्रणाली फैल्याएका छन्। हरचन्दजीको 'लघुहार प्रह्लादचरित' (172 पदहरू) मुख्यत: 'भागवत पुराणमा' आधारित छ, जुन संवादको शैलीमा रचिएको छ। ऊदोजीको 'प्रह्लादचरित' (348 पदहरू; 'विष्णुचरित' (110 श्लोकहरू) 'कक्का छत्तीसी' (37 पदहरू) 'लूर' र फुटकल पद्यहरूले उनको गहिरो भक्तिभावना, अनुभूतिको गहनता र आध्यात्मिक चिन्तन देखाउँछन्। यी रचनाहरू तिनको क्रमानुसार परम्पराहरू अन्तर्गत महत्वपूर्ण छन्।

दीन सुन्दरजी, रहमतजी, दुर्गादास, रामुखोड, गोकलजी र गोविन्दरामजी यस परम्पराभित्रका केही अन्य संतकविहरू हुन्।

4. जसनाथ जी : जसनाथी सम्प्रदाय

जसनाथजी (1482-1506 ई०) ले 1500 साल तिर जसनाथी सम्प्रदायको स्थापना कटारियासार (बीकानेर) मा गरेका थिए। यो स्थान अहिलेसम्म यस सम्प्रदायको मुख्य पीठस्थान रहिआएको छ। उनका अधिकांश विचार र उपदेशहरू जाम्भोजीका समान छन्। यह सम्प्रदायमा जम्मा 35 वटा सिद्धान्त हरू छन्, जसमा दैनिक हवनविधि पनि सामेल छ। जाम्भोजीले झैं, जसनाथजीले पनि अवतारहरूमाथि विश्वास गर्दछन्। उनले वैष्णवमत र योगलाई स्वीकार गरेका छन्। तर कति मानिसको विश्वास अनुसार, तिनले नाथ-परंपराको अनुसरण गरेका छैनन्। जसनाथीहरूको अग्नि नृत्य अति परिचित छ। जसनाथजीको भाषा र उनको परम्पराका कविहरूको भाषा प्रचलित राजस्थानी हो। जसनाथजीका वाणीहरू प्राय: 50 सबदंहरूले बनिएका छन् जसभित्र 'सिम्भुधाड़ा' र 'कोड़' अनि एउटा सानो काव्य 'गोरखचन्द' पनि परेका छन्। यहाँ जसनाथजीको एउटा सबद दिइन्छ।

"आफ्नो जीवनलाई पवित्र बनाउ। नराम्रो वचन नबोल। यसो गर्नु योगको प्रतीक हो। आफ्नो जीवनको पन्नामा मनको लेखनीद्वारा ईश्वरको स्तुति लेख। तिमी आफ्नो मुखबाट फूलको रसले मिठासयुक्त शब्दहरू निस्कन देउ। गुरुको आदेश पालन गर। गाई, भैंसी भेड़ा बाख्राको हत्या गर्नु कति पाप हो जबकि तिनीहरूले फूलको रसको भण्डार बनाउँछन् र तिमीहरूलाई पिउनको लागि दूध दिन्छन्। यदि मार्नु वा हत्या गर्नुले राम्रो हुन्छ भने तिमी आफ्नै गर्दन किन काट्दैनौ ?"

करमदास, नागौड़का खरडियाँ गाँउका निवासी थिए र यिनले 1603 ई० मा 'हरिकथा' को रचना गरे, जसमा 116 कड़ीहरू छन् (एक कड़ीमा अनेक पद-हरू हुन्छन्)। महाभारतबाट उदाहरणहरू चुनेर, कविले उत्तम कर्म र भक्तिको पावनता, नैतिकताको प्रतिपादन गरेका छन्। दुर्वासाले दुर्योधनलाई मानवीय नियतिबारे यसो भन्छन्—

"आज ईश्वरको नाउँ नै अमर छ। यस बराबरको अरु कुनै नाम छैन। यहाँ सत्य बिना केही पनि शुद्ध छैन र भगवान्को गुणगान बिना कुनै भक्ति छैन। तिनीहरू, जसले आफुलाई भगवानप्रति समर्पित गरेका छन्—निश्चय नै स्वर्गमा रहन्छन्। हे कौरव, तिमी र तिम्रा मानिसहरू मृत्युपछि तिरस्कृत हुने छन् जबकि पवित्र पाण्डवहरू पुनर्जन्मको चक्रदेखि मुक्त हुने छन्।"

देवोजी 1667 ई० मा परलोक भए। 'गुणमाला देषुन्तो', 'नारायण लीला,' 'धरत पुराण', 'सूरजलीला', 'ओडाम्बो' र 'सबद' (संख्यामा 30 वटा छन्) इत्यादि उनका काव्य रचनाहरू हुन्। यी रचनाहरूमा गुरु, परमात्मा, धरतीमाता, भक्ति औ नीतिबारे विवेचना गरिएको छ। यी काव्यहरू प्राय: मौखिक परम्पराबाट लिइएका छन्। यसकारण यसमा लोकप्रिय रुचिहरू देखाइएका छन्। एउटा दोहामा यसो भनिएको छ—

"कोही नहिंड़ेको बाटो, दुष्ट सन्तान, कटुभाषिणी स्त्री, अलछे गोरु र निर्दयी गुरुबाट होशियारीसंग बाँच्नु पर्दछ।"

लालनाथजी (18 औं शताब्दी)-लाई जसनाथी सम्प्रदायका प्रतिनिधि कवि भन्न सकिन्छ। उनका कृतिहरूमा 'जीव समझौतरी', 'वरण विद्या', 'हररस', 'हरि-लीला', 'निकलांग पुराण', 'सूरजस्तोत्र', र केही फुटकल सबदहरू छन्। यिनमा कर्म, ज्ञान, भक्ति, योग, नीति र स्तुति बारे विभिन्न प्रकारले विवेचन गरिएको

छ । निकलांग पुराणमा कल्कि-अवतारको वर्णन गरिएको छ । यहाँ 'समझौतरी' बाट एउटा पदको भावार्थ दिइन्छ—

"युवावस्थाले जुन सबै प्रश्नहरू गर्न सक्छ, त्यो वृद्धावस्थाले सक्तैन । यो एउटा सुकेको काठ झैं हुन्छ जसलाई सीधा पार्न सकिन्दैन ।"

चोखनाथजी (निधन 1783 ई०) का फुटकल पदहरू र सबदहरूमा (जो संख्यामा 15 जति छन्) जसनाथजीको जीव तथा राम र कृष्णका केही लीलाबारे वर्णन गरिएको छ । यसमा कविले मानवीय व्यवहारको पतनशील रूपको उपहास गरेका छन ।

हारोजी सोभोजी सोनी, करमोजी भमुक, पणचोजी र नाथोजी यस सम्प्रदायका अन्य कविहरू भए जसका मुक्तक छन्दहरू र सबदहरूमा मनुष्यको कर्तव्य, दैवी विशेषता (लक्षण) तथा अरु उपदेशहरूबारे विचार गरिएको छ ।

5. हरिदास निरंजनी : निरंजनी सम्प्रदाय

हरिदासलाई निरंजनी सम्प्रदायका प्रवर्तक मानिएको छ । उनको जीवनकाल, जुन 1417 ई० देखि 1645 ई० मिश्र परेको मानिएको छ, विवादास्पद छ । सबै उपलब्ध सामग्रीहरूको जाँच गरिँदा उनको समय 1455 देखि 1543 ई० भित्रको देखिन्छ । उनी ग्राम कापडोड (डिडवाना, नागौरको छेउ) को सांखल वंशका राजपूत थिए । डिडवाना उनको सम्प्रदायको मुख्य पीठस्थान हो । भनिन्छ कि उनी पहिले डाकू थिए र पछि कुनै महात्माको उपदेशले गर्दा उनले 1499 ई० मा संन्यास ग्रहण गरे । उनका काव्यहरूका दुइ संस्करण जोधपुर र जयपुरबाट प्रकाशित भएका छन् । हरिदासका कृतिहरू जस्तै—'ब्यावलो', 'चालीस पदी', 'चौदहपदी', 'पन्द्रतिथि', 'जोग समाधि', 'निरापख मूल जोग', 'ग्रंथ वीर रस', 'हंस प्रयोध', 'ग्रन्थ मन हाथको', तथा केही मुक्तक पदहरू जो पाण्डुलिपिमा उपलब्ध छन् ।[1] यी 1625 ई० तिर लेखिएका हुन् र भर्खरै यिनको आविष्कार गरिएको छ । यस पाण्डुलिपि र अरु मुद्रित कृतिसंग तुलना गर्दा यो कुरो ज्ञात हुन्छ कि हरिदासका जम्मै पदहरू यस पुस्तकमा समावेश गरिएको छैन, अथवा पुस्तकमा दिइएका केही पदहरू हरिदास निरंजनीका आफ्ना पदहरू होइनन्, अथवा पुस्तकको भाषामा सुधार गरिएको छ, अथवा हरिदास नामका दुइजना कविहरू भए होलान् । यी तथ्यहरूलाई अस्वीकार गर्न सकिंदैन । दुवै जना हरिदासका कविताहरू पछिल्ला

1. यो पाण्डुलिपि—श्री राधाकृष्ण नेवटिया, 52 जकरिया स्ट्रीट, कलकत्ता, संग उपलब्ध छ र यसको फोटोस्टाट कापी चाँहि यस लेखकसंग छ ।

पाण्डुलिपिहरूमा जोड़िएका देखापर्छन्, सायद तिनलाई एउटै कवि ठानेर हो। यहाँ एउटा उदाहरण पर्याप्त हुने छ। मुद्रित पुस्तक 'भ्रम विध्वंस जोग ग्रन्थ' (जुन माथि भनिएको पाण्डुलिपिमा दिइएको छैन)-मा बादशाह अकबर र नौरोजको वर्णन यस प्रकारले गरिएको छ कि मानो अकबरको मृत्यु नछि कति समय बिति-सकेको छ। अकबरको मृत्यु 1605 ई० मा भयो र यो सम्भव देखिन्दैन कि यी पद-हरू हरिदास निरंजनीद्वारा रचिएका हुन्। यसका धेरै पदहरू जुन चाँहि अंगहरू-मा विभक्त गरिएका छन्, 1625 ई० अथवा त्यो भन्दा पहिले लेखिएका थिए। जेहोस्, यस विषयमा अझै जाँच गरिने आवश्यकता छ र जबसम्म यसको समीक्षात्मक संस्करण प्राप्त हुँदैन, तबसम्म सावधानी आवश्यक छ।

शुद्ध ब्रह्म वा मायायुक्त ब्रह्मलाई निरंजन भनिएको छ र मात्र निराकार निरंजनको उपासना स्वीकार गरिएको छ। त्यसै कारण, यो नाम भएको हो। हरिदासजीले नाम र जपमाथि पनि जोड़ दिएका छन्। राम निरंजनकै पर्यायवाची नामधारी हुन्। उनका रचनामा योग र प्रेमतत्वको पनि समान महत्व छ। प्रेमद्वारा वासनाको समन हुन्छ, तर यसलाई दमन गरेर हुँदैन। सिद्धि-प्राप्तिको लागि मानसिक अनुशासन आवश्यक छ, जसको निम्ति उनले प्राणसाधना लाई रुचाएका छन्, जुन योग साधनाकै एउटा रूप हो। यसकारण निर्गुण भक्ति र योग आत्म परिचय, आत्मविश्लेशणको एउटा मार्ग हो। उनी अवतारहरू र मूर्तिपूजामा विश्वास गर्दैनन्। तर उनी निकै सहनशील देखिन्छन्, जब उनी भन्छन्—

"न त मन्दिरको परिहार गर, न त्यसको निकट जाउ। बनावटी भगवानलाई पर सारेर साँचो ईश्वरको प्रार्थना प्रवचन गर्नु नै संतहरूको मार्ग हुन्छ।"

विपुल संख्यामा उपलब्ध उनका कृतिहरूमा अनेक अंगहरू र पदहरू समाविष्ट छन् र तिनमा मुक्तक छन्दहरू जस्तै कवित्त, कुण्डलिया र चन्द्रायण इत्यादि पनि छन्।

सत्रौं शताब्दीको अन्तसम्म, मौलिक विचार दर्शन र साधनाको पालन गरियो र प्रचार पनि गरियो, तर 18रौं शताब्दी देखि यता कविहरू वैष्णवहरूको वेदान्त र सगुण भक्तिद्वारा प्रभावित भए। यस प्रकार, यस सम्प्रदायले पछि आफ्नो मौलिक विशेषता गुमायो। मन्दिरहरू बनिए र राम अनि कृष्णको उपासना आरम्भ भयो। माला र तिलक साधुहरूमाझ प्रचलित हुन गए।

हरिदास तथा उनका परम्पराका अन्य कविहरूको भाषा वस्तुतः राजस्थानी होइन तर सरल राजस्थानी, ब्रज र खड़ी बोलीको मिश्रण हो। हामी यस सम्प्रदायका केही प्रमुख कविहरू बारे भन्ने छौं।

राघवदासले, जो दादूपंथका अनुयायी थिए, आफ्नो भक्तमालामा निरंजन

सम्प्रदायका ठूला-ठूला 12 जना महन्तहरूको नाम उल्लेख गरेका छन्। तिनीहरूमा हरिदास पनि एक हुन्। अन्य महन्तहरू हुन्—लपस्यो, जगन्नाथ, श्यामदास, कान्हणदास ध्यानदास, खेम, नाथी, जगजीवन, तुरसीदास, आनदास, पूर्णदास मोहनदास र हरिदास। यिनमा कतिजना चाँहि महान् कविहरू थिए।

तुरसीदास (16रौं शताब्दी) हरिदासका समकालीन थिए। उनी र सेवादास आफ्ना विपुल संख्यामा रचेका कृतिहरूद्वारा प्रसिद्ध भएका छन्। तुरसीका रचनाहरूमा 200 प्रकार र विषयहरूमा बाँड़िएका साखी, पदहरू र मुक्तक छन्दहरू उपलब्ध छन्। निर्गुण भक्ति र निर्गुण निरंजनको उपासनामा विशेष स्वरसहित विभिन्न विषयहरूबारे रचिएका छन्। 1461 संख्यामा प्राप्त पदहरूमा उनका रहस्यमय अनुभवहरू, शान्ति तथा विन्ती औ चेतावनी आदि वर्णन गरिएका छन्। उनका अभिव्यक्ति स्वाभाविक र सरल छन् तथा भाषा पनि सरल छ।

जगजीवनदासलाई हरिदासजीको शिष्य मानिएको छ। उनका काव्यहरू 'चितावणी', 'प्रेमनाम' तथा केही पदहरूमा प्रेम, निरंजन उपासना र केही उपदेशहरू दिइएका छन्।

ध्यानदास (16रौं शताब्दी) को 'गुणमाया सम्वाद', 'गुणादि बोध' र 'चन्द्रायण' जो 100 भन्दा अधिक संख्यामा छन्, उपलब्ध छन्। उनका कविताहरू उपदेशात्मक छन् र भाषा चाँहि राजस्थानीतर्फ गहिरो रूपले ढल्किएको छ।

नरिदास फतेहपुर-शेखावटीका बासिन्दा थिए। उनी हरिदासजीका शिष्य-थिए। प्राय: 1200 को संख्यामा उपलब्ध उनका पदहरू सबै उपदेशात्मक छन् र उनका भावनाहरूलाई एउटा प्रभावशाली शैलीमा चित्रित गरिएको छ।

सेवादास (1640-1741 ई०) का कविताहरूले उनका अनुभवहरू, उपदेशहरू इत्यादिको वर्णन गरेको छ। यिनमा साखी (दोहा) पदहरू र मुक्तक पदहरू छन् जस्तै कुण्डलिया, छप्पय, सवैया अनि चन्द्रायण इत्यादि छन्। संतकाव्यप्रति उनको देन उल्लेखनीय छ।

भगवानदास निरंजन (प्राय: 17रौं शताब्दीको उत्तरार्द्ध तिर) एक विद्वान् एवं कवि थिए। उनका काव्यहरूबाट नै यस सम्प्रदायको मौलिक स्वरूपदेखि मत-भेद आरम्भ हुन्छ। उनी ज्यादा मात्रामा वेदान्त र सगुण भक्तितिर झुकेका थिए। उनका उपलब्ध काव्यहरू हुन्—'अमृतधारा', 'कार्तिक माहात्म्य' (1685 ई० मा रचित), 'गीता माहात्म्य', 'वैराग्यवृन्द', 'जैमिनीअश्वमेध', 'प्रेमपदार्थ',' अध्यात्म रामायण', 'पन्चीकरण', 'सिंहासन बत्तीसी' र केही फुटकल पदहरू। यिनको भाषा सरल र सामान्य छ।

मनोहरदास निरंजनी, भगवानदासका समकालीन र वेदान्तका महान विद्वान् थिए। उनका प्राय: जम्मै कृतिहरूमा वेदान्त तथा यस सम्वन्धी विषयहरूमा विवेचन गरिएको छ। यी कृतिहरू हुन्—'ज्ञानमंजरी', 'वेदान्त परिभाषा', 'शत

प्रश्नोत्तरी', 'सात प्रश्नोत्तरी', 'ज्ञान वचन चूर्णिका', र 'सप्तभूमिका ज्ञानमंजरी।' अन्तिम कृति 1659 ई० मा रचिएको थियो र यी पद्यमा छन् अनि शेष चाँहि गद्य-पद्य मिश्रित चम्पु-शैलीमा छन्।

हरिरामदास (18रौं शताब्दी) एकजना बहुश्रुत विद्वान् थिए। यिनका रचनाहरू पनि काव्यगत सौन्दर्य तथा इतिहासको दृष्टिकोणले महत्वपूर्ण छन्। यी रचनाहरू हुन्—'छन्द रत्नावली', 'परमार्थ सतसई', 'महाराज हरिदासजी की परची' अनि धेरै मुक्तक छन्दहरू। कुण्डलिया उनको प्रिय छन्द हो।

आत्माराम (मृत्यु 1759 ई०)-का मुक्तक पद्यहरू दोहा, झूलणा, चन्द्रायण इत्यादि छन्दहरूमा परम्परागत औ आध्यात्मिक विषयहरूमा विस्तार-सहित विवेचना गरिएको छ।

रघुनाथको एकमात्र उपलब्ध काव्य हो—'स्वामी हरिदासजी की परची', जसको रचना 1773 ई० तिर भएको थियो। यसमा हरिदासजीको जीवनीको वर्णन गरिएको छ।

यस्तै प्रकारले, रूपदासजीको 'सेवादासकी परची' जसको रचना 1775 ई० मा भएको थियो, प्रसिद्ध कवि सेवादासजीको जीवनकथा भनिएको छ।

सन् 1826 ई० मा रचित प्यारेरामजीको (भक्तमाल)ले अनेक संतहरूको विशेषतः निरंजनीहरूको विवरण दिँद छ।

संत सम्प्रदायमा भक्तमाल र परचीहरू महत्वपूर्ण काव्यहरू हुन् जसको ऐतिहासिक मूल्य पनि छ।

स्वामी उदयरामजी (19सौं शताब्दीको उत्तरार्द्ध र 20सौं सदीको आरंभ-मा) को 'सार-संग्रह' पनि अनेक संत-कविहरू विशेषतः निरंजनी संत-कविहरूको रचनाको संग्रह हो। यसमा उनका स्वरचित रचनाहरू पनि छन्। रज्जबजीको 'सरवंगी', जगन्नाथजी को 'गुणगंजनामा' परमानन्ददासको 'पोथी ग्रन्थज्ञान' र नवलराम मंत्रीको 'सरवंगसार को परम्परा' यो पनि एउटा महत्वपूर्ण ग्रन्थ हो।

6. परशुराम देवाचार्य (निम्बार्क सम्प्रदाय)

निम्बार्क सम्प्रदाय सगुण-भक्ति सम्प्रदायहरू मध्येको एउटा अति परिचित-सम्प्रदाय हो, जसको मुख्य पीठस्थान राजस्थानमा सलेमाबाद (परशुरामपुरी)-मा छ। यसको स्थापना हरिव्यास देवाचार्यका शिष्य परशुराम देवाचार्यद्वारा भएको थियो। यिनलाई खण्डेला (वर्तमान सीकर जिल्ला)-देखि 15 माइल टाढ़लको गाँउ ठिकरियाका गुर्जर गौड़ ब्रह्मण मानिएको छ। उनको जीवनकाल अहिलेसम्म पनि विवादको विषय रहेको छ। एउटा दृष्टिकोण अनुसार यो 1393 ई० देखि 1540 ई० सम्म छ, अर्को दृष्टिकोण अनुसार 1543 ई० देखि 1623 ई० सम्म छ। हालसालै उनका रचनाहरूको एउटा संग्रह चार खण्डमा प्रकाशित भएको

छ। यस बारे हामीलाई भनिएको छ कि उनका जम्मै रचनाहरू (केही पदहरू जसलाई वाणी भनिन्छ बाहेक) 1620 ई० मा लेखिएका थिए। पछि, 1780 सालमा लेखिएको एउटा पाण्डुलिपिमा कुनै मनसारामले 'परशुरामसागर' नामक ग्रन्थको सम्पादन गरे जसमा परशुरामदेव रचित 630 पदहरू लगायत प्राचीन पाण्डुलिपि र अन्य कविताहरू पनि परेका छन्। यो चाँहि प्रकाशित कृतिहरूको आधार हो।

परशुरामदेवजीको जीवनकाल-बारे दिइएका दृष्टिकोणहरूको राम्रो जाँच-बुझ गर्न आवश्यक छ। साथै, पाठ समीक्षाका वैज्ञानिक पंक्तिहरूबारे पाठहरूको पुनर्सम्पादन पनि आवश्यक छ जुन सबै उपलब्ध उनका पाण्डुलिपिहरूसंग दँजाएर हेर्न पर्छ। 1654 ई०मा लेखिएको पाण्डुलिपिको भर्खरै आविष्कार गरिएको छ।

परशुरामदेवजीका केही कविताहरू जस्तै 'सम्झनी', 'हिंडोला', 'विप्रमतिसि', पदहरू र साखीहरू पनि प्राप्त भएका छन्। यस पाण्डुलिपिमा दिइएका कविता-हरूसंग मुद्रित पाण्डुलिपिको तुलना गर्दा, यो देखिन्छ कि उनका जम्मै पदहरू मुद्रित प्रतिमा सामेल गनिएका छैनन्। यस अमुद्रित पाण्डुलिपिवाट एउटा पद यहाँ दिइन्छ। यो पनि मुद्रित पाण्डुलिपिमा सामेल गरिएको छ। मुद्रित पाठको भाषा र अमुद्रित पाण्डुलिपिको भाषामा पनि केही अन्तर छ। यहाँ दुढ़ सम्भावना छ कि कुनै अरु कविको रचना सायद जोड़ियो होला, यो 1780 ई० को मनसारामको पाण्डुलिपिमा छ।

उपलब्ध सामग्रीको आलोचनात्मक रूपले जाँच गर्दा परशुरामदेवको जीवन-काललाई 1600 ई० भन्दा पछि लैजान सकिंदैन। निष्कर्ष यही छ कि उनी 16रौं शताब्दीमा अवतरित भएका थिए, अधिक सम्भव छ 1520 देखि 1600 ई०को भित्र।

उनका कृतिहरूमा छन् 2225 वटा साखीहरू, 15 चरित र 3 वटा लीला कविताहरू जो क्रमशः कवित्त, सवैया र दोहा-चौपाई छन्दमा छन्, र प्रायः 600 अरु पदहरू पनि छन्। साखी चाँहि 25 वटा विविध विषयहरूमा जसलाई 'जोडाउ' भन्छन्, लेखिएका छन् जसमा परदेशी प्रीतमको विरह अग्निको, विरहानीको हरिभगतिहीन इत्यादि को बारेमा छन्।

निम्बार्क सम्प्रदायका आचार्य भएको हुनाले परशुरामदेवजी सगुण ईश्वरका भक्त थिए। चरित औ लीला काव्यहरूको सम्बन्धमा अवतारका लीलाहरू, ईश्वर-को प्रतिष्ठा इत्यादि विषयमा व्याख्या र वर्णन गरिएको छ। चरित काव्यहरू, जस्तै, 'दस अवतार', 'रघुनाथ', 'श्रीकृष्ण' र 'प्रह्लाद' तथा लीलाकाव्यहरू जस्तै —'अमरबोध', 'नामनिधि', 'सांचनिषेध', 'निजरूप', 'निर्वाण' र 'हरि लीला', आदि उनका प्रमुख कथात्मक काव्यहरू हुन्। उनका साखीहरू बाहेक, निर्गुणभक्ति बारे विवेचन गर्ने उनका धेरै रचनाहरू पनि बराबरीको महत्व राख्दछन्। साखी-

का मुख्य उल्लेख्य विषयहरू हुन् विरह र प्रेम। साखी र पदहरूले उनको रहस्यमय अनुभवहरूको अभिव्यंजना गर्दछन्। अरु विषयहरू बाहेक उनका अन्य पदहरूमा सगुण र निर्गुण भक्तिबारे विचार गरिएको छ। सीधा-सीधा आत्म-सम्बन्ध र आत्मसमर्पणको प्रेरणा अथवा भावना उनका मुक्तक पदहरूमा उल्लेखयोग्य छन्। उनका कविताहरूमा राम औ कृष्णको साहसिक र करुणामय स्वरूपहरू प्रमुख छन्, जुन चाँहि राजस्थानी इतिहासिक र वीरात्मक काव्यहरूको मुख्य प्रवृत्ति रहेको छ।

नवधा र अन्य पाँच प्रकारका भक्तिका जम्मै विषयहरू, जसमा कान्ता-भक्तिको निर्गुण शैली र रहस्यवाद पनि सामेल छ, परशुरामदेवका पदहरूमा चित्रित गरिएका छन्। सहचारी भावको निकुंज भक्ति र उपासना यस सम्प्रदायका उपासनाको स्वीकृत स्वरूप हो जो एउटा कठिन र गोपनीय कुरो देखाइएको छ। यो महत्वपूर्ण तथ्य छ कि परशुरामदेवजीले यस प्रकारको उपासनालाई आफ्नो नितान्त व्यक्तिगत कुरोको रूपमा राखेका छन्। यस कुरोको उनका कविताहरूमा संकेत दिइएको छैन। उनका केही अभिव्यक्तिहरू यति प्रसिद्ध र गहन भएका छन् कि यी सबै आज राजस्थानीमा प्रचलित उखानहरू हुन गएका छन्। उनको भाषा सामान्य राजस्थानी छ र जसमा यत्र-तत्र ब्रजभाषाका केही शब्दहरू पनि छरिएका पाइन्छन्। उनका कविताहरू सांस्कृतिक र धार्मिक क्षेत्रमा समन्वय, सामंजस्य तथा सह-अस्तित्वको एउटा उदाहरण हुन गएको छ। उनका पदहरू तथा लीला-काव्यहरू विविध संगीत सुरहरूमा गाउँनलाई पनि लेखिएका हुन्। लीलापद्यहरू एक प्रकारका आख्यान काव्य हुन्।

यो पद—"जबलग आपणो मन नहि सोझई। तब लग भगति मुकति काहे खोजई।।" जुन अघि उल्लेख गरिएको छ त्यस बारे व्याख्या यहाँ दिइन्दैछ—

"जब सम्म मनुष्यले आफ्नो हृदय शुद्ध बनाउँदैन तबसम्म भक्ति र मुक्तिको खोजी गर्नु व्यर्थ छ। एउटा मनुष्य जो घर छोड़ेर जंगलतिर गएर बस्तछ, त्यो वास्तविक भक्त हुँदैन। स्वर्गको कामना तथा नर्कदेखि डराउनुको तात्पर्य हुन्छ ईश्वरको चरणकमलमा विश्वासको कमी हुनु। परसा भन्दछन्—मनुष्यले आफ्नो मनलाई आफ्नो उपदेशक बनाउनु पर्दछ अनि ईश्वरानुभूतिको उपाय यही नै हो।"

तत्वज्ञ टीकमदास (16 रौं शताब्दी)-लाई परशुरामदेव आचार्यको शिष्य भनिएको छ। उनको मुख्य पीठस्थान जैताराम (पाली)-मा थियो। त्यहाँ उनले गोपालदुआरा को स्थापना गरे। जहाँ उनका कविताहरूको संग्रह 'तत्ववेत्ताजी की वाणी' अमुद्रित रूपमा सुरक्षित राखिएको कुरो बताएका छन्। अर्को पाण्डुलिपि ग्रन्थको नाम हो 'तत्ववेत्ता रा सवैया' (संख्या 731।1893, ओरियंटल रिसर्च

इन्स्टीट्यूट, उदयपुर)-मा प्राय: 198 छप्पयहरू उपलब्ध छन्। यो निश्चित छैन कि ती दुवै स्वतन्त्र काव्यहरू हुन् वा प्रथम चाँहि दो स्रोमा पनि सामेल गरिएको छ। छप्पयहरूमा ईश्वरको स्तुति गरिएको छ। वाणीमा मुख्यत: उपदेश र उपदेशकहरूमाथि विचार गरिएको छ। यिनको भाषा चाँहि ब्रजमिश्रित राजस्थानी छ।

7. दादू : दादू सम्प्रदाय

दादू (1543-1603 ई०) लाई जातिका धुनिया थिए भन्ने कुरो मानिएको छ। यद्यपि उनको जन्मस्थान अहमदाबाद (गुजरात) थियो, तर उनले आफ्नो साधना कारडाल (जोधपुर)-मा गरे र साम्भर, आमेर, आण्धी आदि उनका साधनाका अन्य स्थलहरू थिए। उनले नरायणामा अंतिम साँस फेरे र उनको अंतिम संस्कार भैराणाको छेउमा भएको थियो।

दादूका वाणीहरूका अनेक संग्रह प्रकाशित भएका छन्। यिनमा प्राय: 2500 साखीहरू (दोहा) छन् जुन विभिन्न अंग (विषय) हरूमा विभाजित छन् र यी अंगहरूमा 445 पदहरू छन्। अझ एउटा काव्य उनको नाममा पाइन्छ जसमा 270 पद्यहरू छन् र यसको नाम हो 'आदिबोध सिद्धांत' ग्रंथ जुन अमुद्रित प्रतिको रूपमा पाइएको छ। यसको रचनाकाल 1625 छ। भनिएको छ कि यो कृति मोहनदास मेवाड़ा (माणगढ़)-को हो जो दादूका एक शिष्य थिए। उनैले आफ्ना गुरुको नाउँमा यो ग्रंथ लेखेका हुन् भन्ने जनश्रुति छ। यो अझ नयाँ अनुसंधानको विषय हो। यस कृतिमा योग र त्रिकाया बारे विवेचन गरिएको छ र यस विषयको यो एउटा महत्वपूर्ण ग्रंथ पनि हो।

अन्य संतहरूको झैं दादूको मूल उद्देश्य थियो आत्मबारे जान्नु र जीवनमुक्ति प्राप्त गर्नु। उनका धेरैजसो साखी र पदहरूमा उनको भगवान प्रतिको गहिरो प्रेम र वियोगको समयलाई रहस्यमय अनुभूतिद्वारा चित्रित गरिएको छ। एउटा सगुण भक्तले झैं उनको भक्तिको चाहना मुक्तिको कामना पनि उनका केही पदहरूमा देखापरेका छन्। तल दिइएका पदहरू अघि भनिएका पाण्डुलिपिमा पाइएका छन् जुन 1625 ई० मा लेखिएको थियो र उनको मुद्रित कृति 'दादूजी की वाणी' (बम्बई, 1904) र श्री दादूवाणी (जयपुर 1969)-मा पनि देखिएका छन्—

> 'भगति माँगौ बाप भगति माँगौ मुनह ताहरा नाम नाउ प्रेम लगाउ।
> दरसन दे दरसन दे हूँ तोउ ताहनि मुकति नाहि माँगो॥'

तर उनको भक्तिको मुख्य तत्व हो निर्गुण ब्रह्मको उपासना। उनको अभिव्यक्ति आकर्षक छ र अन्त रसमय छ। उनको भाषा मुख्यत: राजस्थानी हो जसमा कतै-कतै

पश्चिमी हिन्दी, गुजराती र पंजाबीका पनि केही शब्दहरू पाइन्छन्।

प्राय: 30 वर्षको उमेरमा, दादूले सांभरमा ब्रह्मसम्प्रदायको स्थापना गरे जो पछि उनको नाममा नामकरण गरियो। कालान्तरमा उनको सम्प्रदाय चार शाखा-हरूमा बाँडिए जुन जीवनस्तर, विभिन्न स्थानको रहन-सहन, स्थानीयकरण तथा पोशाक इत्यादिको भिन्नतामाथि आधारित थिए। यी शालाहरूको नाम यस प्रकार छन्—खालसा, नागा, उत्तराढा र विरक्त। तर यी भिन्न-भिन्न शाखामा मूलभूत आधारमा कुनै भिन्नता थिएन।

नारायणका बखनाजी (1553-1623 ई० को छेउछाउ तिर) जन्मले मुसल-मान थिए। यिनी दादू का शिष्य थिए। यिनका साखीहरूमा 40 वटा अंगहरूको वर्गीकरण गरिएको छ, पदहरू संख्यामा 160 छन् र यी सबै अहिले उपलब्ध छन्। उनले आफ्नो दृष्टिकोण र मत दृढ़ बनाउनलाई दादूका पदहरू उद्धृत गरेका छन्। ईश्वरप्रति समर्पण नाम-स्मरण र प्रेमद्वारा त्यस परम-सत्यको अनुभूति नै यिनका वाणीका मुख्य तत्वहरू हुन्। यिनको भाषा राजस्थानी हो जसमा केही बोल-चालका ढूंढाडी शब्दहरू पनि पाइन्छन्।

रज्जबजी (1567-1689 ई०) सांगानेरका पठान थिए। जब उनी विवाह गर्न भनी आमेरतिर गइरहेका थिए उनले दादूका दुइवटा दोहाहरू सुने। उनले तत्कालनै विवाह गर्ने विचार त्यागिदिए र दादूका शिष्यको रूपमा दीक्षा लिए। उनले बढ़ी संख्यामा कविताहरू रचना गरेका छन् जसमा साखी, सवैया, त्रिभंगी, अरिल, कवित्त र 13 वटा साना कविताहरू मुख्यत: चौपाई छन्दमा लेखेका छन्। उनको अनुभूत तथा प्रयोग-सिद्ध ज्ञान तथा अनुभवहरू उनको वाणीमा प्रमुख एवं प्रभावशाली छन्। उनका धेरै शिष्यहरू जस्तै चैनदास, रामदास, खेमदास, र कल्याणदासले उनको व्यक्तित्व; साधना र काव्यप्रतिमा-प्रति आफ्नो प्रेम र सद्भावना प्रकट गरेका छन्। गहिरो भक्तिको अभिव्यंजना भावुकताको गहनता र कुनै तत्वलाई चिह्नित गर्ने उत्तम ढंग उनका रचनाहरूको विशेषता हो। उनको भाषा राजस्थानी हो र कतै-कतै अन्य भाषाका शब्दहरू पनि पाइन्छन्।

रज्जबको 'सूक्ति संग्रह' (पद्यावली) 'सरवंगी' मा प्राय: 65 जना कविहरू आफु लगायत कविताहरूको संग्रह हो जसमा उनीहरूको धर्म र परम्परामा ध्यान राखिएको छैन। यो पुस्तक धेरै अज्ञात र अल्पज्ञात कविहरू अनि तिनीहरूका कविताहरूको निमित्त एउटा प्रामाणिक स्रोत ग्रंथ हो।

सुन्दरदास (द्वितीय) फतेहपुरका दादूका शिष्य र एक जना ठूला सन्त एवं विद्वान् थिए। तर उनका रचनाहरू ब्रजभाषामा छन् र यस सर्वेक्षण को विषयदेखि बाहिर छन्।

डिडवाणाका प्रयागदास जसको रचनाकाल 1598 ई० र 1623 ई० को बीचमा पर्दछ, एक जना प्रख्यात संत कवि भएका छन्। उनका कविताहरू मा

जुन प्राय: 60 वटा साखी र 20 वटा पदहरू छन्, उनको गहन भक्ति र अनुभूति हरू सुव्यक्त सुन्दर शैलीमा चित्रित गरिएका छन् ।

हामीले अघिनै विचार गरिसकेका छौं कि सगुण भक्तिका केही आभास दादूका केही पदहरूमा देखिन्छ । यिनका शिष्य जनगोपाल राहोरी (17रौं शताब्दी को आरम्भ तिर)-का काव्यहरूमा सगुणभक्तिको प्रभाव स्पष्ट रूपले देखिन्छ । उनका कृतिहरू हुन्—'दादू जन्मलीला पराची,' 'ध्रुवचरित्र', 'प्रह्लादचरित्र', 'मोह विवेक सम्वाद', 'जडभारत चरित्र', 'काया प्राण सम्वाद', 'शुक सम्वाद', 'अनन्त लीला', 'बारामासा', 'भेंटके सवैये', 'पदहरू र साखी।' भाषा चाँहि पाय: राजस्थानी नै छ ।

सन्तदास बारहहजारी दादूका शिष्य थिए र फतेहपुर (शेखावटी)मा 1639ई० मा उनको मृत्यु भयो । उनको वाणी जसको नाम 'आलममंत्र' हो, जसमा 5000 साखी (दोहा), 1442 पदहरू, 613 सवैया अनि 3 आरतीहरू छन् । यस ग्रंथको संकलन उनको जीवनकालमा नै 1631 ई० मा उनका शिष्य हरिदासद्वारा गरियो । यिनी शाब्दया शाखाका महन्त थिए । यी कविताहरू संख्यामा 12 हजार अनुष्टुप श्लोकहरूको बराबरी छन्, यसकारण उनी बारहहजारीको नाँउले प्रसिद्ध भएका हुन् । यस उपाधिलाई उनले स्वीकार पनि गरेका थिए । साखीहरूलाई जम्मा 27 अंग (विषय)-हरूमा वर्गीकरण गरिएको छ । ती अंगहरू छन्— गुरु महिमा को, गुरुदेवको, सुमिरनको, विरहको, वेरागीको, पराचीको, इत्यादि । राघवदासले आफ्नो भक्तमालामा यिनको साखी र पदहरूको लागि यिनको प्रशंसा गरेका छन् । उनी त्यस युगका एक महान निर्गुण कवि थिए । उनको 'आलममंत्र' एउटा वृहद्-काव्य विस्तृत औ विद्वतापूर्ण ग्रंथ हो । यसमा दिइएको वर्णन विशद, संवादयुक्त र प्रभावशाली छ । यसको भाषा प्राय: प्रचलित राजस्थानी छ ।

भीखनजी जसको रचनाकाल 1620 र 1630 ई०को मध्य रहेको छ, फतेहपुरका ब्राह्मण (आचार्य) थिए र यी संतदास बारहहजारीका शिष्य थिए । हालसम्म यिनका दुइवटा मात्र काव्यको बारेमा जानकारी पाइएको थियो । ती हुन् —'सरवांग बावनी' र 'नाममाला', जो व्रजमिश्रित राजस्थानीमा गरिएको अमरकोशको अनुवाद हो, जसमा 525 पदहरू छन् र विशेष छन्द चाँहि दोहा हो । तर यस इतिहासका लेखकले निम्नलिखित 5 वटा ग्रंथहरू पनि फेला पारेको छ, ती हुन्—'ध्रूवचरित' (161 दोहा र चौपाई, 1623 मा रचित), 'तिथिपन्द्रह' (76 वटा चौपाई र दोहा सोरठा), 'निरंजन स्तुति' (20 चौपाई) 'त्रिभंगी' र 'कवित्त' (सवैया 19), 'साखी' (6 दोहा) । शैलीको रसमयता तथा भाव अनि विचारको गम्भीरता उनका काव्यका विशेषता हुन् । सगुण भक्तितिर उनको झुकाउ पनि उल्लेनीय छ । भाषा मुख्यत: धाराप्रवाह राजस्थानी र व्रजमिश्रित राजस्थानी छ ।

लालदास, गरीबदासका परंपराका कवि थिए जस 1778 ई० तिर 'नाममाला'

औ 'चितावणी' को रचना गरेका थिए। 'नाममाला' मा दादूका 152 शिष्यहरू-को उल्लेख गरिएको छ।

अर्का कवि वजिन्द पठान थिए र दादूका एकजना शिष्य पनि थिए। अहिले-सम्म उपलब्ध तथ्यहरूको आधारमा यिनको जीवनकाल विशेष निश्चय गर्न सम्भव छैन। यो मोटामोटी तवरमा 1550-1650 ई० भित्र हुनु पर्छ। यिनका धेरै काव्य-हरूमा 135 संख्या भएको 'चन्द्रायण' वा 'अरिल्ल' चाँहि आफ्नो व्यापकताको लागि महत्वपूर्ण र लोकप्रिय छन्। भाव-अभिव्यक्तिको प्रभाव पनि यसमा देखिन्छ। कवि प्राय: भक्तिमय हुन्छन् तर तिनीहरूले आफ्नो यथार्थ जीवनबाट उदाहरणहरू लिएर धर्मोपदेश प्रदान गरेका छन्। यसको उद्देश्य चाँहि मानव जीवनलाई व्याव-हारिक तरीकाले उन्नतशील बनाउनु नै हो। चन्द्रायणका केही पंक्तिहरू अत्यन्त लोकप्रिय भएका छन्। यहाँ दुइवटाको भावार्थ उदाहरणको रूपमा दिइन्छ—

"ती मानिसहरू जसले अहंकारी पगरी लगाउँछन्, जसले उच्च बारादरीबाट हेर्दछन्, जसले भव्य घोड़ामा सवारी गर्दछन्, विशाल सेनाको अगाड़ि दमाहा बजाउँदै नेतृत्व गर्दछन्, सिहको जस्तै जो गर्जिन्छन्, ती सबै एक दिन यस दुनिया-देखि लुप्त हुन्छन्।—वाजिन्द भन्दछन्।"

"ती व्यक्तिहरू जसले मर्यादाको परम्परा नष्ट गर्छन् र पापातिर दुगिरि-हिंड्छन्, जसले आफ्नो सालोलाई भोज खुवाउँछन्, तर आफ्ना पिताहरूको अपमान गर्छन्, जसले आफ्ना पत्नीहरूका पक्ष लिन्छन् तर बहिनीहरूदेखि टाढ़ा रहन्छन् यस्ता जम्मै व्यक्तिहरूले नर्कजाने बाटो पहिल्याउँछन् र पृथ्वीमा उनको लागि कुनै ठाउँ हुँदैन—वाजिन्द भन्दछन्।"

भक्तहरूको जीवनरेखा लेख्न र तिनीहरूको विशेषताहरूबारे उल्लेख गर्नु यी सम्प्रदायहरूका कविहरूमा एउटा परम्परा थियो र यो संतकाव्यमा एउटा उल्लेख-नीय विषय भएको छ।

राघवदासले 1660 ई० मा आफ्नो भक्तमालाको रचना गरे। यसपछि चतरदासले, जो सुन्दरदास (द्वितीय)-का परम्पराका थिए, भक्तमालामाथि 1800 ई० मा पद्यमा टीका (भाष्य) लेखे।

अनन्तदास (17 औं शताब्दीको उत्तरार्द्धमा)-ले व्रजमिश्रित राजस्थानीमा निम्नलिखित संक्षिप्त जीवनीहरू पद्यमा लेखे जो 'पराची' को नाउँले प्रसिद्ध छन्। यी हुन्—नामदेवजी की, कबीरजी की, रैदासजी की, पीपाजी की, अंगदजी की, त्रिलोचनजी की, रंकावंका की, सीउसम्मन की, र धन्ना की। कमती-बेसी यस श्रेणी अंतर्गत नाममाला (नामहरूको माला)-लाई पनि लिन सकिन्छ। मोहनदास, मेवादास, लीलादास, हिरदयराम (सियाणा)-का 'नाममाला' हरू पनि केही यतै

प्रकारका कृतिहरू हुन् ।

रज्जबको 'सरवंगी' को शैलीमा आमेरका जगन्नाथदासले पनि एउटा संकलन 'गुणा गंज नामा' नाँउले तयारी गरेका छन्, जसमित्र अनेक कविहरूका वाणीहरू पनि समावेश गरिएका छन् र यसैले यो महत्वपूर्ण पनि छ ।

गरीबदास, नरायणा गाँउका निवासी कल्याणजी, चड्नजी, खेमयी, (रज्जबका शिष्य) माधौदास (जगजीवनजीका शिष्य) यस सम्प्रदायका अनेक उल्लेखनीय कविहरूमध्येका हुन् ।

8. लालदास : लालपथ अथवा लालदासी सम्प्रदाय

लालदासको जन्म 1540 ई० मा अलवर (राजस्थान)-को निकट ढोलपुरमा भएको थियो । यिनी मेव मुसलमानको एक गरीब परिवारमा जन्मेका थिए । यिनकी आमाको नाँउ समदा र पिताको नाँउ चाँदमल थियो । केही कालपछि यिनले बन्धोली गाँउ (अलवरदेखि 16 माइल पूर्वमा) स्थान परिवर्तन गरे र त्यस समय-देखि विभिन्न स्थानहरूमा घुम्दै-फिर्दै, र केही समय निवास गर्दै व्यतीत गरे । यिनी बसेका ठाऊँहरू टोडी र रसगाण पनि थियो र अन्तमा उनी नागला नामक स्थानमा बसोबास गर्न लागे जहाँ उनले आफ्नो मृत्यु-पर्यन्त अर्थात् 40 वर्ष सम्म निवास गरे । 1648 ई०मा उनको मृत्यु पछि उनलाई त्यहीं निकट शेरपुर (बधेरा)-मा दफन गरियो । यस सम्प्रदायमा यी पाँचवटा स्थानहरूलाई अत्यन्त पवित्र मानिएको छ । उनी गृहस्थ थिए र शारीरिक श्रम गरेर उनले आफ्नो जीवन-निर्वाह गर्थे । उनका पुत्रहरू पहाड़ा र कुतब तथा छोरी सरूपा पनि आफ्नो भक्ति र साधनाको कारणले अतिपरिचित भएका छन् ।

लालदास अफ्नो परोपकारी कार्यहरू र साधनाको कारणले गर्दा शीघ्र नै प्रसिद्ध हुन गए । भनिन्छ कि उनको अघि मानिसहरूको भीड़ लाग्दथ्यो । उनले उपदेश दिन आरम्भ गरे र उनका शिष्यहरूमा हरिदास, डुंगरसी साध, प्राणी साध र भीखन साध थिए जो उच्चकोटिका कविहरू पनि थिए । यद्यपि उनी जन्मले मुसलमान थिए तथापि लालदासले वैष्णव हिन्दू जीवनपद्धतिलाई व्यावहारिक रूपले अंगीकार गरे । उनका शिष्य हरूले पनि जो स्वयंमेव मुसलमान र कति हिन्दू जाति का थिए, यसरी धर्म परिवर्तन गरे । उनको भनाइअनुसार, एक साधु वा तपस्वीले पनि विश्वसनीय कार्य गरेर आफ्नो जीविका कमाउँनु पर्दछ ।

यिनको मृत्युपछि यस सम्प्रदायको नामकरण उनैको नाममा भयो । लालादास जो जन्मत: माली जातिका थिए, लालदासको गद्दीका उत्तराधिकारी भए । यस गद्दीमा महन्तको परम्परा अहिले पनि चलिरहेको छ । राम-स्मरण र कीर्तन यस सम्प्रदायको साधनाको प्रमुख पद्धति हो । लालदासीहरू अधिकतर अलवर तथा यसका छिमेकी अंचलहरूमा छन् ।

लालदासका वाणीहरूको प्राचीन तथा प्रामाणिक पाण्डुलिपि अहिलेसम्म पनि प्राप्त भएको छैन। जे होस्, लालदासका कविताहरूको र केही अरू लालदासी कविहरूको कविता प्राप्य छ जसको संकलन अलवरका (पहिलेको बहादुरपुर)का- एकजना शिक्षक दुलिचन्द द्वारा 1930 ई० मा गरिएको थियो। यस संकलनको आधार हामीलाई भनिएको छ, मौखिक परम्परा र पाण्डुलिपिको संग्रह हो जसको तिथि अज्ञात छ। 700 भन्दा बढ़ी साखी (दोहा) र 400 पदहरू लालजी द्वारा रचिएका हुन भन्ने कुरो यस संकलन मा भनिएको छ। यी जम्मै रचनाहरू वस्तुत: उनकै रचनाहरू होइनन्।

कबीर, परमानन्ददास वणियाळ, काजी महमूद र तुलसीदासद्वारा रचित पंक्तिहरू र राजस्थानी मानिसहरूमा लोकप्रिय केही अज्ञात कविहरूका पदहरूलाई पनि केही परिवर्तन सहित उनैको रचना भनेर दिइएको छ। यस प्रकार यी जम्मै कविताहरू बाहेक पनि, झण्डै 60 वटा पदहरू र 125 वटा साखीहरू निःसन्देह लालदास कै रचनाहरू देखिएका छन्। तिनको मौलिक रूप र भाषामा मौखिक परम्पराले गर्दा केही परिवर्तन अवश्य हुन सक्छ। मूलत: उनको भाषा मेवातीमा बोलिने राजस्थानी हुनु पर्छ जसमा खड़ी बोली र ब्रजको हलुको मिश्रण पनि छ।

'चितावणी' नामक एउटा काव्य रचनालाई विद्वानहरूले लालदास कै रचना भनेर निर्धारित गरेका छन् तर यसको निरीक्षण गर्दा हुँदी, यो दादू-सम्प्रदायका लालदासको कृति भनेर थाहा लागेका छ।

लालदासको रचनाको मुख्य स्वर हो राम-स्मरण, कीर्तन र भक्ति। उनका राम निर्गुण र निराकार छन्। कान्ता भक्तिको शैलीको चित्र उनका पदहरूमा पनि लक्षित गरिएको छ। मन अथवा चेतनामाथि नियंत्रण गर्नु, परिश्रम गरेर जीविकोपार्जन गर्नु, अरुहरूप्रति दयावान हुनु, र यस्तै प्रकार का शिक्षाहरू उनका काव्यहरूको विषय हो। योग-बारे केही भन्न त परै आओस्, उनले भक्ति र ज्ञानको पक्षमा योगलाई निषिद्ध ठहर्‍याएका छन्। उनका साखी र पदहरू विभिन्न सांगीतिक राग-रागिनीमा विभाजन गरिएका छन्। प्रवाह एवं स्वाभाविकता उनका काव्यका विशेषता हुन्। यहाँ उनका तीनवटा साखीहरूको भावार्थ दिइन्छ—

"एउटा साधुले ईश्वरको सेवा गर्नु पर्छ र आँखीभौंबाट पसिना चुहाएर अर्थात् परिश्रम गरेर आफ्नो जीविकोपार्जन गर्नु पर्छ र कहिले पनि उसले भीख माँग्न जानु हुँदैन।"

"यदि तिमी गृहस्थ हुन चाहन्छौ भने परिश्रम गरेर तिमी आफ्नो जीविका कमाउ। भीख माँग्दै हिंड्नु चाँहि निश्चय रूपले नर्क जानु हो।"

"मनुष्य को लागि योगको दैनिक कष्ट सहन गर्नुभन्दा त आगोमा जलेर मर्नु

निको हो। योग त मनुष्यको निमित्त बिना हतियारको निरन्तर लड़ाई गर्नु मात्र हो।"

हरिदास यस सम्प्रदायका एक महान कवि भएका छन् र उनी आपना गुण विविधता, विद्वत्ता र साधनाको कारणले प्रसिद्ध छन्। 1835 सालमा लेखिएको एउटा पाण्डुलिपिमा उनका निम्नलिखित कृतिहरूको उपलब्धिबारे भनिएको छ— ती हुन्—'विवेकगीता', 515 पदहरूमा गीताको सार-संक्षेप, 'सार-संग्रह', 131 पदहरूमा जगतको मूल, सृष्टि, व्याप्ति, विस्तार र लोप, पंचतत्व, अनुभूति इंद्रिय जीव, गर्भमा यसको दशा र जन्मपछि यसको व्यवहार, इत्यादि कुराहरू-माथि विवेचना गरिएको छ। 'आत्म-ध्यान', जोग सम्वाद, जसका 7 अध्यायहरू (जज्ञहरू) 131 पदहरूमा छन् र जसमा ध्यान, जप, हठयोग, पाँच मुद्राहरू, छ चक्रहरू, सर्पशक्ति, प्राणायाम र यसको साधना, जोग ध्यान, पंचतत्वहरू, प्रकृति, स्पर्शइंद्रियहरू, चतुरअवस्था, दसवायु, आत्मविश्लेषणको दिशा तथा जगतको वर्णनबारे लेखिएको छ। यी पद्यहरू लालदास र हरिदासको माँझ वार्तालापको शैलीमा लेखिएको छ। यसै पाण्डुलिपिमा 61 वटा पद्यको हरि दास-प्रेमदास-सम्वाद पनि पाइएको छ जसमा उपासनाको उद्देश्य, राम-कृष्ण र यिनको अवतार, सगुण-निर्गुण प्रेम-भक्ति द्वारा ब्रह्मानुभूति, जगत्को स्वरूप, मन, योग, नाड़ीहरू, आत्मानुभूतिको उपाय-बारे विचार गरिएको छ। यो कृति र यस पछिका अरू तीनवटा कृतिहरूमा चौपाई र दोहा छन्दको प्रयोग गरिएको छ। पाण्डुलिपिमा भजनहरू (335 वटा) छन् जुन मुक्तक पदहरू हुन् जस्तो कि रेखता (24), साखी (दोहा 40) र विविध (10) छन्।

उनका भजनहरू 1930 ई० मा संकलित गरिएको पाण्डुलिपिमा पनि पाइन्छन् जसको उल्लेख अघि गरिएको छ। यी दुवै पाण्डुलिपिहरूमाथि विचार गर्दा, कुल जम्मा 500 भजनहरू देखा पर्दछन्। उनका जम्मै कृतिहरूमा, यी भजनहरूले अत्यधिक लोकप्रियता र प्रसिद्धि पाएका छन्। यी जम्मै भजनहरू कविहृदयका स्वतः प्रेरित र सरल अभिव्यक्तिहरू हुन् र नाम-स्मरण, हरिभक्ति, आत्मसंचार, आत्मानुभूति औ शरणागतिको सम्बन्धमा छन्। यद्यपि यिनले उपन्यासका तीन परम्परागत मार्गहरू (ज्ञान, भक्ति र योग)-लाई महत्व दिएका छन्, तथापि उनको अधिक प्रवृत्ति निर्गुण-भक्ति प्रति देखिन्छ। उनले राम अनि कृष्णको, दशावतार अनि विभिन्न लीलाहरूको पनि वर्णन गरेका छन्। वस्तुतः यिनी निर्गुण र सगुणमा भेद मान्दैनन्। यिनले विभिन्न रुचि र योग्यता भएका मानिसहरूका निम्ति उपासनाका अनेक प्रणालीहरूको उल्लेख गर्दछन्। संत दादूले झैं, यिनको आडम्बर तथा पाखण्ड प्रति दोषारोपण, आलोचना उत्तम र प्रभाव-शाली छ। यिनका कविताहरूमा आफ्नो रहस्यपूर्ण अनुभव र साधनाको पनि

चित्रण गरिएको छ। यी भजनहरूको भाषा ब्रजमिश्रित राजस्थानी हो र कहिले चाँहि यो ब्रजतिर अधिक झुकेको देखिन्छ। प्रायः दुई शताब्दीसम्म तिनको मौखिक परम्परा निरन्तर चलेको कारणले, भाषामा र स्वरूपमा परिवर्तन हुनु असम्भव होइन। सम्वादको भाषा अधिकतर राजस्थानी नै छ र यसकारण यही यिनको प्रमुख भाषा हुन सक्छ। यहाँ उनका दुइवटा साखीहरूको भावार्थ दिइन्छ—

"सगुण र निर्गुणमा भिन्नता कहाँ छ? यो जम्मै उनको (ईश्वरको) रूप-योजना हो। हरिदास भन्दछन्, आत्मानुभूतिको सम्पूर्ण शक्तिले ईश्वर मनुष्यको-मनभित्र छन्, अन्यत्र कतै पनि छैनन्।"

"जब कुनै मनुष्यले आफ्नो हृदय रामप्रति समर्पित गर्दछ, तब शब्द र स्वरूपका सबै भेदहरू अदृश्य हुन जान्छ। हरिदास भन्छन्—रामप्रति आफ्नो पवित्र हृदय लगाउ, ईश्वरलाई पुकार गर र सबै मिथ्या रूपहरू, मिथ्या विचारहरूको त्याग गर।"

डूँगरपुर साध (शेरपुरका निवासी)-ले आफ्ना गुरु लालदासको जीवनी 'श्री लालदास महाराजकी परिचावली', दोहा र चौपाई छन्दमा तयार गरेका छन्। यो ग्रन्थ एउटा कथात्मक काव्य हो जसलाई 39 नुक्ता (लघु अध्याय)-हरूमा विभाजित गरिएको छ। अनि यसमा सरल राजस्थानी भाषामा लेखिएका प्रायः 500 जति पदहरू छन्। यो लालदासजीको एकमात्र पुरानो जीवनी हो। अन्यत्र, पाटनको अर्थ नगर लिएर तथा मूल अर्थ लगाए, उनलाई पटनाका निवासी भनेर पनि वर्णन गरिएको छ।

हरिदासको एउटा भजनबाट यो देखिन्छ कि—सोभन, भीखना, ठाकुरदास र प्राणी साध नामक भक्तहरू उनको जीवनकालमा भएका थिए। प्रायः 40 वटा उपलब्ध पदहरू कवि प्राणी साधको जस्तो देखिन्छ। तिनमा 'हरिभक्ति', 'नाम-स्मरण', 'ईश्वरको प्रतिष्ठापन र' कविता गुरु लालदासको सम्बन्धमा लेखिएका छन्। प्राणीले मात्र निरंजन ब्रह्मको उपासना बारे संस्तुति गरेका छन्।

भीखण साधका 25 वटा पदहरू छन् जस अन्तर्गत 'हरजस' र 'चन्द्रायण' पनि छन्। यी पनि परमात्मा र गुरु लालदासको संस्तुतिमा रचिएका छन् र नाम-स्मरणमाथि अधिक जोड़ दिइएको छ। ती पदहरू ब्रजभाषामिश्रित सरल राजस्थानीमा लेखिएका छन्। एउटा 'चन्द्रायण' यस प्रकार छ—

"आफ्नो भागिहिँड़ने मनलाई नियंत्रित गर र आफ्नो ध्यान परमात्माको गहिरो स्मरण गर्नमा लगाउ। ईश्वरको नाम बिहान-बेलुका सँधै जप गर जस-द्वारा परमानन्दको प्राप्ति हुन्छ। भीखण सद्गुरु लालदाससंग प्रार्थना गर्दछन् कि

उनी उनको सदैव दास रहने छन् र उनका दुर्गुणहरू क्षमा गरिदिउन्।"

सोमन साधका साहित्यिक कृतिहरूमा 40 वटा जति मुक्तक पद्यहरू ('हूरजस', 'रेखता', 'चन्द्रायण' इत्यादि) र एउटा सानो काव्य 'योग्य बखान' छ। यी पदहरूमा जहाँ धार्मिक विषयहरूमाथि विवेचन गरिएको छ त्यहीं बखानमा लालदासको जीवनका प्रमुख घटनाहरूको वर्णन गरिएको छ।

अहलदास (18औं शताब्दी)-का पदहरू जो संख्यामा 20 वटा जति छन्। यी पदहरू आफ्ना भावनाको गम्भीरता सरल आत्मोत्सर्ग र नैतिकताको निम्ति उल्लेखनीय छन्। यिनका कविताहरूको मुख्य स्वरचाँहि 'राम स्मरण' हो। उनको एउटा पद यस प्रकार छ—

"हे परमात्मा, पतितहरूका उद्धारकर्ता! आफ्नो भक्तलाई नीचताको गहिरो खाड़लबाट तानेर माथि निकाल्नु तपाँई कै शक्तिमाथि निर्भर छ। तपाईंको सहायता ध्रुव, नामदेव, अजामिल आदिले सजिलै संग पाए, जसले तपाईंको नामको पहिलो अक्षरको उच्चारण गरेका थिए। यसरी उनीहरूले मोक्ष प्राप्त गरे। हे मेरा सृष्टिकर्ता, तपाईंले मात्र मेरो दुःख मेरो अवस्था बुझ्नु हुन्छ—अहलदाद भन्दछन्।"

ठाकुरदास (ठकुरिया) प्रभु साध, महानन्द, नथु साध, जन कौंरा, बक्सा चाँद साध, मंगली साध, बाजु साध, आदि यस सम्प्रदायका केही अन्य उल्लेखनीय कवि-हरू हुन्। तिनीहरूलाई उनको भजनद्वारा स्मरण गरिन्छ जसमा ईश्वरप्रति विश्वास, गुरु, नाम-स्मरण र जीवनको सरलताको गीत गाइएको छ।

9. चरणदास जी : चरणदासी अथवा शुक-सम्प्रदाय

चरणदासजी तथा उनका दुइ जना स्त्री शिष्याहरू सहजोबाई र दयाबाईका कविताहरू मिश्रित भाषामा, जस्तै खड़ीबोली, व्रज र राजस्थानी भाषामा रचिएका छन्। तिनमा प्रथम दुइ भाषाहरू प्रभावशाली देखिन्छन्। राजस्थानमा धार्मिक साहित्य-प्रति चरणदास जी र उनको सम्प्रदायको देन विशाल छ र यसै कारण यस कृतिमा उनको बारेमा विचार गरिने योग्य छन्।

चरणदासजी (1703-1782 ई०) अलवर (राजस्थान)-का निकट ठहरा गाँउमा जन्मेका थिए। आफ्ना पिता मुरलीधरको मृत्युपछि, उनकी माता कुंजोदेवीले उनलाई सात वर्षको उमेरमा दिल्लीमा आफ्नो परिवारको निकट लिएर गइन्। चरणदासजीले धेरै स्थानहरूको भ्रमण गरे, तर उनको मुख्य पीठ-स्थान चाँहि दिल्ली थियो जहाँ उनले आफ्नो जीवनको अंतिम साँस फेरे।

चरणदासजीले भन्छन् कि उनका गुरु शुकदेव हुन् जो श्रीमद्भागवत पुराणका

पौराणिक कथावाचक हुन् । यिनले 1753 ई० मा एक वैष्णव सम्प्रदायको प्रवर्तन गरे, जसलाई उनले आफ्नो गुरुको र आफ्नो नाममा शुक व चरणदासी सम्प्रदाय भनिएको छ । 'भक्तिसागर' नामक उनका कविता-संग्रहका अनेक संस्करणहरू प्रकाशित भएका छन् । उनका कविताहरूमा यी शीर्षकहरू परेका छन्, जस्तै 'वर्णन' 'ब्रज चरित्र', 'अमरलोकधाम', 'धर्म जहाज', 'अष्टांग योग', 'योग सन्देश सागर', 'ज्ञान स्वरोदय', 'भक्ति पदार्थ', 'ब्रह्मज्ञान', इत्यादि (अंग) 'गुरुदेवको', 'सुमिरणको', 'संत सुरमाको', 'योगको', 'वैराग्यको' इत्यादि (लीला) 'माखन-चोरी', 'मटकी', 'दान', 'काली नाथन', 'अनुराग', 'रास', 'होरी', 'गोपीविरह', 'संभोग', 'वेणी गुन्थन', 'कुरुक्षेत्र', 'नासकेत' इत्यादि र अनेक विविध पदहरू छप्पयहरू इत्यादि ।

चरणदासजीले 'श्रीमद्भागवतपुराण'-लाई यसको समग्रतामा स्वीकार र अनुसरण गर्दछन् । उनले ज्ञान, योग, ध्यान र भक्तिको प्रचार गरे, तर उनको विशेष जोड़ चाँहि नवधा भक्तिप्रति थियो । उनको निमित्त भक्तिको स्थान योगको भन्दा उच्च छ, किनभने यसबिना कुनै पद्धति सफल हुँदैन । परमात्मा अनिवर्चनीय छन्, तर ईश्वरको सगुण र साथै निर्गुणको रूपमा परिभाषा गर्ने प्रचेष्टा गरिएको छ । वस्तुतः ईश्वर दुवै रूपमा र योभन्दा पनि अर्को रूपमा छन् । उनी अवतार-हरूमा पनि विश्वास गर्दछन् । सर्वशक्तिमान ईश्वरको धाम, नाम, रूप, र लीला-हरू सबै शाश्वत छन् । माया ईश्वरकी शक्ति हो र उ परमात्माबाट नै जन्मिएकी हो । परमात्मा स्वयं मायाको रूप धारण गर्छन् । यस प्रकार, यो जगत् ईश्वरको अभिव्यक्ति हो ।

यिनका पदहरूले हृदयको सहजता र भावनाको गहनता प्रस्तुत गर्दछन् ।

सहजोबाईको जन्म धुसार परिवारमा भएको थियो र यिनले 'सहज-प्रकाश' नामक पुस्तक 1743 ई०मा लेखिन् । यो मुख्यतः दोहा, चौपाई, कुण्डलिया र पद-हरूमा छ अनि यसका विषयवस्तु चाँहि गुरुभक्ति, वैराग्य, जीवनको पवित्रता, प्रेम, निर्गुण, सगुण, नाम-स्मरण इत्यादि हुन् । यस रचनामा कवयित्रीको अभि-व्यक्ति स्वाभाविक भएको छ र यसको अनुसरण गर्न पनि सहज नै छ ।

दयाबाईको जन्म पनि ढहरा (अलवर)-मा धुसार परिवारमा भएको थियो । तिनका दुइ काव्यहरू 'दयाबोध'(138 दोहा-चौपाईमा) र 'विनय मालिक' (105 दोहा) उपलब्ध छन् । दयाबाईले प्रेम, अजापा, जाप, वैराग्य, गुरुभक्ति आदि बारे विवेचना गरेकी छन् । 'विनय मालिक' मा ईश्वरमा उनको भक्ति, समर्पण र गहिरो आस्था बारे सुन्दर शैलीमा चित्रण गरिएको छ ।

जोग जीतजी (1687-1783 ई०) को 'लीलासागर', चरणदासजीको एउटा विस्तृत र प्रामाणिक जीवनी हो जसको रचना चरणदास कै जीवनकालमा 1754 ई० र 1762 ई०को बीचमा दोहा-चौपाई छन्दमा भएको हो ।

रागरूपजी (1744-1790 ई०) ले 1772 मा 'मुक्तिमार्ग' नामक काव्यको रचना गरे। यसमा निर्गुण भक्ति र आस्था, समर्पण इत्यादिबारे अनेक काव्यहरू रचिएका छन्। यी कविताहरू बड़ो मर्मस्पर्शी छन् र शुक-सम्प्रदायमा यसको उच्च स्थान छ। उनको 'गुरु-भक्ति-प्रकाश' मा चरणदासजीको जीवन चित्रित गरिएको छ।

नूपाबाई, अखैरामदास जी, मनमोहनदास जी र सरसमाधुरीशरणजी शुक-सम्प्रदायका अन्य उल्लेखनीय रचनाकारहरू हुन्। यस सम्प्रदायका अन्य उल्लेखनीय कविहरूको भाषा राजस्थानी न भएको हुनाले, तिनीहरूको बारेमा यस इतिहास-मा वर्णन गर्नु अप्रासंगिक हुने छ।

10. सन्तदासजी (1642-1749 ई०) : गूदड़ पंथ

हामीले माथि नै भनिसकेका छौं कि सन्तदासजी स्वामी अग्रदासका शिष्य परम्पराको पाँचौं पिढीमा भएका थिए। यिनले गूदड़ (फाटेका लुगाहरू) पहिरने गर्थे, यसैकारण उनलाई र उनको सम्प्रदायका साधुहरूलाई 'गूदड़पन्थी' भनिन्थ्यो। यिनको साधनाको मुख्य पीठस्थान दान्तडा (भीलवाड़ा)-मा थियो। यिनका वाणी-हरू जसमा साखी (दोहा) रेख्ता र पदहरू सामेल छन्, निकै विशाल संख्यामा छन्। यिनका साखीहरूलाई 55 वटा अंगहरूमा विभाजित गरिएको छ र यसको सम्बन्ध निर्गुण-भक्तिसंग छ। यिनले सबै प्रकारका आडम्बर र पाखण्डहरूको खण्डन गरेका छन्, विशेषगरेर साधनाको क्षेत्रमा। सांसारिक वस्तुहरूको क्षण-भंगुरताप्रति ध्यान आकर्षित गर्दै यिनले रामनाम-स्मरण माथि जोड़ दिन्छन् र सन्त एवं सद्गुरुका नैतिकताको अत्यधिक प्रशंसा गर्दछन्। यिनका विचारहरू शाहपुरा शाखाको रामस्नेही सम्प्रदायको आधारमा निर्मित भएका छन्।

यहाँ यो कुरा उल्लेख गरिएको छ कि सन्त-सम्प्रदाय जसबाट रामस्नेहीका चारवटा पंचहरूको एकको-पछि एक गरेर, 18रौं शताब्दीमा रैण, शाहपुरा सिन्थल र खेडापामा प्रवर्तन गरिएको थियो, किनभने चारैवटा सम्प्रदायहरूका नामहरू सामान्य छन्। यस बारे एउटा संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिन्छ।

11. रामचरणजी (रामस्नेही सम्प्रदाय), शाहपुरा

रामचरणजी (1719-1798 ई०) मालपुरा (जयपुर)-को नजिकै गाँउ सोडामा विजावर्गीय वैश्य परिवारमा जमेका थिए। यिनले सन्तदासजी (गूदड़ सम्प्रदाय) का शिष्य दान्तडाका कृपारामबाट दीक्षा लिएका थिए। रामचरणले 1758 ई०मा गूदड़ पोशाकको त्याग गरे र 1760 ई०मा भीलवाडामा आए जहाँ उनले त्यसै वर्ष रामस्नेही सम्प्रदायको स्थापना गरे। भीलवाड़ा र यसको नजिकको कुहाड़ा नामक स्थानमा नौ वर्षसम्म बसेपछि उनी 1769 ई०मा शाहपुरा आए र

1798 ई०मा अंतिम साँस फेरे। यो सम्प्रदाय शाहपुरामा समृद्ध हुँदै गयो, जुन चाँहि यस परम्पराको पीठस्थान भयो। रामचरणजीका 12 जना मुख्य शिष्यहरू भए जसमध्ये नवलराम, रामजन, भगवानदास, रामप्रताप आदि महान् कविहरू भए। केही अन्य शिष्यहरूले विभिन्न स्थानहरू। जस्तै बीकानेर, उदयपुर, कोटा, जोधपुर आदि स्थानहरूमा रामदुआराहरू स्थापित गरे। तिनमा कतिपय परम्पराहरू अहिलेसम्म निरन्तर चलिरहेका छन्।

रामचरणजीका वाणीहरू सर्वप्रथम नवलरामजी-द्वारा संगृहीत गरिएका थिए र बाँकीरहेका र नयाँ रचिएका कविताहरूको संग्रह रामजनजीले गरे। संख्याको दृष्टिले यी वाणीहरू 36 हजार अनुष्टुप श्लोकहरूको भन्दा बढ़ी छन् र विषयवस्तुको दृष्टिले पनि समान महत्वका छन्। यी वाणीहरू जुन पछि 'आमईवाणी'को नामले प्रकाशित भयो, ज्ञान, वैराग्य, योग, भक्ति, सदाचार, नीति, उनका अनुभवहरू र अन्य विषयहरूबारे लेखिएका छन्। उनको जोड़ रामस्मरण र भक्तिमाथि छ। यी कविताहरू उनको हृदयका स्वतः प्रेरित अभिव्यक्तिहरू हुन् र यी अत्यन्त प्रभावशाली छन्। ती सरल, स्वाभाविक र मधुर पनि छन्। यिनको भाषा प्रचलित राजस्थानी छ, र यत्र-तत्र व्रज एवं खड़ी बोलीको मिश्रण पनि पाइन्छ। यो वाणी धार्मिक कार्य र साधना सम्बन्धी एउटा विश्वकोशको रूपमा छ।

यस सम्प्रदायमा अनेक ठूला-ठूला कविहरू भए। तिनमा केही कविहरूबारे यहाँ उल्लेख गरिन्छ।

रामजनजी लडढा (1738-1810 ई०) जो 1767 ई०मा दीक्षित भए, यस गद्दीमा 1798 ई०मा विराजमान हुने दोस्रो आचार्य थिए। यिनको वाणी पदहरूमा छन् र दोहा, झूलणा, छप्पय, कुण्डलिया आदि प्रचलित छन्दहरूमा लेखिएका छन् औ यो निकै ठूलो पनि छ। यिनले अन्य 19 वटा ग्रंथहरूको पनि रचना गरेका छन्। तिनको नाम हो—'उपदेशबोध', 'बालबोध', 'रतनबोध', 'विचार बोध', 'प्रतीति बोध', 'वैरागबोध', 'सुमिरण बोध', 'राम पद्धति' इत्यादि। यी बाहेक उनले 'दृष्टान्त सागर' माथि एउटा 'टीका' पनि लेखेका छन्। उनका रचनाहरू निर्गुण भक्तिबारे लेखिएका छन् र तिनमा मुख्य स्वर चाँहि राम-स्मरण र भक्ति बारे नै छ। काव्यमा काव्य-विन्यास स्पष्ट र मुग्ध पार्ने खालका छन् मूलतः यिनको भाषा सरल राजस्थानी छ।

भगवानदास करवा (1744-1802 ई०) पीपाड़ नामक स्थानका थिए। यिनले भीलवाड़ामा रामचरणजी-द्वारा 1766 ई०मा दीक्षा लिएका थिए। यिनले सुदूर स्थानहरूको यात्रा गरे र राम-भक्तिको प्रचार पनि गरे। यिनले आफ्नो सम्प्रदायमा अति उच्च एवं सम्मानित स्थान प्राप्त गरेका छन्। यिनका 21 जना उल्लेखनीय उच्च शिष्यहरू थिए। यिनका कतिपय शिष्यहरूको परम्परा अझ पनि चलिरहेको छ। उनका वाणी जो 4000 श्लोकहरूको बराबरी छन्, विभिन्न

प्रचलित छन्दहरू (दोहा, चौपाई, अरिल्ल, कवित्त, कुण्डलिया, रेख्ता इत्यादि) मा अभिव्यक्त भएका छन्। यसले सरल राजस्थानी भाषामा जीवनका विभिन्न अंगहरू, विशेषत: आध्यात्मिक जीवन को चित्रण गरेको छ जसमा राम-स्मरण र भक्तिको प्रचार गरिएको छ। यिनका दुइवटा श्लोकहरू यस प्रकार छन्—

"आफुलाई ईश्वरको ध्यानमा लगाउ, यसले सबै इच्छाहरू अदृश्य गर्नमा सफलता दिँदछ। ईश्वरको नाम दिन-रात जपने गर र अरु सबै आशाहरू त्यागिदेउ।"

"मेरो शिरमाथि राम, परमात्मा विराजमान छन्। उनको स्मरण गर र उनको नामको जप गर—भगवान दास भन्दछन्।"

नवलराम मन्त्री जो भीलवाड़ाका थिए, रामचरणजीका तीन प्रमुख गृहस्थ शिष्यहरूमध्येका एक थिए। यिनले आफ्ना परिवारसहित 1760 ई०को केहीपछि दीक्षा लिएका थिए। यिनले नै प्रथम पल्ट आफ्ना गुरुका वाणीहरूको संग्रह गरेका थिए। यिनको 1785 ई०मा भीलवाड़ामा देहान्त भयो। यिनको आफ्नै कविताहरूको संग्रहको नाम हो 'नवलसागर'। यी कविताहरू रामभक्ति-बारे, उपदेश र शिक्षाहरू-बारे, उनका अनुभूतिहरू र समर्पण-बारे लेखिएका छन्। सरल एवं माधुर्यपूर्ण राजस्थानी भाषामा उनले रचनाहरू गरेका छन्।

'सरवंगसर', यिनको अर्को महत्वपूर्ण कृति हो। यसमा 85 जना कविहरूको कविता संकलन गरिएको छ, जसमा जाति र धर्म, विचार र साधनाको ध्यान राखिएको छैन। गोरखनाथ, नामदेव, कबीर, अग्रदास, नरसी, पीपा, रैदास, दादू, मीराँ, मतिसुन्दर र मलूक जस्ता सुप्रसिद्ध कविहरूका रचनाहरू यसमा छन्। अर्कोतिर काजी महमूद, समन, कालू, घाटमदास, द्वारकादास, पेमदास, बोहिथदास, बालकराम, मुरलीराम, माधउदास, वेणी, पृथ्वीनाथ-जस्ता अल्प-प्रचलित कविहरूका रचनाहरू पनि यस ग्रंथमा परेका छन्। अझै अरु कविहरूको पनि—जस्तै चेतन, जैरामदास, जैमल, भीष्व, मण्डण, मोतीराम, मुकन्द र सोम जसको बारेमा केही जानकारी छैन। कविताहरूको बीचमा उनले 'भागवतपुराण', 'जैन सुभाषितावली', 'गीता', 'शिवपुराण हनुमान नाटक', 'अध्यात्म रामायण', 'महाभारत', 'प्रबोध चन्द्रोदय', 'हितोपदेश' र 'नीतिशतक बाट' उद्धरणहरू दिएका छन्। यी बाहेक राजस्थानी र हिन्दीका प्रचलित पुस्तकहरू, जस्तै 'भक्तमाल', 'विचारमाल', 'रामचरितमानस', 'कवित्तमाल', 'स्नेहलीला', 'नाटक समयासार', 'हरचन्द सतग्रन्थ', 'धर्म सम्वाद' र 'ज्ञान तिलक' इत्यादिबाट पनि उद्धरणहरू लिइएका छन्। यसबाट उनको गहिरो अन्तर्दृष्टि, विस्तृत अध्ययन र विस्तृत ज्ञानको पत्तो लाग्दछ। यो कृति एक अद्वितीय संग्रह हो जो साहित्यको इतिहासको लागि

अत्यन्त उपयोगी छ र कतिपय अज्ञात र अल्प-ज्ञात कविहरूका कविताहरूको नमूना प्रदान गर्ने एक मात्र स्रोत पनि यही हो।

यहाँ 'नवलरामका' दुइवटा साखीहरू दिइन्छ—

"तिमी परमात्माको स्मरणमा अथवा सद्‌गुरुको संगतिमा आनन्द प्राप्त गर। नवल भन्छन्—तिमी आफुलाई सबै कुराहरूबाट अलग राख र सांसारिक व्यापार-मा आफुलाई न अल्झाउ।"

"जब दुर्दिन आउँदछ, भूमि, गृह र सम्पत्ति सबै नष्ट हुन्छन्, जसरी भए पनि रामको नाम अंतिम सास सम्म जप्दै गर, नवल भन्छन्।"

रामप्रताप (मृत्यु 1800ई०) ले विभिन्न छन्दहरूमा प्रचुर संख्यामा कविताहरूको रचना गरेका छन् र एघारवटा स-साना पुस्तकहरू 'निरूपण' शीर्षकले लेखेका छन्। तिनका नाम यसरी छ—'गुरु महिमा'; 'गुरुमहिमा सार', 'गुरुसम्पत्ति', 'सुमिरणसार', 'भक्ति', 'कक्का काया करणी सार', 'दृष्टान्त विचार गूढ़' र 'कक्का बत्तीसी'। यिनको भाषा व्रजमिश्रित सरल राजस्थानी छ। यिनका काव्यमा वैराग्य र रामभक्तिको स्वर प्रमुख छ।

दुलहाइराम (1749-1824 ई०) ले, जो 1810 ई०मा आचार्य बनाइएका थिए, अनेक वाणीहरूको रचना गरे जुन 14 हजार श्लोकहरूको बराबरी छन्। यी वाणीहरूमा 'साखी' (2945 दोहा), 'चन्द्रायण', 'झूलणा', 'कवित्त', 'सवैया' 'कुण्डलिया' इत्यादि समावेश भएका छन्। उनले परम्परागत विषयहरूमाथि सरल पद्धतिले विवेचना गरेका छन् र संग-संगै रामभक्ति-माथि निरन्तर स्वर दिइरहेका छन्।

मुरलीराम (1745-1800 ई०) नवलराम द्वारा अत्यधिक प्रभावित थिए। यिनले रामचरणजीबाट 1768 ई०मा दीक्षा लिए र बहुसंख्यामा मुक्तक पदहरू लेखे, अनि साथै नौवटा ससाना पुस्तकहरू पनि लेखे, जस्तै—'चेतावनीसार बोध', 'अमृतसार बोध', 'नाण्वयोग', 'वैष्णवसार बोध', 'गृहस्थमार बोध', 'गुरु महिमा स्तुति', 'साध पारख्या' इत्यादि र यी विविध विषयहरूमा र निर्गुण भक्तिको सम्बन्धमा लेखिएका छन्। यसमा कविको अनुभूतिको गहनता र अभिव्यक्तिको माधुर्य यिनका कृतिहरूको मुख्य विशेषता हो।

जगन्नाथ सोनी 1824 ई० सम्म जीवित थिए। यिनका उपलब्ध रचनाहरू हुन्—'जथार्थबोध', 'निर्गुण विचारधारा' माथि, 'फूल ढोल समाधि' (जो शाहपुरामा प्रत्येक फागुनमा हुने फूल मेलामा आधारित छ) 'ब्रह्मसमाधिलीन जोग', 'गुरुलीला विलास' (यी दुवैमा रामचरणजीको कथा भनिएको छ) 'चौरासी बोल' (84 उपदेशहरूको सूची) र 'बिनताछिनबोध' (विनताबोध) जसमा विभिन्न प्रकारका

स्त्रीहरूको प्रवृत्ति, व्यवहार र कर्महरू-बारे विवेचना गरिएको छ। यी कविताहरू प्रचलित राजस्थानीमा लेखिएका छन्। यहा विनताबोधबाट, सती बारे एउटा उदाहरणले बताउँ छ कि यी क्रान्तिकारी र मौलिक छन्—

"सतीहरू आफ्ना पतिका शवसंगै जलेर मर्दछन्, यति आशा गर्दै कि मरेपछि फेरि उही नै उसको पति होउन्। यसले मात्र सांसारिक यश दिन्छ, तर यसले जन्म व मरणको चक्रलाई नष्ट गर्दैन। तिनीहरू आफैलाई जलाए सबैका माता बन्दछन् र तिनका आत्मीयहरूले र उपासकहरूले तिनीहरूको अस्थि जन्मा गर्छन् औ तिनको स्तुति गाउँदछन्। र पनि यो त्याग त्यति महत्वपूर्ण हुने छैन यदि हरिभजनसंग यसलाई गरिएको 'छैन भने'। यो जीवन ईश्वरानुभूतिको रूपमा बहुमूल्य र अमूल्य छ। यसलाई खरानीमा किन परिवर्तित गर्नु?—जगन्नाथ भन्द छन्।"

सरूपाबाई नवलरामजीकी पुत्री थिइन्। भनिन्छ कि आफ्ना सासु-ससुराद्वारा भक्तिमा विरोध गरेको हुँदा यिनले घर छाड़िन् र शाहपुरामा रामचरणजीबाट दीक्षा लिएकी थिइन्। रामचरणजीको 1798 ई०मा निधन हुँदा यिनी त्यहीं आश्रममा थिइन्। यिनले भक्तिका पदहरूको रचना गरेकी छन् जसमा उनको हृदयको पावनताको अभिव्यक्ति भएको छ। काव्यको भाषा पनि सरल राजस्थानी छ। उनको **मरसिया** पदबाट केही पंक्तिहरू यहाँ दिइन्छ—यो काव्य उनले आफ्ना गुरु रामचरणजीको निधनको शोकमा रचेकी थिइन्—

"हे सखी, हाम्रा गुरु हामीलाई छाड़ेर जानु भयो। यो शोक हाम्रो लागि असह्य छ। म जम्मै कष्टहरू सहन गर्न तयार छु, तर यो चाँहि मेरो सहनशक्तिदेखि बाहिर छ। अब रामचरणजी जस्ता सद्गुरु पाउनु के सम्भव छ होला? मेरा पिता नवलरामजीको स्वर्गलोकमा जाने कुरा म सहन गर्न सक्छु, तर गुरुजीको वियोगको दु:ख यति गहिरो छ कि जसको वर्णन गर्ने मेरामा शब्दहरू छैनन्। सरूपा, जो गुरुकी दासी हो, आफ्नो यस शोकमा यति गहिरो रूपले डूबेकी छन् कि आफ्नो शोकलाई शब्दमा वर्णन गर्न पनि असमर्थ छु।"

संग्रामदास (18औं शताब्दीको उत्तरार्द्धतिर) माथि उल्लिखित मुरलीरामजीका शिष्य थिए। उनको उपलब्ध झण्डै 115 वटा जति 'कुण्डलियाहरू' छन् जुन भक्ति, नीति, उपदेश इत्यादिबारे लेखिएका छन्। यिनको लेखाई सादा र केही कलात्मकता नभएको छ र यसमा प्रचलित उपमाहरू र कथनहरूको उपयोग गरिएको छ। भाषा चाँहि परिष्कृत र प्रचलित राजस्थानी छ। उनको एउटा कुण्डलिया यस प्रकार छ—

"हे मेरा मित्र, मेरो पुकार सुन, संग्राम भन्छन्—ईश्वरको उपासना कुन प्रकारले गर्नु ? म दुइजना भयंकर शत्रुहरूको चेपारोमा परेको छु। ती को हुन् ? यिनले सोधे—दिवाको निन्दा र रात्रिको निद्रा। यिनको दुष्ट प्रभावमा मैले आफ्नो सर्वस्व गुमाएँको छु। यस कारण संग्राम भन्छन्, मैले कसरी र कहिले ईश्वरको उपासना गर्नु ?"

मुक्तारामले, जो भगवानदासका चेला थिए, धेरै भ्रमण गरेपछि बीकानेरमा आफ्नो निवास-स्थान बनाए। उनी आफ्ना साधना र भक्तिको कारणले परिचित थिए र 1815 ई०मा उनको मृत्यु भयो। उनका 'वाणीहरू' 14 हजारभन्दा बढ़ी श्लोकहरूको बराबर छ, जसमा 20 वटा कविताहरू छन्, जस्तै—'गुरु स्तुति', 'नाम प्रताप', 'कक्का बत्तीसी', 'भक्ति महिमा', 'चितावणी', 'ज्ञानप्रकाश', 'मानचरित', 'भक्ति विरुदावलि', 'विचारबोध', र 'गुरु उपकार'। 'वाणीमा' ज्ञान भक्ति उपदेश नीति र सम्बन्धित विषयहरूमाथि विवेचना गरिएको छ। अभिव्यक्ति गहन र प्रभावकारी छन् र यी सबै सरल राजस्थानीमा लेखिएका छन्। यह परम्पराका केही अन्य उल्लेखनीय कविहरू हुन्—देवदास (1787 ई०मा मृत्यु), सूरतदास (1818 ई०मा मृत्यु), रामवल्लभ (1813 ई०मा मृत्यु), पोखरदास (1815 ई०) मा मृत्यु र मनोरथदासराम (19 सौं शताब्दीको पूर्वार्द्ध तिर)।

12. दरियावजी : रामस्नेही सम्प्रदाय, रैण

प्रेमदासजी (1662-1762 ई०) खिन्यासार गाँउ (बीकानेर)का थिए। यिनले सन्तदासजी गूदड़पंथी बाट 1689 ई०मा दीक्षा लिए। यो कुरो एक पक्षले भन्छ। तर अर्को पक्षको मत अनुसार—सन्तदासजीका चेला बालकदासबाट उनले दीक्षा लिएका थिए। यिनका उपलब्ध वाणीहरू दोहा र चौपाईमा छन् र सरल राजस्थानीमा लेखिएका छन्। गहिरो भक्ति-संग 'राम-स्मरण' नै यिनको वाणीको मुख्य स्वर हो। यिनका दुइवटा दोहाहरूको भावार्थ यस प्रकार छ—

"ईश्वरको नामको जप निरन्तर र मनमनमा कसैले नसुन्नेगरी गर। यदि सुनाएर गर्‍यौ भने यो आध्यात्मिक दुरुपयोग हुने छ। भूँईमा तल गहिरो खनेर लगाएको बिजन मात्र उम्रन्छ र बढ़द छ, माथि तहमा छरिएका बिजनहरू चरा र पशुहरूले खाइदिन्छन्।"

"अन्यद्वारा गरिएको आलोचना, यदि त्यसमा ध्यान दियौ भने, खेतबाट जंगली घाँसहरू सफा गरेको जस्तो हुन्छ। प्रेमजी भन्छन्—यस प्रकारको सफाईले अन्नको फसल अवश्य समृद्ध बनाइदिन्छ।"

दरियावजी (1676-1758 ई०) जैताराणमा पैदा भएका थिए र आफ्ना पिताको मृत्युपछि सात वर्षको उमेरमा तिनी रेण (नागौर)-मा निवास गर्न आए। उनी 1712 ई०मा प्रेमदासजीको शिष्यको रूपमा दीक्षित भए। उनको साधना-को स्थल रैण थियो, जुन चाँहि उनका सम्प्रदायको मुख्य 'पीठ' स्थान पनि हो। उनका उपलब्ध वाणीहरूमा 412 वटा साखी (दोहाहरू) र झण्डै 30 वटा जति पदहरू पनि छन्। साखीहरूलाई अंगमा वर्गीकृत गरिएको छ, जस्तै—सतगुरुको अंग, सुमिरनको अंग, विरहको अंग, सुरातनको अंग, इत्यादि। उनका वाणीले उनको भक्तिमय साधना, रामप्रति गहिरो आस्था र रामनाम स्मरण तथा कविका रहस्यमय अनुभूतिहरू स्पष्ट गराउँछन्। यिनले ऐक्य, समन्यव र उनको सहृदयता-पूर्ण चित्तवृत्ति देखाउँछन्। उनी निर्गुण-निराकार ब्रह्मका उपासक भएता पनि सगुण र साकार ईश्वर प्रति पनि समानरूपले उदार छन्। उनको भाषा सरल राजस्थानी छ र उनको भाव अभिव्यंजना जीवन्त र मिठासपूर्ण छ। यहाँ उनका तीन वटा साखीहरूको अर्थ दिइन्छ—

"त्यस अस्थिर चित्त भएको छेपारो जस्तो व्यक्तिको के मूल्य छ जसले आफ्नो पखेटा संगसंगै आफ्नो शरीरको रंग पनि घरि-घरि बदलिन्छ। भक्त दरिया भन्दछन्—बरू एउटा बतख त्योभन्दा ज्यादा उपयोगी हुन्छ, किनभने यसले आफ्नो जम्मै पखेटाहरूको रंग संधैं एकै किसिमको र स्थिर राख्दछ।"

"एउटा हठी व्यक्तिले सत्यलाई रुचाउँदैन, जस्तो कि एउटा उल्लूले सूर्य उदाएपछि दिनको प्रकाशलाई चिन्न सक्दैन।"

"कसको स्तुति गर्नु र कसलाई अनादर गर्नु? यी दुवै पक्ष समान रूपले गंभीर छन्। निर्गुण मेरा पिता हुन् र सगुण मेरी माता हुन्।"

भनिन्छ कि दरियावजी का 81 जना मुख्य शिष्यहरू थिए जसमा 9 जना स्त्रीहरू पनि थिएर यी जम्मै-मध्ये किसनदास, सुखराम, हरखराय, पूरनदास तथा नानक अत्यन्त उल्लेखनीय थिए।

पूरणदास (1678-1735 ई०) रैण का निवासी थिए र 1715 ई०मा दरियावजीका चेला भए। उनले आफ्नो शेष जीवनको अधिक भाग रैण स्थानमा साधना गर्दै व्यतीत गरे। उनका कविताहरू रामभक्ति तथा भगवानको नाम-साधना विषयक छन्। यी सबै दुइवटा पुस्तकहरू 'ब्रह्मप्रकाश' र 'ब्रह्मविलास' मा संग्रहीत छन् तथा यिनमा वाणीका विभिन्न अंगहरू पनि समाविष्ट छन्।

किसनदास (1688-1768 ई०) रैण (नागौर) को नजिकै ग्राम टुंकलाका निवासी थिए र यिनले 1716 ई०मा दीक्षा लिए। भनिन्छ कि यिनले प्रचलित छंदहरूमा अनेक कविताहरू रचेका थिए र 19 वटा कविताहरू यस प्रकार छन्—

'गुरु महिमा', 'भक्तमाल', 'चानकबोध', 'निर्भयध्यान', 'ज्ञान उदास', 'सुमिरन ध्यान', 'चितावणी', 'समरथ बोध' र 'अचलबोध' सरल राजस्थानी भाषामा रचिएका यिनका कविताहरूले गुरु तथा रामप्रति कविको दृढ़ आस्था स्पष्ट गराउँछन् ।

यिनका दुइवटा साक्षीहरूको भाव यस प्रकार छन्—

"काठका दुइ टुक्राहरूलाई त्यसै घस्दा हुँदी त्यसबाट आगो निस्कन्छ, दूधलाई मथ्दा हुँदी मक्खन निस्कन्छ, रामको नाम हृदयले जपिरहँदा जीवले ब्रह्मको मर्यादा प्राप्त गर्दछ—कवि किसनदास भन्छन् ।"

"हे कृष्ण, तिमी किन भयभीत हुन्छौ ? तिमीलाई गुरुको सहारा छ । उनले तिमीलाई परब्रह्मसंग मिलाइदिन्छन् ।"

नानकदास, आफ्नो भक्ति र साधनाको कारणले प्रसिद्ध भए । यिनी 1717 ई०को समयमा जीवित थिए । यिनको लघुकविता 'गुरुमहिमा', साखी तथा पदहरू ईश्वर तथा गुरुको महिमा-गानको रूपमा रचिएका छन् ।

मनसाराम मोडाणी ग्राम संजुका निवासी थिए । यिनी दरियावजीका 72 जना शिष्यहरूमध्येका एक जना शिष्य थिए । यिनका वाणीहरू नाम साधना, साधुको विशेषता, जीवनको क्षणभंगुरता इत्यादिबारे लेखिएका छन् । एउटा कुंडलियामा यिनी भन्दछन्—

"हर व्यक्तिले आफुलाई साधु भन्छ, तर वास्तविक साधु विरलै होलान् । मनुष्य, जसले आफुलाई लोभ अहंकार र उच्छृंखलताबाट निर्मल बनाउँछ, त्यसलाई नै साँचो साधु भन्न सकिन्छ । यस्तो साधुले आफ्नो मोक्षको निमित्त कर्म गर्दछ, सबै मिथ्या आचरणहरूको परित्याग गरेर एकमात्र ब्रह्मको उपासना गर्दछ । जस्तै बादलले झैं वर्षा गर्दछ र उसलाई सम्पर्कमा आउने सबैलाई उसले शीतलता र आराम ल्याइदिन्छ ।"

सुखरामदास लुहार (1701-1765 ई०)—हरसुर ग्रामका निवासी थिए । यिनले 15 वटा कविताहरू रचेका छन्, ती हुन्—'भक्त वंशावली', 'चिन्तामणि', 'चानकबोध', 'भरमतोड़', 'विचार बोध', 'ज्ञान दीपक', 'ज्ञानसार', 'आत्मबोध', 'अणमई बोध', 'विकार मीसाणी', 'ध्यान मूल' इत्यादि । यी बाहेक यिनले फुटकल पदहरू, दोहा, रेख्ता तथा चन्द्रायण छन्दमा लेखेका छन् । यिनका पद्यहरूमा निर्गुण भक्ति सम्बन्धित विषयहरूमाथि विवेचना गरिएको छ जुन परिपक्व तथा मर्मस्पर्शी छन् ।

हरखाराम (1746-1804 ई०) नागौरका बासिंदा थिए। यिनलाई दरियावजी पछि रैण गद्दीका आचार्य बनाइयो र आफ्नो रहणी अर्थात् धार्मिक एवं पवित्र आचरणको कारणले प्रसिद्ध भएका छन्। अनेक फुटकल पदहरू समेत यिनले 17 वटा कविताहरूको रचना गरेका छन्। तिनको नाम यस प्रकार छ— 'गुरु महिमा', 'गर्भ चितावणी', 'भक्तिमाल', 'शब्दभेद नीसाणी', 'नाम नीसाणी', 'करुणा सागर', 'भ्रम विध्वंस', 'भ्रमतोड़', 'अजामिलकी पराची', 'नारायण लीला', 'ज्ञान-समुद्र' इत्यादि। यिनले परब्रह्मको सगुण र निर्गुण रूपको विवेचन गरेका छन्। तर यिनी सगुण-तर्फ अधिक झुकेका देखिन्छन्। ईश्वरका प्रशंसात्मक गुणहरू तथा भक्तहरूप्रति उनको स्नेह-सम्बन्धमा यिनको वर्णन बड़ो मर्मस्पर्शी र प्रभावकारी छ।

सावंतरामजी (1733-1806 ई०) नानक रामजीका शिष्य थिए। यिनी आफ्नो वाणीको कारणले उल्लेखनीय छन्। यी वाणीहरू प्रायः 5 हजार श्लोकहरूको बराबर छन्। यसमा लीलाग्रन्थ—3 वटा, प्रसंग—7 वटा, हरजस—42, साखी (दोहा) 1010 र अनेक फुटकल पदहरू छन्। यिनको मानव अवस्थाको सुधार वा समुन्नति, सांसारिक आचरणहरूको उदात्तीकरण, राम-स्मरण तथा सादगीप्रति बल इत्यादि इनका काव्यमा उल्लेखनीय छन्। यहाँ यिनको एउटा साखी दिइन्छ—

"सावधान, हे सावंत, जो भक्त छन्, तिमी आफ्नो प्रेम सर्वशक्तिमान ईश्वरतिर लगाउ। उनको यो मानवस्वरूप जो पूजनीय छ, संधैभरि उपलब्ध हुंदैन।"

आमाबाई (अम्माबाई) (1771-1853 ई०) डिडवाणाकी थिइन्। यिनले दरियावजीका शिष्य तेमदासजीबाट 1790 ई०मा दीक्षा ग्रहण गरेकी थिइन्। यिनका काव्य-अन्तर्गत 'गुरु महिमा', 'शिष्य सम्प्रदाय', 'कक्का बत्तीसी' तथा केही मुक्तक छन्द र पदहरू परेका छन्। यिनका कविताहरूमा गुरु, राम तथा संतहरूको स्तुति, धर्मोपदेश इत्यादिलाई सरल शैलीमा प्रस्तुत गरिएको छ। उनको एउटा चन्द्रायणले यसो भन्छ—

"मेरो वृद्ध अवस्था टाउकामाथि आइपुगेको छ। आँखाको चंचलता निमिसकेको छ र पनि मनुष्यले शारीरिक बन्धनलाई तोड्नु पर्छ भन्ने कुरो अनुभूति गर्दैन। तिमी शरीर प्रतिको आकर्षण छोड़िदेउ र त्यस सर्वशक्तिमानको ज्ञान प्राप्त गर्ने चेष्टा गर, सन्तहरूले भन्छन्। भक्तिनी अम्मा मानवजातिलाई भगवानको नाम-स्मरण गर्ने अनुरोध गर्छिन् र जम्मै दुष्प्रवृत्ति हरूको त्याग गर्ने बिन्ती गर्छिन्।"

चतुरदास, तेमदास, हरिदास, बुधाराम, मदाराम, खेताराम, शिवकरण र दयाराम यस सम्प्रदायका अन्य उल्लेखनीय कविहरू भएका छन् ।

13. हरिरामदासजी : रामस्नेही सम्प्रदाय, सिन्थल (सिन्थळ)

जैमलदास, ग्राम सांवतसर बीकानेर, (मोसुदासरको नजिकै)-का एकजना गृहस्थ एवं बढ़ई मिस्त्री थिए। यिनले 1683 ई० र 1688 ई०को बीचमा कोडमदेसारका वैष्णव महन्त चरणदासजीबाट दीक्षा ग्रहण गरेका थिए। यिनी पहिले दुलकासरमा बसे र त्यसपछि रोडा (बीकानेर)-मा नोखाको नजिकैमा गए जहाँ 1755 ई०मा उनको मृत्यु भयो। यिनको गद्दी राडा र दुलकासर दुवै स्थान-मा थियो। हामीले माथि नै उल्लेख गरिसकेका छौं कि चरणदासजी स्वयं सामा-नन्दजीका शिष्य अनन्तानन्दको सम्प्रदायका थिए।

जैमलदासजीका मात्र 47 वटा पदहरू उपलब्ध छन् र ती जम्मै तिनको योग-साधना सांसारिक वस्तुहरूको रिक्तता र भक्तिको विषयमा लेखिएका छन्। योग-साधना बारे उनको व्याख्या, अपेक्षाकृत ज्यादै विस्तृत भएको छ।

हरिरामदासजी, जो सिन्थळ शाखाका संस्थापक थिए, 1743 ई० मा जैमल-दासजीका शिष्य भए। उनी प्रायः ग्रहस्थ थिए र 1778 ई०मा उनको मृत्यु भयो। उनका वाणीहरू जसमा साखी (दोहा 2283) दोहा-चौपाई (354), रेखता (32), पद (179), कवित्त, कुण्डलिया इत्यादि तथा एउटा 'घघ्घर नीसाणी' (59 पंक्तिको)-ले बनिएका छन्। उनको निसाणी प्रसिद्ध छ र यसमा हठयोग, समाधि, प्राणायाम इत्यादिबारे विवेचना गरिएको छ। उनी एक महान् साधक औ भक्त थिए। निर्गुण रामको उपासना र उनको नामस्मरण यिनको काव्यको प्रमुख स्वर हो। यिनले ती विषयहरूबारे विवेचना गरेका छन्, जुन साधारणतः निर्गुण भक्ति-को अन्तर्गत आउँदछन् र यसमा योग पनि छ, तर कविको सगुण उपासना प्रति झुंकाइ पनि स्पष्ट दृष्टिगोचर हुन्छ। उनको वाणीले भगवान्प्रति श्रद्धा र दृढ़ विश्वास बोकेको छ किनकि यो व्यावहारिक र तर्कपूर्ण पनि छ। उनले अन्य सम्प्रदायहरूको, पंथहरूको र धार्मिक परम्पराहरूको र तिनको पाखंड एवं भ्रष्टता-को कारणले गर्दा निन्दा गरेका छन्। निर्गुणको ज्ञान मात्र सगुणको ज्ञानद्वारा हुन सक्छ र उनले मुक्तिको भन्दा भक्तिमाथि ज्यादै बल दिएका छन्। अन्ततोगत्वा उनले आध्यात्मिक जीवनको पक्ष लिएका छन्। उनका साधना र अनुभवहरूका केही सामान्य उदाहरणहरू उनका काव्यमा पाइएका छन्। उनको भाषा सरल राजस्थानी र अत्यन्त प्रभावशाली छ, साथै शब्दहरूको चयन तीखो र सारगर्भित भएको छ। यहाँ उनका तीनवटा साखीहरू दिइन्छ—

"एउटा असल वैरागी त्यही मानिस हुन्छ जसले सबै मोह-मायादेखि छुटकारा

लिएको छ र जसको मन यस संसारदेखि नितान्त अलग्ग हुन्छ। हरिरामदास भन्दछन्—एउटा असल गृहस्थ त्यो हुन सक्छ जो सबै मानिसहरूप्रति विनम्र तथा सेवारत हुन्छ।"

"हरिया सत्यप्रति निष्ठावान् छ, मात्र सम्प्रदायप्रति होइन। मानिस जसले आफ्नो मनलाई मात्र सम्प्रदायको दास बनाउँछ, त्यो सत्यसम्म पुग्न सक्तैन।"

"यस्ता मानिसहरूको संख्या संसारमा धेरै छ जसले निर्धारिक ईश्वरको अनुभूतिको देखावा गर्दछन्। हरिराम भन्दछन्—विरल संतहरू तिनै हुन जसले रामको अनुभूति गरेका छन् र जसले आत्मालाई ईश्वरोन्मुख गरेको छ।"

आफ्ना अनुयायीहरूको निम्ति हरिरामदासजीको अन्तिम संदेश यही थियो कि—'सुन हे सांसारिक प्राणी, म सत्यलाई एउटै आवश्यक शब्दमा लिपिबद्ध गरिदिन्छु, मात्र रामको नाउ नै विशिष्ट शब्द हो र शेष चाँहि भस्म र धूलो छन्।'

हरिदेवदासजी (1778-1807 ई०) हरिरामदासजीका नाती थिए र उनको पछि यी आचार्य भए। यिनका काव्यहरूमा 'सुमिरणबोध', 'ग्रंथ करुणानिधान', 'गुरु महिमा', 'नाम महिमा', 'ज्ञान विचार', 'आत्म विचार', 'ज्ञान स्वरूप', 'आत्मकृत ब्रह्म-प्राप्ति जनविचार, पद तथा मुक्तक कविताहरू छन्। ती रचनाहरूमा यिनको स्व-सम्बन्ध, गुरुको स्तुति तथा नामस्मरण इत्यादिको वर्णन गरिएको छ। यिनले छप्पय छन्दको प्रचुर मात्रामा प्रयोग गरेका छन्।

नारायणदासजी ग्राम जैतपुर (बीकानेर)-का थिए र यिनले 1749 ई०मा हरिरामदासजीबाट सिंथळमा दीक्षा लिए। यिनको वाणीमा जो अपेक्षाकृत सानो छ, प्राण 'पराचीको अंग', 'चितावणी हरजस', दोहा, कवित्त आदि परेका छन्। यसका विषयवस्तु चाँहि योग, गुरु, नामस्मरण र नीतिवचन हुन्। यिनको आत्म-विश्वास आरम्भदेखि अन्तसम्म नै स्पष्ट प्रामाणिक भएको छ। यिनका 47 जना मुख्य शिष्यहरू भए जो उनी-जस्तै विरक्त वा तपस्वी थिए। तिनमा अधिकांश चाँहि असल कविहरू पनि थिए।

चैनरामजीका दुइवटा लघुकाव्यहरू, 'करुणा बत्तीसी', 'गुरु महिमा', र एउटा 'डिंगल गीत' प्राप्य छ। करुणा बत्तीसीमा कविको आत्म सम्पर्क र करुणासाथै ईश्वरको दयाका अनेक सुपरिचित उदाहरणहरू पनि चित्रित भएका छन्।

मूलदासजी ग्राम बामतसार (बीकानेर)-मा जन्मेका थिए। पछि यिनले काल (बीकानेर)-मा बसोबास गरे जहाँ उनले एउटा रामद्वाराको निर्माण गराए र जसको सम्प्रदाय अहिले-सम्म पनि छ। उनको वाणी निकै ठूलो छ र यस अन्तर्गत 8 साना कविताहरू, गुरु महिमा, अगमबोध, ब्रह्मप्रकाश, चेतावणी, भक्तमाल इत्यादि प्राय: 1400 साखीहरू, 47 हरजस र केही कवित्तहरू तथा चन्द्रायणहरू

सम्मिलित छन्। यी कविताहरू निर्गुण-भक्ति-विषयक र सम्बन्धित विषयहरूबारे छन्। यिनको अभिव्यंजना सुन्दर र सरल छ तथा भाषा पनि सरल राजस्थानी छ।

चैनरामजी र मूलदासजी दुवैको 18रौं शताब्दीको अंततिर र 19सौं शताब्दीको आरम्भतिर आविर्भाव भएको थियो।

पिरारामजी ग्राम मजेसर (नोखो) का जातिका दधवाड़िया शाखाका चारण थिए र तिनी 1821 ई०मा चौथा आचार्य रघुनाथदासजी का शिष्य भए। उनको वाणी वा साखी (प्राय: 400 दोहा), दुइवटा लघुकविता, प्रकाश भास्कर र गुरु महिमा, तथा केही फुटकल कविताहरू छन्। नामसाधना प्रति जोड़ र नीति उपदेश उनका काव्यको मुख्य स्वर हो।

आज्ञारामजी, मोतीरामजी र रघुनाथदासजी यस सम्प्रदायका केही अरु उल्लेखनीय कविहरू हुन्।

14. रामदासजी—रामस्नेही सम्प्रदाय, (खेडापा)

रामदासजी (1726-1798 ई०) बीणकुंकौर ग्राममा जन्मेका थिए र उनी गृही थिए। यिनले 1752 ई०मा सिंथळका हरिरामदासजीबाट दीक्षा लिएका थिए। यिनले 1763 ई०मा खेडापा शाखाको स्थापना गरे। यद्यपि यसलाई सिंथळको नै एउटा शाखा भनिन्छ, तर यसको आफ्नै बेग्लै परम्परा छ। उनको वाणी सरल मधुर राजस्थानी भाषामा रचिएको छ र अपेक्षाकृत विराट र गुणात्मकतामा महत्वपूर्ण छ। यसमा 1700 भन्दा बढ़ी साखी (दोहा) 90 प्रसंग (विषय) हरू छन्। साथै 72 हरजस र 24 वटा ग्रंथहरू (काव्यहरू) जस्तै 'गुरुमहिमा', 'भक्त-माल', 'चेतावणी', 'बालबोध ज्ञानविवेक', 'अमरबोध', 'नाममाला', 'आत्मसार', 'ब्रह्मजिज्ञासा', 'आत्मवेली' र 'निरालम्ब' आदि छन्। यिनको विषयवस्तु स्थूल रूपले निर्गुण-भक्ति र यसका विविध पदहरूबारे छन्। शाहपुराका रामचरणजी झैं उनले मध्यममार्गको अनुसरण गर्थे भन्ने कुराको प्रचार गरे। भक्ति र शब्दयोगलाई साधनाको अर्थमा संकेतित गरिएको छ। यिनले आध्यात्मिक जीवन प्रतिज्यादै महत्व दिएका छन्। वर्णनहरू, विशेषत: विरहसित सम्बन्धित वर्णनहरू गहन तथा संवेदनशील छन्। उनको एउटा साखीमा भनिएको छ—

"यो शरीर अनित्य छ र जब यसलाई ईश्वरको ध्यानमा लगाउँछौं तब मात्र यो उपयोगी हुन्छ। यसकारण, ईश्वरद्वारा सृजित प्राणीहरूलाई तिमी आफ्नो हातले सेवागर र ईश्वरको नामलाई आफ्नो वाणी-द्वारा स्मरण गर।"

दयालुदास (1759-1825 ई०) रामदासजीका पुत्र थिए र आफ्नो पिताको

मृत्यु पछि 1798 ई०मा यी अर्का आचार्य भए। यी पनि गृहस्थ थिए। यिनका वाणी अन्तर्गत 19 वटा कविताहरू छन्, जसका नाउँ हुन्—'भक्तमाल', 'मन-प्रतिबोध', 'प्रगटबोध', 'निर्णयबोध', 'आत्मज्ञान', 'करुणासागर', 'चितावणी', 'शब्दप्रकाश', 'गुरु प्रकरण', आदि-आदि र अन्य धेरै पदहरू छन्, जुन विभिन्न विषयहरूमा विशेषतः निर्गुण भक्तिमाथि लेखिएका छन्। निर्गुण निराकार रामप्रति भक्तिका साथ-साथै उनको सगुण साकार रामप्रति पनि आस्था थियो र उनले विभिन्न अवतारहरूको पनि वर्णन गरेका छन्। उनको 'काव्य करुणासागर'-ले सगुण भक्तिको प्रचार गर्दछ, अनि आस्था र गहिरो समर्पण-बारे पनि चित्रण गरेको छ। उनको 'भक्तमाल' र 'गुरु प्रकाश' (राजदासजी रो जीवन कथा) यी दुइ ग्रन्थहरू तत्कालीन साहित्यिक इतिहास तथा सामाजिक एवं धार्मिक प्रवृत्ति-हरूको निम्ति बड़ो महत्वपूर्ण स्रोत छन्।

परशुराम (1767-1839 ई०) विठनोक (बीकानेर) का थिए र यिनले 1785 ई०मा खेडापा नामक स्थानमा रामदासजीद्वारा दीक्षा ग्रहण गरे। यिनले व्यापक यात्रा गरेका थिए र अन्तमा जोधपुर (सूरसागरको नजिकै) आएर निवास गरे। उनलाई यस सम्प्रदायको विरक्त वा तपस्वी शाखाका प्रवर्तक भनेर मानिए-को छ। निम्नलिखित काव्यहरू उनीद्वारा रचित ठानिएका छन्—'सिख प्रश्न शोख', 'गुरु-शिष्य सम्वाद', 'गृह कुप को प्रसंग', 'गुरु महिमा', 'आत्मबोध', 'अरथ सिद्धान्त' र 'सजीवन बोध'। यी रचनाहरूमा ज्ञान र भक्ति तथा साधना-बारे व्याख्या गरिएको छ।

पिथोदास (1742-1794 ई०) रामदासजीका शिष्य थिए र रतलाममा यिनको मृत्यु भयो। यिनका वाणी अन्तर्गत छन्—पदहरू, मुक्तक छन्दहरू र तीन-वटा काव्यहरू 'बेहदबोध', 'गुरु महिमा' र 'जुगल ग्रन्थ'। यिनका पदहरू आफ्नो भावुकता र मिठासको गहनताको लागि प्रसिद्ध छन्।

पूरणदास (1771-1835 ई०) को जन्म-ग्राम मलाकी (मानवाचा)-मा भएको थियो र यिनका माता-पिता द्वारा यिनलाई पिथोदासजी कहाँ समर्पित गरियो। पिथोदासजीले यिनलाई खेडापा पठाइदिए जहाँ दयालुदासजीले यिनलाई 1781 ई०मा दीक्षा दिए। 1828 ई०मा पूरणदासजी आचार्य भए। यिनी पनि गृहस्थ नै दिए। 'गुरु महिमा', 'भक्तमाल', 'जन्मलीला', 'सुनिरव-सार', 'करुणा छत्तीसी', 'शिक्षा बत्तीसी' यिनका लघुकविताहरू हुन्। यी बाहेक अनेक पदहरू र छन्दहरू पनि छन्। यिनका कविताहरूले अनेक संत-कविहरूबारे सूचना दिन्छन् र यी महत्वपूर्ण पनि छन्।

मुरारिदास जातिका भाटी राजपूत थिए र यी रामदासजीका शिष्य थिए। यिनको मृत्यु खेडापामा 1733 ई०मा भयो। यिनका काव्यहरूमा छन्—'अज्ञात-बोध', 'महिमासार', 'निसाणी', 'आत्मसार', 'सुमिरण सार', 'गर्भ चितावणी',

'आत्म पराची', 'गुरु महिमा' तथा अनेक हरजस औ साखीहरू छन्। उनको भाषा साफ-साफ तथा सरल छन्।

अर्जुनदासजीको 'जन्मलीला' र 'पूर्वजन्म' अनि बालकदासजीको 'जनप्रभाव पराची' यी दुवै सामाजिक-ऐतिहासिक दृष्टिले हेर्दा विशिष्ट काव्यहरू हुन्।

15. लालगिरि : अलखिया सम्प्रदाय

लालगिरिको जन्म 19सौं शताब्दीको आरम्भ-तिर एउटा चमार परिवारमा सुतारखानिया गाँउ (चुरू, राजस्थान)मा भएको थियो। तिनको बाल्यावस्था छँदा नै दादू-सम्प्रदायका नोंगा शाखाका एकजना साधुले तिनलाई लिएर गए। अनि झण्डै 15 वर्ष पछि यिनी 1829 ई०मा बीकानेर फर्केर आए औ धर्मप्रचार गर्न थाले। धेरै मानिसहरू यिनका शिष्य भए। बीकानेरको प्रसिद्ध विशाल झीलको जुन अलख सागरको नाउँले परिचित छ, निर्माण गर्नमा यिनको विशेष हात रहेको छ। एक समयमा जब महाराजा रतनसिंह लक्ष्मीनारायणको मन्दिरश्री-बाट भएर गइरहेका थिए, लालगिरिले महाराजालाई आज अलखको नाम स्मरण गर्ने अनुरोध गरे, किनकि मूर्तिपूजाको कुनै उपयोगिता छैन। यो सुनेर क्रुद्ध महाराजाले यिन-लाई त्यहाँबाट खेदिपठाए। लालगिरि जयपुर आए औ मृत्युपर्यन्त गलतामा नै निवास गरिरहे।

यिनको उपलब्ध वाणी सरल राजस्थानी भाषामा छ र मात्र 29 वटा सबद-हरू त्यसमा छन्। यी वाणीहरूमा ईश्वरको स्वरूप साधनाद्वारा मनुष्यले ईश्वरानु-भूति गर्नु, जगतको मिथ्या रूप र नामस्मरण आदिबारे विवेचना गरिएको छ। उन-ले मूर्तिपूजाको खण्डन गरेका छन् र पाखण्ड र धोखादिने ढोंगीहरूको पनि खण्डन गरेका छन्। उनको निम्ति अलख, जो निराकार, निर्लेप र निरंजन छ, एकमात्र अन्तिम सत्य हो। यस अलखको मात्र उपासना गर्नु उपयुक्त र समुचित छ। यसैं-कारण यस सम्प्रदायको नामकरण 'अलखिया सम्प्रदाय' भयो। यिनले नाथशैली र शब्दावलीको प्रयोग गरेका छन् र हठयोग साधना प्रति यिनको झुकाउ देखिएको छ। यस सम्प्रदायमा समादरणीय अभिवादनको स्वीकृत पद्धति हो—'अलख-मौला।' यो सम्प्रदाय बीकानेर र यसको छेउछाउको क्षेत्रमा लोकप्रिय थियो र यिनका अनुयायीहरू अधिकांश समाजका पिछाड़िएका वर्गबाट आए। यहाँ यिनको कविताको एउटा उदाहरण दिइन्छ—

"जती (जैन साधुहरू)-हरू, मुल्लाहरू र ब्राह्मणहरू जम्मै आत्माका व्यापारी हुन्। यी सबैका अनुयायीहरूले तिनीहरूलाई भोजन दिन्छन् र तिनीहरूले यसको सट्टामा तिनीहरूलाई आफ्नो अनुयायी हुन बाध्य गराउँछन्। पाण्डियाहरूले खाली वेदको पाठ गर्छन्, मुल्लाहरूले अल्लाहलाई बोलाएको जस्तो गर्छन् र ढुंढियाहरूले

तिनीहरूको आफ्नो परम्पराको स्तुतिगान गर्छन्। लाल गुसाँईले भन्दछन्—यस संसारका मानिसहरू मोह र भ्रान्तितिर प्रवृत्त छन्, यसकारण उपर्युक्त तीन वर्गले धर्मलाई बजारमा बिक्री गर्न राखेका छन्।"

यस परम्पराका ज्ञानगिरिजी एकजना साधक-कवि थिए जसको काव्य 'अलख-स्तुतिप्रकाश' (अलख महिमा स्तुति) उपलब्ध छ।

16. आइजी (जीजीदेवी) : आइ-पंथ

अन्य कतिपय अल्प-परिचित पन्थहरू र सम्प्रदायहरू सित सम्बन्धित धार्मिक काव्यहरू पनि र राजस्थानका मानिसहरूमा निकै परिचित छन्। यस्तै एउटा पंथ आईपंथ हो, जसका धेरै जसो अनुयायीहरू सिखी जातिका मानिसहरू छन्। यिनीहरू पाली र जोधपुर क्षेत्रहरू तथा मध्य प्रदेशका केही विशेष भूभागमा धेरै संख्यामा बसोबास गर्दछन्। आइजीको मुख्य मंदिर बिलाड़ा (जोधपुर)मा छ। यो शाक्त पंथ हो। जीजीदेवी (आइजी) डाबी गोत्रका एकजना राजपूत बिकाकी पुत्री थिइन्। उनको आविर्भाव 15रौं शताब्दीमा भएको थियो र उनको देहान्त 1504ई०मा भयो। उनलाई शक्ति अथवा दुर्गाको अवतार हुन् भनेर विश्वास गरिएको थियो। आइपन्थीहरू सबै प्रकारका मादक पदार्थहरू र माँसभक्षण-बाट विरत रहन्छन्।

जीजीदेवी आफैले आफ्नो गद्दी गोयन्द नामक आफ्नो शिष्यालाई 1500 ई० मा प्रदान गरेकी थिइन्। तिनलाई आफ्नो पन्थका जम्मै नियम-आचारहरूको शिक्षा दिइसकेकी थिइन्। यसलाई आइपन्थको मूलको इतिहास भनेर मानिलिन सकिन्छ।

जोधपुरका भवानीदास व्यासले सरल राजस्थानी भाषामा मिठो प्रकारले आइजीको जीवनी र यस पन्थका मुख्य तत्वहरूको वर्णन गरेका छन्। यो वर्णन 1736 ई०मा रचिएको उनको 'आइ-आनन्द-विलास' ग्रंथमा संगृहीत छ। यसमा कुल 603 पदहरू छन् जसमा दोहा, सोरठा, छन्द, कवित्त, चन्द्रायण, भुजंगी, चौपाई, निसाणी, झमाल, हरणकला र गद्यमा वार्ताहरू छन्। यस ग्रंथलाई यस पन्थको पवित्र ग्रंथको रूपमा प्रतिष्ठित गरिएको छ।

ताराचन्द व्यास विलाड़ा-निवासी थिए, जसले 'आइ-उमरा-प्रकाश' नामक ग्रंथको रचना गरे। यसले पनि झण्डै आइजीको जीवनीको कथा र पन्थको संक्षिप्त इतिहास बारे भन्दछ। यो ग्रन्थ ठेट र सरल राजस्थानीमा सजिलो प्रकारले लेखिएको छ। यसमा दोहा, छप्पय, सोरठा, छन्द, पद्धरी, त्रिभंगी इत्यादि छन्द-हरूको प्रयोग गरिएको छ। यी दुवै ग्रंथहरू आइजी र आइ-पन्थको बारेमा सूचना-हरूका प्रमुख स्रोत हुन्।

लुम्बा बाबा तथा अन्य कविहरूले रचेका धेरै कविताहरू जस अन्तर्गत 'आइ

माता री भेल' तथा फुटकल पदहरू यस पन्थमा निकै प्रचलित छन् ।

शक्तिबा देवी तथा देवी करणीजी अनि अरु धेरै लोकदेवता जस्तै गोगोजी, पाबुजी, रामदेवजी र तेजोजीसित सम्बन्धित काव्यहरूको उल्लेख हामीले अघि नै गरिसकेका छौं ।

कुनै धर्म वा सम्प्रदायदेखि मुक्त कविहरू

यस श्रेणी अन्तर्गत निकै बढ़ी संख्यामा कविहरू पर्दछन् । तिनीहरू मध्ये केही प्रमुख कविहरूबारे हामी यहाँ उल्लेख गर्दछौं । अधिका धेरै सन्तकविहरूको झैं सन्त पीपाको समय, जीवनी र वाणी अहिलेसम्म गूढ़ र दुर्बोध नै छन् ।

'खिलचीपुर की ख्यात' द्वारा हामी पाउँदछौं कि पीपा गाग्रोनगढ़ (कोटा) का अचलदास खिचीका एकजना पूर्वज थिए र 1360 ई०मा उनी आफ्नो सम्प्रदायको गद्दीमा विराज गरे र 1385 ई० सम्म उनले शासन गरे । उनको वंशावली हो— 'कड़वाराव', 'पीपा कल्याण राव' (पीपाद्वारा पालित), भोजराज, अचलदास ।

अर्को दृष्टिकोण अनुसार—पीपा अचलदासका दाजु थिए । यो मत ज्यादै स्वीकार गरिने योग्य देखिन्छ, किनकि यसले उनका पदहरूमा भएको विवरणसंग मेल देखाउँछ । अचलदासजीको मृत्यु गाग्रोनगढ़मा माण्डुको सुलतान होसंग घोरीको विरुद्ध लड़ाई गर्दा 1423 ई०मा भयो । 'अचलदास खिची री वचनिका' एउटा प्रामाणिक ग्रन्थ हो जसमा यस लड़ाईबारे विवरण दिइएको छ । यस ग्रन्थमा पीपाको सम्बन्धमा कुनै उल्लेख गरिएको छैन । यसबाट यो अनुमान गर्न सकिन्छ कि पीपाले यस लड़ाई-भन्दा अघि नै सांसारिक जीवनको त्याग गरिसकेका थिए । त्यस बेला तिनको उमेर प्राय: 40 वर्ष थियो र हुन सक्छ कि उनको जन्म 1383 ई० तिर भएको हो । तिनका दुइवटा पदहरूबाट यो थाहा लाग्दछ कि नामदेव, कबीर अनि रैदास त्यस बेला जीवित थिएनन् । कबीरको मृत्यु 1448 ई० वा त्यो भन्दा अघि नै भइसकेको थियो, यसरी नै रैदासको पनि । यसकारण पीपाको मृत्यु तिनीहरूको पछि भयो, भनौं, झण्डै 70 वर्ष को उमेरमा 1453 ई० तिर भएको थियो । एउटा युक्तिसंगत अनुमान यो हुन्छ कि पीपा 1383 ई० र 1453 ई०को बीचमा जीवित थिए । भनिन्छ कि तिनी रामानन्दका 12 प्रमुख शिष्यहरू-मध्येका एकजना शिष्य थिए, तर यस बारे उनका पदहरूमा कुनै उल्लेख भएको छैन ।

उनका फुटकल पदहरू विभिन्न सम्प्रदायहरूका अनेक पाण्डुलिपिहरूमा पाइन्छन् । सबै-भन्दा प्राचीन पद 1625 ई० तिर लेखिएको छ जसभित्र उनका 17 वटा पदहरू दिइएका छन् । यसमा र अन्य पाण्डुलिपिहरूमा प्राप्य पदहरूको अध्ययन गर्दा यो कुरो ज्ञात हुन्छ कि 25 वटा पदहरू (जसको अन्तर्गत एउटा चाँहि श्री गुरुग्रंथ साहिबभित्र परेको छ) पीपाद्वारा रचिएका छन् ।

यी पदहरूले निर्गुण रामभक्ति, ईश्वरको स्तुति, योग-साधनाद्वारा मनुष्यको

हृदयमा ईश्वरको निवास भएबारे, बाह्य उपासनाको व्यर्थता जस्तो कि तीर्थयात्रा गर्नु आदिको व्यर्थताबारे भनिएको छ। दुइवटा पदहरूमा उनले उच्च स्वरले नामदेव, कबीर र रैदासहरूको, उनीहरूको भक्तिको कारणले, स्तुति गरिएको छ। यिनको भाषा ब्रजमिश्रित राजस्थानी हो जसमा केही पदहरूमा खड़ीबोलीको पनि छाप परेको छ। उनको एउटा पदले भन्छ—

"हे जीव, तिमी आँखा खोलेर हेर, तिम्रो केशको रंग बदलिएको छ, कालो रंग सेतो भएको छ। जसरी भए पनि अब चाँहि गोविन्दको स्तुति गर। आत्मारूपी योगी शरीर-रूपी झुप्रोमा मात्र 10 दिनको लागि आएर बसेको छ। यस आत्मा-रूपी योगीले आफ्ना राम्रा र नराम्रा कर्महरू को प्रत्यालेख निकालेर विस्तारै उ चुपचाप यस झुप्रोलाई छोड़ेर जाने छ। यो मन मूसा-जस्तै हो, जसलाई एकतिर-बाट माया-रूपी बिरालोले खेदिरहेछ, र अर्को तिर लोभ अनि मोहको विषालु सर्पले। पीपा भन्दछन्—रामनामको शरणमा जाउ, यदि तिमी यी तीनवटा शत्रु-हरूबाट बाँच्न चाहन्छौ भने।" (यो प्रसंग संकेत, काम क्रोध र लोभ तिर गरिएको अनुमान हुन्छ।)

काजी महमूद (15रौं शताब्दी) एक प्राचीन संत-कवि थिए जसका पदहरू राजस्थानमा अहिले पनि प्रचलित छन्। यी पदहरू संख्यामा प्रायः 45 जति छन् र यी विभिन्न पाण्डुलिपिहरूमा छरिएका छन्। 1625 ई० तिर लेखिएको प्राचीन-तम उपलब्ध पाण्डुलिपिमा, उनका 16 वटा पदहरू पाइएका छन्। 1525 ई० मा एक जना जैन कवि, सहजसुन्दरले एउटा ढाल (काव्य) रचेका थिए (जुन चाँहि उनको रतनसार चौपाई मा पाइएको छ) त्यो काजी महमूदका पदहरूमा एउटा गीतको स्वरमा आधारित छ, जसको पहिलो पंक्ति (गीतको टेक) यस प्रकार छ—"भूला मरला कांई भमाई ए" यो प्रमाणित छ कि उनका पदहरू 16रौं शताब्दीको आरम्भमा औधि लोकप्रिय थिए, ती—गीतहरू वैराग्य, जीवन र संसारका वस्तु-हरूको क्षणभंगुरता, भगवानप्रति प्रेम र वैराग्य तथा रहस्यानुभूति विषयमा रचिएकाछन्। स्वाभाविक र हृदयग्राही स्पष्ट अभिव्यक्ति जसले भावुक तथा जाग-तिक सत्यको चित्रण गर्दछन् उनको काव्यका विशेष प्रमाण हो। उनको भाषा सरल राजस्थानी छ जसमा खड़ी बोलीको पनि अलिकति छाप देखिन्छ। काजी महमूद आफ्नो गीत 'भूला भमरला कांई भमाई ए' मा भन्दछन्—

"हे मेरो कालो भमरा, तं केको खोजीमा हिंड़िरहेछस्? किन दिन अनि रातमा तं घुमिहिंड्छस्? यो आत्मा, जुन सांसारिक आनन्दको पछि-पछि दौड़ि-रहेछ, यसलाई समातेर मृत्युको दुनियामा पठाइदिएको छ। यदि मनुष्य पिता-माता, बच्चाहरू तथा धनले घेरिएको छ भने, उसको के हुन्छ? यस आत्माले त

एकलै यात्रा गर्नु परेको छ, मात्र राम्रा र नराम्रा कर्महरू नै उसित जान सक्छन् । तिमीले असंख्य धनराशि संचय गर्‌यौ, तर न त त्यसबाट खर्च गर्‌यौ न त खुशी नै मनायौ । तिमीले सायद यो पनि बिर्सेका छौ होला कि अत्यन्त धनी व्यक्तिले पनि मरेपछि चितामाथि नै सुत्नु पर्दछ । महमूद शाहले आफ्ना जम्मै मनुष्यहरू-सित प्रार्थना गर्दछन्, त्यही चीज सुरक्षित राखुन् जुन चाँहि पूर्ण रूपले, असल रूपले उसको आफ्नो आत्माको छ अनि नियमित दिव्य त्यस अलौकिकको हातमा रहेको छ ।"

मीराँबाई (1498-1547 ई०) पूरा भारतमा घर-घरमा चर्चित नाम भएको छ । तर अहिले-सम्म पनि यिनको जीवनी र कृतित्व विद्वानहरूको लागि एउटा प्रहेलिका समस्या भएको छ । अनेक प्रकारका किम्बदन्तीहरू र आख्यायिकाहरूमा यिनको नाम, यिनको गुरु र यिनका साधनाको बारेमा फैलिएका छन् । यिनका पदहरूको संग्रह त्यसै पड़िरहेका छन् र विश्वसनीय ऐतिहासिक सामग्री र पाण्डु-लिपिहरू पनि उपलब्ध छैनन् । यसकारण विद्वानहरूको यस सम्बन्धमा अनुसंधान-को काम झन कठिन हुन गएको छ । कुनै विस्तृत विवाद नागरिक न, यहाँ हामी आफ्नो निष्कर्ष संक्षेपमा दिइरहेछौं ।

मीराँबाई मेड़ताका राठौड़ राव दूदाका छोरा राव रतनसी की पुत्री थिइन् र बाजोली ग्राम (डेगानाको निकटमा 1498 ई०, विक्रम संवत 1555) मा जन्मेकी थिइन् । आफ्नो बाल्यकालमा नै उनकी आमाको मृत्यु भएपछि तिनको पालन-पोषण राव दूदाले गरे । तिनको बिहे 1516 ई०मा चित्तौड़का राणा सांगाका पुत्र भोजराजसंग भयो । भोजराजको मृत्यु 1522 ई० तिर भयो । आफ्नो स्वच्छन्द स्वभाव, सन्त-समागम र सन्तहरूलाई प्रमुखता दिएको हुनाले, भनिन्छ कि तिन-लाई ससुरालीमा साह्रै नै सताइन्थ्यो । तिनले 1531-32 ई०मा चित्तौड़ छाड़िन् र केही समयका निमित्त मेड़ता आइन् । 1534 ई० तिर तिनी तीर्थयात्रा गर्नमनि हिंड़िन् र अन्तमा द्वारकामा नै बसिन् । उनको स्वर्गवास 1547 ई. मा भयो ।

यिनका कृतिहरू पनि रहस्यभित्र लुकेका छन् । निम्नलिखित कृतिहरूलाई मीराँबाईद्वारा रचित भनिएको छ । ती हुन्—'गीत गोविन्दको टीका', 'नरसीजी रो मायरो' र 'सत्यभामाजी नु रुसनु', 'राग सोरठ', 'राग गोविन्द' र 'पदावली' । तर 'गीतगोविन्द की टीका', 'नरसीजी रा मायरो' र 'सत्यभामा रुसनु' तिनका रचना होइनन् । 'राग सोरठ' र 'राग गोविन्द' यिनका पदहरूका संकलन हुन् र कुनै बेग्लै कृति होइनन् । ती पदावलीमा पनि अन्तर्भुक्त छन् । निष्कर्ष यही हो कि यी पदहरू चाँहि मीराँबाईका नै रचना हुन् ।

मीराँको लोकप्रियता तिनका पदहरूको कारणले भएको हो जसले सामान्य लोकको जीवनमा गहिरो प्रभाव हालेका छन् । तिनको भावुकता र अनुभूतिहरूको

अभिव्यंजना यति स्वाभाविक र स्वतः प्रेरित छन् कि तिनका पदहरूलाई गुजराती, व्रज तथा कतिपय बोलीहरूले पनि ग्रहण गरेका छन्। यसको परिणाम यो हुन गएको छ कि तिनको मूल स्वरूप निर्धारित गर्न पनि कठिन पर्न गएको छ।

पचासभन्दा अधिक संग्रहहरू साथै पदहरूका अनुवादहरू हिन्दी, गुजराती र मराठीमा छापिएका छन् र बंगला तथा अंग्रेजीमा पनि यिनको अनुवाद भएको छ। अनेक संख्यामा यिनका पदहरू विभिन्न पत्रिकाहरूमा पनि प्रकाशित भएका छन्। यी पदावलीका सम्पादकहरूले घोषणा गरेका छन् कि यिनका सामग्री पुराना पाण्डुलिपिहरूबाट संग्रह गरिएका छन्, जुन अधिकांश 18रौं शताब्दी र 19सौं शताब्दी भित्रका हुन्। यिनका पदहरूले अनेक सन्तहरूका वाणीमा पनि स्थान पाएका छन्। जुन प्रकारले भए पनि यी पाण्डुलिपिहरूले प्रायः मौखिक परम्पराबाट आफ्नो विषयहरू लिएका छन्। अनेक पदहरू भिन्न-भिन्न स्वरूपमा पाइन्छन् जसमा केही मिसावट देखिन्छ अनि कतिपय पदहरू अन्य कविहरूको नाँउमा पनि प्रसिद्ध भएका छन्। यिनका पदहरूको आलोचनात्मक संग्रह अहिले सम्म प्रकाशित भएको छैन। हालैमा प्रायः 2000 पदहरू प्रकाशित र अप्रकाशित उनको नाँउमा प्रचलित र उपलब्ध छन्। तर कुनै निश्चित रूपले हामी भन्न सक्दैनौं कि ती सबै उनका रचनाहरू हुन्। खूबै सूक्ष्म जाँच-पछि थाहा लागेको छ कि खाली तिनमा 250 मात्र तिनका आफ्ना रचनाहरू हुन्।

यिनका कविताहरूले गहन भक्ति, कान्त स्वभावका भक्ति, निर्गुण र सगुण भक्ति, योगबारे उद्घाटित गर्दछन्। यिनमा कवयित्रीको साधना र जीवनको प्रकाश देखिन्छ। आत्मविश्वास, ईश्वर-प्रति असीम आस्था, प्रेमको संयोग र वियोग पक्ष, गहन एवं अलौकिक आतुरता, हर्ष-विषाद एवं आनन्दको अभिव्यंजना —सबै सहज स्वाभाविक, अकृतिम एवं अनलंकृत ढंगका छन्—यी सबै मीराँका पदहरूको विशेषता हुन्। यिनले आफ्नो हृदयको गहिरो संवेदना सरल भाषामा स्वतः प्रेरित प्रांजलता सहित प्रकट गरेकी छिन्। यिनै कारणहरूले गर्दा यिनी ठूला-ठूला प्रसिद्ध विद्वानहरूमा लोकप्रियता र प्रसिद्धिमा बराबरी छिन्। वस्तुतः यिनी जनताकी आफ्नी कवयित्री हुन्। परम्परा-अनुसार यिनी भगवान कृष्णकी साधिका हुन्। यिनको एउटा पदको भावार्थ तल दिइन्छ—

"माइ री मैंने गोविन्द लियो मोल।" अर्थात् 'हे मेरी माता, मैले गोविन्दलाई किनेकी छु। कसैले भन्छन् मैले यो गुप्त रीतले किने, कसैले भन्छन् मैले खुल्ला रूपले किने। म भन्दछु यो काम मैले डंका बजाएर गरेकी छु अर्थात् नलुकाइकन गरेकी छु। कसैले भन्छन् यो बड़ो महँगो दामको छ र कसैले भन्छन् यो सस्तो दामको छ। मैले भगवानलाई पूर्ण रूपले तौलेकी छु। कसैले भन्छन्—उनी (कृष्ण) कालो छन्, कोही भन्छन्—गोरो। जे भएता पनि, तर मैले आफ्नो सर्वस्व दिएर

ती अमूल्य कृष्ण (भगवान) लाई किनेकी छु। प्रत्येक व्यक्तिले जान्दछ कि मैले उनलाई (ईश्वरलाई) खुल्ला आँखाले स्वीकार गरेकी छु। हे मेरा भगवान, तपाँईले मीराँलाई दर्शन दिनै पर्दछ किनकि तपाँईले पूर्व जन्ममा सबैलाई दर्शन दिने प्रतिज्ञा गर्नु भएको छ।"

सन्त भावजी (1714-1744 ई०) ग्राम सुबला (डूँगरपुर) का औडिच्या ब्राह्मण थिए। यिनले 12 वर्षको उमेरमा तपस्या गर्नका निम्ति गृहत्याग गरे। यिनले ईश्वरप्रति भक्ति र मानवताको सेवाबारे उपदेश प्रचार गरे। यिनको वाणी 'चौपदा' ले ज्ञानको शिक्षा दिन्छ र नीतिको उपदेश दिन्छ अनि अनेक भविष्यवाणीहरू पनि गर्दछन्।

दीन दरवेश (1753-1833 ई०) गुडाल (उदयपुर महकमा)-मा पैदा भएका थिए। यिनले गिरनारका बालभारती (बालगुरु) बाट दीक्षा लिए। यिनी उदयपुरको नजिक कैलासपुरीमा निवास गर्थे। महाराणा भीमसिंह (1777-1828 ई०)-को यिनीमाथि ठूलो श्रद्धा थियो। भनिन्छ कि महाराणाको निधनपछि यिनी कोटा गए र चम्बलमा स्नान गर्दा यिनी पानीमा डूबे। यिनका काव्यहरू हुन्—'दीन प्रकाश', 'ग्रन्थ अडलानन्द', 'परमार्थप्रसंग', 'चितावणसार', 'इसरअस्तुत', 'राजचितावणी', 'भरमतोड', 'कक्का बत्तीसी', 'गगड़ निसाणी', 'केही पदहरू' र 'फुटकल श्लोकहरू'। यिनले काव्यका प्रचलित शैलीहरू जस्तै जकड़ी, बारहमासा, गरबी र फागको प्रयोग गरेका छन्।

यिनका काव्यहरूमा अनेक विषयहरूमाथि विचार गरिएको छ, जसमा ब्रह्मज्ञान र साधना, ध्यान, सांसारिक आकर्षणको निरर्थकता, जाति-वर्गको झूठोपन, योग, वैराग्य, ईश्वर-भक्तिबारे विवेचना गरिएको छ, र साथै यिनका रहस्यानुभवहरूको विवरण दिइएको छ। यिनको झुकाउ निर्गुण-भक्ति-प्रति नै अधिक देखिन्छ। यिनी अवतारहरूमा मात्र विश्वास गर्दैनन् तर अझै जसले यसका विरुद्धमा कुरा गर्छन्, तिनीहरूप्रति पनि सहनशील देखिन्दैनन्। यिनको कथन अनुसार अवतारहरू भक्तहरूको रक्षाको निमित्त थिए। यिनका गीतहरूले भगवान कृष्णका केही लीलाहरूको वर्णन गर्छन्। 'गरबी' चाँहि देवीको स्तुतिमा लेखिएको छ। यिनका छन्दहरूमा कुण्डलिया छन्द चाँहि लोकप्रिय छ। यिनको भाषा खड़ीबोली मिश्रित राजस्थानी छ जसमा ब्रजको पनि अलिकति प्रभाव देखिन्छ। यिनका दुइवटा कुण्डलियाहरूको व्याख्या तल दिइन्छ—

"मात्र सिंह एकलो गौरवमा बाँच्न सक्दछ। यस्ता व्यक्तिले न त पाप न पुण्य प्राप्त गर्छन्। त्यसले सिंह झैं ज्ञान द्वारा उत्पन्न जंगलमा गर्जन गर्छ। उसको गर्जनले सबै मोह, माया र आकर्षण लुप्त हुन्छन्। दीन दरवेश भन्दछन्—मनुष्यले

आफ्ना सांसारिक वस्तुहरू-प्रति अभिमान नगरुन् । एउटै सिंह छ जसले सृष्टिकर्ता ईश्वर संग एकलै सम्बन्ध जोड्दछ ।"

"संसारले जान्दछ कि यस प्रकारको मानिसको हृदय पवित्र ज्ञानले भरिएको हुन्छ । सर्वात्मन् ब्रह्मले त्यसलाई उनको आफ्नो बनाएर मोक्षको उपहार दिन्छन् । उपहार प्राप्त गरेपछि उसले अब अरु केही पाउनु बाँकी रहँदैन । उसको लागि पृथ्वी, धन र आशाको अर्थ मात्र ब्रह्म हुन्छ । दीन दरवेश भन्दछन्—यस्तो मानिस परमात्माको कृपाद्वारा पशुत्व देखि दिव्यात्मामा परिणत हुन्छ र संसारको निम्ति उ जीवन-मुक्तको रूपमा प्रख्यात हुन्छ ।"

गवरीबाई (1758-1808 ई०) डूँगरपुरको एक नागर ब्राह्मण-परिवारमा पैदा भएकी थिइन् । यिनी बालविधवा थिइन् र धर्मशास्त्र-बारे यिनको राम्रो ज्ञान थियो । यिनी विद्या र भक्तिको जिज्ञासुको रूपमा प्रख्यात भइन् । यस सम्बन्धमा सुनेर, डूँगरपुरका महारावल शिवसिंह (1730-1785 ई०) ले यिनको लागि एउटा मन्दिर बनाइदिए । आफ्नो अन्तिम जीवनमा यिनी काशीवास गर्न गइन् र त्यहीं यिनको मृत्यु भयो । यिनलाई मीराँबाईको अवतार भनेर मानिएको छ ।

भनिन्छ कि यिनले व्रज र गुजराती मिश्रित सरल राजस्थानी भाषामा 600 पदहरूको रचना गरेकी छन् । ती पदहरू ईश्वरको प्रतिष्ठा, ज्ञान, भक्ति र वैराग्य-को सम्बन्धमा छन् । अनेक पदहरू आफ्नो सहज सरलता र तन्मयताको निमित्त उल्लेखनीय छन् ।

सन्त ज्ञानीजी, गद्धा, पुतलीबाई र नामदेव, श्री कृष्णदास आदि केही अन्य कविहरू भए जसको योगदान पनि विशेष उल्लेखनीय छ ।

हामीले चारण-शैलीका पौराणिक र धार्मिक विभाग-अन्तर्गतका यस्ता धेरै-जना कविहरूको उल्लेख अघि नै गरिसकेका छौं । अनेक धार्मिक गीतहरू जनतामा औधि प्रचलित छन्, ती मध्ये कतिपय त अज्ञात कविहरूका रचना हुन् । हामी यस विषयमा लोक-साहित्य सम्बन्धी अध्यायमा चर्चा गर्नें छौं ।

जैन-साहित्य

जैन-काव्य

अध्याय दुइमा जैन-काव्यको मुख्य स्वरूपको चर्चा हामीले गरिसकेका छौं । यहाँ जैन-काव्यका अन्य स्वरूपहरूको चर्चा गर्नेलागि रहेछौं ।

चरित, कथा र आख्यान काव्य एवं जीवनी मुख्यरूपले विवरणात्मक अथवा कथात्मक काव्य हुन् । यिनको उद्देश्य भक्तहरूलाई निर्वाण (मोक्ष) प्राप्त गराउनु हो । कथाको प्रमुख नायक साधारणतया उच्च कुलीन परिवारसित सम्बन्धित हुन्छ । विवाह अघि वा पछि कुनै जैन साधु वा अन्य उच्च गुणी संगतिसंग

उसको सम्पर्क हुन्छ, अथवा कुनै मर्मस्पर्शी घटनाले उ अभिभूत हुन्छ र सांसारिक मोहमायादेखि मुक्ति पाउँनेबारे सोच-विचार गर्न थाल्छ। त्यसपछि उसले गृह-त्याग गर्ने इच्छा गर्छ। माता-पिता (र पत्नी, यदि उ विवाहित छ भने)-ले यसो नगर भनेर बिन्ती गर्छन्, तर उ आफ्नो निश्चयमा अटल रहन्छ र एक जैन साधुको जीवनलाई ग्रहण गर्दछ। यस्तो अवस्थामा उसले अनेक कष्टहरूको सामना गर्न पर्दछ, तर अन्तमा उसले यी सबै बाधाहरूमाथि विजय प्राप्त गर्द छ र 'कैवल्य ज्ञान' प्राप्त गर्छ। अनि यसप्रकार उ मोक्षप्राप्त गर्ने योग्य बन्दछ। यी कथाहरू मुख्यतः जैन-परम्पराबाट लिइएका हुन्। तिनमा केही चाँहि प्रचलित लोककथाहरू छन् जसलाई जैन-जीवन-शैलीमा परिवर्तित गरिएको छ। साधारणतः जैन कविहरू-द्वारा चुनिएका कथाहरूको यही स्वरूप छन्।

सामान्यतः जैन-कविताहरू जैन-काव्यसाहित्यको दृष्टिले लेखिएका होइनन्। यसको मुख्य उद्देश्य त ज्ञानको जिज्ञासा, धर्मको प्रचार र चरित्र-निर्माण हो। जैन कविले यी उद्देश्यको पूर्तिका निमित्त कथात्मक काव्यहरू लेखेका छन्। धेरै संख्या-मा भएका जैन-कविहरू-मध्ये हामी यहाँ कुनै-कुनैको मात्र उल्लेख गर्ने छौं।

ब्रह्म जिनादास (1388-1468 ई०) पन्ध्रौं शताब्दीका एकजना महान विद्वान् र कवि थिए। संस्कृत भाषामा लेखिएका एक दर्जन कविताहरू लगायत उनले 50 भन्दा अधिक कथात्मक कविताहरू लेखेका छन्, जुन अधिकांश हिन्दी र गुजराती मिश्रित राजस्थानीमा रासहरू छन्। यी काव्यहरू मुख्यतः जैनधर्मका प्रचलित किम्बदन्तीहरूमाथि आधारित छन्। उनको 'रामसीता रास' (रामायण) यस प्रकारको प्रथम विशाल कृति हो जुन चाँहि 'रविसेमायाम' को 'पद्मपुराण'मा आधारित छ।

छिहलले 1578 ई० तिर लेखे। उनका प्राप्य काव्यहरू हुन् : 'पंचसहेली गीत', 'पन्थीगीत', 'उदार गीत', 'पंचेन्दिय भेलि' र 'नाम बावनी'। 1518 ई०मा रचित 'पंचसहेलीमा' पांचवटी स्त्रीहरूको तिनका पतिहरूको वियोगको अवस्था र केही कालपछि तिनीहरूको पुनर्मिलन बारे वर्णन गरिएको छ। ती स्त्रीहरू माली, पानवाला, लुगा छापनेवाला, शराब बिक्रीगर्नेवाला र सुनारका पत्नीहरू थिए। प्रत्येक स्त्रीले आफ्नो पेशा अनुसारको शब्दावलीमा आफ्नो स्थितिको वर्णन गरेका छन्। मालीकी पत्नी—भन्छे :

"मेरो शरीर-रूपी वृक्षले सुन्तलाको फल फलाउन शुरू गरेको थियो जो रस-पूर्ण र गुलियो पनि थियो। अहिले त्यसले सुक्न आरम्भ गरेको छ किनकि मेरा प्रिय जसले यस वृक्षको सिंचन गर्थे, उनी यहाँबाट टाढ़ा छन्।"

"म चम्पाको फूलको एउटा माला तयार गर्दछु, तर यसले मेरो शरीर जलाउँछ यदि मैले प्रियको अनुपस्थितिमा यसलाई लगाएँ भने।"

बावनीमा गहिरो आस्थासित रचिएका विविध प्रकारका श्लोकहरू छन्।

कुशललाभ (1523-1593 ई०को छेउछाउ)ले विविध विषयहरूमा लेखेका छन्, जस्तै—प्रचलित लोककथाहरूमा आधारित 'माधवानल चौपाई' र 'ढोला मारवाणी चौपाई' 'कथा' अौ मुक्तक कविताहरू जस्तै—आगद्दत्त रस, पूज्यवाहण गीत, जैन-परम्पराको अनुसरण गर्दै लेखे। देवी वा शक्ति जस्तै 'दुर्गा सत्तसी' र 'बावणछन्द', र छंदशास्त्र जस्तै 'पिंगल शिरोमणि' पनि छन्। 'पिंगल शिरोमणिमा' विविध छन्दहरूको वर्णन गरिएको छ। यसमा भाषाका 75 वटा रूपहरू छन् र साथै 'नाममाला' का 24 वटा शब्दहरूका पर्यायवाची शब्दहरूको एउटा संग्रह पनि छ। यो यस्तो प्रकारको पहिलो कृति हो। रचनाकारले भगवान् रामका कथा-को वर्णनको माध्यमद्वारा यस विषयको व्याख्या गरेका छन्। यिनले गद्यको पनि प्रयोग गरेका छन् जसलाई 'वार्ता' भनिन्छ। यो उल्लेखनीय छ कि छन्दशास्त्रमाथि अन्य प्रसिद्ध कृतिहरू जस्तै 'रघुनाथ रूपक गीत रो' अनि 'रघुवर जस-प्रकाश' मा भगवान् रामको कथा यसरी नै वर्णन गरिएको छ।

तरै पनि, 'पिंगल शिरोमणि' कुशललाभको कृति हो भनेर निश्चयात्मक रूपले भन्न सकिंदैन। यसको श्रेय जैसलमेरका कुँवर हरराजलाई पनि दिइन्छ जसका गुरु कुशललाभ थिए। यस पुस्तकको प्रकाशित प्रतिमा क्षेपक र कालदोष भएको हुनाले वास्तविक लेखकको पत्तो लगाउनलाई अझै अनुसन्धान गर्नेतिर संकेत मिल्दछ।

हामीले यिनको 'दुर्गा सत्तसी' को माथि उल्लेख गरेका छौं। 'माधवानल कामकन्दला' र 'ढोला मारू' मध्यकालीन प्रचलित लोककथाहरू थिए। यी कथा-हरूमा कुशललाभका कविताहरू यस क्षेत्रमा सर्वश्रेष्ठ र युगप्रवर्तक भएका छन्। ढोला-मारूको कथामाथि लेखिएका विभिन्न रूपका दोहाहरू लोकप्रिय थिए, विशेषगरेर कथावाचक र गायकहरूमा। कुशललाभले यी छोटा कथाहरू विभिन्न स्रोतहरूबाट संग्रह गरेका थिए र तिनलाई परिष्कृत गरेर ती-संग आफ्ना चौपाई-हरू मिलाए अनि यस कृतिलाई एउटा सुन्दर र कलात्मक आकार दिए। यसले विभिन्न पाण्डुलिपिहरूमा पाइएका स्वरूपहरूमा अन्तर भएको कुरो स्पष्ट गराउँदछ।

समयसुन्दर (1553-1646 ई०) एक जना प्रसिद्ध कवि एवं विद्वान् थिए। यिनका कृतिहरूको विविधता र विशदता आश्चर्यजनक रूपले बढी छन्। यिनले धेरै कृतिहरूको रचना संस्कृतमा गरेका छन्। राजस्थानीमा प्रायः दुइ दर्जन कथा-त्मक काव्य, अधिकांश रास र चौपाई, श्लोकहरूका 8 वटा संग्रहहरू जसलाई 'छत्तीसी' भनिन्छ, र झण्डै 55 वटा जति गीतहरू र मुक्तक छन्दहरू प्राप्य छन्। धेरै-जसो कविताहरू विशेष रागहरूमा गाउँनका निमित्त लेखिएका हुन्। यस सम्बन्धमा यस्तो भनाइ छ कि समयसुन्दरका गीतहरू उति नै असंख्य छन् जति कि

राणा कुम्भका निर्माणहरू (समयसुन्दर रा गीतड़ा कुम्भाई राणाई रा भीतड़ा)।

समयसुन्दरका इतिवृत्तात्मक काव्यहरू 'सिंहलसुत', 'प्रियमेलक रास', 'चम्पक सेठ चौपाई', 'सीताराम चौपाई,' 'मृगावती रास,' 'वस्तुपाल-तेजपाल रास' इत्यादि लोककथाहरू तथा जैन-परम्पराहरूमाथि आधारित छन्।

समयसुन्दरका काव्यहरू, तिनको विषयवस्तु र साथै तिनको रूप, छन्द प्रचलित लय र भाषाको दृष्टिले पनि महत्वपूर्ण छन्। आफ्ना काव्यहरूको माध्यमले यिनले मानिसहरूको सांस्कृतिक र धार्मिक उन्नतिको लागि ठूलो सेवा प्रदान गरेका छन्। स्थल-स्थलमा उनले त्यस युगका विशुद्ध यथार्थवादी चित्रण गरेका छन्। सन् 1630 (विक्रम संवत् 1680)-मा गुजरातमा एउटा डरलाग्दो अनिकाल भएको थियो। त्यस दुःखद अवस्थाको विशद एवं मर्मस्पर्शी चित्रण यिनले प्रस्तुत गरेका छन्, जुन अनिकालको उनी आफै पनि शिकार भएका थिए। उनको 'सत्यसिया दुष्काल वर्णन छत्तीसी' बाट एउटा उदाहरण तल दिइन्छ—

"पतिले पत्नीलाई र पत्नीले पतिलाई छोड़िदिए। छोराहरूले आफ्ना प्यारो गर्ने पिताहरूलाई छोड़िदिए। दाजुभाईहरूले दिदी-बहिनीहरूलाई छोड़िदिए। रिश्ता-नाता र प्रेमले आफ्नो सबै महत्व हराए। मात्र भोजन नै महत्वपूर्ण भएको थियो। असंख्य मानिसहरूले आफ्नो घर र चूलाहरू छोड़ेर सुदूर भूमिमा आश्रय लिन गए। 1687 सालको अनिकाल यति व्यापक थियो कि समयसुन्दर भन्छन्—जो घर छोड़ेर भागेका थिए तिनीहरू पनि भोजन पाउनमा असफल भए।"

अनेक सुन्दर कथात्मक काव्यहरू पद्मिनी र गोरा बादलको विषयवस्तुमा पनि लेखिएका छन्। हेमरतन सूरि (1539-1616 ई०)-को 'गोरा बादल चरित्र' (वा गोरा बादल पद्मिनी चौपाई) एउटा नमूना हो। कविले यस ऐतिहासिक घटनाको वर्णन स्वाभाविक, चाखलाग्दो र अभिभूत गर्ने शैलीमा गरेका छन्। उनको उद्देश्य, आस्था, मर्यादा र चारित्रिक शुद्धता-जस्ता उत्तम गुणहरूमाथि जोड़ दिनु वा प्रमुखता दिनु हो। पद्मिनी, रतनसेन, गोरा बादल, राघवचेतन र अलाउद्दीन का चरित्रलाई यथार्थपूर्ण शैलीमा चित्रित गरिएको छ। यस्तो लाग्दछ कि मानौं कवि आफ्नै संस्मरणहरूको वर्णन गरिरहेका छन्, निकट सम्बन्धलाई कहिल्यै नहराइकन। यस काव्यले एउटी राजपूत रानीको शील र धर्म, आफ्नो धर्म, संस्कृति, परम्परा र मूल्यहरूको रक्षामा लागेका राजपूत योद्धाहरूको राजभक्ति र वीरताको वर्णन गर्दछ। गोरा र बादलले अलाउद्दीनलाई पराजित गरेर राणा रतनसेनलाई मुक्त गराउन सके। गोरा रणभूमिमा नै मारिए, तर राणा आफ्ना भव्य रूपमा आफ्ना किल्लामा (चित्तौड़ मा) फर्के र आए। काव्यको अन्त एउटा सुखद वातावरणमा हुन्छ।

यस काव्यमा केही कवित्तहरू लगायत 619 श्लोकहरू (चौपाई) मा छन्। कवित्तहरू चाँहि हेमरतन-भन्दा पहिलेका कुनै अज्ञात कविको रचना हुन्। हेमरतनको 'महिपाल चौपाई', 'अमरकुमार चौपाई,' 'सीता चौपाई' र 'लीलावती' पनि कथात्मक काव्यहरू हुन्। तर उनको प्रसिद्धि मुख्यत: 'पद्मिनी चौपाई'-मा आधारित छ।

जिनराज सूरि (1590-1643 ई०) एक विद्वान् र कवि थिए। यिनका इतिवृत्तात्मक काव्यहरूमा, 'शालिभद्र धन्ना चौपाई', 'गज सुकुमाल महामुनि चौपाई', र 'रामायणले' लोकप्रियता पाए, विशेष गरेर प्रथम कृतिले अधिक प्रसिद्धि पायो। 'शालिभद्र धन्ना चौपाई' ले यस कथावस्तुमा लेखिएका अरु जम्मै काव्य-हरूलाई जितेको छ र सबैमा यो श्रेष्ठ पनि छ। कविका मुक्तक कविताहरू, तीर्थं-करहरू, विहारमानहरूको स्तुति शत्रुञ्जय र आबू, जस्ता तीर्थस्थानहरूको विवरण इत्यादि छन्। यी जम्मै कविताहरू गायनका निमित्त लेखिएका हुन्।

लबढोडे (1623-1693 ई०)-ले सातवटा कथात्मक काव्यहरूको रचना गरे, जसमा निम्नलिखित चारवटा प्राप्त भएका छन्—'पद्मिनी चरित्र चौपाई', 'मलय सुन्दरी चौपाई', 'रतनचूड मणिचूड चौपाई' र 'गुणावली चौपाई'। प्रथम दुइवटा चाँहि शीलधर्मको गरिमाप्रति संकेत गर्न लेखिएका छन् र अरु दुइवटा चाँहि क्रमश: दानधर्म र ज्ञान-पंचमीप्रति संकेतित छन्। सबैभन्दा उल्लेखनीय कृति 'पद्मिनी चरित चौपाई' 'चाँहि कवि हेमरतनको यसै विषयमा लेखिएको ग्रन्थको शैलीको अनुकरणमा रचिएको छ। यो ग्रन्थ वस्तुत: विविध लोकलय र संगीतको रागमा गाउँनलाई लेखिएको हो। हेमरतनको काव्य झैं यसमा पनि सुखद अन्त भएको छ। 'पद्मिनी' नै विशेष नाम होइन, तर यसमा एउटी भद्र महिलाको पनि वर्णन छ जसमा महिलोचित विशेष गुणहरू छन्। लाबढोडेको काव्यमा राघव र चेतन दुइ व्यक्ति हुन् न कि एउटै जस्तो कि हेमरतनको कृतिमा भनिएको छ।

जिनहर्ष (जसराज, 1628-1722 ई०)-ले झण्डै 74 वटा विशाल काव्यहरू-को रचना गरेका छन्, जसमा केही हुन्—'चन्दन मलयगिरि चौपाई,' 'कुसुमश्री महासती चौपाई', 'विद्या विलास रस', 'मृगपुत्र चौपाई' र 'मत्स्योद्धार रास' जुन चाँहि मुख्यत: जैन-पुराण र परम्पराहरूमाथि आधारित छन्। यी बाहेक, यिनले प्राय: 350 जति फुटकल गीत र श्लोकहरू पनि रचेका छन्, जुन नीति, धर्म र धर्मनिरपेक्षता-सम्बन्धी विविध विषयहरूबारे लेखिएका छन्। यिनका अधिकांश काव्यहरू जस्तै—'प्रेमपत्रिका', 'ढोडक छत्तीसी', 'बारहमासा रा दूहा', 'पन्राह तिथि रा दूहा' अनि 'नेमि राजमती गीतमा' प्रेमको गहिरो संवेदनशीलता, चाहना, इच्छा र वियोगको चित्रण गरिएको छ। यस्ता श्लोकहरूमा काजी महमूद, मीराँ-बाई र 'ढोला-मारू रा दोहाको' प्रभाव दृष्टिगोचर हुन्छ। यसबाट केही उदाहरण-हरू यहाँ तल दिइन्छ :

"जसा भन्दछन्— एउटा अविश्वासी प्रेमीको प्रेम धेरै लामो-सम्म चल्दैन। यो बालुवामा पानी जस्तै अदृश्य हुन्छ। एउटा अविश्वासी प्रेमीको प्रेम बिहानी पखको अदृश्य हुँदै गरेको छाँया जस्तो हुन्छ, जब कि एउटा विश्वासी प्रेमीको प्रेम साँझको बढ़दै गरेको छाँया जस्तो हुन्छ।" (प्रेम पत्रिका बाट)

"प्रियजनहरू मलाई घोर निराशामा छाड़ेर टाढ़ा जान्छन्। उनको बिदाईको दिनदेखि म उनको लागि-मात्र साँस लिदैछु, दुःखको साँस र कहिले त साँस नै थुनिन्छ।"

धरमवर्धन (धरमसी, 1643-1726 ई०)-ले विविध विषयहरू जस्तै नीति, स्तुति ऋतु र वीरहरूबारे लेखेका छन्। यिनका प्रमुख कथात्मक काव्यहरू हुन्— 'श्रेणिक चौपाई', 'अमरसेन बयान सेन चौपाई', 'सुर-सुन्दरी रास'। यिनका विविध विषयमा लेखिएका फुटकल श्लोकहरू प्रचलित छन्। यिनले आफ्नो रचनामा कतिपय काव्यात्मक शैलीहरूको प्रयोग गरेका छन्। उनले आफ्ना केही श्लोकहरू-मा आफ्नो युगको सामाजिक अनि राजनैतिक स्थितिको चित्र उतारेका छन् र आफ्ना नायकहरू शिवाजी र दुर्गादास जस्ताको स्तुतिगान गरेका छन्। यिनका केही श्लोकहरूमा सामाजिक चेतावनीहरू पनि दिइएका छन्। यहाँ उनका 'डिंगल-गीत'का केही पंक्तिहरूको व्याख्या दिइन्छ जुन 1676 ई०मा सूरतमा लेखिएको र शिवाजी मराठाबारे रचिएको छ—

"किम्बा देवी शक्तिले तिनलाई प्रेरणा दिन्छिन् अथवा उनी आफ्नै हतियार-हरूको शक्तिले प्रेरित भएका हुन्, उनले सफलतापूर्वक दुर्जेय किल्लाहरूमाथि आक्रमण गरेका छन्। उनको सामना गर्ने साहस अरु कुन सर्दारहरूमा छ? यहाँ-सम्म कि बादशाह पनि उनको वीरतादेखि भयभीत छन्। उनले ती जम्मै दुष्टहरू-लाई जसले उनीसित लड़ाई गर्ने दुस्साहस गरे, आफ्ना पैतालाले कुल्चिदिए। यदि यस्तो कुनै शत्रु अहिलेसम्म बाँचिरहेको छ भने, तिनीहरू नै हुन् जसले उनको सामु आत्मसमर्पण गरेका छन्। यहाँसम्म कि दिल्लीको बादशाह पनि बिरालो जस्तो काम्न थाल्छ, जब उसले शिवाजीको भयंकर गर्जना सुन्दछ।"

दौलतविजय (1643-1743 ई०) द्वारा रचित 'खुम्माण रास' एउटा ख्याति-प्राप्त कृति हो। यस रासलाई साहित्यका कतिपय इतिहासज्ञहरूले हिन्दी साहित्य-को आदिकाल (1000-1400 ई० को छेउछाउ) अन्तर्गत राखेका छन्, तर वस्तुत: यो 18औं शताब्दीको रचना हो। यसको रचना 1712 ई० तिर भएको थियो। उपलब्ध पांडुलिपि अधूरो छ र यसमा 3576 श्लोकहरू छन्। यसमा मेवाड़का बप्पा रावलदेखि लिएर महाराणा राजसिंह-सम्मको इतिहासको वर्णन गरिएको

शासकहरू छ। साथै दुइवटा विशाल स्वतंत्र काव्यहरू 'खुम्मण र पद्मावती'-बारे लेखिएका छन् जुन यस काव्यमा अन्तर्भुक्त गरिएका छन्। 'खुम्मण रासलाई' आठ भागहरूमा विभाजित गरिएको छ। भाग 2, 3 र 4 चाँहि खुम्मण र उसका विवाहहरूबारे लेखिएका छन् र भाग 6 मा चाँहि पद्मावती र अलाउद्दीनको दन्त्यकथात्मक घटनाको वर्णन गरिएको छ। शेष भागहरूमा मुख्यत: विभिन्न शासकहरूसित सम्बन्धित घटनाहरूको वर्णन गरिएको छ। प्राप्य ग्रन्थको कथानकको अन्त महाराणा राजसिंह-द्वारा जयसमन्द झीलमा एउटा बाँधको निर्माण गरिएको कथासंग हुन्छ। प्राय: दोहा, सोरठा, चौपाई, कवित्त र 'गाहा' छन्दहरूको यस ग्रन्थमा उपयोग गरिएको छ।

खुम्मण र पद्मावतीको कथा भएका भागहरू चाँहि आफ्नो काव्यात्मक उत्कर्षको कारणले उल्लेखनीय छन्। यहाँ सत्य घटना र कथाको सम्मिश्रण भएको छ, साथै वीर र श्रृंगार रसको पनि मेल छ। यहाँ राजस्थानी लोकजीवनको विशद र चित्रमय विवरणहरू पनि छन्, जस्तै—'गणगौर' र 'सावणी तीज' जस्ता पर्वहरू, स्त्रीहरूको सौन्दर्य र श्रृंगार, स्त्रीयोचित हर्ष र उल्लास अनि यी अवसरहरूमा गाउने गीतहरू इत्यादि। हामीलाई यस्तो लाग्द छ कि कविले कदाचित् पहिले यसको चार भाग मात्र लेख्ने योजना बनाएका थिए जसमा खुम्मणको सम्बन्धमा मात्र वर्णन रहोस। तर उनका शिष्य श्यामसिंहको हठपूर्ण अनुरोधले गर्दा उनले पछि अन्तिम चार भागहरूको पनि रचना गरे।

"खुम्मणले दिल्लीका राजाकी पुत्री रतिसुन्दरीसंग बिहे गर्छन् र त्यसपछि उसले आखेट (शिकार)-को निम्ति घरबाट प्रस्थान गर्छ। नलवर नामक स्थानमा उसको तिलोत्तमासंग भेट हुन्छ र दुवै प्रेमको सूत्रमा बाँधिन्छन्। तिलोत्तमा आफ्नो पति-संग छुट्टिएकी हुन्छे। नलवरका राजाले आफ्नी छोरी लासाको बिहे खुम्मणसंग गरिदिन्छन्।"

रतिसुन्दरी भन्दछे:

"हे नलवरगढ़का महिलाहरू, तिमीहरू कृपा गरेर मैले भनेको कुरामा ध्यान लगाउ र मलाई बताइदेउ कि मेरा प्रिय पतिलाई कहिले तिमीहरूले मकहाँ फर्काइदिन्छौ?"

"हे नलवरगढ़का स्त्रीहरू, के तिमीहरूले मेरा पतिलाई सँधैभरिको लागि किन्यौ? म सोच्दछु—कि उनी एउटा बन्धकी राखिएका हार जस्तै हुन्, र तिमीहरूले कुनै-न-कुनै दिन उनलाई मकहाँ फर्काइ दिनैपर्छ।"

खुम्मण तिलोत्तमा र लासा सहित चित्तौड़ फर्कन्छ। तिलोत्तमाको पति-चम्पकदत्तले सुलतान महमूद गजनीको सहायता माँग्छ, जसले पछि चित्तौड़माथि आक्रमण गर्छ। खुम्मणले सोंगरा काण्हड़दे र उसको भतिजो कासमोड सहित खूबै वीरतापूर्वक युद्ध गर्छ र लँडाईमा विजयी हुन्छ।

कासमोडकी पत्नीले आफ्नो पतिलाई भन्दछे :

"हे स्वामी, तपाँईको वीरता र साहसको जय होस्। तपाँई जीवन र मृत्युका स्वामी हुनुहुन्छ। मेरा बारेमा कहिल्यै नसोध्नु होस्, मृत्युको घड़ीमा पनि। हाम्रो निश्चयनै स्वर्गमा भेट हुनेछ। मनुष्यले एकैखेप मर्नु पर्छ, तर वीरको सम्मान बहुमूल्य हुन्छ। यदि तपाँईले आफ्नो जीवनको बलिदान दिएर गौरव किन्नु हुन्छ भने यो व्यापार लाभदायक हुने छ। क्षत्रिय धर्म अरु जम्मै धर्महरूमा सर्वोच्च छ। मनुष्यले एक योद्धाको साहसको गौरवलाई सुरक्षित राख्न पर्दछ। यसकारण, हे मेरा प्रिय, तपाँई युद्धभूमितिर लाग्नुहोस् र तपाँईको खड्गले शत्रुका हात्तीहरूका टाउकामा बिजुलीको चमक जस्तै बज्रिउन्।"

यिनको पद्मिनी-अलाउद्दीनको प्रसंगको वर्णनमा कविले हेमरतन सूरिको 'गोरा बादल पद्मिनी चौपाईको' अनुसरण गरेका छन्। अनेक प्रसिद्ध कृतिहरू जस्तै—गादण शिवदास र खिडिया जग्गा रचित 'ढोला मारू' र 'वचनिकाहरू', गणपति कायस्थ रचित 'माधवानल कामकन्दला प्रबन्ध' र 'पृथ्वीराज रासो' को प्रभाव यस काव्यमा दृष्टिगोचर हुन्छ।

'खुम्मण रास' लाई त्यस युगको प्रतिनिधि काव्यको रूपमा मान्न सकिन्छ।

विनयचन्द्रले 1668 ई० र 1712 ई० को बीचमा रचना गरे। यिनले प्रायः संख्यावाचक काव्यहरू—चौबीसी, बत्तीसी जस्तै श्लोकहरू लेखे जसमा उनले भक्तिका अनुभूतिहरू व्यक्त गरेका छन्। उनको प्रमुख कथात्मक काव्य 'उत्तमकुमार चरित चौपाई'मा बनारसका राजा मकरध्वजको पुत्र उत्तमकुमारको प्रेमकथा तथा साहस यात्राहरू, अन्तमा उसले जैन साधु हुने दीक्षा लिएको कथाहरूको वर्णन गरिएको छ। यसका अधिकांश श्लोकहरू तथा फुटकल छन्दहरू प्रचलित लोकलय-मा गाउँनका लागि रचिएका हुन्। उखान र टुक्काहरू र सामान्य मनुष्यको जीवन-बाट अभिव्यक्तिहरू चाँहि यिनका काव्यहरूका प्रमुख विशेषता हुन्।

जयमल्लजी (1708-1796 ई०) स्थानकवासी सम्प्रदायका आचार्य थिए। यिनका काव्यहरूलाई तीन खण्डमा राख्न सकिन्छ। ती हुन्—उपदेशात्मक, स्तुति र आख्यानहरू। 'आत्मिक छत्तीसी','उपदेश तीसी','उपदेश बत्तीसी','जीव केतावणी', 'पुण्य छत्तीसी','वैराग्य बत्तीसी' इत्यादि (37 काव्यहरू) उपदेशात्मक काव्य हुन्। स्तुति काव्यहरू 9 वटा छन र तिनको नाउँ हुन्—'चौबीसी स्तवन', 'चारमंगल',

'चौंसठ जातियों की सज्झया', 'बीस विरह्मान का स्तवन', 'शांतिजिन स्तवन' इत्यादि। चरित वा आख्यान काव्यहरू ती व्यक्तिहरूका कथा हुन् जो न त जैन परम्परामा प्रसिद्ध थिए औ न लोक-साहित्यमा नै प्रचलित थिए। उदाहरणको लागि—अर्जुन माली, उदायी राजा, कार्तिक सेठ, तेताली पुत्र, परदेशी राजा, महारानी देवकी, मेघकुमार, नेमिनाथ, सती द्रोपदी र सुबाहुकुमार काव्यमा प्रसिद्ध गराइएका छन्। लोककथाहरूलाई यिनले प्रायः जैन जीवनको आफ्नो रूपमा प्रचलित उद्देश्यहरू लिएर पल्टाइदिन्थे, जस्तो कि पूर्वजन्मका कथाहरू दिएर। यिनका विविध कविताहरू अन्तर्गत परेका छन्—'गौतम प्रिच्छा', र 'चन्द्रगुप्त राजाका सोलह सपना' यिनका जम्मै काव्यहरू सरल राजस्थानीमा लेखिएका छन्। *कविको मुख्य उद्देश्य चाँहि जैन धर्म र दर्शनको ज्ञान प्रदान गर्नु र धर्मलाई* सुदृढ़ बनाउनु तथा मर्यादाप्रति प्रेरित हुनु हो।

भीखणजी (1726-1803 ई०) जैन-धर्मका तेरापंथी श्वेताम्बर सम्प्रदायका प्रवर्तक थिए। यिनले अवलोकन शक्ति, काव्यात्मक प्रतिभा र जैन अध्यात्मविद्याको विषयमा गहिरो अन्तर्दृष्टि वरदानस्वरूप पाएका थिए। जैन-परम्परामा आचरण तथा चरित्र शैथिल्यको विरुद्धमा प्रतिक्रियाहरू थिए। यसैकारण 1766 ई० मा तेरापंथी सम्प्रदायका संस्थापना यिनै मध्येको एउटा प्रतिक्रिया हो। भीखणजीले धार्मिक सूत्रहरूको मूलपाठलाई नयाँ भाष्यटीकाहरू दिए। उनले आफ्ना, आदर्श विचारहरू, एक सरल भाषाको माध्यमद्वारा, मिठासपूर्ण शैलीमा प्रदान गरे। उनका काव्यहरू दुइ प्रकार का छन्—(1) ती काव्यहरू जसमा मूलभूत सैद्धांतिक विषयमाथि विचार गरिएको छ, जस्तै—'नवपदार्थ', 'श्रावक बारह बात', (2) ती काव्यहरू जुन कथात्मक शैलीमा लेखिएका छन्, जस्तै—'गौशाला री चौपाई', 'उदय राजारो वखान', तथा 'सुबाहुकुमार रो बखान'। यी अधिकांश कथाहरूको आधार जैन-आगम ग्रन्थ हो, तर तिनलाई विस्तारसहित भन्ने शैली कविको आफ्नै हो। उनका कविताको अन्तिम तत्व हो निर्वेद। कविको विवरणको बीचमा उनले प्रचलित उखानहरूको रूपमा सदाचारको अनुशासन दिएका छन्। यी रचनाहरू गायनको निम्ति नै लेखिएका हुन् र अधिकांश चाँहि प्रचलित लोकधुनमा गाउनको निम्ति लेखिएका हुन्। आचार्यको मुख्य उद्देश्य जैन धर्म र दर्शनलाई साधारण मानिसहरूले बुझ्ने योग्य बनाउनु नै थियो। अनि यसको लागि कथाहरू उत्तम माध्यम हुन् र असले गर्दा यिनले पनि यस माध्यमलाई अपनाएका छन्। यसो गर्दा हुँदी उनले घटनाहरू तथा भावनाहरूको उत्तम विवरण प्रस्तुत गरेका छन्। उनी सत्यका पुजारी थिए र उनलाई जुन कुरो तार्किक दृष्टिले ठीक लाग्दथ्यो, त्यसो भन्नमा उनी अलिकतिपनि हिचकिच गर्दैन थिए। उनका सीधा र सामान्य कथनहरूका धेरै उदाहरणहरू उनका रचनामा यथेष्ट पाइन्छन्। उनले भगवान महावीर तथा 24सौं तीर्थंकरको पनि आलोचना गर्न पर सरेनन्।

भगवती सूत्रको 15वाँ शतकमा मंखली र भद्रको पुत्र गोसालकको कथा दिइ-एको छ। गोसालक भगवान महावीरका शिष्य थिए। तिनले एक पल्ट वैस्यायन नामक एकजना साधुको विचित्र स्वभावको आलोचना गरेका थिए जो जुम्रा समातेर फेरि आफ्नै टाउकामा राख्थ्यो, जब उ सूर्यको पूजा गरिरहेको हुन्थ्यो। यस कुराले गोसालकप्रति साधु वैस्यायनको मनमा शत्रुता पैदा गराइदियो। क्रोधको आवेशमा आएर साधुले गोसालकलाई बोलाउन आफ्नो तेजोलोय (आग्नेय दृष्टि) फ्याँक्यो। भगवान महावीरले उसलाई आफ्नो शीतोलोय (शीतल दिमाग) ले प्रतिहिंसा लिनबाट रक्षा गरे। भगवानको यस कृत्यको भीखणजीले छद्मवेशको रूपमा आलोचना गरेका छन्। अहिंसाको दृष्टिले आफ्नो 'गोसाला री चौपाई' पुस्तकमा यस सम्बन्धमा उनको दृष्टिकोण अन्य जैन कविहरूको भन्दा निकै भिन्न छ।

ज्ञानसार (144-1841 ई०) ले विभिन्न सांगीतिक लयमा गाउने हिसाबले श्लोकहरू लेखेका छन्। उनले 1820 ई० मा एउटा श्लोकबद्ध समालोचना ग्रन्थ पनि लेखेका छन् जसको नाम हो—'छन्द चौपाई समालोचना'। यसमा कुल 413 वटा श्लोकहरू छन् र यो ग्रन्थ कवि मोहनविजय विरचित काव्य 'छंद राजा चौपाई' बारे समालोचना हो। कवि ज्ञानसार कवि आनन्दघनका कृतिहरूद्वारा अत्यन्त प्रेरित भएका थिए र यिनले आनन्दघनको 'रचना चौबीसी' माथि 'बालावबोध' नामको एउटा भाष्य लेखे। उनको 'मालापिंगल' छन्दशास्त्रको विषमा लेखिएको ग्रंथ हो। उनको 'पूरवदेश वर्णन' मा बंगाल प्रांत, विशेषत: मुर्शिदाबाद क्षेत्रका मानिसहरूको रीति-रिवाज, परम्पराहरू, जीवनशैली र पोशाकहरू इत्यादिको यथार्थ रूपले चित्रण गरिएको छ। यो एउटा ब्रजभाषाको कृति हो जसमा राजस्थानीको अलि-अलि छाप परेको छ र यसको रचना झण्डै 1793 ई० तिर भएको थियो।

लौकिक प्रेमकाव्य

हामीले पहिले नै प्राचीनकालमा रचिएका लौकिक प्रेमकाव्यको चर्चा गरि-सकेका छौं। मध्यकालमा पनि लौकिक प्रेम विषयमा विपुल संख्यामा पद्य र गद्य-पद्य मिश्रित ग्रंथहरू रचिएका छन् यी ग्रंथहरू दुइ श्रेणीका छन्—

प्रथम, जसका रचयिताहरू प्रसिद्ध छन् र आफ्नो सर्जनात्मक प्रक्रिया-बारे सचेत छन्। यस्ता काव्यहरूमा सम्बन्धित घटनाहरूको वर्णन बराबर छ अथवा अधिक महत्वपूर्ण छ। भावनाहरूको चित्रणभन्दा तुलनात्मक दृष्टिले हेर्दा, मूल ग्रंथका कम वा नगण्य अनुल्लेखनीय क्षेपक हरू छन्। कथावस्तु चाँहि साधारणतया प्राचीन इतिहासबाट लिइएको छ अथवा काल्पनिक छ। 'माधवानल कामकन्दला' 'बुद्धि' रासौ, इत्यादि यसै श्रेणीमा पर्छन्।

द्वितीय, अज्ञात रचयिताहरूका कृतिहरू। मुख्य कथानक केही यस्तै घटना-हरूमाथि आधारित छ। यससित सम्बन्धित कथा र श्लोकहरू जनतामा निकै लोकप्रिय थिए र यी हामीसम्म एकदम मौखिक परम्पराको माध्यमले आइपुगेका हुन्। तिनको लिखित रूप ता तिनलाई सुरक्षित राख्नका निम्ति पछिबाट भएको विकास हो। यस कारण, यो स्वाभाविक नै छ कि कथावस्तुमा क्षेत्रीय अंतरहरू तथा श्लोकहरूमा भिन्नता पाइन्छ। 'जेठवा-उजाली', 'नागजी-नागमती', 'शेणी-विजानन्द','बिझा-सोरठ','जलाल-बुबाना' इत्यादि यस्तै कथानकहरू हुन्। यी कथा-नकहरू-बारे रचित दोहा र सोरठाहरूको रूपमा धेरै फुटकल श्लोकहरू विभिन्न पाण्डुलिपिहरूमा उपलब्ध छन्। यिनीहरू मध्ये, 'ढोला-मारू' का दोहाहरू प्राचीन र ज्यादै प्रचुरमात्रामा छन्। यी दोहाहरू संगृहीत रूपमा पनि उपलब्ध छन्। यी कथावस्तुहरूमाथि रचिएका श्लोकहरू धेरै प्रकारले र भिन्दा-भिन्दै स्थितिमा गरिएका, प्रेमका स्वतः-स्फूर्त अभिव्यक्तिहरू हुन्। यी काव्यहरूले आवश्यकरूपले यस्तो कुनै संश्लिष्ट कथाको वर्णन गर्दैनन्, मात्र घटनाक्रमको झाँकी नै समय समयमा देखाइएका छन्। विषयवस्तुहरू अधिकतर गद्यमा उपलब्ध कथाहरू विम्ब गद्य-पद्य मिश्रित वा मौखिक परम्पराबाट प्राप्त गरिएका छन्। यिनमा अभिव्यक्त अनुभूतिहरू सांसारिक छन् र शैली तथा स्वरूप पनि एक समान छन्। अनेक प्रचलित श्लोकहरू एकभन्दा अधिक कथामा केही सामान्य अन्तर लिएर मिश्रित भएका छन्। कुनै प्रामाणिक पाण्डुलिपि नभई र कुनै विशेष कथाहरूसंग मिलान गर्न प्रायः कठिन हुन जान्छ। यस्तै प्रकारले यी कथाहरू निश्चय नै यस्तो कुनै सत्य घटनाहरूबाट प्राप्त गरिएका हुन् र मानिसहरूले यसलाई नयाँ रूप दिए वा विस्तृत रूप दिए। उपलब्ध सामग्रीहरूको आधारमा, पात्रहरूको, तिनीहरूको समय र कृतित्व बारे ऐतिहासिकताको जाँच गर्नु त सम्भव छैन। यिनको ऐतिहासिकता बारे खोजी गर्नु त साधारणतः व्यर्थ प्रयत्नमात्र हो। यस्तै प्रकारले मूल रचनाकार-को नाँउ प्रायः लुप्त भइसकेको छ। यसको काम हो पछिका पिँढीहरूका हातबाट तिनीहरूले बराबर पुनः काम वा स्पर्शहरू पाइरहे। (पछिका मानिसहरूले यसमा काम गरिरहेको हुनाले) तिनको सांसारिक प्रभाव बारे सामान्य मूलभूत भावुकता-हरू, अभिव्यंजनाको सरलता, भाषा शैलीको प्रवाह, एकजनाद्वारा भनिएको, चाँड़ै नै अरुहरूद्वारा आत्मसात् गरिए र व्यापकता प्रदान गरिए। यस किसिम-का सैंकड़ी आख्यानहरू-मध्ये मौलिक सत्य चाँहि केही काव्यहरूमा मात्र निहित छन्। यिनमा उल्लेखनीय तत्व के छ भनेदेखि प्रेमको सत्यता र यसको प्रगाढ़ रूप ती काव्यहरूमा पाइन्छ यी रचनाहरू स्वाभाविक भावुक मानवीय अनुभूतिहरूबाट उत्पन्न भएका छन्। अनि यसै कारण यी काव्यहरू आजसम्म पनि बाँचिरहेका छन् ओ जवसम्म प्रेम जीवित रहन्छ तबसम्म यी बाँचिरहने छन्।

छल, क्रूरता, अकृतज्ञता, सामाजिक, धार्मिक र आर्थिक बाधाहरू, कुव्यवस्था

तथा घरेलू कलह र झगड़ाहरू, आदि यी कथाहरूमा एक वा अर्को प्रकारले चित्रित भएका छन्। नियतिवाद र प्रचलित काव्यात्मक परिपाटीहरू यी सबै कथाहरूमा एक समान छन्। यहाँ स्थापित परम्पराहरू-प्रति कुनै विरोध छैन र प्रेमीहरू कि त यिनलाई स्वीकार गर्दछन् कि अथवा तिनमाथि विजय प्राप्त गर्ने चेष्टा गर्दछन्। निराशाको घड़ीमा प्रेमीहरूले चराचुरुंगीहरू, वृक्षहरू, बादल वा प्रकृतिका अन्य आलम्बनहरूसंग आपनो समानता जोड़्दछन्। यी कथाहरूले मानवीय सम्बन्धहरू, सामाजिक चेतना, प्रेमको व्यवहार, र व्यक्तिगत आवेगहरू-बारे समस्या उत्पन्न गराउँछन्। श्लोकहरूमा यस्तो चित्रण गरिन्छ कि मनुष्यले प्रेमको चाहनामा असहाय हुनु पर्दछ र यो पनि कि प्रेमले कुनै जाति, धर्म, वर्ग र स्तरमा भेद राख्न जान्दैन।

हामीले अघि नै भनिसक्यौं कि 'माधवानल कामकन्दला' र 'ढोला मारूका' कथाहरू मध्यकालमा निकै नै प्रचलित थिए। यी कथावस्तुहरूमा आधार गरेर अनेक प्रचलित काव्यहरू लेखिएका छन्।

गणपति कायस्थले जो नरसाका पुत्र थिए, 1527 ई० मा महाकाव्यको शैलीमा 'माधवानल-कामकन्दला प्रबन्ध' को रचना गरे। यो आठ अंग (भाग) हरूमा विभाजित छ जसमा कुल 2565 दोहाहरू (दग्धाकहरू) छन्। माधवानल र कामकन्दलाको कथा प्रेम र प्रणय-साधनाका कथाहरूको विक्रम चक्रसंग जोड़िएको छ। यस महाकाव्यको कथा संक्षेपमा यस प्रकार छ—माधव, प्रेमकादेवता कामदेव झैं सुन्दर ब्राह्मण तरुण थियो जो पुष्पावतीमा बसोबास गर्दथ्यो। यस प्रदेशमा राजा गोविन्दचन्द्रले राज्य गर्थे। राजाकी प्रधान रानी रुद्रमहादेवीले माधवको प्रेम प्राप्त गर्ने असफल प्रयत्न गरिन्। क्रुद्धरानीले माधवलाई देशबाट निकाली दिने आदेश गरिन्। माधव त्यहाँबाट सकमंगडपुर गयो जहाँ नगरका जम्मै तरुणी स्त्रीहरू उसको प्रेममा दीवानी भए। पुरुषहरूले माधवलाई त्यहाँबाट निकालियोस् भनेर राजा रायचन्दसित बिन्ती गरे। माधवद्वारा व्यवहृत प्रेमको शक्तिको जाँच गर्न भनेर रायचन्दले त्यसलाई आफ्ना रानीहरूको अघि ल्याइपुर्‍याए। पछि आफ्नै घरेलू जीवनको शान्तिमा माधवलाई ठूलो खतरा ठानेर राजाले उसलाई त्यहाँबाट खेदिपठाए। यता-उता घुम्दै-घुम्दै माधव कामावती नामक स्थानमा आइपुग्यो र आफ्नो कलात्मक चतुर्‍याँई र प्रतिभाले गर्दा त्यहाँका राजा कामसेनको दरबारमा एउटा सम्मानीय स्थान प्राप्त गर्‍यो। दरबारमा त्यसबेला कामकन्दला नाम गरेकी एउटी नर्तकी नृत्य गरिरहेकी थिई। नृत्य गर्दा एउटा कालो मौरी उसको लुगामा बसेको थियो। मौरीले त्यसको वक्षमा टोकिदियो, तर पनि त्यसले नरोकिकन नृत्य गरिरही। माधवले मात्र यो कुरो चाल पाएको थियो र उसले त्यही पानको खिली नर्तकीलाई उपहारमा दियो, जुन चाँहि उसलाई राजाले सम्मान गर्दै दिएका थिए। यस कुरोले राजालाई रिस उठाइदियो र उनले माधवलाई तुरुन्तै शहर

छोड्ने आदेश दिए। माधव जब शहर देखि जानलागेको थियो, कामकन्दलाले उसलाई एक रातको निम्ति उसंग बस्नै आग्रह गरी र माधवले उसको आग्रह स्वीकार गर्‍यो। यी दुवैजनाको बीच गहिरो प्रेम स्थापित भयो। माधव त्यहाँबाट उज्जैन गयो र त्यहाँ उसले महाकाल मन्दिरको देवलमा आफ्नो विरह वेदनाको उल्लेख गर्दै श्लोकहरू लेखिदियो। राजा विक्रमादित्य ले, जो जनताको दुःखहरण गर्ने व्यक्ति थिए, ती श्लोकहरू पढ्े। त्यसपछि उनले श्लोकका रचयिता माधवको खोजी गर्न लगाए।यस काममा एउटी बूढी राजनर्तकीले सहायता दिई। कामकन्दला-प्रति माधवको प्रेम भएको कुरा जानेपछि, विक्रमादित्यले राजा कामसेनलाई यी दुवै प्रेमीहरूलाई विवाह बन्धनमा बाँधिदिने उत्सव मनाउनाका निमित्त बोलाइ-पठाए। तर यस बारे कामसेनको अस्वीकृति सुनेर विक्रमादित्यले त्यस शहर तर्फ प्रस्थान गरे। कामकन्दलाको प्रेमको शक्तिको परीक्षा लिनलाई विक्रमादित्यले पहिले त नर्तकीलाई आफुप्रति आकर्षित गराउने असफल प्रयत्न गरे, र त्यसपछि उनले माधवको मृत्युको झूठो सूचना नर्तकीलाई दिए। यो झूठो सूचना सुन्ने साथै नर्तकीको पनि मृत्यु भयो। आफ्नो शहर फर्केर आए पछि विक्रमादित्यले माधव-माथि पनि यही परीक्षण गर्दै सूचना दिए कि उसकी प्रेमिकाको मृत्यु भइसकेको छ। माधव पनि यो खबर सुनेर तत्कालै मरिहाल्यो। राजा विक्रम आफुलाई यी दुवै प्रेमीहरूको जो एउटा तरुण ब्राह्मण थियो र अर्की दिव्य सौन्दर्य भएकी तरुणी थिई, मृत्युको कारण ठानेर साह्रै विकल भए। उनको प्रेतमित्र वैताल उनको बचाव गर्न आइपुग्यो अनि यी दुवै मृत प्रेमीयुगललाई फेरि जीवित बनाइदियो। राजा विक्रमले ती दुवैको बिहे गरिदिए र त्यस पछि दुवै जनाले बड़ो सुखपूर्व आफ्नो दाम्पत्य जीवन बिताए।

यो महाकाव्य अनेक दृष्टिकोणले महत्वपूर्ण र उल्लेखनीय छ। जस्तो कि महाकविहरूले गर्छन, सरस्वती तथा गणेशको स्तुति प्रार्थना गर्नको सट्टामा, कवि गणपति कायस्थले आफ्नो काव्यको मंगलाचरणमा, प्रेम र सौन्दर्यको देवता काम-देवको स्तुति गर्दछन्। प्रेमीको वियोगमा विरह-वेदनाको अभिव्यक्तिको आफ्नै एउटा शैली छ, यहाँसम्म कि यसलाई बारहमासाको नियमित शैलीमा गरिएको छ। यस काव्यमा तेस्रो उल्लेखनीय तत्व यो छ कि अन्य यस्ता आख्यान काव्यहरू-मा मात्र नायिकाको सौन्दर्यको वर्णन गरिएको छ। तर यस महाकाव्यमा नायक र नायिका दुवैको मनोहारिता एवं सौन्दर्यको विस्तारपूर्वक वर्णन गरिएको छ। शृंगारका दुवै पक्ष—संयोग र वियोग—को वर्णन पनि यस ग्रन्थको अर्को विशेषता हो। कामकन्दलाको विरहवेदनाको विवेचना गर्दै लेखिएको काव्यको छैटौं अंग (अध्याय) पनि अपूर्व र मर्मस्पर्शी छ। नायिका र नायक-माँझको प्रेम आदर्श प्रेम हो। यसमा समस्या र रहस्यहरूलाई पनि तीन स्थलमा प्रवेश गहराइएको छ नायक र नायिकाको बुद्धिलाई खिज्याउनको रूपमा। यस विवरणले झण्डै 200

श्लोकहरू ओगटेको छ। यी श्लोकहरू बुद्धिको परीक्षणको निम्ति हुँदा-हुँदै पनि कौतुक र आमोद-प्रमोदको निम्ति पनि दिएको हो। यो तिन्ताकको साहित्यिक विशेषता थियो। यस महाकाव्यमा घरेलू जीवन, सामाजिक रीतिहरू र परम्परा, धार्मिक विश्वासहरू, राजमहल, महलवासीहरूको केलिक्रीड़ाहरू र शहरी जीवनको बारेमा विपुल सामग्रीहरू विद्यमान छन्। कविले माधव र कामकन्दलाको पूर्व जन्मको संक्षिप्त कथाहरू पनि दिएका छन्। यस काव्यको भाषा चाँहि मरु-गुर्जर छ।

यस प्रेम सम्वन्धी कथावस्तुले अरु धेरै कविहरूलाई आकृष्ट गरेको थियो। यसका लागि दुइ मुख्य कारण छन्। प्रथमतः, परम्परा र कथामा प्रेमीहरूको वियोगजनित तथा संयोगजनित अवस्थाका अनेक श्रृंगारिक (कामुक) अनुभूतिहरू पनि दिइएका छन्। द्वितीयतः, यस कथाको सम्बन्ध-सूत्र मध्यकालीन आख्यायिकाहरूका सुपरिचित नायकसंग जोड़िएको छ, जसको नाम हो महान् विक्रमादित्य।

जैनकवि कुशललाभ-विरचित 'माधवानल-कामकन्दला चौपाई' यस कथावस्तुमाथि आधारित अर्को महत्वपूर्ण कृति हो। कुशललाभले यस कृतिको रचना 1559 ई० मा आफ्ना विद्यार्थी—जैसलमेरका युवराज हरराजको जिज्ञासा शान्त गर्ने उद्देश्यले गरेका हुन्। यस कृतिमा कुल 662 श्लोकहरू छन्। जसमा अधिकांश चौपाईहरू छन्। यो कृति राजस्थानीमा लेखिएको भएता पनि यसभित्र केही संस्कृत श्लोकहरू र प्राकृत गाहा (गाथा)-हरू पनि दिइएका छन्। प्रायः चार दर्जन जति श्लोकहरू, केही भिन्नताको साथमा, यस कृति र 'ढोला मारू'मा समान छन्। यसकारण यो विचारणीय विषय रहेको छ कि यी दुइ कृतिहरूमा कुनचाँहि यी श्लोकहरूको वास्तविक अधिकारी हो? यसले गणपति कविको प्रबन्धमा दिइएको कथाको अनुसरण गर्दछ तर कुशललाभले, यी प्रेमीहरूको पूर्व जीवनबारे बेग्लै प्रकारको कथाहरू दिनमा मौलिकताको प्रदर्शन् गर्छन्।

यस कथावस्तुमाथि आधारित अझ अर्को उल्लेखनीय काव्य हो—कवि दामोदर-विरचित 'माधवानल कथा' जसमा 793 दोहाहरू छन्। हामीलाई यस्तो लाग्दछ कि यस काव्यकृतिको रचना 17रौं शताब्दीको पूर्वार्द्ध तिर भएको थियो। कुशललाभको काव्य जस्तै, यसका कविले पनि संस्कृत श्लोकहरू र प्राकृत गाहाहरू उद्धृत गरेका छन्। 'ढोला-मारू' 'विन्झा-सोरठ', भीमरचित 'सदयवत्स वीर प्रबन्ध' जस्ता अन्य प्रचलित काव्यहरूबाट केही दोहाहरूलाई केही सामान्य रूपान्तरण सहित यसमा ग्रहण गरिएको छ। माधवको आकर्षक रूपको शक्ति देखाउनका निमित्त दामोदर कविले एउटा नयाँ घटना थपिदिएका छन्। यो कथा हो—एकजना मन्त्रीकी पत्नी, मनवेणीले जब माधवलाई देख्छे, उसको गर्भपात भएको बारेमा लेखिएको छ। तर यसको निम्ति कविले गणपति र कुशललाभको अनुसरण

गरेका छन् ।

यी तीनैवटा प्रबन्ध-काव्यहरू परिपक्व साहित्यिक सृजनहरू हुन् जसमा स्वाभाविक तथा आनन्दपूर्ण ढंगले प्रेमका विभिन्न भावुक स्थितिहरूको चित्रण गरिएको छ ।

'ढोलामारूरादूहा' एउटा अतिप्रख्यात र पौराणिक राजस्थानी-काव्य हो। यसको रचना कुनै अज्ञात कविद्वारा 15 रौं शताब्दीको मध्यतिर भएको थियो। यस काव्यमा वर्णित कथा प्रख्यात र निकै सरल पनि छ। यसमा के चाँहि उल्लेखनीय छ भने—एउटा साधारण कथाको माध्यमले प्रेमको गहिरो तथा बहुविध अनुभूतिहरू एउटा सुस्पष्ट र सुन्दर घरेलू शैलीमा अभिव्यक्त गरेका छन्। यो प्राथमिक दृष्टिले एउटा भावप्रवण काव्य हो जसमा विरहको विषयले प्रभुत्व जमाएको हुन्छ। ढोला प्रति मारवाणीको विरहको सन्देशले जुन ढाढीको जस्तै मानव सहायताद्वारा, प्रकृतिका दूत-द्वारा, जस्तै बादल र पानी-द्वारा, पठाइएका छन्, बिछुडिएको प्रेमको अनुभूतिमात्र नभए र यसबाट उत्पन्न शारीरिक कष्टहरूबारे पनि अवगत गराउँछ। यो कथा निश्चय नै मानवीय छ र यसकारण यसमा मानवको विश्वजनीन समवेदना पनि छ। यो काव्य अन्य प्रेमकाव्यहरूमा अद्वितीय छ र स्थानीयताको रंगले यो समृद्ध पनि छ।

विषयवस्तुको लोकप्रियताको कारणले, अनेक काव्यात्मक रूप र आवृत्तिहरू प्राप्त भएका छन्, जसमध्ये यो 'दूहा' छ, जसबारे हामी अहिले यहाँ विचार गरिरहेका छौं। तर कुशललाभद्वारा रचित दोहा-चौपाईको रूप ज्यादै प्रचलित भएको छ। नागरी प्रचारिणी-सभा, वाराणसीबाट प्रकाशित 'दूहा पाठ' जसमा 674 श्लोकहरू छन्, यद्यपि एउटा उत्तम प्रयत्न हो, तर यसलाई पुनः सम्पादन गर्न आवश्यक छ, किनकि पाठ सम्बन्धी कुनै सूक्ष्म परीक्षण बिना नै विभिन्न परंपराका पाण्डुलिपिहरूमा सुरक्षित रहेका धेरै श्लोकहरूलाई यसमा अन्तर्भुक्त गरिएको छ। यस्ता श्लोकहरू कहिले-कहिले अर्थमा एक अर्काको प्रतिकूल हुन् जान्छन्। शैली तथा शब्दरूपहरू स्वेच्छासहित रूपान्तरित गरिएका छन्। यसका धेरै श्लोकहरू, केही अल्प रूपान्तर गरेर अन्य काव्यहरूभित्र पनि प्रविष्ठ भएका छन्, जस्तो कि कुशललाभको 'माधवानल-कामकन्दला-चौपाई' र कबीरका साखीहरू (नागरी प्रचारणी सभा द्वारा प्रकाशित 'कबीर ग्रन्थावली' मा दिइएको छ), जसको लागि कुनै स्पष्टीकरण दिइएको छैन।

केही अल्प पाठान्तर-सहित राजस्थानको छिमेकी राज्यमा पनि ढोला-मारू लोकप्रिय छ। यसमा एक स्थानमा निम्नलिखित वर्णन गरिएको छ—

मारवाणी बादललाई भन्छे—

"बिजुली प्रकाशमान र तापयुक्त छ। यो चम्किन्छ र मलाई भयभीत

बनाउँछ । म एकली छु यहाँ । हे बादल, तं दयापूर्ण आर्द्रताले भरिएको छस्, यस-कारण तेरो वज्र-गर्जन कोमल र प्रिय होस् जसले मेरो विरहवेदनामा मलाई सान्त्वना दिन्छ ।"

मारवाणीले ढाढीहरूसंग भन्छे—

"एउटा प्रभावशाली सन्देशवाहकको मुखबाट दिइएको सन्देशले आश्चर्यजनक कार्य गर्न सक्छ । यसले प्रेमीका शब्दहरू मात्रै विनिमय गर्दैन अझ यसले त्यस विचारीको अश्रुपूर्ण मूर्तिचित्र पनि अंकन गर्न सक्छ ।"

कविले मारवाणीको त्यस रूपको चित्रण गर्छन् जब त्यसले ढोलाको देश-तर्फ जाने पथिक-लाई आफ्नो प्रेमको सन्देश दिइपठाउँछे—

"विरह वेदनाले पीड़ित शरीर भएकी प्रेमिकाले आफ्नो सन्देश आफ्नो यात्री-लाई दिन्छे । जब उ नयन झुकाएर आफ्नो एड़ीले जमीनमा रेखा कोर्न थाल्छे, त्यसका आँखाबाट हृदयबाट चुहेको आँसुद्वारा उसलाई जम्मै सन्देशहरू भनि-दिन्छे ।"

मारवाणी भन्छे—

"मेरो प्रेम मेरो हृदयमा एउटा रुख जस्तै बढ़िरहेको छ । वियोगले यसका पातहरू झारिदिन्छ र प्रेमको सम्झनाले फेरि नयाँ पातहरू पलाउन थाल्छन् । नित्य झर्ने र पलाउने प्रक्रियाले मलाई प्रतिदिन पीड़ा दिन्छ ।"

"के मेरा नायकको देशमा संदेश लेख्नलाई कुनै कागज छैन, अथवा त्यहाँ कलम र मसी छैन । मेरा प्रियबाट सन्देश नपाइ म के गरूँ, म कसरी बाँच्नु ?"

ढोलाले भन्छ—

"बिजुली समुद्रदेखि सैंकड़ौ योजनपारि चम्किरहेछ । ढोला सम्पूर्ण सुख-सुविधा सहित नरवरमा बसेको छ, जबकि उसकी प्रिया मारवाणी पुगळका गल्ली-हरूमा उसको खोजी गर्दै हिड़छे ।"

बिसु चारणले मारवाणीको सौन्दर्य-वर्णन यसरी गर्छन्—

"मेरा यी लौकिक आँखाहरूले मारू जस्ती सुन्दरी अरु कसैलाई देखेका छैनन् । उसको अनुहारले बिहानी पखको सूर्यका जोतिर्मय किरणहरू प्रदान गर्दछ ।"

कुशललाभ-द्वारा रचित 'ढोला मारवाणी चौपाई' मा यस पौराणिक कथालाई केही पाठान्तर सहित पुनः भनिएको छ । मारूका माता-पिता राजा पिंगल र उमादेवीको विवाह-बारे उल्लेख पुस्तकको आमुखमा गरिएको छ । यो एउटा बेग्लै कथा हो र यसले हामीलाई चारण-शैलीका कथात्मक काव्यहरूको सम्झना गराइदिन्छ, जसमा वंशावलीको ब्यौरा पनि दिइएको छ । कविले मुख्य कथानकलाई अधिक व्यापक र बोधगम्य बनाउनका निम्ति यी कथासूत्रहरूको प्रवेश गराएका छन् । उनले कथाको भावी गतिबारे अगावै संकेत दिइएका छन् । उनले यो स्वीकार गरेका छन् कि ढोला-मारूको कथा र दोहाहरू पारम्परिक रूपले हालेका हुन्, कि—उनले ती कथा र दोहाहरूलाई आफ्ना, चौपाईमा समावेश गरेका छन् र यसमा उनले आफ्ना श्लोकहरू पनि जोड़ेका छन् । कविको यस स्वीकारोक्तिले हामीलाई यो सठीक तत्व प्रदान गर्दछ कि 1530 ई० मा अर्थात् यस चौपाई को रचनाकालमा दोहाहरू र यस पुराण-कथा राजस्थानको उत्तर पश्चिमी भूभागहरूमा अत्यन्त लोकप्रिय र प्रचलित थिए ।

कवि जल्हण द्वारा रचित 'बुद्धि रासौ' को प्राप्य पाण्डुलिपिको रचनाकाल 1647 ई० (वि० सं० 1704) दिइएको छ र यो पहिले लेखिएको कुनै पाण्डुलिपिको प्रतिलिपि जस्तो देखिन्छ । श्लोकहरूको क्रमसंख्यामा तीनवटा श्लोकहरूको अन्तर पाइन्छ—संख्या 63 को श्लोक पछि अर्को संख्या 67 दिइएको छ । जुन आखिरीसम्म क्रमशः चलिरहन्छ । यस प्रकार कुल 140 श्लोकहरूको सट्टामा, जस्तो कि केही विद्वान्हरूले जनाएका छन्, यसमा संख्या 137 मात्र छ । यहाँ यो भन्न सकिन्छ कि यस काव्यको रचना संभवतः 16 औं शताब्दीको उत्तरार्द्धतिर, (पूर्वार्द्ध न भए पनि) कुनै वेला गरिएको थियो । विचित्र कुरो यो पनि छ कि जल्हा वा जल्हण नाम कवि चन्दबरदाई ('पृथ्वीराज रासौ' का प्रख्यात कवि)-को पुत्रको नाम पनि हो । यस कुरोले केही विद्वान्हरूको मनमा यो धारणा बसेको छ कि यस 'बुद्धि रासो' का रचयिता र चन्दबरदाईका छोरा एउटै व्यक्ति हुन् । यहाँ यो कुरो पनि पालन गरिएको छ कि पहिलो (अर्थात् पुस्तकका रचयिता) एक जना जैन कवि थिए । यी दुवै अनुमानहरूको कुनै सत्य आधार छैन र यी अमान्य छन् ।

'बुद्धि रासौ' को कथानक, जुन चाँहि काल्पनिक देखिन्छ, संक्षेपमा यस प्रकार छ—चम्पावतीको एक तरुण राजकुमार आफ्नो साथमा प्रचुर सम्पत्ति लिएर अर्को देशमा जान्छ । अनि त्यहाँ उ एउटी तरुणी र जलधितरंगिणी पट्टी नाम की सुन्दरी वारबधूसंग धेरै दिन-सम्म बस्दछ । पट्टीले उसंग प्रेम गर्न थाल्छे र राजकुमारलाई आफ्नो पति सम्झन थाल्छे । राजकुमारले त्यस तरुणीलाई 'आउँदो वसन्तमा

फर्केर आउँछु' भनेर वचन दिन्छ अनि आफ्नो घर फर्कन्छ। त्यस पछि पट्टीले एउटी विवाहिता स्त्रीको आदर्श र विश्वसनीय जीवनशैली धारण गर्छे। अत्ता नाम गरेकी अर्की गणिकाले, जो बुद्धिमती र बढ़ी उमेरकी थिई, त्यसलाई धन-प्राप्तिको लागि आफ्नो संघैको वारवधूको जीवनलाई चलाइरहने आग्रह गर्दछे। तर पट्टीले उसको सुझाउलाई अस्वीकार गर्छे र आफ्नो पातिव्रत्य धर्म र विश्वसनीयतामाथि उ दृढ़ रहन्छे। राजकुमार फर्केर आउँछ र तिनीहरू दुवै जीवनभरि बड़ो सुखपूर्वक व्यतीत गर्छन्।

यस काव्यको मुख्य भागमा ती दुइ गणिकाहरू, तरुणी र बूढ़ी-माँझको वार्तालाप दिइएको छ, जस्तो कि पाण्डुलिपिको अन्तिम अलंकृत पृष्ठबाट पनि ज्ञात हुन्छ। सांसारिक मायामोहमाथि प्रेमको विजय यस वार्तालाप को मुख्य विषय हो।

अत्ता भन्छे—"हे प्रेममा मुग्ध सुन्दरी, मेरो अनुहारमा हेर जसमा बढ़ी आयुको कारणले चाउरी परेको छ। यौवन त परिवर्तनशील छ, यसकारण जतिसक्दो हुन्छ धन जम्मा गरिराख्न पर्छ, हे मृगनयनी तरुणी।"

पत्तीले उत्तर दिन्छे—"हे आमा, मान्छेलाई पगला बनाउने धनको कुरा तिमी नगर। मेरो हृदय प्रेममा दीवाना भएको छ। म त आफ्ना प्रियतमको प्रेम र स्नेहको छाँयामा उभिन्छु, जसले मलाई छाताले झैं छोपेर राख्दछ।"

यसमा कथायोजना सामान्य छ र यसको संवाद तीखो अनि संक्षिप्त छ, साथै सठीक पनि छ र प्रभावशाली पनि छ। यो काव्य भाषाको दृष्टिले पनि महत्वपूर्ण छ जसमा राजस्थानी भाषामा अपभ्रंशको सामान्य छाप र ब्रजभाषा मिश्रित छ।

'लक्ष्मणसेन पद्मावती चौपाई' कवि दामो द्वारा 1459 ई० मा सरल राजस्थानी भाषामा लेखिएको थियो। यसमा 300 श्लोकहरू छन्, जुन दोहा र चौपाई छन्दमा बद्ध छन् र यो तीन भागमा विभक्त छ। यसभिन्न केही संस्कृत श्लोकहरू र प्राकृत गाहाहरू पनि छन्।

यस काव्यमा दिइएको कथा चमत्कार, प्रेम र वीरता मिश्रित छ। यस्तो ज्ञात हुन्छ कि कवि जैनधर्म-प्रति अधिक प्रभावित थिए, किनकि काव्यमा नायक लक्ष्मणसेनले सूर्यास्त पछि भोजन गर्न अपवित्र हुन्छ भनि विचार गरेको छ। यो रचना काव्यात्मक सौन्दर्यको दृष्टिले साह्रै महत्वपूर्ण त छैन किन कि यसमा प्रेम-व्यापारको चित्रण, प्रेमपूर्ण भावनाहरू र वीरतापूर्ण कर्मको चित्रण छैन जस्तो कि यसको सामाजिक र धार्मिक विश्वासहरूको विवरण र भाषाको प्राचीनतामा छ। अवसर-संयोग र चमत्कारहरूले यस कथावर्णनलाई चिह्नांकित गरेको छ। नायक र नायिकाको शारीरिक सौन्दर्यको वर्णन मात्र परम्परागत हो। कथा चाँहि सिद्धांत वाक्यहरू द्वारा धरमराएको छ, जसले अतीतका घटनाहरूको महत्वलाई स्थायी रूप दिन्छ। यहाँ तीनवटा दोहाहरूको भावार्थ दिइन्छ—

"संसारमा यस किसिमका मनुष्य थोरै नै छन् जसले अरु मानिसहरूको पीड़ालाई राम्ररी बुझ्न सक्दछन् र तिनीहरूको खुशीमा खुशी हुन्छन्। यस्ता मानिसहरू पनि विरलै नै छन् जसले अरुको कार्यलाई आफ्नो निम्ति खुशीसंग स्वीकार गर्छन्।"

"अधिकांश पुरुषहरू ती हुन्छन् जसले अरु मानिसहरूको कष्टमा आमोद-प्रमोद मनाउँ छन्। हर्ष मनाउँछन् र अरु को खुशीमा उनीहरू नखुश हुन्छन् र अरुको कष्टको लागि संघर्ष गर्ने बेलामा उनीहरू मुख लुकाउँछन्।"

"सिंहहरू, बाजपक्षी (चील) तथा साहसी मनुष्य आफ्नो पतनदेखि प्रत्येक पल्ट माथि उठछन् जब कि हात्ती, भेड़ा र स्त्रीका स्तनहरू तथा कायर मनुष्यहरू एक पल्ट गिरे पछि फेरि उठ्न सक्तैनन्।"

जेठवा-उजाली सम्बन्धी प्राच्यश्लोकहरूलाई जो संख्यामा झण्डै एक सय जति छन् 'जेठवाइ रा सोरठा' (वा दूहा) भनिन्छ। यसलाई उजालीले आफ्नो प्रेमी जेठवालाई सम्बोधन गर्दै भनेको शैलीमा लेखिएको छ। तिनीहरू कथा भन्दैनन्। यसको कथा र केही श्लोकहरू हामीकहाँ मौखिक परम्पराबाट आइपुगेको छ। यसको एउटा गुजराती रूपान्तर, जसमा अलिकति भाषिक अन्तर छ, गुजरातमा पनि उति नै लोकप्रिय छ। यी सोरठाहरू विविध पाण्डुलिपिहरूमा छरिएका छन्, जुन 17रौं शताब्दी देखि यताका हुन्। मूल सोरठाहरू हुन सक्छ 1500 ई० तिर रचिएका थिए होलान्। यसको कथा संक्षेपमा यस प्रकार छ—

राजकुमार जेठवा राजधानी घुमालीको थियो र उ आखेट खेल्न गयो। उ घोड़ाको जीनमाथि बसेको बेला वर्षा र आँधीको भयंकर गर्जनले उसको चेत हरायो। घोड़ाले उसलाई अमरा नामक चारणको झुप्रोमा पुऱ्याइदियो। अमरा तथा उसकी तरुणी छोरी उजालीले उसलाई चेतमा ल्याउनलाई सकेसम्म कोशिश गरे। गरीबअमराकोमा जेठवाको शरीरलाई न्यानो गराइदिने ओढ़ने पनि थिएन। यसकारण उसले आफ्नी छोरीलाई सोधेर जेठवालाई उसको नांगो अंगालोको न्यानोपन् दिने आग्रह गर्ने विचार गऱ्यो। उसले छोरीलाई भन्यो—यदि यो अचेत तन्नेरी उनीहरूकै जातिको रहेछ भने उसले छोरीलाई त्यससंग बिहे गरिदिने छ। उजालीले जुन कुरो गर्ने आदेश दिइयो त्यही गरी र जेठवालाई होशमा ल्याउनमा सफल भई। जेठवाले उजालीलाई बिहे गर्नेछु भनेर आश्वासन दियो। तिनीहरूको दु:खको समयमा अकस्मात भएको भेट दुवै-माँझ गहिरो प्रेममा परिणत हुन गयो। तर, उजाली एउटी चारण जातिकी केटी हो भनेर जानेपछि जेठवा अकमक्क पऱ्यो, किनकि परम्परा-अनुसार राजपूत र चारण माँझ बिहेबारी वर्जित थियो। यस रीति-रिवाजमा बाँधिएको अनुभव गरेर जेठवाले उजालीलाई

बिहे गर्ने कुरा छोड़िदियो अनि उ राजमहलमा नै बसिरह्यो। उजालीले त्यसपछि उससंग भेट गर्न सकिन।

उजाली-द्वारा अभिव्यक्त गरिएका श्लोकहरूले उसको विरहलाई अनेक प्रकारले चित्रित गर्दछन्। यसमा उसले जेठवालाई उसको प्रेमको पुकार सुनेर उससंग भेट गर्न आउने अनुरोध गरेकी छ। यी श्लोकहरूमा प्रेमको अभिव्यक्ति दुःखमा छटपटिएको, विरहको पीड़ा, आग्रह, प्रार्थना तथा पुर्नमिलनको लागि उत्सुकतासंग प्रतीक्षा आदि भावहरूको अत्यन्त सुन्दर ढंगले अभिव्यंजना गरिएको छ। स्त्री-जातिका सीमाहरूबाट उब्जेको असन्तोष तथा लगातार वियोगको दुःखमय अवस्थाको चित्रण बड़ो मार्मिक शैलीमा प्रस्तुत गरिएको छ। उजाली जेठवालाई सम्बोधन गर्दै भन्छे—

"तिमी बिना म कसरी बाँच्नु? जंगलमा रहने मृगले पनि उसको बन्धन टूट्यो भने बाँच्ने इच्छा गर्दैन।"

"कुनै व्यक्तिले मानसरोवरको जल पूर्ण रूपले पिएको छ भनेदेखि एउटा सानो तलाउको जलले कसरी उसको तिर्खा मेट्न सक्छ?"

"जो उच्च छ त्यहाँ पुग्न गाह्रो छ, जो तल छ उसलाई यो स्वीकार छैन। मेरो जीवन चाँहि यस्तो छ जो यस ध्वंसकारक दुविधाले गर्दा नष्ट भयो।"

"म देवताको वास्तविक मन्दिर खोज्नमा असफल भएँ र आफ्नो जीवन एउटा खाली मन्दिरको उपासना गर्दै व्यर्थै बिताएँ।"

"सबै पानी एउटै हो, यसरी नै सबै मनुष्य एउटै हो। यस जातिभेदलाई बिर्सिदेउ, हे मेरा प्रियतम, तिमी आउ, मेरो जीवनसाथी, मेरो प्रेमको तृष्णा मेटिदिनको निम्ति तिमी बादल-झैं बर्सिदेउ।"

"बर्सिने बादलले पृथ्वीलाई छोएको छ र अतिवृष्टिले यसलाई सिंचन गर्दछ। तर मेरो भाग्य, यसको एक थोपा पनि मेरो लागि छैन।"

"तिमीले आफ्नो वीणाको तारद्वारा निस्केको संगीतले मलाई अनुरक्त बनायौ। मलाई हेर, म तिम्रा विशेषताहरूको कदर गर्दछु, तिम्रा जातिबारे म चिन्ता गर्दिन।"

'शेणी-विजानन्दको' कथा बारे छरिएका झण्डै 80 वटा श्लोकहरू विभिन्न पाण्डुलिपिहरूमा पाइएका छन्। यी श्लोकहरू 18 औं शताब्दी र त्यसपछि लेखिएका जस्तै देखिन्छन्। वस्तुतः, यी पदहरू हुन सक्छ 16 औं शताब्दी तिर लेखिएका थिए। यसको कथा यस प्रकार छ—

"बिजानन्द एउटा गरीब चारण थियो जो वीणा बजाउनमा अत्यन्त निपुण थियो। अनि शेणी एक जना धनी चारण वेदाकी तरुणी कन्या थिई। उसले सँधैं बिजानन्दको वीणावादन सुन्ने गर्दथी। विस्तारै, दुवै प्रेमको बन्धनमा फँसे। बिजानन्दले शेणीसंग बिहे गर्ने इच्छा प्रकट गरयो, तर वेदाले बिजानन्दको सामु यस्तो शर्त राख्यो—यदि उसले एक वर्ष-भित्रमा कालो शरीरमा सेतो दाग भएको 101 वटा भैंसीहरू ल्यायो भने उसको बिहे शेणीसंग हुन सक्छ। दिइएको अवधि-भित्र विजानन्दले त्यो माँग पूरा गर्न सकेन। शेणीको निराशाले उसलाई हिमालय-तिर लग्यो। त्यसले हिमालयको चीसो बरफमा कक्रिएर मर्ने निश्चय गरी। विजा फर्क्यो र शेणीको हिमालय-गमनको कुरा सुनेर उ पनि हिमालयतिर लाग्यो। विजा यस्तो बेलामा हिमालय आइपुग्यो जबकि उसले शेणीलाई मरणासन्न अवस्था-मा भेट्टायो। उसले शेणीलाई घर फर्कने आग्रह गरयो तर शेणी मान्दैमान्दिन। सट्टामा उसले विजानन्दलाई वीणा बजाएर सुनाउने आग्रह गरी जसमा कि उसले वीणा सुन्दै अन्तिम सांस लिन सकोस्। विजाले यसै गरयो र शेणीलाई मर्दै गरेको हेरयो। विजा वियोगले पगला हुन्छ र उ पनि चाँड़ैनै मरिहाल्यो।"

विजाप्रति शेणीको समर्पण र गहिरो प्रेमको चित्रण मार्मिक तथा करुणाजनक छ। विजाको प्रेम-बिना शेणीको निमित्त सबै थोक अनुपयोगी छन्। यदि उसले प्रेमीको सेवा गर्न पाए उ चाहे जे पनि बन्न सक्छे। शेणी भन्छे—

"मेरा यी कोमल बाहुहरू, राता चुराले सज्जिएका, अब यिनको के उपयोग छ र, यदि यिनले विजाको गर्दनमा अंगालो हाल्न सकेनन् भने यिनको के उपयोग?"

"वर्ष बित्यो र बादल फेरि फर्केर आयो अनि यसले सारा धरतीलाई हरियाली दिइरहेछ। तर शेणीमात्र सुकेर गई, किनभने विजा फर्केर आएन।"

'हे ईश्वर, मरुभूमिमा म सिढ़ी भएको एउटा कुवाँ भएको भए कस्तो हुने थियो नि? त्यस सिढ़ीमा टेकेर विजा लुगा धुन जाने गर्थ्यो।"

"हे ईश्वर, विजाले हिंड़ने बटोमा म एउटा नीमको रुख भइदिए पनि हुन्थ्यो नि? जसमा कि उसले आफ्नो ऊँटलाई त्यस वृक्षको शीतल छाँयामा बिसाउन लगाउने थियो।"

शेणीले विजानन्द-सम्म सन्देश पुरयाइ दिने भनेर हिमालयलाई अनुरोध गर्छे, उ भन्छे—"हे विजानन्द तिमी मृत शेणीका अतिथि भएर हिमालयको सरोवरको तटमा आउ।"

आफुलाई हर क्षण मर्दै गरेको देखेर त्यसले अत्यन्त निराश भएर विजानन्द-

लाई भन्छे—(जो त्यहाँ आइपुगेको हुन्छ) "मेरो प्राय: पूरा शरीर जड़वत् भइसके-को छ। अब तिमीसंग, फर्केर जानु मेरोलागि असम्भव छ। हे विजानन्द, तिमीले अब हताश भएर फर्कनु पर्ने छ।"

'नागजी-नागवन्ती' (नागमती)-को कथाको परम्परागत र लौकिक रूपान्तर-मा केही विषयगत भिन्नता छन्। यस्तो भिन्नता विभिन्न पाण्डुलिपिहरूमा प्राप्त पाठहरूमा पनि पाइन्छन्। यसमा छरिएका श्लोकहरू, जो संख्यामा प्राय: 50 जति छन्, 18रौं शताब्दी र त्यसपछि लेखिएका पाण्डुलिपिहरूमा पनि उपलब्ध छन्। यिनमा केही मूल रचनाहरू 16रौं शताब्दी मा लेखिएको-जस्तो ज्ञात हुन्छ। केही श्लोकहरूमा, नायिकाको नाम सुगना पनि दिइएको छ। कथाको सारांश यस प्रकार छ—

"नागजी नागमतीको प्रेममा फँसे अनि नागजीकी भाउज्यूले ती दुवैको बिहे गुप्त रूपले गरिदिने प्रबन्ध गरी। यस विवाहबारे केही पनि थाहा नपाएको हुनाले, नागमतीका पिताले छोरीको बिहे अर्कै मानिससंग गरिदिए जोसंग उसको पहिले नै मंगनी भइसकेको थियो। यसको केही समयपछि नागजी नागमतीलाई भेट्न आए, र त्यसको अर्कोसंग बिहे भएको कुरा जानेर साह्रै नै दुखी भए। नागमती-देखि विदा लिएर तिनले आत्महत्या गर्छन्। नागमती नागजी कहाँ आउँछे र उन-लाई मरिसकेको भेट्टाउँछे। त्यसपछि उ आफ्नो पतिसंग समुराली गाँउतिर लाग्छे। त्यो गाँउ-जाने बाटो चाँहि श्मशानको छेउबाट भएर गएको हुन्छ र श्मशानमा नागजीको लाश जल्दै गरेको हुन्छ। नागमती आफ्नो दु:ख र शोकलाई दबाउन सक्दिन र उ गोरुगाड़ीबाट तल उत्रिन्छे अनि नागजीको जल्दै-गरेको चितामा हाम फाल्छे र आफु पनि जल्दछे।"

यस काव्यको आकर्षक भाग चाँहि नागमतीको दु:ख र निराशाको अभि-व्यंजनामाथि निर्भर गर्छ जब उसले नागजी अर्थात् आफ्नो वास्तविक पतिको मृतदेहको पत्ता लगाउँछे, साथै उसको अश्रुपूर्ण दु:खको मर्मस्पर्शी वर्णनमा पनि छ जब उसको प्रेमी तथा स्वामीले उसको वियोगमा मृत्युलाई ग्रहण गर्दछ।

जब नागमती नागजीको पछि-पछि जान्छे तब त्यसले विचार गर्दछे कि सायद नागजी उदेखि क्रुद्ध भए होलान् भनेर, उसले भन्छे—"प्रिय, तिमीप्रति मभित्रको प्रेम निकाल्नमा तिमी बंजारा-जस्तै साहु-सूदखोर छौ, तर हे मेरा प्रिय, मसंगको सम्बन्ध तिमी नतोड़।"

"हे नागजी, तिमीले मेरो बारम्बारको पुकारको कुनै उत्तर दिंदैनौ। तर याद गर मेरा प्रिय, तिमीले पछि मेरो प्रत्युत्तरको निम्ति याचना गर्नु पर्नेछ।"

नागजीको चिताको छेउमा उभिएर उ भन्छे—

"हे नागजी, तरुणाईको प्रेम शिथिल हुन सक्ला, तर यो कहिल्यै अदृश्य हुँदैन—जस्तै पानको लता, जसले फूल पैदा गर्न सक्तैन तर उम्रिनु र बढ्नु यसले बन्द गर्दैन।"

'विनझा-सोरठको' कथासित सम्बन्धित 41 श्लोकहरू भएको प्राप्य पाण्डुलिपि को रचना 1661 ई० मा भएको थियो। प्रायः 75 श्लोकहरू चाँहि अन्य पाण्डुलिपिहरूभित्र पाइएका छन्। मौलिक रचना चाँहि सम्भवतः 16 रौं शताब्दीको आरम्भमा भएको थियो। केही प्राचीन दोहाहरूद्वारा यो देखिन्छ कि काव्यकी नायिका सोरठको खास नाँउ चाँहि सोनल थियो—जसै राव खेंगरले सोनल र विनझालाई आलिंगनबद्ध भएको देखे उनले आफ्नो क्रोध दबाएर ती दुवैलाई एउटा च्यादरले छोपिदिए।

यहाँ कथाका अरु विभिन्न रूपान्तरहरू पाइन्छन्। प्रचलित राजस्थानी रूपान्तर चाँहि यसप्रकार छ—

सोरठ नाम गरेकी एउटी सुन्दरी तरुणीको पहिले एउटा धनी आदिवासी राजा रूंडसित बिहे भएको थियो। उसलाई गिरनारका राव खेंगरले जूआ खेल्न-भनि आमन्त्रित गर्‍यो। राव खेंगर सोरठको सौन्दर्यप्रति आकर्षित भएर उसलाई प्राप्त गर्ने चेष्टा गर्नथाल्यो। रुंडले जूआमा आफ्नो सर्वस्व हारिपठायो, यहाँसम्म कि उसले आफ्नी स्वास्नीलाई पनि जूआको दाँवमा हार्‍यो। विनझाले, जो राव खेंगरको आफन्त थियो, सोरठलाई उसको राजमहलमा लिएर जाँदा उ आफै सोरठसंग प्रेम गर्न थाल्यो। उसले प्रायः एकान्तमा सोरठसंग भेट गर्ने गर्थ्यो। एक पल्ट खेंगरले तिनीहरूको पत्ता लगायो र फलस्वरूप विनझालाई त्यहाँबाट निकालिदियो। विनझाले पाटनको नवाबसित सहायताको लागि याचना गर्‍यो। खेंगर लँडाईमा मारियो, तर विनझा सोरठलाई प्राप्त गर्नमा असफल भयो, किनकि सोरठलाई नवाबले लग्यो। विनझा सोरठ बिना बस्न सकेन र उ मर्‍यो। सोरठले, कुनै प्रकारले आफ्ना प्रेमी विनझाको चिताको निकट आउनमा सफल भई र त्यहाँ उसले विनझासंग फेरि अर्को जन्ममा भेट होस् भनेर आफ्नो जीवन उत्सर्ग गरिदिई।

सोरठको आफ्नो प्रेमीलाई हेर्ने इच्छाबारे लेखिएका जति श्लोकहरू छन्, तिनमा उसको प्रेमप्रतिको अनुभूति, व्याकुलता तथा वियोगका पीड़ित भावनाहरू अति सीधा-सादा शैलीमा अभिव्यक्त गरिएको छ। कविले सोरठको सौन्दर्यको एउटा आकर्षक चित्र खिचेका छन्—

"सोरठ किल्लाभित्र आफ्नो राजमहलबाट तल उत्रिन्छे। उसका पाँवका कल्लीहरूले सुमधुर संगीत पैदा गर्छन् र उसका पाँवका गतिले गिरनारको किल्ला र त्यसका कंगुराहरूलाई पनि कम्पित गरिदिन्छन्।"

"हे सोरठ, तिमी सुन्दर केशराशियुक्त सुन्दरी, चन्द्रमातिर तिमी नहेर, नत्र चन्द्रमा तिम्रो रूपमा बेहोश भएर तल झर्ला र गोधूलि अन्धकारमा परिणत हुनेछ।"

सोरठ विनझाको लागि अफसोस गर्दै भन्छे—

"मैले विनझालाई गल्लीको बाटोमा भेटें र म उसको आलिंगनको खातिर भोकी थिएँ। हे विनझा, मेरा प्रिय, म अरूको लागि रानी भएता पनि तिम्रो पाँवकी म धूलो हूँ।"

जलाल-बुबाना सम्बन्धी प्रायः 110 दोहाहरू छन्। यी दोहाहरू सम्भवतः 16 रौं शताब्दीको उत्तरार्द्ध र 17 रौं शताब्दीको आरम्भिक कालमा रचिएका थिए। कथा संक्षेपमा यस प्रकार छ—

"गाहणी, थट्टा बाखरका राजा मृगतमायचीकी बहिनी थिई, जसको बिहे कुलनहसीबसंग भयो। कुलनहसीब बलखको राजा थियो जसको राजधानी गजनीपुर थियो। राजधानीमा जागीरदारहरूको बगावतको कारणले कुलहनसीबको मृत्यु भएपछि, गाहणी आफ्ना दुइ भाई छोराहरू लिएर थट्टा बाखरमा आउँछे। छोरामध्ये जलाल चाँहि राजा मृगतमायचीको प्यारो बन्दछ।

"सिन्ध समुद्रका राजा भँवरका दुइजना छोरीहरू थिए जसको नाँउ मुमना औ बुबाना थियो। भँवरले मुमनाको बिहे मृगतमायचीसंग र बुबानाको बिहे जलालसंग गरिदिने इच्छा प्रकट गरे। तर मृगतमायची स्वयंले जलालकी वागदत्ता बुबानासंग बिहे गर्ने इच्छा गरेर उसले काजीलाई घूस दिएर आफ्नो यो इच्छा पूर्ण गर्‍यो। यस प्रकार जलालले मुमनासंग बिहे गर्नु पर्‍यो। भाग्यले गर्दा नै भनौं, बुबना चाँहि जलाल की पत्नी नभएर माइज्यू पर्न गई, तर तिनीहरू बीचको प्रेम यसपछि झन गहिरो र दृढ़ हुँदै गयो। यद्यपि तिनीहरू प्रायः गुप्त रीति ले भेटघाट गर्थे, तर ती दुइजना कहिल्यै नजिक आउन सकेनन् र यसै अफसोचले गर्दा दुवै जनाको मृत्यु भयो।

मौखिक परम्परामा यो कथा बड़ो मर्मस्पर्शी ढंगले गाइएको छ, तर लिखित रूपमा चाँहि जलाल र बुबनालाई शिव र पार्वतीद्वारा तिनीहरूको कब्रबाट

निकालेर पुनर्जीवित गराइन्छ। यो चाँहि कथालाई सुखान्त बनाउनलाई पछि जोड़िएको रूपान्तर हो। शिव र पार्वतीद्वारा मुसलमान प्रेमी-युगललाई नयाँ जीवन प्रदान गरिने घटनाले यो संकेत गर्दछ कि तिन्ताक यी दुवै सम्प्रदायमा एक-अर्काप्रति भावात्मक आदर-सम्मान थियो। लिखित रूपमा प्रेमको जस्तो वर्णन छ, त्यो अन्य प्रेमकथाहरूभन्दा अलिक भिन्दै प्रकारको छ। यहाँ प्रेम शारीरिक आकर्षणबाट आरम्भ हुन्छ र यसले प्रेमी युगललाई अवैध प्रेमक्रीड़ा र यौनतृप्ति-तिर अग्रसर गराउँछ। त्यसपछि प्रेम तिनीहरूको जीवन र मृत्युको निर्णय गर्ने एकमात्र तत्व बन्दछ। श्रृंगारका दुवै पक्ष—संयोग र वियोग—लाई असाधारण उदारता सहित विवेचित गरिएको छ। यसमा कतै-कतै दुःख र विरहको स्पर्श पनि छ। पारम्परिक मौखिक रूपान्तरमा, यस कथामा कुनै सर्वशक्तिमान तत्व छैन, वरु प्रेमीहरूले स्वयंलाई आफ्नो भाग्यप्रति समर्पित गर्दछन्।

जलाल भन्छ—

"मैले आफ्नो जीवन र आत्मा आफ्नी प्रियतमालाई समर्पित गरिसकेको छु। यदि म जीवित रहें भने उसंग भेट हुने आनन्द मैले पाउँने छु। यदि म रणमा मरें भने म माथि स्वर्गमा पुग्ने छु।"

बुबाना भन्छे—

"मेरा प्रियतमप्रति मेरो असीम निर्बन्ध प्रेमलाई कुनै पनि अक्षरले अभिव्यक्त गर्न सक्तैन। मेरो प्रेम समुद्रको अथाह गहिर्याई जस्तै गहिरो र विस्तृत छ। तर एउटा चिट्ठीको आकार एउटा सानो पानीको भाँड़ोमात्र हुन्छ।"

"कसैलाई पनि प्रेमको रोग नलागोस्। यो एउटा गुप्त शत्रु-जस्तै हुन्छ। यसले एउटा सुन्दर शरीरलाई भस्म गरिदिन्छ, तर त्यहाँ न ज्वाला हुन्छ न धुवाँ नै।"

"मेरो शरीर घरमा छ, तर मेरो आत्मा मेरा प्रियतमतर्फ उड़िरहन्छ। मेरो हृदय चिन्ता र उत्सुकताको आगोमा जलिरहेको छ। हे मेरा परदेशी प्रियतम, तिमी त यस्ता फूल हौ जो लता बिना नै विकसित हुँदै गरेको देखिन्छ।"

जब जलालले एक भेटपछि बुबानीदेखि विदा लिन्छ, उसले भन्छे—

"मेरो जिब्रोले तिमीलाई 'जाउ' भन्न अस्वीकार गर्छ, तर मेरो हृदयले शुभकामना दिन्छ तिमी जतातिर गएता पनि। जब तिमी टाढ़ा हुन्छौ, मेरा सारा खुशीहरू समाप्त हुन्छन्। मेरो आनन्द त तिमी फर्केर आए पछि मात्र फर्कने छ।"

छन्दशास्त्र, अलंकारशास्त्र एवं शब्दकोश

छन्दशास्त्र विषयमा राजस्थानीमा अनेक ग्रन्थहरू लेखिएका छन्। तीमध्ये कति ग्रन्थहरूको अन्तर्गत 'अलंकार' र 'शब्दकोश' पनि छन्।

छन्दशास्त्रमा अत्यन्त प्राचीन उपलब्ध ग्रन्थ हो 'पिंगल शिरोमणि' जुन चाँहि कवि कुशललाभको कृति हो भनेर अघि नै उल्लेख गरिएको छ।

'हरि पिंगल कोश' को रचना 1664 ई० मा चारण जोगीदास कुणारिया (1613-1683 ई०) द्वारा भएको थियो। यो कृति लेखकका आश्रयदाता प्रतापगढ़का महाराव हरिसिंह (1628-1673 ई०) को अनुरोधमा लेखिएको थियो। यो ग्रन्थ तीन अध्यायहरूमा विभाजित छ। प्रथम अध्यायमा काव्यप्रयोजन, गुरु-लघु-गण, पुस्तकको व्याख्या, मात्रिक छन्दहरूको नाम र लक्षण इत्यादि विषयहरू-बारे विवेचना गरिएको छ। दोस्रो अध्यायमा वार्णिक छन्दहरू, तिनको प्रकार र लक्षणको व्याख्या गरिए गरिएको छ। दण्डक छन्दको विवेचना पछि यसमा 22 प्रकारका डिंगल गीतहरूको व्याख्या गरिएको छ। तेस्रो अध्यायमा हरिसिंहको वंशावली, गुण तथा कर्महरूको विवेचन र पठानहरूसंग हरिसिंहको लँड़ाईको विवरण प्रस्तुत गरिएको छ। पुस्तकको नामकरण पनि हरिसिंहकै नाममा भएको छ। जोगीदास असल कवि थिए। उनको 'शिवाजी मराठा विषयक डिंगल गीत' प्रेरणादायक छ।

'पिंगल प्रकाश', 'लखपत पिंगल' र 'हमीर नाममाला' यी सबै ग्रन्थहरू चारण हमीरदान रतनु (18 रौं शताब्दीको उत्तरार्द्ध तिर) द्वारा लेखिएका हुन्। 'पिंगल प्रकाश' को रचना 1711 ई० मा भएको थियो। यो दुइ भागमा विभाजित छ र यसमा क्रमशः मात्रिक र वार्णिक छन्दहरूबारे विवेचन गरिएको छ। यसमा 71 प्रकारको छप्पय, 23 प्रकारको दोहा, र 26 प्रकारको गाथाको विश्लेषण भएको छ। यी छन्दहरू ईश्वर-स्तुतिमा लेखिएका छन्दहरूबाट छानिए-का छन्। 'लखपत पिंगल' मा जो चार अध्यायमा विभाजित छ, विभिन्न प्रकारका छन्दहरू, 26 वटा गाथाको, 24 वटा डिंगल गीतको, अष्ट प्रत्यय इत्यादिको व्याख्या गरिएको छ। गीतहरू चाँहि प्रायः कविका आश्रयदाताहरूको स्तुतिमा छन्। 'हमीर नाममाला' मा 311 श्लोकहरू छन् र यो विशेषतः साहित्यिक राजस्थानी शब्दहरूको पर्यायवाची कोश हो।

'रघुनाथ रूपक गीतान रो', को रचना 1806 ई० मा भएको थियो र यसका रचयिता मनसाराम (मंछ कवि, 1770-1833 ई०) थिए। यस पुस्तकले आफ्नो संक्षिप्तता, शुद्धता एवं रीतिबद्ध व्याख्याको कारणले प्रसिद्धि पायो। मंछ कवि जोधपुरका महाराजा मानसिंहका एक प्रसिद्ध कवि थिए। यो ग्रन्थ 9 विलास अर्थात् काण्डहरूमा विभाजित गरिएको छ। प्रथम दुइ काण्डमा लघु, गुरु, वर्ण,

गण, दग्धाक्षर, वयणसगाई (अनुप्रास), काव्यदोष, उक्ति-कथन र यसको भेद, रस तथा यसको लक्षण इत्यादि-जस्ता विषयहरूबारे विश्लेषण गरिएको छ। शेष सातवटा विलास हरूमा डिंगल गीतका 72 प्रकार, गद्यशैली, दवावैत तथा वचनिका, जथा (काव्यरचनाको एउटा विशेष पद्धति) निसाणी र कुण्डलिया छन्द-हरू, तिनको प्रवृत्ति र चित्रहरू सहित व्याख्या गरिएको छ। यसमा एउटा विशेष महत्वपूर्ण कुरो के छ भनेदेखि, यी सात विलासहरूमा छन्दका उदाहरणस्वरूप सम्पूर्ण रामकथा दिइएको छ। यसको वर्णनात्मक खण्डमा आकर्षक कथात्मक काव्य छ र रामकाव्यमा यसको महत्वपूर्ण स्थान छ। उक्त कविको अर्को रचना 'घाणे-राव की गजल' को सम्बन्धमा पहिले नै उल्लेख गरिएको छ।

आढा किसना (द्वितीय)ले आफ्ना अधिकांश कृतिहरूको रचना 19सौं शताब्दी-को पूर्वार्द्धमा गरेका थिए। 1824 ई० मा रचित उनको 'रघुवर जसप्रकाश' एउटा लक्षण काव्य हो र यो अर्को महत्वपूर्ण भाष्यटीका हो जुन पाँच खण्डमा विभाजित गरिएको छ। प्रथम खण्डमा गण, दग्धाक्षर, लघु, गुरु वर्ण, आदिबारे व्याख्या गरिएको छ। दोस्रो खण्डमा 224 वटा मात्रिक छन्द, गद्य शैली (दवावैत लगायत), वचनिका र चित्रकाव्य (डिंगलगीत अन्तर्गत) को व्याख्या गरिएको छ। तेस्रो खण्डमा छप्पयको विभिन्न भेद र 117 वटा वार्णिक छन्दहरूको विवेचन छ। चौथो खण्डमा 91 प्रकारका डिंगल गीतहरू, तिनका प्रमुख स्वरूप, जस्तै वयाणसगाई, उक्ति, जथा, दोष, रचना-पद्धति आदि-सहित विवेचना गरिएको छ। अन्तिम खण्ड-मा निसाणीको 12 प्रमुख भेद तथा यसका उपभेदहरू, साथै कडखा नामक एउटा मात्रिक छन्दको व्याख्या गरिएको छ। यी सबै विषयहरूको विवेचना गर्दै, कविले भगवान रामको स्तुति पनि गरेकाछन्। यसैकारण पुस्तकको नामकरण पनि राम-माथि नै आधारित छ। यसमा पद्य एवं गद्यका व्याख्याहरू बड़ो प्रवाहपूर्ण छन्। छप्पय, गीतको विपद व्याख्या, यिनका विशेषताहरू एवं निसाणीबारे विचार यस पुस्तकको खास विशेषता हो। किसनाले अन्य विषयहरू जस्तै लखपत पिंगल, हरि पिंगल र रघुनाथ रूपक को सम्बन्धमा अन्य कृतिहरूको पनि उल्लेख गरेका छन्।

किसना मेवाड़का महाराणा भीमसिंहका प्रिय कवि थिए। महाराणाले उन-लाई जिसोदा गाँउ जागीरको रूपमा दिएका थिए। महाराणाको प्रेरणाले नै, किसनाले 1822 ई० मा 'भीमविलास' नामक पुस्तकको रचना गरे जसमा महा-राणाको वंशावली, जीवन तथा शासन, इतिहासबारे विस्तृत वर्णन गरिएको छ। उत्कृष्ट काव्य हुनको अतिरिक्त यसको ऐतिहासिक महत्व पनि छ। कविराजा श्यामलदासले आफ्नो कृति 'वीर विनोद' लेख्दा 'भीम विलासको' आधारमा लेखे। यो प्रायः नै पिंगलमाथि लेखिएको छ र यसकारण यहाँ यस ग्रंथबारे यस इतिहास-मा समलोचना गर्न आवश्यक छैन। आफ्ना समकालीन व्यक्तिहरू, महाराणा भीम-सिंह, जोधपुरका महाराजा मानसिंह र रतलामका महाराजा बलवन्तसिंहको बारे-

मा लेखिएका यिनका फुटकल डिंगल गीतहरूले चाँहि ऐतिहासिक विशेषता लिए-का छन् ।

उदयराम गूँगाको 'कविकुल बोध' यस परम्पराको एउटा उल्लेखनीय ग्रंथ हो । यो दस तरंगहरूमा विभाजित छ र यसमा गीतहरू र तिनको भेद, जथाहरू, अस्त्र-शस्त्रहरू, डिंगल र पिंगल-बीच संलाप, उक्ति, रस, अवधानमाला, एकाक्षरी नाममाला अनि अनेकार्थी नाममाला बारे विवेचन गरिएको छ। अन्तिम तीन चाँहि पर्यायवाची र एकाक्षरहरूको सूची हुन् । उदयरामले डिंगलको 84 भेद, उक्तिको 18 भेद, जथा को 21 भेद इत्यादिको क्रमबद्ध व्याख्या गरेका छन् । ग्राम थाबुकड़ाका निवासी उदयराम जोधपुरका महाराजा मानसिंह (1782-1843 ई०) का समकालीन थिए । यिनी कच्छ-भुजका महाराजा भारमल्ल औ तिनका, छोरा देसलजीका प्रिय कवि थिए। यिनले देसलजीको स्तुति आफ्नो चित्रकाव्यमा गरेका छन् ।

यस क्षेत्रमा अन्य महत्वपूर्ण कृतिहरू छन्—जोधपुरका हरिकिसन-रचित 'रूपदीप पिंगल', मोगड़ाका सिन्धायच हरदानको 'छन्द दिवाकर', बूँदीका कवि-राजा मुरारीदानको डिंगलकोश, राजकोटका दीवान रणछोड़दासको 'रणपिंगल' (3 भागमा) सेवापुराका कविया हिंगलाजदानको 'प्रत्ययपयोधर' र कड़ियाका साँवलदास आसियाको 'महाभारत रूपक' 'डिंगल कोश' प्रथमतः पर्यायवाची कोश हो, तर यसमा डिंगल-गीतका 15 भेदहरूको पनि विवेचना गरिएको छ । 'नाग-राज डिंगलकोश अर्को पर्यायवाची शब्दकोश हो ।'

गद्य

प्राचीनता, निरन्तरता, विविधता, विस्तार तथा सौन्दर्यको दृष्टिले राज-स्थानी भाषा गद्यलेखनमा पनि समृद्ध छ । गद्यलाई निम्नलिखित शीर्षकमा विभाजित गर्न सकिन्छ— जस्तै, (1) धार्मिक, (2) ऐतिहासिक, (3) सृजनात्मक र, (4) विविध, जसमा अनुवाद पनि सम्मिलित छन् ।

धार्मिक गद्य

जैनहरूद्वारा गरिएका धार्मिक लेखकहरू, विशेष गरेर, 'बालावबोध' र 'टब्बा' को रूपमा, महत्वपूर्ण छन् । यी ग्रन्थहरू संस्कृत र प्राकृतका धार्मिक सूत्र-हरूको व्याख्या गर्नलाई लेखिएका हुन् ।

'बालावबोध'मा मुख्यतः तत्वको विशद व्याख्या हो । सामान्य पाठकहरूको लागि बोधगम्य बनाउने हिसावले, यसमा प्रचलित प्रासंगिक कथाहरू पनि दिइएका छन् । यस्ता कथाहरू बुझ्नमा सरल छन् भनेर मात्र उल्लेखनीय छैनन्, अझै विशेष अवसरहरूमा सृजनात्मक गद्यहरूको उदाहरण पनि प्रस्तुत गर्दछ । यिनले भाषिक

विकासको अध्ययनको निम्ति सामग्री पनि प्रस्तुत गर्दछन् ।

'टब्बा' मा शब्दहरूको अर्थ अथवा शाब्दिक अनुवादहरू दिइएका छन् ।

गद्य-लेखकोन प्राचीन प्राप्य नमूनाहरू जैनहरूकै छन् । 1273 ई० मा 'भोज-पत्रमा' लेखिएको एउटा 'आराध्य' नै गद्यको प्राचीन नमूना हो । 'नवकर व्याख्यान' (1321 ई०), 'सर्वतीर्थ नमस्कार स्तवन' (1302 ई०) र 'अतिचार' (1312 ई०) अरु यस्तै उदाहरणहरू हुन् । ती सबै धार्मिक विषयहरूमा लेखिएका टिप्पणी हुन् र यसमा तकनीकी शब्दावलीको प्रयोग गरिएको छ ।

परिपक्व एवं प्रवाहपूर्ण गद्यका उदाहरणहरू प्रथम पल्ट प्राप्य भएका छन् तरुणप्रभ सूरिको 'षडावश्यक बालावबोध' मा, जसको रचना 1354 ई० मा भएको थियो । अनेक प्रासंगिक कथाहरू यसमा दिइएका छन् जसले सृजनात्मक गद्यको सुन्दर नमूना प्रस्तुत गर्दछन् । यस्ता सैंकड़ों कथाहरू 19सौं शताब्दीका अनेक वर्षहरूमा यसै शैलीमा बराबर लेखिएका छन् ।

सन् 1421 मा माणिक्यचन्द्र सूरिले अन्त्यानुप्रासयुक्त गद्यमा 'पृथिवीचन्द्र चरित्र बागविलास' लेखे । यो एउटा अद्वितीय वर्णनात्मक कृति हो । यद्यपि यसमा पैठाणपुर-पाटनका राजा पृथ्वीचन्द्र र अयोध्याका राजा सोमदेवकी पुत्री रत्न-मंजरीको प्रेमकथा बारे भनिएको छ, तर यसको मुख्य उद्देश्य जस्तो कि 'वागविलास' नाम बाट नैं थाहा हुन्छ, त्यो हो विषयवस्तु र वातावरणको अलंकारपूर्ण चित्रण गर्नु । स्थान, ऋतुहरू, नदी, पर्वत्, जंगल, राजदरबार, सेना, हाथी, घोड़ा लँड़ाई-हरू, विवाह इत्यादिबारे जीवन्त विवरण यसमा दिइएको छ । विशेषत:, प्रकृति एवं ऋतुहरूको सूक्ष्म वर्णन, विशेष उपमा, रूपक तथा भाषा-शैलीमा विवरणहरू दिइएका छन् । यस परम्परालाई धेरै लेखकहरूले समृद्ध बनाएका छन् । यस्तै विवरणहरू 'सभा शृंगार' र 'वर्णक समुच्चय' (2 भागमा) जस्तो शीर्षक हरू क्रमश: नागरी प्रचारिणी सभा, वाराणसी र गायकवाड ओरियन्टल सोसायटी, बड़ौदा द्वारा प्रकाशित गरिएको छ ।

जितमलजी (जयाचार्य 1803-1881 ई०), तेरापंथी श्वेताम्बर-सम्प्रदाय-का चौथो आचार्य, 19सौं शताब्दीका सम्भवत: महान कथालेखक थिए । यिनले विपुल संख्यामा कथाहरू लेखेका छन् ।

धार्मिक गद्यलेखन-बाहेक अनेक ऐतिहासिक सृजनात्मक कृतिहरू 15रौं शताब्दीको पूर्वार्द्ध कालमा लेखिएका थिए । 1430 ई० र 1435 ई० को बीचको समयतिर रचिएको 'अचलदास खिची री वचनिका', यस विषयको प्रारम्भिक कार्य हो । आकर्षक अन्त्यानुप्रासयुक्त गद्य, अवतरणहरू यसमा छन् । हामीले यस सम्बन्धमा अघिबाटै भनिसकेका छौं ।

ऐतिहासिक गद्य

जैन-सम्प्रदायहरूको क्रमानुसार इतिहास, विवरण, गच्छा, आचार्यहरू, जाति वा परिवार इत्यादि इतिहासको लागि महत्वपूर्ण छन्, तर यिनमा साहित्यिक तत्व उपेक्षित भएको छ। यो कुरो जैन कृतिहरू-भन्दा अन्य कृतिहरूमा पनि सत्य देखिएको छ :

ऐतिहासिक एवं वीररसका गद्यहरू विशाल संख्यामा लेखिएका छन्। यो इतिहास, संस्कृति र साहित्यको दृष्टिकोणले महत्वपूर्ण छ, र विभिन्न रूपमा यो प्राप्य पनि छ, जस्तै—(1) वंशावली, (2) पीढ़ियावली, (3) पट्टावली, (4) ख्यात, (5) वात अथवा बात, (6) विगत, (7) हकीगत, (8) हाल, (9) वचनिका र (10) दवावैत। प्रथम तीन वटा चाँहि स्वरूपमा वंशानुक्रम छन्। 'ख्यात' चाँहि इतिहास हो र यसमा वंशावली पनि अन्तर्भुक्त छ। साधारणतः यसमा सम्बन्धित कथा एवं विवरणहरू दिइन्छन्। 'बात' को अर्थ हो कथा र यसले केही व्यक्ति, घटना, समुदाय, प्रसंग आदिको विवरण वा संक्षिप्त इतिहास प्रस्तुत गर्दछ। महनोत नैणसी (1610-1670 ई०) द्वारा रचित 'मारवाड़ रा परगनाण री विगत' (3 भाग मा प्रकाशित) यस दिशामा एउटा माइलखुट्टी हो। यसलाई मारवाड़ राज्यको सर्वेक्षण र गजेटियर नै हो भने पनि हुन्छ। 'हकीगत' तथा 'हाल' (सांखला दहियान सूण जांगळू लियो तैरो हाल, पातशाह औरंगजेब री हकीगत इत्यादि) ले कुनै घटना वा प्रसंगको विवरण दिन्छ। 'वचनिका' तथा 'दवावैत' मा श्लोकहरू तथा अन्त्यानुप्रास गद्यहरूका अवतरणहरूले युक्त हुन्छन्। गादण शिवदास-रचित 'अचलदास खिची री वचनिका'; खिडिया जग्गाद्वारा रचित 'वचनिका राठौड़ रतनसिंघजी महेसदासौत री' र जयचन्द जाटी द्वारा रचित 'माताजी री वचनिका' सुपरिचित र उल्लेखनीय छन्। भाट मालीदास रचित 'दवावैत नरसिंघदास गौड़ की', द्वारकादास दधवाड़िया द्वारा लिखित 'महाराजा सजीतसिंघकी दवावैत' र सिन्धावा दयालदास-रचित 'महाराजा रतनसिंघ की दवावैत' आदि कतिपय उल्लेखनीय दवावैतहरू हुन्। कहिले कहीं, ख्यात, बात र यहाँसम्म कि वंशावलीको भिन्नता र विशेषता दुवैलाई छुट्याउन गाह्रो पर्दछ। यी जम्मै कृतिहरू विवरणात्मक, कथात्मक वा सूचनात्मक छन्। यस्ता कृतिहरूमा जीवन्त र मर्मस्पर्शी विवरणहरू पनि कतै-कतै पाइन्छन्।

प्राचीनतम उपलब्ध ख्यात हो—"राठोडान री वंशावली सिहाइजी सूण कल्याणमल्ल जी तैं", जसको रचना कुनै अज्ञात कविद्वारा 1573 ई० तिर भएको थियो। यद्यपि यसको नामकरण 'वंशावली' दिइएको छ, तर यो वास्तवमा 'ख्यात' हो। अकबरको कालदेखि 'ख्यात' लेखिने प्रवृत्ति प्रचलित भयो। प्रायः सबै राजाहरू, यहाँसम्म कि जागीरदारहरू तथा ठाकुरहरूले पनि आ-आफ्ना ख्यातहरू तयारी

गराएका थिए। यस विषयमा व्यक्तिगत प्रयत्नहरू पनि गरिएका थिए। महनोत नैणसी (1610-1670 ई०), आसिया बाँकीदास (1781-1833 ई०) र सिन्धायाच दयालदास (1798-1891 ई०) का ख्यातहरू प्रसिद्ध एवं प्रचलित भएका छन्। यी जम्मै विशेषगरेर प्रथम र तृतीय ख्यातहरू चाँहि इतिहास, संस्कृति र साहित्यको निमित्त महत्वपूर्ण हुन्। नैणसी र दयालदासका ख्यातहरू उच्चस्तरका, प्रवाहपूर्ण अनि कहिलेकहीँ सृजनात्मक राजस्थानी गद्यका सुन्दर नमूना हुन् गएका छन्। यिनले अनेक कविहरू बारे उपयोगी सूचनाहरू पनि दिन्छन्, अनि ज्ञात र अज्ञात काव्यहरूका अवतरणहरू पनि दिन्छन्। बादर ढाढी-को निसाणी (वीरमायण) को प्राचीनता र पुराणा चारण कविहरू जस्तै गादण पसायत, खिडिया चारण र अरुहरूको समय, नैणसीको ख्यातले स्थिर गरिदिएको छ। उनको 'मारवाड़ रा परगनाण री विगत' यस विषयमा बराबर महत्वपूर्ण ग्रन्थ हो। नैणसीको ख्यात मध्यकालीन राजपूत र राजस्थानी इतिहासको भण्डार हो। बाँकीदासको ख्यात चाँहि अनेक ऐतिहासिक र अन्य विषयहरू बारे मुक्त एवं संक्षिप्त टिप्पणीहरूले भरिएका छन्। नैणसीको झैं, दयालदास रचित ख्यात पनि महत्वपूर्ण छ। यसमा राठौर, विशेषगरेर बीकानेरको राठौर परिवारको इतिहास-बारे विवेचना गरिएको छ। उनका अन्य दुइ कृतिहरू 'देशदर्पण' र 'आयाख्यान कल्पद्रुम' पनि इतिहासप्रति उल्लेखनीय देन हुन्।

अर्को महत्वपूर्ण ऐतिहासिक कृति चाँहि 'दलपत विलास' हो, जसको रचना एकजना अज्ञात कविद्वारा 1600 ई० को छेउछाउमा भएको थियो। यसमा बीकानेरका राजा रायसिंहका छोरा दलपतसिंह (1564-1613 ई०) को प्रारंभिक जीवनको विवरण दिइएको छ। यसमा अन्य प्रासंगिक वर्णनहरू पनि छन्। साथै यसले मुगल दरबारको चाखलाग्दो झाँकी पनि प्रस्तुत गर्दछ। यो प्राप्त पाण्डु-लिपि अपूर्ण छ, नत्र भने यसले अत्यन्त सुपरिचित इतिहासहरू जस्तै—'अकबर-नामा', 'मुन्तखाब-उल-तवारीख' र 'तबाकत-इ-अकबर' आदिको उपयोगिता र साथै चाखलाग्दो रससंग प्रतिद्वन्द्विता गर्ने थियो। यसले मुगल इतिहासबारे लेखक-हरूका धेरै भूलहरूको संशोधन गर्नमा सहायता दिन्छ।[1] साहित्यको दृष्टिले पनि यो महत्वपूर्ण छ, किनकि यसले व्यक्तिगत ज्ञानको आधारमा, समकालीन ऐतिहासिक चरित्रहरूको चित्र उतारेको छ। यो 16 रौं शताब्दीको परिपक्व राजस्थानी गद्य-को एउटा सुन्दर उदाहरण हो।

सृजनात्मक गद्य

माथि उल्लेख गरिएका 'वाग् विलास' तथा 'अचलदास खिची री वचनिका'

1. दशरथ शर्मा-द्वारा सम्पादित दयालदास री ख्यात (भाग 2), पृ० 5-6

यी दुइ कृतिहरू सृजनात्मक गद्यका प्रचीनतम नमूना हुन् । दुवै 'वचनिका' शैलीमा छन् ।

'वात' अथवा 'बात' साहित्य यस क्षेत्रमा उच्च कोटिका छन् । 'वात' को अर्थ-हो—एक प्रकारको विशेष शैलीमा मूलकथा वाचन गर्नु । यहाँ वार्ताकार र श्रोताको बीचमा एक किसिमको व्यक्तिगत स्पर्श रहन्छ । श्रोताहरूमध्ये कुनै एकको 'हुंकार' कथाको बीच-बीचमा उठ्नु आवश्यक छ । यसको मुख्य उद्देश्य त हो यस कथावाचन-द्वारा समय बिताउनु, तर यसमा ज्ञानको विपुलता पनि रहन्छ । यी 'वात' हरू भिन्न-भिन्न चरित्रका भिन्न-भिन्न चित्र हुन्, जस्तै—'हरराज राई नैवाण री बात', 'महाराणा पद्मसिंहजी री वात', 'हरदास अहड री वात' इत्यादि । विशेष जातिको वर्णन गर्नु ('भाटिया री बात', 'बुंदेला री बात', 'संकौर राई चौहान री बात') र घटना-स्थल अनि स्थितिहरूको विवरण ('राव विकाय बीकानेर बसायो तर समाई री वात', 'नरवड सत्तावत सुणियारदे लायाउ ताइ समाई री बात' इत्यादि) । वातहरू आफ्नो परिवेशभित्र नरहेर पूर्ण रूपले आनन्दले भरिएका हुन्छन् जस्तै भन्नेको कुशलता, शैली, श्रोताहरूको जिज्ञासा तथा काल आदि । यस-को प्रभाव वा आकर्षण आफैंले पाठ गर्दा हुँदि हराउँछ । अधिकांश वातहरू मौखिक परम्पराबाट नै आएका हुन् । पिढ़ी-पछि-पिढ़ी ले यस परम्परालाई जीवित राख्न भनेर वातहरू 17रौं शताब्दी र त्यस पछि लिखित रूपमा आउन थाले । यिनको प्राचीनता र रचनाकार अज्ञात छन् । वस्तुतः यिनको लोकसाहित्यसंग सम्बन्ध छ र समयको दगुराईको साथै यिनमा पनि परिवर्तन आउँदै गएको हो । विविध प्रकार र आकारका सैंकड़ौं वातहरू विभिन्न पाण्डुलिपिहरूभित्र प्राप्य छन् । केही ठूला 'वात' हरू, जस्तै 'कुँवरसी संखालो', 'राटवसाहब' र 'बात वागसीराम प्रोहित हिरानन्द की', र यस्ता अरू धेरै-धेरै प्रकाशित भएका छन् ।

केही 'वात' हरू चाँहि ज्ञात व्यक्तिहरूद्वारा परम्परागत शैलीमा रचिएका छन् । व्यास भवानीदासको 'राजा भोगरी पाण्डरवीं विद्या री वात', महाराजा बहादुरसिंहको 'रावत प्रतापसिंह री म्होकामसिंहोट री वात', कृपाराम वाणासुरको 'सगुणा सत्रासाल री वात' र चारण नरबदको 'राजा रिसाकुरी वार्ता' यस्तै वात-हरू हुन् । वातहरू, डिंगलगीतहरू र दोहाहरू प्रचुर मात्रामा उपलब्ध छन् ।

वात का विषयहरू हुन्—वीरता ('कुँवर रणमल री वात', राजा भरसिंह री 'वात' 'राजा भीम री वात', इत्यादि), प्रेम (ढोला-मारू, जलाल-बुबना, भुमाल-महेन्द्र, इत्यादि), हास्य ('च्यार मुख्यान री बात', 'खुदे बावली री वात', 'फोफानन्द री वात', 'पोपनबाई री वात', इत्यादि), नीति ('गोदावरी तीर राइ जोगी री वात', 'बाँधुबुहारी री बात', 'अकल री वात', इत्यादि), कौतूहल ('मान्धाता री वात', 'जीजी डाभी री वात', 'मालडाण सी कुम्पावत री वात', इत्यादि) र निर्वेद ('रावल मल्लीनाथ पंथ मे आयाउ ताई री वात', 'रामदे तुँवर री वात',

इत्यादि)।

यी वातहरूको विषयवस्तु (1) ऐतिहासिक, (2) अर्द्ध-ऐतिहासिक र (3) काल्पनिक हुन्छन्। प्रथमले वंशावली वा ऐतिहासिक चरित्र वा घटनाहरू विस्तार-सहित विवेचना गर्दछ। 'मोहिलाँ री वात', र, 'राव जोधा री राइ बेटान री बात', यस्तै वातहरू हुन्। द्वितीय प्रकारका 'वात'हरूमा चरित्र तथा घटना ऐतिहासिक हुन्छ, तर यिनलाई काल्पनिक घटनाहरू तथा विवरणहरूको भित्र राखिएको हुन्छ। यस्ता वातहरू चाखलाग्दो एवं आकर्षक हुन्छन् र साहित्य-कलाको दृष्टिले पनि यी महत्वपूर्ण हुन्छन्। तृतीय प्रकारमा काल्पनिक पात्रहरू र घटनाहरूबारे रचित वातहरू पर्दछन्। अलौकिक शक्तिको तत्व यसमा अरुभन्दा ज्यादै, बराबर र विचित्र प्रकारले पसेका छन्। यहाँसम्म कि पशु-पक्षी पनि मानवीय गुणले परिपूर्ण देखिन्छन्। 'राजा भोज अर खाप राई चोर री वात', र 'शकुर री वात' यस्तै किसिमका वातहरू छन्।

वातको शैली पनि चाखलाग्दो हुन्छ। यो कथात्मक ('पलक दरियाव री वात'), चित्रात्मक ('खिची गंगेव निभवावत रो बेपारो'), चिन्तनयुक्त ('जसनाथ जाट री वात', 'माघपिंडत', 'राजाभोज अर डोकरी री वात', इत्यादि) वा संवेदनात्मक ('जैतसी उदावत री वात', 'पीठवाई चरण री वात', 'राजा भीम री वात', इत्यादि)।

कतिपय वातहरू चाँहि उत्तम साहित्यिक रचनाहरू हुन्। यिनको संक्षिप्तता, चुनिएका वाक्य-विन्यास, विशद चित्रण, अभिव्यंजना र भावको गहनता यिनमा पाइन्छ, जुन प्रकारका तत्वहरू अहिलेको साहित्यमा कमै पाइन्छ। 'विन्झराई अहीर री वात' एउटा यस्तै उदाहरण हो। एउटी ग्रामीण तरुणी आफ्नो प्रेमीलाई भेट्न भनि राति जान्छे र अनायास नै उसलाई 'वीरा' (दाजु) भनेर सम्बोधन गर्छे। तुरुन्तैपछि यस शब्दको अर्थ र पवित्रताको ज्ञान उसको मनमा आयो र आफ्ना जम्मै इच्छाहरूलाई दबाएर उ फर्कन्छे।

अनेक कथाहरू चाँहि उखान र टुक्काहरूले सजिएका छन्, कतिपय चाँहि लोकोक्तिहरू-माथि नै आधारित छन्। यस्ता कथाहरू 'वात' साहित्यका अद्वितीय विशेषता हुन्। यस्ता कथाहरूले धेरै लोकोक्ति र उखानहरू बारे भूल सुधार्ने चाखलाग्दा सूत्रहरू प्रस्तुत गर्दछन्। यस्ता सैंकड़ों कथाहरू प्रकाशित भएका छन्। यिनका केही उदाहरण हुन्[1]....'मार काइ अघाइ भूत भगाई', 'अगाई सौं पाछा भला', 'मुजराइ का मारया भराँ हाँ', 'बेटका घाल्या ना तलाई', 'आदमी कोनी

1. यी लोकोक्तिहरूको अनुवाद गर्न कसैलाई अवश्यै मन पर्छहोला। साहित्यका विद्यार्थीहरू-द्वारा जसरी भए ता पनि यी लोकोक्तिको अनुवाद हुन सक्तैन, किनकि यसको लागि त विशेष शब्द र संस्कृति चाहिन्छ।

कमावै', 'आदमीको दिन कमावै', 'तूँ वेश्या मैं भाँड़', 'राम काई घर देर हाइ अंधेर कोनी', 'बात भली दिन पाधरा', 'सम्पत है जथाई लिछमी है', 'तरवारको घाव भर जावै, जीभको घाव कोनी भरै', र 'गद्दुँ कै बलुवा।'

यद्यपि कथा 'वात' को पर्यायवाची हो, तर यसले शुरुमा धार्मिक र पौराणिक विषयहरूमा विवेचन गरेको छ। लघु कथाहरू जस्तै—'वैशाख महात्तम री कथा', 'अनि कजली तीज री कथा', र 'झूला कथा' जस्तै—रामकथा आदि प्रचुर संख्यामा पाइन्छ, विशेष गरेर पहिलो खालका कथाहरू।

यी वातहरूको भाषा प्रायः राजस्थानी वा खड़ीबोली मिश्रित राजस्थानी छ। कतै-कतै उर्दू-मिश्रित पनि छ। 'बहेलिया री वात' 'रासब साहब' इत्यादिमा र कथाहरू राजस्थानी मिश्रित ब्रजमा छन्।

विविध

अनेक रिकर्ड, चिट्ठी, शिलालेख, स्मृतिहरू र संस्मरणहरूभित्र पनि गद्यका सुन्दर नमूनाहरू पाइन्छन्।

'वैताल पच्चीसी'को राजस्थानी रूपान्तर र यस्तै अरु कथा-पुस्तकहरू उपलब्ध छन्। देइदान जैताको 'वैताल पच्चीसी' एउटा यस्तै उदाहरण हो।

अध्याय : 4

लोक साहित्य

राजस्थानीको लोक-साहित्य यति समृद्ध, जीवन्त र विविध छ कि यसको सौन्दर्य र महत्वको विषयमा लेख्नलाई एउटा बेग्लै पुस्तक लेख्न आवश्यक छ। यस इतिहास-मा मोटामोटी रूपरेखा दिनमात्र सम्भव हुनेछ। यसलाई निम्नलिखित शीर्षक-हरूमा विभाजित गर्न सकिन्छ—(1) लोकगीत, (2) ब्यालेड वा लोकगाथा, (3) लोककथा, (4) लोक-नाट्य र (5) लोक-सुभाषित (लोकोक्ति, उखान र मुहावरा सहित)।

1. लोक गीत

लोकगीतहरू मानव भावनाको स्वाभाविक अभिव्यंजना हुन्छन् र धार्मिक अथवा जीवनका अन्य पक्षहरूसंग जोड़िएका हुन्छन्। धार्मिक अनुष्ठानहरू, पूजा, जागरणआदि धार्मिक अनुष्ठानहरूसंग सम्बद्ध गीतहरू धार्मिक हुन् जुन विशेष अवसर, घटनाहरू तथा मानव जीवनका अन्य पक्षहरूसंग जोड़िएका हुन्छन्। भिन्न-भिन्न विद्वानहरूद्वारा लोकगीतका सैंकड़ों पुस्तकहरू प्रकाशित गरिएका छन्।

धार्मिक गीतहरूको सम्बन्धमा एउटा महत्वपूर्ण तत्व यहाँ विचारणीय छ, त्यो हो यी गीतहरूको मूल र परम्परा। एकातिर, धेरै गीतहरू जसलाई निर्गुण शैलीको 'सबद' र सगुण शैलीको 'भजन' वा 'हरजस' आफ्ना रचयिताहरूको नाम सहित प्रचलित छन्—जस्तै—गोरख, भरथरी, कबीर, हरजी भाटी, रूपा देमीराँबाई, चन्द्रसखी, बख्तावर, तुलसीदास र अन्य। यस्ता प्रचलित गीतहरू वा पदहरू जसले प्रसिद्ध सन्तहरू र शब्दलेखकहरूको नाम लिएका छन्, ती तिनीहरूकै रचना हर समय हुन जरूरी छैनन्। वास्तवमा, ती जम्मै लोकगीत हुन् र तिनको स्वीकृति एवं लोकप्रियतालाई स्वीकारेर तिनलाई ठूल्ठूला सन्तहरूसंग गाँस्सिएको हो। अर्को-तिर, केही पदहरूले, विशेष गरेर विशेष व्यक्तिहरू, जस्तै—जैतगिरी, लिखाभोजी माली, दीप पुरी, घासीराम, विष्णुदाह, जति भग्गा, बावाजी पँवार, आशा भारती, सन्त देवायात, नारायणजी पंचोजी, बगारोजी खाती र नेभारामले अब लोकगीत-को रूप धारण गरेका छन् र यिनलाई लोकगीतको रूपमा व्यवहार गर्न पर्दछ।

धेरै लोकगीतहरू धेरै लोकदेवताहरू अर्थात् जस्तै गोगाजी, पाबूजी र रामदेव-

जी धेरै लोकप्रिय छन्। पदहरू जुन लोकमा प्रचलित छन् तिनको यहाँ उल्लेख गरिनु पर्ने छ। यी लोकगीतहरूलाई राजस्थानका पाँचजना प्रसिद्ध पीर (गुरु)-हरू मध्येका एकजना रामदेवजी (1418-1458 ई०) को रचना भनिएको छ। यी गीतहरू दुइ किसिमका छन्—(1) चौबीस प्रमाण र (2) गीत (सबदहरू)।

यी दुवै गुरु रामदेवजी का उपदेशहरूले-युक्त भक्ति-विषयक मुक्तक पदहरू हुन्। उनको 'चौबीस प्रमाण' मा, 24 वटा विषयहरूमा उनका विचार छन्, जस्तै—गुरु, माया, ज्ञान, भक्ति, भाव, साखी, अगम, अलख आदि। श्रद्धालु भक्तहरूले यस ग्रंथलाई पवित्र ग्रंथको रूपमा मानिलिएका छन्। भनिन्छ कि एउटा सम्प्रदाय प्रणामी, विश्वासी, बीसनामी र महाधर्म नाम भएको छ जसले यी प्रमाणहरूलाई आफ्नो धर्मग्रंथको रूपमा स्वीकार गर्छ। यी गीतहरूमा निर्गुण-भक्ति ईश्वर र गुरुको स्तुतिबारे भनिएको छ र आत्मानुभूति, मूर्तिपूजादेखि मुक्ति, चेतावनी तथा प्रचारमाथि जोर दिइन्छ। अनुभूतिहरूलाई बड़ो सहज र गहन तरीकाले प्रचलित राजस्थानीमा अभिव्यक्त गरिएको छ। गीतहरू प्राय: मौखिक परम्परामा प्राप्त हुन बाहेक, एउटा पाण्डुलिपिको अस्तित्वले जसलाई 200 वर्ष पुरानो भनि मानिएको छ, यसले 'चौबीस प्रमाण' को पक्ष लिन्छ। जे भएता पनि, रामदेवजीका रचनाहरूको अझै खोजी हुनु तथा निरीक्षणको आवश्यकता छ। अहिलेसम्म हामी यी पदहरूलाई रामदेवजीको नाम लिएका लोकसाहित्य भनेर विचार गर्छौं।

यहाँ यो पनि उल्लेखनीय छ कि केही मात्रामा भक्ति-गीतहरू प्रचलित र परम्परागत लोकगीतको शैलीमा रचिएका छन्। मीराँबाईको नाममा अनेक प्रचलित पदहरू चाँहि बनदा अनि जुवांई श्रेणीका लोकगीतको शैलीमा रचिएका छन्। यस अप्रकाशित तर प्रचलित सन्तवाणीको संग्रह र अध्ययन अत्यन्त आवश्यक छ, किनकि यसले अनेक चाखलाग्दा तथ्यहरूको उद्घाटन गर्न सक्दछ। केही गीतहरूले आफ्नै एउटा वर्ग तैयार गर्छन्। यस्ता केही वर्गहरू यस प्रकार छन्—(1) बनदा (वर), (2) जुवांई, (3) ओढंयुण (संझना), (4) जलाल (जलाल-बुबनाको कथामा आधारित गीतहरू), (5) डफ (डम्फू, डम्फूको तालमा गाउने गीतहरू, होलीको उत्सवमा र ढमाल वा होली पनि भनिन्छ), (6) बधावा (पर्व र शुभ अवसरमा गाइने गीतहरू), (7) घोड़ी (जब ब्यौला घोड़ामा चढ़ेर जान्छ, त्यस बेला गाउने गीत), (8) गणगौर (पर्वको गीत), (9) भात (विवाहसंग सम्बन्धित अनुष्ठानको गीत) (10) रतिजागा (विवाहको अनुष्ठानमा राती गाउने गीत, अर्थात् रत्यौली) र (11) तीज (सावन मानसूनको प्रचलित उत्सवमा गाउने गीत)।

यस्ता धेरै थरिका गीतहरू शास्त्रीय हुन्छन्। ओल्यूँ, पणिहारी, पिंपाली, सपनो, मुमळ, गणगौर, जुवाँई, घुघरी आदि यस्ता केही उदाहरणहरू हुन्। यी

गीतहरू यिनको राग र रागिणीको कारणले पनि प्रचलित छन्। बिहेपछि छोरीको आफ्ना माता-पिताको घरदेखि विदाईको गीत शोक तथा विषादले भरिएका छन्। 'हरस' र 'जीनका गीतहरू' मा दाजु र बहिनको बीचमा स्नेहपूर्ण नाताको चित्रण गरिएको छ।

यस्ता सैंकड़ों लोकगीतहरूको ऐतिहासिकता हामीलाई ज्ञात छ। आफ्नो 'जैन गुर्जर कवियो' (भाग 3, खण्ड 2) मा एम० डी० देसाईले विभिन्न प्रचलित लोक-गीतहरूको प्राय: 2500 देशी टेक, राग दिएका छन् जसको आधारमा जैन कवि-हरूले आफ्ना काव्यको रचना गरे। यो प्रवृत्ति 16रौं शताब्दीदेखि भएको द्रष्टव्य छ। केही पुराना गीतहरूको टेक तल दिइन्छ जसको सम्बन्ध ती लोकगीतहरूसंग छ जुन अहिले-सम्म पनि लोकप्रिय छन्। ती हुन्—(1) 'टोडरमल जितियारे' (1609 ई०), (2) 'फिर झिर-झिर हो सेल मारू बरसेलो मेह'(1710 ई०), (3) 'सरवर पाणी लाँजा मारू म्हे गया हो जी' (1694 ई०), (4) 'सात सोपारी हात जोशी पूंछाघण गई' (1685 ई०), (5) 'म्हाणे दे ने नन्दल पोमाचो' (1694 ई०), (6) 'घर आवोजी आम्बो माहोअरया' (1722 ई०), (7) 'ढोला रहो तो हुं रांधू खिचड़ी' (1801 ई०), (8) 'नरषाली होही आवी प्राहुणी र' (1616 ई०), (9) 'नोजू ओ नन्दल जाँगिडा नूँ रूप' (1667 ई०), (10) 'विन्जारा र लोक देसौरी थाँय' (1608 ई०) र (11) 'आज शहरमा सुरता जोगिसार आया जी' (1761 ई०)। यी लोकगीतहरूको अध्ययन गर्ने क्षेत्रमा प्रवर्तकहरू हुन्—एन० डी० स्वामी, रामसिंह तँवर र सूर्यकिरण पारीक। मनोहर शर्मा र गोविन्द अग्रवालले यस विषयमा उल्लेखनीय सेवा प्रदान गरेका छन्। लक्ष्मीकुमारी चूंडावत, दीनदयाल ओझा, गणपति स्वामी, पुरुषोत्तम मेनारिया, स्वर्णलता अग्रवाल र शिवसिंह चोयलले लोकगीतहरूको अध्ययन प्रति महत्वपूर्ण योग दिएका छन्।

2. ब्यालाड (लोकगाथा)

ब्यालाडहरूलाई विभिन्न श्रेणीमा बाँध्न सकिन्छ, जस्तै—(1) वीररसको, (2) रोमान्सको, (3) पौराणिक औ ऐतिहासिक, (4) प्रेम, र (5) निर्वेद (वैराग्य)।

प्रेमगाथाको बारेमा हामीले लौकिक प्रेम-काव्य शीर्षकको अन्तर्गत विवेचन गरिसकेका छौं।

वीररसका गाथाहरू

'पावोजीको पंवाड़ाको', जो संख्यामा 52 जति छन्, अघि नैं उल्लेख गरिसकेका छौं। यसमा राठौर पावोजीको वीरताको सम्बन्धमा वर्णन गरिएको छ। भोपाहरू

यस पंवाड़ाका गायक हुन्। यिनीहरूले एउटा फड़ (एउटा चित्रमय पर्दा) पनि साथमा राख्छन्-गीतका विषयवस्तुलाई चित्रित गर्नका निम्ति।

तेजोजी बखताँका छोरा थिए। बखताँ ग्राम करनाल (नागौर)-का ढोला शाखाका जाट थिए। पाबूजीलाई-झैं यिनलाई पनि राजस्थानमा लोकदेवताको रूपमा पूजा गरिन्छ। यिनले गाईहरूको रक्षा र आफ्नो वचनको रक्षामा आफ्नो प्राण दिए। तेजा-लोककाव्य र 'तेजाजी' मा यिनको वीरताको चित्रण गरिएको छ।

गलालेंग (गुलालसिंह) चौहान जातिका राजपूत थिए। डूंगरपुरका महारावल रामसिंह (1702-1729 ई०) को शासनकालमा कड़ाणाको लँड़ाईमा यी मारिएका थिए। 'गलालेंग गाथा' यिनको वीरतापूर्ण कर्मबारे छ र यसलाई जोगीहरूले गाउँछन्। यो बागड़ अंचलमा लोकप्रिय छ र भनिन्छ कि कुनै जैता जोगीले विशेष रूपले यस गीतको रचना गरेका थिए।

डुंगजी औ जवाहरजीबारे पछि सविस्तार उल्लेख गरिएको छ। तिनीहरूको दुनाली र गीतहरूमा तिनको वीरताको वर्णन गरिन्छ र यो विशेष रूपले शेखावटी अंचलमा ज्यादै प्रचलित छ।

प्रेमगाथा (रोमांसका गाथा)

'बगडावत गाथा'मा 24 जना बगडावत दाजु-भाईहरूको लँड़ाईको बारेमा वर्णन गरिएको छ। ती सबै बाघरावका छोराहरू थिए। लँड़ाईको कारण चाँहि जयमती (जैलु) थिई जो रणकाराव नामक एक बूढ़ो राजपूत शासककी स्वास्नी थिई। त्यसको सवाई भोग (वा भोज) नामक एकजना सुन्दर तथा शक्तिशाली बगडावत भाई संग प्रेम-व्यापार थियो। रावको राजपूत र रावहरू औ बगडावतहरूको बीचको लँड़ाईमा तेजा नामक एक भाई-बाहेक अरु जम्मै बगडावत भाईहरू मारिए। पछि, भोज की पत्नी साधुले एउटा पुत्र जन्माई जसको नाँउ उदयराव (देवनारायणा) राखियो। उसले रणकारावको हत्या गरेर प्रतिहिंसा लियो। चान्दु नाम गरेको बगडावतहरूको एक जना भाटले जो यस कथाको एक पात्र पनि हो, यस गाथाको रचना 15 हजार श्लोकहरूमा गरेको छन भन्ने भनाई छ, तर त्यो अहिलेसम्म प्राप्त भएको छैन। त्यो क्षेत्र जहाँ जम्मै घटनाहरू घटित भए, त्यसलाई अचेल अजमेर (भिलवाड़ा) भनिन्छ, जहाँ यो गाथा अहिलेसम्म पनि लोकप्रिय छ। देवनारायणलाई देवताको अवतारको रूपमा पूजा गरिन्छ। सवाई भोजको पनि पूजा गरिन्छ जसको मन्दिर असीन्द ग्राम (भिलवाड़ा) मा छ। यो गाथा पनि भोपाहरू द्वारा गाइन्छ। चित्रमय फड़ (पर्दा) जो 25 हाथ लामो हुन्छ, यसलाई गाथापाठको समयमा रंगमंचको पर्दाको रूपमा उपयोग गरिन्छ। यो गाथा तीन रूपमा प्रचलित छ, प्रथमले सम्पूर्ण कथा बारे विवेचन गर्छ, दोस्रोले बगडावत

भाईहरूको मृत्युसम्म को गाथा सुनाउँछ र तेस्रोमा देवनारायणको कथा भनिए-को छ। पछि भोपाको मुखबाट सुनेर लक्ष्मीकुमारी चूँडावतले यसलाई सम्पादित गरेकी छन् र के. के. शर्मा तथा महेन्द्र भणावतले क्रमशः दोस्रो र तेस्रो पाठान्तरको सम्पादन गरेका छन्।

बगडावतहरू-बारे पनि काव्य-रचना गरिएको छ। चारण रघुराम रोडडिया-को 'देवलीला काव्य' एउटा यस्तै किसिमको वर्णनात्मक काव्य हो, र यसमा प्रायः एक हजार श्लोक छन् तथा 'वचनिका' नामक गद्यमा पूरा कथा भनिएको छ।

'निहालदे सुलतान', सुलतान र निहालदेका प्रेम-सम्बन्धी काव्य हो। गाथामा सुलतानको प्रेमव्यापार भन्दा उसको वीरताको ज्यादा वर्णन गरिएको छ। आफ्नो युवा अवस्थामा सुलतान गोरखनाथको शिष्य भए, जसले उनलाई उनका चारवटा उपदेशको अनुसरण गर्ने आज्ञा दिए। ती उपदेशहरू हुन्—(1) परायी स्त्रीहरू लगायत सबै स्त्रीहरूलाई आमाको रूपमा हेर्नु र व्यवहार गर्नु, (2) पराया धन-लाई धूलो समान मान्नु, (3) सत्यवादी हुनु, र (4) रणभूमिबाट कहिल्यै नभाग्नु। सुलतानले यी जम्मै उपदेशहरूको अनुसरण गरे। जोगीहरूले यस गाथाको वाचन गर्छन् जसको भाषा हरियाणी भाषाको स्पर्श भएको राजस्थानी छ।

पौराणिक गाथाहरू

'अम्बारस', 'द्रौपदी पुराण', 'भीमोभारत', 'अहमानो' इत्यादि चाँहि क्रमशः ऋषि दुर्वासा, द्रौपदीको चीरहरण, महाभारतको भीम र अभिमन्युका कथाहरू-माथि आधारित छन्। कहीं-कहीं 'अहिमानो' को अघि नै उल्लेख गरिएका ढेलजीको कथा अहमानीसंग सादृश्य देखिन्छ। 'ध्रुवलीला' चाँहि प्रसिद्ध बाल-भक्त ध्रुवको कथा हो।

पौराणिक तथा ऐतिहासिक गाथा

'नरसी जी री मायरो' एउटा मर्मस्पर्शी कथात्मक काव्य हो। यसमा प्रसिद्ध भक्त कवि नरसी जी की मातृहीना विवाहिता छोरीको घरेलू जीवन र कष्टको किम्बदन्तीको उल्लेख गरिएको छ। साथै भाट अथवा माहेरा कथाको दिव्य प्रस्तुतीकरण पनि छ। यस काव्यको धेरै पाठान्तर तथा भाष्यहरू पनि प्राप्य छन्। यो रचना संवेदना र मर्मस्पर्शिताले भरिएको छ र कतै-कतै मानवीय सम्बन्धहरू-प्रति व्यंग्य भरिएको छ तथा दिव्यशक्ति बारे पनि जसलाई मानवीय सम्बन्ध संग बड़ो प्रेमले गाँसिएको छ। यो सर्वजनलाई छुने हुनाले साह्रै प्रसिद्ध भएको छ। धेरै कविहरूले यस कथावस्तुलाई आफ्नो काव्य-रचनाका निमित्त ग्रहण गरेका छन्।

निर्वेद गाथाहरू

ब्यालेडहरू, जसमा प्रसिद्ध नाथसिद्धहरू गोपीचन्द र भरथरीको जीवनी र कृतित्व एवं तिनीहरूको वैराग्यको वर्णन गरिएको छ। यी सबै राजस्थानमा प्रचलित छन्। यी गाथाहरू जोगीहरूद्वारा गाइन्छन् र धेरै कविहरूलाई यस कथा-वस्तुमाथि लेख्ने प्रेरणा दिएका छन्।

3. लोककथा

हामीले मध्यकालीन गद्य शीर्षक अन्तर्गत 'बात' बारे विचार गरिसकेका छौं। लोककथाहरूबाट विजयदान देथा र गोविन्द अग्रवाल लगायत धेरै आधुनिक लेखकहरू प्रभावित भएका छन्। यी लेखकहरूले यस्ता कथाहरूलाई आफ्नै वाक्य-विन्यासको स्पर्श दिएर प्रस्तुत गरेका छन्। यसमा उनीहरूले संक्षिप्तता, प्रभाव-शीलता तथा उद्देश्यलाई पनि ध्यानमा राख्दै, तर साधारण प्रचलित लोककथा-शैली जस्तै कथानक वाचनको पालन गरिएको छ।

विजयदान देथाले, 'बातनरी फुलवाड़ी', पुस्तकमा यस्ता धेरै कथाहरूलाई क्रमबद्ध वैज्ञानिक ढंगले निकालेका छन्, जसमाथि एक दर्जन ग्रन्थहरू प्रकाशित भइसकेका छन्। तर, उनको भाषा चाँहि प्रायः बोलचालको हुन्छ।

गोविन्द अग्रवालले एक हजार भन्दा बढ़ी लोककथाहरू जम्मा गरेका छन् जसमध्ये धेरै कथाहरू राजस्थानी र हिन्दीमा प्रकाशित भइसकेका छन्। यी कथा-हरू आफ्नो प्रभावशीलता र लयबद्धताले गर्दा लोकप्रिय भएका छन्।

लक्ष्मीकुमारी चूँडावतले 'राजस्थानी लोकगाथा' इत्यादि ग्रन्थमा यी लोक-कथाहरू पुनः भनेकी छिन्, र बालकहरूको लागि यस्ता कथाहरू लेखेकी छन् 'हुंकारो दोसा' र 'टाँबरा री बातन' पुस्तकमा।

व्यवहारकुशलता र दुनियादारी-बारे केही कथाहरू मूलचन्द प्राणेश (हिमा-इतणा उपाय), मनोहर शर्मा र नानूराम संस्करता (घर की रेल), देवकिसन राजपुरोहित, (दंतकथावाँ वरजुडी रो ताप), मोहनसिंह (आगणी कथावाँ)-द्वारा प्रकाशित भइसकेका छन्। अन्य केही लेखकहरूले पनि लोककथाहरू लेखेर छपाए-का छन्।

4. लोक-नाट्य

यिनलाई स्थूलरूपमा 'ख्याल', 'स्वाँग' र 'लीला' शीर्षक अन्तर्गत विभाजित गर्न सकिन्छ।

ख्यालहरू चाँहि सामाजिक, ऐतिहासिक, धार्मिक वा आध्यात्मिकताबारे हुन्छन्। कलाशैलीको अनुसार विभिन्न अंचलमा प्रचलित ख्यालहरूलाई निम्न-लिखित शीर्षकहरू भित्र राख्न सकिन्छ, जस्तै—मास, तुरांकलंगी, कुसामणि,

शेखावटी, नौटंकी, मेवाड़ी, अलिबख्शी, किसनगढ़ी, रम्मत, जयपुरी, हाथरसी, नागौरी, झाड़शाही, बंगाली र अन्य धेरै ।

दुर्भाग्यवश यी ख्यालहरू तीव्रगतिले नासिँदै गइरहेछन् ।

सुपरिचित स्वाँगहरू जस-अन्तर्गत छन्—ख्याल, झामटड़ा, टुँटिया, टुँटकी, जमराबीज, न्हाण, बादशाहकी सवारी, बहुरूपियाकी सवारी र भवाई ।

लीलाहरू चाँहि पौराणिक कथाहरूमाथि आधारित छन् । रासलीला, रामलीला, रासधारीलीला, सनकादिक लीला, रावळौं की रम्मत औ गवारी यिनका केही नमूनाहरू हुन् । देवीलाल सामर, महेन्द्र भणावत तथा अन्य विद्वान्हरूले यस कलाको अध्ययनबारे उल्लेखनीय योगदान गरेका छन् ।

5. लोक सुभाषित

धेरै लोकोक्तिहरू, मुहावरा, पहेलीहरू, उखानहरू इत्यादि धेरैजना विद्वानहरूद्वारा प्रकाशित गराइएका छन् । यी विद्वानहरू हुन्—मुरलीधर व्यास, एन० डी० शर्मा, अगरचन्द नाहटा, कन्हैयालाल सहल र गोविन्द शर्मा ।

अध्याय : 5

आधुनिक काल
(1850 ई० देखि यता)

समय सापेक्षता (1850-1947 ई०)

राजस्थानका सबै रियासतहरू 1819 ई०को वर्षमा व्यावहारिक रूपले ब्रिटिश राज्यको अधीनमा आए। यी रियासतका शासकहरूले अंग्रेज शासकसंग सन्धिद्वारा प्रवेश गरे र अब तिनीहरू कुनै पनि बाहिरी आक्रमणबाट सुरक्षित भए। यसका निमित्त तिनीहरूले ब्रिटिश सरकारलाई वार्षिक शुल्क अथवा उपहार दिनुपर्थ्यो। राजस्थानका जागीरदारहरू, र शासकहरूको माँझ यी ब्रिटिशहरू मध्यस्थ भए। संधिमा यिनीहरूलाई यो सुविधा दिइएको थियो कि ब्रिटिश सरकारले यी रियासतहरूको आन्तरिक मामलाहरूमा हस्तक्षेप गर्ने छैन। तर कतिपय कारणहरूले गर्दा, जसमा राजनीतिक र आर्थिक कारण मुख्य थिए, तिनीहरूले बराबर हस्तक्षेप गरिरहे। 1819 ई० देखि 1858 ई० सम्मको काल एउटा संक्रांतिकाल थियो। ब्रिटिशहरूसंगको सम्बन्धको परिणामस्वरूप कैयन् शताब्दी पुराना सांस्कृतिक परम्पराहरूमा एउटा धक्का लाग्न गयो। राजपूतहरू र अन्य वीरहरूको व्यक्तिगत वीरत्व, नयाँ र सुसंगठित औ सुनियोजित ब्रिटिश फौज-पद्धतिको साम्नु व्यर्थ सिद्ध हुन गयो। वैज्ञानिक आविष्कारहरू जस्तै टेलीग्राफ (1851 ई०), रेलवे (1854 ई०) इत्यादिको प्रयोग, शासन-प्रणालीमा परिवर्तन र नयाँ शैक्षिक-नीति यस्ता केही तत्वहरू थिए जसले यस संक्रान्तिकालमा योगदान गरे। अंग्रेजी शिक्षाको सम्बन्धमा 1854 ई०मा चार्लसवुडको आगमनले वर्तमान शिक्षा-पद्धतिको आधारशिला राख्यो। यसले निम्नतम देखि उच्चतम स्तर सम्म शिक्षामा समान पद्धति ल्याइदियो। 1832 ई०मा, लार्ड विलियम बेंटिक अजमेर आए र राजस्थानका जम्मै उच्च शासकहरूलाई निमंत्रित गरे। जोधपुरका महाराजा मानसिंह-बाहेक अरू जम्मै शासकहरू लर्डसित भेट गर्न गए। साम्भर झीलको नूनको र अफिमको व्यापारमा तिनीहरूको नीतिद्वारा यी शासकहरूलाई निकै धक्का लाग्यो। कवि शंकरदान सामौरले तिन्ताकको बिग्रंदै गएको व्यापार-अवस्थाको वर्णन गरेका छन्। रियासतहरूको शासन प्रणाली अस्तव्यस्त अवस्थामा थियो, र लगातार अराजकताले गर्दा अब यो भत्किंदै गइरहेको थियो। ब्रिटिशहरूले यसलाई सुधार गर्नेतिर पर्वाह नै

गरेनन्। रेजीडेन्टको पदमा नियुक्त गरिएका कूटनीतिक अधिकारीहरूलाई ठूला रियासतको राजधानीमा खटाइए। सबै रियासतका दरबारहरूले बराबर षड्यन्त्र र दोहोरो व्यवहारको सामना गर्न परिरहेको थियो। सशक्त शासकहरूको संख्या अल्प थियो। शासकहरूले, जुन अब मराठाहरूको पिंडारीहरूको लूटपाट र बाहिरी आक्रमणहरूदेखि सुरक्षित थिए, ब्रिटिशहरूसंग सहयोग गर्नु आफ्नो परम कर्तव्य ठाने। यसो हुँदा समग्र राजस्थानमा सांस्कृतिक मूल्यहरूको पतन भएको थियो र अधिकांश चाँहि ब्रिटिशहरूको हस्तक्षेपको कारणले भएको हो। आफ्ना शासकहरूप्रति जनताका कैयन् शताब्दी पुराना आस्थाहरू अब धस्किंदै गइरहेका थिए।

सन् 1833 ई०मा अंग्रेजहरूले शेखावटी क्षेत्रमा एउटा सैनिक छावनी तयार गरे जसको नाँउ 'शेखावटी ब्रिगेड' राखियो। 1834 ई०मा पाटोडाका डूंगरसिंह (डुंगजी)ले, जो ब्रिगेडका एक जना प्रभावशाली र वीर सिपाही थिए, फौजको त्याग गरे र बगावत (विद्रोह) गर्न खड़ा भए। उनी ब्रिटिशहरू र तिनीहरूका स्थानीय धनी सहयोगी पक्षधरहरूलाई लूटपाट गर्ने जीवनक्षेत्रमा उत्रिए। उनको साथ दिन आए उनका काकाका छोरा बठोठका जवाहरसिंह (जवाहरजी)। तिनीहरूको सहायता गरे लोढसर (बीकानेर) का ठाकुर खुशालसिंह बिडावतले। भैरवसिंह गौड़द्वारा धोका दिइएको हुनाले, डुंगजी पक्रा परे र तिनलाई आगराको किल्लामा बन्दी बनाएर राखियो। 1846 ई०मा, उनी जवाहरजी, लोट्या जाट, करणिया मीना र ठाकुर खुशालसिंहको सहायताले झेलखानाबाट भागे। डुंगजी र जवाहरजीले त्यसै बेला नसीराबाद स्थित ब्रिटिश छावनीमाथि आक्रमण गरे। डुंगजी 1847 ई०मा फेरि पक्रा परे र चाँड़ै नै जवाहरजीको पनि गिरफ्तारी भयो। आगरा तथा नसीराबादमा आफ्नो बहादुरीले गर्दा ती दुवैले जनताद्वारा प्रशंसा प्राप्त गरे र चाँड़ै नै तिनीहरू लोकसाहित्यका 'वीर नायक' हुन गए। धेरै काव्यहरू, जसमा अज्ञात कवि विरचित कथात्मक लोककाव्य 'छवाली' पनि छ, ती दुवै वीर नायकहरूका बारेमा रचिए। लिखमीदान उजाल, शंकरदान सामौर, बुधाजी आसिया, गिरवरदान कविया, गंगादान सान्दु, रामदयाल कविया र तेजदान आसिया यी काव्यहरूका रचयिताहरू भए।

जब 1857 ई०मा विद्रोह खड़ा भयो, जुन 'गदरको' नाउँले प्रसिद्ध छ, राजस्थानका जम्मै रियासतहरूका शासकहरूले बूँदी रियासतका महाराव बाहेक, यस विद्रोहको दमन गर्नमा ब्रिटिशहरूलाई सक्रिय सहयोग पुर्‍याए। जे होस्, अन्तमा केही जागीरदारहरू र ठाकुरहरू विद्रोही र दमनकारी हुन गए। वस्तुतः तिनीहरूले ब्रिटिशहरूको विरोध गरे, तर राजा वा सामन्तहरूको होइन। यस्ता सामन्तहरूमा थिए—हरिसिंह बिदावत, ठाठावता, बिसनसिंह मेड़तिया गूलर, शिवदानसिंह आसोप, श्यामसिंह बाड़मेरा चौहतन, नाथूसिंह देवड़ा भाटाना (सिरोही), बलवन्तसिंह गोण्डा बूँदी, पृथ्वीसिंह हाड़ा कोटा, रावत जोधसिंह कोठारिया, केसरसिंह

सलुम्बर, खुम्मनसिंह लोठसर र खुशालसिंह। औवाका ठाकुर खुशालसिंहलाई, जसले 'गदरमा' एउटा महत्वपूर्ण भूमिका खेलेका थिए—आसोप, गूलर, आलणियावास, बिजावास, रूपनगर र सलुम्बरका ठाकुरहरूका सेनाहरूले सघाएका थिए। ब्रिटिश पक्षपाती जोधपुर सैनिक र ब्रिटिश सैनिकहरूसंग भयंकर लड़ाई पछि, ठाकुर खुशालसिंह औवादेखि फुत्किए। उनको भगाईपछि उनलाई सालुम्बरका राव, कोठारियाका रावत जोधसिंहले मदद गरेर यस विद्रोही ठाकुरलाई शरण दिए। उमरकोटका सोढा रतन नाणाले, जो एक जना ब्रिटिश सर्वेक्षकको हत्या गरेपछि, अरावली पहाड़भित्र घुमिहिंड़ि रहेका थिए, खुशालसिंहलाई भेट्टाए र केही समयको निम्ति उनीसंगै बसे।

खुशालसिंह, रतनराणा, भटामाका नाथूसिंह र अरुहरू लोकगीतका वीर नायकहरू भए। बारहट तिलोकदान, बारहट बिसनदान, सूर्यमल्ल मिश्रण र अन्य कविहरूले औवा आक्रमणको बारेमा डिंगल गीतहरू रचे र ठाकुर खुशालसिंहको वीरताको विशद व्याख्या एवं स्तुति गरेका छन्। मोतीराम आसिया, रामलाल टपरिया र कमजी दधवाड़ियाले रावत जोधसिंह कोठारिया-बारे डिंगल गीतहरूको रचना गरे। रावत केसरीसिंह सालुम्बरको स्तुति बखतराम आसिया, सान्धायाच बुद्ध र सान्दु राघवदासका रचनामा गरिएको छ।

'गदर' विद्रोह असफल भयो र 1858 ई०को अंततिर ब्रिटिशहरूले भारतमाथि आफ्नो शासन सुदृढ़ गराए।

यस संक्रान्तिकालीन दौरमा दुइजना कविहरू उल्लेखयोग्य छन्। ती हुन्—बूंदीका सूर्यमल्ल मिश्रण र ठोयासार (सुजानगढ़, बीकानेर)-का शंकरदान सामौर।

सूर्यमल्ल मिश्रण (1815-1868 ई०) लाई आधुनिक कालमा चारणशैलीको अंतिम महान् विद्वान् र कवि ठानिएको छ। उनी बूंदीका महाराव रामसिंहका आश्रयमा थिए र तिनको प्रेरणाले, कविले 1840 ई०मा 'वंश भास्कर' लेखन आरंभ गरे। चम्पूको रूपमा, छन्दहरूको वैविध्य र गद्य-पद्य शैलीमा लेखिएको, यो आफ्नो ढंगको एउटा विशाल कृति हो र यो विश्वकोशीय ढंगको छ। यो बूंदीका महाराव रामसिंहका चौहान पुर्खाहरूको कथामात्र होइन, तर राजपूत राजदरबारका अन्य वंशहरू, ऐतिहासिक घटनाहरू विविध विषयहरूको विशाल भंडार पनि हो। यस कृतिको मूल भाषातात्विक स्वरूपको पिंगल, तर संस्कृत, प्राकृत, अपभ्रंश र मरुभाषा वा डिंगलको पनि स्थल-स्थलमा उपयोग गरिएको छ। दुर्भाग्यवश यो कृति कवि स्वयंद्वारा पूरा हुन सकेन। यो एउटा विशाल कथात्मक ऐतिहासिक काव्य हो, तर इतिहास चाँहि होइन। इतिहासको दृष्टिकोणबाट हेर्दा, यसमा अनेक कमीहरू छन्, तर सातौं र आठौं राशिहरूमा जहाँ बुद्धसिंह, उम्मेदसिंह, रामसिंह र अन्य समसामयिक राजाहरूको वर्णन गरिएको छ, दुवै विचारणीय र ऐतिहासिक मूल्य-

का छन् । सैन्य, युद्ध, वीरहरू, शहरहरू, सामाजिक रीति रिवाजहरू र पर्वहरूको विवरण यस कृतिमा प्रचुर मात्रामा छन् र यी सबै आकर्षक पनि छन् ।

कविको अर्को प्रसिद्ध काव्य 'वीर सतसई' हो जसमा 188 दोहाहरू छन्, तर यो पनि अपूर्ण छ । यस काव्यमा अभिव्यक्त भएका विचारहरू कुनै शेष व्यक्ति-हरू सित सम्बन्धित छैनन्, तर सामान्य रूपमा यसमा वीरतापूर्ण भावनाहरूको चित्रण गरिएको छ । कविले यसो गर्नमा आफ्ना पूववर्ती कविहरूको अनुसरण गरेका छन् । उनले मध्यकालीन राजपूत वीरताका महान् आदर्शहरूलाई सशक्त वाणी दिएका छन् । यी आदर्शहरू प्राय: वीर स्त्रीहरूको माध्यमले अभिव्यक्त भएका छन् । यसको उद्देश्य चाँहि समसामयिक र भावी पिंढ़ीहरूलाई यी आदर्शहरू ग्रहण गर्ने प्रेरणा दिनु जस्तो देखिन्छ । यो साहित्यिक राजस्थानीमा लेखिएको वीररसको एउटा अद्वितीय र सशक्त काव्य हो । हेमचन्द्रको 'अपभ्रंश व्याकरण', प्राकृत 'पैंगलम' र ईसरदासको 'हालां झालां रा कुंडलिया' अनि बांकीदासको 'काव्य' इत्यादिहरूको प्रभाव यस सतसईका दोहाहरूमा पाइन्छ । यस काव्यको रचना 1857 ई०को गदरको समय र पछि भएको हो । कविको संकेतित तात्पर्य सुसुप्त राजपूत शौर्यलाई जगाउनु देखिन्छ । 'गदर' चाँहि कविको लागि प्रेरणाको स्रोत भएको हुन सक्छ । तर मात्र तीनवटा दोहामा संख्या 8, 5 र 6, (सत्सई, सहलद्वारा सम्पादित, वि०सं० 2005) अरुकहीं पनि यसको उल्लेख छैन । जे होस्, उनले आफ्ना मित्रहरूलाई लेखेका पत्रहरूमा हामी तत्कालीन राजनीतिक अवस्था प्रति उनको स्वीकारोक्ति पाउँदछौं । ती पत्रहरूमा, एक अस्पष्ट रूपमा यस विद्रोह (गदर) प्रति जनताको देशभक्तिको कर्तव्य बारे उनका सुझाउहरू छन् । उनले यस विद्रोहका निमित्त सीधा आह्वान गरेका छैनन्, जस्तो कि उनका पूर्ववर्ती बाँकीदास ले गरेका छन् । तर उनको आह्वान उनको काव्यको लक्षण रूपकालंकारसित मिलेको थियो । सूर्यमल्ल यस वीरकाव्यको युगका प्राय: अन्तिम महान् कवि थिए ।

'राम रंजात' (145 पदहरू) र 'बलवड विलास' (584 पदहरू) यी दुइ कृतिहरू सूर्यमल्ल-द्वारा रचित वर्णनात्मक काव्यहरू हुन् जो क्रमश: बूँदीका महाराव रामसिंह र भिणायका राजा बलवन्तसिंहको बारेमा लेखिएको छ । 'राम-रंजत' को रचना 1825 मा भएको थियो जब कि यसका कवि मात्र 10 वर्षको उमेरका थिए । उनका फुटकल 'डिंगलगीतहरू' तत्कालीन धेरै व्यक्तिहरूको प्रशंसामा लेखिएका छन् । ती व्यक्ति हुन्-औवाका ठाकुर खुशालसिंह, नरसिंहगढ़का चैनसिंह, डुंगजी र जवाहरजी । यिनको 'धाए रूपावली त्यति उच्चकोटिको ग्रन्थ होइन । 'छन्दोन्मुख' र 'सतीरासो' पनि यिनैको रचना हो भनिन्छ, तर यी प्राप्य छैनन् । विशद ज्ञान र काव्यात्मक प्रतिमा भएका मानिस, सूर्यमल्लको यसकालका समकालीन राजस्थानी काव्य प्रति एउटा ठूलो संघात थियो ।

यहाँ सतसईबाट तीन वटा दोहाहरूको भावार्थ दिइन्छ :

"ती व्यक्तिहरूमात्र यस भूमिका मालिक हुने योग्य छन् जसले अपना घोड़ाहरूलाई घरतिर फकाईदिन्छन्, त्यो घर जसको छाना शीलहरूको छायाँ र जिरहबख्तर जसको खाँभो छन् ।"

"मेरा पतिको विजयले मलाई चकित बनाइदिन्छ । म कसरी यसको वर्णन गरुँ ? हे मेरी सेविका, आफ्नो शिरविहीन शरीरले उनले क्रूर मेजवानहरूको हत्या गरे । के उनको हृदयमित्र पनि कुनै आँखा छ होला ?"

"आमाले आफ्नो बालकलाई कोक्रोमा लैबरी गीतद्वारा नै मृत्युको सम्बन्धमा शिक्षा दिन्छिन् । हे मेरो बालक, उनले भन्छिन्—शत्रुद्वारा पददलित यस भूमिमा जीवनको कुनै रस नै छैन ।"

शंकरदान सामौर (1824-1878 ई०)-लाई कतिपय कारणहरूले, आधुनिक युगका प्रथम महान् चारण-कवि भन्न सकिन्छ । यिनले राष्ट्रलाई ब्रिटिशहरूको विरुद्धमा तिनीहरूको भ्रष्टाचार, स्वार्थपूर्ण व्यवहार तथा अविश्वसनीय चालको निमित्त तूर्यनादले उद्‌बोधन गरे । यिनले आफ्नो काव्यमा देशको दुःखद सामाजिक र राजनीतिक अवस्थाओ चित्रण गरे, ती वीरहरूको गुणगान गरे र तिनीहरूलाई उत्साहित गरे, जो 1857 ई०को विद्रोहमा अंग्रेजहरूको विरुद्धमा खड़ा भए र जनतालाई प्रेरणा दिए । विशेष गरेर, ठाकुर र जागीरदारहरूलाई यस अवसरमा तयारी हुने आह्वान गरे । कविले, अंग्रेजहरूको पक्ष लिने सामन्तहरूको साहसपूर्ण निन्दा गर्नमा अलिकति पनि हिच्किचाएनन् । ती कविहरूलाई पनि उनले माफ गरेनन् जसले देशभक्तिहीन शासकहरूको प्रशंसा गर्नमा आफ्नो काव्यात्मक प्रतिभालाई निरर्थक बनाए । उनले अन्यायको विरुद्धमा आफ्नो आवाज उठाए । उनी न त दरबारी कवि थिए न उनले कसैको आश्रयको उपभोग गरे ।

यिनका फुटकल डिंगल गीतहरू, छप्पय र दोहाहरू मौखिक परम्पराद्वारा उपलब्ध भएका छन् । यी गीतहरू विभिन्न विषयहरू-बारे छन् । केही गीतहरूमा, समकालीन घटनाहरू र वीरहरूको वर्णन छ, जस्तै—ठाकुर खुम्मणसिंह चिदावत लोढसर, डुंगजी र जवाहरजी, तांतिया टोपे, अंग्रेजहरूको नीति, टिड्डी (कीरा)-हरूको आक्रमण, विध्वंस, र धरनाहरूको वर्णन छ । अरु गीतहरू शक्ति र भैरवको स्तुति मा लेखिएका छन् । गीत र छप्पयहरू मा शक्ति वा देवीलाई सामूहिक रूपमा 'सगति सुजस' भनिएको छ । केही छप्पयहरूमा भागीरथीको महिमागान गरिएको छ, जसलाई 'भागीरथी महिमा' भनिएको छ । दोहा छन्दमा लेखिएका काव्यहरू छन्—'बखत रो बायरो', 'देश दर्पण' र 'साकेत सतक' । तिनमा देशको तत्कालीन अस्तव्यस्त सामाजिक, आर्थिक र राजनीतिक दशाको चित्रण, सामन्ती

शासकहरूको व्यवहार, अंग्रेजहरूको विषालु घातक नीति, तिनीहरूको दमनकारी शासन पद्धति, पददलितहरूको दुखमय स्थिति, व्यवहारिक जीवनको यथार्थताको चित्रण विशद र सशक्त शैलीमा गरिएको छ। उनको शैली सरल र भाषा प्रवाहपूर्ण राजस्थानी छ। उनी जनताका कवि, राष्ट्रीयताप्रेमी, र सत्यका पक्षधर आधुनिक प्रगतिशील कवि थिए। यिनी सूर्यमल्ल मिश्रण भन्दा पनि एक कदम अघि भएका छन्। निम्नलिखित दोहामा उनी भन्छन् :

"आमाले आफ्नो बालकलाई राजपूतहरूको रीति-अनुसार प्रशिक्षण दिन पर्दैन, न मृत्युको उच्चता सिकाउनु पर्छ। उ त आफ्नो दूध माथि नै निर्भर रहन्छे, किनकि बाघलाई कसले तिछोर्नु र चिर्नु सिकाउँछ ?"

रवीन्द्रनाथ ठाकुर र मैथिलीशरण गुप्तलाई उनीहरूको उर्मिलाको चित्रणको लागि, जसमा उर्मिलालाई मूक बलिदानको मूर्ति भनेर वर्णन गरेका छन्, हामी प्रशंसा गर्दछौं। तर तिनीहरूभन्दा धेरै अघि नै शंकरदान सामौरले उर्मिलाको आत्मत्यागको उल्लेख गरेका छन् :

"सबैले तिम्रो प्रशंसा गर्छन्, हे तुलसीदास, तिम्रो सुन्दर रामायणको रचनाको निम्ति। तर पनि मलाई आश्चर्य लाग्दछ कि कसरी तिमीले उर्मिलाको मूक आत्मत्यागलाई विस्मृत गर्न सक्यौ ?"

यहाँ शंकरदान सामौरका रचनाहरूबाट केही पंक्तिहरू उद्धृत गरिन्छ :

बखत रो वायरो बाट

"राष्ट्रभक्तहरूको जीवन कष्ट र पीड़ाले परिपूर्ण छ, तर स्वार्थी मानिसहरू चम्किरहेछन्, आनन्दित छन्। हे रामजी, मानिसको आत्मसम्मानको रक्षा गर्न अब कठिन छ।"

"अंग्रेजहरूसंगको सम्बन्धले गर्दा 'ब्यूरोक्रेसी' भ्रष्ट भएको छ। हे रामजी ! सामान्य जनता अबको समयमा नराम्रो गरि पिसिएका छन्।"

"अंग्रेजहरूको शोषणले जम्मै कामहरू नष्ट गरिदिएको छ। भोको जनताले आफ्नो अस्तित्वको बोझा अब कसरी उठाउन सक्छन् !"

"झगड़ा गर्नु, आफ्नो मानिसहरूको हत्या गर्नु र एक-अर्काको विरुद्ध तलवारको धारी उद्याउनु अहिले हाम्रा तथाकथित वीरहरूको एकमात्र व्यवसाय भएको छ।"

"वर्तमान हुकुमहरू यस्तो हो जस्तो कि कुनै गरीब मानिसको झुप्रोमाथि धेरै

तल्ले भवन खड़ा गरिएको छ।"

देश-दर्पण बाट

"चंगेज खान जस्ता पहिलेका आक्रामकहरूले राजाहरूको राजमहल लूटेर गए। तर यी भ्रष्ट नीच अंग्रेजहरूले गरीब जनताको झुप्रोसम्म पनि छोड़ेनन्।"

"हे मेरा गरीब देशवासी। म तिमीहरूको सामु नतमस्तक हुन्छु। देशको नियतिको वास्तविक भार त तिमीहरूमाथि रहेको छ। तिमी हरू नै साँचो सर्दारहरू हौ जसको कांधमाथि टाउको हुनु सार्थक हुन्छ।"

तांत्या टोपे बारे गीतका दुइवटा श्लोकहरू यस प्रकार छन्:

"हे वीर तांत्या, तिमीले समग्र हिन्दमा एउटा आँधी खड़ा गरिदियौ, जसरी हनुमानले आफ्नो शक्तिशाली गदाले लंकामा आतंक फैलाइदिए। लुप्त हुँदै गएको राजपूत गौरवले तिम्रो तलवारमा आगोको अंगार देख्यो। युद्धमा तिम्रो शक्ति असीम, अथक र अपरिमेय थियो। असन्तुष्ट युद्ध-देवीले राजपूतहरूको हात छोड़िदिएकी छिन्। एक साहसी दक्षिणवासी, तिमीले उसलाई सहयोग दियौ। तिमीले छत्तीस कुल क्षत्रिय योद्धाहरूको योग्य उत्तराधिकारीको प्रमाण दियौ र मातृभूमिको प्रतिष्ठालाई अझ उच्च बनाइदियौ।"

राष्ट्रीयता तथा स्वतंत्रता आन्दोलन

राजस्थान र राजस्थानी सम्बन्धित कृतिहरू

उन्नाइसौं शताब्दीको उत्तरार्द्धमा अंग्रेजहरूले भारतमा आफ्नो शक्ति सुदृढ़ बनाए। यस दिशामा तिनीहरूको प्रयत्नले हाम्रो राष्ट्रीय चेतनालाई जाग्ने र भारतको एकतालाई तदनुरूप जाग्ने अवसर दियो। कर्नलटाडको 'Annals and Antiquity of Rajasthan' पहिलो पल्ट 1829 ई० मा प्रकाशित भएको थियो। यद्यपि, यसको तात्पर्यद्वारा यसले इतिहासको साम्प्रदायिक र वंशवादी व्याख्यालाई, हिन्दू-मुस्लिम भेदभावको रूपमा एउटा सूत्र प्रदान गर्‍यो। उक्त ग्रंथमा वर्णन गरिएका राजपूत वीरहरू र तिनका स्त्रीहरूको वीरतापूर्ण एवं गौरवशाली जीवनले मानिसहरू साथै लेखकहरूलाई पनि प्रेरित गर्‍यो। लेखकहरूले यसका धेरै विषयवस्तुहरूमाथि आधारित रचनाहरू लेखे।

देशमा सामाजिक-धार्मिक आन्दोलन र अन्यत्र राजनीतिक घटनाहरूको प्रतिक्रिया राजस्थानमा पनि भयो र यहाँ पनि राष्ट्रीयताको अनुभूतिले जरा गाड़न थाल्यो। स्वामी दयानन्द र उनको विचारधाराले यसलाई धेरै प्रोत्साहन दियो। श्यामजीकृष्ण वर्मा, बारहट केसरीसिंह तथा स्वामी दयानन्दका केही अन्य शिष्य-

हरूले जम्मै विषमताहरूको विरुद्धमा राष्ट्रीयताको अग्नि प्रज्ज्वलित राखे। आर्य समाजको स्थापना (10 अप्रैल 1875 ई०मा बम्बईमा) र भारतीय राष्ट्रीय कांग्रेसको स्थापना (दिसम्बर 1885 ई०मा, यो पनि बम्बईमा नै), यी दुइवटा रचनात्मक घटनाहरू थिए। यूरोपेली विद्वानहरूले पूर्वसित सम्बन्धित अध्ययन-हरूमा निकै रुचि लिन थाले। देशका अतीतका गौरवहरूप्रति राख्ने कार्यले नयाँ आशा जगाइदियो।

सन् 1871 ई०मा कविराजा श्यामलदासलाई मेवाड़को वृहत् तथा सविस्तार इतिहास लेख्न महाराणा शम्भूसिंहले बाध्य गराए। उनको वीर विनोद राजस्थान-को इतिहास सम्बन्धित एउटा विशाल कृति हो। पछि, भारतीय पुरालिपिशास्त्र-को अध्ययन र राजस्थानको इतिहास विषयलाई गौरीशंकर हीराचन्द ओझाले नयाँ प्रकाश दिएर आफ्नो हातमा लिए।

जोधपुरका रामकरण आसोपा (1857-1943 ई०)का कृतिहरूले आधुनिक राजस्थानी भाषा र साहित्यको अट्टालिकाको आधारशिला बनाएका छन्। उनी धर्मशास्त्र, इतिहास र काव्यशास्त्रका एक सुशिक्षित महान विद्वान् थिए। व्याकरण, शब्दकोश-रचना तथा साहित्यको इतिहास कुनै जीवित भाषाको निम्ति यी तीनै आवश्यक छन्। आसोपाको 'मारवाड़ी व्याकरण' (1896 ई०मा प्रकाशित) आधुनिककालमा यस किसिमको प्रथम कृति हो। यिनले राजस्थानीका दुइवटा 'शब्दकोश' तयार गरे जसमा क्रमशः 60 हजार र 20 हजार शब्दहरू छन्। दोस्रो कोश चाँहि पहिलोको संक्षिप्त रूप हो। दुर्भाग्यवश यी दुवै कोशहरूले अहिले सम्म पनि प्रकाशनको अनुहार देखेका छैनन्। राजस्थानी पढ्न शुरू गर्ने र पढ्नेहरूका निमित्त उनले तीनवटा प्राथमिक पुस्तकहरू 'मारवाड़ी पुस्तक' भाग 1, 2, 3 (1906ई०) लेखे। यी पुस्तकहरू मारवाड़को स्कूलको पाठ्यक्रममा रखिएका थिए र 20 वर्षसम्म यही चलिरह्यो। उनले रतनु वीरभानको 'राजरूपक', कविया करणीदानको 'सूरजप्रकाश' तथा आसिया बाँकीदासका कविताहरूको सम्पादन गरे। उनले गीताको सरल राजस्थानी गद्यमा अनुवाद गरे। उनी चारण साहित्य-का एक श्रेष्ठ विद्वान् थिए र उनको हिन्दीमा लेखिएको 'मारवाड़को इतिहासले' उनको विद्वत्ताको यथेष्ट प्रमाण दिएको छ। हिन्दी तथा संस्कृतप्रति पनि उनको सेवा उल्लेखनीय छ। यिनले 'भागवत पुराण' र तुलसीदासको 'रामायण' को खड़ी बोली (हिन्दी) मा अनुवाद गरे र हिन्दी पढ्न आरम्भ गर्नेहरूका निमित्त 'सचित्र बालबोध' पुस्तक लेखे। यिनको व्याकरण 'हिन्दी व्याकरण' 1911 (वि. सं. 1969) मा छापिएको थियो अर्थात् कामताप्रसात गुरुको प्रसिद्ध हिन्दी व्याकरण छापिनुभन्दा नौ वर्ष अघिनै यिनको व्याकरण छापिएको हो। यिनको संस्कृत महाकाव्य 'राष्ट्रोदय', जसमा 20 हजार श्लोकहरू छन्, राठौरहरूको इतिहास हो र यो कल्हणको 'राजतरंगिणी' जस्तै छ। 1914 ई०मा यिनले

डाक्टर टेस्सीटोरीलाई राजस्थानी भाषा र साहित्य पढ़ाए । यिनी दूरगामी दृष्टि-शक्ति भएका उच्चकोटिका विद्वान् थिए । यिनले राजस्थानी भाषा र साहित्यका विविध अंग अर्थात् विधाहरू सहित क्रमबद्ध वैज्ञानिक अध्ययनको मार्ग प्रशस्त बनाइदिए ।

विद्वानहरूले राजस्थानको इतिहास, संस्कृति, भाषा र साहित्यको अध्ययन-प्रति समृद्धि प्रदान गरे । यसलाई अझै सुदृढ़ बनाइदिए—विदेशी विद्वानहरूका कृतिहरूले, जस्तै म्याक अलिएस्टर, ग्रियर्सन तथा टेस्सीटोरी, एवं भारतीय विद्वान-हरू, जस्तै, भण्डारकर, सुनीतिकुमार चटर्जी र मुनि जिनविजयं । बीसौं शताब्दी-को तृतीय दशक वा चतुर्थ दशकतिर लगनशील विद्वानहरूको एक दलले, जसमा सूयकरण पारीक, रामसिंह, नरोत्तमदास, स्वामी मोतीलाल मेनारिया र अगरचन्द नाहटा थिए, राजस्थानीभाषाको कार्यको निमित्त कार्य आरम्भ गर्‍यो ।

इतावली विद्वान् लुगीपियो टेस्सीटोरी (जसको 1887 ई०मा इटलीको उदाइन स्थानमा जन्म भयो र 1919 ई०मा बीकानेरमा मृत्यु भयो) का कृतिहरू बड़ो ऐतिहासिक महत्वका छन् र यहाँ यिनको विशेष उल्लेख गर्न आवश्यक छ । उनको Notes on the Grammer of the Old Western Rajasthani with Special reference to Apabhramsa and Gujrati and Marwari कलकत्ताको इण्डियन एन्टीक्वेरी नामक पत्रिकामा अप्रैल 1914 ई० देखि जुलाई 1916 ई०सम्म धारावाहिक रूपले प्रकाशित भएका थिए । यिनले खिडिया जग्गा-का कविताहरू ('वचनिका राठौड़, रतनसिंघजी री, महेसदासौत री', 1917ई०) । पृथ्वीराज राठौड़को ('वेलिक्रीसन रुक्मणी री', 1919 ई०) र विठू सूजो नगराजोटाको ('चाँद राउ जैतसी राउ', 1920 ई०) र केही डिंगल पाठकहरूको सम्पादन गरे । यिनले तीनवटा कृतिहरू Descritive Catalogues of Bardic and Historical Manuscpripts—(1) Prose Chronicals of Jodhpur (1917), (2) Of Bikaner (1918), र (3) Bardic Poetry, Bikaner (1918) तयार गरे । उनले तीनवटा परिशिष्टहरू सहित A scheme for the Bardic and Historical Survey of Rajputana 1915 ई०मा तयार गरे । यी सर्वेक्षणको परिणामहरू चारवटा रिपोर्टको रूपमा देखिएका छन्—(1) A Progress Report on the Preliminary work done during the year 1915 in connection with the proposed Bardic and Historical Survey for Rajasthan...6 वटा परिशिष्टहरू सहित 1916 ई०, (2) Turning Report र एक परिशिष्ट सहित, 1916 ई०को वर्षमा गरिएको काम (1917 ई०), (3) 1917 ई०मा गरिएको काम, दुइवटा परिशिष्ट सहित (1919 ई०), र (4) 1918 ई०को वर्षमा गरिएको काम एक परिशिष्ट सहित (1921 ई०) टेस्सीटोरीको राजस्थानीको अध्ययन प्रति सर्वप्रथम देन थियो उन-

को लेख 'Origin of the Dative and Genetive and Dative-Post Position in Gujarti and Marwari' जो लण्डनको Journal of the Royal Asiatic Society मा 1913 ई०मा प्रकाशित भएको थियो।

स्वामी दयानन्दका दुइजना चेलाहरू श्यामजीकृष्ण वर्मा र बारहट केसरीसिंहसंग पछि खैरवाका राव गोपालसिंह र ब्यावरका सेठ दामोदरदास राठी पनि सम्मलित भए। यी चार व्यक्तिहरू राजस्थानमा क्रान्तिकारी आन्दोलनका अगुवाहरू थिए। 1911 ई०मा, भूपसिंह (विजयसिंह पथिक) पनि यस आंदोलन-मा सामेल भए। राजस्थानको दक्षिणी क्षेत्रमा, 1905 ई०मा स्वामी गोविन्दले एउटा साम्प सभा स्थापित गरे। वस्तुत:, यो एउटा स्वदेशी वा राष्ट्रीय आन्दोलन थियो जसलाई 1908 ई०मा अंग्रेजहरूको सैनिक कार्यवाहीद्वारा दमन गरियो। यी आन्दोलनहरूको आफ्नो प्रतिक्रिया थियो, यसबाट देशमा अनेक सुधारहरू लागू गरिए। बीकानेरका महाराजा गंगासिंह यस कार्यका एक अगुवा व्यक्ति थिए। अन्य सुधारहरूमध्ये उनले विधान सभाको निर्माणको घोषणा गरे जुन 1913 ई०-को कुरो हो। वर्तमान शताब्दीको आरम्भमा राजस्थानमा क्रान्तिकारीहरू निकै नै क्रियाशील थिए। तर, प्रथम विश्वयुद्ध को अन्ततिर, तिनीहरूका जम्मै योजनाहरू विफल भए। योजनाहरूको विजोलिया आन्दोलन 1913 ई०मा शुरू भयो र 1922 ई०मा यसको अन्त भयो।

सन् 1916 ई०मा लखनऊको कांग्रेस अधिवेशनमा भारतीय राजनैतिक पृष्ट-भूमिमा गांधीजी प्रथम पल्ट देखा परे। 1920 ई०मा बालगंगाधर तिलकको मृत्यु पछि, उनी अत्यन्त शक्तिशाली नेताको रूपमा प्रकट भए र आउने धेरै वर्षहरूसम्म देशको राजनीतिक आन्दोलनलाई दिशा निर्देश गरे।

यस प्रकार, प्रथम विश्वयुद्ध पछि, नयाँ सांस्कृतिक संचेतना र राजनीतिक जागरणले जरा हाल्न आरम्भ गर्‍यो। 1918 ई०मा कांग्रेसको दिल्ली अधिवेशन-मा, एउटा राजपूताना-मध्यभारत सभाको स्थापना भयो केही व्यक्तिहरूको प्रयत्न-को फलस्वरूप। ती व्यक्तिहरू हुन्—विजयसिंह पारीक, गणेशशंकर विद्यार्थी, चांदकरण सारदा, अनि यसका अध्यक्ष जमनालाल बजाज थिए। राजस्थानको राजनीतिक मामलाहरू यस प्रकार भारतीय राष्ट्रीय कांग्रेस संग जोड़िएका थिए। पछि, यो सभा कांग्रेसमा विलीन भयो र यसैको निर्देशनमा यसले क्षेत्रीय कार्यक्रम-हरूमा भाग लियो।

कांग्रेसको 1927 ई०को अधिवेशनमा एउटा निर्णय लिइयो जसमा रियासत (प्रान्त) हरूमा प्रतिनिधि सरकारहरूको संस्था स्थापित गर्ने फैसला गरियो। यसै-को अनुसार, जयपुरमा 1931 ई०मा प्रथम पल्ट प्रजामण्डलको स्थापना गरियो। कांग्रेसको हरिपुरा अधिवेशनमा 1938 ई०मा, विभिन्न रियासतहरूका राजनीतिक संगठनहरू आरम्भ गर्ने निश्चय गरियो अनि; जोधपुर, मेवाड़, अलवर, जैसलमेर,

शाहपुरा आदिमा प्रजामण्डलहरू स्थापित गरिए। 1939 ई०मा जवाहरलाल नेहरू देशी राज्य लोकपरिषद्का अध्यक्ष निर्वाचित भए। जम्मै प्रजामण्डलहरू यस लोकपरिषद् अन्तर्गत सम्मिलित थिए। यस प्रकार परिषद्ले विशाल रूप धारण गर्‍यो र यो राष्ट्रीय कांग्रेसको निकट सम्पर्कमा आयो।

द्वितीय महायुद्धको समयमा राजस्थानको राजनैतिक दृश्यमा विशेष केही परिवर्तन भएन। 1943 ई०मा बीकानेरका महाराजा गंगासिंहको मृत्यु पछि, देशको व्यापक राजनीतिक दृश्यमा सामंती शासकहरूको प्रभाव समाप्त भयो। 1945 ई० मा, *अखिल भारतीय देशी राज्य परिषद्को अधिवेशन उदयपुरमा भएको थियो* र जवाहरलाल नेहरू फेरि यसका अध्यक्ष निर्वाचित भए। यस अधिवेशनमा प्रतिनिधि सरकारको दृढ़ माँग गरियो। यसको आफ्नो प्रभाव भयो र विद्रोह एवं उत्तेजना आरम्भ भयो। जे होस्, केही राज्यहरूमा प्रतिनिधि सरकार नाममात्रको लागि केही समयका निमित्त बनाइयो। जयनारायण व्यास (जोधपुर), हीरालाल शास्त्री (जयपुर), हरिभाऊ उपाध्याय (अजमेर), गोकुल भाई भट्ट (सिरोही), माणिक्यलाल वर्मा (उदयपुर), राजबहादुर एवं जुगलकिशोर चतुर्वेदी (भरतपुर), भोगीलाल पण्ड्या (डूँगरपुर), रघुवर दयाल गोयल (बीकानेर), सागरमल गोपा (जैसलमेर) र अरुहरू प्रजामण्डलका अगुवा कार्यकर्त्ताहरू थिए। अनेक शताब्दीदेखि चल्दै आएको दासत्वको युगको समाप्ति 15 अगस्त, 1947 ई०को दिन हुन गयो।

सन् 1857 ई० देखि 1947 ई० सम्मको 90 वर्षको कालखण्ड देशभरिमा बढ़दै गरेको राष्ट्रीयताको युग थियो। सामाजिक, धार्मिक र राजनैतिक आदि जम्मै आन्दोलनहरू लाई देशको व्यापक राष्ट्रीयताले प्रेरित र अनुशासित गर्‍यो। साथै मानव मुक्ति आन्दोलनले पनि प्रभावित बनायो।

काव्य (पद्य)

परम्परागय पद्य (काव्य)

आधुनिक कालमा राजस्थानी काव्यले परम्परागत साथै नयाँ स्वरूपमा अभिव्यक्ति पाएको छ। यहाँ हामी कुनै प्रवृत्तिगत विभाजन नगरी, परम्परागत रूपमा भएको काव्यको चर्चा गर्ने छौं, किनकि परम्परागत र आधुनिक काव्यहरू साह्रै विकटरूप ले मिसिएका छन, 1947-50 ई० सम्म व निकै नै मिसिएका छन।

रामनाथ कविया (1801-1879 ई०) ले दोहा र सोरठा छन्दमा काव्य रचना गरेका छन्। 'पवूजी रा सोरठा' (32 श्लोक सहित) मा राजस्थानका पौराणिक लोकदेवता पाबूजी राठौड़को कर्म र गौरवशाली मृत्युको वर्णन गरिएको छ।

जब पाबूजीको विवाहको बरियाँत उमरकोट आइपुग्छ, दुलहीले, जब उसकी

भाउज्यूले आफ्नो दुलहालाई हेर्ने आग्रह गर्छे, अज्ञानमा नै उसलेआफ्नो नियतिको भविष्यवाणी यसरी गर्छे :

"मेरा स्वामीले यस संसारमा मेरो पाणिग्रहण गर्ने छन् र हामी दुई संगैं माथि स्वर्गमा जाने छौं। दैवी लोक नै हाम्रो वैवाहिक आनन्दको स्थान हुने छ, मेरा स्वामी म संगै तथा आफ्ना वीर सैनिक साथीहरू समेत वहाँ जानेछन।"

'करुणा बावनी' (59 श्लोकहरू) द्रौपदीको चीरहरणको घटनामाथि आधारित छ, जसको उल्लेख महाभारतको सभापर्वमा गरिएको छ। कविले सरल र सीधा ढंगले द्रौपदीको दु:खको विशद चित्रण गरेका छन, जसमा अलि-अलि व्यंग्य पनि छ। द्रौपदी भन्छिन—

"मेरा पाँचै जना पतिहरू जसको पदाघातले धरतीमाता काम्न थाल्छिन, अहिले मेरा मुखतिर हेरिरहेका छन। तिनीहरूका आँखाँ तल झुकेका छन, तिनीहरू आफ्ना खुट्टाका औंलाहरूले धरतीलाई कोरिरहेका छन, मानौं मेरो अपमानले तिनीहरूलाई अलिकति पनि छुएको छैन।"

द्रौपदीले भगवान् कृष्णको ध्यान गर्दै भन्छिन् :

"हे त्रैलोक्यका रक्षक, तपाँई जान्नु हुन्छ, यहाँ के भइरहेछ। तपाँईबाट केही लुकेको छैन। के तपाँईले देख्नु हुँदैन कि द्रौपदीको यसरी अपमान भइरहे छ र धर्मको नाश भइरहे छ?"

यिनले चारणहरूकी देवी, करणीजीको स्तुति मा श्लोकहरू लेखेका छन्, साथै सूर्यमल्ल मिश्र, शकरदान सामौर तथा अन्य व्यक्तिहरूबारे 'मरसियाहरू' पनि लेखेका छन्।

भावको गाम्भीर्य, करुणा, अभिव्यंजना, भाषाको सरलता एवं शैलीको सहजताको दृष्टिले रामनाथ कवियाका काव्यहरू उल्लेखनीय छन्। यिनका कविताहरू अत्यन्त लोकप्रिय भए र यिनको बराबर आवृत्ति भइरहन्थ्यो अनि नक्कल पनि गरिन्थ्ये, जसको परिणाम-स्वरूप अनेक पाठान्तरहरू असली काव्यसंग मिसिएका छन्।

फुटकल कविताहरू बाहेक, केही वीरत्वपूर्ण कथात्मक काव्यहरू पनि पावूजीको पुराणा कथामाथि लेखिएका छन्—उदाहरणको लागि—मोड़जी आसियाको पाव 'प्रकाश', (1932 ई०, विक्रमी 1989) र जोधा अगरसिहको 'पावू प्रकाश'

(पाँचवा संस्करण, 1950 ई०)

स्वरूपदास (1801-1663 ई०) दादू सम्प्रदायका अनुयायी थिए। यिनी संस्कृत, राजस्थानी पिंगल र हिन्दू धर्मका विद्वान् थिए। यिनका 'कृष्णायानाञ्जन', 'रसरत्नाकर', 'पाखंड खंडन', 'वणार्थमंजरी', 'दृष्टान्तदीपिका', 'वृत्तिबोध', 'सिज्जडबोध', पत्रिका', सूक्ष्मोपदेश', 'तर्कप्रबन्ध', 'साधारणोपदेश', 'अविवेक-पद्धति' र 'पाण्डव यशेन्दु चन्द्रिका' वा 'उक्ति चन्द्रिका' यी 12 वटा पुस्तकहरू-मध्ये अन्तिम चाँहि उत्तम र अति प्रचलित छ। यो मुख्यतः महाभारत को पद्यमा सार-संक्षेप हो, जसमा 16 भाग छ र भाषा चाँहि प्रायः राजस्थानी मिश्रित ब्रज छ।

सान्दु रामसिंह (1813-1878 ई०) एक जना भक्त-कवि थिए। उनको 'मोतीयाई रा सोरठा' जुन संख्यामा 100 जति छ र यसमा भक्ति र नीतिबारे भनिएको छ। यसकारण यो रचना सुपरिचित छ। मोतिया रूपनगरका ठाकुर नवलसिंहको चाकर थियो जसले कविको बिरामी अवस्थामा सेवा गरेको थियो। कवि यति प्रसन्न भए कि उनले जम्मै सोरठामा मोतियालाई सम्बोधित गरेका छन्। कवि भन्छन्:

"दस शिर भएको रावणले; सुनको नगर लंकामा शासन गर्‍यो। हाय, कस्तो भाग्य? उसको मृत्यु-शैयामा सुनको एउटा कण पनि उपलब्ध थिएन, अन्तिम विधि अनुसार उसको मुखमा राख्नलाई पनि सुन थिएन।"

"ती कंजूसहरूलाई सराप, जसले आफ्नो घरमा सुनको ढेरी (थुप्रो) बनाएका छन् तर त्यसको अत्यन्त सानो कण पनि तिनीहरू कसैको मददको लागि दिदैनन्।"

राव बख्तावर (1813-1894 ई०) उदयपुरका महाराणा स्वरूपसिंहका प्रिय कवि थिए। उनको 'रसोत्पत्ति', 'स्वरूप यश प्रकाश', 'सम्भू यश प्रकाश', 'सज्जन यश प्रकाश', 'सज्जनचित्रचन्द्रिकासंचारणव', 'अन्योक्ति प्रकाश', 'सामन्त यश प्रकाश' र संगीत-बारे एक पुस्तक छन्, र यी जम्मै ब्रजभाषा मा छन्। तर उनको 1879 ई०मा रचिएको विशाल काव्य 'केहर प्रकाश' अधिक राजस्थानीमा लेखिए-को छ र जसमा ब्रजभाषाको सामान्य छाप छ। यसमा केसरीसिंह र उसकी रखौटी कमलप्रसन्नाको प्रेमकथा 10 भागमा छन् र जम्मा 1486 वटा भिन्न-भिन्न प्रकारका छन्दहरूले बनेको छ। अनि बीच-बीचमा अनुप्रासयुक्त गद्य पनि छ जस-लाई कविले वार्ताको रूपमा वर्णन गरेका छन्।

समनबाई (1825-1885 ई०) सुपरिचित प्रसिद्ध कवि रामनाथ कवियाकी पुत्री थिइन्, जसको बिहे ग्राम माहन्द (किशनगढ़, अलवर) का रामदयालसंग भएको थियो। यी एउटी प्रसिद्ध भक्त-कवयित्री थिइन्। यिनको 'ईशमहिमा'

(105 सवैया), 'राधिका शरीरोपमा' (29 श्लोकहरू), 'श्रीकृष्णोपमा' (182 श्लोकहरू) तथा 'पतिपत्रोपमा' वा 'पतिशतक'[1] व्रजभाषामा लेखिएका छन्। किन्तु, राजस्थानीमा यिनी आफ्ना 70 जति पदहरूको कारणले अधिक प्रसिद्ध भएकी छिन् यी पदहरूमा केही रामको विवाह सम्बन्धी गीतको रूपमा छन्। अन्य केही पदहरूमा कृष्ण-लीलाको वर्णन छ। शेष पदहरू भक्ति सम्बन्धी छन्।

कविया चिमनजी (1833-1887 ई०) ग्राम विराई (शेरगढ़, जोधपुर) का लुडादानका पुत्र थिए। यिनी चारण-काव्य परम्परामा उच्च कोटिका विद्वान् र कवि थिए। यिनले साना-ठूला गरेर 21 वटा काव्यहरूको रचना गरे जो विविध प्रकारका विषयवस्तुको-बारेमा रचिएका छन्। यी रचनाहरूलाई तीन वर्गमा विभाजित गर्न सकिन्छ, जस्तै—(1) 'सोढायण', 'प्राग्राव-रूपम', 'सम्मारां झुलाणा', 'राणाइ उम्मेदसिंह रा छन्द', तथा 'सोढाई आनन्दसिंघ रा मरसिया, (2) 'भक्ति काव्य', भगवान्को स्तुति सम्बन्धी, पौराणिक र लोकदेवता-देवीहरूको स्तुतिमा, जस्तै—'हरिजन मोख्यार्थी', 'पिछमी मीर रा छन्द', 'गुमान भारती री वेळ', र 'रामदेव चरित, (3) छन्दशास्त्र र अलंकार शास्त्र, जस्तै—'जसवन्त पिंगल' एवं 'भाखा प्रस्तर'।

'सोढायण' चाँहि महत्वपूर्ण ऐतिहासिक वर्णनात्मक काव्य हो, जसमा परमार वंशका सोढा शाखाका राजपूतहरूको वीरतापूर्ण कार्य र कृतिहरूको विवेचना गरिएको छ। यस ग्रन्थको रचना-कालमा सोढाहरू सिन्ध (अहिले पाकिस्तानमा)-को घाट र पारकर क्षेत्रमा अधिकांश बसोबास गरिरहेका थिए। यो आफ्नो किसिमको एक मात्र काव्य हो।

चिमनजीले परम्परागत चारण काव्यका जम्मै प्रवृत्तिहरू प्रति योगदान गरेका छन्। उनका काव्यहरू यस्तो समयमा रचिएका थिए जब कि काव्यका नयाँ प्रवृत्तिहरू स्थापित भइसकेका थिए, यसकारण उनी त्यति लोकप्रिय हुन सकेनन्। उनी ज्यादै अज्ञात रहे किनकि केही वर्ष अघिसम्म उनका कृतिहरू प्रकाशित भएका थिएनन्।

गुमानसिंह (1840-1914 ई०) यिनी लक्ष्मणपुरा (मेवाड़) का जागीरदार थिए। यिनी योगी र उच्च कोटिका भक्त कवि थिए। यिनका काव्यहरूको विषय-वस्तु अधिकतर आध्यात्मिक चिन्तन छ। यिनले भक्तिका अनुभूतिहरूलाई मधुर भाषामा अभिव्यक्त गरेका छन्। यिनको भाषा प्रायः राजस्थानी छ जसमा बोल-चालको भाषाको अल्प प्रस्ताव र व्रजभाषाको अलि-अलि छाप परेको छ। यिनका पुस्तकहरूमा छन्—'मोक्ष भवन', 'मनीषा लक्ष चन्द्रिका', 'योग भानु प्रकाशिका', 'गीतासार', 'योगांक शतक', 'सुबोधिनी', 'रत्नसार', 'तत्व बोध', 'रामरत्नमाला',

1. मात्र छ वटा र श्लोकहरू प्राप्य छन्।

'लय योग बत्तीसी', 'समयसार-बावनी', 'अद्वैत बावनी', 'राजनीतिक', 'श्रीराम-गोपी गीत अष्टक', तथा 'गुमान पदावली'।

यहाँ 'गुमान पदावलीबाट' एउटा पदका केही पंक्तिहरूको भावार्थ दिइन्छ :

"मैले आफ्नो आत्माको मोतीलाई छेंड़ेको छु। मैले यस अमूल्य मोतीलाई धागोमा उनेर गलाको माला बनाएको छु। अन्तरको नछेंड़िएको मोती चाँहि खाली एउटा ढुंगा हो। सन्तले जान्दछन्—यो कति अमूल्य हुन्छ जब यसलाई छेड़िन्छ। यसै कारण, मैले आफ्नो अन्तरको मोतीलाई छेंड़िदिएको छु। मैले ईश्वरको स्मरणलाई धागो बनाएको छु र यसलाई अन्तरको मोतीभित्र छिराएको छु। यदि कसैले यस मोतीको सुन्दरतालाई आफ्नो आन्तरिक आँखाले राम्ररी हेर्‍यो भने, त्यसले यसभित्र लाखौं चन्द्रमाको चमक पाउँने छ। हे योगी, सत्यको अन्वेषण गर्नेहरू, गुमान कविले जे भन्छ त्यसमा विश्वास गर। लौकिक मोतीले मात्र गणिकाको सिंगार गर्दछ। म त आफ्नो अन्तरमा भएको मोतीसम्म आइपुगेको छु।"

बारहट शिवबख्श पाल्हावट (1844-1899 ई०) अलवरका महाराजा मंगलसिंहका दरबारी कवि थिए। यिनको 'अलवरकी शत्रु झमाल' राजस्थानी मा 128 झमाल श्लोकहरूमा रचिएको छ। कविले महाराजाको चरित्र महिमा, स्त्रीको सौन्दर्य, शिकार तथा पर्वोत्सवहरूको तथा ऋतुहरूको वर्णनसहित चित्रण गरेका छन्। उनको 'वृन्दावन शतक' व्रजभाषामा लेखिएको छ। र कतै-कतै पिंगल श्लोकहरू दिएका छन्। 'अलवर राज्यको इतिहास' चाँहि अलवर राज्यको पद्यमय इतिहास हो। यसको भाषामा व्रज, खड़ी बोली र उर्दूको मिश्रण छ।

ऊमरदान लालस (1851-1903 ई.) बाल्यकालमा नै आफ्ना माता-पिताको मृत्युपछि खेडापा परम्पराका रामस्नेही सम्प्रदायका माँगीरामका शिष्य भए। उनी 1883 ई०मा स्वामी दयानन्दको सम्पर्कमा आए र उनका उपदेशहरूद्वारा निकै प्रभावित भए। उनी पछि गृहस्थ पनि भए। उनको कविताहरूको एउटा संग्रह 'ऊमर काव्य' शीर्षकमा प्रकाशित भएको छ। उनका कविताहरूको मुख्य तत्व हो—समाज-सुधार तथा तत्कालीन वर्तमान सामाजिक व्यवस्थाको यथार्थ चित्रण गर्नु। सामाजिक कुप्रथाबारे उनको व्यंग्य तीखो र हठपूर्ण छ र बेला-बेलामा उनको भाषा पनि कठोर हुन जान्छ। उनको वर्णन आकर्षक औ प्रभावशाली छ र प्राय: प्रचलित रूपक र लोकोक्ति पनि प्रस्तुत गर्दछन्। यसको भाषा चाँहि सजिलो राजस्थानी छ।

विक्रम संवत् 1956 (1899 ई.) को भयंकर अनिकालको समयमा गरीब स्त्रीहरूको अवस्थाको वर्णन गरिएको दुइवटा श्लोकहरूको भावार्थ यहाँ दिइन्छ :

"स्त्रीहरूकोलागि सुन चाँदीका गहनाहरू लगाउनु तथा सौन्दर्य प्रसाधनको उपयोग गर्नु अब सपनाको विषय हुन गयो। सम्वत् वर्ष 1956 को डरलाग्दो अनिकालमा तिनीहरू यताउता दगुरिहिंड्थे, गहनाको नाँउमा तिनीहरूको औंलीमा औंठीसम्म पनि हुंदैनथ्यो। तिनीहरूको निधारमा टिका हुंदैनथ्यो, आँखाको कोरमा गाजल पनि हुदैन थियो, तिनीहरू उदास 'निदाउरा' देखिन्थे। सधवा पत्नी र विधवामा भिन्नता छुट्याउन गाह्रो पर्न जान्थ्यो।"

मारवाड़का सुसम्पन्न घरका स्त्रीहरू-सम्म पनि भोका थिए र कहिले त पूरा दिनसम्म भोजन प्राप्त गर्न पनि असफल हुन्थे। तिनीहरू लामा सांस लिन्थे र शरीर अनि आत्मालाई कुनै व्यर्थको आशामा जीवित राख्न चाहन्थे। बिचरा स्त्री-हरू ती पुरुषहरूका गृहमा बस्न बाध्य थिए जो तिनीहरूलाई भोजन दिन पनि असमर्थ थिए।"

महाराजा चतुरसिंह (1879-1929 ई०) मेवाड़का एक महान् योगी, भक्त र कवि मानिएका थिए जहाँ अहिलेसम्म पनि उनका काव्यहरू लोकप्रिय र प्रचलित छन्। यिनले प्रायः ससाना पुस्तकहरू लेखे जसको संख्या 18 छ। यी पुस्तकहरू यस प्रकार छन्—'भगवतगीताकी गीतांजली टीका', 'परमार्थ विचार', 'योगसूत्र की टीका', 'सांख्य तत्त्व', 'सांख्य कारिका', 'मानवमित्र राम चरित्र शेष चरित्र', 'अलख पच्चीसी', 'तुही अष्टक', 'चतुर चिन्तामणि', 'महिमा स्तोत्र', 'चन्द्रशेखर स्तोत्र' (मेवाड़ी टीका), 'हनुमान पंचक', 'समान बत्तीसी', 'चतुर प्रकाश', 'अनुभव-प्रकाश', 'बालकां री पोथी' अनि 'नवोरोग'।

यी पुस्तकका विषयवस्तु मुख्यतः योग, भक्ति, नीति, उपदेश, र सामाजिक असंगतिहरू छन्। यिनले नारी-जाति र कृषकहरूको जीवनस्तरको उन्नति, र तिनीहरूलाई सबै सामाजिक कुरीतिहरू, रीति-रिवाजहरू र अंधविश्वासदेखि टाढ़ा राख्ने कुरामा जोड़ दिएका छन्। गहन विचारहरूको व्याख्यामा मौलिकता, नयाँ रूपकहरूको प्रयोग, अभिव्यक्तिमा प्रांजलता एवं सरलता सबै यिनका रचनाहरूमा द्रष्टव्य छन्। यिनले कतिपय धर्मशास्त्रहरूको गद्यमा भाष्य लेखेका छन्। 'नानीहरू-लाई आफ्नो मातृभाषामा नै शिक्षा दिनु पर्छ' भन्ने कुरालाई उनले दृढ़ता दिएका छन् र यसै कारण उनले 'बालकां री पोथी' लेखे। उनका अधिकांश कृतिहरूको भाषा बोलचालको मेवाड़ीको अल्प प्रभाव सहित सरल राजस्थानी छ।

यहाँ उनको 'चतुर चिन्तामणि' बाट तीनवटा श्लोकहरूको भावार्थ दिइ-रहेछौं :

"कसैको घरभित्र पाइलो नराख जबसम्म कि तिमीलाई सम्मान सहित विनय-पूर्वक आमंत्रित गरिंदैन। एउटा रेलको इंजनले पनि सिगनलद्वारा आमंत्रित भए-

पछि मात्र स्टेशनभित्र बाफ निकाल्छ ।"

"अवसरको माँग-अनुसार कड़ा भएर आफुमा परिवर्तन ल्याउ । यदि तिमीले पौड़ी खेल्नु छ भने गाग्रोलाई उंधो मुन्टो पार, यदि यसलाई पानीले भर्नु हो भने यसको मुख सीधा पारेर पानी भर ।"

"लेखमा लेखिएका विचारहरू प्रति कलम र स्याहीको कुनै उत्तरदायित्व छैन । यीद्वारा तिमी आफ्नो मनको आज्ञाद्वारा चाहे वन्दना चाहे अश्लील लेख्न सक्छौ ।"

मोडसिंह महियारिया मारवाड़मा 1861 ई०मा जन्मेका थिए । गणेश पुरी उनका गुरु थिए । सूर्यमल मिश्रणले आफ्नो ग्रन्थको सात सौ श्लोकहरू लेखेर पूरा गर्न सकेनन् यद्यपि उनले आफ्नो ग्रन्थलाई 'वीर सतसई' नाम दिएका थिए । मोडजीले यस अधूरो कार्यलाई पूरा गर्ने आँट गरे । तर उनका वीर सतसईका दोहाहरूको संख्या झण्डै सातसय भन्दा बढ़ी भयो । त्यसमा उनको आफ्नै 453 दोहा पनि थिए, उनले सूर्यमलबाट 244 दोहाहरू उधारी लिए र बाँकीदासबाट एउटा । सूर्यमल तथा मोडजीले एउटै दिशालाई छोएका छन्, तर मोडजी आफ्नो भावना र विचारहरूमा त्यति गम्भीर छैनन् जति कि सूर्यमल थिए । खाली एक-दुइ दोहा अपवाद छन् । कविको रूपमा मोडजी त्यति उच्च देखिंदैनन् । तर चारण काव्यको परम्परामा लुप्त हुँदै गएको सूत्रको रूपमा उनको उल्लेख हुन आवश्यक छ ।

हिंगलाजदान कविया (1861-1948 ई०) ग्राम सेवापुरा (जयपुर) मा पैदा भए र यिनी विशिष्ट योग्यता भएका कवि थिए । साथै यिनी चारण-काव्य परम्परा-का अन्तिम महान् प्रतिनिधि कवि पनि थिए । भनिन्छ कि यिनले धेरै काव्यहरूको रचना गरेका थिए, जसमध्ये निम्नलिखित कृतिहरू प्रसिद्ध छन्—'मृगया महेन्द्र', जसमा कुचामनको शेरसिंहद्वारा बाघको शिकारको वर्णन छ र शिकार तथा शिकारी-माँझ काल्पनिक संलाप दिइएको छ । 'प्रत्यय पयोधर', जो छन्दशास्त्र बारे लेखिएको पुस्तक छ, 'सालगिरह शतक', यो खुडद् गाँउकी इन्द्रावाईको जसलाई देवीको अवतार मानिएको थियो, वर्षगाँठबारे लेखिएको छ, 'मेहाली महिमा'मा कामरान र बीकानेरका राव जैतसीको लँड़ाई र देवी करणीजीको जैतसीलाई सहायताबारे वर्णन गरिएको छ, 'दुर्गा बहत्तरी' दुर्गाको स्तुतिमा लेखिएको छ, 'आखेट अपजस' र 'वाण्या' वा 'वाणिया रासौ', दुवै व्यंग्यात्मक काव्यहरू हुन् । यिनले फुटकल कविताहरू पनि रचेका छन् जस अन्तर्गत 'रूपसिंह रूपक', र 'करणीजी', इन्द्रबाई', 'भवानी' को स्तुति 'डिंगल गीत' तथा 'भुजंगप्रयात', 'शिखरिणी' एवं कवित्त छन्दहरूमा लेखेका छन् । यिनका काव्यहरूको विषय मुख्यत: ऐतिहासिक, वीरता एवं शक्तिको स्वरूप देवीको शक्ति छ । यिनले स्वार्थी

व्यापारी तथा आफुलाई वीर योद्धा ठान्ने कायरहरूप्रति कड़ा व्यंग्य कसेका छन्। वीररस र शक्तिको चित्रण चाँहि ओजपूर्ण छ। भाषा प्रायः राजस्थानीको साहित्यिक भाषा छ जसमाथि कविको बड़ो राम्रो अधिकार देखिन्छ।

केसरीसिंह बारहट (1871-1941 ई०) एक क्रान्तिकारी एवं राष्ट्रवादी कवि थिए। उनले तथा उनको परिवारले देशको स्वाधीनताको निमित्त ठूला त्यागहरू गरेका थिए। उनले आफ्ना फुटकल कविताहरूमा जागरणको संदेश दिए-का छन्। उनले सामन्ती शासकहरूलाई उनीहरूका अतीतको गौरवहरूको सम्झना गराइदिए र तिनीहरूलाई अंग्रेजहरूको घातक अनि स्वार्थपूर्ण नीतिको विरुद्धमा सावधान पनि गराए। उनको 'चेतावणर रा चुंगलयां' (13 सोरठाहरू) ऐतिहासिक छ। यसमा मेवाड़का महाराणा फतेहसिंहलाई सम्बोधित गरिएको छ, जब उनी 1903 ई०मा लार्ड कर्जनको निमंत्रणमा दिल्ली दरबारमा सामेल हुन गइरहेका थिए, अनि महाराणालाई आफ्नो महल (राज्य)को परम्परागत गौरवप्रति सावधान गराए, जसको परिणाम हुन गयो—दिल्ली दरबारमा महाराणाको सुस्पष्ट अनु-पस्थिति, जसको दूरगामी राजनीतिक प्रतिक्रिया पनि भयो। उनका चारवाट सोरठाहरूको भावार्थ यहाँ दिइन्छ—

"मेवाड़ तथा महाराणाले हिन्दुस्तानको मुटुमा आफ्नो स्थान बनाएका छन्। तिनीहरूले गौरव प्राप्त गर्न नै मनपराए र पहाड़पर्वततिर हिंड़े, आफ्नो क्षेत्र (राज्य) छोड़िदिए तर स्वाधीनताको गौरवशाली परम्परालाई अक्षुण्ण राखे।

"मेवाड़का राणाहरू भयंकर लँड़ाईको मुखमा सदैव अडिग रहन्थे। यो कस्तो कुरा हो, हे फतेमल (फतेसिंह) कि एउटा तुच्छ कागजी हुकुमले तिमीलाई यस्तो व्यग्र बनाइदियो?"

"ब्रिटिश दरबारका जम्मै राजा र सामन्तहरूले नतमस्तक भएर श्रद्धा व्यक्त गर्ने छन् र हात पसार्ने छन्। हे फाता (फतेहसिंह) तिम्रा यी शक्तिशाली हातहरू कसरी अंग्रेजहरूको अगाड़ि अपमानित हुनलाई फैलने छन्?"

"दिल्लीको अभिमानी किल्लाले तिमीप्रति चकित भएर हेर्ने छ र चुपचाप हाँस्ने छ, जब त्यसले अहिले-सम्म कसैको सामु ननिहुरिएको सिसोदियो ले यसको अघि नतमस्तक भएको देख्छ।"

उदयराज ऊजाल (1885-1967 ई०) चारण सांहित्यका विद्वान् थिए र परम्परागत शैलीका श्रेष्ठ कवि पनि थिए। राजस्थानीको प्रसार र स्वीकृतिको लागि गरिएका उनका प्रयत्नहरू साँच्चै नै उल्लेखनीय छन्। उनका काव्यको मूल स्वर राजस्थानप्रति प्रेम, यसको गौरव, भाषा एवं साहित्य हो। उनका श्लोक-हरूमा राजस्थानको लुप्त गौरवप्रति विषादको भवनाले भरिएको छ र जसले

यसको रक्षा गर्न सक्छन्, तिनीहरूलाई कविको पुकारा छ। उनले प्राचीनकालका वीरहरूको गुणगान गरेका छन् र आफ्नो समयका स्वाधीनता संग्रामीहरूको प्रशंसा गरेका छन्। उनले प्रयोग गरेका छन्दहरू प्रायः 'सोरठा दोहा', 'डिंगल गीत' र छप्पय थिए। उनले प्रचलित लोकधुनमा गीतहरूको पनि रचना गरेका थिए। उनको सोरठाको एक पंक्ति यस प्रकार छ—'दीपाईवारां देस ज्यांरा सहित जगमगाई (साहित्य भएको देशहरूमात्र जगमग गर्दै बाँच्दछन्) यस पंक्तिद्वारा उनले राजस्थानीका प्रेमीहरूको लागि एउटा सामूहिक पुकार गरेका छन्। उनका धेरै कृतिहरूमध्ये निम्नलिखित चाँहि प्रसिद्ध भएका छन्—'घूडसार', 'मरवाड़ रा वीर दूधप्रकाश', 'मातृभाषा दोहावली', 'भानियाह रा दूहा', 'स्वराज शतक', 'उज्वल शतक', 'तेज शतक', सर्वोदय शतक', 'श्रम शतक', 'सती शतक', 'जागीरदारां राइ अवगुणाँ रा दूहा', 'गांधी रा दूहा', 'विज्ञान रा दूहा' तथा 'भाषा शतक'।

गांधीजी, केसरीसिंह बारहट र हिन्दी तथा राजस्थानीको सम्बन्धमा उनका तीनवटा श्लोक हरू तल दिइन्छन्—

"हे भानिया, ख्रीष्ट यीशूलाई किन क्रूसमा टंगाइयो, यो बुझ्न गाह्रो छ। तर गांधीजीको भाग्यले हामीलाई यो जनाउँदछ कि दुनियाका रक्षकहरूको पनि हत्या गरिएको छ।"

"सिंह (केसरी सिंह) ले आफ्नो राष्ट्रको लागि, आफ्नो भूमि, जीविकाको साधन, आफ्ना प्रिय सन्तान र जम्मै सांसारिक सम्पत्तिहरू अर्पण गरिदिए।"

"हिन्दी भाषा र मरु-भाषा दुबै गौरवशाली बनुन्, एउटा चाँहि राष्ट्रको भाषाको रूपमा र अर्को चाँहि मेरै प्रान्तको भाषाको रूपमा।"

नाथूसिंह महियारिया (1891 ई० (वि० सं० 1948) 1973 ई०) चारण शैलीका एक राष्ट्रीयता एवं वीरता विषयमा लेख्ने कवि थिए। 'वीर सतसई', 'गांधी शतक', 'हाड़ी शतक', 'चूण्डा शतक', 'झालामान शतक', 'वीर शतक', 'कश्मीर शतक' इत्यादि यिनका प्रसिद्ध काव्यहरू हुन्। यद्यपि यिनले पुरानो शैली, शब्द-विन्यास र ऐतिहासिक र वीरकाव्यको परम्पराको अनुसरण गरेका छन् र ईसरदास, बाँकीदास एवं सूर्यमल मिश्राणका काव्यहरूबाट प्रभावित भएका छन्, तर उनी एकै प्रकारको प्रचारवादी प्रणालीद्वारा बाँधिएका छैनन् औ यही नै उनको काव्यको मुख्य शक्ति हो। उनले परम्परागत मूल्य तथा वीरताको आदर्शलाई नयाँ स्वर दिएका छन् र उनले समकालीन संचेतना एवं आधुनिक राष्ट्रीयतावादी अनुभूतिमा दूरी राखेका छन्। यिनले आधुनिक युगका राष्ट्रवीरहरूको गुणगान गरेका छन्। काव्यशास्त्रको दृष्टिले हेर्दा, उनको 'वीरसतसई' एउटा महत्त्वपूर्ण काव्य हो।

यसबाट यहाँ दुइवटा दोहाहरू दिइन्छ—

"रजवट (राजपूतको समान रूप) को सामान्य रुचि छ। जुन मानिसले हर-प्रकारले आफ्नो जीवन सुरक्षित राख्न खोज्दछ, त्यसमा रजवत हुँदैन। रजवट त त्यँही छ, जहाँ उपयुक्त कारणको निमित्त आफ्नो जीवन उत्सर्ग गर्ने तत्परता हुन्छ।"

"हे सखी, जुन मानिस छत्र र चँवरद्वारा सजिएको छ त्यो राजपूत हुँदैन। साँचो राजपूत त त्यही हुन्छ जसले आफ्नो देशको लागि आफ्नो जीवनको बलिदान गर्दछ।"

जोधपुरका रावल नरेन्द्रसिंह (1893-1967 ई०) एक इतिहासज्ञ र परंपरागत चारणशैलीका कवि थिए। उनका संख्यामा 700 सोरठाहरूको संग्रहको प्रथम शीर्षक 'वीरपूजा सतसई' राखिएको थियो, तर अझ धेरै सोरठाहरू जोड़िदिएको हुनाले यसको संख्या 1000 पुग्न गयो। संग्रहको दृष्टिले अब यसलाई 'वीर हजारा' भनिएको छ र अहिले प्रकाशित हुन बाँकी नै छ। 'वीर हजारा' मूलतः ऐतिहासिक काव्य हो जसमा वीरत्वको बखान गरिएको छ। यसमा वर्णित पात्रहरू हुन्—'करणीजी', 'राम', 'हनुमान', 'कृष्ण', 'बुद्ध', 'पारसनाथ', पज्जावनराय', 'सूरजमल जाट', 'प्रतापसिंह नरूका', 'राणा प्रताप', 'राणा राजसिंह', 'पाबूजी राठौड़', अमरसिंह राठौड़', 'बल्लू चम्पावत', 'दुर्गादास राठौड़', 'तेजोजी जाट', 'बारहट केसरीसिंह र शैतानसिंह भाटी'। चारण-शैलीको प्रायः नासिन्दै गइरहेको परम्परागत काव्य प्रति उनको यो योगदान उल्लेखनीय छ।

कविराव मोहनसिंह (1899-1964 ई०) एक विद्वान् र कवि थिए। उनले राजस्थानी र ब्रज दुवै भाषामा काव्य रचना गरेका छन्। उनका काव्यहरूको संख्या धेरै छ र तिनमा अधिकांश अझ प्रकाशित हुन बाँकी नै छ। ती काव्यहरू हुन्—'मोहन सतसई', 'वीरचरित्र सतसई', 'कुम्भकीर्ति प्रकाश', 'प्रताप यशचन्द्रोदय', 'महाराणा चरितामृत', 'व्यंग्यार्थ प्रकाश', 'कुण्डलिया शतक', 'नीतिशतक', 'मृगया बावनी', 'भूपाल भूषण', 'कूर्मा यशकलानिधि', 'मान पच्चीसी', 'वणिक बहत्तरी', 'रामदास पच्चीसी', 'जैमल पच्चीसी', 'प्रपंच पच्चीसी', 'भूपाल पच्चीसी', 'दुर्गा बावनी', 'राजबहार', 'रघुवंश चरित' र 'विनय पाठ'।

'वीर चरित्र सतसईमा' 721 दोहाहरू छन् र यो सरल राजस्थानीमा लेखिएको महत्त्वपूर्ण काव्य हो। कविले धेरै वीर चरित्रहरू जस्तै—महाराणा प्रताप, राव चन्द्रसेन, सुरताण देवड़ा, राठौड़ दुर्गादास, शिवाजी, छत्रशाल बुन्देला, गुरु गोविन्दसिंह र महाराणा रणजीतसिंहका वीर चरित्रहरूको बड़ो प्रभावशाली रूपमा चित्रण गरेका छन्, तर शैली चाँहि परम्परागत छ।

आचार्य तुलसी (जन्म 1914ई०मा) जैनहरूको तेरापंथी (श्वेताम्बर) संप्रदाय-का नवम् आचार्य हुन् जसले राजस्थानीमा 'माणकमहिमा', 'डालिम चरित्र', 'कालू यशोविलास' र 'मगनचरित्र' काव्यहरूको रचना द्वारा चरित्र-काव्य परम्पराको उद्धार गरेका छन् । यी काव्यहरू क्रमशः माणकगणी, डालगणी, कालूगणी (छैटौं, सातौं र आठौं आचार्यहरू) र तेरापंथीका मुनि मंगलको जीवनी, कृतित्व र उपदेशहरू बारे लेखिएका छन् । यिनको भाषा सजिलो र शैली पनि सरल छ ।

यस परम्पराका केही अन्य कविहरू हुन्—बूँदीका मुरारीदास (1838-1907 ई०), गुजुकी (अलवर) का बारहट बालबख्श पाल्हावट (1813-1917 ई०), इन्दरगढ़ (कोटा) का महाराजा संग्रामसिंह (19 सौं शताब्दीको उत्तरार्द्ध) भुवाल (मेड़ता) का मुकुन्ददान (1886-1952 ई०), उदयपुर की राव मानकुमारी (1905 ई०मा जन्म), नरवर (किशनगढ़)का ठाकुर रेवतीसिंह (जन्म 1902 ई०मा) उदयपुरका केसरीसिंह सोन्याणा, उजलाँ (जोधपुर)का फतेहकरण ऊजाल, जोधपुरका साधु भावनादास, जयपुरका अक्षयसिंह रतनु, जोधपुरका हृणूतसिंह देवड़ा, देवकरण बारहट, इन्दोकली र शक्तिदान कविया ।

सन्त-भक्ति र नीतिकाव्यहरूको राजस्थानी साहित्यमा योगदान पनि कम छैन । केही धार्मिक सम्प्रदाय-भिन्नका कविहरू तथा कुनै सम्प्रदायको सम्बन्धदेखि मुक्त रहेका कविहरूद्वारा रचिएका धार्मिक र आध्यात्मिक काव्यहरूको परम्परा आधुनिककालमा पनि लगातार चलिरह्यो, तर अधिकांश चाँहि प्रचलित रूढ़िवादी शैलीमा छन् । राजश्री साधना, कन्हैयालाल दुगड़ (गीतां री गुंजार) तथा अन्य कविहरूले भक्ति काव्यहरूको रचना गरेका छन् । नीतिकाव्य अन्तर्गत कन्हैयालाल सेठियाको 'रमणीयाइ रा सोरठा' (1940 ई०), मांगेलाल चतुर्वेदीको 'मरुभारती (1952 ई०), भौमराज ग्रामवीरु मंगलको 'मूँगामोती' (1944 ई०), मनोहर-शर्मा 'मंजुल''को 'राजस्थानी गूँज' (1959 ई०), चन्द्रशेखर व्यासको 'शेखरका सोरठा (1957 ई०), र कन्हैयालाल दुगड़को 'विचार बावनी (1969 ई०) छन् ।

पद्य (काव्य), परिवर्तनशील स्वरूप तथा स्वर (1947 ई० देखि यता)

राज्यहरूमा प्रजामंडलहरूको संगठनको साथै केही स्थानीय कार्यकर्ताहरूले धेर जस्तो प्रचलित लोकधुन तथा शैलीमा आधारित गीतहरूको रचना तथा पाठद्वारा सामाजिक राजनीतिक चेतना जागरित गर्ने साहस गरे । माणिक्यलाल वर्मा, हीरालाल शास्त्री, जयनारायण व्यास, सुमनेश जोशी, गणेशीलाल व्यास उस्ताद, भैरवलाल काला बादल, तथा अरु कविहरूले यस्ता गीतहरू लेखे जुन साहित्य विशेषका भाग नभए र अधिक राजनैतिक जागृतिको वातावरण निर्माण

गर्ने उद्देश्यले लेखिएका थिए। तिनीहरूले मानिसहरूको आफ्नो मातृभाषाप्रति ध्यान आकर्षित गरे। यो प्रवृत्ति अहिले पनि कुनै-न-कुनै रूपमा चलिरहेको छ।

दुइवटा उल्लेखनीय काव्यहरू छन् जसले राजस्थानी काव्यको भविष्यको मार्ग तयार गरिदिए, ती हुन्—ससाना बादलहरू प्रति चन्द्रसिंहको काव्य 'बादळी' (बादली, 1941) र मेघराज 'मुकुल'को 'सैनणी', जसको सर्वप्रथम काव्य-पाठ 1944 ई०मा दिनाजपुरमा सम्पन्न भएको राजस्थानी साहित्य सम्मेलनमा गरिएको थियो। 'बादळी' एउटा प्रकृति-काव्य हो र 'सैनणी' चाँहि एक ऐतिहासिक घटनाको पद्यबद्ध कथा हो। काव्य-रचनाको प्रयोजन हो देशभक्तिको वर्तमान लहर। यी दुवै काव्यहरू ऐतिहासिक महत्वका छन्।

'सैनणी'ले राजस्थानी प्रति हजारौं मानिसहरूलाई आकृष्ट मात्र गरेन, अझै कविहरूलाई यस्तै प्रकारको विषयवस्तुमाथि काव्य-रचना गर्ने प्रेरणा पनि दियो। यसले अनेक कविसम्मेलनहरूमा राजस्थानी काव्यको-पाठ गर्नको निम्ति मार्ग प्रशस्त गरिदिएको छ।

पछि-पछि त दीर्घ कथात्मक काव्यहरू अथवा पुराना ढंगका महाकाव्य (प्रबन्ध काव्य)-हरू पनि लेखिए। वस्तुतः (कथावस्तुको दृष्टिले हेर्दा, पद्यबद्ध कथा एवं पुराना शैलीको प्रबन्ध काव्यमा कुनै विशेष अन्तर छैन। अन्तर मात्र विषयको प्रतिपादन र शैलीको गम्भीरतामा छ। एउटा जीवनको वा एउटै घटना-को कथा समान विषय हुन जान्छ जसमा दुवै आधारित हुन सक्छन्। केही दीर्घ काव्यहरू, श्रद्धा अर्पण गर्ने उद्देश्यले पनि लेखिएका छन्। आधुनिक राजस्थानी काव्यको विशाल भाग चाँहि गेय वा गीतात्मक छ। यसमा मुक्त छन्दमा लेखिए-का यस्ता पद्यहरू पनि छन् जसलाई गीतात्मक काव्यको वर्गमा विशेष रूपले छुट्याइन सकिन्दैन।

आधुनिक राजस्थानी साहित्यको समृद्धिमा स्वाधीनता पछि, राजस्थानी भाषाका साहित्यिक पत्रिकाहरूले महत्वपूर्ण भूमिका खेलेका छन्। यी मध्येका सर्वप्रथम पत्रिका हो 'मरुवाणी', जसलाई रावत सारस्वतले 1953 ई०मा जयपुर-बाट आरम्भ गरेका थिए। यसैको पछि किशोर कल्पनाकान्तले रतनगढ़बाट 'ओळमो' (ओलामो) प्रकाशित गरे। राजस्थानीका एक सय भन्दा बढ़ी लेखक-हरूलाई यी पत्रिकाहरूले प्रकाशमा ल्याए।

स्वतन्त्रतापछि, केही अंशमा सामाजिक, आर्थिक र राजनैतिक अवस्थाको कारणले र केही अंशमा समाजवादी विचारधाराको प्रसारले गर्दा, अनेक प्रगति-शील काव्यहरूको रचना हुन गयो। हास्य तथा व्यंग्यात्मक काव्यहरू पनि प्रस्तुत गरिए। भारतमा चिनियाँ-आक्रमण तथा पाकिस्तान संगको युद्धले, राष्ट्रवादी जोश उत्तेजना र एकता अनि देशभक्तिलाई पुनः अनुप्राणित गरिदियो। राष्ट्रीय

जागरण तथा वीरताको चित्रण गरिएका धेरै काव्यहरूको रचना भयो। कविहरूले राजस्थानको यस गौरवशाली इतिहासको निमित्त जयगान गरे।

सातौं दशकको मध्यतिर, केही तरुण कविहरूले हिन्दीको ढाँचामा लेखन आरम्भ गरे। यस प्रवृत्तिलाई 'नयाँ कविता' को नाउँले जानिएको छ। जीवनप्रति बदलिएको दृष्टिकोण, मानवीय मूल्यहरू, परिवेश तथा वैयक्तिक प्रवृत्तिहरू, यस प्रकारका कविताको मूल स्वर छन्। यस आंदोलनको कारणले गर्दा, साहित्यमा एक प्रकारको परिवर्तन आएको छ र यो सम्पूर्ण आधुनिक राजस्थानी साहित्यमा लक्ष्य गर्न सकिन्छ।

तर, यहाँ स्थूल रूपले भन्न सक्छौं कि आधुनिक राजस्थानी कविताहरू धेरै मात्रामा राष्ट्रीयता, मानव-मुक्तिका विचारहरू, व्यक्तिगत संवेदनाहरू माथि कुनै-न-कुनै रूपले प्रयोजनीय भएका छन्।

अधिकांश राजस्थानी लेखकहरू भारतका अन्य भाषाहरूका समकालीन साहित्यमा आएका सुस्पष्ट प्रवृत्तिहरू द्वारा प्रभावित भएका छन्। थोरै कविहरू यस्ता होलान् जसलाई कुनै विशेष प्रवृत्तिसंग जोड़िएको हुनाले अलग गर्न सकिएला। तिनीहरू मध्ये-धेरैले ज्यादा-वा कम मात्रामा एक-भन्दा अधिक प्रवृत्तिहरू (जसको विवेचना पछि हुन्छ)-लाई योगदान पुर्याएका छन्। आधुनिक राजस्थानी काव्यलाई निम्नलिखित शीर्षकहरू अन्तर्गत वर्गीकृत गर्न सकिन्छ—

(1) आख्यानक वा पुराना शैलीका महाकाव्य जसभित्र श्रद्धांजलि-काव्य पनि छन्।

(2) प्रकृति-काव्य

(3) गीतात्मक तथा अन्य काव्यहरू जसलाई अझै निम्नलिखित उपशीर्षक हरूमा विभाजित गरिन्छ।

(क) पद्यबद्ध कथाहरू

(ख) हास्य तथा व्यंग्य

(ग) प्रगतिशील काव्य

(घ) मातृभूमि प्रति प्रेम

(ङ) देशभक्तिमूलक तथा वीरतामूलक

(च) गीति कविता तथा शोकगीत (मरसिया)

(छ) प्रेम तथा शृंगारिकता

(ज) नयाँ कविता

हामी अब यी शीर्षकहरू अन्तर्गत उल्लेखनीय काव्यहरू को संक्षेपमा विवेचना गर्नें छौं।

(1) आख्यानक अथवा पूर्व-महाकाव्य शैलीका काव्य

यस प्रकारका काव्यहरूको विषयवस्तु मुख्यत: यस्ता छन्—(1) पौराणिक एवं धार्मिक (2) ऐतिहासिक, र (3) लोकगाथा। कविहरूले यस्ता कथाहरूलाई नयाँ स्वर दिने प्रचेष्टा गरेका छन्।

श्रीमंत कुमार व्यासद्वारा रचित 'रामदूत' (1966 ई०)मा 14 वटा ससाना सर्गहरू छन्। यो रामायणको कथामा आधारित हनुमान र उनको कार्यहरू बारे लेखिएको छ। राजस्थानीमा यस प्रकारको शैलीमा लेखिएको यो एकमात्र रचना हो। काव्य आरम्भ हुन्छ—हनुमानद्वारा ब्राह्मण को छद्मवेश धारण, रामसंग भेट-को वर्णन बारे र यसको अन्त हुन्छ अयोध्याको महलमा हनुमानद्वारा आफ्नो छाती च्यातेर राम र सीताको दर्शन गराउनुबाट। कविले यस रचनामा हनुमानको सुसम्बद्ध र सर्वग्राही रूप प्रस्तुत गरेका छन्।

विश्वनाथ विमल द्वारा रचित 'रामकथा' (1966 ई०) 5 अध्यायहरूमा विभाजित छ र रामको जन्मदेखि लिएर अयोध्यामा राज्याभिषेक सम्मको कथा दोह्रोरयाइएको छ। यस शैलीको यो एकमात्र काव्य हो र बोलचालको शेखावटी बोलीको अलि-अलि स्पर्श भएको सरल राजस्थानीमा लेखिएको छ।

नाथूराम संस्करता-रचित 'लंकाणा धाणी' (1976 ई०) अर्थात् लंकाको स्वामी रावणको बारेमा काव्य लेखिएको छ। यसमा रावणको कथाको उदात्त पक्ष प्रस्तुत गरिएको छ। रावणलाई महान् देशभक्त, विद्वान् तथा उदात्त चरित्र भएको व्यक्तिको रूपमा प्रस्तुत गरिएको छ। काव्यको प्रारम्भ शूर्पणखा-द्वारा राम तथा लक्ष्मणको हातबाट अपमानित भएको गुनासो रावणलाई पोखेको बाट हुन्छ र रणभूमिमा रावणको मृत्यु साथै यसको अन्त हुन्छ। भगवान् शिवले रावणको मृत्यु-लाई मानवताको सर्वोत्तम प्रतीकहरू मध्येको एउटाको विदाई भन्दछन्। विभीषण-चित्रण रामको भक्त तर आफ्नो घरको शत्रु (भेदिया) को रूपमा गरिएको छ। मनुष्यद्वारा आफ्नो भूमिको त्यागको प्रशंसा गरिएको छ। यद्यपि कविले रावणको आख्यानलाई नयाँ आधार दिने चेष्टा गरेका छन्, तर यो प्रयास वांछित लक्ष्य पूरा गर्नेमा असफल भएको छ। अनि यो रामायणको सम्बन्धमा वर्तमान परम्परागत भावुकताको कारणले गर्दा भएको हो। यो काव्य 6 सर्गमा विभाजित छ र यसको भाषा सरल राजस्थानी छ।

यस विषयमा मनोहर शर्माको देन उल्लेखनीय छ। उनको 'कुंजन' बिछुड़िए-का प्रेमीहरू बारे लेखिएको छ र मेघदूतको नमूनामा रचिएको छ। बीकानेरका एकजना प्रेमीले कुन्जन नामक एउटा पक्षीद्वारा घरमा आफ्नी प्रियतमाकहाँ सन्देश पठाउँछ। पक्षीको उड़ानको चित्रण-द्वारा राजस्थानको भूगोल प्रासंगिक ऐतिहासिक पृष्ठभूमि सहित दिइएको छ।

उनको 'गोपी गीत' भ्रमरगीत काव्यको परम्परामा लेखिएको छ, र यसमा निर्गुण र सगुण भक्ति तथा प्रेमको पवित्रताको प्रतिपादन गरिएको छ।

'मारवाणी' चाँहि ढोला-मारुको लोक-प्रेमगाथामा आधारित छ। यहाँ ढोला, मारु र मालवाणीलाई क्रमशः जीव, विद्या र अविद्याको प्रतीक स्वरूप प्रस्तुत गरिएको छ। यस प्रकार कथालाई एउटा रूपकको महत्व प्रदान गरिएको छ।

'पंछी' ले एउटा सुग्गा पक्षीको दुःखमय कथा सुनाउँछ।

उनको 'बापू' को महात्मा गाँधीको जीवन कथा संग सम्बन्ध छ।

'अमरपाल' तथा 'अन्तरजामी' कठोपनिषद् तथा केनोपनिषद्मा आधारित छ। 'अमरपाल' मा नचिकेताको कथा र उभयराज-द्वारा उनले आत्मज्ञान प्राप्त गरेको कथा भनिएको छ। प्रकृतिका तत्त्वहरूलाई विभिन्न संवेदनशीलताको प्रतीक-को रूपमा प्रस्तुत गरिएको छ। इन्द्र चाँहि 'अन्तरजामीका' नायक, आधुनिक पुरुषको प्रतीकको रूपमा देखाइएको छ। यो एउटा विचारोत्तेजक काव्य हो।

मनोहर शर्मा-रचित यी जम्मै काव्यहरू तीन वर्ष भित्रमा (1958 ई०) देखि 1960 ई०) भित्रमा प्रकाशित भएका थिए। उनको 'ढोरों रो संगीत'(1978ई०) मा संगीतको धुनमा रचिएका ससाना कविताहरू छन्, जसले प्रचलित प्रेमकथाहरू-का पात्रहरू चित्रित गर्दछ। कविले अवसर अनुसार कथालाई नयाँ आकार दिएका छन् र यसमा रूपकको स्पर्श पनि दिन्छन्। उनले प्रेमको पवित्रतामाथि जोर दिएका छन्।

गिरधारीसिंह परिहारद्वारा रचित 'मानखो' (1964 ई०) को कथा महाभारत तथा अन्य पुराणहरूमा उपलब्ध फाटफुटे प्रसंगहरूबाट बुनिएको छ। कृष्णले चेतन गन्धर्वलाई, गालव ऋषिमाथि पान थुकिदिएको निकृष्ट कर्मको निम्ति दण्डित गर्न चाहन्थे। कसैले पनि चेतन गन्धर्वलाई आश्रय दिँदैनन् र त्यसले आफुलाई जलाउने निश्चय गर्‍यो। चेतनको यस संकल्पले उसकी पत्नीलाई हठात् दुःखी तुल्यायो र उसले तीव्र रूपले विलाप गरी। त्यसको विलाप कृष्णकी बहिनी सुभद्राले सुनिन्। यस भद्रमहिलाले कृष्णको क्रोधको विरुद्ध चेतनलाई आश्रय दिइन् यसले कृष्ण अत्यन्त क्रुद्ध भए, तर अर्जुन र सुभद्राले उनीसंग लँड़ाई गरे। यस लँड़ाईले विश्वमा भीषण विप्लवको सृष्टि गर्‍यो। नारद तथा गालवले समस्त जगतलाई आइलागे-को विपत्ति देखेर बीच-बचाव गरे र लँड़ाईको यसरी अन्त भयो। गिरधारीसिंहको काव्यमा सुभद्रालाई मानवताकी संरक्षिकाको रूपमा प्रस्तुत गरिएको छ। यो काव्य आफ्नो भावनाको गहिर्‍याई सुन्दर चित्रण तथा भाषाको प्रौढ़ताको कारणले उल्लेखनीय छ। यसले युद्धको विभीषिका प्रति हाम्रो ध्यान खिच्दछ।

सत्यप्रकाश जोशीको 'राधा' (1960 ई०)-मा राधाको असीम उन्मुक्त प्रेम नयाँ संदर्भमा चित्रित गरिएको छ। यो उनीसम्म मात्रै सीमित छैन, बरु उनको खुशी र पीड़ा पनि यसमा छ। कृष्णलाई महाभारतको लँड़ाईको विनाशदेखि टाढ़ा राख्ने

चेष्टा गरिन्छ, र उनलाई समृद्धि र शान्तिको सुदृढ़ सन्देशको प्रचार गर्ने आग्रह गर्छिन् । यस काव्यमा धर्मवीर भारतीको 'कनुप्रिया' को प्रभाव परेको देखिन्छ ।

सत्यप्रकाश जोशीको नै 'बोल भारमली' (1974ई०) एउटा शृंगारिक काव्य हो, जुन इतिहासमा आधारित राख्ने अभिप्रायले लेखिएको छ । यसको मुख्य पात्र भारमली हो जसले आफ्नो कथा आफ सुनाउँछे । जोधपुरका राव मालदेवकी रुष्ट रानी 'उमादे' की उ सेविका थिई । त्यसले आफनै स्वामिनीलाई दुःख दिन्छे । अन्तमा, त्यसले रावको महल त्यागिदिन्छे र कोटडाको बाधाकहाँ आश्रय खोज्छे । हामी यस कथाबारे विवरण बारहट आसाको काव्यको विवेचना गर्दा प्रस्तुत गरिसकेका छौं ।

कविले भारमलीको नाममा, ऐतिहासिक एवं साहित्यिक परम्परा, यथार्थता र मर्यादाको कुनै पर्वाह् नगरिकन उनको आफ्नो इच्छानुसार नारीको यौवनेच्छाको चित्रण गरेका हुन् जस्तो देखिन्छ । यदि अरु कुनै कथाको चयन गरेको भएदेखि, जोशीको काव्यात्मक प्रतिभाको राम्ररी सदुपयोग हुने थियो । जे होस्, यदि ऐतिहासिक प्रसंगतिर ध्यान दिइ हेर्यौं भने, कहीं-कहीं भारमलीका संवेदनशील अनुभूतिहरू बड़ो ममस्पर्शी छन् ।

बारहट करणीदानको 'शकुन्तला'(1974ई०) पौराणिक कथामा आधारित छ, तर यसले एउटा नयाँ स्वर प्रदान गर्दछ । यसले नारीको आत्मसम्मान प्रति महत्व दिंछ । उनको अन्य काव्य 'श्री राणी सती' (1975 ई०) प्रचलित कथामा आधारित छ । राणी सतीलाई एउटी लोक-देवी को रूपमा पूजिन्छ जसको मन्दिर झुनझुनुमा छ । सेठ जालीजी हिस्सारको नवाबको मुनीम थिए । उनको छोरा तानाधनको एउटा घोड़ी थियो । नवाबको छोराले यो घोड़ी प्राप्त गर्न खोज्यो, तर तावाधनले आफ्नो घोड़ी गुमाउन चाहँदैन थियो । अब एउटा झगड़ा शुरू भयो, जसमा नवाबको छोराका सिपाहीहरू तानाधन द्वारा मारिए । त्यसपछि तानाधन आफ्नी स्वास्नी निराणीलाई लिन उसको ससुरालीमा गयो । जब तिनीहरू बाटामा फर्किरहेका थिए, नवाबको छोराले तिनीहरूमाथि फेरि आक्रमण गर्‍यो । तानाधन लँड़ाई गर्दा-गर्दै मारियो । निराणीले त्यसपछि लँड़ाई गरी र नवाबको छारालाई मारी दिई । त्यस पछि त्यो झुनझुनुको निकट सती भई ।

'मरुमयंक' (श्री रामदेव चरित्र, 1961 ई०)-का कवि कान्हा महर्षिले, राजस्थानका प्रसिद्ध पाँच लोकदेवताहरूमा एक रामदेवजी तँवरको जीवन र कर्मबारे भन्छन् । रामदेवजीको पूजा उनको उद्धारमूलक कर्महरू र चमत्कारिक दैवी शक्तिको कारणले गरिन्छ । तर यस काव्यमा तिनलाई एउटा समाजको कार्यकर्ताको रूपमा प्रस्तुत गरिएको छ जसले आफ्नो पैतृक सम्पत्तिको त्याग गर्दछन् र सामाजिक उत्कर्ष र अछूतपनको मूलोच्छेदनको निमित्त कार्य गर्छन् ।

नारायणसिंह भाटी-रचित 'मीराँ' (1976 ई०)-मा मीराँबाईको सम्बन्धमा

लेखिएको छ। यसमा मीराँको भावुकता एवं उनको करुणापूर्ण परिस्थितिहरू-बारे महत्त्वपूर्ण व्याख्या गरिएको छ। यसमा विविध मानवीय मनस्थितिको सन्दर्भमा प्रकृतिको समय-समयमा चित्रण पनि छ। मीराँको प्रेम भगवान् कृष्णको, जो सर्व-शक्तिमान छन्, प्रति छ। कविले ऐतिहासिक परम्पराको उपेक्षा गरेका छैनन्। यद्यपि यसमा कतै-कतै कमीहरू पनि देखा पर्छन्। भाषा पनि कतै-कतै कठिन हुन जान्छ र केही अवतरणहरूको व्याख्या गर्नै जटिल भएको छ।

'देल्याँ को दिवालो' (1963ई०)को रचना बनवारीलाल मिश्र सुमनले गरेका छन् र यसमा राणा प्रतापको जीवन र कर्म बारे व्याख्या गरिएको छ। काव्यको आरंभ हुन्छ रानी कर्मा र अन्य स्त्रीहरूको जौहर बाट, र उदयसिंहको रक्षा गर्नेलाई पन्ना धायद्वारा आफ्नो पुत्रको बलिदानको कथा छ। यो वीर रसको काव्य हो र प्रवाहपूर्ण राजस्थानीमा लेखिएको छ अनि प्रभावकारी कल्पना सहित ओजपूर्ण शैलीमा लेखिएको छ।

'सीसदान' (1961 ई०)का रचयिता सत्यनारायण 'अमन' हुन्। दुइ सर्ग भएको यो पुस्तक गुजरातका सिद्धराव जयसिंहका दरबारी जगदेव पँवारको वीरता र बलिदानको कथा हो। यसको कथामा इतिहास र लोकगाथाको मिश्रण छ। यस-को अभिव्यक्ति, मुहावरा र लोकोक्तिहरूको बराबर प्रयोग सहित जीवन्त छ।

'धरती' (1976 ई०)-का रचयिता सूर्यशंकर पारीकले राजस्थानको ग्रामीण जीवन, यसका रीति रिवाजहरू, परम्परा र संस्कृति, यसको दैनन्दिन जीवन, प्रकृति तथा ऋतुहरूको सन्दर्भमा आनन्द तथा विषाद बारे यथार्थपूर्ण वर्णन गरेका छन्। यो विशुद्ध रूपले वर्णनात्मक काव्य हो जो कुनै सम्बन्धित कथामा आधारित छ। यसको भाषा चाँहि साधारण राजस्थानी हो। पारीकको 'सिद्ध जसनाथजी री सिरालोको' (1977 ई०) चाँहि सिद्ध जसनाथजीको श्लोकबद्ध जीवनी हो जस-मा तीन प्रकरणक र 354 श्लोकहरू छन्।

'गोपीचन्द' (1977 ई०)-का रचयिता नाथूराम संस्करता हुन्। यो काव्य समय (अध्याय)-मा छ र यसमा प्रसिद्ध नाथ-सिद्ध गोपीचन्दको कथा केही अन्तर सहित दिइएको छ।

रघुराजसिंह हाड़ाको 'हरदौल' (1978 ई०) पाँच सर्ग भएको लघुकाव्य हो, जसमा ओड़छाका नरेश जुझारसिंहका भाई तथा बुन्देलखंडका वीर योद्धा हरदौल-को सम्बन्धमा लेखिएको छ। यसको कथा अधिकांश बोलचालको हाड़ौती भाषामा छ।

'बिन्द्राबन' (1978 ई०)-का रचनाकार महावीरप्रसाद जोशी हुन्। यस आख्यानक पुस्तकमा 17 सर्गहरू छन्, र यसमा वृन्दावनमा कृष्णका विभिन्न लीलाहरूको वर्णन गरिएको छ। यसमा कहीं-कहीं प्रकृतिवर्णन पनि छ र साथै काव्यमा भक्तिरस पनि मिसिएको छ। कथानक मंथर गतिको छ साथै यसको

भाषा पनि सरल छ।

'सूरज' (1978 ई०) कवि प्रेमजी 'प्रेम' द्वारा रचित 101 श्लोकहरू भएको काव्य हो जसका विषय वस्तु हुन्—सूर्यमल्ल मिश्राण। यसमा सूर्यमल्ल मिश्राणका संवेदनशीलताको चित्रण गरिएको छ।

कल्याण गौतमद्वारा रचित 'पिव बान्धवराइ भैरव (1978 ई०) विषयमा नितान्त बेग्लै किसिमको छ। यो एउटा सरल आख्यानक काव्य नै हो। प्रायः लोक-गाथामा आधारित यस काव्यमा एकजना तरुण राजपूतको मर्मस्पर्शी कथा छ, जसले एक साहूकारसंग दुइ हजार रूपियाँ आफ्नी दुलहीलाई घरमा ल्याउन भनेर ऋणको रूपमा लिन्छ। त्यसले साहूकारसंग बिन्ती गर्छ कि जबसम्म उसले ऋण तिर्दैन तब सम्म आफ्नी दुलहीलाई त्यसले आफ्नी बहिनी सम्झेर व्यवहार गर्नेछ। यस कठिनताको कालमा उसले आफ्नो बिन्तीलाई विश्वासपूर्वक पालन गर्‍यो। केही समय पछि चित्तौड़की रानीको उदारताले उसले ऋण तिरिदिन्छ जसका घरमा ती दुवैले नकुरी गर्न थालेका थिए।

श्रद्धांजलि काव्य

यस्ता काव्यहरूले केही ऐतिहासिक व्यक्तिहरू-प्रति श्रद्धांजलि चढ़ाउँछन्। यसमा उदात्त मानवीय गुणहरूको चित्रण पनि गरिन्छ। यस्ता काव्यहरूमा कुनै श्रृंखलाबद्ध कथा बिना, पूर्ण रूपले घटना र वातावरणको चित्रण गरिन्छ जसको पृष्ठभूमिमा काव्यको पात्र-संग कुनै विशेष सम्बन्ध रहेको हुन्छ।

नारायणसिंह भाटी, रामेश्वर दयाल श्रीमाली, रामसिंह सोलंकी तथा अन्य कविहरूले यस प्रकारका काव्यहरू लेखेका छन्।

नारायणसिंह भाटीद्वारा रचित 'दुर्गादास' (1956 ई०)-मा मारवाड़का दुर्गादास राठौड़को नायकको रूपमा चित्रण भएको छ, जसले आफ्नो शौर्य एवं मानवीयताको प्रमाण दिन्छन्, र समयानुसार तत्पर पनि हुन्छन्। यस काव्यमा भाषा र शब्दविन्यास ओजपूर्ण छन्।

आफ्नो 'परमवीर' (1963 ई०)-मा भाटीले कुमाऊ रेजिमेन्टका शैतानसिंह प्रति श्रद्धांजलि चढ़ाएका छन् र तिनको वीरताको उत्साहपूर्वक वर्णन गरेका छन्। शैतानसिंहले, 1962 ई०को भारतमा चिनियाँ-आक्रमणको समयमा लद्दाखको चुसुल स्थानमा हवाई मोर्चाको रक्षा गर्दा आफ्नो प्राण गुमाएका थिए।

अरु धेरै कविहरूले, जस्तै रेवतसिंह भाटी, सवाईसिंह धमोरा, मुकनसिंह, सुरजानसिंह शेखावट, हनूतसिंह देवड़ा, उदयराज ऊजाल, अक्षयसिंह रतनु, सौभाग्य-सिंह शेखावत, मानकुमारी राव, साँवलदान आसिया, र जोगीदान कवियाले पनि शैतानसिंह तथा अन्य वीरहरूप्रति काव्यात्मक श्रद्धांजलि चढ़ाएका छन्। यी वीर-हरूमा परमवीरचक्र विजेता पीरुसिंह पनि छन् जसले भारतमाथि चिनियाँ-

आक्रमणको विरुद्धमा युद्ध गर्दाहुँदि आफ्नो जीवन बलिदान गरेका थिए।

रामेश्वरदयाल श्रीमालीको 'हाड़ीरानी' (1965ई०) त्यही ऐतिहासिक घटनामा आधारित छ, जुन चाँहि मुकुलको 'सैनणीमा' वर्णन गरिएको छ। भर्खरै बिहे गरेकी हाड़ी रानीले आफ्नो पतिलाई रणभूमिमा जाने आग्रह गरिन्। पतिले एउटा संदेशवाहकलाई आफ्नी दुलहीकहाँ लँड़ाईमा गइरहेका पतिको लागि आफ्नो एउटा चिनो माग्न पठाए। दुलहीको मनमा यो सन्देह भयो कि प्रेममा मस्त भएका योद्धाले बाँड़िएको ध्यान सहित लँड़ाईमा युद्ध गर्ने छ। उसको ध्यान आधा दुलहीतिर रहने छ र आधा युद्धतिर। सो रानीले यस संदेहभाई पन्साउने संकल्प गरिन् र आफ्नो टाउको काटेर पतिलाई चिनो स्वरूप पठाइन्। रानीको यस उदात्त त्यागले कविबाट हृदयस्पर्शी श्रद्धांजलि अर्जित गरेको छ।

माथि भनिएका दुवै काव्यहरू—नारायणसिंह भाटीको 'दुर्गादास' र श्रीमालीको 'हाड़ीं रानी' मुक्त छन्दमा लेखिएका छन्।

श्रीमालीको अर्को काव्य 'रावनो हिमाळौ (1971 ई०)-मा त्यस आदर्शको जसको लागि महात्मा गांधीले संघर्ष गरे, र उनको जीवन एवं कृतित्वको वर्णन गरिएको छ।

रामसिंह सोलंकीको 'जननायक प्रताप' (1976 ई०) राणा प्रतापलाई, जसले देशको स्वाधीनता एवं रक्षाको लागि आफ्नो सर्वस्व बलिदान गरे, उनको उच्च आदर्श एवं मूल्यहरूको निमित्त जननायकको रूपमा प्रस्तुत गरिएको छ। यस काव्यमा 274 सोरठाहरू छन्।

राणाप्रताप तथा हल्दीघाटी युद्ध-बारे विवेचन गरिएका अन्य केही काव्यहरू पनि लेखिएका छन्। तर तिनको शैली आख्यानक छ र विशेष श्रद्धांजलि कै रूपमा चाँहि ती छैनन्।

'प्रताप पताका' (1973ई०)-का लेखक ठाकुर रणवीरसिंह शक्तावत 'रसिक'-ले 236 दोहामा राणा प्रतापको शौर्य र महिमाको स्तुति गरेका छन्। कुँवर उम्मेदसिंह खिनडासार रचित ओळूं (1956 ई०) तथा दिनेश मिश्ररचित 'भारत सूर्य (1965 ई०), दुवै लघुकाव्यहरू छन् जसमा सरल राजस्थानीमा मुख्यतः हल्दीघाटीको युद्ध र राणाको अवस्था जुन कर्नेल टॉडको पाठान्तरमाथि आधारित छ, त्यसको वर्णन गरिएको छ।

(2) प्रकृति काव्य

प्राचीन राजस्थानी साहित्यमा प्रकृतिको चित्रण भावनाहरूको उद्दीपनको रूपमा अधिक, तर प्रकृतिको आफ्नो अधिकार-चित्रण कम गरिएको छ। प्राचीन युगीन सन्दर्भमा वसन्त-विलासको अधिक उल्लेख भएको छ, तर केही पुराना मुक्तक कविताहरूलाई पनि अपवादको रूपमा लिन सकिन्छ। आधुनिककालमा

ससाना बादलका टुक्राहरू-प्रति लेखिएको चन्द्रसिंहको काव्य 'बादळी' (130 श्लोक) देखि प्रकृतिको चित्रण एक विषय-दृश्यको रूपमा आरम्भ हुन्छ। यस पुस्तकको उल्लेख अघि नै भइसकेको छ। यिनै कविको अर्को काव्य 'लू' (104 दोहामा) राजस्थानमा गर्मीको महीनामा बहने भयानक गरम हावा 'लू'को बारेमा लेखिएको छ। 'यो काव्य प्रकृति-काव्यको परम्परामा अझै महत्वपूर्ण छ। यी काव्यहरूमा क्रमशः वर्षा तथा ग्रीष्म ऋतु बारे सूक्ष्म, चित्रात्मक र स्वाभाविक ढंगले वर्णन गरिएको छ। अभिव्यक्ति सशक्त एवं प्रभावशाली छ। 'बादळी' मा वर्षाद्वारा आनन्ददायक उत्साह भरिएको छ। 'लू'मा गरम हावाको भयानक रूपको वर्णन पछि, यस द्वारा प्रभावित प्राणीहरूको जीवनको कष्ट र दुःख जलवायुको अवस्थाको वर्णन बादललाई सुनाइएको छ, किनकि बादल जीवनदाता र रक्षक हो। चुनिएका वाक्य-विन्यास तथा प्रकृतिको सूक्ष्म अवलोकन यस काव्य-का विशेषता हुन्। यस क्षेत्रमा चन्द्रसेनको देन अद्वितीय छ।

नाथूराम संस्करताका काव्यहरू, 'कलायाण' (1947 ई०), 'दसदेव' (1955 ई०) र 'प्रकृति सैकड़ो' (100 श्लोकहरू) प्रकृति-बारे छन्, जो उनको 'छप्पय सतसई' (1972ई०)मा अन्तर्भुक्त छन्। यी सबै महत्वपूर्ण छन्। 'कल्याणले' मात्र वर्षा ऋतुको वर्णनसम्म आफुलाई सीमित राख्दैन, अझ यसले ग्रीष्म शीत, तथा वसन्तको प्राकृतिक शृंखलामा साधारणतः मनुष्यको जीवन पनि अन्तर्भुक्त गर्दै, व्यापकता-सहित वर्णन गरेको छ। 'दसदेव' मा दसवटा ग्रामीण देवताहरूको महत्व सरल भाषा र शैलीमा दर्शाइएको छ। यी दस देवताहरूमा नीम, खेज्ड़ा, फोग, झाड़को र शेष पाँच जस्तै—कूबो, जड़ो, ढोरा, खांडेडो र खाण, विभिन्न अवस्थामा धरतीका अंगहरू हुन् 'प्रकृति सैकडो' मा प्रकृतिका वस्तुहरू मानवीय अनुभूति तथा कर्महरू सहित छप्पय छन्दमा वर्णन गरिएका छन्।

मनोहर शर्माले प्रकृतिको विवेचन आफ्ना मुक्तक काव्यहरूमा 'उषा', 'वनदेवी', र 'किरण'-मा गरेका छन्, यी रचनाहरू उनको 'रसधारा'-मा संकलित छन् र अरावली, झरणों एवं टिबा चाँहि अरावलीकी आत्मा संग्रह (1947 ई०) भिन्न परेका छन्। अर्को काव्य 'गजमोती' (100 श्लोकहरू)-मा प्रकृतिको अवलोकन रहस्यमय कौतूहल सहित गरिएको छ।

नारायणसिंह भाटीद्वारा-रचित 'साँझ' (1954ई०)ले 115वटा श्लोकहरूमा सन्ध्याप्रति जम्मै प्राणीहरूको प्रतिक्रिया, ग्रामीण जनताका इच्छा एवं कार्यहरू र यी माथि सन्ध्याको समग्र सौन्दर्यको चित्रण गर्दछ। 'साँझ' काव्य कल्पना मा धनी छ र ग्रामीण जीवनको चित्रणको कारणले यो उल्लेखनीय छ।

सुमेरसिंह शेखावतको 'मेघमाळ' (1964 ई०, वि० सं० 2021)-ले आफ्नो 108 श्लोकहरूमा वर्षा ऋतुमा घनघोर बादलहरूको सौन्दर्यको चित्रण गरेको छ, जसमा समय-समयमा मानवीय आनन्द एवं विषादको पनि उल्लेख गरिएको छ।

कतिपय स्थलहरूमा, यो काव्य कालिदासको 'मेघदूत' बाट प्रभावित भएको पनि देखिन्छ।

उदयवीर शर्मा को 'डाँफी' (1973 ई०)-मा शीतलहर तथा प्रकृतिको प्राणी-हरूमाथि यसको डरलाग्दो प्रभाव बारे वर्णन गरिएको छ। यसको भाषा सरल तथा मुहावरेदार छ।

कल्याणसिंह रावतको 'परभाती' (1979 ई०) एउटा विशाल काव्य हो, जसले प्रकृतिको-चित्रणमा मानवीयकरणका तत्वहरूको प्रयोग गरेको छ।

यहाँ यो स्थूल रूपमा भन्न सकिन्छ कि यी काव्यहरूमा प्रकृति र मानव-जीवनका संयोजित चित्रहरू छन्। प्रकृति-प्रति मनुष्यको विचार एवं अनुभूति-हरू पनि यसमा द्रष्टव्य छ। यो प्रवृत्ति 'साँझ' मा विशेष देखिन्छ।

यी काव्यहरू बाहेक, जुन पूर्णत: प्रकृतिबारे रचिएका छन्, यहाँ धेरै गीतात्मक काव्यहरू पनि छन् जसमा विभिन्न विषय (अंग)-हरूको चित्रण भएको छ। यी कविहरूमा छन्—कन्हैयालाल सेठिया, गजानन वर्मा, किशोर कल्पना कान्त, मनोहर प्रभाकर, रघुराजसिंह हाडा (फूल केसुला फूल, 1976 ई०), कल्याणसिंह रजावत, सौभाग्यसिंह शेखावत, सुमनेश जोशी, गणेशीलाल व्यास उस्ताद, मदनगोपाल शर्मा, त्रिलोक गोयल, मेघराज मुकुल, सत्येन जोशी, शक्तिदान कविया तथा नारायणदत्त श्रीमाली ('मिमझार' नामक काव्य संग्रह'-मा 1963 ई०मा)

गजानन वर्माको 'बारह मासा' वर्षका बाह्र महीनाको वर्णन छ, तर, लोक-जीवन तर्फ अधिक ध्यान दिंदा र संगीतको रागिणी प्रति प्राबल्य रहेको हुनाले, यो काव्य, यसप्रकार, परम्परागत काव्यदेखि अलिक भिन्दै भएको छ। प्रकृति-लाई दार्शनिक चिन्तन, विचारधाराहरूको प्रस्तुतीकरण तथा मानवीय समस्याको समाधानको माध्यममा चयन गरिएको छ। यो प्रवृत्ति कन्हैयालाल सेठियाका काव्यहरूमा दर्शनीय छ। प्रकृतिलाई रहस्यमय जिज्ञासाले हेरिएको छ, जस्तो कि मनोहर सेठियाको काव्यमा परिलक्षित हुन्छ। कहिले त, प्रकृतिको कुनै अंगको चित्रण गर्दा, एउटा विश्वजनीन सत्यको, यसको अन्तमा मात्र संकेत गरिन्छ अथवा भावना तथा अनुभवहरू पूर्ण रूपले प्रकृतिको रूपक तात्विक चित्रण को योजना बनाइएको छ। कल्पनासंग मिलिएको यो शैली अद्वितीय छ। यस विषयमा कन्हैयालाल सेठियाको उच्च स्थान छ। यस्ता धेरै काव्यहरू उदाहरणत: 'झर झर पाका पान पडाई', 'भंवरो', 'दुबाडी', 'पपीहो', 'पंछी', 'माटी', 'गीत', 'चिड-कल्याण, 'सरवरियो' इत्यादि, उनको 'मिन्झार काव्य संग्रह' (1972 ई०, वि० सं० 2029) भित्र समाविष्ट छन्।

'लिटाँस'(1974ई०) र 'धारकुचाँई धार मजलाँ(1974ई०)मा कन्हैयालाल सेठियाले नयाँ आयाम दिएका छन्। यी काव्यहरू मात्र विचारधारायुक्त छैनन्,

तर मानव-अस्तित्व भिन्न गाम्भीर्य-सहित लक्ष्य गरिएको र आफ्ना अनुभवहरूको आधारमा यसको वृद्धि भएको छ। यी काव्यहरूले उनको भारतीय सांस्कृतिक मूल्यहरू-प्रति आफ्नो आस्था प्रतिबिम्बित भएको छ, र समालोचनात्मक विचार-लाई जगाउने चेष्टा पनि गरिएको छ।

प्रकृतिका तत्वहरूलाई प्रगतिशील विचारहरूको *अभिव्यंजनामा* प्रतीकको रूपमा चुनिएको छ। मुकुल द्वारा रचित 'डाँफर' तथा 'चियाण टावडो', रेवतदान चारण रचित 'इन्किलाव री आँधी' तथा गजानन वर्मा रचित 'रोहिड़ो', ईश्वरानन्द शर्मा को 'रोहिड़ारी रा फूल' तात्विक दृष्टिले प्रमाण हुन्।

अरु केही कविहरू जसले प्रकृतिको वर्णन यस रूपमा वा उस रूपमा गरेका छन्, ती हुन्—रामगोपाल बचल, रशीद अहमद पहाड़ी, ओंकार पारीक, लक्ष्मण-सिंह रसवन्त, रघुराजसिंह हाड़ा, जमनाप्रसाद हाड़ा 'राही', गोपाललाल 'प्रजा-पति', माणक तिवारी 'बन्धु', सीताराम महर्षि, शान्तिलाल भारद्वाज 'राकेश', बालकृष्ण थोलम्बिया, ब्रजेश 'चंचल', कानसिंह भाटी, दयाशंकर आर्य, ब्रजमोहन माथुर, सूर्यशंकर पारीक, गौरीशंकर आर्य, गंगाराम पथिक, नन्दकिशोर पारीक, विश्वनाथ विमलेश, तथा दुर्गादानसिंह गौड़।

अधिकांश काव्यहरू वर्षा-बादल, 'वर्षाऋतु' र सावन-विषयहरूमाथि छन्। यी विषयहरू स्वभावत: मरुवासीहरूको निमित्त प्रिय हुन्। त्यसपछि आउँछ—फागुन तथा वसंतऋतु। अन्य विषयहरूमा छन्—चाँदनी, अमावस, पनघट, प्रभात, खेजाड़ा, जाल र चम्बल नदी।

गीतात्मक तथा अन्य काव्य

(क) श्लोकबद्ध कथा

वीरहरू तथा वीरताको प्रशंसा गर्नु चारण काव्यको परम्परा नै भएको छ, साथै राजस्थानी लोकसाहित्यमा पनि। यो परम्परा आधुनिक समयमा पनि चलिरहेछ, यद्यपि कम मात्रामा वीरहरू, वीरताका घटनाहरू, आत्मबलिदान, सम्मान, मानवीय गुणहरू, स्वाधीनता प्रेम तथा उच्च आदर्शहरू कविहरूद्वारा, राष्ट्रीयताको भावना दृढ़ बनाउने तथा आकार दिने उद्देश्यले काव्यका विषयवस्तु छाने।

मुकुलको 'सैनाणी' (जसको पहिले उल्लेख भएको छ) यस विषयको एउटा घटना हो। उनले अरु धेरै कविताहरू लेखे जसमा 'हिरौल', 'आण री बात', 'कोडमदे', 'चंवरी' र 'पद्मणी' ('सैनाणी री जागी जोत' 1967 ई०, 'किरत्याण' 1968 ई०) आदि छन्। यसैको बराबर सशक्त र महत्त्वपूर्ण रचना 'पाटल' र 'पिथाळ' (मिझार 1972)-को रचना कन्हैयालाल सेठियाले गरेका थिए। यसले राणा प्रतापलाई जंगलमा कष्ट भएको र राणा पृथ्वीराजको पत्र उनलाई दिइएको

बारेमा वर्णन गरिएको छ र यो इतिहास तथा प्रचलित आस्थाहरूमा आधारित छ।

अधिकांश कविताहरू सत्यघटनामा आधारित छन् र यहाँ एउटै विषयवस्तुमा लेखिएका अनेक कविताहरू छन्।

पौराणिक तथा लौकिक प्रेमकथाहरू र प्रचलित लोकगाथाहरूबारे पनि काव्यरचनाहरू भएका थिए। गिरधारीसिंह पड़िहारको, 'जागती जोतां' (1960 ई०)-ले यस प्रकारको काव्यको परम्परा मासिँदै गएको बेलामा नयाँ शिखरहरू नाप्यो।उनको काव्य 'मेघनाद', 'सिसपाळ' (पुरु ?), 'पाबूजी' यस दृष्टिले उल्लेखनीय छन्।

मुकुल, सेठिया र पड़िहारका कविताहरू आफ्नो आख्यान सौन्दर्य, वाक्य-विन्यास तथा संवादहरूको कारणले उच्च स्थानमा पुगेका छन्। तिनीहरूले भावना-वैविध्य, पात्रहरूको अन्तर्द्वन्द्व, कार्यतत्परता, मर्मस्पर्शी घटनाहरूको चित्रण गर्छन्। मनोहर शर्माका कविताहरू 'अरावली की आत्मा' र 'गीतकथा' (1942 ई०) परंपरागत दोहा छन्दमा लेखिएका र महत्त्वपूर्ण छन्। केही अन्य कविहरू जसले श्लोकबद्ध कविताहरू लेखनमा हात लगाए, तिनीहरूमा छन्—बनवारीलाल मिश्र, 'सुमन' (प्रेम-प्रदीप, 1969 ई०, वि० सं० 2026) करणीदान बारहट (झरझर कन्था), सूरज सोलंकी ('जुनीवाँता'), रामपाली भाटी (चार गाथा, 1953 ई०), रघुराजसिंह हाड़ा (अण बाच्यां आखर, 1970 ई०), नानूराम संस्करता ('सांकळ सन्धान', 1973 ई०) र दयाशंकर आर्य ('मरुमिम्झार', 1966 ई०)।

(ख) हास्य एवं व्यंग्य

हास्य-रसात्मक र व्यंग्यात्मक काव्यहरूको उद्देश्य हो—आनन्द, अशुभ वस्तु तथा विशृंखलको उद्घाटन गर्नु र त्यसमा सुधार ल्याउनु। सत्यनारायण 'अमन'-ले आफ्नो कविताको सम्बन्धमा जे लेखेका छन्, त्यो अरु साहित्यिकहरूको निम्ति पनि उचित छ—

"हे अमन, तिम्रो चिमोट्याइँ चाँहि नीम र पानको पत्ताको मदिरा जस्तो छ। यसले मुखलाई तीतो स्वाद अवश्य दिन्छ तर शरीरको स्वास्थ्यलाई पनि बचाउँछ। (चूँठिया, 1961 ई०, वि० सं० 2018)"

हास्य तथा व्यंग्यमा सामाजिक अवस्था र विचारहरूको बदलाव संग परिवर्तन हुन्छ। जीवनको बढ्दै गएको जटिलता, दुरूहता र वैविध्य-संग यस्ता कविताहरूको लक्ष्य पनि बढ्दै गएको छ। यस्ता कविताहरू वैयक्तिक, राजनैतिक, सामाजिक, धार्मिक र सांस्कृतिक विषमताहरू-बारे लेखिएका छन।

विश्वनाथ 'विमलेश' यस क्षेत्रका प्रवर्तक कवि हुन्। उनका कविताहरू सामाजिक एवं राजनैतिक विषयहरूमा, मनपर्दो जिरक्याई सहित लेखिएका छन्। उनका कविताहरूको एक संग्रह, 'नव में रस हास्य' को प्रकाशन 1973 ई०-मा भएको थियो। यसभित्र, पहिले प्रकाशित भएका कविताहरू 'छेड़खानी', 'कुचरणी', 'हसकोली' पनि संगृहीत छन्। 'जनताको' दरबार 1977 ई०)-मा विमलेशका 48 वटा कविताहरूले 'इमरजेन्सी (आपातकाल), (जून 1975 ई० देखि मार्च 1977 ई०) सम्मको अनुभवप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्न खोजेको छ। आफ्नो विशिष्ट शैलीमा कविले त्यस कालमा देशको शासन गर्ने स्थानीय दलबन्दका सदस्यहरूबारे लेख्छन्।

यो शैली कवि नागराज शर्माको पनि हो जसको विशाल काव्य ('विरखा विनणी', 'थारो कें ल्यां' हैं, 1974 ई०)-मा सामाजिक र राजनैतिक विषयहरू-बारे विवेचन गरिएको छ।

सत्यनारायण 'अमन' ले आफ्नो काव्य 'चूँठिया' मा राजनैतिक स्थिति प्रति सीधा प्रहार गरेका छन्, र आफ्ना पाठकहरूलाई व्याकुल बनाइदिन्छन्। विमलेश झैं यिनी पनि निकै प्रभावशाली छन्।

प्रेमजी 'प्रेम'-का कविताहरूमा, उनको 'चमचो' (1973 ई०)-मा अवसरवादी राजनीतिक नेताहरू र तिनीहरूका उपहासपूर्ण चरित्रको खिल्ली उड़ाएका छन्।

अन्नराम 'सुदामा'-का कविताहरूमा, उनको 'पिरोळ में कुट्टी ब्याई' (1969 ई०)-मा विशेषगरि शहरहरूमा, भौतिकवादी दृष्टिकोणको परिणामस्वरूप भ्रष्टाचार र पथभ्रष्ट जीवनको चित्रण गरिएको छ।

आफ्नो 'चुटकियाँ' (1964 ई०), 'चबड़का' (1964 ई०), 'विरसा' (1964 ई०), 'कलदार', र 'इन्दरसू इन्टरव्यू' (1969 ई०)-मा बुद्धिप्रकाश पारीकले, सूक्ष्म विवरण-सहित निम्न मध्यवर्गीय मानिसभित्र रहेको असहायता, गरीबी र सामाजिक अशुभ वस्तु, नराम्रोपन प्रति संकेत गरेका छन्।

(ग) प्रगतिशील काव्य

राजस्थानी कविहरू बदलंदै गरेको राजनैतिक र सामाजिक अवस्था-बारे सचेत छन् र समयभन्दा अघि भएका छन्। हामीले पहिले नै बाँकीदास र शंकरदान सामौरको राजनैतिक दूरदर्शिता तथा ऊमरदान लालसको सुधारवादी स्वरबारे विवेचना गरिसकेका छौं। स्वाधीनतापछि, कविहरूले राजनैतिक, सामाजिक र आर्थिक क्षेत्रमा कठोर यथार्थताको अनुभव गरे। तिनीहरूले बौलाएका जनतालाई भ्रष्टाचार, अन्याय, विश्रृंखलता, विसंगति, भेदभाव तथा शोषणबारे जुन यी क्षेत्र-मा विद्यमान थिए, उद्घाटन गर्न आरम्भ गरे। यिनीहरूले सामान्य मान्छे, विशेष गरेर कृषकवर्गको दु:ख र कष्टलाई वाणी दिए। तिनीहरूको शैली वास्तवमा

व्यापक हुन गयो। केही कविहरूले हास्य र व्यंग्यको शैली लिए। अन्य धेरै कविहरूले यस करुणाजनक दशाको चित्रण दुइ प्रकारले गरे (1) यथार्थता प्रति ध्यान आकर्षित गराउनु र सीधा-सीधा ढंगले चेतावनी दिनु, तथा (2) विपत्तिहरूको बदलेमा सदाचारको मार्गतिर निरन्तर लागिरहने र अनुरक्ति राख्ने आग्रह गर्नु।

प्रथम प्रकारका कविताहरूमा, हर्षको झाँकी तथा ग्रामीण जीवनको पीड़ाको चित्रण गरिएको छ।

सशक्त कवि गणेशीलाल व्यास 'उस्ताद' यस क्षेत्रका प्रवर्तक कवि हुन्। स्वयं स्वाधीनता सेनानी र विशाल अनुभव भएका मानिस हुनाले, उनले सबै प्रकारका अन्यायहरूको विरुद्ध आवाज उठाए। स्पष्टवादिता, विचारहरूको स्वच्छता र सीधा-सरल भाषा यिनका कविताहरूको विशेषता हो। यिनका केही कविताहरू 'जनकवि उस्ताद' (1972 ई०)-मा प्रकाशित भएका छन्। यिनले 'नृत्यगीत रूपक', 'नृत्यगीत' इत्यादिको पनि रचना गरेका छन्।

सुमनेश जोशी यस विशेष क्षेत्रका अर्का उल्लेखनीय कवि हुन्। मुकुलको देन यसकारण महत्त्वपूर्ण छ कि उनले विविध विषयहरूमा तीखो बल तथा अर्थपूर्ण व्यंग्य सहित लगातार लेखिरहे। गजानन वर्मा, रामेश्वरदयाल श्रीमाली र अन्य केही कविहरूको कवितामा प्रगतिशील विचार लिएर, स्वाभाविक तथा सुन्दर शैलीमा ग्रामीण जीवनका विविध झाँकीहरू चित्रित गरिएका छन्। 'जूझती जूं' (1979 ई०)-मा, मोहम्मद सादिकले दुर्लभ आशा लिएर बाँच्नका निमित्त अथक संघर्ष गर्ने मान्छेको चित्रण गरेका छन्। रेवतदान चारण, प्रेमचन्द रावल, मनुज देपावत, त्रिलोक शर्मा, श्रीमंतकुमार व्यास, भीम पण्डिया, र अन्य कविताहरूको रचनामा साम्यवादी चिन्तनधाराको प्रभाव लिएको देखिन्छ। रेवतदान चारणको कविता आफ्नो वाक्यविन्यास, विषयवस्तु र संवेदनशीलताको निम्ति उल्लेखनीय छ।

देशभक्ति सम्बन्धी रचना लेख्ने प्रायः जम्मै कविहरूले प्रगतिशील काव्य लेखन तिर प्रयास गरे। किशोरकल्पनाकान्त, सत्यनारायण 'अमन', ओंकार पारीक, रघुराजसिंह हाडा, कल्याणसिंह रजावत, सत्यप्रकाश जोशी, कन्हैयालाल सेठिया, हनूतसिंह देवड़ा, वेद व्यास, भँवरसिंह सामौर, दुर्गादानसिंह गौड़, हरिवल्लभ हरि, गिरधारीलाल मालव, गौरीशंकर शर्मा तथा माणक तिवारी 'वन्धु' ले काव्यका दुवै पक्ष राष्ट्रवादी र प्रगतिशीलता प्रति योगदान गरेका छन्।

दोस्रो प्रकारका कविताहरूमा, सदाचार-प्रति अधिक बल दिइएको छ। मानवीय यस्तो कि अहिले को समयमा बुद्धिले प्रगति गरेको छ, तर हृदय चाँहि डूबेको छ। मनुष्य त धेरै छन् तर वास्तविक मनुष्य चाँहि थोरै छन्। मानिसले आफैलाई विसंगतिहरूको विरुद्धमा दृढ़ राख्न पर्छ, यस्तै तथा यस्तै किसिमका विचारहरूलाई संवेदनशील तथा प्रभावशाली ढंगले महत्ता प्रदान गरिएको छ। यी

कविताहरूले आफैले गीतात्मक पद्यहरूमा एउटा वर्ग तयार गरेका छन् ।

कन्हैयालाल सेठियाको 'मिनख', मुकुलको 'छ्यारीमे मानखों', 'माणस और कुमाणस', 'मिनख बापड़ो', नारायणसिंह भाटीको 'मांणस', गणपतिचन्द्र भंडारीको 'मिणखमणाइरो काळ', माणक तिवारी बन्धुको 'लेबल', 'मनखाई रा आसर', सूर्यशंकर पारीकको 'दिसत रा मिनख', सत्यप्रकाश जोशीको 'जय मानखा', र 'धरती रा दीया', गौरीशंकर कमलेशको 'मानख नांगो होतो जा रयो छे', मूलचन्द 'प्राणेश' को 'आवो अपन आदमियत ऊगांवा', दीनदयाल ओझाको 'मानवता रा आखर', चंडीदान सान्दूको 'मिनख रो माथ', विनोद सोमाणी हंस को 'जीवणाइ रो मरम' एवं 'मिनख जूण', तथा दयाशंकर आर्यको 'आदमी सं प्यार कर तूं', यस वर्गका पद्यहरूका उत्तम उदाहरण छन् ।

(घ) प्रेम तथा धरती

अहिलेका धेरै कविहरूले अगाध प्रेम तथा श्रद्धा-सहित राजस्थानको स्तुतिगान गरेका छन् । यस्ता कविताहरूले जनता, प्रकृति, ऐतिहासिक स्थलहरू, वीररसको विशेषता र राजस्थानको गौरवको चित्र उतारेका छन् । केही कविताहरूले त प्रचलित कल्पनालाई यति अधिक ग्रहण गरेका छन् कि यसो हुँदा तिनीहरूको रचना लोकगीतको दर्जामा पुगेका छन् । कन्हैयालाल सेठियाको 'धरती ढोरां री' (मिन्झार) यसको एउटा उदाहरण हो ।

गणपतिचन्द्रको 'प्यारो मरुधर देस' (रक्तदीपमा), ओंकार पारीकको 'गीत धीरा वीरां री धरती रो', (मोरपंखमा) मदन गोपाल शर्माको 'ढोरां हालो देस' र 'ओ रंग रुडा राजस्थान' (गोरवई उंभी गोरड़ी) माणक तिवारी 'बन्धु' को 'जलम भोग' (आखरमाल), अमनको 'माता नाइ बन्दण' ('आज रा कवि', नामक काव्य संकलन मा) रामदेव आचार्य को 'नित राजस्थान जियो' (राजस्थान का कवि काव्य संकलन, भाग 2 मा), गणपति स्वामी को 'मरुधर देश' (उक्त संकलनमा) चंडीदान सान्दूको डिंगलगीत रुडा राजस्थान' (उक्त संकलनमा) यस्तै प्रकारका केही कविताहरू हुन् ।

(ङ) राष्ट्रभक्ति तथा वीरताका पद्यहरू

राजस्थान एउटा यस्तो क्षेत्र हो जहाँबाट भारतीय सेनामा धेरै सिपाहीहरू भर्ना गरिन्छन् । तदनुसार राजस्थानका पुत्रहरूले हाम्रा लड़ाका फौजहरूको गौरव-प्रति योगदान गरेका छन्, र यिनमा धेरै जनाले उच्च सैनिक पद प्राप्त गरेका छन् । तिनीहरूको साहस र त्यागले स्वभावतः कविहरूलाई तिनीहरूको प्रशंसा को गीत गाउने प्रेरणा दिए । चीन र पाकिस्तानको विरुद्धमा युद्धले शौर्य तथा देशभक्तिको काव्यात्मक सम्मानलाई सामु राखिदियो । यस्ता कविताहरू परम्परागत स्वरूपमा

र आधुनिक शैली दुवैमा रचिएका छन्। तिनीहरूको देशभक्तिको स्वर तथा संख्याको प्रचुरताले गर्दा, यी गीतहरू अन्य राजस्थानी कविताहरूमा बेग्लै किसिमका र विशिष्ट देखिन्छन्। प्राय: प्रत्येक कविले मौजूदा (वर्तमान) राष्ट्रीय भावना प्रति योगदान गरेका छन्। तिनीहरूको वाक्य-विन्यास प्रखर र शैली वैयक्तिक छ। यस्ता कविताहरूले आत्म-बलिदान समर्पण, गौरव तथा उत्साह, चुनौती एवं भर्त्सना (धिक्कार)-को चित्र प्रस्तुत गरेका छन्। हामीले माथि श्रद्धांजलि काव्यको विवेचना गर्दा यस प्रकारका कतिपय कविताहरूको उल्लेख गरिसेकेका छौं। केही अन्य कविहरूको नाम यस प्रकार छन्—कन्हैयालाल सेठिया, मुकुल, कल्याणसिंह रजावत, रशीद अहमद पहाड़ी, दयाशंकर आर्य, करणीदान बारहट, छगनलाल शर्मा, रघुराजसिंह हाडा, गोपाललाल प्रजापति, माणक तिवारी बन्धु, सूर्यशंकर पारीक, सीताराम महर्षि, हरिवल्लभ हरि, ब्रजेश 'चंचल', प्रेमजी 'प्रेम', राधेश्याम शर्मा, शिवपाण्डे, कान्हा महर्षि, नानूराम संस्करता, मकबूल अहमद, भँवरसिंह सामौर, गिरधारीसिंह पड़िहार, उस्ताद, सुमनेश जोशी, अमर देपावत, रेवतदान चारण, विमलेश, बुद्धिप्रकाश पारीक, लक्ष्मणसिंह रसवन्त, त्रिलोक गोयल, गजानन वर्मा, रावत सारस्वत, भीम पांडिया, निरंजननाथ आचार्य, मदनगोपाल शर्मा, सत्यप्रकाश जोशी, श्रीमंतकुमार व्यास, देवकिसन राजपुरोहित र वस्तीमल सोलंकी।

(च) गीति कविता तथा शोकगीत

प्राचीन राजस्थानी काव्यमा मरसिया (शोकगीत) हरू प्रचुर मात्रामा लेखिएका थिए र अहिले पनि यो परम्परा समाप्त भएको छैन। शोकगीत तथा मरसिया, हुन त प्रकट रूपले समान छ, तर व्यक्तिगत दृढ़ स्वरको आधारमा यसको भिन्नता छुट्याउन सकिन्छ, जब कि मरसियामा शोकको भावुकता ज्यादा व्यक्तिगत रहन्छ, त्यहाँ शोक गीतमा यस्तो भावुक संवेग अधिक व्यापक हुन्छ। महात्मा गांधीको मृत्युमा लेखिएका शोकगीतहरू उल्लेखयोग्य छन्। कन्हैयालाल सेठियाको 'विखाइरा आँख मे आँसू', मुकुल को 'लोरी' तथा 'धर्म रो मात्र गांधी जाण्यो' (गांधी जीवन ज्योति, 1970 ई०मा प्रकाशित), गिरधारीसिंह पडिहारको 'ओ चार भुजा रो विष्णु हाइ' (गांधी गाथा नामक काव्य संकलनमा) र करणीदान बारहटको 'जद मिनखपाणो हिउकायो तो' (त्यसै संकलन भित्र), यस्ता किसिमका कविताहरू हुन्। यी शोकगीतहरू बाहेक, धेरै प्रशंसात्मक कविताहरू जसले आफ्नै एउटा वर्ग बनाउँछन्, महात्मा गांधी बारे रचिएका छन्। र यी 'गांधी-गाथा', 'गांधी-जस-प्रकाश' मा तथा अन्यत्र प्रकाशित भएका छन्।

गीति काव्यहरूमा, कुनै वस्तु वा प्राणीलाई सम्बोधित गरिएको छ र त्यसमा मानवीय अनुभूतिहरू राखिएका छन्। नारायणसिंह भाटी, मदनगोपाल शर्मा,

सत्यप्रकाश जोशी, कल्याणसिंह रजावत, र अन्य कविहरूले असल खालका गति-काव्यहरूको रचना गरेका छन्। तर यो क्षेत्र अझै पनि काव्यात्मक प्रतिभाहरू द्वारा समृद्ध गरिनु बाँकी नै छ।

(छ) प्रेम तथा शृंगारिकता

शैली, वाक्य-विन्यास, कल्पना, रूपक तथा राग इत्यादिमा प्रेम तथा शृंगारिक कविताहरू राजस्थानी लोकगीतहरू द्वारा ज्यादै प्रचलित छन्। स्वभावतः तिनको पुकार व्यापक तथा प्रभावशाली हुन्छ। यस किसिमका कविताहरू मुख्यतः दुइ प्रकार का छन्—(1) ती कविताहरू जसमा परिवार तथा ग्रामीण जीवनको चित्रण हुन्छ, र (2) ती कविताहरू जसले मानवीय संवेग, हर्ष तथा विषाद-अभिव्यक्त गर्दछन्। समग्र रूपले, यी दुवै प्रकारका पद्यहरू अधिक मात्रामा ग्रामीण जीवन र अतीतसंग सम्बन्धित छन्। अनेक कविताहरूले जसमा 'ओल्यूं' (प्रिय व्यक्तिको स्मृति) कविताहरू पनि छन्, यी दुवै अंगलाई ढाक्छन्। गजानन वर्मा, ओंकार पारीक र रामगोपाल शर्मा 'चंचल'ले शृंगारिक तथा प्रेमका कविताहरू लेखेका छन्। अन्य कविहरू हुन्—रघुराजसिंह हाडा, वेदव्यास, बालकृष्ण थोलम्बिया, मुकुल माणक तिवारी 'बन्धु', नारायणसिंह भाटी, त्रिलोक गोयल, गोर्धनसिंह शेखावत, चन्द्रकुमार सुकुमार, कल्याणसिंह रजावत, उदमवीर शर्मा र सत्येन जोशी।

दोस्रो प्रकारका धेरै कविताहरूलाई 'ओल्यूण' वा 'ओळूण' भनिन्छ। राजस्थानी लोक साहित्य यी 'ओल्यूण' गीतको दृष्टिले समृद्ध छ र यो कुरो आधुनिक साहित्यको बारेमा पनि भन्न सकिन्छ। यस शैलीमा तीन वटा दीर्घ कविताहरू पनि रचिएका छन्। यी हुन्—ओल्यूं (1964 ई०, 121 श्लोकहरू), जसका रचयिता हुन्—नारायणसिंह भाटी। 'ओल्यूण री ओल्याण' (1970 ई०, 157 श्लोकहरू) का रचयिता तेजसिंह जोधा हुन् र सीताराम महर्षि रचित प्रीत पीड री पाल' (1971 ई०, 101 श्लोकहरू)। करुणाको एउटा स्वर यी काव्यहरूमा ध्वनित हुन्छ।

भाटीको 'ओल्यूं' मा, एउटी भर्खरकी विवाहिता विरहिणी दुलहीका भावनाहरू अभिव्यक्त भएका छन् जसको शैली सरल र मर्मस्पर्शी छ। कतै-कतै शब्द-विन्यासहरू मूक रूपले प्रभावशाली छन्। यहाँ जोधाको कवितामा व्यक्ति दृढ़ स्वर छ जुन चाँहि हिन्दीका कवि प्रसादको 'आँसू' कविता द्वारा प्रभावित भएको ज्ञात हुन्छ। छन्द पनि एकै प्रकारको छ। 'प्रीत पीड री पाल मा', चिन्तन माथि भावुकताको अभिव्यक्ति ज्यादै महत्त्वशाली छ। सीताराम महर्षि मूलतः कोमल भावनाहरू र करुणा का कवि हुन्। यो उनको काव्य-संकलन 'मछली मन म्हारो (1977 ई०)-मा पनि प्रमाण स्वरूप देखिन्छ।

यस प्रकारका केही लघु कविताहरू पनि लेखिएका छन्। सत्यप्रकाश जोशी को 'ओल्यूण' र श्रीमंतकुमार व्यासको 'ओल्यूँदी' यस्तै प्रकारका कविताका उदाहरण हुन्।

(ज) नयाँ कविता

यो देखिन्छ कि राजस्थानीको नूनीं (नयाँ) कविता हिन्दीका नयी कविताहरू तथा आधुनिक ब्रिटिश र अमरीकी कविताहरूद्वारा प्रभावित भएका छन्। यस काव्यको बदलँदै गएको तत्व हो—मानव-मूल्य तथा सौन्दर्यात्मकतामा तीव्रगतिले परिवर्तन। यो चाँहि वातावरणको परिवर्तन र शहरी जीवन शैली, नाता-गोत्रको पुरानो प्रणालीमा विच्छिन्नता, वैयक्तिक प्रवृत्तिहरू, जीवनका जटिलताहरू, र आफ्नो अस्तित्वको लागि संघर्ष, कुण्ठा एवं सामाजिक सम्बन्धहरू प्रति बढ्दै गएको विरक्ति तथा टाढ़ापन। कविले अनुभव गर्दछ—जीवन महत्वहीन र अर्थ-हीन वर्जित छ, र जटिलताहरू, कष्टहरू, अशान्तिहरू तथा व्याकुलता चाँहि मनुष्यमा धेरै-धेरै छन्। मनुष्यको निमित्त शहरी सामाजिक जीवन क्षणमा विभाजित र सम्पर्कको शून्यता वा विघटित देखा पर्दछ। यस प्रकारको चिन्तन तथा तत्सम्बन्धी पीड़ा यी नयाँ कविताहरूमा अभिव्यक्त गरिएका छन्। कविताले संधैं जीवन प्रति सुन्दर विचारात्मक दृष्टिकोण र घनिष्ट भावनाहरूको प्रति-निधित्व गर्दैन, तर प्राय: जीवनको समस्या प्रति यसको बौद्धिक प्रतिक्रिया हुन्छ। यो प्रवृत्ति, व्यक्तिगत र वैयक्तिक हुन्छ र यसले प्राय: मानिसलाई निराशावादिता तिर लैजान्छ। स्वाभाविक रूपले, यसको दृष्टिकोण र भनाईको ढाँचा सीमित हुन्छ।

राजस्थानी नयाँ कविताले विशेषत: ग्रामीण जीवनको मौन परिवर्तन र साधारणत: व्यक्तिको जीवनमा परिवर्तनको विस्तार सहित वर्णन गर्छन्। यस्ता परिवर्तनहरूको सूचना मुकुल, कन्हैयालाल सेठिया, सत्यप्रकाश जोशी र अन्य कविहरूको कवितामा उपलब्ध छन्, तर यस प्रवृत्तिले सातौंदशकको मध्यतिर जोर प्राप्त गरेका छन्, विशेष गरेक नयाँ पिंढ़ीका कविताहरूले। ती कविहरूमा छन्—तेजसिंह जोधा, हरमन चौहान, मणि मधुकर, रामेश्वरदयाल श्रीमाली, साँवर दैया, गोवर्धनसिंह शेखावत, नन्द भारद्वाज, रामस्वरूप परेश, पारस अरोड़ा, प्रकाश परिमल, ओमप्रकाश भाटी, ओंकार पारीक, कृष्णगोपाल शर्मा, शिवराज छंगाणी, चन्द्रप्रकाश देवल, प्रेमजी प्रेम र अन्य।

यो प्रवृत्ति अहिले पनि सक्रिय छ र यसको भविष्य बारे केही भन्न सकिंदैन।

नानूराम संस्करताले आफ्नो 'समय बायरो' (1953 ई०)-मा, नारायणसिंह भाटीले आफ्नो 'दुर्गादास' (1956 ई०) मा र अरु कविहरूले मुक्त छन्दको प्रयोग गरेका थिए।

गद्य

(1) उपन्यास

शिवचन्द्र भारतीया (1853-1918ई०) राजस्थानीका प्रवर्तक उपन्यासकार भए। उनको 'कनक सुन्दर' (1903 ई०) राजस्थानीको प्रथम उपन्यास हो, जसको लागि उनले प्रचलित गुजराती नाम 'नवल कथा' को प्रयोग गरेका छन्। यस उपन्यासमा सामाजिक विसंगतिहरूको विवेचना गरिएको छ। यसमा दुई परिवारहरूको कथा दिइएको छ जसका मुखिया दुइ दाजु-भाई-हजारीमल र मुरलीधर छन्। मुरलीधरको परिवार सुधारवादी छ र हजारीमलको चाँहि रूढ़िवादी। लेखकले मुरलीधरको परिवारलाई माथि उठाउँछन्।

श्रीनारायण अग्रवालको 'चम्पा' (1925 ई०)-मा बूढ़ेसकालमा बिहेको समस्याको व्याख्या गरिएको छ।

यी दुवै उपन्यासहरू आदर्शवादी छन्।

'चम्पाको' प्रकाशन को 31 वर्ष पछि श्रीलाल नाथमल जोशीको 'आभार पटकी' (1956ई०)-को प्रकाशन भयो। 'आभार पटकी' ले हिन्दू विधवा समस्याको घटनावश अन्धविश्वास र सामाजिक कुप्रथाहरूसहित विवेचना गर्दछ। लेखकले समस्याको यसरी समाधान प्रस्तुत गर्छन्—धनी व्यापारी रामचन्द्रजी विधवा, कृष्णा ले आफ्नो मृत पतिको काकाको छोरा मोहनसंग पुनर्विवाह गर्छे।

जोशीको 'धोरां रो धोरी' (1968ई०)-ले प्रसिद्ध विद्वान् डा० टेस्सीटोरीको कथा भन्छ र तिनलाई अथक परिश्रमी र उदात्त विचार भएका मानिसको रूपमा प्रस्तुत गर्छ। यिनको 'एक बिनणी दो बीन' (1973 ई०) चाँहि टेनीशनको आख्यान काव्य Enoch Arden-को राजस्थानी गद्यमा प्रस्तुत गरिएको हो। जोशी एक सुधारवादी र आदर्शवादी व्यक्ति हुन्। यसको परिणाम यो हो कि घटनाहरूको चयन र चरित्र-चित्रणहरू उनका आफ्नै विचारहरू द्वारा निर्देशित छन्।

अन्नराम सुदामाको 'मैकती काया मुळा कती धरती' (1966ई०)-मा, एउटी बूढ़ी आइमाइ सुगनी (सुथारी बोजू) ले आफ्नो दुःखपूर्ण कथा सुनाउँछे। त्यसलाई आफ्नै विधवा नन्दले उक्साएको हुनाले उ परित्यक्ता हुन्छे। सुगनीले जीवन प्रति विश्वास हराउँदिन र जम्मै कष्टहरू उ हाँस्दै सहन गर्छे। उपन्यासकारले जीवनको यथार्थ चित्र खिचेका छन् र मानिसको धरतीसित प्रेमलाई अधिक बल दिएका छन्।

सुदामाको अर्को उपन्यास 'आँधी अर आस्था' मा राजस्थानको ग्रामीण जीवनको चित्रण गरिएको छ। यो एउटा गरीब ब्राह्मण परिवारको कथा हो जसले सामाजिक उत्पीड़न र दुर्भाग्य हुँदा-हुँदै पनि आफै दृढ़ रहने चेष्टा गर्दछ। सुदामाको आफ्नै शैली छ जुन उखान-टुक्का तथा लोकोक्तिहरूद्वारा सजिएको छ।

आफ्नो राजस्थानी गाँउको कथा 'मेवाई रा रुख' (1977 ई०)-मा सुदामाले वस्तुतः इमरजेन्सी (आपातकाल-1975 देखि मार्च 1977 ई० सम्म) को बेला राजस्थानका समग्र गाँउहरूको डरलाग्दो अनुभवको वर्णन गरेका छन् । यसले तत्कालीन राजनीतिकहरूको बदलँदो अनुहारको चित्र उतार्छ । साथै जबर्दस्ती नसबन्दीको र तथाकथित युवा नेताहरूको अहंकारको वर्णन गर्दछ । तर जे होस्, यस उपन्यासको प्रधान लक्ष्य चाँहि गाँउले जीवनमा सूदखोर साहुहरूको खास स्थान-प्रति छ । गाँउलेहरूको सूदखोर साहुहरूमाथि असहाय र निर्भरता तिनी-हरूको करुणापूर्ण आवश्यकतालाई तिनीहरूको यथार्थ पक्ष बनाएर बड़ो यथार्थपूर्ण ढंगले रंग गरिएको छ । सुदामाको शैली र भाषा यस कृतिमा उच्च शिखरमा पुगेको छ ।

यादवेन्द्र शर्मा 'चन्द्र' ले राजस्थानीमा दुइ वटा उपन्यास लेखेका छन्—'हूँ गोरी किण पीव री' (1970 ई०) तथा 'जोग संजोग' (1973 ई०) । 'हूँ गोरी किण पीव री'-मा एकजना मजदूरकी विधवा सूरजादी र आफ्नो देवर माधो संग उसको पुनर्विवाहको चर्चा गरिएको छ । स्थल-स्थलमा पात्रहरूको मनोवैज्ञानिक चित्रण बड़ो प्रभावशाली छ । 'जोग-संजोग'-मा एक जना मध्यवर्गीय बेपारी बटुक-को छोराको कथा भनिएको छ, त्यसले जातिपाँतिको बन्धन तोड़ेर एउटी क्रिस्तान केटीलाई बिहे गर्छ । उपन्यासकारले मुख्य बल दुइ स्तरमा दिएका छन्—(1) प्रथम, कुनै घटना सुनियोजित न भएर नियतिको कारणले हुन्छ, र दोस्रो (2) मानवता तथा करुणाले कहिले-काँही एकदमै नराम्रो चरित्रहरूको हृदयलाई पनि प्रकाशमान बनाइदिन्छ । 'हूँ गोरी किण पीव री' को राजस्थानी कथा साहित्यमा उच्च स्थान छ ।

छत्रपतिसिंह को 'त्रिशंकु' (1974 ई०)-ले, नन्दगाँउमा बस्ने एकजना जमीं-दारको स्नातक पुत्रको कथा सुनाउँछ । उपन्यासको पूर्वार्द्धमा, उसको जमीन्दारनीको छोरा बैजूकी स्वास्नी (बुहारी) लीना संगको प्रेमको वर्णन गरिएको छ । त्यसपछि उ उच्च शिक्षाको निमित्त दिल्ली जान्छ र त्यहाँ एउटी क्रान्तिकारिणी केटी शैलको सम्पर्कमा आउँछ । शैलद्वारा उ पनि क्रान्तिकारी आन्दोलन तर्फ आकृष्ट हुन्छ । उसले केही क्रान्तिकारीहरूमा नराम्रो उद्देश्य तथा स्वार्थपरता देख्छ । उ गाँउ फर्कन्छ र आफ्नो जम्मै सम्पत्ति कृषक र मजदूरहरूमा बाँड़िदिन्छ र एउटा कोआपरेटिभ सोसायटीको स्थापना गर्छ जसको उ अध्यक्ष बन्दछ । उसले यो पद आफ्नो साथी सदस्यहरूको कुचक्रले गर्दा उम्काएर पठाउँछ । उसले देख्छ कि गाँउले क्षेत्रका मानिसहरू शहरी क्षेत्रमा झैं हस्तकलामा तीव्र गतिले सिपालु भइरहेछन् । शैल नन्दगाँउ आउँछ र यस सुधारवादी योजनालाई अस्वीकार गरिदिन्छे । यसरी, पवन गाँउ र शहरभित्र च्यातिएको हुनाले त्रिशंकु बन्दछ । उपन्यासमा क्रान्तिको सन्देश-भन्दा रोमान्स र प्रेम अधिक देखिन्छ । पाठकले चाहन्छ कि उपन्यासकारले

सस्तो प्रेमको प्रदर्शनलाई टाढ़ा राख्न सक्ने थिए।

सत्येन जोशीको 'कंवल पूजा', जैसलमेरको पुरानो इतिहाससंग सम्बन्धित छ, र मुख्यत: राव विजयराव व मुहम्मद गजनीको बीच भएको युद्धबारे वर्णन गरिएको छ। यसमा रावलाई रणौटको शासक देखाइएको छ। यसमा जुन ऐतिहासिक सत्य र समय दर्शाइएको छ त्यो यद्यपि उल्लेखनीय छ तर पनि यस-लाई राम्ररी बुझनको निमित्त बुद्धि र समझको आवश्यकता छ।

सीताराम महर्षिका दुइ उपन्यासहरू, 'कृष्ण समभाइ चँवरी रा कौल' (1976 ई०) र 'लालजी एक फेरू गमाइ'—छन्। यिनमा वैवाहिक र अनमेल दाम्पत्य जीवनका झमेलाहरूको चित्रण गरिएको छ।

विजयदान देथाले लोककथालाई आफ्नो उपन्यास 'टीडोराव' मा आधुनिक कथाको रूपमा परिवर्तित गरेका छन्। 'टीडोराव' एक जना धूर्त व्यक्तिको रूपमा चित्रित भएको छ र संयोग र चतुरयाँइ-द्वारा नै उसले सफलता पाउँछ।

रामनिवास शर्माको 'काळ भैरवी' (1976ई०)मा प्रकृति र ग्रामीण परिवेश-को पृष्ठभूमिमा तांत्रिक पद्धतिको विवेचना गरिएको छ। जोधपुरका मालदेव र मेड़ताका वीरमदेवका नाँउ उल्लेख गरेर मात्र लेखकले आशा गर्छन कि पाठक-हरूले यसको कथा 16 रौं शताब्दीको हो भनेर विश्वास गरुन्। तर, यसको कुनै ऐतिहासिक पृष्ठभूमि छैन।

पारस अरोड़ाको लघु उपन्यास 'खुलाटी गाँठाँ' 1977 ई०मा प्रकाशमा आए-को थियो। यसले तीनजना कच्चा तरुणहरू र तिनीहरूका केटी साथीहरूको कथा भन्दछ। उपन्यासकारले ती मध्ये एकजनाको अन्तर्जातीय विवाह द्वारा समस्याको समाधान पाउँदछ। सरल शैलीमा लेखिएको यस कृतिले विचारहरूको उति परिपक्वता देखाउँदैन।

केही उपन्यासहरू सम्पूर्ण रूपले वा किंचित अंशहरू केही पत्रिकाहरू, जस्तै, 'हरावल', 'ओळामो' र 'लडेसर' मा प्रकाशित भएका छन्। यी उपन्यासहरू अन्तर्गत परेका छन्—दीनदयाल कुन्दनको 'गँवार पाठो', किशोकल्पना कांतको 'धाडावी', 'रामदत्त सांकृत्य को 'आभाल दे र' लक्ष्मीनिवासको 'पद्मणी रो सराय'।

(2) लघु कथा

राजस्थानी साहित्य कथाहरूको दृष्टिले धनी छ। कथालाई यहाँ 'वात' भनिन्छ। तर आधुनिक कथाहरू चाँहि पश्चिमको देन हो। शिवचन्द्र भारतीय यस क्षेत्रमा पनि प्रवर्तक हुन्। उनको लघुकथा 'विश्रान्त प्रवासी' पहिलो पटक 1904 ई० (वि०सं० 1961)-मा कलकत्ताको हिन्दी मासिक 'वैश्योपकारक'-मा प्रकाशित भएको थियो। यसको पछि गुलाबचन्द नागौरीका कथाहरू 'बड़ी तीज', 'केटी की

बिक्री', तथा 'बहूकी खरीदी' अलीगढ़को 'माहेश्वरी'-मा 1912 ई०मा प्रकाशित तथा शिवनारायण तोषानीवालको 'विद्या परम दैवतम', 'स्त्री शिक्षणको ओ ना मा' (नासिकको पंचराजमा 1916 ई०मा प्रकाशित)-हरूले अनुसरण गरे। यी कथाहरूले यथार्थवादी ढंगले सामाजिक समस्याहरूको सामाजिक विवेचना गर्छन र सुधारवादी स्वर-सहित यिनको अन्त हुन्छ।

झण्डै 20 वर्ष पछि, चौथो दशकको मध्यतिर, मुरलीधर व्यास, श्रीचन्द्र राय, तथा अन्य लेखकहरूले लघुकथाहरू लेखन शुरू गरे। राजस्थानीका लघुकथा लेखकहरू बेसी जस्तो हिन्दी, बंगला र गुजराती लघुकथाहरूदेखि प्रभावित भएका थिए। तिनीहरू राजस्थानी साहित्यपीठ बीकानेरको साहित्यिक गतिशीलता, विशेष गरेर यसका सदस्यहरू मध्ये एकजना, नरोत्तमदास स्वामी द्वारा प्रेरित भएका थिए।

सन् 1950 तिर, र निकै अधिक संख्यामा कथाहरू लेखिए पछि, यो क्षेत्र विस्तृत हुँदै गयो र जीवन मूल्य तथा दृष्टिकोणहरूको परिवर्तनको साथै विषय-हरूमा पनि वैविध्य आउँदै गयो। सातौं दशकको मध्यतिर कथाहरूमा यथार्थवादी र वैयक्तिक स्वरहरू तीव्र र सुस्पष्ट भए। सामाजिक कथाहरूले राजस्थानी कथा-साहित्यको विशाल भागको निर्माण गरेको थियो। विगत 40 वर्षमा लेखिएका सामाजिक कथाहरूमा मुख्य प्रवृत्तिहरू तल दिइन्छन्, यद्यपि केही कथाहरूमा, भिन्नता त्यसको स्तरमा छ, रूपमा होइन।

सुधारवादी तथा यथार्थवादी कथाहरूले कुनै विशेष सामाजिक समस्याको समाधानको सुझाउ दिन्छन् अथवा समाधान खोज्ने समस्याको यथार्थ विवरण दिन्छन्। यस प्रकारका कथा लेख्नेहरूमा छन्—मुरलीधर व्यास (बरस ग्रन्थ, 1956 ई०), मनोहर शर्मा (कन्यादान, 1971 ई०), नानूराम संस्करता (दस दोख, 1966 ई०, ग्योपी, 1957 ई०, र घरकी गाय, 1970 ई०), नृसिंह राज-पुरोहित (रातवासो, 1961 ई०, अमर गुणाडी, 1969 ई०), अन्नराम सुदामा (अन्हृत नइ आँख्याँ, 1971 ई०) र बैजनाथ पँवार (लाडेसर, 1970 ई०)।

बदलिएको सामाजिक जीवन र विचारधाराको चित्रण गर्ने कथाहरू पनि आधुनिक युगमा लेखिएका छन्। यस श्रेणीका लेखकहरू हुन्—श्रीलाल नाथमल जोशी (परण्योडी कँवारी, 1974 ई०), नृसिंह राजपुरोहित, बैजनाथ पँवार (नेनण खुँट्यो नीर, 1977 ई०, वि० सं० .034), नानूराम संस्करता, मूलचन्द प्राणेश (उकलाता अन्तरा सीला साँस, 1973 ई०), र परदेशी री गोरडी, इत्यादि।

केही लेखकहरूले सामाजिक ढाँचा, परिवार तथा व्यक्तिगत जीवनका विविध अंगहरूमा परिवर्तनको चित्रण यथार्थवादी ढंगले गरेका छन्। सातौं दशक को मध्यतिर, अनेक तरुण लेखकहरू विशेष रूपले यस प्रवृत्तितिर ढल्केका थिए। यस कालमा लेखिएका प्रभावशाली कथाहरूमा छन्— रामेश्वरदयाल श्रीमाली-द्वारा

लिखित जसोदा, काँचळी, संजीवन तथा सलवहाँ, श्रीलाल नाथमल जोशी लिखित पगोथिया, बैजनाथ पँवार लिखित जापो, नृसिंह राजपुरोहित लिखित उडिक, कलम री मार, उतर भीखामारी वारी र कुआइ भाँग पड़ी।

रामनिवास शर्मा, किशोर कल्पनाकांत, नन्द भारद्वाज, प्रेमजी 'प्रेम', दामोदरप्रसाद शर्मा (प्रेतात्मारी प्रीत, 1973 ई०), रामप्रसाद चकलान, साँवर दैया (अस्वाड़ाइ परचड़ाइ, 1975 ई०), करणीदान बारहट (आदमी रो सींग, 1974 ई०), भँवरलाल सुथार 'भ्रमर', (तगादो, 1972 ई०) र अभुजो कद तानी, 1976 ई०)-ले यस क्षेत्रमा राम्रो प्रयत्न गरिरहेका छन्।

यी जम्मै तथा केही अन्य लेखकहरूले जसमा सत्यनारायण गंगादास व्यास, र मूलचन्द प्राणेश पनि छन्, मनोवैज्ञानिक कथाहरू पनि लेखेका छन्। तर यस्ता कथाहरूको संख्या अपेक्षाकृत कम छ।

शोषितहरूको दु:खको वर्णन गर्ने कथाहरू धेरै संख्यामा लेखिएका छन्। अर्को तिर, मनोहर शर्माका केही कथाहरूले धनीहरूको दया र मानवता, जमींदारहरूको माँझ वीरतापूर्ण गुणहरू, कमजोरहरूले रक्षा तथा बिन्तीहरू पूरा गर्ने चित्रण गर्छन्।

राजस्थानका विशेष केही भूभागमा, अनिकाल एउटा पुन: पुन: हुने रूप हो। अनिकालको डरलाग्दो रूप, यसको प्रतिक्रिया र गरीबहरूको स्थितिको केही कथाहरूमा विशद रूपले चित्रण गरिएको छ। मुरलीधर व्यासको 'मैहू मामो' र 'पेट रो पाप', नृसिंह राजपुरोहित द्वारालिखित गाँव री हथाई, बैजनाथ पँवारको धापी भूवा (नेनण खुँट्यो नीर, 1977 ई०) र पुरुषोत्तम छंगाणीको पूरब-पश्चिम आदि यस्तै केही कथाहरू हुन्।

अन्नराम सुदामा र अरु लेखकहरू केही कथाहरूमा विचारधाराको विषय स्पष्ट भएको छ।

केही कथाहरूले वैयक्तिक धैर्य तथा संवेदनाहरूको चित्रण गर्छन्। किशोरकल्पनाकान्तको 'गीतांको बवालियो' एउटा सुन्दर उदाहरण हो।

यहाँ केही यस्ता कथाहरू पनि छन् जो कथात्मक भन्दाबढ़ी वर्णनात्मक छन्। नृसिंह राजपुरोहित, भगवानदत्त स्वामी, नानूराम संस्करता, मूलचन्द प्राणेश तथा लक्ष्मीकुमारी चूँडावतले यस्ता कथाहरू लेखेका छन्।

बद्रीप्रसाद साकरियाको बारनाइनाइ झरोखाइ रोकजियो, मूलचन्द प्राणेशको 'दोय कुकरिया', अन्नराम सुदामाको 'अन्धाइ लाइ आँख्याँ' र श्रीलाल नाथमल जोशीको खेजाडी अर बोटी, जस्ता केही कथाहरू प्रतीकात्मक कथाको श्रेणीमा राख्न सकिन्छ।

सामाजिक कथाहरू पछि आउँछन् ऐतिहासिक र अर्द्ध ऐतिहासिक कथाहरू। लक्ष्मीकुमारी चूँडावत यस क्षेत्रमा प्रवर्तक हुन्। र यिनले माँझल रात (1950 ई०),

मुमळ (1961 ई०), गिर ऊँचा ऊँचा गढ़ाँ (1960 ई०), काइ रे चकवा बात (1960 ई०) तथा अमोलक बाताँ (1962 ई०) कथाहरू लेखेकी छन् । अधिकांश कथाहरू चाँहि राजस्थानीको परम्परागत बात शैलीमा लेखिएका छन् । परिवेश, चाखलाग्दो र संक्षिप्त वाक्य-विन्यास, र भावुकताको प्रवाहपूर्ण अभिव्यक्ति, उनका कथाहरूका विशेषता हुन् ।

ब्रजमोहन जावलियाको 'आँळ जंजाल' (आज रा कहानीकार, 1976 ई०मा संकलित) ले ऐतिहासिक पात्रहरू, विशेष गरेर पन्ना धायको चित्रण जीवन्त ढंगले गर्दछ र यो उनको उल्लेखनीय प्रयत्न पनि हो । सौभाग्यसिंह शेखावत, र अन्य केही लेखकहरूले पनि यस्ता कथाहरू लेखेका छन् ।

धार्मिक काव्यहरूमा छन्—सत्यनारायण गंगादास व्यासका देवी सुभद्रा र कच देवयानी, तथा नृसिंह राजपुरोहितको जोजना गन्धा ।

यहाँ केही हास्यरसका र व्यंग्यात्मक कथाहरू पनि लेखिएका छन्, तर ती हास्यरस भन्दा व्यंग्यात्मक ज्यादा छन् । नानूराम संस्करता, श्रीलाल नाथमल जोशी, रामदेव आचार्य, भगवानदत्त गोस्वामी, नारायणदत्त श्रीमाली, किशोर-कल्पनाकान्त, ब्रजनारायण पुरोहित (वकील साहब, 1973 ई०मा), रामनिरंजन शर्मा (ठिमाऊ; बेमाताका अंक ? 1975 ई०, वि० सं० 2032), रामेश्वर दयाल श्रीमाली र अन्य केही लेखकहरूले यस प्रकारका कथाहरू लेखेका छन् ।

केही कथाहरू 'पंचतंत्र' को शैलीमा पनि लेखिएका छन् जसमा विशेष मत वा विचारधाराको प्रतीक बनाएर लेखेका छन्, जसमा मुख्य कथाको कुनै विशेष महत्त्व छैन । मनोहर शर्माको 'सोनल भींग' (1976 ई०) एउटा चित्र हो ।

मात्र ऐतिहासिक तथा अर्ध-ऐतिहासिक कथाहरू बाहेक, अधिकांश कथाहरूमा ग्रामीण जीवन अथवा मध्यवर्गीय र निम्न मध्यवर्गीय मानिसहरूको जीवनको बारे-मा विवेचना गरिएको छ ।

राजस्थानीको 'वात' साहित्यमा धेरै कार्यहरू गर्ने लेखकहरू हुन्—मनोहर शर्मा, कन्हैयालाल सहल, नरोत्तमदास स्वामी, सूर्यप्रकाश पारीक, गोविंद अग्रवाल, सौभाग्यसिंह शेखावत तथा केही अन्य हरू । यिनीहरूले 'वात' हरू प्रकाशित गरे-का छन् र यसको महत्त्व तथा सौंदर्यप्रति प्रकाश हालेका छन् ।

(3) नाटक र एकांकी नाटक

नाटक

राजस्थानीमा प्रथम नाटक शिवचन्द्र भारतीय द्वारा लिखित 'केसर-विलास'-लाई मानिएको छ । यसको प्रकाशन सन् 1900 ई०मा भएको थियो । यो तथा उनका अन्य नाटकहरू 'फाटका जंजाल' तथा 'बुढ़ापा की सगाई' सामाजिक कुरीति-हरू बारे लेखिएका छन्, र यिनलाई सुधारवादी तत्त्वहरूद्वारा प्रवर्तन गरिएको

छ। यी नाटकहरू आदर्शवादी छन् र यसमा उपदेशात्मक स्वर छ। यो प्रवृत्ति भगवतीप्रसाद दारुकाको 'बालविवाह नाटक', 'वृद्धविवाह नाटक' र 'सिठाणा सुधार नाटक', गुलाबचन्द नागौरीको 'मारवाड़ी मौसार और सगाई जंजाल' 1923ई०), बालकृष्ण लाहोरीको 'कन्या बिक्री' तथा नारायणदास अग्रवालको 'बालब्यावको फार्स', 'विद्या उदय' र 'अकल बड़ी कै भैंस' इत्यादिमा पनि देखिन्छ। मात्र 'केसर-विलास' बाहेक, अरु नाटकहरू मंचको दृष्टिले सफल थिएनन्। मदनमोहनसिंहको 'जयपुर की ज्योनार' र जमनाप्रसाद पाचोरियाको 'नई विणानी' यस दृष्टिले अपेक्षाकृत अधिक सफल नाटकहरू छन्।

नारायणदास अग्रवालको 'महाभारतको श्रीगणेश' र 'महाराणा प्रताप' चाँहि पौराणिक र ऐतिहासिक नाटकहरू हुन्। गिरधारीलाल शास्त्रीको 'प्राणवीर प्रताप' (1958ई०) तथा आज्ञाचन्द भंडारीको 'पन्ना धाय' (1966 ई०) पनि ऐतिहासिक नाटकहरू हुन्। प्रथम नाटकमा पात्रहरूले बोलचालको मेवाड़ी भाषामा बोल्छन्।

भरत व्यासको 'ढोला मरवण' (1949 ई०, वि० सं० 2006) र 'रंगलिवो मारवाड़ी' (रामु चणणा) मंचको दृष्टिले त सफल छन् तर यिनमा उति साहित्यिक मूल्य वा विशेषता छैन।

यादवेन्द्र शर्मा 'चन्द्र'को 'तास रो घर' (1973 ई०)-ले आधुनिक शहरीय जीवन र यसका जटिलताहरू, बेरोजगारी, भ्रष्टाचार, यौन-स्वच्छन्दता इत्यादि-बारे विवेचना गर्छ र यो जोरदार र प्रभावशाली पनि छ।

बद्रीप्रसाद पंचोलीको 'पानी पली पाल' (1973 ई०) पाँच अंकमा लेखिएको मंचन योग्य नाटक छ, र यसको कथानक महाभारत कालीन दिइएको छ। यो मुख्यत: बोलचालको हाड़ौती भाषामा लेखिएको छ। नाटककारले देशको प्रगति र समृद्धिको निम्ति दुइवटा सिद्धांतहरूलाई बड़ो प्राधान्य दिएका छन्, ती हुन्—'अर्जन कर समर्पण' (कमाउनु र राम्रो कार्यमा खर्च गर्नु) तथा 'पाणी पाली पाल' (पूर्व सूचना पहिले बाटै सावधान रहनु व शस्त्रहरूले सुसज्जित रहनु।)

एकांकी नाटक

कलकत्ताबाट प्रकाशित हिन्दी पत्रिका 'वैश्योपकारक' मा 'कनकसुन्दर' शीर्षकले केही संवादहरू 1904 ई०मा प्रकाशित भएका थिए। 1905 ई०मा, माधवप्रसाद मिश्रले यसैमा 'बड़ा बाजार' नाँउले एउटा संलाप प्रकाशित गराए। यस संलापमा दुइवटा दृश्य छन् र यो एकांकी नाटक हुनमा धेरै नजिक आइपुग्छ। यो सामाजिक कुरीतिहरू बारे लेखिएको छ।

शोभाचन्द जम्भडको 'वृद्ध विवाह विदूषण' (1930 ई०) र श्रीनाथ मोदीको 'गाँउसुधार' या 'गोभा जाट' (1931 ई०) पनि सामाजिक सुधार-बारे लेखिएका छन्। सूर्यकरण पारीकद्वारा लिखित 'बोलावण' वा 'प्रतिज्ञापूर्ति' (राजस्थानी

एकांकी संकलन, 1966 ई० भित्र) राजपूत मर्यादाको र जीवनको बाजी लगाएर प्रार्थनाको पालन गर्नु, यसैबारे चित्रण गरिएको छ।

गोविन्दलाल माथुर ('सत्रांगिणी', 1955 ई०)-ले समाजका दुष्प्रवृत्ति तथा ग्रामीण वा नगरीय जीवनका धेरै ज्वलन्त समस्याहरू-बारे प्रायः एक दर्जन एकांकीहरू लेखेका छन्। यी यथार्थवादी छन् र मंचमा पनि खेलिने योग्यका छन्। यस्तै प्रकारका नाटकहरू अरु पनि लेखिएका छन्, जसका लेखकहरू हुन्—नारायणदत्त श्रीमाली (चियाँ टाबड़ो), दामोदरप्रसाद (तप रो लाइसेन्स), श्रीमन्त-कुमार व्यास (चानणाउ), जगदीश माथुर (पितराँको आगमण), सुरेन्द्र अंचल (रगत एक मिनख रो), सत्यनारायण अमन (गुवाड़ री जायोडी), यादवेन्द्र शर्मा 'चन्द्र' (देवता), श्रीलाल नथमल जोशी र केही अन्य।

केही एकांकीहरूमा, सामाजिक समस्याहरूको समाधानको सुझाउ दिइएको छ। यस्ता एकांकीहरू आदर्शवादी दृष्टिकोणबाट अधिक प्रभावित् छन्। दिनेश खरे द्वारा रचित 'नुवों मारग', निरंजननाथ आचार्य द्वारा रचित 'नहरी झगड़ो', नागराज शर्माको 'इब तो चेतो', आज्ञाचन्द भण्डारी-रचित 'बदला री आग', कन्हैयालाल दुगड-रचित 'आदर्श विद्यार्थी' र नारायणदत्त श्रीमाली-रचित 'माटी रो पौरेदार', यस्ता कतिपय उत्तम उदाहरणहरू हुन्।

धेरैजना लेखकहरूले राजपूत इतिहासबाट एकांकीको निम्ति कथानक चयन गरेका छन्। मनोहर शर्मा द्वारा 'नैणसी रो साको' (1973 ई०), लक्ष्मीकुमारी चूंडावत द्वारा 'साम धरमा माजी', आज्ञाचन्द भण्डारी द्वारा 'देसभगत भामा सा', रामदत्त सांकृत्य द्वारा 'देस रो हेलो', 'जलमभूम री मूरत' तथा गणपतिचन्द्र भण्डारी-लिखित 'सिहण जाया साव', यस्तै केही एकांकी नाटकहरू हुन्। तर दामोदरप्रसादको 'कामरान की अखाड्या—यहि एउटा अपवाद हो।

रावत सारस्वतले लेखेको 'सम्पादक री मौत', बैजनाथ पँवारको 'आपणो खास आदमी', विनोद सोमाणी हंस लिखित 'रंग में भंग' केही व्यंग्यात्मक एकांकी हुन्। नागराज शर्माले एक हास्य रसका एकांकी ('राम मिलाई जोड़ी', 1972 ई० तथा 'टामरक टुन्टू, 1972 ई०, वि० सं० 2029) द्वारा चेष्टा गरेका छन्।

उपरिलिखित एकांकीहरूमा आधुनिक मंच को तकनीक प्रति थोरै ध्यान दिइएको छ।

(4) रेखाचित्र, स्मृति तथा संस्मरण

मुरलीधर व्यास यस क्षेत्रका प्रवर्तक हुन्। उनको 'जुना जीवंता चितराम' (1960 ई०)ले यस्ता व्यवसायीहरूको रेखाचित्र दिन्छ, जुन केही अधिसम्म दैनिक जीवनका अंग थिए, तर आधुनिकताको बुद्धिले गर्दा तीव्रगतिले लुप्त हुँदै गइरहे-छन्।

श्रीलाल नाथमल जोशीको 'सबडका' (1960 ई०) नामक रेखाचित्रहरूको संकलन एउटा अत्यन्त उल्लेख-योग्य पुस्तक हो। केही रेखाचित्रहरू, मुख्यत: हास्य-रसका छन्। अधिकांश रेखाचित्रहरू जीवित नमूनाहरूमा आधारित देखिन्छन्। उनको रेखाचित्रना 'बर रो पेड़' (बरको रुख) ले आफ्नो संस्मरण वर्णन गर्दछ।

शिवराज छंगाणीले आफ्नो 'उणियारा' र 'ओळाखान' (1976 ई०)-द्वारा उनको नमूनाको अनुसरण गर्दछन्। अनेक विकृत पात्रहरू 'उणियारा'-मा चित्रित भएका छन्। 'ओळाखान'-ले स्त्रीहरूबारे विवेचना गर्छ। कतिपय स्थलहरूमा यी वर्णनहरूमा वैयक्तिक स्पर्शको कमी देखिन्छ र तीभित्र उपदेशका स्वरहरू सुनिन्छन्।

कुंजबिहारी शर्माका रेखाचित्रहरू (बातां ही चालै', 1968 ई०, वि० सं० 2025) यति स्वाभाविक, आकर्षक, मधुर र प्रवाहमय छ कि तिनले गद्य साहित्य-को यस विधामा एउटा महत्वपूर्ण स्थान ओगटेका छन।

अन्नराम सुदामाको 'दर दिसावर' (1975 ई०) एउटा यात्रावर्णन हो। चाखलाग्दा वस्तुहरूलाई आँखाले नियालेर लेखकले आफ्नै शैलीमा आफ्ना स्मृति-हरूको बयान गर्छन्।

ब्रजनारायण पुरोहितले चाखलाग्दा रेखाचित्र र संस्मरणहरू लेखेका छन्, जुन उनको 'अटारवाँ (1973 ई०) र 'वकील साहब' (1973 ई०) मा संगृहीत छन्।

कतिपय अरु लेखकहरूले पनि यस विधामा योगदान गरेका छन्। उनका फुटकल रचनाहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका छन्। ती रचनाहरू अन्तर्गत छन्—दाउदयाल जोशीको 'लोग केवइ कमावै कोनी', 'कणाई कमावाँ वीरा', मनोहर शर्माका 'बाईजो चाइल', 'पंजी भगत' र 'बड़ा भाजी', नेमनारायण जोशीको 'कूदण बाबो', 'कुत्तन रो राजा', 'सुरजो नायक', र 'गोगाजी रा घोड़ा', 'ओंकार पारीकको 'हेमी', मोहनलाल पुरोहितको 'दौलू भा', बनवारीलाल नाहटाको 'लामू बाबा' (बानगी, 1935 ई०मा), दीनानाथ खत्रीको 'पारो' र भगवानदत्त गोस्वामीको 'अन्नदाता नैं अरज करूं'।

(5) गद्य काव्य

थोरै लेखकहरूले मात्र राजस्थानीमा गद्यकाव्य लेखेका छन्। चन्द्रसिंह-द्वारा रचित नौवटा गद्य काव्य 1946 ई०मा प्रथम पल्ट प्रकाशित भएको थियो। यसको शीर्षक थियो 'सीप'। अन्य लेखकहरू जसले यस विधामा लेख्ने प्रयास गरेका थिए, ती हुन्—लक्ष्मीकुमारी चूँडावत ('मात भूम'), बैजनाथ पँवार ('वो आयो अर चल्यो गयो'), मनोहर शर्मा ('सोनल भींग') तथा गोविन्द अग्रवाल ('नुकती दाणा', 1978 ई०)। तर कन्हैयालाल सेठियाको देन चाँहि यस क्षेत्रमा अद्वितीय भएको छ। उनको पुस्तक 'गलगदिया' (1972 ई०)-मा 64 वटा गद्य कविताहरू

परेका छन्। उनको गत तथा आदर्श विचारहरू, जुन भावुकताले मुछिएका छन्, अतिशय साहस र लय सहित अभिव्यंजित भएका छन्।

(6) निबन्ध तथा अन्य विधाहरू

निबन्ध

आधुनिक कालमा थोरै निबन्धहरू-मात्र देखा परेका छन्। यो कुरो पछि उल्लेख हुने विधाहरूको निम्ति पनि सत्य ठहर्दछ। धेरै निबन्धहरू जुन हाम्रा अधि छन् ती वर्णनात्मक छन्। निबन्धको नजिक आउने अति पुरानो रूप शिवेन्द्र भारतीयको आफ्ना राजस्थानी पुस्तकहरू 'कनक सुन्दर', 'फटका जंजाल' इत्यादि-को परिचयमा देखन सकिन्छ।

ब्रिजलाल बियाणी भावुकतापूर्ण र भव्य निबन्ध लेखनमा प्रवर्तक हुन्। उनको 'मोगरा कली बडी फजर को दीवो', 'मारवाड़ी बोली' इत्यादि, उत्तम निबन्धहरू हुन्। गिरिराज भँवर, ('पणघट री साँझ')-को यस क्षेत्रमा उल्लेखनीय छन्। कृष्णगोपाल शर्माको 'अइ उतरयोडा घडा' एउटा व्यक्तिपरक निबन्ध हो। कावेरीकान्तको 'मान्दगी सूँ फायदा' र धनुर्धारीको 'बस म्हाने स्वराज्य होगो', आदि हास्यरसका व्यंग्यात्मक निबन्धहरू हुन्। मनोहर शर्माका व्यंग्यात्मक निबन्धहरू उनको पुस्तक 'रोहिडै रा फूल' (1973) मा परेका छन् जो मनोरंजक छन्। अन्य निबंधकारहरूमा छन् लक्ष्मीकुमारी चूंडावत (मेवाड़ी फागण) श्रीलाल/नाथमल जोशी (सच बोल्याँ कियाँ पार पाडाई) तथा रावत सारस्वत (थोथी बाताँ)।

लेख तथा साहित्य-समालोचना

भूमिका, समीक्षा तथा निरूपण (टीका-टिप्पणी)-हरू धेरैजना आधुनिक लेखकहरूले लेखेका छन्। यिनमा प्रवर्तक हरू हुन्—नरोत्तमदास स्वामी, अगरचन्द नाहटा र मनोहर शर्मा, जसको अनुसरण गर्नेहरू हुन्—रावत सारस्वत, किशोरकल्पना कान्त, चन्द्रदान चारण, श्रीलाल मिश्र र अन्य धेरै। वस्तुतः यस्ता प्रयत्नहरूलाई निबन्ध भन्दा 'आर्टिकल' (लेख) भन्न सुहाउँछ।

यस्ता लेखकहरू बाहेक, साहित्य-समीक्षा विषयमा राजस्थानीमा वस्तुतः कुनै गम्भीर प्रयत्न गरिएको छैन।

जीवनी

दीनदयाल ओझाले अधिकांश बालकहरूको लागि आधुनिक भारतका अनेक राष्ट्रीय नेताहरूको संक्षिप्त जीवनकथाहरू लेखेका छन्। यी कथाहरू उनका यी पुस्तकहरूभित्र परेका छन्—'देश रा गौरव' (1972 ई०), 'भारत रा निर्माता' (1972ई०) यथा 'छोटी उमर मोटा काम' (1972ई०)। यी नेताहरूमा छन्—

स्वामी दयानन्द सरस्वती, ईश्वरचन्द्र विद्यासागर, राजा राममोहन राय, लोकमान्य तिलक, महात्मा गांधी, सरदार पटेल, लाला लाजपतराय, जवाहरलाल नेहरू, सी० आर० दास र सुभाषचन्द्र बोस।

श्रीलाल नाथमल जोशीको 'आपणा बापूजी' (1969 ई०) महात्मा गांधी-बारे तथा शान्ता भणावतको 'महावीर री ओळाखान' (1975 ई०) भगवान महावीर-बारे लेखिएको छ।

पत्रिकाहरू

पत्रिकाहरूले राजस्थानी भाषा र साहित्यको प्रचार एवं प्रसारमा बड़ो महत्त्वपूर्ण भूमिका खेलेका छन्। वर्तमान शताब्दीका आरम्भिक वर्षहरूमा रचना-हरू मुख्यतः समाज-सुधारको विषयमा अरु प्रदेशमा बस्ने अधिकांश राजस्थानीहरू द्वारा लेखिएका, कतिपय हिन्दी पत्रिकाहरूमा प्रकाशित भएका थिए। ती पत्रिका-हरू हुन्—'वैश्योपकारक' (कलकत्ता), 'माहेश्वरी' (अलीगढ़) र 'पंचराज' (नासिक)। राजस्थानी लेखकहरूले 'हंस' (इलाहाबाद) र 'विशाल भारत' (कलकत्ता) जस्ता सुप्रसिद्ध हिन्दी पत्रिकाहरूमा पनि स्थान प्राप्त गरे। यस्तै प्रकारले, केही अल्पजीवी राजस्थानी पत्रिकाहरूले पनि यस कार्यको सेवा गरे। ती पत्रिकाहरू थिए—'मारवाड़ी' (अहमदनगर), 'मारवाड़ी भास्कर' (शोलापुर), 'मारवाड़ी हितकारक' (धामणगाँउ) र 'आगीवाण' (ब्यावर)। पुराना रचनाहरू-संग नयाँ रचनाहरू पनि हिन्दी पत्रिकाहरूमा प्रकाशित भए, जस्तै 'राजस्थानी' र 'राजस्थान' (दुवै कलकत्ता बाट)। केही स्कूल तथा कालेज-पत्रिकाहरूले पनि यस्ता लेखहरू प्रकाशित गरेका छन्।

भारतको स्वाधीनता पछि, राजस्थानमा धेरै पत्रिकाहरू छापिन थाले। हिन्दी पत्रिकाहरू जसमा साहित्य, भाषा, इतिहास र संस्कृतिप्रति जोर दिदै, मानवता विषयमा सिकाउने धेरै प्रकाशित भए। यिनमा प्राचीन तथा नवीन राजस्थानी लेखकहरूका साहित्यिक कृतिहरू प्रकाशित भएका छन्। केही पत्रिकाहरूका नाम यस्ता छन्—'शोध-पत्रिका' (उदयपुर), 'राजस्थान भारती', 'वैचारिकी', 'विश्वम्भरा' (बीकानेर), 'मरु-भारती' (पिलाणी) 'परम्परा' (चोपासनी; जोधपुर), 'वरदा' (बिसाळ), 'मरुश्री' (चुरु), 'वाणी', पछि नामान्तरण भएर 'लोकसंस्कृति' (बोरुण्डा जोधपुर) 'भाग्य', 'राजस्थानी रत्नाकर' (डूँगरपुर), 'हाड़ौती पत्रिका', पछि नाम बदलेर 'चिदम्बरा' (कोटा) र 'संघशक्ति' (जयपुर)। यिनमा कतिले स्मरणीय सेवा प्रदान गरे र महत्त्वपूर्ण स्थान पनि प्राप्त गरे।

उपर्युक्त राजस्थानी पत्रिकाहरूले, आधुनिक राजस्थानी भाषा एवं साहित्य-को परिधिमा उल्लेखनीय एवं मूल्यवान् कार्य गरेका छन्! हामीले 'मरुवाणी' (जयपुर) र 'ओळामो' (रतनगढ़)-को चर्चा यस प्रसंगमा गरिसकेका छौं।

'मारवाड़ी' पत्रिकाको प्रकाशन जोधपुरदेखि श्रीमंत कुमार व्यासद्वारा भएको थियो। यिनका अनुसरण गर्नेहरूमा थिए—'हरावल' (पहिले बम्बईबाट र अहिले जोधपुर बाट), 'कुरजाँ' (रतनगढ़), 'ओळखान', 'जानकारी' (जोधपुर), 'जळमभोग हेलो', 'मुमाळ' (बीकानेर), 'चाभल' (कोटा), 'लाडेसर', 'सरवर', 'नैणसी म्हारो देस' (कलकत्ता), 'राजस्थानी एक र दीठ' (रणसी सर नागौर) 'ईसरलाट' (जयपुर) तथा अन्य। यद्यपि यी पत्रिकाहरूमा केही अल्पजीवी थिए, ती यिनले राजस्थानी भाषा र साहित्यको निम्ति उपयोगी काम अवश्य गरेका छन्।

राजस्थानी भाषा तथा साहित्यको हेतु

उदयपुरमा, 1958ई०मा, 'राजस्थानी साहित्य अकादमी'(संगम)को स्थापना र यसको आफ्नो जर्नल 'मधुमतीको' प्रकाशनले राजस्थानका लेखकहरूको कृतिलाई एउटा नयाँ बल प्राप्त भयो। 1972 ई०मा बीकानेरमा 'राजस्थानी भाषा साहित्य संगम' (अकादमीको) बेग्लै संस्थाको रूपमा स्थापना भयो र 1973 ई० देखि यसका आफ्नै 'राजस्थानी भाषामा' पत्रिका 'जागती जोत'-को प्रकाशनले, राजस्थानी भाषा र साहित्यको हेतुमा अझ पाइलो चाल्यो। साहित्य अकादमी, नयाँ दिल्ली-द्वारा राजस्थानीलाई एउटा स्वतंत्र आधुनिक साहित्यिक भाषाको रूपमा मान्यता दिइनु, र जोधपुर विश्वविद्यालयमा छुट्टै राजस्थानी विभागको थालनीले राजस्थानीको उद्देश्य (प्रचार र प्रसार)-लाई उन्नत बनाइदिएका छन्।

आधुनिक युगमा, राजस्थानी व्याकरण र शब्दकोशले पनि हाम्रो निकै ध्यान आकर्षित गरेका छन्। एउटा आधुनिक शब्दकोशको निर्माण गर्ने काम प्रथम पल्ट रामकरण आसोपाले आफ्नो हातमा लिएका थिए, जसको कार्यको ब्यौरा हामीले अघिनै दिइसकेका छौं। उनका पछि सीताराम लालस आए जसको 'राजस्थानी शब्दकोश' ('राजस्थानी हिन्दी डिक्शनरी', नौ खण्डमा 1962-79 ई०) प्रकाशित भएका छन्। यसमा मुहावरा तथा लोकोक्तिहरू बाहेक, प्रायः 20 हजार राजस्थानी शब्दहरू दिइएका छन्।

राजस्थानी व्याकरणमा रामकरण आसोपाको प्रथम कार्यको अनुसरण गरे सीताराम लालसको 'राजस्थानी व्याकरण' (1954 ई०) र नरोत्तमदास स्वामीको 'संक्षिप्त राजस्थानी व्याकरण' (1960 ई०)-ले। मोतीलाल मेनारियाले आफ्नो 'राजस्थानी भाषा और साहित्य' (द्वितीय संस्करण, 1951ई०, वि०सं० 2004)-मा राजस्थानी भाषा र व्याकरणको सम्बन्धमा संक्षिप्त ब्यौरा दिएका छन्। उनको पछि प्रस्तुत इतिहासका लेखक आफ्नो 1960 ई०मा प्रकाशित 'राजस्थानी भाषा र साहित्य' (वि० सं० 1500-1650) लिएर आए।

यहाँ हामी राजस्थानी भाषा र साहित्यको उद्भव, वृद्धि र विकासको हाम्रो विवरण समाप्त गर्दछौं। यसले दस शताब्दीहरूको कालखंडलाई अंगालेको छ र जुन

कालखण्डले यस्ता लेखकहरू र साहित्यिकहरूलाई उत्पन्न गरेको छ, जसलाई पाएर कुनै पनि साहित्य गौरवशाली हुन सक्छ। समग्र दृष्टिले यिनीहरूले भारतीय साहित्यको समृद्धिप्रति ठूलो योगदान पुर्‍याएका छन्। हामी आशा गर्दछौं कि यस कृतिले राजस्थानी भाषा र साहित्यका प्रवृत्तिहरूलाई बुझाउने काम मात्र नगरेर यसले देशका शेष भागहरू र तिनका साहित्यसंग राजस्थानीको सम्बन्ध-सूत्रलाई ग्रहण गर्ने दिशामा पनि सहयोग दिने छ।

सन्दर्भ-ग्रन्थ-सूची

पुस्तकहरू

अग्रवाल, स्वर्णलता : 'राजस्थानी लोकगीत', राजस्थान साहित्य अकादमी, उदयपुर, 1967 ई० ।

आसोपा, रामकरण : 'मारवाड़ी व्याकरण', जमनारामन आसोपा, मंगल मार्ग, बापूनगर, जयपुर ।

गोयल, रामगोपाल : 'राजस्थान के प्रेमाख्यान', 'परम्परा और प्रगति', राजस्थान प्रकाशन, त्रिपोलिया बाजार, जयपुर, 1969 ई० ।

चटर्जी, सुनीतिकुमार : 'राजस्थानी भाषा', साहित्य-संस्थान, राजस्थान विद्यापीठ, उदयपुर, 1949 ई० ।

चारण, चन्द्रदान : 'अलखिया सम्प्रदाय', भारतीय विद्यामन्दिर, शोध प्रतिष्ठान, बीकानेर, 1964 ई० ।

टैस्सीटोरी, एल० पी० : Notes on the Grammer of the Old Western Rajasthani, 'Indian Antiquary', Calcutta, April 1914 to July 1916 A.D.

त्रिपाठी, आर० पी० : 'रामस्नेही सम्प्रदाय', आनन्द प्रकाशन, फैजाबाद, 1973 ई० ।

नाहटा, किरण : 'आधुनिक राजस्थानी साहित्य : प्रेरणा स्रोत और प्रवृत्तियाँ', चिन्मय प्रकाशन, जयपु‍र, 1974 ई० ।

भणावत, नरेन्द्र : 'राजस्थानी वेलि साहित्य', राजस्थान साहित्य अकादमी, उदयपुर, 1965 ई० ।

भणावत, नरेन्द्र : 'लोक-नाट्य परम्परा और प्रवृत्तियाँ', बाफना प्रकाशन, जयपुर, 1971 ई० ।

भाटी, नारायणसिंह : 'डिंगल-गीत साहित्य', चिन्मय प्रकाशन, जयपुर, 1971 ई० ।

माहेश्वरी, हीरालाल : (1) 'राजस्थानी भाषा और साहित्य' (वि० सं० 1500-1650), आधुनिक पुस्तक भवन, कलाकार स्ट्रीट, कलकत्ता, 1960 ई० ।
(2) 'जाम्भोजी विष्णोई सम्प्रदाय और साहित्य' (दो खण्ड) बी० आर० प्रकाशन, 6, प्रिटोरिया स्ट्रीट, कलकत्ता, 1970 ई० ।

मेनारिया, मोतीलाल : (1) 'राजस्थानी भाषा और साहित्य', हिन्दी साहित्य सम्मेलन, प्रयाग, वि० सं० 2004 ।

(2) 'राजस्थानी का पिंगल साहित्य', हितैषी पुस्तक भण्डार, उदयपुर, 1952 ई०।

लालस, सीताराम : (1) 'राजस्थानी शब्दकोस' (खण्ड—1) (भूमिका) राजस्थानी शोध संस्थान, चोपासनी, जोधपुर, वि० सं० 2018।

(2) 'राजस्थानी व्याकरण', लेखकद्वारा प्रकाशित, 241 ए, शास्त्रीनगर, जोधपुर, 1954 ई०।

शर्मा, के० के० : 'राजस्थानी लोकगाथाका अध्ययन', राजस्थान प्रकाशन, त्रिपोलिया बाजार, जयपुर।

शर्मा, मनोहर : 'राजस्थानी बात साहित्य : एक अध्ययन', परम्परा, संख्या 42-43, 1976 ई०, राजस्थानी शोध संस्थान, चोपासनी, जोधपुर।

शर्मा, शिवस्वरूप अचल : 'राजस्थानी गद्य साहित्य', सार्दूल राजस्थानी शोध संस्थान, बीकानेर, 1961 ई०।

शेखावत, सौभाग्यसिंह : (1) 'राजस्थानी निबन्ध संग्रह' : हिन्दी साहित्य मन्दिर, जोधपुर, 1974 ई०।

(2) राजस्थानी साहित्य सम्पदा', राजस्थानी भाषा साहित्य संगम, बीकानेर, 1977 ई०।

सिंह, भगवतीप्रसाद : 'रामभक्ति साहित्यमें मधुर उपासना', अवध साहित्य मन्दिर, बलरामपुर, वि० सं० 2004।

स्वामी, नरोत्तमदास : (1) 'राजस्थानी साहित्य, एक परिचय', नवयुग ग्रंथ कुटीर, बीकानेर, 1975 ई०।

(2) 'संक्षिप्त राजस्थानी व्याकरण', सार्दूल राजस्थानी शोध संस्थान, बीकानेर, 1960 ई०।

स्वामी बलरामदास : 'श्री रामस्नेही अनुभव आलोक', श्रीराम सत्संग मण्डल, रेण, 1965 ई०।

स्वामी मंगलदास : (1) 'दादू सम्प्रदायका संक्षिप्त परिचय', श्रीस्वामी लक्ष्मीनारायण ट्रस्ट, जयपुर।

(2) 'श्री महाराज हरिदासजी की वाणी', दादू महाविद्यालय, मोती डुंगरी रोड, जयपुर, 1962 ई०।

पत्रिका

'नागरी प्रचारिणी पत्रिका' : संख्या 3-4, वर्ष 71, वि० सं० 2023, नागरी प्रचारिणी सभा, वाराणसी।

'परम्परा' : राजस्थानी शोध संस्थान, चोपासनी, जोधपुर।

'मरुभारती' : बिरला एजुकेशन ट्रस्ट, पिलानी।

'मरुवाणी' : राजस्थानी भाषा प्रचार सभा, डी० 242, मीरा मार्ग, बानी पार्क, जयपुर।

'राजस्थान भारती' : सार्दूल राजस्थानी रिसर्च इन्स्टीट्यूट, बीकानेर।

'वरदा' : राजस्थान साहित्य समिति, बिसाऊ (राजस्थान)।

'वैचारिकी' : भारतीय विद्या मन्दिर शोध प्रतिष्ठान, रतनबिहारीको पार्क, बीकानेर।

'शोध पत्रिका' : साहित्य संस्थान, राजस्थान विद्यापीठ, उदयपुर।

पाण्डुलिपि

निम्नलिखित संस्थाहरू तथा व्यक्तिहरूबाट उपलब्ध विभिन्न पाण्डुलिपिहरू-को पनि सहयोग लिइएको छ।

1. अनुप संस्कृत लाइब्रेरी, लालगढ प्यालेस, बीकानेर।
2. एसियाटिक सोसाइटी, पार्क स्ट्रीट, कलकत्ता।
3. श्री दुलिचन्द गुप्त, 124, आर्यनगर, अलवर (अवकाशप्राप्त शिक्षक, बहादुरपुर)।
4. प्रोफेसर कृपाशंकर तिवारी, 1, म्यूजियम मार्ग, जयपुर।
5. श्री राधाकृष्ण नेवटिया, 52, जकरिया स्ट्रीट, कलकत्ता।
6. राजस्थान ओरियन्टल रिसर्च इन्स्टीट्यूट, उदयपुर।
7. श्री रावत सारस्वत, डी०-282, मीराँ मार्ग, बानी पार्क, जयपुर।
8. सेठ सूरजमल जालान पुस्तकालय, राभ मन्दिर, 186, चित्तरंजन एवेन्यू, कलकत्ता।

□□